ने
का
प
२
०
८
१
चैत
अङ्क
१२

नेपाल कानून पत्रिका

भाग-६६ **२०८१ चैत** अङ्क-१२

<u>प्रकाशक</u>

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्स: ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

सम्पादन तथा प्रकाशन समिति

माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत	- अध्यक्ष
माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल, सर्वोच्च अदालत	- सदस्य
मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत	- सदस्य
नायब महान्यायाधिवक्ता श्री टेकबहादुर घिमिरे, महान्यायाधिवक्ताको कार्यालय	- सदस्य
रजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत	- सदस्य
अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन	- सदस्य
वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन	- सदस्य
डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय	- सदस्य
सहरजिस्ट्रार श्री अर्जुनप्रसाद कोइराला, सर्वोच्च अदालत	- सदस्य सचिव

सम्पादक : श्री कालीबहादुर साम्पु लिम्बू

सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री सुशिल बडुवाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

भाषाविद् : श्री रामचन्द्र फुयाल

बिक्री शाखा :
नायब सुब्बा श्री खिमा पोखरेल

मुद्रण शाखामा कार्यरत कर्मचारीहरू

सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
बुकबाइन्डर श्री कृष्णप्रसाद घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री सबिना बुढाथोकी
कार्यालय सहयोगी श्री रमेश नेपाल
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी

प्रकाशित सङ्ख्या : १५०० प्रति

नेपाल कानून पत्रिकाको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नु पर्नेछ :

नेकाप, २०८..., ...महिना, नि.नं. ...., पृष्ठ ...

उदाहरणार्थ : *नेकाप*, २०८१, चैत महिना, नि.नं.११३७१, पृष्ठ २२०३

सर्वोच्च अदालत बुलेटिनको उद्धरण गर्नु पर्दा

निम्नानुसार गर्नुपर्ने छ :

सअ बुलेटिन, २०८१, ...- १ वा २, पृष्ठ ...

उदाहरणार्थ : *सअ बुलेटिन*, २०८१, चैत – १ वा २, पृष्ठ १

सर्वोच्च अदालतको वेभसाइट www.supremecourt.gov.np मा गई दायाँतर्फ **प्रकाशनहरूमा** क्लिक गरी २०६५ सालदेखिका **नेपाल कानून पत्रिका** तथा **सर्वोच्च अदालत बुलेटिनमा** समाविष्ट निर्णयहरू पढ्न र डाउनलोड गर्न सकिने छ।

साथै, नेपाल कानून पत्रिकामा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म) **हेर्न, पढ्न तथा सुरक्षित गर्न www.nkp.gov.np** मा जानुहोला।

निन्दन्तु नीतिनिपुणा यदि वा स्तुवन्तु
लक्ष्मी: समाऽविशतु गच्छतु वा यथेष्टं ।
अद्यैव वा मरणं मस्तु युगान्तरे वा
न्याय्यात्पथ: प्रविचलन्ति पदं न धीरा: ॥८४॥

- भर्तृहरि नीतिशतकम्

<u>अर्थ:</u> निन्दा गरून् वा प्रशंसा, लक्ष्मी आउन् वा जाउन्,
आजै मर्नुपरोस् वा कालान्तरमा,
यी कुनै कुराको कत्ति पनि चिन्ता नराखी
न्यायिक मार्गमा लाग्नेहरू कहिल्यै विचलित हुँदैनन् ।

नेपाल कानून पत्रिकामा फैसला खोज्ने तरिका

खोज्ने तरिका

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुने छ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिने छ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुने छ ।

मूल्य रू.१५०।-

मुद्रक : सर्वोच्च अदालत छापाखाना

नेपाल कानून पत्रिका २०८१ सालमा अङ्क १ देखि ११ सम्म प्रकाशित भएका नजिरहरू

क्र. सं.	विवरण	पृष्ठ
१.	नेपाल कानून पत्रिका २०८१ – अङ्क १ (वैशाख)	१
२.	नेपाल कानून पत्रिका २०८१ – अङ्क २ (जेठ)	१०
३.	नेपाल कानून पत्रिका २०८१ – अङ्क ३ (असार)	१७
४.	नेपाल कानून पत्रिका २०८१ – अङ्क ४ (साउन)	२४
५.	नेपाल कानून पत्रिका २०८१ – अङ्क ५ (भदौ)	३३
६.	नेपाल कानून पत्रिका २०८१ – अङ्क ६ (असोज)	४३
७.	नेपाल कानून पत्रिका २०८१ – अङ्क ७ (कात्तिक)	५३
८.	नेपाल कानून पत्रिका २०८१ – अङ्क ८ (मङ्सिर)	६३
९.	नेपाल कानून पत्रिका २०८१ – अङ्क ९ (पुस)	७७
१०.	नेपाल कानून पत्रिका २०८१ – अङ्क १० (माघ)	८७
११.	नेपाल कानून पत्रिका २०८१ – अङ्क ११ (फागुन)	९९

विषय सूची

क्र. स.	नि.नं./इजलास / विवरण	पक्ष / विपक्ष	विषयको सारसङ्क्षेप	पृष्ठ
१.	११३७१ बृहत् पूर्ण बहुविवाह	नेपाल सरकार विरूद्ध सञ्जीव रोका	▪ बहुविवाहसम्बन्धी कसुर सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ अन्तर्गतको कसुर भएको हुँदा जोसुकैले जहिलेसुकै पनि बल्ल थाहा पाएँ भनी जाहेरी दिन पाउने र अपराध अनुसन्धान तहकिकात गर्ने निकायले जाहेरी परेपछि मात्र अपराध भए घटेको थाहा पाएको भनी मान्ने हो भने हदम्याद असीमित हुन पुग्ने । मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. द्वारा निर्दिष्ट गरिएको हदम्यादसम्बन्धी प्रावधान निस्तेज भई जोसुकैले जहिलेसुकै	२२०३

			नालिस गर्न सक्ने अवस्था सिर्जना हुने हुँदा हदम्यादसम्बन्धी विधायिकी मनसायको प्रतिकूल हुने । ▪ न्याय प्रणाली तथा सामाजिक प्रचलनसमेतलाई विचार गर्दा वैवाहिक सम्बन्ध प्रकाशमा आएको अवस्थामा थाहा पाएको भनी मान्नुपर्ने । थाहा पाउने व्यक्ति सर्वप्रथमत: नजिकको नाता सम्बन्धभित्रका पारिवारिक व्यक्ति नै हुने हुँदा पतिले दोस्रो विवाह गरेको तथ्य निकटतम पारिवारिक सम्बन्धमा रहने पहिलो पत्नी, छोराछोरीहरूलगायतको परिवारलाई थाहा हुने, त्यसपछि समाज अनि राज्यलाई थाहा जानकारी हुने । ▪ हालसम्म थाहा हुन नसक्ने न्यायोचित आधार वा कारण के थियो, सो स्पष्ट हुनुपर्ने र त्यस्तो अवस्था प्रमाणहरूबाट पुष्टि हुनुपर्ने । ▪ साबिकको मुलुकी ऐनबमोजिम बहुविवाह कसुर कायम भए पनि दोस्रो विवाह यथावत् कायम रही रहने तर हाल प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ ले दोस्रो विवाह स्वतः बदर हुने व्यवस्था गरेको सन्दर्भमा मुलुकी अपराध संहिताअन्तर्गत बहुविवाहसम्बन्धी कानूनको उद्देश्य कसुरदारलाई सजायसम्म गर्नेमा मात्र सीमित भएको हुँदा हदम्यादसम्बन्धी कानूनको व्याख्यामा फरक नपर्ने । मुलुकी अपराध संहिताको व्यवस्थाबमोजिम पनि बहुविवाह मुद्दामा हदम्यादको गणना गर्दा विवाह प्रकाशमा आई जाहेरवालाले थाहा पाएको मितिबाट नै गणना गर्नुपर्ने ।	

१.	११३७२ पूर्ण परमादेश	रानी जमरा कुलरिया सिचाइँ आयोजना, टिकापुर विरूद्ध मल्ल निर्माण सेवा	▪ असाधारण क्षेत्राधिकारलाई अदालतको एक प्रकारको विशेषाधिकार (prerogative) को रूपमा समेत लिइने । त्यसैकारण यो अधिकारको प्रयोगमा संविधानले नै सीमा लगाएका खास केही विषय र अदालतले स्वयं अवलम्बन गरेका आत्मसंयमका नियमहरूबाहेक राज्यका हरेक निकाय वा अधिकारीले गरेका निर्णयको न्यायिक पुनरावलोकन गर्ने अधिकार अन्तरनिहित रहेकै हुने । सामान्यतः कुनै व्यक्तिहरूका बिचमा होस् वा व्यक्ति र राज्य वा राज्यका निकायसँग होस् करार भएपछि निज पक्षहरूको लागि सोही करारीय सर्त नै कानूनसरह लागु हुने तथा करारीय विवादमा प्रत्यक्ष रूपमै अदालतबाट उपचार खोजिनुपर्ने अवस्था आइपरेमा पनि अदालतको साधारण उपचारको मार्ग नै अवलम्बन गर्नुपर्ने । ▪ करारीय विषयवस्तु सन्निहित भएको अवस्थामा कुनै प्रशासकीय वा न्यायिक प्रकृतिको निर्णय गरेमा वा गर्ने कार्य अघि बढाएमा त्यस्तो करारीय विषयवस्तुका सम्बन्धमा भन्दा पनि राज्यको निकायले गर्न लागेको वा गरेको निर्णयका सम्बन्धमा अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी उपचार प्रदान गर्न सक्ने । ▪ विषयगत रूपमा आउने यस्ता करारीय विषयसँग सम्बन्धित विवादलाई अदालतले असाधारण क्षेत्राधिकार (रिट क्षेत्राधिकार) ग्रहण गर्न मिल्ने वा नमिल्ने भनी पहिल्यै समूहीकृत (categorized)	२२३६

			गर्नु कानूनी र व्यावहारिक दृष्टिकोणबाट पनि उचित नहुने । खासगरी, राज्यका निकाय वा अधिकारीले अधिकारक्षेत्रात्मक त्रुटि गरी गरेको निर्णय, प्राकृतिक न्यायको सिद्धान्तको पालना, न्यायिक मनको प्रयोग नगरी गरेको निर्णय, सान्दर्भिक नै नरहेको कुरालाई आधारमा लिई गरेको निर्णय, अर्काको निर्देशनमा मात्र आधारित भई गरेको निर्णय, पश्चात्दर्शी असर पर्ने गरी गरेको निर्णय, कानूनविपरीत हुने गरी अधिकारको प्रयोग गरेकोमा, प्रवृत्त भावना राखी बदनियतका साथ अधिकारको प्रयोग, स्वेच्छाचारी ढङ्गबाट अधिकारको प्रयोग गरेका जस्ता विषयमा प्रचलित कानूनमा अर्को उपचारको व्यवस्था छैन वा भए पनि त्यस्तो उपचार "पर्याप्त" वा "प्रभावकारी" छैन भने विवादको अन्तरवस्तु **(fact and circumstances of the case, the nature of action, the nature of injuries, infringement of right, issues involved, relief sought)** समेतलाई विश्लेषण र विवेचना गरी अदालतले "न्यायको सुनिश्चितताको लागि" आफूमा अन्तरनिहित असाधारण क्षेत्राधिकारको प्रयोग गर्न सक्ने नै हुन्छ, तथापि राज्यका कार्य वा अकार्य संलग्न नभएको करारीय प्रकृतिको मुद्दाको तथ्यमा प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने विषयमा भने असाधारण क्षेत्राधिकारको प्रयोग हुन नसक्ने ।	

			▪ सार्वजनिक निकायलाई विपक्षी बनाइएको भए तापनि विवादित विषयमा त्यस्तो निकायको सार्वजनिक कर्तव्य नै छैन वा त्यसको प्रत्यक्ष संलग्नता छैन वा भए पनि वैकल्पिक उपचार जस्तैः करारबमोजिम गराइपाउँ वा हर्जना भराइपाउँ वा हिसाब गरिपाउँ भन्ने जस्ता देवानी प्रकृतिको मुद्दा वा मध्यस्थता जस्ता उपचारको मार्ग प्रशस्त छ भने सोही मार्गबाट उपचारको खोजी गर्नुपर्ने। ▪ स्वभावैले पनि करारीय प्रकृतिको लिखतबाट सार्वजनिक कर्तव्य **(public duty)** सिर्जना नहुने हुँदा व्यक्ति-व्यक्ति बिचमा भएको त्यस्तो लिखतबाट सिर्जित व्यक्तिगत कर्तव्य **(private duty)** को पालना गर्न गराउन भनी परमादेशको आदेश जारी गर्न नमिल्ने । सामान्य अवस्थामा करारको यथावत् परिपालना गर्ने गराउने प्रयोजनका खातिर अदालतले रिट क्षेत्राधिकार ग्रहण गरी उपचार प्रदान गर्दा रिटको आधारभूत सिद्धान्तकै प्रतिकूल हुन जाने।	
३.	११३७३ पूर्ण उत्प्रेषण / परमादेश	नेपाल राज्यका महान्यायाधिवक्ताको कार्यालय विरूद्ध पुकारनरसिंह राणासमेत	▪ व्यक्तिमाथि फौजदारी अभियोगमा अभियोजन गर्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार कानूनले तोकेबमोजिमको संवैधानिक वा कानूनी निकायलाई मात्र हुने । संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो अधिकार महान्यायाधिवक्ताको कार्यालय र सोअन्तर्गतका सरकारी वकिल कार्यालयलाई मात्र हुने । मुद्दाको कुनै	२२६३

			विवादमा दुवै पक्षको भनाइ सुनी प्रमाणको मूल्याङ्कन गरी निर्णय सुनाउने निकायले अभियोजन गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्ने वा निर्णायक आदेश जारी गर्न नमिल्ने । ▪ तर कुनै विवादको सम्बन्धमा अभियोजनको अन्तिम निर्णयमा बाध्यात्मक आदेश नगरी दिइएका सुझाव वा धारणालाई अन्यथा अर्थ गरी कानूनबमोजिम भएको अभियोजनलाई कानूनविपरीत भन्न नमिल्ने ।	
४.	११३७४ संयुक्त शेषपछिको बकसपत्र लिखत बदर हक कायम	सकुन्तला जोशी शर्मा विरूद्ध सुदर्शनदेव जोशी	▪ वृद्ध अवस्थाका पिताले आफ्नो पालनपोषण, हेरचाह गर्ने छोरीलाई आफ्नो शेषपछि खाने गरी आफ्नो हक पुग्ने केही सम्पत्ति बकसपत्र गरिदिएको कुरालाई अनुचित र कानूनप्रतिकूल कार्य भनी मान्न नमिल्ने । आफ्नो अंश हक पुग्न सक्नेमध्येको सम्पत्तिबाट छोरीलाई शेषपछिको बकसपत्र लिखत गरिदिँदा छोराको मन्जुरी लिनुपर्ने कानूनी अनिवार्यता रहेको समेत नदेखिने । बकसपत्र गर्ने निज बाबुको इच्छा वा स्वविवेकको पनि अर्थ र महत्त्व रहने। छोरा भएकै नाताले बाबुको सम्पत्तिमा यान्त्रिक तवरबाट स्वत: हक स्थापित नहुने । सम्पत्ति प्राप्तिको हकसँग सामाजिक / सांस्कृतिक / धार्मिक आदि कर्तव्य पनि जोडिएको हुने। जीवित छउन्जेल वास्ता नगर्ने छोराले बाबु मरेपछि केवल काजक्रिया गरेको कारण देखाई निजको सबै सम्पत्तिमा स्वत: हक पुग्ने दाबी गर्नु पनि मनासिब नदेखिने । बाबुको मृत्यु	२२८१

			भएपछि काजकिरिया गर्नु पुत्र-धर्म वा सन्तानको कर्तव्यको विषय हो। धार्मिक वा संस्कारजन्य यस प्रकारको कर्तव्य निर्वाह गरेको कारणबाट मात्र मृतकको सम्पत्तिउपर हक स्थापित भएको मान्न नमिल्ने।	
५.	११३७५ संयुक्त उत्प्रेषण	सुभाषचन्द्र न्यौपानेसमेत विरूद्ध नाडेप लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय गजुरी, धादिङसमेत	▪ सरूवाको सामान्य सिद्धान्त नै कर्मचारीहरूलाई तोकिएको काम, कर्तव्य र कार्य उचित ढङ्गबाट सम्पन्न गर्न आवश्यकताका आधारमा गर्नुपर्ने, सरूवा नियमित प्रक्रियाका रूपमा रहने र अन्य सबै कर्मचारीलाई समान अवसर वा अनुभवको निमित्त सख्त जरूरी हुने स्वाभाविक र नियमित प्रशासनिक प्रक्रिया हो । सङ्गठनको उद्देश्यमा योगदान पुऱ्याउने कर्मचारीलाई सबै कार्यमा निपुर्ण तुल्याउन, कर्मचारीबाट उच्चतम सेवा प्रवाह गर्न, कर्मचारीको मानवीय कठिनाई सम्बोधन गर्न, कर्मचारीले प्रवाह गर्ने सेवालाई चुस्त दुरूस्त राख्न, दण्ड एवम् पुरस्कारको **(stick and carrot)** अनुमति दिलाउन, कर्मचारीको तुलनात्मक मूल्याङ्कन गर्न, कर्मचारीको सिप शक्तिको उच्चतम उपयोग गर्न, भौगोलिक स्थानको अनुभव दिलाउनलगायतका अवस्थाहरूमा सरूवा आवश्यक पर्ने र सरूवा हुन सक्ने कर्मचारी सेवाको विधिशास्त्र **(service jurisprudence)** को सामान्य सिद्धान्त रही आएको पाइने। ▪ सङ्गठनहरूले आफ्ना सुरक्षाको फेहरिस्त **union security clause** राख्ने मात्र	२२८८

			नभई व्यवस्थापन पक्षको अधिकारका फेहरिस्त **management rights clause** को पनि ख्याल गरी व्यवहारमा दुवै पक्षको हितलाई ध्यानमा राखी सम्झौतामा पुग्नुपर्ने । सामूहिक सौदाबाजीअन्तर्गत व्यवस्थापन र कर्मचारी सङ्गठन दुवैले आफ्नो उत्तरदायित्व बोध गर्नुपर्ने। सम्झौता हुन नसकेमा त्यसको विकल्प के छ, त्यसले कस्तो परिणाम सिर्जना गर्दछ, त्यसले कुन पक्षलाई कसरी प्रभावित गर्दछ भन्ने जस्ता सबै पक्षलाई ध्यान दिई दुवै पक्षले आफ्नो सीमाभित्र रही नियम कानूनको उचित परिपालना गर्नुपर्ने। सामूहिक सौदाबाजीको अधिकारको प्रयोगबाट सम्पूर्ण कर्मचारीको हितको रक्षा गर्न सक्नुपर्ने । केवल युनियनका पदाधिकारीको हितको रक्षा गर्नु र सरूवा तथा बढुवामा निजहरूको अनियन्त्रित अधिकार स्थापित गर्नु सामूहिक सौदाबाजीको सिद्धान्तको मर्म नहुने। ▪ एउटा ट्रेड युनियनको पदाधिकारी हुँदैमा सरूवा र बढुवा जस्तो सामान्य प्रशासनिक कामकारबाहीमा उसको इच्छाअनुसार मात्र हुनुपर्ने भनी मौलिक हकको व्याख्या गर्नु सार्वजनिक प्रशासनको उद्देश्य तथा कानून र न्यायको मान्य सिद्धान्तअनुरूप हुन नसक्ने।	

नेपाल कानून पत्रिका, २०८१, वैशाख अङ्कमा प्रकाशित नजिरहरू

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
१	११२२६ पूर्ण उत्प्रेषण / परमादेश	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री अनिलकुमार सिन्हा मा.न्या.श्री टंकबहादुर मोक्तान ०७८-WF-०००४	भगवती राज भण्डारीसमेत विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	२०७९।०९।२८	मा.न्या.श्री आनन्दमोहन भट्टराई	१

राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ अन्तर्गत राजमार्ग क्षेत्र घोषित जग्गाको हकमा साधारणत: क्षतिपूर्ति पाउन सक्ने भनी मान्नुपर्ने । न्यायको दृष्टिबाट पनि सो ऐनअन्तर्गत राजमार्ग क्षेत्र घोषित भई निर्माणाधीन अवस्थामा रहेको पुरानो राजमार्गहरूमा पर्ने जग्गामा अब यतिका दशकपछि आएर क्षतिपूर्तिको दाबी लाग्छ भन्दा स्थापित व्यवहार नै खल्बलिने, समाज अस्तव्यस्त हुने र राज्य संरचनाले धान्न नसक्ने ।

(प्रकरण नं. ४)

राजमार्ग (निर्माण व्यवस्था) ऐन, २०२१ लाई खारेज गरी २०३१ सालमा नयाँ ऐन जारी भई सो ऐनअन्तर्गत जारी सूचनाले सडकको सीमा परिवर्तन गरी १५/१५ मिटर तोके पनि साबिक ऐनअन्तर्गत सीमा तोकी सरकारले प्राप्त गरिसकेको जग्गाभित्र नै सीमा तोकिएबाट पहिले मुआब्जा नपाउने भएको र सोसम्बन्धी विवाद टुङ्गिसकेको सडकमा नयाँ ऐन जारी भएको कारण क्षतिपूर्तिमा दाबी गर्न पाउने ।

(प्रकरण नं. ५)

२०२१ सालमा नै सडक निर्माणका लागि जग्गा प्राप्त भइसकेपश्चात् पुन: २०३४ सालमा सडकको वर्ग र सीमामा केही परिवर्तन भई सूचना प्रकाशन भइसकेकोमा पुन: २०७३ सालमा सडक विस्तार तथा स्तरोन्नतिका लागि नेपाल सरकार मन्त्रिपरिषद्को कार्यालयबाट निर्णय भइसकेको भए पनि संवैधानिक हिसाबले मानवीय दृष्टिबाट समेत निवेदकहरूको आवासको हक सुनिश्चित गर्नुपर्ने ।

नेपाल सरकारले सडक विस्तारका लागि सूचना जारी गर्नुपूर्व बनाइएका घरको हकमा मानवीय दृष्टिले क्षतिपूर्ति दिलाउनुपर्ने । सोबाहेक कानूनको अवधारणाविपरीत संरचना बनाई बस्दै आएका निवेदकहरूका हकमा कानूनबमोजिम नै हुने ।

(प्रकरण नं. ७)

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td>२</td><td>११२२७
संयुक्त
अंश दर्ता चलन</td><td>स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की
मा.न्या.डा.श्री कुमार चुडाल
०६९-CI-११७४</td><td>राजेश्वर सिंहसमेत
विरूद्ध
हरिशंकर सिंह</td><td>२०७४।०३।३०</td><td>मा.न्या. डा.श्री कुमार चुडाल</td><td>१६</td></tr>
<tr><td colspan="7">अंश पैतृक सम्पत्ति वा सोबाट बढे बढाएको सम्पत्ति वा सगोलका अंशियारहरूको सामूहिक लगानी प्रयत्न वा मेहनतको कमाईबाट आर्जित सम्पत्ति सगोलको सम्पत्ति भई बन्डा लाग्ने ।
अमुक सम्पत्ति आर्जनको अवस्था, आर्जन हुन सक्ने स्रोतको मूल्याङ्कन, परिवारका विभिन्न सदस्यका नाममा आर्जित हुन सक्ने सम्भावित आधारसमेतका समग्र अवस्थाको विवेचना गरी प्रमाणको प्रचुरता (preponderance of evidence) समेतको रोहबाट तत् सम्पत्तिको अवस्थाको निक्यौंल गर्नुपर्ने ।
(प्रकरण नं. ८)
बकसपत्रबाट प्राप्त सम्पत्ति अन्यथा प्रमाणित भएमा बाहेक पाउनेको निजी ठहरी आफूखुसी गर्न पाउने भन्ने अंशबन्डाको महलको भावना र मर्म रहेको हुँदा बकस पाएको सम्पत्तिलाई निजी आर्जनको सम्पत्ति मान्नुपर्ने ।
(प्रकरण नं. १०)</td></tr>
<tr><td>३</td><td>११२२८
संयुक्त
परमादेश</td><td>स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ
०७०-WO-०२४३</td><td>गजेन्द्रमणी प्रधान
विरूद्ध
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत</td><td>२०७४।०१।१४</td><td>मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ</td><td>३९</td></tr>
<tr><td colspan="7">जग्गा प्राप्ति ऐन, २०३४ को दफा ३४ मा अधिग्रहणको उद्देश्यमा प्रयोग नभएमा त्यसरी अधिग्रहण गरिएको जग्गा साबिकको जग्गाधनीलाई फिर्ता गर्नुपर्ने भन्ने व्यवस्था जुन उद्देश्यका लागि अधिग्रहण गरिएको हो, सो उद्देश्यमा एक पटक पनि प्रयोग नहुँदाको अवस्थालाई इङ्गित गरेको देखिने । तर जुन उद्देश्यका लागि जग्गा अधिग्रहण गरिएको हो सोही उद्देश्यमा प्रयोग भइसकेको अवस्थामा अनन्तकालसम्म सोही उद्देश्यमा प्रयोग भइरहनुपर्छ भन्न मिल्ने नदेखिने । जुन उद्देश्यका लागि अधिग्रहण गरिएको हो सोही उद्देश्यमा प्रयोग भइसकेको अवस्थामा अनन्तकालसम्म त्यस्तो जग्गामा साबिक जग्गाधनीको अधिकार कायम रहिरहन्छ भन्न नमिल्ने ।
(प्रकरण नं.४)</td></tr>
</table>

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td>४</td><td>११२२९
संयुक्त
लागु औषध ब्राउन सुगर</td><td>मा.न्या.श्री हरिकृष्ण कार्की
मा.न्या.डा.श्री मनोजकुमार शर्मा
०७७-CR-०७९८</td><td>हरिमाया गुरूङ
विरूद्ध
नेपाल सरकार</td><td>२०७८।१०।०७</td><td>मा.न्या. डा.श्री मनोजकुमार शर्मा</td><td>४७</td></tr>
<tr><td colspan="7">प्रतिवादीको साथबाट लागु औषध बरामद हुनुलाई मात्र लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा १४(१)(छ)(१) बमोजिमको सजाय गर्नको लागि पर्याप्त आधार मान्न नमिल्ने । सेवनबाहेक अन्य प्रयोजनको लागि प्रतिवादीहरूले साथमा लिई हिँडेका हुन् भन्ने तथ्य स्थापित हुनुपर्ने ।
(प्रकरण नं. ५)
सेवन गर्नका लागि पनि कुनै न कुनै मूल्य चुकाई खरिद गर्नुपर्ने, एक ठाउँबाट अर्को ठाउँसम्म लैजानुपर्ने र सेवनका लागि आफ्नो साथमा राख्नुपर्ने कुरा स्वाभाविक हुने । यसलाई नितान्त प्राविधिक अर्थमा हेरी सङ्कुचित अर्थमा ग्रहण गर्नु उचित नहुने । व्यापारिक कारोबार प्रकृतिको खरिद, सञ्चय वा ओसारपसार भएको अवस्था देखिएमा खरिद बिक्रीतर्फको कसुर कायम हुन सक्ने । सेवन प्रयोजनका लागि केही मात्रामा लागु औषध खरिद गरी एक ठाउँबाट अर्को ठाउँमा गएको कार्यलाई लागु औषध खरिद बिक्री, ओसारपसार, सञ्चय गरेको भनी कसुर ठहर गर्नु मनासिब नहुने ।
(प्रकरण नं.६)</td></tr>
<tr><td>५</td><td>११२३०
संयुक्त
उत्प्रेषण</td><td>मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ
मा.न्या.श्री कुमार रेग्मी
०७६-WO-०४००</td><td>शंकरप्रसाद साह
विरूद्ध
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत</td><td>२०७८।१२।२९</td><td>मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ</td><td>५७</td></tr>
<tr><td colspan="7">संविधान तथा कानूनमा निर्धारित आधार र प्रक्रिया अपनाई सरकारले सरकारी सेवामा कार्यरत कर्मचारीको समायोजन गर्न सक्ने । कर्मचारीको माग, आवश्यकता र मनोवृत्तिलाई समेत दृष्टिगत गरी न्यायोचित तवरबाट समायोजन गर्नु सम्बन्धित निकायको दायित्व हुने । कायम भइसकेको पद, नाम र सोसँग सम्बन्धित कार्य प्रकृतिमा नै तात्विक फरक पर्ने गरी कर्मचारीको समायोजन गर्नु उक्त ऐनको भावना र मर्मअनुकुल नहुने ।
(प्रकरण नं. ७)</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">कुनै पनि निजामती कर्मचारीको पदनामसँग उसले पाउने सेवा सुविधाको मात्र सम्बन्ध नभएर सम्पन्न गर्नुपर्ने कार्यको पहिचान पनि गाँसिएको हुने । स्वास्थ्य सेवाभित्र पनि हरेक पदनाममा रहेर गर्नुपर्ने कार्य प्रकृति तथा कार्य विवरण (Nature of Job and Job Description) समेत फरकफरक प्रकृतिको हुने । एकै तहमा पनि फरकफरक पदनाममा रहेर गर्नुपर्ने कार्य विवरण फरक हुनसक्ने । कर्मचारीले आफ्नो कार्य सम्पादनको सिलसिलामा विशेष पदस्थापना तथा स्तरवृद्धि भई प्राप्त गरिसकेको पदलाई जुनसुकै कारण र बेहोराले पनि फरक पर्ने गरी समायोजन गरिँदा निजले गर्नुपर्ने कार्य प्रकृतिमा मात्र फरक पर्दैन, यसले कर्मचारीको मनोवृत्तिमा समेत प्रतिकूल असर पर्न गई समग्र कार्य सम्पादनमा नै नकारात्मक प्रभाव पर्न जाने ।
(प्रकरण नं. १०)</td></tr>
<tr><td>६</td><td>११२३१
संयुक्त
बैंकिङ कसुर</td><td>मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ
०७७-RB-००५९</td><td>सन्तबहादुर थापा
विरूद्ध
नेपाल सरकार</td><td>२०७१।०३।०५</td><td>मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ</td><td>६५</td></tr>
<tr><td colspan="7">ज्येष्ठ नागरिक ऐन, २०६३ को दफा १२ अनुसार जरिवानाबापत हुने कैदलाई पनि अप्रत्यक्षरूपमा कैद सजाय नै मान्नुपर्ने । जरिवानाबापत ठेकिएको कैद सजाय पनि कारागारमा बसेर नै भुक्तान गर्नुपर्ने हुँदा जरिवानाबापत कैदमा रहेका प्रतिवादीको हकमा उक्त सजायमा छुट नपाउने भनी अर्थ गर्नु न्यायसङ्गत नहुने ।
(प्रकरण नं.६)</td></tr>
<tr><td>७</td><td>११२३२
संयुक्त
उत्प्रेषण</td><td>मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा
मा.न्या.श्री हरिप्रसाद फुयाल
०६९-WO-०२४३</td><td>इन्दुमति देवी केडियासमेत
विरूद्ध
अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत</td><td>२०७१।०४।२३</td><td>मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा</td><td>७२</td></tr>
<tr><td colspan="7">कुनै जग्गा समयको कुनै कालखण्डमा कुनै व्यक्तिको निजी सम्पत्तिको रूपमा रहेको भए पनि सो सम्पत्ति एक पटक सार्वजनिक प्रयोग वा उपभोगमा आइसकेको र सार्वजनिक स्वरूप धारण गरिसकेको भए सो सम्पत्ति सार्वजनिक नै कायम हुने ।</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">सरकारी वा सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गरियो भने सो कुराको जवाफदेहितासमेत मालपोत कार्यालय र सम्बद्ध अधिकृत तथा कर्मचारीहरूले वहन गर्नुपर्ने । कुनै जग्गाको दर्ता गर्ने विषयमा निर्णय गर्दा भने कानूनद्वारा निर्धारित विधि र प्रक्रिया अनुशरण गर्नु आवश्यक हुने ।
(प्रकरण नं. ५)</td></tr>
<tr><td>८</td><td>११२३३
संयुक्त
अपहरण तथा शरीर बन्धक एवं सङ्गठित अपराध</td><td>मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा
मा.न्या.श्री हरिप्रसाद फुयाल
०७५-CR-०२२४</td><td>सिताराम गिरी
विरूद्ध
नेपाल सरकार</td><td>२०८०।०३।२५</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल</td><td>७८</td></tr>
<tr><td colspan="7">अदालतमा अभियोजन भई कारबाहीको चरणमा आइसकेका सङ्गठित अपराधको मुद्दामा प्रमाणको मूल्याङ्कन नै फरकढङ्गले गरिनुपर्ने हुँदा सामूहिक कसुर हो वा सङ्गठित अपराधको कसुर हो भनी निक्यौंल गर्नु आवश्यक हुने । प्रचलित ऐनको व्यवस्थाले सङ्गठित अपराध र सामूहिक अपराधलाई करिब एकसमान व्यवहार गरेको हुनाले सो सम्बन्धमा अनुसन्धान, अभियोजन र न्याय निरूपणसमेत संवेदनशील हुनुपर्ने ।
"सङ्गठित अपराध" कुनै निश्चित अपराध होइन, यो जुनसुकै प्रकारको भए पनि गम्भीर प्रकृतिको अपराध हुनुपर्ने । त्यस्तो अपराधमा संलग्न व्यक्तिहरूको सङ्गठनको स्वरूप एक खाले नहुन पनि सक्छ, स्पष्ट अधिकार र कर्तव्य तोकिएका सङ्गठनको सोपान देखिने पनि सक्ने, नदेखिने पनि हुन सक्ने । सङ्गठित अपराधीहरूले एकै मुलुकभित्र रही कार्य गरेको पनि हुन सक्छ वा विभिन्न मुलुकमा छरिएको सञ्जाल पनि हुन सक्ने । यथार्थमा के हेरिनुपर्दछ भने उक्त समूह तत्काल कुनै कसुर गर्न बनेको झुन्ड वा समूह नभई सङ्गठित अपराधीहरूको समूह हुनुपर्दछ । तीन वा सोभन्दा बढी व्यक्तिहरू संलग्न भई कसुर गर्दैमा सङ्गठित समूह भनी यकिन गर्न नसक्ने ।
सङ्गठित अपराध गरेको भन्नका लागि सङ्गठित वा असङ्गठित (loose nexus) समूहको योजना विद्यमान छ वा छैन भन्ने हेरिनुपर्ने । यस प्रकृतिको अपराधमा योजना बनाइएको छ वा छैन, सङ्गठनको नेतृत्व छ वा छैन, कुनै सरकारी कर्मचारी वा गोपनीयताको रक्षा गरिएको छ वा छैन, खास प्रभावकारी व्यक्तिको संरक्षण छ वा छैन र अपराध गर्नको लागि बनाइएको समूहले आफ्नो लागि भन्दा समूहका लागि काम गरेको देखिन्छ भने त्यस्तो समूहबाट गरिएको अपराधलाई सङ्गठित अपराध मान्नुपर्ने । सङ्गठित अपराध हुनका लागि अपराध गर्नकै लागि बनेको स्थायी संस्थागत संरचनासमेत देखिनुपर्ने ।</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
केही व्यक्ति मिलेर अल्पकालीन वा एक पटक मात्र लाभ लिने प्रकृतिको समूहमा कुनै कसुर गरे भन्दैमा सङ्गठित अपराध गरेको मानी त्यस्ता व्यक्तिलाई सङ्गठित अपराधको कसुरदारको श्रेणीमा राख्नु न्यायोचित नदेखिने। (प्रकरण नं. २५) सङ्गठित अपराध निवारण ऐन, २०७० को कानूनी व्यवस्थाबाट अपराधमा तीन वा तीनभन्दा बढी व्यक्तिहरूको संलग्नता हुनासाथ स्वतः सङ्गठित अपराधको कसुर प्रमाणित हुन सक्ने अवस्था नदेखिने। सङ्गठित अपराधको कसुर हुनका लागि आपराधिक समूहको आपराधिक, आर्थिक वा कुनै भौतिक लाभका लागि स्थापित स्थायी संरचनामा आबद्ध तीन वा तीनभन्दा बढी व्यक्तिहरूको समूहद्वारा आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेको तथ्य ठोस प्रमाणबाट पुष्टि हुनुपर्ने। (प्रकरण नं. २६)						
९	११२३४ संयुक्त उत्प्रेषण	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.डा.श्री कुमार चुडाल ०६७-WO- ००६८	अरूणकुमार रंजितकार विरूद्ध मालपोत अधिकृत, मालपोत कार्यालय काठमाडौं, डिल्लीबजार समेत	२०७१।०५।२३	मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई	१२४
सरकारी, सार्वजनिक वा सामुदायिक जग्गा कुनै व्यक्ति विशेषले आफ्नो नाममा दर्ता गराएको देखिएमा मालपोत अधिकृतले त्यस्तो दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्न सक्ने। मालपोत अधिकृतलाई त्यस्तो निर्णय गर्न पाउने अधिकार नरहेको भनी मान्न मिल्ने। (प्रकरण नं. ५) जग्गा नाप जाँच गर्ने र नक्सा अद्यावधिक गर्ने अख्तियारप्राप्त नापी कार्यालयले जग्गा सार्वजनिक सरकारी जग्गा घुसेको भनी दिएको प्रतिवेदनको आधारमा मालपोत कार्यालयले त्यस्तो जग्गा नेपाल सरकारको नाममा हुने गरी गरेको निर्णयलाई बढी अधिकार क्षेत्रको प्रयोग गरी वा प्रवृत्त भावना राखी गरेको निर्णय भनी भन्न नमिल्ने। (प्रकरण नं. ६)						

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td>१०</td><td>११२३५
संयुक्त
भन्सार चोरी पैठारी</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.डा.श्री कुमार चुडाल
०७१-RB-००३६</td><td>प्रभुप्रसाद सर्राफ विरूद्ध राजस्व अनुसन्धान विभाग, हरिहरभवन, ललितपुर</td><td>२०७८।०८।२७</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत</td><td>१३२</td></tr>
<tr><td colspan="7">कुनै पनि वस्तु वा सामान कसैले कानूनबमोजिम प्राप्त गरेको हो भने सोको स्पष्ट विवरणसहितको आधिकारिक र प्रामाणिक कागजात निजसँग हुनुपर्ने । त्यस्तो कागजात कानूनबमोजिमको अख्तियारीप्राप्त अधिकारीले माग गरेमा सो बखत पेस गर्नु अनिवार्य हुने । त्यसरी माग भएका अवस्थामा त्यस्ता कागजात पेस गर्न सकिँदैन भने त्यस्ता वस्तु अवैध रूपमा प्राप्त गरेको मान्नुपर्ने ।
सुन खरिदको बिल बीजकलगायतका प्रतीतलायक प्रमाणहरू पेस गर्न नसकेको अवस्थामा भन्सार ऐन, २०६४ को दफा ३८ अनुसार चोरी पैठारी गरेको मानिने ।
(प्रकरण नं. ४)</td></tr>
<tr><td>११</td><td>११२३६
संयुक्त
हक कायम गरी क्षतिपूर्ति रकम दिलाई पाऊँ</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.श्री सुष्मालता माथेमा
०७३-CI-१३४३</td><td>शम्भुकुमार कार्कीसमेत विरूद्ध हरिबहादुर कार्की</td><td>२०७४।०४।२४</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल</td><td>१३८</td></tr>
<tr><td colspan="7">मृतकको एकासगोलमा नरहेको र मृतकले आफ्नो हक कसैले खाने भनी लिखित रूपमा लेखेर नदिएको अवस्थामा समानस्तरको हकवालाले बराबर अपुताली पाउने र कसैले एकलौटी रूपमा पालनपोषण गरेको रहेछ भने उसैले मात्रै अपुताली पाउने ।
(प्रकरण नं. ६)
मृतकको स्याहार सम्भार हकवालाहरू सबैले नगरी हकवालामध्ये कसैले वा हकवालाबाहेक अन्य व्यक्तिले गरेमा निजको अपुताली त्यसरी स्याहार सम्भार गर्नेले पाउने ।
(प्रकरण नं. ८)
अपुताली प्राप्त गर्न सम्बन्धित पक्षले कानूनबमोजिमको आफ्नो दायित्व तथा कर्तव्यसमेत पूरा गरेको हुनुपर्ने । मृतकलाई पालनपोषण, स्याहार सम्भार तथा औषधोपचारसमेतको दायित्व तथा कर्तव्य पूरा</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">नगरेको अवस्थामा केवल मौखिक जिकिरकै भरमा नजिकको हकवाला भएको नाताले मात्र दाजु / भाइको अपुताली स्वत: दाजुभाइमा हक स्थापित हुन जान्छ भन्न नमिल्ने ।
नाताको हिसाबले टाढाको रहे तापनि स्याहार सम्भार कसैले गरेको छ भने उसले अपुताली पाउने ।
(प्रकरण नं. १४)</td></tr>
<tr><td>१२</td><td>११२३७
संयुक्त
अंश चलन</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.श्री नहकुल सुवेदी
०७३-CI-०५७३</td><td>गणेशबहादुर फाँजु
विरूद्ध
लक्ष्मीभक्त फाँजु</td><td>२०७४।०७।१८</td><td>मा.न्या. श्री नहकुल सुवेदी</td><td>१५९</td></tr>
<tr><td colspan="7">साहुले ऋण असुल भइसकेपछि आसामीको तर्फबाट ऋण चुक्ता गर्न जाने अंशियारले भनेबमोजिम तमसुकमा कैफियत बेहोरा लेखिदिन सक्ने तथ्यलाई न्यायको रोहमा सजगतापूर्वक हेर्नुपर्ने । प्रतिवादीले सगोलको सम्पत्तिबाट ऋण तिरेका नभई निजी आर्जनबाट तिरेको भन्ने स्वतन्त्र प्रमाणको अभावमा सगोलमा पिताको नाममा लिएको ऋण सगोलको पैतृक सम्पत्तिबाटै तिरे बुझाएको भनी मान्नुपर्ने । घरसारको बन्डापत्रबमोजिमको सम्पत्ति दाखेल खारेज नभई बन्डापत्र कार्यान्वयन नै नभएको र सोही कारण वादी प्रतिवादीबिच अंशबन्डा भएको मान्न नसकिएको अवस्थामा मानो छुट्टिएको मितिपूर्व पिताका नाममा भएको ऋण चुक्ता गरी निखनी आएको सम्पत्ति एकजना अंशियारले मात्र पाउने भन्नु न्यायोचित नदेखिने ।
(प्रकरण नं. ४)
मुलुकी ऐन, अंशबन्डाको महलको १८ नं. ले मानो नछुट्टिई सँगै बसेको अंशियारहरूबिच सगोलको सम्पत्तिबाट बढेबढाएको सगोलको आर्जन मात्र बन्डा लाग्ने । मानो छुट्टिई आ-आफ्नो खतीउपती हुने गरी भिन्न बसेका अंशियारहरूको हकमा मानो छुट्टिएपछि कमाएको धन वा लगाएको ऋण अंशियारहरूलाई बन्डा लाग्न नसक्ने ।
(प्रकरण नं. ५)</td></tr>
<tr><td>१३</td><td>११२३८
संयुक्त
उत्प्रेषण</td><td>मा.न्या.श्री प्रकाशकुमार ढुंगाना
मा.न्या.श्री नहकुल सुवेदी
०७६-CI-०८४७</td><td>प्रदिप सापकोटा
विरूद्ध
विष्णुप्रसाद गौतमसमेत</td><td>२०७४।०८।१४</td><td>मा.न्या.श्री प्रकाशकुमार ढुंगाना</td><td>१६९</td></tr>
<tr><td colspan="7">रिट क्षेत्रबाट उपचार माग गर्नुअगाडि त्यस विवादउपर अन्य वैकल्पिक उपचारको बाटो रहेको वा नरहेको सम्बन्धमा हेर्नुपर्ने । जुनसुकै विषयमा पनि रिट क्षेत्राधिकारको प्रयोग गर्न नमिल्ने । साधारण विवादमा कानूनमा कुनै वैकल्पिक उपचारको बाटो रहे भए असाधारण रिट क्षेत्राधिकारबाट प्रवेश गर्न नमिल्ने ।
(प्रकरण नं. ५)</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">न्यायिक वा अर्धन्यायिक निकायले कार्य सम्पादन गर्ने क्रममा गरेको निर्णयमा कानूनी त्रुटि भयो भने त्यस अवस्थामा त्यस्तो निर्णय बदर गर्न अदालतले उत्प्रेषणको रिट जारी गर्न सक्ने। उच्च अदालतलाई उत्प्रेषण र परमादेशको आदेश जारी गर्न सक्ने क्षेत्राधिकार रहेकोमा विवाद देखिँदैन तर कुनै निकायले गरेको निर्णय गैरकानूनी भएको पुष्टि हुन आएकोमा मात्र उत्प्रेषणको रिट जारी हुने।
(प्रकरण नं. ६)</td></tr>
<tr><td>१४</td><td>११२३९
संयुक्त
जबरजस्ती करणी</td><td>मा.न्या.श्री सुष्मालता माथेमा
मा.न्या.श्री कुमार रेग्मी
०७३-CR-०७४४</td><td>नेपाल सरकार
विरूद्ध
टमस सोनी</td><td>२०७८।०७।०४</td><td>मा.न्या.श्री कुमार रेग्मी</td><td>१७८</td></tr>
<tr><td colspan="7">अशक्त वा अपाङ्गता रहेका महिलालाई कसैले जबरजस्ती करणी गरेमा थप सजाय गर्नुपर्छ भन्ने विधायिकी मनसाय रहेको देखिने।
(प्रकरण नं. ४)
अशक्त, अपाङ्ग भनी कानूनमा प्रयुक्त दुई शब्दलाई एकै ठाउँमा जोडेर अर्थ गर्न नमिल्ने। अलगअलग अर्थ दिने उक्त दुईमध्ये कुनै एक अवस्थाको विद्यमानता भएमा पनि प्रतिवादीलाई कानूनबमोजिम थप सजाय गर्नुपर्छ भन्ने कानूनको मक्सद रहेको देखिने।
(प्रकरण नं. ५)</td></tr>
<tr><td>१५</td><td>११२४०
संयुक्त
अंश चलन</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल
मा.न्या.डा.श्री कुमार चुडाल
०६९-CI-०७४४</td><td>चैत्यराज शाक्यसमेत
विरूद्ध
धर्मराज शाक्यसमेत</td><td>२०७९।०७।२२</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल</td><td>१९०</td></tr>
<tr><td colspan="7">उमेर पुगेको विवाहित छोराले अंश मागी छुट्टी भिन्न हुन खोजेपछि अंश भाग बराबरको नगद र चल सम्पत्ति दिई छुट्याइदिनुलाई तत्कालीन सामाजिक परिवेशअनुसार असल नियतले गरिएको कार्य मान्नुपर्ने।
तत्कालीन समयको सामाजिक मान्यता, प्रचलन र चेतनाको स्तरसमेतका आधार मानी हेर्दा गाउँघरमा भएका घरायसी व्यवहारका कागजहरू अड्डामा लगी रजिस्ट्रेसन नगर्नुलाई सामान्य नै मान्नुपर्ने। वादीका पिताले आफ्नो बाबुबाट अंश लिई छुट्टिई भिन्न भएको पुष्टि भइरहेको अवस्थामा रजिस्ट्रेसन नभएको भन्ने आधारमा मात्र अंशबन्डा नभएको भनी अर्थ गर्न नमिल्ने।
वि.सं.२००९ सालमा नै छुट्टिई भिन्न भइसकेको तथ्य पुष्टि भइसकेपछि प्राविधिक कारण देखाई वि.सं. २००९ साल चैत्र मसान्तलाई मानो छुट्टिएको मिति कायम गरी सम्पत्ति बन्डा नहुने।
(प्रकरण नं. ४)</td></tr>
</table>

नेपाल कानून पत्रिका, २०८१, जेठ अङ्कमा प्रकाशित नजिरहरू

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
१	११२४१ पूर्ण गैंडालाई गोली हानी मारी खाग बिक्री व्यवसाय गरेको	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री प्रकाशमान सिंह राउत मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ ०७९-CF-०००३	मुकुन्द विडारी विरूद्ध नेपाल सरकार	२०७९।०७।०१	मा.न्या.श्री आनन्दमोहन भट्टराई	२०१

मूल अभियुक्तलाई कम कैद र जरिवानाको सजाय भएको अवस्थामा मिसिलबाट केवल एकजना मूल कसुरदारलाई गैंडाको खाग कसैले बेच्छ भनी सूचना वा जानकारी दिएकोले निज मतियार हो भनी मुद्दा चलाएको र अन्य संलग्नता केही रहेको नदेखिएको पक्षलाई केवल म्याद सूचनामा उपस्थित भएन भन्ने आधारमा मूल अभियुक्तलाई भएको भन्दा बढी कैद र जरिवाना गर्नु राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २७ को प्रतिकूल हुने।

(प्रकरण नं. ४)

संविधानको धारा २० को उपधारा (४) मा "तत्काल प्रचलित कानूनले सजाय नहुने काम गरेबापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन" भन्ने हकले कानूनको अभावमा सजाय नहुने र कानूनले तोकेभन्दा बढी सजाय नहुने दुवै कुरा प्रत्याभूत गर्दछ । कानूनले तोकेभन्दा बढी सजाय हुनु भनेको कानूनको अख्तियारीबेगर सजाय हुनु हो । कानूनको अख्तियारीबेगर कोही पनि व्यक्ति कैदमा रहनु विधिको शासनको विरूद्ध हुने । यस्तो सजाय हुन गएको देखेमा अदालतको म्याद बदर नभएको वा अदालतले जारी गरेको म्यादमा उपस्थित भई प्रतिवाद गर्न नसकेको भन्ने जस्ता स-साना प्राविधिक कुरामा अल्झेर देखादेखी कानूनले तोकेभन्दा बढी सजाय भइरहेको स्थितिलाई यथावत् रहन दिई न्याय दिन इन्कार गर्न नमिल्ने । एउटा सामान्य चिया नास्ताको पसल गरेर जीवन गुजारा गरेका सर्वसाधारण नागरिक आफू पक्राउ परेपछि तह तहका अदालतसमक्ष न्यायको याचना गरेर आइरहेको छ । यसै अदालतसमक्ष पनि गैंडा मारेको यो विवाद प्रकारान्तरले तेस्रो पटक पेस भइरहेको छ भने संविधान र कानूनको अन्तिम व्याख्या गर्ने एवम् आफूसमक्षको विवादमा पूर्ण न्याय गर्नुपर्ने दायित्व भएको यस अदालतले कानून विरूद्ध कैद भइरहेको देख्दादेख्दै चुप लागेर बस्न नमिल्ने ।

(प्रकरण नं. ५)

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td>२</td><td>११२४२
संयुक्त
बन्दी प्रत्यक्षीकरण</td><td>स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की
मा.न्या.श्री नहकुल सुवेदी
०७९-WH-०१०४</td><td>परिवर्तित नाम नयाँ बस्ती “क” विरूद्ध सिन्धुली जिल्ला अदालतसमेत</td><td>२०७९।०१।१८</td><td>मा.न्या. श्री नहकुल सुवेदी</td><td>२२१</td></tr>
<tr><td colspan="7">बालबालिकाको हकमा जुनसुकै प्रकृतिका मुद्दामा मुद्दा किनारा गर्नुपर्ने अवधि समान एक सय बिस दिन तोकिएको तथा सामान्य, गम्भीर र जघन्य प्रकृतिको कसुरसँग सम्बन्धित मुद्दालाई नछुट्ट्याई सामान्यदेखि जघन्य प्रकृतिको कसुरसँग सम्बन्धित सबै मुद्दामा विधायिकाले मुद्दा किनारा गर्नुपर्ने अवधि नै निश्चित गरिदिएको अवस्थामा अदालतले कानून निर्माताले सबै परिस्थितिलाई हृदयङ्गम गरी निर्धारण गरेको हो भनी मान्नुपर्ने ।
(प्रकरण नं. २१)
मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७७(१) मा "सामान्यतया" शब्दको प्रयोग भएका कारण कानूनले निर्धारण गरेको समयसीमाभित्र मुद्दाको किनारा हुन नसकेको अवस्थामा सो समयावधिभित्र मुद्दा फैसला हुन नसक्नुको मनासिब कारण मिसिलबाट देखिनु अपरिहार्य हुने । वस्तुतः मिसिलबाट देखिएका ढिलाइका कारणहरूलाई सम्बोधन गर्ने र अनुचित बिलम्ब भएको अवस्थामा सोको जवाफदेहिताको सुनिश्चितता गरिँदा मुद्दाको कारबाहीमा हुन जाने ढिलासुस्ती सम्बोधन भई बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३७ को कार्यान्वयन प्रभावकारी हुनसक्ने ।
(प्रकरण नं. २२)
बाल सुधार गृहमा राख्ने आदेश भएको नाबालिगलाई अभिभावक वा संरक्षकको जिम्मा लगाउने आदेश गर्दा बाल इजलासले यसबाट पीडितलाई पर्नजाने असर वा प्रभावलाई समेत विचार गर्नुपर्ने । फौजदारी मुद्दाका पीडितहरूको चाहना अभियुक्तलाई थुनामा नै राखी कारबाही होस् र कठोरतम सजाय होस् भन्ने हुने भए तापनि अभियुक्तले कानूनले प्रदान गरेका सुविधा उपभोग गर्न पाउने र बालबालिकाको हकमा कानूनले प्रदान गरेका अन्य हक अधिकारसमेत सान्दर्भिक हुने भएकाले बाल इजलासले आदेश गर्दा यी दुवै दृष्टिकोणलाई सन्तुलित रूपले सम्बोधन गर्नुपर्ने ।
(प्रकरण नं. २४)</td></tr>
<tr><td>३</td><td>११२४३
संयुक्त
भ्रष्टाचार समेत</td><td>मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ
मा.न्या.श्री कुमार रेग्मी
०७२-CR-१७७७</td><td>नेपाल सरकार विरूद्ध प्रा.डा. पदमलाल देवकोटासमेत</td><td>२०७९।०७।२०</td><td>मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ</td><td>२४१</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">विश्वविद्यालयको अघिल्लो आर्थिक वर्षको महालेखा परीक्षणबाट त्रुटि देखाइएका विषयसमेत पुनः दोहोऱ्याइनु, सामान्य समझको व्यक्तिले विश्वास गर्न नसकिने अस्वाभाविक प्रकृतिका खर्चका बिल राखी एउटा विषयको लागि भनेर लिइएको पेस्की रकम अर्कै बेहोराको खर्च देखाई फछ्र्यौट गरिनु र उक्त कार्य पटकपटक दोहोऱ्याई गरिनु जस्ता कार्यलाई सामान्य प्रक्रियागत त्रुटि वा बेरूजु देखाई सच्याउने विषय मात्र भएको भनी मान्न नमिल्ने।
विश्वविद्यालयको रजिस्ट्रारको जिम्मेवारीपूर्ण पदमा रहँदाको अवस्था ऐन कानूनले दिएको अधिकारको सीमाभित्र रहेर आफ्नो अधिकारको प्रयोग गर्नुपर्नेमा अधिकारको दुरूपयोग गरी बदनियतसाथ विश्वविद्यालयको कोषको रकम हिनामिना गरेको देखिने।
(प्रकरण नं.२१)
विश्वविद्यालयको अन्य पदाधिकारीको हैसियतमा सामान्य प्रक्रियागत काम कारबाहीमा संलग्न भएको देखिएको आधारमा बदनियतसाथ काम गरेको भनी अर्थ गर्न नमिल्ने। यस्ता पदाधिकारीले कसुरजन्य कार्यमा मिलेमतो गरेको वा त्यससम्बन्धी काम कारबाही गर्दा बदनियत राखेको छ छैन भन्ने मनसाय तत्त्वको विद्यमानतालाई हेरिनुपर्ने।
(प्रकरण नं.२३)</td></tr>
<tr><td>४</td><td>११२४४
संयुक्त
बन्दी प्रत्यक्षीकरण</td><td>मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा
मा.न्या.श्री हरिप्रसाद फुयाल
०७७-WH-०२७१</td><td>अजय श्रेष्ठ विरूद्ध काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत</td><td>२०७७।१२।०८</td><td>मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा</td><td>३०४</td></tr>
<tr><td colspan="7">अदालतबाट भएको फैसलाअनुसारको बिगो भरिभराउ गर्नु सम्बन्धित व्यक्तिको कानूनी दायित्व हुने। चेक अनादर मुद्दामा ठहर भएको बिगो भरिभराउ गर्नुपर्ने दायित्वबाट सो उन्मुक्ति पाउने अवस्था नहुने। बिगो भरिभराउ गर्नुपर्ने दायित्व रहेका व्यक्तिले बिगो भुक्तान नगरेको अवस्थामा थुनामा रहेर दायित्व निर्वाह गर्नुपर्ने अवस्था रहने।
(प्रकरण नं.३)</td></tr>
<tr><td></td><td>११२४५
संयुक्त
हक कायम</td><td>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.श्री कुमार रेग्मी
०७३-CI-११७४</td><td>कमलबहादुर डंगोलसमेत विरूद्ध राजमान बज्राचार्य</td><td>२०७९।०८।२३</td><td>मा.न्या.श्री कुमार रेग्मी</td><td>३०८</td></tr>
<tr><td colspan="7">जग्गाधनीले रैकरमा परिणत गर्न धरौटी बुझाएको कार्यलाई दाबीको जग्गा, धनीका नाउँमा बिर्ताबाट</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
रैकर परिणत हुन निरन्तर कारबाहीमा रहेको मान्नुपर्ने। यसरी निरन्तर कारबाहीमा रहेको जग्गा मोहीका नाउँमा रैकर परिणत हुन नसक्ने भएकाले यस्तो जग्गामा जग्गाधनीको हक कायम हुने। जग्गाधनीले बिर्ता जग्गालाई रैकर परिणत गराउने प्रक्रिया सुरू गरी निरन्तर कारबाहीमा रहेको जग्गामा जग्गाधनीको स्वामित्वको हकले निरन्तरता पाएको मान्नुपर्ने। (प्रकरण नं.९)						
	११२४६ संयुक्त उत्प्रेषण	मा.न्या.श्री प्रकाशमान सिंह राउत मा.न्या.श्री कुमार रेग्मी ०७५-WO-१२४३	जानुका पण्डित विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	२०७७।१२।०५	मा.न्या.श्री प्रकाशमान सिंह राउत	३२०
निवेदकको समायोजन गरिएको अवस्थामा प्रसुति तथा स्वास्थ्यका कारणबाट निज बिदामा रहेको र निजको काखमा एक वर्षकी छोरी रहेकोले एकातिर राष्ट्रसेवकको जिम्मेवारी र कर्तव्य निर्वाह गर्नुपर्ने अवस्था छ भने अर्कोतिर शिशुबालकको आमाको जिम्मेवारीसमेत सम्हाल्नुपर्ने हुन्छ। यस्तो अवस्थामा रहेका महिलाको सन्दर्भमा नेपालको संविधानको धारा ३८(२) द्वारा प्रदत्त सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी मौलिक हकलाई समुचित ध्यान दिन सकेको नदेखिने। यस स्थितिमा निवेदकको हकमा एकपटक संघमा समायोजन भइसकेकोमा पुनः प्रदेशमा समायोजन गर्दा निजको वृत्ति विकासमा आउन सक्ने अवरोध, संविधान प्रदत्त मौलिक हक तथा राज्यले अवलम्बन गरेको समावेशी नीतिलाई सम्बोधन गर्ने गरी निर्णयमा पुग्नुपर्नेमा विपक्षीहरूबाट सो कार्य भए गरेको नदेखिएको परिप्रेक्ष्यमा निवेदकलाई प्रदेशमा समायोजन गर्ने विपक्षीको निर्णय कामकारबाहीलाई कानूनसम्मत मान्न नमिल्ने। (प्रकरण नं.४)						
	११२४७ संयुक्त जबरजस्ती करणी	मा.न्या.श्री प्रकाशमान सिंह राउत मा.न्या.डा.श्री मनोजकुमार शर्मा ०७४-CR-१४९७	धनबहादुर अर्गेजा विरूद्ध नेपाल सरकार	२०७४।१२।२४	मा.न्या. डा.श्री मनोजकुमार शर्मा	३३०
व्यक्तिले कुनै घटनाका बारेमा लामो समयपछि व्यक्त गर्दा पहिलेको बेहोरासँग सामान्य फरक पर्नु सामान्य भए पनि घटनाको प्रकृति र मुद्दाको स्वरूपमा नै बदलाव आउने गरी जाहेरीमा प्रतिवादीले बन्दुक बोकेको सम्बन्धमा उल्लेख नगरेको अवस्थामा बकपत्रमा प्रतिवादीले बन्दुकसमेत साथमा लिएको भनी उल्लेख						

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">गरेको कुरालाई सामान्य मान्न मिल्दैन । यसबाट घटनाको प्रकृति र प्रतिवादीलाई लाग्न सक्ने कसुरमा समेत भिन्नता आउने गरी भएको बकपत्रमा सामान्य फरक परेको मात्र भन्न मिल्दैन । त्यसैले मौकाको जाहेरी बेहोरा र जाहेरवालीको अदालतको बकपत्रमा तात्त्विक फरक परी विरोधाभाषपूर्ण रहेको देखिन्छ । यसरी, अनुसन्धानका क्रममा सङ्कलित प्रमाणहरू न्यायिक परीक्षणका क्रममा समर्थित नभई परस्पर विरोधाभाषपूर्ण रहेको देखिएमा त्यस्ता प्रमाणहरूका आधारमा कसैलाई कसुरदार ठहर गर्न नमिल्ने ।
(प्रकरण नं. २)
श्रीमतीउपर जबरजस्ती करणी गरेको देख्ने जाहेरवालीका श्रीमान्‌ले आवश्यक प्रतिकार तथा गुहार मागी समयमै घटनाको जाहेरी नदिएबाट पनि घटना वारदातको विश्वसनीयतामा शङ्का संशय पैदा हुन पुगेको देखिन्छ । मुद्दामा तोकिएको हदम्यादभित्र जाहेरी दिन सक्ने कुरालाई नकार्न नसकिए पनि घटनाको बारेमा जतिसक्दो छिटो जाहेरी तथा सूचना दिएको खण्डमा मात्र घटनाको वास्तविकतासम्म पुग्न सकिने हुँदा यसतर्फ जाहेरवाला तथा वादी पक्ष सजग हुनु त्यति नै महत्त्वपूर्ण हुन जान्छ । प्रतिवादी र पीडित पनि एकै समाजको छिमेकी भएका कारण समाजमा तथा छिमेकीमा हुने व्यवहार तथा सम्बन्धहरूले पनि यस्ता घटना प्रभावित हुने र त्यस्ता कुराले घटनाको स्वरूप नै परिवर्तन हुनेतर्फ पनि अदालतले ध्यान दिनुपर्ने ।
(प्रकरण नं. ४)
जबरजस्ती करणी मुद्दामा पीडित भनिएकी जाहेरवालीको कथन सर्वोत्तम प्रमाण हुने भए पनि त्यस्तो कथन मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणहरूबाट समेत समर्थित हुनुपर्दछ । साथै, जाहेरवालीको मौकाको र अदालतमा व्यक्त गरेको भनाइमा समेत एकरूपता भई विश्वसनीय हुनुपर्दछ । जबरजस्ती करणीको वारदातका सम्बन्धमा नै फरक परी विरोधाभाषपूर्ण भई शङ्कास्पद देखिएको जाहेरवालीको भनाइलाई अकाट्य प्रमाणको रूपमा लिन नमिल्ने ।
(प्रकरण नं. ५)</td></tr>
<tr><td></td><td>११२४८
संयुक्त
उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.डा.श्री कुमार चुडाल
०७९-WO-०१७६</td><td>जानकी साई
विरूद्ध
उच्च अदालत पाटन, ललितपुरसमेत</td><td>२०८०।०२।१०</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल</td><td>३४५</td></tr>
<tr><td colspan="7">विपक्षी आमालाई निवेदक छोरीले बुढेसकालमा स्याहारसुसार गर्नको लागि दाबीको जग्गा हालैदेखिको बकसपत्र पारित गरिदिएको देखिन्छ । तर निवेदकले सो लिखतको भावना र सर्तविपरीत विपक्षी आमालाई उचित हेरविचार नगरी उल्टै कुटपिट गर्ने गरेको, दूषित भावनाले ग्रसित भई ज्येष्ठ नागरिकको बुढेसकालमा बाँच्ने साहाराको रूपमा रहेको सम्पत्ति फकाई फुल्याई लिएकोले ज्येष्ठ नागरिकको सर्वोत्तम हितलाई समेत मनन गरी विपक्षीलाई निवेदकउपर हालैदेखिको बकसपत्र लिखत बदरको मुद्दा दायर गर्ने हकदैया र</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">हदम्याद नरहेको भनी तर्क गर्नु न्यायसङ्गत नदेखिने।
ज्येष्ठ नागरिकको हक अधिकारसँग सम्बन्धित विषयमा निर्णय गर्दा ज्येष्ठ नागरिकको पहिचान, संरक्षण र सुरक्षालाई मध्येनजर गरी निर्णय गर्नुपर्ने। ज्येष्ठ नागरिक पनि बालबालिका जस्तै उमेर एवं बुढौलीको कारणले सही, गलत छुट्याउन नसक्ने र कुनै निर्णयबाट उत्पन्न हुने परिणामको बारेमा जानकार हुन नसक्ने हुन्छन्। यस्तो अवस्थामा निजहरूको हितविपरीत हुने कुनै कार्य बदनियत साथ कसैले गरेमा ज्येष्ठ नागरिकलाई अन्याय हुने गरी त्यस्तो काम कारबाहीलाई मान्यता दिनु न्यायसङ्गत नहुने।
(प्रकरण नं.६)</td></tr>
<tr><td></td><td>११२४९

संयुक्त

ज.क. र हाडनाता करणी</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ

०७४-CR-१४०७</td><td>पूर्णबहादुर वि.क.
विरूद्ध
नेपाल सरकार</td><td>२०८०।०१।११</td><td>मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ</td><td>३५३</td></tr>
<tr><td colspan="7">जबरजस्ती करणीको कसुर कायम भएको अवस्थामा पीडितलाई फैसला हुँदाकै बखत पर्न गएको शारीरिक, मानसिक क्षतिसमेतलाई विचार गरी क्षतिपूर्ति भराइदिनुपर्ने र सो कुरा फैसलामै उल्लेख गर्नुपर्ने भन्ने व्यवस्था रहेकोमा द्विविधा नरहने। ऐनमा नै प्रस्ट रूपमा लेखिएको व्यवस्थालाई अनिवार्य वा ऐच्छिक हो भनी मान्न नमिल्ने। यो स्थितिमा जबरजस्ती करणीको कसुरमा पीडितलाई भराइदिनुपर्ने क्षतिपूर्तिको व्यवस्थालाई बाध्यात्मक व्यवस्था नै मान्नुपर्ने।
(प्रकरण नं.५)
न्यायको मुख्य लक्ष्य नै पीडितलाई न्याय दिनु हो। कसुरदारलाई कैदको सजाय गर्दैमा न्यायको लक्ष्य पूरा नहुने। उचित क्षतिपूर्तिसहितको न्यायले मात्र न्यायको वास्तविक लक्ष्य प्राप्त हुने। कसुर गर्नेलाई आफूले गरेको गल्तीको महसुस गराउनु र पीडितलाई क्षतिपूर्तिसहित समाजमा पुनर्स्थापित गर्नु नै न्यायको वास्तविक लक्ष्य हो। यही तथ्यलाई मनन गरेर कानूनमा पीडितले पाउनुपर्ने क्षतिपूर्तिको सम्बन्धमा समेत व्यवस्था गरिएको हो। पछिल्ला दिनमा त प्रतिवादीको क्षतिपूर्ति तिर्ने हैसियत रहेनछ भने पनि त्यसको जिम्मा राज्यले लिनुपर्दछ भन्ने मान्यतासमेत विकसित भएको पाइन्छ। यसरी कानूनमा नै क्षतिपूर्तिको सम्बन्धमा प्रस्ट रूपमा उल्लेख भएको स्थिति र कानूनको पालना गर्ने, गराउने तथा जनतालाई न्यायको अनुभूति दिलाउने महत्त्वपूर्ण संयन्त्रको रूपमा अदालत रहेको स्थितिमा पीडितको न्यायलाई यो वा त्यो बहानामा नजरअन्दाज गर्न नमिल्ने।
(प्रकरण नं. ६)
पीडित र प्रतिवादी एकै परिवारको हुँदैमा पीडितलाई कसुरबाट पर्न गएको क्षति स्वरूप भराइने क्षतिपूर्तिको औचित्यपूर्ण नहुने भन्ने तर्क कुनै पनि विधिशास्त्रीय एवं कानूनी मान्यताबाट सही नठहरिने।
(प्रकरण नं. ७)</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२५० संयुक्त सरकारी छाप दस्तखत किर्ते	मा.न्या.श्री प्रकाशकुमार ढुंगाना मा.न्या.श्री हरिप्रसाद फुयाल ०७२-CR-०१५२	राजु अधिकारीसमेत विरूद्ध नेपाल सरकार	२०७९।०८।२४	मा.न्या.श्री प्रकाशकुमार ढुंगाना	३६७

सङ्‌गठित अपराधमा विभिन्न व्यक्तिहरू मिली योजनाबद्ध तरिकाले विभिन्न भूमिकाको साथ एकआपसमा सम्पर्क गरी विभिन्न तह हुँदै एक सिङ्‌गो अपराधलाई अन्जाम दिई आएको प्रतिफलको लाभ लिने अवस्था हुन्छ । भिन्न भिन्न भूमिकाको साथ एक जालो बनाई काम गर्ने हुँदा यस प्रकृतिका चोरी गरी बिक्री गर्ने सङ्‌गठित अपराधमा यो व्यक्तिले यो नै गरेको भनी यकिन गर्न गाह्रो हुने ।

प्रतिवादीहरू एक समूहमा काम गर्ने हुँदा यो किर्ते यसले गरेको, यो चोरी यसले गरेको भनी यकिन गर्न नसकिए पनि सबैको संलग्नतामा अपराध गरी आएको प्रतिफल बाँडफाँट गर्ने हुँदा यस प्रकारको अपराधमा सबै प्रतिवादीहरू समान कसुरको भागीदार हुने देखिन्छ । केवल विवादित मोटरसाइकल र नक्कली कागजात प्रतिवादीहरूको साथबाट बरामद नभएको र किटानी प्रमाण नभएको कारणले मात्र प्रतिवादीहरू निर्दोष हुन् भनी निष्कर्षमा पुग्नु न्यायोचित नदेखिने ।

(प्रकरण नं. ८)

मुलुकी ऐन, किर्ते कागजको महलको ७ नं. को कानूनी व्यवस्थालाई हेर्दा "सम्पत्तिका सम्बन्धमा किर्ते गरी लिई खाइसकेको भए बिगो भराई बिगोबमोजिम जरिवाना हुन्छ" भनी व्यवस्था रहेको देखिने । कानूनमा जनही वा दामासाही भनी स्पष्ट उल्लेख गरेको नदेखिने । बिगोभन्दा बढी जरिवाना हुनु कानूनी मनसाय हुन नसक्ने । यसरी कानूनमा बिगोको जनहीले जरिवाना हुन्छ भनी स्पष्ट व्यवस्था नगरेको अवस्थामा उक्त कानूनी प्रावधानलाई कठोर हिसाबले व्याख्या नगरी लचिलो तवरले व्याख्या गर्नु न्यायसङ्‌गत हुने र बिगोभन्दा बढी जरिवाना असुल गर्नुसमेत न्यायोचित नहुने ।

(प्रकरण नं. ९)

	११२५१ संयुक्त उत्प्रेषण	मा.न्या.श्री हरिप्रसाद फुयाल मा.न्या.डा.श्री कुमार चुडाल ०७७-WO-०४०७	आशुतोष बहादुर शाह विरूद्ध नेपाल सरकार, रक्षा मन्त्रालय, सिंहदरबारसमेत	२०७९।०७।१३	मा.न्या.श्री हरिप्रसाद फुयाल	३८३

सैनिक ऐन, २०६३ को दफा ५२(क) मा कुनै सैनिक अधिकारी व्यक्तिले लागु औषध सेवन गर्न

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

नहुने र त्यस्तो कार्य कसुरजन्य हुने भन्ने उल्लेख भएको अवस्थामा नेपाली सेनाको सङ्गठन संरचनामा काम गर्न जाने अधिकृत क्याडेटले लागु औषध सेवन गरेको कार्यलाई गम्भीर प्रकृतिको मान्नुपर्ने । सैनिक प्रतिष्ठान खरिपाटीबाट आन्तरिक रूपमा बनाई लागु गरिएको अधिकृत क्याडेट तथा प्राविधिक अधिकृतहरूलाई चरण झार्ने, निष्काशन गर्ने तथा सजायसम्बन्धी नियमावली, २०६९ मा स्पष्टसँग लागु औषधको बारेमा उल्लेख गरेको नभए तापनि सैनिक ऐनले निषेध गरेको कार्य गरेको पुष्टि भएको अवस्थामा उक्त नियमावलीबमोजिम कारबाही हुन सक्ने ।

(प्रकरण नं. ४)

अधिकृत क्याडेटको विभिन्न चरणको परीक्षा उत्तीर्ण गरी एक तालिमरत सैनिक व्यक्ति भएर पनि तालिमको समयावधिमा लागु औषध गाँजा सेवन गर्नु अनुशासन तथा आचरणविपरीतको कार्य भएको र नेपाली सेनाको क्षेत्राधिकारभित्र पर्ने व्यक्तिले पालना गर्नुपर्ने अनुशासन, आचरणविपरीत कार्य गरेको हुँदा अधिकार प्राप्त निकाय तथा अधिकारीबाट भएको काम कारबाहीको विषयलाई अन्यथा भन्न नमिल्ने ।

(प्रकरण नं. ७)

नेपाल कानून पत्रिका, २०८१, असार अङ्कमा प्रकाशित नजिरहरू

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२५२ पूर्ण उत्प्रेषण / परमादेश	मा.न्या.श्री अनिलकुमार सिन्हा मा.न्या.डा.श्री मनोजकुमार शर्मा मा.न्या.श्री नहकुल सुवेदी ०७८-WF-०००१	गोमा राना क्षेत्री विरूद्ध उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलाससमेत	२०८१।१।०४	मा.न्या. श्री नहकुल सुवेदी	३९५

परिवारमा मुख्य भई कामकाज गर्नेबाहेकका अन्य व्यक्ति अंश लिई भिन्न बसेमा वा अन्य कुनै बेहोराले निजको नाममा सम्पत्ति हस्तान्तरण भई आएमा मात्र सगोलको सम्पत्तिमा निजको हक पुग्ने भनी अर्थ गरिएमा वर्षौंवर्षसम्म वा पुस्तौँसम्म अंश नलिई सगोलमा बस्ने र सगोलको सम्पत्तिमा त्यस्ता व्यक्तिको जीवनपर्यन्त हक नपुगेको भनी व्याख्या गर्न नमिल्ने ।

(प्रकरण नं. ८)

लेनदेनमार्फत आफूले दिएको ऋण असुलउपर हुन सक्ने नसक्नेतर्फ साहुले ऋण दिनुअगाडि नै सोचविचार गर्नुपर्ने र उक्त ऋण असुल हुन सक्ने नसक्ने जोखिम पनि निजले नै वहन गर्नुपर्ने तथ्यमा विवाद हुन

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">नसक्ने । घरका मुख्यबाहेकका व्यक्तिले लिएको ऋण मुख्य व्यक्तिले लिएको ऋणसरह परिवारका सबै सदस्यले उपभोग गरेको भनी अनुमान गर्नसमेत नमिल्ने भएकाले सो ऋणमा परिवारका अन्य व्यक्तिको समेत दायित्व रहने भन्न नमिल्ने भए पनि घरको मुख्य भई व्यवहार नगरेकै कारण ऋण लिने कारणी स्वयम्ले समेत आफैँले लिएको दायित्वबाट उन्मुक्ति पाउने अवस्था कानूनमा रहे भएको नदेखिने । लेनदेन व्यवहारको ९ नं. ले परिवारमा मुख्यबाहेक अन्य व्यक्तिले गरेको व्यवहारमा साझा धनसम्म पक्रन नमिल्ने भनेकोमा कारणीको हक जतिबाट समेत असुल गर्न नमिल्ने भन्नु न्यायोचित, तर्कसम्मत र व्यावहारिकसमेत नहुने ।
(प्रकरण नं. ९)
परिवारको सामूहिक वर-व्यवहार चलाउन कर्जा लिनुपर्ने आवश्यक भएको तर कारणबस मुख्य भई काम गर्ने व्यक्तिबाहेकका अन्य व्यक्तिले लिखत गर्नुपर्ने अवस्था उत्पन्न भएको र त्यसरी काढेको ऋणसमेत परिवारको उन्नति भलाइका लागि सामूहिक रूपमा प्रयोग गरेको मिसिल तथ्यबाट देखिएको अवस्थामा मुख्य भई काम गर्ने व्यक्तिको फरक ढङ्गले निर्क्योल गरी न्यायको रोहमा त्यस्तो व्यवहार गोश्वारा धनबाट बेहोर्नुपर्ने । अर्कोतर्फ परिवारमा मुख्य भई काम गर्नेबाहेकका अन्य सदस्यहरूले आफूखुसी ऋण काढी फरकफरक व्यवहार गरेको अवस्थामा सगोलको धनबाट बेहोर्न नमिल्ने भए पनि कारणीको हकजतिबाट पक्री असुल गर्न नपाइने भन्नु न्याय र कानूनसम्मत नहुने ।
(प्रकरण नं. १०)</td></tr>
<tr><td></td><td>११२५३
संयुक्त
डाँका</td><td>मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ
मा.न्या.श्री हरिप्रसाद फुयाल
०७२-CR-१७८८</td><td>रविन चौगुठी
विरूद्ध
नेपाल सरकार</td><td>२०८०।०५।०३</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल</td><td>४१२</td></tr>
<tr><td colspan="7">घुमुवा वा सुराकी प्रहरी तथा यस्तै प्रकृतिको कार्य गर्ने अन्य कानून कार्यान्वयन गर्ने व्यक्तिलाई आपराधिक गतिविधिका सम्बन्धमा सूचना सङ्कलन गर्न खटाइन सक्दछ, त्यस्तो आपराधिक कार्य गर्ने व्यक्ति वा समूहमा प्रवेश गरी सूचना सङ्कलन गर्दा निजको सुरक्षा र गोपनीयता कायम गर्न निजले कतिपय अवस्थामा कसुरजन्य कार्यमा संलग्न हुनुपर्ने अवस्था आउन सक्छ । तर त्यस्तो कार्यका लागि निजलाई अधिकार प्रदान (authorized) गरिएको हुनुपर्ने । निजले गरेको प्रत्येक कसुरजन्य कार्यको अनुसन्धान हुन सक्ने र असमानुपातिक वा बदनियतसहित कार्य गरेको देखिएमा फौजदारी न्याय प्रणालीको सामना गर्नुपर्ने ।
घुमुवा वा सुराकी प्रहरी वा कानून कार्यान्वयन गर्ने निकायको व्यक्तिले सम्बन्धित अपराधको सुराकी गर्दा doctrine of authorized criminality अन्तर्गत केही हदसम्म कसुरजन्य कार्यमा संलग्न हुन सक्ने । यद्यपि घुमुवा वा सुराकी प्रहरी खटाउन सक्ने कानूनी प्रबन्धको व्यवस्था गर्नुपर्ने । त्यस्तै त्यस्तो कानूनी</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">प्रबन्धअनुसार खटाइएको सम्बन्धित व्यक्तिलाई त्यस्तो कार्यमा संलग्न गराएको सम्बन्धमा आन्तरिक प्रकृतिको लिखित अधिकार प्रदान (authorized) गरेको हुनुपर्ने ।
(प्रकरण नं. १३)
विद्यमान प्रहरीसम्बन्धी कानूनी व्यवस्था र अन्य कुनै कानूनी व्यवस्थामा घुमुवा वा सुराकी प्रहरीको परिभाषा गरिएको र त्यससम्बन्धी कानूनी व्यवस्था गरेको नदेखिने । अपराध अनुसन्धान र त्यसको वस्तुगत अवस्था बुझ्न घुमुवा वा सुराकीको रूपमा परिचालन गर्नुपर्ने प्रहरी कर्मचारीहरू कानूनले परिकल्पना गरेको परिधिभित्र रही परिभाषित रूपमा त्यस्तो कार्यमा संलग्न देखिनुपर्ने ।
(प्रकरण नं. १४)</td></tr>
<tr><td></td><td>११२५४
संयुक्त
प्रतिषेध</td><td>मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ
मा.न्या.डा.श्री कुमार चुडाल
०७३-WO-१२५९</td><td>अधिवक्ता सन्तोष भण्डारी
विरुद्ध
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबारसमेत</td><td>२०८०।०७।०५</td><td>मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ</td><td>४३८</td></tr>
<tr><td colspan="7">नेपालको भौगोलिक अवस्था, सबै जिल्लाहरूमा र विदेशमा समेत कानून व्यवसायीको सेवाको सहज उपलब्धतासमेतको सन्दर्भबाट हेर्दासमेत लेखापढी व्यवसायीहरूले अधिकृत वारिसनामा मस्यौदा गरेको कार्यसमेत व्यावहारिक रूपमा उल्लेखनीय छ । लेखापढी व्यवसायीले अधिकृत वारिसनामा परम्परागत रूपमा मस्यौदा गर्दै आएको र उक्त लेखापढी व्यवसायीले मस्यौदा गरेको अधिकृत वारिसनामा जिल्ला अदालत तथा विदेशस्थित राजदूतावास वा महावाणिज्य दूतावासबाट प्रमाणित हुँदै आएको कार्यले अहिले आएर निवेदकलगायतका कानून व्यवसायीहरूको हक हितमा आघात पुग्न गएको भनी अर्थ गर्न नमिल्ने ।
(प्रकरण नं. ५)
अधिकृत वारिसनामा सामान्य वारिसनामासँग मिल्दोजुल्दो लिखत हो । लेखापढी व्यवसायीसम्बन्धी नियमावलीले उल्लेख गरेको वारिसनामा भन्ने शब्दावलीभित्र त्यस्तो लिखत कसले मस्यौदा गरेको भन्ने अर्थबाट अधिकृत वारिसनामा हुने होइन । मूलतः कानूनले निर्धारण गरेको विषयमा कानूनले नै तोकेका पदाधिकारीबाट प्रमाणित गरी दिएपछि अधिकृत वारिसनामा क्रियाशील हुने हो । सामान्य वारिसनामाको मस्यौदा गर्न अधिकार पाएको लेखापढी व्यवसायीले अधिकृत वारिसनामाको लिखत मस्यौदा गरेको कारण त्यस्तो लिखतको आधिकारिकता एवम् प्रामाणिकतामा कुनै ह्रास नआउने । लेखापढी व्यवसायीले अधिकृत वारिसनामाको मस्यौदा गरेको कारण कुनै पनि व्यक्ति वा समुदायलाई कुनै कानूनी बाधा अड्चन परेको भन्ने तथ्य न्यायिक जानकारी पनि आएको छैन । अर्कोतर्फ अधिकृत वारिसनामाको लिखतको ढाँचा पनि कानूनले नै निर्धारण गरेको छ । त्यसलाई प्रमाणित गर्ने पदाधिकारी पनि कानूनले नै तोकेको अवस्थामा लेखापढी व्यवसायी मस्यौदाकर्ता भएकै कारण कानूनविपरीतको कार्य भएको भन्न नमिल्ने ।
(प्रकरण नं. ७)</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td></td><td>११२५५
संयुक्त
उत्प्रेषण</td><td>मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा
मा.न्या.डा.श्री मनोजकुमार शर्मा
०७३-WO-०१६७</td><td>युनाइटेड विल्डर्स एण्ड एमपी कन्स्ट्रक्सन जे.भि. विरूद्ध पुनरावेदन अदालत नेपालगन्जसमेत</td><td>२०७९।१२।२७</td><td>मा.न्या. डा.श्री मनोजकुमार शर्मा</td><td>४४९</td></tr>
<tr><td colspan="7">कुनै पनि सार्वजनिक खरिद तथा निर्माण कार्यको लागि निर्धारित कानूनबमोजिमको प्रक्रिया पूरा भई सम्झौतासमेत भइसकेको अवस्थामा उक्त सम्झौता र सोका सर्तहरू नै सार्वजनिक खरिद र निर्माण प्रक्रिया व्यवस्थापनका आधारहरू हुने। यसप्रकार निर्माण सम्झौतामा मूल्य वृद्धिको प्रावधान रहे नरहेको सम्बन्धमा निर्माण व्यवसायीले सम्झौता अवधिमा नै निर्क्योल गरी सोहीबमोजिम सम्झौताका सर्तहरूमा परिमार्जन र व्यवस्थापन गर्न सक्ने।
सार्वजनिक निकायले विड डकुमेन्टमा सर्तहरू निर्धारण गरी सोहीबमोजिम सार्वजनिक निर्माण र खरिद सम्झौता गरेको हुनुपर्ने। निर्माण व्यवसायी र सार्वजनिक निकायबिच सम्झौतामा हस्ताक्षर भइसकेपश्चात् उक्त सम्झौतामा मूल्य वृद्धिको प्रावधान नरहेको सर्त स्वीकार गरेको अवस्थामा सोही सम्झौताबमोजिम गरेको कार्यमा थप भुक्तानी प्रदान गर्न नमिल्ने।
(प्रकरण नं. ३)</td></tr>
<tr><td></td><td>११२५६
संयुक्त
कर्तव्य ज्यान</td><td>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.श्री नहकुल सुवेदी
०७०-CR-१०६५</td><td>रविन्द्र भट्टराईसमेत विरूद्ध नेपाल सरकार</td><td>२०७९।१०।२३</td><td>मा.न्या. डा.श्री आनन्दमोहन भट्टराई</td><td>४५६</td></tr>
<tr><td colspan="7">मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३ नं.अन्तर्गतको कसुरदार यकिन पहिचान भएपछि मात्र ऐ.१७ नं.अन्तर्गत मतियारको भूमिकाबारे न्याय निरूपण हुने। वारदात परिदृश्यमा अस्तित्वमा रहेको यकिन नै नभएको व्यक्तिलाई मुख्य भूमिकामा रहेको मानी वारदातमा उपस्थित अन्य सबै प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १७ नं. बमोजिमको कसुर र सजाय ठहर गरेको फैसला ज्यानसम्बन्धीको महलको कानूनी व्यवस्थाअनुकूल र फौजदारी न्यायका दृष्टिले सङ्गतिपूर्ण नदेखिने।
(प्रकरण नं.१७)</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२५७ संयुक्त जालसाज	मा.न्या.श्री अनिलकुमार सिन्हा मा.न्या.श्री प्रकाशकुमार ढुंगाना ०७३-CR-००६६	मिनादेवी रेग्मीसमेत विरूद्ध बामदेव शर्मासमेत	२०७८।१०।११	मा.न्या.श्री अनिलकुमार सिन्हा	४८६
कुनै चल अचल सम्पत्ति पाउने छोरा /बुहारी जस्ता सम्बन्धित व्यक्ति वा प्रत्यक्ष स्वार्थ गाँसिएको व्यक्तिहरूबिच सम्पत्ति भागबन्डाको विषयमा भविष्यका लागि केही सर्तहरू राखी लिखत गरेको रहेछ भने त्यस्तो सम्बन्धित व्यक्तिले सोही सम्पत्तिको बाँडफाँट, रजिस्ट्रेसन, किनबेच, बकसपत्रलगायतका कार्य गर्नु गराउनु विबन्धनको सिद्धान्तले नमिल्ने । एक पटक पुनरावेदक प्रतिवादीले अंशबन्डा पत्र गर्दा जिउनीबापतको सम्पत्ति आमाको शेषपश्चात् तीन जना अंशियारहरूबिच बराबर भाग लगाउने भनी सर्त लिखित रूपमा नै स्वीकारी बसेको अवस्थामा पछि आएर आफूलाई अनुकूल हुने देखेपछि त्यस्तो सर्तविपरीत आफ्नो श्रीमतीको नाममा जग्गा पास गर्न साक्षीसमेत बस्ने कार्यलाई बन्डापत्रको मर्म र मनसायअनुकूल भन्न नसकिने । (प्रकरण नं. ९)						
	११२५८ संयुक्त उत्प्रेषण	मा.न्या.श्री अनिलकुमार सिन्हा मा.न्या.श्री कुमार रेग्मी ०७७-WO-०१२८	जनहित संरक्षण मञ्चसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	२०७९।०८।०३	मा.न्या.श्री कुमार रेग्मी	५००
पुरातत्त्व विभागले राष्ट्रिय कानून र नेपालले प्रतिवद्धता व्यक्त गरेका अन्तर्राष्ट्रिय सन्धि सम्झौतासमेतको पृष्ठभूमिमा प्राचीन सम्पदालाई आफैँ संरक्षित गर्ने वा मौलिक स्वरूपमा कुनै परिवर्तन नआउने गरी कुनै स्थानीय निकायलाई संरक्षण गर्ने गरी सहमति मात्रै दिन सक्ने भन्ने देखिएकोले संरक्षणबाहेकको कुनै पनि थप निर्माण गर्ने अधिकार स्थानीय तहलाई भए रहेको नदेखिने । (प्रकरण नं. २५) जनप्रतिनिधि तथा सरोकारवालाहरूको सहमतिको नाउँमा हिजोका पुस्ताले निर्माण गरेका संरचनालाई आजका पुस्ताले विस्थापित गर्न मिल्दैन । लगन दरबार रहेको स्थानमा लगन पार्क भन्ने नयाँ नाम दिएर ऐतिहासिक पुरातात्त्विक महत्त्वका सम्पदालाई भत्काउने नभई पुरानै तथा मौलिक स्वरूपमा पुनःनिर्माण गरिनु पर्दछ । सहमतिको नाममा मौलिक स्वरूप परिवर्तन गरी नयाँ, आधुनिक कङ्क्रिटबाट त्यस्ता						

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">पुरातात्विक महत्त्वका कला, संस्कृति, सम्पदाहरू मासिने, नासिने गरी संरचना बनाउन कानूनतः नमिल्ने।
(प्रकरण नं. २७)
दरबारको संरचनाको मूल स्वरूप, आकृति, मौलिकता तथा क्षेत्रफल आदिसमेत परिवर्तन नहुने गरी पुर्नःनिर्माणको निर्णय गर्ने वा मर्मत सम्भार र अन्य प्रकृतिबाट संरक्षण गर्ने कार्यको जिम्मेवारी नेपाल सरकार, पुरातत्त्व विभागलाई भएको देखिएबाट काठमाडौं महानगरपालिका नगर सभासँग सो सम्बन्धमा निर्णय गर्न पाउने अधिकार तथा कार्यक्षेत्र नभएको देखिने।
(प्रकरण नं. २८)</td></tr>
<tr><td></td><td>११२५९

संयुक्त

जग्गा दर्ता हक कायम</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.डा.श्री कुमार चुडाल

०७३-CI-०३५८</td><td>रामबहादुर खड्का
विरूद्ध
प्रेमकाजी तुलाधरसमेत</td><td>२०७९।०७।१७</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत</td><td>५३३</td></tr>
<tr><td colspan="7">जग्गा दर्ताको विषय सामान्य माग दाबीको आधारमा मात्र कायम हुने होइन। दाबीकर्ताले दर्ता बाँकी रहेको जग्गा आफ्नो हकभोगको हो भन्ने देखाउन साबिक स्रोत स्पष्टसँग खुलाउन सक्नुपर्ने। दाबी गरिएको जग्गामा आफ्नो स्वामित्व रहेको पुष्टि गराउन पर्याप्त र विवादरहित प्रमाण पुर्‍याएको हुनुपर्ने। कुनै पनि जग्गामा दाबीकर्ताको कानूनबमोजिमको हक रहेको भन्ने स्पष्ट स्रोत पुष्टि नभई त्यस्तो जग्गाउपर त्यस्ता व्यक्तिको कुनै प्रकारको हक स्थापित हुन नसक्ने।
(प्रकरण नं. ६)
विवादमा रहेको जग्गा वादी प्रतिवादीहरूकै जग्गा हो भन्ने यकिन आधार नभएको अवस्थामा मुद्दाका पक्षहरूमध्येकै कसैको नाममा जग्गा दर्ता हक कायम हुनुपर्छ भनी अदालतले निर्णय गर्न नसक्ने। प्रमाण पुर्‍याई आउने व्यक्तिले कानूनबमोजिम जग्गा दर्ता गराउन सक्ने नै हुँदा प्रस्तुत मुद्दामा रहेका वादी प्रतिवादीहरूकै नाममा जग्गा दर्ता गरिदिनुपर्छ भन्ने दाबी तथा जिकिर पुग्न नसक्ने।
(प्रकरण नं. ७)</td></tr>
<tr><td></td><td>११२६०

संयुक्त

ज.क. गरी मारेको कर्तव्य ज्यान</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.श्री प्रकाशकुमार ढुंगाना

०७४-CR-०५०९</td><td>विदुर कार्की
विरूद्ध
नेपाल सरकार</td><td>२०८०।०१।२४</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल</td><td>५४४</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">जहाँ बदलाको भाव उत्पन्न हुन्छ त्यहाँ आवेशको स्थान नरहने । आवेशमा आई होस गुमाएको मानिसले चुल्ठोमा समाई अनुहार आफूतर्फ फर्काई निधारजस्तो संवेदनशील अंग यकिन गरी पटकपटक प्रहार गर्ने अवस्था नहुने । भुइँमा लडेपछि पनि घाँटीमा च्याप्ने, चिउँडोमा टोक्नेलगायतका आक्रमण प्रतिवादीले मृतकउपर गरेको पुष्टि भएको अवस्थाले प्रतिवादीमा आवेशको स्थिति समाप्त भई उद्देश्यमूलक आक्रमणमा संलग्न भएको मान्नुपर्ने । भौतिक प्रहारपछि प्रतिवादीले मृतकलाई जबरजस्ती करणीसमेत गरेको प्रमाणित भएको अवस्थामा यस्तो वारदातलाई आवेश प्रेरित हत्याको कसुर मान्न नमिल्ने । जबरजस्ती करणीको निमित्त गरिने निर्मम हिंसाको स्वरूप नै मान्नुपर्ने ।
(प्रकरण नं.१०)</td></tr>
<tr><td></td><td>११२६१
संयुक्त
लागु औषध
(अफिम)</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.डा.श्री कुमार चुडाल

०७५-CR-०१०९</td><td>नेपाल सरकार
विरूद्ध
मञ्जु भनिने
सम्झना
तामाङसमेत</td><td>२०८०।०४।२३</td><td>मा.न्या.
डा.श्री कुमार
चुडाल</td><td>५६४</td></tr>
<tr><td colspan="7">यदि कुनै व्यक्तिको सँगसाथ वा नियन्त्रणमा रहेको अवस्थामा कुनै चीजवस्तु बरामद भएमा actual possession हुने र यदि कुनै व्यक्तिको साथमा नै कुनै चीजवस्तु नभए पनि सो वस्तुबारे निजको थाहा जानकारीमा भई सो चिजवस्तु आफूले पनि राख्न वा नियन्त्रण लिन सक्ने (ability to control the object) भएमा वा कसुरबाट बच्न सावधानी अपनाई अन्य कसैलाई राख्न दिने वा कुनै स्थानमा राख्नेसमेतका कार्यसमेत भएमा possession भएको मानिने ।
प्रतिवादीबाट लागु औषध (अफिम) को झोला बरामद भएकाले निजले वास्तविक कब्जा (actual possession) र सो चिजवस्तुबारे पूर्णतः ज्ञान जानकारी भई आफैँले तारतम्य मिलाइदिएको चिजवस्तु बरामद हुँदा उपस्थित नभए पनि अर्का प्रतिवादीको सो चिजवस्तुमा constructive possession रहेको मानिने । प्रतिवादीहरूले सँगसाथ लागु औषध अफिम बोकी योजनाबद्ध रूपमा ओसारपसार गरी बिक्री वितरण गर्न हरउपाय अवलम्बन गर्दै गरेको बखत बरामद भएकाले निजहरू उक्त कसुर कार्यमा शंकारहित तवरबाट संलग्न रहेको देखिने ।
(प्रकरण नं.६)</td></tr>
<tr><td></td><td>११२६२
संयुक्त
अंश चलन</td><td>मा.न्या.श्री प्रकाशकुमार ढुंगाना
मा.न्या.श्री सुष्मालता माथेमा

०६९-CI-०७२२</td><td>नारायण कृष्ण
श्रेष्ठसमेत
विरूद्ध
प्रकाशबहादुर
श्रेष्ठसमेत</td><td>२०७४।०५।१४</td><td>मा.न्या.श्री
प्रकाशकुमार
ढुंगाना</td><td>५७८</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

कसैको सम्पत्ति बकसपत्रबाट प्राप्त गर्दा बकसपत्र गरिदिने व्यक्तिले निजले मलाई पालनपोषण वा संरक्षण गरी रिझाएबापत इनाम, पुरस्कार वा बक्सिस स्वरूप प्रदान गरेको हुँ भनी उल्लेख गरी कसैलाई निःशुल्क प्रदान गर्ने कार्यले बकसपत्रको रूप लिन्छ । कुनै व्यक्तिले आफ्नो हक पुग्ने वा स्वामित्वको सम्पत्ति हकवाला व्यक्तिलाई बकस गरिदिँदा कानूनबमोजिम हक लाग्ने व्यक्तिको मन्जुरी लिनुपर्नेमा त्यस्तो व्यक्तिको मन्जुरी नलिई बकसपत्र गरिदिए त्यो बकसपत्रले कानूनी मान्यता प्राप्त गर्न नसक्ने ।

(प्रकरण नं.७)

नेपाल कानून पत्रिका २०८१ - साउन अङ्कमा प्रकाशित नजिरहरू

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२६३ बृहत् पूर्ण उत्प्रेषण	मा.न्या.श्री कुमार रेग्मी मा.न्या.श्री हरिप्रसाद फुयाल मा.न्या.डा.श्री मनोजकुमार शर्मा मा.न्या.डा.श्री कुमार चुडाल मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ ०७४-WF-००१७	रेणुका ओलीसमेत विरुद्ध गुठी संस्थान, केन्द्रीय कार्यालय, त्रिपुरेश्वर काठमाडौंसमेत	२०८०।०१।१७	मा.न्या.श्री कुमार रेग्मी	५८९

पशुपति महास्नान पोता गुठी राजगुठी रहेकोमा विवाद छैन । राजगुठीको जग्गालाई रैतान नम्बरी कायम गर्न नमिल्ने । कानूनसम्मत स्रेस्ता प्रमाणको अभावमा नगद पोत बुझाई आएको भन्ने एक मात्र तर्कको आधारमा राजगुठीको जग्गा रैतानी नम्बरी हो भन्न नमिल्ने ।

नगदीमा पोत बुझाएको भन्ने कारणबाट मात्र कुनै गुठीको जग्गामा व्यक्तिको स्वामित्व नै सिर्जना हुने गरी गुठी रैतानी नम्बरी जग्गामा दर्ता हुने भनी मान्न नमिल्ने ।

राजगुठीको जग्गालाई रैतान नम्बरी कायम गर्न नमिल्ने । कानूनसम्मत स्रेस्ता प्रमाणको अभावमा नगद पोत बुझाई आएको भन्ने एक मात्र तर्कको आधारमा राजगुठीको जग्गा रैतानी नम्बरी हो भन्न नमिल्ने ।

(प्रकरण नं.४)

पशुपतिनाथको पुजाआजामा नगदको समेत आवश्यक पर्ने हुँदा सोका लागि साबिकमा नगदभन्दा जिन्सी सहज रूपमा पाइने हुँदा केही गुठीको पोत जिन्सी नलिई नगदमै लिने गरी साबिकदेखि व्यवस्था रहेकोलाई अन्यथा मान्न नमिल्ने ।

दाताले दिएको गुठीमा साबिकदेखि नगदमा नै कुत बुझ्ने गरेको व्यवस्था रहेको भनी उल्लेख भएकोमा नगद पोत लिनु स्वाभाविक नै मान्नुपर्ने । गुठीको जग्गाको मालपोत असुल गर्ने क्रममा जिन्सी वा नगद जुन रूपमा पनि संस्थानले मालपोत लिन सक्ने नै हुँदा सो मालपोत नगद वा जिन्सीमा लिइएको भन्ने मात्र

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">आधार कारणबाट गुठी जग्गाको हैसियत, स्वामित्व र प्रकारमा कुनै परिवर्तन आउन नसक्ने ।
(प्रकरण नं.५)
Judgement in rem मा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै व्यक्ति वा वस्तु वा त्यस्तो व्यक्ति वा वस्तुको कानूनी हैसियत सम्बन्धमा भएको न्यायिक निर्णयको न्यायिक सम्बन्ध त्यस्तो व्यक्ति वा वस्तुमा मात्र सीमित नरही सबैका लागिसमेत निर्णायक हुने । यो सक्षम न्यायिक निकायबाट निर्णय भएको हुने र यो सार्वजनिक प्रकृतिको हुने हुँदा त्यस्तो निर्णय सम्बन्धित पक्षहरूलाई मात्र नभई सबैका हकमा लागु हुने । त्यस्तो निर्णय एक अर्को व्यक्ति वा पक्षहरूमा मात्र सीमित रहेमा वा व्यक्तिहरूको कानूनी हैसियतप्राप्त वस्तुमा पक्षहरूको अधिकारको घोषणा मात्र गरेमा र यो सम्बन्धित मुद्दाका पक्षहरूलाई मात्र लागु भएमा त्यस्तो निर्णयलाई Judgement in personam भनिने ।
(प्रकरण नं.१३)
अदालतमा चलेका मुद्दाहरूमा भएको निर्णयमा सम्बन्धित पक्षहरूको मात्र हक र सरोकार निहित रहेको विषयमा अदालतबाट भएका निर्णयहरू निजहरूको हकमा मात्र लागु हुने । तर कतिपय विवादहरू कुनै पक्ष विपक्षको हक र सरोकारसँग मात्र सरोकार राख्ने नभई त्यस्तै प्रकृतिका विषयमा अदालतले कानूनको व्याख्या गरी गरेको निर्णय सो विषयवस्तुसँग सरोकार रहेका तर मुद्दामा सहभागी नभएका व्यक्तिहरूका हकमा समेत आकर्षित हुने ।
(प्रकरण नं.१५)</td></tr>
<tr><td></td><td>११२६४

संयुक्त

उत्प्रेषण / परमादेश</td><td>स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की
मा.न्या.श्री हरिप्रसाद फुयाल

०७९-WO-०३९३</td><td>ऋषिराज रेग्मी
विरुद्ध
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत</td><td>२०८०।०।०३</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल</td><td>६१६</td></tr>
<tr><td colspan="7">सिंहदरबार वैद्यखाना समितिको अनुरोधमा मात्र मन्त्रालयले प्रशासकीय प्रमुख काजमा खटाउनसक्ने देखिँदा त्यस्तो अनुरोध गर्न सिंहदरबार वैद्यखाना स्वतन्त्र र स्वायत्त रहेको मानिने । काज वा सरुवा गर्न सक्ने कार्य माथिबाट होइन तलबाट प्रक्रिया पूरा गरी मन्त्रालयमा जानुपर्ने विषय देखिने ।
(प्रकरण नं. २)
कानूनको शासन भएको देशमा तल्लो तहको अधिकारीलाई दिइएको अधिकार सामान्य अवस्थामा समेत आधार र कारण नखोली माथिल्लो तहको अधिकारी वा निकायले समेत प्रयोग गर्नु हुँदैन भन्ने मान्यता राखिने । त्यस्तो मान्यताविपरीत मन्त्रालयको सचिवको अधिकार मन्त्रीले प्रयोग गर्नुपर्ने कारण के थियो भन्ने सम्बन्धमा कुनै आधार कारण स्पष्ट नखुलाई तल्ला पदाधिकारीलाई कानूनले प्रदान गरेको अधिकार</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">आधार र कारणबेगर माथिल्लो पदाधिकारीले प्रयोग गर्न कानूनको शासनको मान्यताविपरीत देखिने।
(प्रकरण नं. ५)
सिंहदरबार वैद्यखाना नेपालको परम्परागत आयुर्वेदिक प्रकृतिका र आमरूपमा जनसाधारणले रूचाएका औषधीहरू उत्पादन गर्ने एक प्रतीकात्मक बिम्बको रूपमा रहेको । यस्तो ऐतिहासिक महत्त्व भएको, परम्परागत आयुर्वेदिक औषधीहरू उत्पादनको ज्ञान र प्रक्रिया अन्तर्निहित रहेको संस्थाको संरक्षण गरी कुनै प्रकारको प्रशासनिक वा अन्य प्रकारको हस्तक्षेप नगरी स्वच्छ उत्पादन र प्रभावकारी वितरणको व्यवस्था मिलाउनु स्वयम् सिंहदरबार वैद्यखाना र नेपाल सरकार स्वास्थ्य मन्त्रालयको कर्तव्यभित्रको विषय हुने। यस्तो कर्तव्यबाट पलायन भई हस्तक्षेप गरी औषधी उत्पादन र वितरणमा प्रभाव पार्ने, औषधी उत्पादनमा परम्परागत ज्ञान र प्रक्रियालाई प्रभाव पारी लोपोन्मुख गराउने कार्य अक्षम्य प्रकृतिको देखिने।
(प्रकरण नं. ९)
सिंहदरबार वैद्यखाना जस्तो इतिहास, परम्परागत ज्ञान र औषधी जस्तो स्वास्थ्य सेवाको अति आवश्यक उत्पादन र वितरण गर्नुपर्ने ठाउँमा मन्त्रालयका सचिवले आफैँले गर्नुपर्ने कार्य नगरी मन्त्रीस्तरबाट भए गरेको कार्य कानूनसम्मत नदेखिने।
(प्रकरण नं. १०)</td></tr>
<tr><td></td><td>११२६५

संयुक्त

अंश नामसारी</td><td>मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ
मा.न्या.श्री नहकुल सुवेदी

०७४-CI-०७७८</td><td>जगन्नाथ कुर्मीसमेत
विरूद्ध
शिवकुमार चौधरी कुर्मी</td><td>२०७९।०५।३०</td><td>मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ</td><td>६२९</td></tr>
<tr><td colspan="7">मुद्दा चल्दाचल्दै मृत्यु भएको अंशियारले दिएको बकसपत्रको सम्पत्ति सो परिवारको सगोलकै सम्पत्ति देखिने। अदालतबाट निर्णय निरूपण हुन बाँकी रहेकै अवस्थामा मृत्यु भएका व्यक्तिले सो परिवारको अंश हक लाग्ने सम्पूर्ण सम्पत्ति एक जना अंशियारलाई मात्र बकस गरिदिएका कारण सोमा अरू अंशियारको अंश हक मर्न जाने भएकाले त्यस्तो सम्पत्तिलाई सगोलकै मान्नुपर्ने।
(प्रकरण नं. ५)
जीवित अंशियारले अंशियारमध्येकै एकजनालाई मात्र गरेको बकसपत्र सम्पत्ति बन्डा प्रयोजनको लागि पैतृक नै हुने।
अंश भई नसकेको अवस्थामा परेको अपुताली, अपुतालीको सम्पत्ति नभई सगोलको पैतृक सम्पत्ति देखिँदा जीवित रूपमा रहेका अंशियारको बिचमा बन्डा गरिदिनुपर्ने अंशबन्डासम्बन्धी मान्यता र प्रचलित कानूनको मनसाय रहँदा मृत्यु भइसकेको व्यक्तिबाट रीतपूर्वक कुनै अंश हक प्राप्त नगरेको स्थितिमा बाँकी जीवित अंशियारहरूको बिचमा पैतृक सम्पत्ति बराबर बाँडिदिनु न्यायोचित हुने।
(प्रकरण नं. ६)</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td></td><td>११२६६

संयुक्त

अंश चलन</td><td>मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ

०७०-CI-०९८०</td><td>सिताराम माल यादव
विरूद्ध
ठकनी देवी यादवसमेत</td><td>२०७८।०३।०२</td><td>मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ</td><td>६३५</td></tr>
<tr><td colspan="7">समान पुस्ताका अंशियारका बिचमा एकपटक व्यवहार प्रमाणबाट भएको अंशबन्डा अन्यथा प्रमाणित नभएसम्म निज अंशियारका बिचमा पुनः अंशबन्डा गर्ने हो भने उक्त कार्यले व्यक्तिको व्यक्तिगत सिप, परिश्रमको प्रतिफल निषेध हुने ।
(प्रकरण नं. ११)
कानूनले पैतृक सम्पत्तिउपर सन्तानको अंश हकलाई पूर्ण रूपमा संरक्षण गरेको भए तापनि यो हक पटक-पटक प्राप्त भइरहने प्रकृतिको भने होइन । आफूले पाउनुपर्ने अंश हक जुनसुकै माध्यमबाट भए पनि एकपटक प्राप्त भइसकेपछि अन्यथा प्रमाणित भएमा बाहेक पैतृक सम्पत्तिउपरको अंश हक सधैँको लागि समाप्त हुने ।
(प्रकरण नं. १२)</td></tr>
<tr><td></td><td>११२६७

संयुक्त

भ्रष्टाचार</td><td>मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा
मा.न्या.श्री सुष्मालता माथेमा

०७३-CR-०१२०</td><td>सुनिता चौधरीसमेत
विरूद्ध
नेपाल सरकार</td><td>२०७८।०४।१४</td><td>मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा</td><td>६४४</td></tr>
<tr><td colspan="7">एक पटक उपभोक्ता समूहलाई कुनै वन क्षेत्र हस्तान्तरण गरेपछि पनि उपभोक्ताले अन्य क्षेत्रफल थप गरिदिन माग गरेमा कानूनी प्रक्रिया पूरा गरी थप गरिदिन सकिने । यसरी हस्तान्तरित वन क्षेत्रमा रहेका ढलेपडेका रूखहरूको उचित व्यवस्थापनसमेत सामुदायिक वन उपभोक्ता समूहले गर्नुपर्ने । चोरी नोक्सानी हुन सक्ने अवस्थाबाट जोगाउनलगायत कतिपय व्यावहारिक आवश्यकता र औचित्यका आधारमा वन ऐन, २०४९ को दफा २६ बमोजिम वन क्षेत्र थप गरी कार्ययोजना नवीकरण गर्न मिल्ने । सामुदायिक वन उपभोक्ता समूहलाई विवादित काठ कटान भएको वन क्षेत्र हस्तान्तरण गरिएको काम कुरालाई कानून प्रतिकूल कार्य भनी मान्न नमिल्ने ।
(प्रकरण नं.५)
हावा-हुरीले ढलेका केही रूखहरूको व्यवस्थापन गर्नुपर्ने अवस्था रहेको र अनुमानित परिमाणमा कटानपछिको वास्तविक परिमाणमा केही सामान्य अन्तर देखिनु सामान्य विषय देखिएको समेत हुँदा काठको स्वीकृत परिमाण र कटानपछिको परिमाणमा देखा परेको सामान्य फरकलाई लिएर नै भ्रष्टाचारको कसुर ठहर गर्नु मनासिब नदेखिने ।
(प्रकरण नं.६)</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td></td><td>११२६८
संयुक्त
आयकर</td><td>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.डा.श्री मनोजकुमार शर्मा
०७५-RB-०६६८</td><td>आन्तरिक राजस्व कार्यालय, भरतपुर
विरूद्ध
प्रेरा निर्माण सेवा प्रा.लि.</td><td>२०७९।०७।१४</td><td>मा.न्या.डा.श्री मनोजकुमार शर्मा</td><td>७३४</td></tr>
<tr><td colspan="7">भविष्यमा हुने घटनाबाट हुने जोखिमबाट राहत पाउने उद्देश्यले बिमा गरिने। बिमा सदैव भविष्यदर्शी हुने र बिमा गर्ने समयमा नै सो शुल्क (प्रिमियम) भुक्तान गर्नुपर्ने। निश्चित अवधिको लागि गरिने बिमा प्रिमियमबापत भएको खर्चलाई आर्थिक वर्षको आधारमा छुट्टाउनु व्यावहारिक नहुने । व्यापारिक क्रियाकलापहरू बजारमा प्रचलित अभ्यासबमोजिम सञ्चालित हुने भएकोले कर निर्धारण गर्दा सामान्य बजारमा हुने व्यावसायिक क्रियाकलाप र यसको प्रकृति, अभ्यासलाई समेत मध्यनजर राखेर गर्नुपर्ने। पुनरावेदकले बिमा प्रिमियम खर्च दाबी गरेको रकम निजले आयकर ऐन, २०५८ को दफा १३ को अधीनमा रही दाबी गरेको देखिन आउने । बिमा प्रिमियम, बिमा गरेको समयदेखि बिमा लेखले खामेको जुनसुकै समयमा हुने क्षतिबापतको सुरक्षा भएकोले यसलाई आर्थिक वर्षको आधारमा छुट्टाउनु न्यायसङ्गत नदेखिने ।
(प्रकरण नं.९)</td></tr>
<tr><td></td><td>११२६९
संयुक्त
झुट्टा विवरण पेस गरी नागरिकता लिएको</td><td>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.श्री नहकुल सुवेदी
०७४-CR-०८१५</td><td>उमामहेश्वर साह
विरूद्ध
नेपाल सरकार</td><td>२०७९।०९।१७</td><td>मा.न्या.डा.श्री आनन्द मोहन भट्टराई</td><td>७४२</td></tr>
<tr><td colspan="7">कोही व्यक्ति वंशजको आधारमा नागरिकता प्राप्त गर्न योग्य हुन्छ भने निजले सो योग्यता जन्मदै हासिल गरेको सम्झनुपर्ने।
(प्रकरण नं.५)</td></tr>
<tr><td></td><td>११२७०
संयुक्त
उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री अनिलकुमार सिन्हा
मा.न्या.श्री सुष्मालता माथेमा
०७४-WO-०६५९</td><td>गीता चौधरीसमेत
विरूद्ध
लोक सेवा आयोग केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत</td><td>२०७९।०५।०२</td><td>मा.न्या.श्री अनिलकुमार सिन्हा</td><td>७४९</td></tr>
</table>

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">माथिल्लो श्रेणीको शैक्षिक योग्यता पुगिरहेकोमा सो पदभन्दा मुनिको पदमा शैक्षिक योग्यता नै नपुगेको भनी अर्थ गरी निवेदकहरूको दरखास्त रद्द गरिएको निर्णयलाई कानून र विवेकसम्मत मान्न नमिल्ने ।
आयोगले गरेको निर्णयको विरूद्धमा विवाद परी सो विवाद अदालतमा प्रवेश गरी अन्तिम फैसला भइसकेको र समान विषय प्रसङ्‍गका सम्बन्धमा सैद्धान्तिक, अवधारणागत र कानूनी प्रश्नमा व्याख्यासमेत गरी अदालतबाट दिएको आदेश कुनै व्यक्ति विशेषको हकमा मात्र लागु हुने भन्ने हुँदैन । यसरी अदालतले गरेको व्याख्या सबैलाई समान रूपमा लागु गर्नु गराउनु, सोको अनुशरण गर्नु, गराउनु विपक्षीहरूको कानूनी जिम्मेवारी हुने ।
नेपालको संविधानको धारा १२८ को उपधारा (२) ले गरेको "संविधान र कानूनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतलाई हुने छ" भन्ने व्यवस्थाको जानकारी विपक्षी निकायलाई यस अदालतले पटकपटक स्मरण गराउनुपर्ने होइन, यो न्यायिक जानकारीमा रहने विषयमा अनभिज्ञ रहेको जस्तो देखिने गरी कुनै निकायले एकै विषयमा पटकपटक कुनै व्यक्तिलाई अदालत धाउनुपर्ने बाध्यता सिर्जना गर्ने कामले एकातिर देशको सुशासन स्थापित हुन सक्दैन भने अर्कोतिर निर्णय गर्ने अधिकारीको नियत, कार्यदक्षता र क्षमताउपर पनि प्रश्न उठ्ने ।
विपक्षी बनाइएका निकायहरूले विगतका अदालतका आदेश, निर्णय र व्याख्यालाई सारमा कार्यान्वयन गरेमा मात्र त्यस्ता निकायको प्रभावकारिता तथा विश्वसनीयता अभिवृद्धि हुने । लोक सेवा आयोग जस्तो उच्च जनविश्वास आर्जन गरेको संवैधानिक निकायले तथा सो मातहतको कार्यालयसमेतले अदालतको आदेशबाट स्थापित भएको मान्यताको सम्बन्धमा व्यक्ति विशेषको हकमा मात्र लागु नगरी सबै परीक्षार्थीहरूमा समान रूपमा लागु गरी समन्वय कायम गर्दा मात्र आयोगको कार्यसम्पादनमा एकरूपता कायम हुने ।
(प्रकरण नं. ३)</td></tr>
<tr><td></td><td>११२७१
संयुक्त
परमादेश</td><td>मा.न्या.श्री अनिलकुमार सिन्हा
मा.न्या.डा.श्री कुमार चुडाल
०७१-CI-०२९१</td><td>जगदीश मण्डल
विरूद्ध
गंगाराम मण्डल
खंग</td><td>२०७९।०२।३१</td><td>मा.न्या. डा.श्री कुमार चुडाल</td><td>७५८</td></tr>
<tr><td colspan="7">विद्यालयमा आफ्नो छोरा छोरी पठनपाठन गरेको विद्यार्थीको अभिभावकले सो विद्यालयको पठन पाठनलगायत विद्यार्थी संख्या के कति छ विद्यालयको बजेट एवं अनुदान रकम के कसरी प्रयोग भइरहेको छ सोको जानकारी सूचना माग गर्नु हरेक अभिभावकको अधिकार हो भने विद्यालयले सोको जानकारी उपलब्ध गराउनु उसको कानूनबमोजिमको दायित्व हुने ।
(प्रकरण नं.२)
सार्वजनिक विद्यालय र यसका व्यवस्थापन समिति कानूनद्वारा सिर्जित सार्वजनिक संस्था भएको भन्ने</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">देखिने । यिनीहरूले विकेन्द्रीकरण वा अधिकार निक्षेपको अवधारणाअनुसार राज्यको दायित्व निर्वाह गरिरहेका हुने । यसरी कानूनबाट सिर्जित राज्यको जिम्मेवार निकायमा बसेकाहरूले आफू मातहतका संयन्त्रलाई स्वच्छ र पारदर्शी बनाई कानूनमा उल्लेख भएको विधि र प्रक्रियालाई अक्षरशः पालना गरी सेवाग्राही, लक्षित वर्ग तथा राज्यको अपेक्षाअनुरूप छिटो, छरितो र प्रभावकारी माध्यमबाट तोकिएको जिम्मेवारी पूरा गर्नुपर्ने । जिम्मेवारी लिनेले आफ्नो व्यवस्थापकीय कौशलता प्रयोग गरी ऐन कानूनले तोकेको जिम्मेवारी इमान्दारीका साथ बहन गर्नुपर्ने ।
(प्रकरण नं.४)</td></tr>
<tr><td></td><td>११२७२
संयुक्त
परमादेश</td><td>मा.न्या.श्री अनिलकुमार सिन्हा
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ
०७५-WO-११४६</td><td>होमबहादुर कँडेल
विरूद्ध
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत</td><td>२०७४।०५।१५</td><td>मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ</td><td>७६२</td></tr>
<tr><td colspan="7">सेवाको सर्त र सुविधा तोकिएबमोजिम हुने भन्ने किसिमको व्यवस्था ऐनमा गरी कर्मचारीलाई सेवा सुविधाको आशामा सेवामा राखिरहने, शिक्षकहरूको हकमा नियमावली बनाई सेवाको सर्त र सुविधा पनि तोक्ने तर बिसौं वर्ष सेवा गर्दासम्म पनि शिक्षक सँगसँगै एउटै विद्यालयमा कार्यरत कर्मचारीको हकमा सोबमोजिमको सेवाको सर्त र सुविधा नतोक्ने कार्य न्यायोचित नदेखिने ।
(प्रकरण नं. ३)
ऐनमै तोकिएबमोजिमको सुविधा पाउने व्यवस्था भएपछि अब नियम नबनाइएला वा सुविधा तोक्ने कुनै नियम नबन्ला भनेर कसैले कल्पना गर्ने कुरा स्वाभाविक नहुने । ऐनमा सरकारद्वारा गरिएको प्रतिबद्धताले विद्यालय कर्मचारीहरूमा सुविधा पाउने अपेक्षा बन्ने र त्यस्तो अपेक्षालाई वैध अपेक्षा भन्नुपर्ने । साथै एउटै विद्यालयमा कार्यरत शिक्षकले सुविधा पाउने तर कर्मचारीले सुविधा नपाउने भन्ने कुरा न्यायकै रोहमा पनि नमिल्ने ।
(प्रकरण नं. ५)
शिक्षा ऐन, २०२८ को दफा १६ठ को उपदफा (२) मा विद्यालय कर्मचारीले पनि तोकिएबमोजिमको सुविधा पाउने गरी व्यवस्था भएको देखिएको, कर्मचारीको हकमा निवृत्तिभरणलगायतको सुविधा पाउन नसक्ने गरी कुनै स्पष्ट व्यवस्था भएको नपाइएको, तोकिएबमोजिमको सुविधा पाउने गरी ऐनमा भएको व्यवस्थाबाट विद्यालयमा कार्यरत कर्मचारीमा एउटै विद्यालयमा कार्यरत शिक्षकसरहको सुविधा पाउने वैध अपेक्षा बन्नु स्वाभाविक देखिने ।
(प्रकरण नं. ६)</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२७३ **संयुक्त** **शेषपछिको बकसपत्र बदर**	**मा.न्या.श्री प्रकाशमान सिंह राउत** **मा.न्या.श्री हरिप्रसाद फुयाल** ०७१-CI-१६०५	**लक्ष्मीभक्त श्रेष्ठसमेत विरूद्ध श्रीभक्त श्रेष्ठसमेत**	**२०७१।०४।२४**	**मा.न्या.श्री प्रकाशमान सिंह राउत**	**७६९**

बन्डापत्रमा वादीहरूको हक समाप्त भएको स्पष्टरूपमा उल्लेख नभएको अवस्थामा आमाको नाउँमा एकलौटी दर्ता भएकै आधारमा पैतृक स्रोतबाट प्राप्त त्यस्तो जग्गाहरूमा निजले आफूखुस गर्न पाउने सम्पत्ति हो वा उक्त जग्गाहरूबाट वादीहरूको हक समाप्त भएको अर्थ गर्नु अंशसम्बन्धी अवधारणाको प्रतिकूल हुने। पैतृक सम्पत्तिको हकमा बन्डापत्रमा नै स्पष्ट रूपमा यो यति सम्पत्ति कुनै अंशियारको मात्र हक लाग्ने वा यो यस्तो सम्पत्ति यो अंशियारले मात्र खाने भन्ने स्पष्ट रूपले उल्लेख भएबाहेक बन्डापत्र मौन रहेको अवस्थामा कुनै सम्पत्ति यो यस्तो अंशियारको एकलौटी हुने एवम् अन्य अंशियारको हक नलाग्ने वा सो सम्पत्तिबाट कुनै अंशियारको हक समाप्त भएको अर्थ गर्नु न्यायोचित्त नहुने।

(प्रकरण नं. ४)

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२७४ **संयुक्त** **छुट जग्गा दर्ता**	**मा.न्या.श्री सपना प्रधान मल्ल** **मा.न्या.डा.श्री मनोजकुमार शर्मा** ०७१-CI-०४८७	**मालपोत कार्यालय, बर्दिया विरूद्ध नारायणप्रसाद श्रेष्ठसमेत**	**२०७८।११।२९**	**मा.न्या. श्री सपना प्रधान मल्ल**	**७७९**

सरकारी सम्पत्ति, नदी नाला, वन जङ्गलगायत अन्य सार्वजनिक जग्गाहरू राष्ट्रको अमूल्य सम्पत्ति भएको हुँदा यस्तो सम्पत्तिको सुरक्षा गर्नु आम नागरिकको कर्तव्य हुने। नेपालको संविधानको धारा ४८(घ) ले समेत सार्वजनिक सम्पत्तिको सुरक्षा गर्नु प्रत्येक नागरिकको कर्तव्य हुने छ भनी तोकेको अवस्थामा कसैबाट पनि सार्वजनिक सम्पत्ति व्यक्तिगतरूपमा दर्ता गरी भोग गर्ने प्रयास गर्ने कार्य हुनुलाई उचित मान्न नमिल्ने।

(प्रकरण नं.८)

जग्गा दर्ताको विषय मालपोत कार्यालयको क्षेत्राधिकारभित्र पर्न आउने देखिँदा दाबी लिएको जग्गाको वास्तविक भोगको अवस्था स्थिति तथा पेस भएका प्रमाणहरूको मूल्याङ्कन गरी जग्गा दर्ता हुने वा नहुने सम्बन्धमा मालपोत कार्यालयले निर्णय गर्नुपर्ने। वनको सार्वजनिक सरकारी जग्गा भनी प्रश्न उठिसकेपछि सो जग्गाको नापजाँच सर्जमिन गरी यथार्थ के हो यकिन गर्नुपर्ने।

(प्रकरण नं. १०)

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td></td><td>११२७५
संयुक्त
जग्गा हक कायम</td><td>मा.न्या.श्री प्रकाशकुमार ढुंगाना
मा.न्या.श्री नहकुल सुवेदी
०७५-CI-१०८५</td><td>राजपति गुरूङ
विरूद्ध
रूद्रनाथ अधिकारी</td><td>२०८०।०१।१३</td><td>मा.न्या.श्री प्रकाशकुमार ढुंगाना</td><td>७९१</td></tr>
<tr><td colspan="7">आपसी सहमतिले बाटोको लागि जग्गा छाडिसकेको अवस्थामा प्रतिवादीले बाटो नछाडेको भन्ने आधारमा वादीको जग्गा खिचोला गरेको भनी भन्न नमिल्ने । जग्गा खिचोला हुन प्रतिवादीले वादीको जग्गा आफ्नोमा मिचे घुसाएको हुनुपर्ने ।
(प्रकरण नं.२)</td></tr>
<tr><td></td><td>११२७६
संयुक्त
लिखत बदर
दर्ता बदर
दर्ता कायम</td><td>मा.न्या.श्री सुष्मालता माथेमा
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ
०६९-CI-०८४९</td><td>नन्दलाल यादवसमेत
विरूद्ध
हर्जावती देवी यादवसमेत</td><td>२०७१।१२।१४</td><td>मा.न्या.श्री सुष्मालता माथेमा</td><td>७९६</td></tr>
<tr><td colspan="7">अंश मुद्दाबाट अन्य अंशियारको समेत बन्डा लाग्ने ठहरी फैसला भइसकेको अवस्थामा अंश मुद्दा नै नपरेको वा अंश मुद्दाबाट अन्य अंशियारहरूलाई बन्डा गर्नुपर्ने ठहर नभएको आफ्नो निजी हकको सम्पत्ति जस्तो गरी स्वामित्व हस्तान्तरण हुने गरी लिखत पारित गर्न सक्ने अवस्था नरहने । आफ्नो पूर्ण हक नै नभएको व्यक्तिले गरिदिएको लिखत स्वतः दूषित हुने भई त्यस्तो लिखतको अस्तित्व नै शून्य र प्रभावहीन हुने । यस्ता लिखतलाई हदम्याद नाघेको भनी मान्यता दिन नमिल्ने ।
(प्रकरण नं.३)</td></tr>
</table>

नेपाल कानून पत्रिका २०८१ - भदौ अङ्कमा प्रकाशित नजिरहरू

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२७७ पूर्ण उत्प्रेषण / परमादेश	स.का.मु.प्र.न्या.श्री ईश्वरप्रसाद खतिवडा मा.न्या.श्री सपना प्रधान मल्ल मा.न्या.डा.श्री कुमार चुडाल ०८०-WF-००२६	भारती शेर्पा विरूद्ध राष्ट्रपतिको कार्यालय, शितल निवास, काठमाडौंसमेत	२०८०।०७।१३	स.का.मु.प्र. न्या.श्री ईश्वरप्रसाद खतिवडा	८०५

सजाय "कम गर्ने" भन्नु र "सजाय कट्टा गर्ने" भन्नु उस्तै वा समान-अर्थी र समान परिणाम पैदा हुने कुराहरू हुन् । कानूनका फरक प्रावधानमा सजाय "कम गर्ने" र सजाय "कट्टा गर्ने" भनी फरक अभिव्यक्ति प्रयुक्त भएको कुरालाई फैसलाअनुसार ठहर भएको सजाय अवधि घटाउने वा छोट्याउने प्रयोजनका लागि फरक अर्थमा ग्रहण गर्नु तर्कसङ्गत नहुने । अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा मातहत अदालतबाट ठहर भएको कैद सजाय कट्टा गर्ने वा कम गर्ने गरी भएका काम कारबाहीलाई मान्यता प्रदान गर्ने हो भने अदालतको न्याय सम्पादनसम्बन्धी कार्यमा राज्यका अन्य निकाय वा पदाधिकारीहरूको अनावश्यक र अवाञ्छित प्रभाव वा हस्तक्षेपको अवस्था पैदा हुन जाने । त्यस प्रकारको अवस्थाबाट स्वतन्त्र रूपमा न्याय सम्पादन गर्ने कुरा र फौजदारी न्यायको प्रभावकारिता कायम गर्ने कुरामा नकारात्मक प्रभाव पर्ने र प्रतिकूलता थपिने स्थिति आइपर्ने । खास व्यक्तिको हकमा पुनरावेदन फिर्ता भएको कुरालाई नितान्त प्राविधिक रूपमा अगाडि सारेर न्यायिक निरूपणको लागि विचाराधीन रहेको विषयको अन्तर्यमा कार्यपालिकी निकायले प्रवेश गर्ने कुराको औचित्य प्रमाणित गर्न खोज्नु मनासिब नदेखिने ।

(प्रकरण नं. १२)

केही विशेष अवस्थामा माफी मिनाहा, कैद कट्टीसम्बन्धी प्रावधान संविधान र कानूनमा व्यवस्थित भएका हुन् । यसलाई **"Recourse to erroneous judgments"** भन्ने अर्थमा पनि लिने गरिन्छ । तर यो अधिकारको प्रयोग गर्दा भने पर्याप्त सावधानी, विवेक र आत्मसंयमको आवश्यकता रहने ।

(प्रकरण नं. १६)

"न्याय पाउने हक" फैसलाको कुरासम्ममा मात्र सीमित रहँदैन; सो फैसलाअनुसारको परिणाम उपभोग गर्ने वा लाभ प्राप्त गर्ने हक पनि "न्याय पाउने हक" मा अन्तर्निहित रहने । अपराध पीडितको हक फैसलाको परिणामसम्म नै विस्तारित रहने भएकाले पीडकलाई भएको सजाय घटी वा कम गर्दा पीडित पक्षको सहमति वा मन्जुरी लिनु वाञ्छित हुने । यसरी लिइने सहमति निरपेक्ष स्वरूपको नभएर पीडितलाई सामाजिक पुन:स्थापना र क्षतिपूर्तिको व्यवस्थासँग अन्तर-सम्बन्धित रहने । नेपालको संविधानको धारा २७६ वा अन्य कुनै प्रचलित नेपाल कानूनको व्याख्या र प्रयोग गर्दा संविधानको धारा २१ मा रहेको अपराध पीडितको हकलाई अनदेखा गर्न वा कम महत्त्वको ठान्न नमिल्ने । संविधानले नयाँ मान्यता, नवीनतम आदर्श र परिमार्जित कानूनी पद्धति अगाडि सार्ने, तर प्रयोगकर्ताहरूले भने पुरानै शैली र कार्य-प्रणालीलाई अनुशरण गर्दै जाने हो भने संवैधानिक वचनबद्धता र व्यवहारका बिचको खाडल बढ्दै जाने ।

(प्रकरण नं. २२)

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">न्यायिक निर्णयको परिणामस्वरूप निर्धारण गरिएको कैद सजाय सामान्यतया: निज कसुरदारले कैदमा रहेर नै सजाय भुक्तान गर्नुपर्ने । यसरी न्यायिक निर्णयको परिणामस्वरूप ठेकिएको कैद सजाय कार्यकारिणीको स्वेच्छाचारी तजबिजमा माफी, मिनाहा वा कैद कट्टी नहुने । कैद सजाय माफी, मिनाहा, कैद कट्टी जस्ता अधिकारको प्रयोग गर्दा सामान्यतया: (१) पीडितको सहमति र पीडितलाई क्षतिपूर्ति प्रदान तथा सामाजिक पुनर्स्थापना गरिए-नगरिएको कुरा; (२) सार्वजनिक नीति र सामाजिक स्वार्थ; (३) कैद बसेको र कैद भुक्तान गर्न बाँकी रहेको अवधि; (४) कसुरको गम्भीरता; (५) अभियुक्त / कैदीको उमेर; (६) निज कैदीको स्वास्थ्य अवस्था, सामाजिक स्थिति र पारिवारिक दायित्व; (७) कैदमा रहँदा निज कैदीले असल आचरण गरेको कुराको सुनिश्चितता; (८) आफूले गरेको कसुरप्रति निजले कुनै प्रायश्चित वा पश्चाताप गरे वा नगरेको अवस्था; (९) निज कैदीलाई कैद माफी मिनाहा, कैद कट्टीको सुविधा दिनुपर्ने मनासिब कारण आदि कुराहरू वस्तुगत आधारमा अभिव्यक्त भएको हुनुपर्ने ।
(प्रकरण नं. २३)</td></tr>
<tr><td></td><td>११२७८
पूर्ण
मूल्य अभिवृद्धि कर</td><td>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.श्री प्रकाशकुमार ढुंगाना
मा.न्या.डा.श्री मनोजकुमार शर्मा
०७५-NF-००३२</td><td>जगदम्बा स्टिल्स प्रा.लि.
विरूद्ध
आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत</td><td>२०८०।०२।२५</td><td>मा.न्या.श्री प्रकाशकुमार ढुंगाना</td><td>८२३</td></tr>
<tr><td colspan="7">राजस्व न्यायाधिकरणले गरेको फैसलाउपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ८ बमोजिम पुनरावेदन गर्न अनुमति पाई मुद्दाको तथ्यमा प्रवेश गरी यस अदालतबाट फैसला भएको छ भने उक्त फैसला न्याय प्रशासन ऐन, २०७३ को दफा ११ बमोजिम तोकिएको आधारमा पुनरावलोकन हुनसक्छ तर पुनरावेदन गर्ने अनुमति प्राप्त नभई राजस्व न्यायाधिकरणको फैसला नै अन्तिम भई बसेको अवस्थामा अनुमति प्राप्त नहुने गरी भएको आदेशलाई फैसलासरह मानी पुनरावलोकन हुन नसक्ने ।
अदालतले एकचोटि मुद्दामा पुनरावेदनको अनुमति प्राप्त हुन नसक्ने भनी आदेश गरिसकेको अवस्थामा प्रचलित कानूनबमोजिमको मुनासिब आधार र कारणबिना पुनः सोही विषयमा निर्णय हुन नसक्ने । प्राङ्न्यायको सिद्धान्तले समेत यसलाई अङ्गीकार नगर्ने । पुनरावेदन गर्न अनुमति दिन नपर्ने भनी गरेको आदेशलाई फैसला मान्न नसकिने । सर्वोच्च अदालतले आफूले गरेको मुद्दाको पुनरावलोकन गर्न आफैँले मुद्दाको रोहमा फैसला गरेको र न्याय प्रशासन ऐन, २०७३ को दफा ११ ले तोकेको कानूनी आधारमा टेकेको हुनुपर्ने ।
(प्रकरण नं. ७)</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२७९ संयुक्त बहाल दिलाई घर खाली गराइपाऊँ	स.का.मु.प्र.न्या.डा.श्री हरिकृष्ण कार्की मा.न्या.श्री हरिप्रसाद फुयाल ०६७-CI-०८७८	पशुपति चैतन्य ब्रह्मचारीसमेत विरूद्ध शारदादेवी ब्राह्मणी	२०७४।१२।२७	मा.न्या.श्री हरिप्रसाद फुयाल	८३४

महिलाले मन्दिरमा पूजा पाठ गर्नु हुँदैन भन्ने ठोस आधार, कारण नभएको र प्रचलित कानूनले महिला महन्त वा पुजारी हुन नसक्ने भनी रोक लगाएको अवस्थामा परिवर्तित संवैधानिक प्रावधानमा गरिएको समानता र अविभेद जस्ता मान्यता स्थापित भएको स्थितिमा महिला भएकै कारणले मन्दिरको पुजारी वा महन्तका रूपमा रही पूजापाठ चलाउन सक्ने। सन्तान वा हकदारमध्ये महन्तको योग्यता र क्षमता भएको व्यक्ति जसले मन्दिर र गुठीको परम्परा चलाउँछ, उसैलाई महन्त मान्नुपर्ने र त्यस्तो व्यक्ति महिला वा पुरूष जो पनि हुन सक्ने।

(प्रकरण नं.६)

गुठीमा रहेका जग्गाहरू बेचबिखन गर्न नपाइने तर भोग चलनसम्म गरी प्राप्त आयस्ताबाट भगवान् रामजीलाई गुलफूल चढाउने परम्पराअनुसार इच्छित व्यक्ति वा नियमानुसार पालो परेको व्यक्तिले गुठीमा रहेका जग्गाहरूको भोग चलनसम्म गरी वा बहालमा लगाई प्राप्त आयस्ताबाट मूलत: भगवान् रामजीमा फूल चढाउने, साधु सन्तको हेरविचार गर्ने, मन्दिर र गुठीको सम्पत्तिको मर्मत सम्भार एवम् हेरचाह गर्ने र भक्तजनहरूको सुविधाका लागि गर्नुपर्ने आवश्यक कार्यमा खर्च गर्न सक्ने।

(प्रकरण नं.८)

सन्ततिहरूलाई गुठियार कायम गरी सद्आचरण भएको, पूजा पाठ गर्न जानेकोलगायतका सर्त राखी सो योग्यता भएकाहरूको सूची तयार गरी निजहरूबिच सहमति भए सहमतिमा अन्यथा गोला प्रक्रिया वा सूचीमा रहेकामध्ये कानूनबमोजिमको पहिलो हकदारलाई पहिलो पालो तोकी तत्पश्चात् क्रमश: हुने गरी पालो बाँडफाँट गर्ने व्यवस्था मिलाउनुपर्ने।

(प्रकरण नं.१४)

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२८० संयुक्त कर्तव्य ज्यान	स.का.मु.प्र.न्या.डा.श्री हरिकृष्ण कार्की मा.न्या.श्री नहकुल सुवेदी ०७६-CR-०६२५	नेपाल सरकार विरूद्ध कौटिल्य शर्मा भन्ने संजयकुमार गुप्तासमेत	२०८०।१०।१०	मा.न्या. श्री नहकुल सुवेदी	८५८

क्र. स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
वस्तुनिष्ठ आधार प्रमाण पेस गर्न नसकेको अवस्थामा केवल आरोपित कसुरबाट उन्मुक्ति पाउने उद्देश्यले गरेको इन्कारी बयान पुष्टि हुन आफैँ त्यस्तो इन्कारी बयानले प्रमाणको स्थान ग्रहण गर्न नसक्ने । इन्कारी बयान प्रमाण ग्राह्य हुन कुनै आधारभूत, तथ्यपरक एवं निश्चयात्मक प्रमाणबाट समर्थित भएको हुनुपर्ने । प्रतिवादीहरू मौकाको बयानमा आरोपित कसुरमा साबित रहेका र अदालतसमक्ष भएको बयानमा इन्कारी रहेको अवस्थामा अदालतले प्रतिवादीले अदालतबाहेक अन्यत्र व्यक्त गरेको कुरा प्रमाण ऐन, २०३१ को दफा ९(२)(क) बमोजिम सचेत अवस्थामा स्वेच्छाले व्यक्त गरेको हो वा होइन भनी अदालतले हेर्नुका साथै मिसिल संलग्न अन्य स्वतन्त्र प्रमाणले मौकाको साबिती वा अदालतको इन्कारी कुन बयानलाई समर्थित गर्छ भन्ने तथ्यलाई समेत विचार गर्नुपर्ने । प्रतिवादीहरूको भनाइ वा कथन झुट्टा पनि हुन सक्छ तर दशी प्रमाण एवं वारदातबाट देखिएको वस्तुस्थिति यथार्थपरक हुने । (प्रकरण नं. ४)						
	११२८१ संयुक्त करारको यथावत् परिपालना	मा.न्या.श्री मीरा खडका मा.न्या.श्री हरिप्रसाद फुयाल ०६९-RB-००६८	रोड सो रियल स्टेट प्रा.लि. विरूद्ध नन्दमाया थापा	२०७८।११।२२	मा.न्या.श्री हरिप्रसाद फुयाल	८६९
कानूनको कुनै शब्द वा वाक्य वा कुनै खण्डको अर्थ र व्याख्या गर्दा समग्र ऐनको संरचना, उद्देश्य र दायरालाई ख्याल गर्नुपर्ने । (प्रकरण नं. ४) करार ऐन तथा अन्य नेपाल कानूनमा करारको स्पष्ट ढाँचा रहे भएको नपाइने । तोकिएको ढाँचा नभएको अवस्थामा सम्झौता गर्ने पक्षले आफ्नो अनुकूलको लिखत तयार गरी व्यवहार चलाइआएको देखिने । अचल सम्पत्ति घर जग्गा हक छाडिदिँदा लिँदा विभिन्न कारणले तत्काल राजीनामा वा अन्य लिखत पारित गर्न नसक्ने अवस्थामा व्यवहारमा बैनाबट्टाको लिखत तयार गर्ने गरेको पाइने । यही लिखतको आधारमा पछि सम्बन्धित कार्यालयमा गई सहमति कार्यान्वयन गर्ने गरेको देखिने । यसरी हेर्दा बैनाबट्टा लिखत दुई वा दुईभन्दा बढी पक्षबिचको सहमतिको कागज भएकाले यसलाई पनि करारकै एक रूपमा लिन सकिने । (प्रकरण नं. ८) अचल सम्पत्तिमा बैनाबट्टा गरी लेनदेन गर्ने गरी भएको करार स्वत: अमान्य नहुने र यस्तो करारलाई कानूनले निषेध गरेको पनि नदेखिएको तर रजिस्ट्रेसन गर्नुपर्ने कानूनी बाध्यता गरेकोमा त्यस्तो रजिस्ट्रेसन नभएको अवस्थामा त्यस्तो अचल सम्पत्ति हस्तान्तरण गर्नुपर्ने बाध्यात्मक अवस्थासम्म सिर्जना नगरेको						

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
भन्ने यस अदालतको बृहत् पूर्ण इजलासबाट फैसला भएको भए तापनि तत्कालीन करार ऐन, २०५६ को दफा ८४(१) तथा मुलुकी देवानी संहिता, २०७४ को दफा ५३८(१) बमोजिम बैनाबट्टा गर्दाको अवस्थामा भएको लिखतबाट एक पक्षबाट अर्को पक्षलाई रकम भुक्तानी गरेको भन्ने प्रस्ट देखिएको रकमको दश प्रतिशत ब्याज, हर्जाना वा दोब्बरसम्म रकम भराइदिने वा त्यस्तो करारमा अचल सम्पत्ति हस्तान्तरण गर्नेबाहेकको अन्य कुनै सर्त एवं दायित्व तोकिएको भएमा त्यस्तो सर्त दायित्व पालना गर्दा भएको हानि नोक्सानी बैना बुझ्ने पक्षबाट भराइदिनुपर्ने । जग्गा हक हस्तान्तरण गरिदिने छु भनी बैना लिने व्यक्तिले अचल सम्पत्ति पनि हस्तान्तरण नगर्ने र बैनाबापतको रकम पनि फिर्ता नगर्ने गरी बेमुनासिब लाभ वा फाइदा (unjust enrichment) को अवस्था परिकल्पना गरेको नदेखिने । (प्रकरण नं. १५)						
	११२८२ संयुक्त जबरजस्ती करणी	मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ मा.न्या.श्री हरिप्रसाद फुयाल ०७५-CR-०३५५	नेपाल सरकार विरूद्ध परिवर्तित नाम २६क	२०८०।०३।१७	मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ	८८३
जबरजस्ती करणीको कसुरमा पीडित, जाहेरवाला तथा वादीका साक्षीहरूले मौकाको बेहोरा तथा जाहेरी बेहोरा प्रतिकूल अदालतमा बकपत्र गर्न सक्ने अवस्था देखिने । न्यायकर्ताले न्यायिक मन प्रयोग गरी घटना, सङ्कलित प्रमाण तथा परिस्थितिको सूक्ष्म मनन गरी तथ्यको वस्तुनिष्ठ जाँच गरी विद्यमान कानून, न्यायिक सिद्धान्त र विधायिकी मनसायसमेतलाई शिरोधार्य गर्दै न्याय सम्पादन गर्नुपर्ने । जबरजस्ती करणीको कसुरमा मिसिल संलग्न सम्पूर्ण प्रमाणको मूल्याङ्कनबाट न्याय निरूपण हुन वाञ्छनीय भई प्रतिकूल बकपत्रकै भरमा फौजदारी कसुरबाट कसुरदारलाई छुटकारा दिन नमिल्ने । (प्रकरण नं. ११)						
	११२८३ संयुक्त निषेधाज्ञा	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री प्रकाशकुमार ढुंगाना ०७५-CI-०७२१	भरतबहादुर अधिकारी विरूद्ध गणेशप्रसाद खरालसमेत	२०७८।०४।०४	मा.न्या.श्री प्रकाशकुमार ढुंगाना	८९५
निवेदकले आफ्नो व्यवसाय सञ्चालनको लागि विपक्षीको घर बहालमा लिँदा लिखित सम्झौता नगरेको अवस्थामा निवेदकले त्यस स्थानमा कहिलेसम्म आफ्नो व्यवसाय सञ्चालन गर्न पाउने भन्ने प्रश्न महत्त्वपूर्ण हुने । लिखित सम्झौता नभएको अवस्थामा निवेदकले अनन्तकालसम्म आफूले त्यस स्थानमा रहेर व्यवसाय गर्न पाउनुपर्छ भन्ने नहुने । यस्तो परिस्थितीमा निवेदकलाई मनासिब समय उपलब्ध गराएर घर खाली गराउने कार्य मनासिब र न्यायोचित देखिने । (प्रकरण नं. ३)						

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२८४ संयुक्त उत्प्रेषण	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री प्रकाशकुमार ढुंगाना ०७९-WO-०६६८	विप्लव लामिछानेसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	२०७९।११।०४	मा.न्या.श्री आनन्दमोहन भट्टराई	९००
जब चिकित्सा शिक्षा ऐनले नै योग्यताक्रममा जोड दिँदै र योग्यताक्रममा माथि रहेको व्यक्तिले रोजेको प्राथमिकतालाई भर्नाको आधार मानेको छ भने सो कुरा ऐनको कार्यान्वयन गर्न बनाइएको नियम र कार्यविधिले व्यावहारिकरूपमा सुनिश्चित गर्नुपर्ने। योग्यताक्रममा माथि रहेको व्यक्तिलाई आफूले गरेको छनौट वा प्राथमिकतालाई व्यावहारिकरूपमा कार्यान्वयन गर्न नपाउने गरी घडीको सुई घुमाउने वा एकपटक बोलेपछि सोमा पुनः विचार गर्न नपाउने वा आफूभन्दा योग्यताक्रममा माथि रहेको व्यक्तिले छाडेको सिट रोज्न नपाउने व्यवस्थाको कल्पना ऐन, नियम वा कार्यविधिले गरेको भनी सम्झन नमिल्ने। यदि कार्यविधिमा त्यस्तो कुरा परेकै अवस्थामा रहेछ भने पनि सो कुरा ऐनको व्यवस्थाअनुरूप नहुने। ऐन र कार्यविधिमा उल्लिखित कुनै पनि कुराले योग्य व्यक्तिलाई पन्छाएर कम योग्य व्यक्तिलाई प्राथमिकता दिन सक्छ भन्न नमिल्ने। (प्रकरण नं. ७)						
	११२८५ संयुक्त निर्णय दर्ता बदर हक कायम नामसारी	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ ०७३-CI-०४५५	जोखनी मुराव विरुद्ध श्यामलाल कोइरी मुरावसमेत	२०७९।०१।२७	मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ	९१३
उखडासम्बन्धी ऐन, २०२१ को दफा ३ को कानूनी व्यवस्थालाई आधार मान्दा उखडा जग्गा भन्नाले जग्गाधनीलाई पोत बुझाउने सर्तमा कमाई आएको जग्गा सम्झनुपर्ने भएबाट त्यस्तो जग्गाको प्रकृतिबाटै त्यस्तो सम्पत्ति सगोलको हुने नभई जसले कमाएको हो उसैको सम्पत्ति मान्नुपर्ने। त्यसैले पैतृक सम्पत्तिमा जस्तो कुनै व्यक्ति अंशियार नाताले जन्मेको मात्र कारणले उखडा जग्गामा अंश हक कायम हुन नआउने। सगोलका सबैले कमाई आएको स्थिति भए बेग्लै कुरा हुने। (प्रकरण नं. ३)						

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td></td><td>११२८६
संयुक्त
अंश</td><td>मा.न्या.श्री अनिलकुमार सिन्हा
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ
०७२-CI-१३६७</td><td>जब्बार अलि तेली
विरूद्ध
आसिया खातुन तेली</td><td>२०७४।०७।२९</td><td>मा.न्या.श्री अनिलकुमार सिन्हा</td><td>९२०</td></tr>
<tr><td colspan="7">वादी कुनै तवरबाट अदालतमा प्रवेश गर्नु, प्रवेश गरे पनि पतिसमेतबाट अंश विमुख हुने गरी मिलापत्र गर्नु, गराउनु, गर्न लगाउनु, मिलापत्र गरी केही रकम मासिक पाउन सहमत भए पनि सोसमेत उपलब्ध नगराउनु, वर्षौंपछि पुनः न्यायको आशामा अदालत आउँदासम्म पतिले आफ्नो नामको सम्पत्ति परिवारकै अन्य सदस्यको नाममा नामसारी गरिदिएबाट पतिको नाममा पूर्वमिलापत्र कार्यान्वयन गर्न अदालतबाट प्रक्रिया चाले पनि कार्यान्वयन हुन नसक्ने सुनियोजित वातावरण तयार हुनुबाट हाम्रो न्याय व्यवस्थाको कमजोर पक्षको फाइदा लिने पर्याप्त प्रयत्न भएको देखिएको अवस्थामा यो अदालत कानूनको सामान्य कार्यविधि, सिद्धान्त र पूर्वकारबाहीबाट निकालिएको निष्कर्ष मात्र हेरेर बस्न नसक्ने । लामो समयसम्म न्यायको आशामा पतिबाट पनि बेवास्ता गरिएको महिलाको अधिकार सुरक्षित र सुनिश्चित गर्न न्यायको मान्य सिद्धान्तहरूको अनुशरण गर्दै निजलाई निरअंशी हुनुबाट रोक्नु नै न्यायसङ्गत हुने ।
(प्रकरण नं. ४)
अंशलाई व्यक्तिको सम्पत्तिसम्बन्धी कानूनी हकको रूपमा हेरिनुपर्ने । वादी निरक्षर भएको भन्ने कुरा निजबाट भएको लिखतहरूमा ल्याप्चे मात्र भएको देखिएको अवस्थामा परिवारका अन्य सदस्यहरूले आपसमा मिलेमतो गरी त्यस्तो महिलालाई निरअंशी बनाउने गरी विभिन्न बहानाहरू रची मिलापत्रलगायतका कागजहरू गराएकै कारणले मात्र निजको सम्पत्तिसम्बन्धी हकअन्तर्गतको अंश हक नपाउने गरी व्याख्या गर्न नमिल्ने ।
(प्रकरण नं. ५)</td></tr>
<tr><td></td><td>११२८७
संयुक्त
कर्तव्य ज्यान डाँका</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.श्री बमकुमार श्रेष्ठ
०७१-CR-०३८४</td><td>नेपाल सरकार
विरूद्ध
जगदिशप्रसाद भगतसमेत</td><td>२०७८।०४।१३</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत</td><td>९२७</td></tr>
<tr><td colspan="7">सैद्धान्तिक अवधारणातर्फ दृष्टिगत गर्दा गुप्त, सूक्ष्म र समन्वयात्मक ढङ्गले गरिने कार्य आपराधिक षड्यन्त्र हुने । षड्यन्त्रमा तयारीलगायतका विभिन्न चरण रहने र षड्यन्त्रमा संलग्न पक्षको हरेक चरणमा गरिने भूमिका किटान गरिएको हुने । अर्थात् षड्यन्त्रकारीका बिचमा भूमिकाको बाँडफाँट हुन्छ जुन भूमिकालाई समन्वयात्मक ढङ्गले कार्यान्वयन गरिने । षड्यन्त्रको अपराधमा संलग्न व्यक्तिको वारदातमा क्रियाशीलता वा सक्रियता स्पष्ट हुनुपर्ने । यसमा लक्षित अपराध घटाउन तयारी गर्ने, संलग्न व्यक्तिहरूका</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">बिचमा भूमिका वा जिम्मेवारीको बाँडफाँट गर्ने, अपराध घटाउन हतियारलगायतका आवश्यक सामग्री जुटाउने तथा घटना घटाउन दिन किटान गर्ने जस्ता सुनियोजित एवम् योजनावद्ध तवरले कार्य गरिने। वारदात षड्यन्त्रपूर्वक घटाइएको हो भने वारदातमा संलग्न सबै व्यक्तिको सक्रिय भूमिका षड्यन्त्रमा कुनै न कुनै रूपमा दर्सिएको हुनुपर्छ तथा सोही आधारमा आरोपित गरिएको हुनुपर्ने।
(प्रकरण नं. २)</td></tr>
<tr><td></td><td>११२८८

संयुक्त

उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.डा.श्री मनोजकुमार शर्मा

०७३-WO-०३२९</td><td>नरेश गुरूङसमेत
विरूद्ध
मन्त्रिपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत</td><td>२०७४।०८।०३</td><td>मा.न्या.
डा.श्री मनोजकुमार शर्मा</td><td>९४६</td></tr>
<tr><td colspan="7">प्रहरी नियमावली, २०७१ को नियम १२७ (३) मा भएको कानूनी व्यवस्थाबमोजिम राज्यले दिएको निवृत्तिभरण बाँकी जीवन जिउने एक मात्र आधार भएकोमा विवाद हुन नसक्ने । कानूनबमोजिम निवृत्तिभरणको यथार्थ हरहिसाब दिलाउने कर्तव्य तोकिएका राज्यका जिम्मेवार निकाय वा पदाधिकारीहरू यसमा निस्क्रिय बस्न नमिल्ने। जुनसुकै राष्ट्र सेवकको भए पनि निवृत्तिभरण कानूनले तोकेको अवधिसम्म सेवा गरेमा प्राप्त गर्ने नियमित सुविधा हुने। अर्को शब्दमा भन्नुपर्दा कानूनबमोजिम नियुक्ति पाई राज्यका कुनै पनि स्थायी सेवामा रही सेवाबाट नियमित रूपमा सेवा निवृत्त भएको राष्ट्र सेवकले राज्यको लक्ष्य प्राप्तिको लागि निश्चित अवधिसम्म श्रम गरेबापत निवृत्तिभरण सुविधा प्राप्त गर्ने श्रमकै एक भाग हुने। यस्तो अधिकारलाई कुनै प्रकारले हटाउने, घटाउने वा नियन्त्रण गर्न नमिल्ने।
(प्रकरण नं. १९)</td></tr>
<tr><td></td><td>११२८९

संयुक्त

बन्दी प्रत्यक्षीकरण</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.श्री नहकुल सुवेदी

०७९-WH-०१२७</td><td>राजकुमार श्रेष्ठ
विरूद्ध
कारागार कार्यालय पाल्पा, तानसेनसमेत</td><td>२०७४।१२।०८</td><td>मा.न्या.
श्री नहकुल सुवेदी</td><td>९६३</td></tr>
<tr><td colspan="7">मानिसको जीवन एउटै मात्र हुने भएकाले जीवनपर्यन्त थुनामा राख्नुपर्ने व्यक्तिलाई दुईवटा जन्मकैदको सजाय कार्यान्वयन हुने भन्नु न्यायोचित नहुने । कानूनतः पहिलो जन्मकैदको सजाय भोगी कैदबाट छुटेपछि फेरि अर्को जन्मकैदको सजाय हुने खत गरेको अवस्थालगायतका तोकिएका केही अवस्थामा बाहेक जन्मकैदको सजाय भोगिरहेको कसुरदारलाई थप कैद वा जन्मकैदको सजाय हुन नसक्ने।
(प्रकरण नं. १०)</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">प्रचलित कानूनमा दुईवटा मुद्दामा भएको फरक फरक जन्मकैदको सजाय कार्यान्वयन गर्दा एउटा जन्मकैदको अवधि भुक्तान भएपछि अर्कोको गणना गर्नुपर्ने भन्ने स्पष्ट कानूनी व्यवस्था नभएको अवस्थामा एउटा जन्मकैदको सजाय भुक्तान गरेपछि अर्को जन्मकैदको सजायको अवधि गणना हुने गरी सजायको कार्यान्वयन गर्न नहुने ।
(प्रकरण नं. २०)</td></tr>
<tr><td></td><td>११२९०
संयुक्त
उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.श्री सुष्मालता माथेमा
०७८-WO-०५२८</td><td>अनिल पुर्वे
विरूद्ध
जिल्ला प्रशासन कार्यालय, धनुषासमेत</td><td>२०७९।०५।३०</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल</td><td>९७७</td></tr>
<tr><td colspan="7">नागरिकता राज्यसँग सम्बन्ध जोड्ने, व्यक्तिको पहिचानको महत्त्वपूर्ण प्रमाण हो । यो व्यक्तिको राष्ट्रियताको अधिकारसँग पनि सम्बन्धित रहेको हुने । कुनै पनि व्यक्तिले राज्यद्वारा प्रदान गरिने नागरिक, राजनीतिक, आर्थिकलगायतका अधिकारप्राप्त गर्ने आधार नै नागरिकता हो । नागरिकता प्राप्त गर्नु कुनै पनि व्यक्तिको नैसर्गिक अधिकारभित्र रहेको हुँदा नागरिकता नहुँदा राज्यद्वारा प्रदत्त अधिकारहरूको उपयोग गर्ने अवसरबाट वञ्चित हुनुपर्ने अवस्थाको सिर्जना हुने ।
(प्रकरण नं. १३)
वंशजको नागरिकता व्यक्तिको नैसर्गिक अधिकार हो । विवाह वा सन्तान जन्मेको आधारमा व्यक्तिको वंशजको नागरिकतामा असर नपर्ने । निजले आफ्नो नागरिकता नलिएमा वा परित्याग गरेको अवस्थामा बाहेक रिट निवेदकको आमा वंशजको नेपाली नागरिक नै रहने । केवल प्रमाण पत्र पछि लिएको भन्ने विषयले वंशजको आधारमा पाउने नागरिकताको पहिचानलाई असर पार्दछ भन्न नमिल्ने । रिट निवेदकको आमा वंशजको नागरिक भई नेपाली नागरिकतालाई योग्य भएको तर नागरिकता प्रमाण पत्रसम्म पछि लिएको आधारमा मात्र निजको नागरिकतालाई अन्यथा भन्न नसकिने । यो संविधानबमोजिम वंशजको आधारमा नागरिकता प्राप्त गर्न योग्य व्यक्ति नेपालको वंशजको नागरिक ठहर्ने नै देखिने ।
(प्रकरण नं. १५)
नेपालमा नै जन्मी नेपालमा नै हुर्की स्वतन्त्र जीवनयापन गर्न, शिक्षा प्राप्त गर्न, प्राप्त शिक्षाको समकक्षता प्रमाणपत्र पाउन नसक्ने अवस्थामा एउटा व्यक्ति पुग्ने परिकल्पना संविधानले गरेको छैन । अधिकारको अधिकारपत्रको रूपमा रहेको नागरिकताको संवैधानिक अधिकारबाट कार्यविधि अड्चनको नाममा लामो समय वञ्चित बनाउनु संविधानअनुकूल नहुने ।
(प्रकरण नं. २०)</td></tr>
</table>

क्र. स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२९१ संयुक्त निर्णय दर्ता बदर	मा.न्या.श्री कुमार रेग्मी मा.न्या.श्री हरिप्रसाद फुयाल ०७२-CI-११४३	ज्यानीमाया डंगोलसमेत विरूद्ध बाबुलाल श्रेष्ठसमेत	२०७४।०८।२८	मा.न्या.श्री कुमार रेग्मी	९९०

रैकर जग्गा पूर्णतया व्यक्तिगत जग्गा भई यसको प्रयोजनको लागि निश्चित सर्तहरू तोकिएको हुँदैन भने निजी गुठी पारिवारिक वा सामूहिक रूपमा सञ्चालन गरिने भए पनि त्यस्को स्वामित्व र प्रयोजन रैकर जग्गा जस्तो नि:सर्त (unconditional) नभई सर्तबन्धनात्मक (conditional) रहने ।

(प्रकरण नं.४)

गुठियार सबैले सामूहिक रूपमा निर्णय गर्दासमेत गुठीको सम्पत्तिमा हानि नोक्सानी पुऱ्याउने गरी गुठीको उद्देश्यविपरीत हक हस्तान्तरण, बेचबिखन गर्न नपाउने र गुठी सञ्चालन गरी बाँकी रहेको शेष-कसर मात्र खान पाउने हुँदा केही गुठियार वा सम्पूर्ण गुठियारहरूले सहमति दिएको भए तापनि गुठीको जग्गा कसैको निजी रैकर जग्गामा परिणत हुन सक्ने गरी कानूनले मानेको नदेखिने ।

(प्रकरण नं.१०)

आफ्नो निजी वा आफूले भोग गर्न पाउने वा निर्णय खटन पटन गर्न सक्ने सम्पत्ति सामूहिक वा सार्वजनिक काममा लगाउन दान दिई सो कार्य चिरकाल पर्यन्त सोही कामका लागि कायम रहोस् भन्ने चाहनाका साथ गुठी स्थापना गर्ने कार्य नेपालको आफ्नो मौलिक पहिचानको उदाहरणीय पक्ष रहेको देखिने । यसले हाम्रा पूर्वजहरूमा परोपकारी कामबाट सामाजिक दायित्व निर्वाह गर्ने उत्कृष्ट मानवीय मूल्य विकसित भइसकेको दृष्टान्त पेस गर्ने । राज्यको मात्र मुख नहेरी तत्कालीन समाजको आवश्यकतानुसार धार्मिक तथा सांस्कृतिक रीति परम्पराको जगेर्नासँगै बाटा घाटा, पाटीपौवा, इनार, धारा, मठ मन्दिरको निर्माण तथा संरक्षण गरी आफ्नो र आफ्ना सन्ततिहरूको कृति राख्न गुठीमा आफ्नो अचल सम्पत्ति राखी त्यसको आयस्ताबाट ती कार्यहरू अघि बढिरहुन् भन्ने आफ्ना वा अरूका पुर्खाको सदिच्छालाई सम्मान गर्नुपर्नेमा पुर्खाको नासो मासेर आफ्ना व्यक्तिगत स्वार्थ र चाहना पूर्तिमा लाग्नु आफ्नै पूर्वजप्रतिको असम्मान मात्र नभई अवहेलनासमेत हुने ।

(प्रकरण नं.११)

परापूर्व कालदेखि सञ्चालन हुँदै आइरहेको गुठी प्रथा, धार्मिक, सांस्कृतिक परम्पराको साक्षी मात्र नभई ती सांस्कृतिक र परम्परालाई जीवन्त राख्ने उचित र अनुकूल अभ्यास पनि हुने । गुठी जग्गा यदि फिल्डबुकमा गरिएको केरमेट त्रुटि वा केही गुठियारहरू वा सम्पूर्ण गुठियारहरूले हकदाबी छोडिदिएको आधारमा मात्र रैकरमा परिणत गर्दै जाने हो भने गुठीको अस्तित्व मात्र नभई धार्मिक र सांस्कृतिक परम्पराको अस्तित्वसमेत समाप्त हुन सक्ने । निजी गुठीको सञ्चालन एवं भरणपोषणको दायित्व गुठियारहरूमा रहे पनि गुठी प्रथाको संरक्षण र संवर्द्धन गर्ने दायित्व अन्ततः नेपाल सरकार र यसअन्तर्गतका सरकारी

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
निकायहरू मूलतः गुठी संस्थान र मालपोत कार्यालयमा रहेको देखिने । तसर्थः यदि कुनै जग्गालाई गुठी प्रयोजनको लागि छुट्याइएको छ भने उक्त जग्गा गुठीको नै रही गुठीको उद्देश्य परिपूर्तिका निम्ति नै प्रयोग गरिनुपर्ने । (प्रकरण नं.१४)						

<u>नेपाल कानून पत्रिका २०८१ - असोज अङ्कमा प्रकाशित नजिरहरू</u>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११२९२ बृहत् पूर्ण बैंकिङ कसुर	मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ मा.न्या.श्री शारङ्गा सुवेदी मा.न्या.श्री महेश शर्मा पौडेल मा.न्या.श्री टेकप्रसाद ढुंगाना मा.न्या.श्री सुनिलकुमार पोखरेल ०८०-FN-१२१९ (०७८-RB-०४१४)	महेन्द्रप्रसाद मिश्र विरूद्ध नेपाल सरकार	२०८१।०५।२०	मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ	१०११
प्रतिवादीको पुनरावेदन गर्ने म्याद बाँकी छँदै वा दर्ता भएको पुनरावेदन पत्रको टुङ्गो नलाग्दै दफा १६२(१) र (४) को व्यवस्थाहरू क्रियाशील हुन नसक्ने । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२ को उपदफा (१) र (४) मा जरिवानाको रकम तत्काल बुझाउनुपर्ने भनी उल्लेख भएको व्यवस्थालाई आधार मानी धरौटी वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन गर्ने पुनरावेदकका हकमा निजको पुनरावेदन ६ महिनाभित्र फैसला हुन नसकेको अवस्थामा सोही संहिताको दफा १३७(६) मा भएको व्यवस्थाबमोजिम कैदबाट छाडी तारिखमा राखी पुर्पक्ष गर्नुपर्ने । (प्रकरण नं.५)						
	११२९३ पूर्ण लिखत दर्ता बदर दर्ता	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री प्रकाशकुमार ढुंगाना मा.न्या.डा.श्री मनोजकुमार शर्मा ०७६-NF-००३२	प्रणय श्रेष्ठ विरूद्ध केशरी कुमारी थापा	२०८०।०२।२५	मा.न्या. डा.श्री मनोजकुमार शर्मा	१०१५

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">आफ्नो पालामा आफ्नो नाममा जग्गा खरिद गरेको भन्ने आधारमा मात्र सगोलको सम्पत्तिमा अन्य अंशियारहरूको अंश हक नलाग्ने भन्नु मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं. को देहाय (२), अंशबन्डाको १८ नं., लेनदेन व्यवहारको १० नं., प्रमाण ऐन, २०३१ को दफा ६(क) मा प्रयुक्त कानूनी व्यवस्थाको प्रतिकूल हुने। सगोलको सम्पत्ति बिक्री वितरण तथा हक हस्तान्तरण गर्दा लेनदेन व्यवहारको १० नं. को कानूनी व्यवस्थाअनुसार सगोलका अन्य अंशियारको अनिवार्य रूपमा सहमति वा मन्जुरी लिएको हुनुपर्ने। अन्यथा त्यस्तो लिखत निज अंशियारहरूको हक हित प्रतिकूल हुन जाने।
(प्रकरण नं. ५)</td></tr>
<tr><td></td><td>११२९४
संयुक्त
उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा
मा.न्या.श्री नहकुल सुवेदी
०७२-CI-०४८७</td><td>मुरारी सुनार
विरूद्ध
जिल्ला शिक्षा कार्यालय लमजुङ, बेसीशहरसमेत</td><td>२०७४।०३।२४</td><td>मा.न्या. श्री नहकुल सुवेदी</td><td>१०२४</td></tr>
<tr><td colspan="7">कानूनले हेर्न छिन्न अधिकार दिएको निकायले गरेको निर्णय तथा काम कारबाहीले मात्र कानूनी मान्यता प्राप्त गर्न सक्ने। अनधिकृत निकायले गरेको निर्णय तथा काम कारबाही कानूनी प्रभावहीन र शून्य (void) हुने। त्यस्तो निर्णय बदर नगराउँदैमा स्वत: क्रियान्वित हुन्छ भन्ने नहुने।
(प्रकरण नं. ३)
कानूनबमोजिम स्थापित निकायले कानूनबमोजिम प्राप्त अधिकार मात्र प्रयोग गर्नुपर्ने। अनधिकृत निकायले विनाकानूनी अधिकार व्यक्तिको हक अधिकार वा सुविधा कटौती गर्ने गरी गरेका निर्णयहरू कायम रहन नसक्ने।
(प्रकरण नं. ४)</td></tr>
<tr><td></td><td>११२९५
संयुक्त
अंश नामसारी</td><td>मा.न्या.डा.श्री आनन्दमोह भट्टराई
मा.न्या.श्री सुष्मालता माथेमा
०७४-CI-०४६९</td><td>हरिबहादुर कार्कीसमेत
विरूद्ध
लक्ष्मी पौडेल कार्की</td><td>२०८०।०३।१२</td><td>मा.न्या. डा.श्री आनन्द मोहन भट्टराई</td><td>१०२९</td></tr>
<tr><td colspan="7">विवाह गर्नु भनेको आधारभूत मानव अधिकारबाट वञ्चित हुनु होइन। न त यो कुनै प्रकारको दासत्व वा अपहेलनाजन्य व्यवहारप्रतिको समर्पण हो। साबिक मुलुकी ऐन र हाल मुलुकी देवानी संहितामा अंशको हक जियजियै र समान गरिनुपर्छ भन्नुको तात्पर्य परिवारभित्र सबैलाई सम्मान गरिन्छ, समान व्यवहार गरिन्छ, सम्मान एवं प्रतिष्ठालाई कुण्ठित गर्ने प्रत्यक्ष वा परोक्ष व्यवहारलाई स्वीकार गरिँदैन भन्ने हुने। समानताको हकभित्र पारिवारिक सम्पत्तिमा समान हक पनि पर्ने। संयुक्त परिवारमा पुस्ताबमोजिम अंशको</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">हक हुने भए पनि समानुपातिक र समन्यायिक रूपमा अंश पाउने हक नमर्ने । संयुक्त परिवारको कुनै पुस्ताका कुनै सदस्यले व्यक्तिगत वा सामूहिक रूपमा आफूबाट अंश पाउनुपर्ने पुस्ताको सम्पत्तिसम्बन्धी हक कुण्ठित हुने कार्य गर्दछ भने त्यस्तो कार्य संविधान र कानूनविपरीत हुने र यस्तोमा पुस्ता फरक परेको कारणले पति / बाबुबाहेकका अन्य व्यक्तिहरूले अंश दिनुपर्ने दायित्वबाट उन्मुक्ति पाउन नसक्ने । नगद रकम बुझेको देखाई अंश भरपाई गरेबाट निजका श्रीमती र छोराको सम्पत्तिसम्बन्धी हक कुण्ठित हुने कार्य भएको स्पष्ट देखिने । यस स्थितिमा वादीहरूले कोबाट अंश पाउने भन्ने कुरा गौण हुने । तसर्थ प्रतिवादीहरूबिच अंश भरपाई भएको छ भन्ने मात्र आधारले अंशको हक कुण्ठित हुन नसक्ने ।
(प्रकरण नं.९)</td></tr>
<tr><td></td><td>११२९६

संयुक्त

अपहरण तथा शरीर बन्धक लिई जबरजस्ती करणी</td><td>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.डा.श्री मनोजकुमार शर्मा

०७४-CR-१३१८</td><td>विनोद थापासमेत
विरूद्ध
नेपाल सरकार</td><td>२०८०।०५।१८</td><td>मा.न्या. डा.श्री आनन्द मोहन भट्टराई</td><td>१०३९</td></tr>
<tr><td colspan="7">कुनै महिलाले सामूहिक करणी गर्न सहमति दिन्छ भन्नु महिलाको अस्मिता मात्र होइन मानवीय सभ्यता, चेतना, सामाजिक शिष्टता एवं न्यायपूर्ण समाजको परिकल्पना विरूद्धको कुरा हो । यस्तो तर्क र जिकिरमा फौजदारी न्याय प्रणाली आधारित गराउन नमिल्ने । न्याय अभियुक्तले मात्र होइन पीडित र समाजले समेत पाउनुपर्ने । समय र परिस्थितिले गालेको, असंरक्षित पीडित यसको अपवादमा पर्न नहुने । झुट्टा र फरेवी कुराको चेपमा परी न्यायले हार्नु नहुने । अदालतले समाजमा रहेको अशिक्षा, पछौटेपन र गरिबीसमेतका तत्त्वले न्यायलाई प्रभावित पार्न सक्छ भन्ने हेक्का राखी न्याय निरूपण गर्नुपर्ने । तर्करहित र बनावटी कुरा गरी सहमति थियो भन्यो भने न्याय स्खलित हुन पुग्ने ।
(प्रकरण नं.१०)</td></tr>
<tr><td></td><td>११२९७

संयुक्त

अंश चलन</td><td>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.श्री कुमार रेग्मी

०७२-CI-१४२३</td><td>अलबेला शाक्यसमेत
विरूद्ध
गौतममान शाक्य</td><td>२०७४।११।१३</td><td>मा.न्या.श्री कुमार रेग्मी</td><td>१०५६</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">जग्गा निजी आर्जनको हो भनी वादीले जिकिर लिएको भए तापनि यिनलाई बकसपत्र गरिदिने व्यक्तिहरू वादीको नजिकको नाताभित्रको भएको नदेखिने । बकसपत्र दिने अलग अलग उनाउ व्यक्तिहरूलाई कसरी वादीले खुसी पार्नुभयो र यति धेरै जग्गा आफूखुस गर्न पाउने गरी बकसपत्र गर्नुभयो भन्ने तथ्य र प्रमाण फिरादबाट नखुल्ने । बकसपत्र पाएकै आधारमा सगोलमा रहँदा कुनै अंशियारले प्राप्त गरेको सम्पत्ति बन्डा नलाग्ने भन्न नमिल्ने ।
(प्रकरण नं.७)</td></tr>
<tr><td></td><td>११२९८

संयुक्त

जबरजस्ती करणी</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.श्री टंकबहादुर मोक्तान

०७४-CR-१३०४</td><td>कृष्ण चमार
विरूद्ध
नेपाल सरकार</td><td>२०७९।०४।२९</td><td>मा.न्या.श्री टंकबहादुर मोक्तान</td><td>१०६५</td></tr>
<tr><td colspan="7">पीडितको शारीरिक परीक्षण गर्ने चिकित्सकले परीक्षण प्रतिवेदनमा उल्लिखित बेहोरा अन्यथा हुने गरी अदालतको बकपत्रमा व्यक्त गरेको, निजको भनाइको आधारमा प्रतिवेदन तयार भएको र अदालतमा बकपत्र हुँदाको समयको अन्तराललाई सापेक्षतामा हेर्दा विश्वास गर्नु उचित नहुने ।
समयको अन्तरालमा व्यक्तिको भनाइमा सामान्य फरक देखिनु अस्वाभाविक नहुने । मुख्यतः मिसिल संलग्न सङ्कलित प्रत्यक्ष वा वस्तुगत प्रमाण कसुर पुष्टि गर्ने आधार बन्ने । तथ्यगत प्रमाणबाट वारदात पुष्टि भएको अवस्थामा व्यक्तिको भनाइलाई अकाट्य प्रमाणको रूपमा ग्रहण गर्नु स्वाभाविक नहुने ।
(प्रकरण नं. ४)</td></tr>
<tr><td></td><td>११२९९

संयुक्त

उत्प्रेषण</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.श्री नहकुल सुवेदी

०७४-WO-०८३३</td><td>हिमालयन हाइड्रोपावर लिमिटेडसमेत
विरूद्ध
नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत</td><td>२०७८।११।१३</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत</td><td>१०७७</td></tr>
<tr><td colspan="7">जनचाहना एवम् आवश्यकता र उपयुक्तताका आधारमा सरकारले दीर्घकाल र तत्कालमा समेत विभिन्न नीतिहरू अख्तियार गर्दै तत्काल सम्बोधन गर्नुपर्ने देखिएका समस्याका निम्ति आवश्यक नीतिगत निर्णय गरी कार्यान्वयन गर्न सक्ने । लोकतान्त्रिक पद्धतिमा यो सरकारमा रहने अन्तरनिहित अधिकारसमेत</td></tr>
</table>

क्र. स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
हुने । औचित्यता पुष्टि हुने गरी गरेका हरेक नीतिगत निर्णय सरकारको अधिकारक्षेत्रका विषय हुने । सेवा सुविधा, छुट प्रदान गर्ने विषयमा सरकारले केही मापदण्ड, सर्तसहितका व्यवस्थाहरूसमेत राख्न सक्ने । व्यवहारतः सरकारको नीतिगत विषयमा न्यायिक हस्तक्षेप अपेक्षित नहुने । सिद्धान्ततःसरकारको नीतिगत विषयमा रिट क्षेत्राधिकार आकर्षित नहुने । (प्रकरण नं.९)						
	११३०० संयुक्त उत्प्रेषण / परमादेश	मा.न्या.श्री प्रकाशमान सिंह राउत मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ ०७८-WO-०१२५	संजय अधिकारी विरूद्ध नेपाल प्रज्ञा प्रतिष्ठान, काठमाडौंसमेत	२०७९।०१।१३	मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ	१०८७
रेट्रोफिटिङ गर्ने वा जीर्णोद्धार गर्ने भन्ने जस्ता कार्यहरू नितान्त प्राविधिक विषय भएकोले यस्तो विषयमा प्राविधिक तवरले प्रमाणित भएमा बाहेक भावनात्मक रूपमा दिइएको सल्लाह र सुझावको खासै अर्थ नरहने। सरसर्ती हेरेर वा अवलोकन गरेर बनाइएको धारणाभन्दा पनि सो घरका सम्बन्धमा गरिएको प्राविधिक जाँच र परीक्षणबाट सो घर संरक्षणका लागि सुदृढीकरण (retrofitting), जीर्णोद्धार (restoration) वा पुनर्निर्माण (reconstruction) मध्ये के कुन पद्धति प्रयोग गर्न उपयुक्त हुने हो भन्ने सम्बन्धमा विज्ञ एवम् प्राविधिकहरूले निकालेको निष्कर्ष नै महत्त्वपूर्ण र स्वीकारयोग्य हुने । विना प्राविधिक आधार र कारण निवेदकले विज्ञलाई उद्धृत गर्दै व्यक्त गरेको कथनको भरमा महाकवि देवकोटाको घर रेट्रोफिटिङ वा जीर्णोद्धार पद्धतिबाट नै दुरूस्त तुल्याउन सम्भव हुने भनी अर्थ गर्न मनासिब नहुने । (प्रकरण नं.३) पुरानोपन बोकेको घर हो भन्दैमा सबै घर पुरातात्विक महत्त्वका नहुने । प्राचीन स्मारक संरक्षण ऐन, २०१३ ले पनि विशिष्ट व्यक्ति बसोबास गरी आएको भन्ने आधारमा नै त्यस्तो घरलाई पुरातात्विक वस्तु मानिने । यस दृष्टिले महाकवि देवकोटालाई कविकुञ्जको सापेक्षतामा नहेरी महाकवि देवकोटाको निवास रहेको कविकुञ्जलाई महाकवि देवकोटाको सापेक्षतामा हेर्नु वाञ्छनीय हुने । (प्रकरण नं.६)						
	११३०१ संयुक्त उत्प्रेषण / परमादेश	मा.न्या.श्री सपना प्रधान मल्ल मा.न्या.श्री सुष्मालता माथेमा ०७८-WO-०२०४	गोविन्दबहादुर साउद विरूद्ध प्रहरी प्रधान कार्यालय, नक्सालसमेत	२०७९।११।१७	मा.न्या. श्री सपना प्रधान मल्ल	१०९८

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गरेको अनुसन्धानको विषय फौजदारी कसुरको पाटो हुने । त्यस्तो उजुरी तामेलीमा राखिने निर्णय भए तापनि प्रहरी प्रधान कार्यालयबाट भएको अनुसन्धानको विषय प्रहरी आचरण विरूद्धको काम कारबाहीमा विभागीय कारबाहीको पाटो हुने भएकाले यी दुई फरक विषय हुने ।
प्रहरी कर्मचारीले ऐन, नियमले तोकेको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा आचरण र दायित्वको प्रतिकूल हुने गरी कुनै काम कारबाही गरेको अवस्थामा अख्तियार प्राप्त अधिकारीले प्रहरी ऐन एवं नियमावलीमा उल्लेख भएको कानूनी व्यवस्था र कार्यविधिबमोजिम त्यस्ता प्रहरी कर्मचारीलाई विभागीय कारबाहीको सजाय गर्न सक्ने ।
भ्रष्टाचारमा अनुसन्धान गर्ने अख्तियारी नभएको निकायले छानबिन गरी भ्रष्टाचार मुद्दा नचल्ने निर्णय गरी तामेलीमा राख्नुको अर्थ विवादित विषय (merit) मा प्रवेश नभएकै अवस्थामा दोहोरो कारबाही भएको भनी मान्न नमिल्ने ।

(प्रकरण नं.८)

विभागीय कारबाही प्रशासनिक निकायबाट हुने कारबाही हो र यो अदालतभन्दा भिन्न प्रकृतिको मुद्दाको सन्दर्भमा दोहोरो खतराको सिद्धान्त आकर्षित भएको भन्न नमिल्ने ।

(प्रकरण नं.९)

	११३०२ संयुक्त बन्दी प्रत्यक्षीकरण	**मा.न्या.श्री सपना प्रधान मल्ल मा.न्या.डा.श्री कुमार चुडाल** ०७८-WH-०११८	**कनिका गोयल विरूद्ध करण गोयलसमेत**	२०७९।०२।११	**मा.न्या. श्री सपना प्रधान मल्ल**	**११०८**

प्राकृतिक रूपमै जैविक आमाजति नजिक आत्मीय सम्बन्ध नाबालिग बच्चाको लागि अरू कोही हुन नसक्ने । कानून र कानूनी सम्बन्धले मात्र बच्चाको हित नहुने । कानूनी अधिकार र दायित्वले मात्र बच्चाको आमासँगको नजिकको सम्बन्ध तोड्न र आमासँगको माया विस्थापित गर्न नसक्ने । आमा र बच्चाको आत्मीय सम्बन्धको संरक्षण गरी मानवीय र मातृत्व दृष्टिकोणबाट आमाको जैविक संरक्षकत्वको विषयमा समेत बालअधिकारसम्बन्धी महासन्धिअन्तर्गत बालकको सर्वोत्तम हितको आधारबाट अदालत निष्कर्षमा पुग्नुपर्ने । अर्कोतर्फ प्रस्तुत विवादको विषय Judicially Manage गर्नुपर्ने भए पनि Judicially Restrain पनि राख्नुपर्ने हुँदा कानून र न्याय दुवैको रोहमा हेर्नुपर्ने ।

(प्रकरण नं.२३)

विपक्षीले आफ्नो छोरीलाई नेपालमा ल्याई नेपाललाई ट्रान्जिट देशको रूपमा प्रयोग गरेको देखिएको र विपक्षीहरूबाट नेपाल आफ्नो मुलुकमा जाने बाटो मात्र बनाइएको, बच्चा भारतीय नागरिक नरहेको, बच्चालाई बाबुले नेपाल प्रवेश गराई तत्कालै अमेरिकन दूतावासमा उपस्थित गराई पासपोर्टसमेत प्राप्त

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">गरी निजको प्रवेशलाई वैधानिकता प्रदान गरी बसेको देखिएको र अमेरिकन दूतावासबाट यात्राको सहजीकरणको निमित्त जारी गरिएको यात्रा दस्तावेज (Travel document) मा उल्लिखित निषेधित सर्त प्रतिकूल हुने गरी अन्य देशमा जान बाध्य गर्न सक्ने अवस्थासमेत नदेखिने।
(प्रकरण नं.२७)
नाबालक बच्चालाई अदालतमा उपस्थित गराई भेट गरी छलफल गराउने क्रममा आमा बुबा दुवैसँग हुँदा छुट्टै बसी भेट्दासमेत बच्चाले आमासँग बस्दाको सहजता र बच्चालाई बाबु-आमा दुवैजना चाहिन्छ, आफ्नो बुबा भारतमा जान सुरक्षित छैन भन्ने जस्ता बालिकाको अभिव्यक्ति र आमालाई भेट्दा आमा र बच्चाबिच भएको मातृत्व, आत्मीयता र मनोदशापूर्ण अभिव्यक्तिलाई यो इजलासले अनदेखा गर्न नमिल्ने।
(प्रकरण नं.२९)</td></tr>
<tr><td></td><td>११३०३

संयुक्त

फैसला बदर हक कायम दर्ता</td><td>मा.न्या.श्री प्रकाशकुमार ढुंगाना
मा.न्या.श्री नहकुल सुवेदी

०७६-CI-०५९१</td><td>मथुरा रायमाझी
विरूद्ध
दिपा रायमाझी</td><td>२०८०।१।१३</td><td>मा.न्या.
श्री नहकुल सुवेदी</td><td>११२५</td></tr>
<tr><td colspan="7">मुद्दामा डिसमिस मिलापत्र खारेज आदि गराउन स्वाभाविक रूपमा दुई पक्ष आवश्यक पर्ने। एक पक्ष मात्र भएमा मुद्दा सिर्जना हुने अवस्था नै नहुने। मुद्दा मिलापत्र वा फैसलालगायतका परिणाम स्वरूप तेस्रो पक्षको हकमा असर पर्न गएमा दुवै पक्षउपर नालेस गर्नुपर्ने। झगडीया भन्ने शब्दले मुद्दाका दुवै पक्षलाई इङ्गित गरेको देखिने। कुनै व्यक्तिलाई प्रतिवादी बनाउने वा नबनाउने वादीको अधिकारको कुरा भए तापनि फैसला वा मिलापत्रको परिणामस्वरूप दुवै पक्षको हक अधिकार निर्धारण भएकोमा सोही फैसला वा मिलापत्रको परिणाम एक पक्षको हकमा मात्र कायम रहने अर्को पक्षको हकमा कायम नरहने गर्नु न्याय र तर्कसङ्गत नहुने। मिलापत्र बदरको नालेस दायर गर्दा वादी प्रतिवादी दुवै पक्षलाई प्रतिवादी बनाई दायर गर्नुपर्ने।
(प्रकरण नं.५)</td></tr>
<tr><td></td><td>११३०४

संयुक्त

उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री सुष्मालता माथेमा
मा.न्या.श्री कुमार रेग्मी

०७९-WO-०३७७</td><td>खिम्ती प्रोजेक्ट स्कुलसमेत
विरूद्ध
श्रम अदालत, अनामनगर, काठमाडौंसमेत</td><td>२०८०।३।२०</td><td>मा.न्या.श्री कुमार रेग्मी</td><td>११३३</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">शिक्षा नियमावलीमा सामुदायिक विद्यालयका शिक्षकको स्थायी, अस्थायी र करारमा हुने नियुक्ति, आचारसंहिता र सजायसम्बन्धी व्यवस्था रहेको र शिक्षा ऐन र नियमावलीमा भएका व्यवस्थाहरूले शिक्षक पेसामा गर्ने नियुक्ति र सजायबारेमा कानूनी व्यवस्था गरेको हुँदा सोको हकमा श्रम ऐन आकर्षित नहुने ।
(प्रकरण नं.९)
शिक्षा ऐन विशेष ऐन हो । शिक्षक, शिक्षा ऐनको दायराभित्रको पेसा व्यवसाय हो । शिक्षकको सेवा शिक्षा ऐन तथा शिक्षक सेवा आयोग नियमावलीले नियमन गर्ने र सोमा प्रस्ट उल्लेख भएकोले शिक्षकलाई श्रम ऐनअन्तर्गतको श्रमिक मान्ने भनी तर्क गर्नु उचित नहुने ।
(प्रकरण नं.१२)</td></tr>
<tr><td></td><td>११३०५
संयुक्त
उत्प्रेषण</td><td>मा.न्या.श्री सुष्मालता माथेमा
मा.न्या.श्री हरिप्रसाद फुयाल
०७३-WO-०७६६</td><td>मणिरामबहादुर प्रधान
विरूद्ध
नेपाल ट्रष्टको कार्यालय, दरबारमार्ग, काठमाडौंसमेत</td><td>२०७४।०४।२८</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल</td><td>११४५</td></tr>
<tr><td colspan="7">विशिष्टीकृत कानूनको रूपमा रहेको नेपाल ट्रष्ट ऐन, २०६४ को दफा ४(ग) ले गरेको कानूनी व्यवस्थाबमोजिम भएको निर्णयलाई भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ एवं नेपाल ट्रष्ट ऐनको दफा ३ विपरीत भएको मान्न नमिल्ने ।
(प्रकरण नं.५)
मोहीको मृत्युपश्चात् निजको हकवाला एकभन्दा बढी भई हकवालामा विवाद भएमा जग्गावालाले पत्याएको व्यक्ति मोही हुन सक्ने भूमिसम्बन्धी ऐन, २०२१ को साबिक दफा २६(१) को कानूनी व्यवस्था हो । उक्त जग्गामा रहेको मोहीको हकवाला आफू पनि रहे भएको भनी कोही कसैको उजुरी गरेको वा तेस्रो व्यक्तिको उपस्थिति रहेको अवस्था नभएको, सो जग्गा राष्ट्रहितमा प्रयोग हुने देखिएको र विशिष्टीकृत कानूनी व्यवस्थासमेतको आधारमा भएको काम कारबाहीलाई सरोकारवालालाई नबुझी निर्णय भएकाले सो निर्णय बदर गरी सम्बन्धित सरोकारवालालाई बुझी मात्र निर्णय गर्नु भन्नु मनासिब नदेखिने ।
(प्रकरण नं.६)</td></tr>
<tr><td></td><td>११३०६
संयुक्त
उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री सुष्मालता माथेमा
मा.न्या.श्री हरिप्रसाद फुयाल
०७२-WO-०४५०</td><td>कानून अध्ययन केन्द्र
विरूद्ध
राष्ट्रिय मानव अधिकार आयोग, हरिहरभवन, ललितपुरसमेत</td><td>२०८०।०५।२४</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल</td><td>११५२</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ ले गरेको व्यवस्था राष्ट्रिय मानव अधिकार आयोगको क्षेत्राधिकारसँग बाझिने गरी बनाइएको भन्ने दृष्टिकोणबाट हेरिनु नहुने । यी प्रावधानहरू एक अर्काका परिपूरक हुन् र एक सक्रिय नभएमा अर्को सक्रिय हुन सक्छ भन्ने मान्यताबाट हेरिनुपर्ने । तसर्थ, यस परिप्रेक्ष्यमा उक्त ऐनको दफा १३(३) संविधानको धारा २४९ सँग बाझिएको भनी व्याख्या गर्न नमिल्ने ।

(प्रकरण नं.७)

निश्चित समयका लागि, पूर्वनिर्धारित निश्चित कार्यादेशका साथ स्थापना गरिएका बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगले दीर्घकालीन संवैधानिक कार्यादेश तथा बृहत् क्षेत्राधिकार भएको राष्ट्रिय मानव अधिकार आयोगको अधिकारलाई सङ्कुचित पारेको भनी मान्न नमिल्ने ।

(प्रकरण नं.९)

स्वतन्त्र एवं स्वायत्त संवैधानिक निकायको रूपमा रहेको राष्ट्रिय मानव अधिकार आयोगले दोषीउपर प्रचलित कानूनबमोजिम मुद्दा चलाउनु आवश्यक छ भनी मुद्दा दायर गर्न सिफारिस गर्नुपूर्व प्रचलित कानूनबमोजिम निजउपर मुद्दा चल्न सक्ने अवस्था भए नभएको विषयमा गहिरो अध्ययन र वस्तुनिष्ठ अनुसन्धान गरी मुद्दा चल्न र चलाउन सक्ने अवस्था भएमा मात्रै प्रचलित कानूनबमोजिम एक निश्चित ढाँचामा पूर्ण विवरणसहितको मुद्दा दायर गर्नु भनी सिफारिस गर्नुपर्ने । आयोगले बिना कुनै आधार र कारण वा पत्रमार्फत मात्र मुद्दा दायर गर्न फौजदारी प्रकृतिको कसुरमा कसैका विरूद्ध मुद्दा चलाउन सिफारिस गर्न सक्ने पनि नदेखिने । यदि घटना विवरण, प्रमाण तथा तथ्य र कानूनसहितका सिफारिसहरू राष्ट्रिय मानव अधिकार आयोगले गरेको अवस्थामा पनि कुनै व्यक्तिको हक हनन भएको भन्ने जिकिर लिई त्यस विरूद्ध सम्बन्धित व्यक्ति न्यायिक उपचारमा जान सक्ने । त्यसैले प्रक्रिया पूरा गरी पूर्ण फैसला तयार गरी पठाइएको राष्ट्रिय मानव अधिकार आयोगको सिफारिसलाई कार्यान्वयन गर्ने वा नगर्ने भन्ने स्वविवेक त्यस्तो सिफारिस प्राप्त गर्ने निकाय वा पदाधिकारीलाई रहन्छ भनी सम्झन सक्नेसम्म नदेखिने ।

(प्रकरण नं.२०)

नियमित प्रकृतिका वा द्वन्द्वकालका विशेष प्रकृतिका फौजदारी प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनामा मुद्दा चलाउनेसम्बन्धी महत्त्वपूर्ण कडीको रूपमा महान्यायाधिवक्ता तथा महान्यायाधिवक्ताको कार्यालय रहेको देखिने । यसप्रकारको विशिष्ट जिम्मेवारी भएको महान्यायाधिवक्ता वा निजको कार्यालयलाई संविधानले उच्च स्थान प्रदान गरेको अवस्थामा मानव अधिकार आयोगबाट भएको मुद्दा चलाउने सिफारिसहरूको थुप्रोमा बसेर सु-शासन, संविधानवाद, मानव अधिकार, कानूनको शासन र उत्तरदायित्वजस्ता विषयमा अनभिज्ञ रहने र कार्यान्वयन नगर्ने छुट संविधान र कानूनले दिएको मान्न नसकिने ।

(प्रकरण नं.२४)

मानव अधिकारको उल्लङ्घन गर्ने जस्तो गम्भीर विषयमा उल्लङ्घनकर्ताको रूपमा आयोगबाट सुनुवाइको मौकासमेत प्रदान गरी निर्णय भई मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा दोषी ठहर भएका

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
व्यक्तिलाई आयोगले कानूनी व्यवस्था तय गरेमा सोहीबमोजिम वा ऐनमा संशोधन भई त्यस्ता व्यक्तिलाई निश्चित छेकबार लगाउने भन्ने प्रावधान आएमा सोहीबमोजिम वा नैतिकताको आधारमा समेत नियुक्ति गर्न नहुने तथा बढुवालगायतका वृत्ति विकासका कार्यमा संलग्न गराउन नहुने गरी प्रबन्ध वा व्यवस्था गरिनुपर्ने आयोगको ठम्याइलाई अन्यथा भन्न नसक्ने । (प्रकरण नं.३०) मानव अधिकार आयोगसम्बन्धी संवैधानिक प्रावधानअन्तर्गत धारा २४९(३)(क) मा मानव अधिकार आयोगले आफ्नो कार्य सम्पादन गर्दा वा कर्तव्य पालन गर्दा कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई जानकारी वा बयान लिने वा बकपत्र गराउने, प्रमाण बुझ्ने, दशी प्रमाण दाखिला गर्न लगाउने सम्बन्धमा अदालतलाई भएसरहको अधिकार प्रयोग गर्ने संवैधानिक व्यवस्था रहेको पाइने । वस्तुतः त्यस्तो अदालतलाई भएसरहको अधिकार भन्नाले आफ्नो अवहेलना / मानहानी भएमा सम्बन्धित व्यक्तिलाई आयोगको अवहेलनामा किन कारबाही नगर्ने भनी स्पष्टीकरण सोध्ने, उक्त स्पष्टीकरण चित्तबुझ्दो नभएमा आयोगको अवहेलनामा अदालतको अवहेलनामा हुनेसम्मको सजाय वा आयोगलाई लागेको अन्य उपयुक्त सजाय किन नगर्ने भनी पुनःस्पष्टीकरण सोधी सुनुवाइको उचित मौका प्रदान गरी आफ्नो अवहेलनाको सम्बन्धमा कारबाही गर्न सक्ने अधिकार रहेको मान्नुपर्ने । तसर्थ, संविधानको उपर्युक्त प्रावधानमा मानव अधिकार आयोगले आफ्नो अवहेलना / मानहानीमा कारबाही गर्ने अधिकार अन्तरनिहित रहेको मानी आवश्यक कार्य गर्न सक्ने । (प्रकरण नं.४२)						
	११३०७ संयुक्त उत्प्रेषण	मा.न्या.श्री हरिप्रसाद फुयाल मा.न्या.डा.श्री कुमार चुडाल ०७६-WO-०२३६	नेपाल टेलिभिजन कर्मचारी संघ, आधिकारिक ट्रेड युनियनसमेत विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	२०७९।०७।२३	मा.न्या. डा.श्री कुमार चुडाल	११९६
नेपालको संविधानको धारा २४३ को उपधारा (४) मा भएको "परामर्श" शब्दको स्वाभाविक र सान्दर्भिक अर्थपूर्ण, उद्देश्यमूलक र प्रभावकारी परामर्श भन्ने देखिने । कानून व्याख्याका सामान्य सिद्धान्तहरूसमेतले कुनै कानूनको व्याख्या गर्दा उक्त धारा २४३(४) वा धारा २४३(३) वा धारा २४३(६) मा वर्णित व्यवस्था फगत औपचारिकता **(mere formality)** नभई प्रभावकारी र परिणाममुखी हुनुपर्ने भन्ने देखिने । नेपाल						

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
टेलिभिजन संस्थानले सो संस्थानका कर्मचारीहरूको सेवा सर्त सुविधाको विनियमावली बनाउन लोक सेवा आयोगको परामर्श लिँदा लोक सेवा आयोगले निर्दिष्ट गरेको सन्दर्भहरूलाई तत् निकायले अवलम्बन गर्नुपर्ने । (प्रकरण नं.८)						

नेपाल कानून पत्रिका २०८१ - कात्तिक अङ्कमा प्रकाशित नजिरहरू

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३०८ पूर्ण उत्प्रेषण	मा.न्या.श्री प्रकाशमान सिंह राउत मा.न्या.श्री सपना प्रधान मल्ल मा.न्या.डा.श्री मनोजकुमार शर्मा ०७९-WF-०००९	उषा पोखरेलसमेत विरूद्ध सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत	२०८०।०८।०७	मा.न्या. श्री सपना प्रधान मल्ल	१२११
समावेशीको अर्थ प्रतिस्पर्धासँग सम्झौता होइन । कानूनबमोजिम नै फरक रहेका समावेशी र खुलाका बिचमा फरक परीक्षाबाट प्रतिस्पर्धा गराई फरक मितिमा सिफारिस गरी योग्यताक्रम निर्धारण तथा ज्येष्ठता कायम गर्नुलाई कर्मचारीको क्षमता, योग्यतासँग सम्झौता गरिएको अर्थमा बुझ्न नमिल्ने । (प्रकरण नं.१८) एउटै तह र पदको लागि समावेशी एवं खुलातर्फ सिट संख्या बाँडफाँट गरी एउटै परीक्षा लिई सिफारिस गरिएका व्यक्तिहरू एकमुष्ठ योग्यताक्रमको आधारमा ज्येष्ठ हुने नीतिगत मापदण्डलाई अझ स्पष्ट बनाई सोको व्यवस्थापन प्रभावकारी बनाई निजामती सेवालाई उत्साहित, न्यायिक, मर्यादापूर्ण, भेदभावरहित बनाउनुपर्ने । प्रचलित कानूनले योग्यताक्रम निर्धारण तथा ज्येष्ठता कायम गर्ने विधि प्रक्रिया तोकिदिएकोमा सो कानूनी व्यवस्था अन्यथा नभएसम्म सोहीबमोजिम नै योग्यताक्रम निर्धारण तथा ज्येष्ठता कायम गरिनुपर्ने । (प्रकरण नं.१९) फरक-फरक प्रश्नपत्रबाट फरक-फरक मितिमा परीक्षा भएकोमा एउटै पाठ्यक्रम रहेको आधारमा एउटै परीक्षा मानी एकमुष्ठ योग्यताक्रम प्रकाशन गर्नु कानूनसम्मत नहुने । (प्रकरण नं. २०) एउटै पाठ्यक्रमको आधारमा परीक्षा लिएकोलाई एउटै परीक्षाको माध्यम भनी बुझ्न नमिल्ने । एउटै						

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
परीक्षाको माध्यम हुनु एकै पटक अर्थात् एउटै प्रश्नपत्रको माध्यमबाट परीक्षा दिई सिफारिस भएको हुनुपर्ने। एउटै प्रश्नपत्र र परीक्षा भएको अवस्थामा मात्र एकै मानकबाट मूल्याङ्कन गरी प्राप्ताङ्कको आधारमा एकमुष्ठ योग्यताक्रमको सूची प्रकाशन गर्न सकिने कानूनी व्यवस्था रहेकोमा फरक-फरक प्रश्नपत्र र परीक्षा भएको अवस्थामा समेत प्राप्ताङ्कको आधारमा एकमुष्ठ योग्यताक्रमको सूची तयार गर्नु तर्कसम्मत नहुने। (प्रकरण नं.२१)						
	११३०९ संयुक्त उत्प्रेषण	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री हरिप्रसाद फुयाल ०७५-WO-०४७२	रमेशप्रसाद चालिसे विरूद्ध नागरिक लगानी कोष सि.आई.टी. भवन, नयाँ बानेश्वर, काठमाडौंसमेत	२०८०।४।३२	मा.न्या. डा.श्री आनन्द मोहन भट्टराई	१२३२
नेपालको संविधानको धारा ३४(२) ले नै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने छ भनी श्रमसम्बन्धी हक प्रत्याभूत गरेको अवस्थामा स्वीकृत अवकाश कोषमा जम्मा भएको योगदानमा आधारित अवकाश कोष साबिकदेखि कट्टा हुँदै आएको रकममा १५ प्रतिशतले करकट्टी हुन्छ भन्नु सामाजिक सुरक्षाको हकसमेतको विपरीत हुने। अवकाश कोषबाट गरिने भुक्तानी उपदान, वा सञ्चित बिदाबापतको रकम वा औषधी उपचार खर्च आदिको हकमा नै आकर्षित हुने र आयकर नियमावली, २०५९ को नियम २० ले तोकेको सर्तमा मात्र स्वीकृत अवकाश कोषको स्थापना र सञ्चालन हुनसक्ने हुँदा आर्थिक ऐन, २०७५ मा "योगदानमा आधारित अवकाश भुक्तानी" भन्ने शब्दावली उल्लेख भएको कारण स्वीकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानीमा सम्बन्धित कर्मचारीको योगदान नरहेको भन्ने जिकिर लिई आयकर ऐन, २०५८ को दफा ८८(१) को मूल व्यवस्थाअनुसार अवकाश कोषको भुक्तानीमा १५ प्रतिशत करकट्टी गरिनुपर्छ भनी अर्थ गर्न नमिल्ने। (प्रकरण नं. १२)						
	११३१० संयुक्त चेक अनादर	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.डा.श्री नहकुल सुवेदी ०७३-CR-०६०७	ॐकार रियल स्टेट एण्ड हाउजिङ कम्पनी प्रा.लि. समेत विरूद्ध विजयमणी आचार्य	२०८०।०४।०१	मा.न्या. डा.श्री नहकुल सुवेदी	१२४५
वादी प्रतिवादीबिच अन्य लेनदेन कारोबार भएका कारण चेक दिएको नै भए तापनि लेनदेन कारोबारतर्फ						

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">प्राप्त उपचार र चेक अनादरमा प्राप्त हुने उपचार दुई पृथक् वैधानिक अवस्था हुन्। चेकको प्रकृति नगदसरह तत्काल भुक्तानी हुनुपर्ने हुँदा बैंकिङ प्रणाली सञ्चालनका लागि बैंकमा पेस गर्नासाथ चेकको भुक्तानी तत्काल हुनुपर्ने र नभएमा त्यसबाट सिर्जित दायित्व चेक लेख्ने व्यक्तिले वहन गर्नुपर्ने। प्रतिवादीहरूले वादीलाई जग्गा पारित गरिदिएको र सोबापतको प्रतिफल प्राप्त नगरेको भए सोको उपचार सोही मुद्दाबाट खोजिनुपर्ने। बैंकिङ प्रणालीअन्तर्गत चेक काटिदिएपछि चेक भुक्तानी नभएमा बैंकिङ प्रणालीको साखमा नै गम्भीर असर पर्ने र बैंकिङ प्रणाली सुसञ्चालन हुन नसक्ने भएकाले चेक अनादर हुनुको औचित्य अन्य कारोबार वा व्यवहारबाट स्थापित हुन नसक्ने।
(प्रकरण नं.८)</td></tr>
<tr><td></td><td>११३११

संयुक्त

उत्प्रेषण</td><td>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.श्री महेश शर्मा पौडेल

०७९-WO-१०८२</td><td>ज्ञानेन्द्रराज आरणसमेत
विरूद्ध
नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौंसमेत</td><td>२०८०।०१।१३</td><td>मा.न्या.श्री महेश शर्मा पौडेल</td><td>१२५३</td></tr>
<tr><td colspan="7">संविधानमा जे-जस्तो शब्दहरू प्रयोग भएका छन् र जुनरूपमा एवम् पृष्ठभूमिमा प्रयोग भएका छन् ती शब्दहरूको गहिराइमा पुगी भविष्यमुखी व्याख्या नगरी आफू अनुकूल अर्को शब्दावली प्रयोग गर्ने अधिकार कार्यकारिणीलाई जुनसुकै नाम, अन्तर्य वा आवरणमा नहुने। कानून व्याख्याको नियमअनुसार कानूनको प्रयोग र व्याख्या गर्दा कानूनमा व्यवस्थित कुरालाई विधायिकी उद्देश्यलाई अभिवृद्धि गर्ने गरी सिधा र तर्कसङ्गत (rational) रूपमा व्याख्या गर्नु न्यायकर्ताको कर्तव्य हुने। संविधान विवाद समाधानको समेत दस्ताबेज भएकोले संविधानमा प्रयोग नै नभएको जनयुद्ध शब्द प्रयोग गरी दिइएको बिदालाई संविधान सभाभित्र सहमति रहेको मान्न नमिली संवैधानिक व्यवस्थाको प्रतिकूल मान्नुपर्ने।
(प्रकरण नं.१४)
द्वन्द्व पीडितको स्वच्छ न्यायको हकलाई संरक्षण, व्यवहारमा प्रत्याभूत र सुनिश्चितता गर्नु राज्यको दायित्व हुने। यो राज्य नीतिको स्वविवेकीय विषय नभई बाध्यकारी दायित्व हो। नागरिकहरूलाई यस हकबाट वञ्चित गर्न नमिल्ने। यसरी जनयुद्ध दिवस भनी सरकारबाट दिएको बिदाले पीडितको स्वच्छ न्यायको अधिकारसम्बन्धी व्यवस्थाको प्रतिकूल हुने।
(प्रकरण नं.२८)
द्वन्द्वबाट पीडितको न्यायको हकलाई तत्काल सम्बोधन गर्नुपर्नेमा विस्तृत शान्ति सम्झौता भएको १७</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
वर्षसम्म सम्बोधन नगर्ने तर पीडितहरूलाई थप पीडा पुग्ने गरी र मनोवैज्ञानिक रूपमा पीडितहरूलाई थप पीडा हुने गरी जनयुद्ध दिवसका नाममा सार्वजनिक बिदा दिने गरी गरिएको निर्णयलाई प्रत्यर्थीहरूले जिकिर लिएजस्तो कार्यपालिकाको बुद्धिमता तथा कार्यक्षेत्रको संज्ञा दिई वैधता प्रदान गर्न नमिल्ने । (प्रकरण नं.२९)						
	११३१२ संयुक्त उत्प्रेषण / परमादेश	मा.न्या.श्री अनिलकुमार सिन्हा मा.न्या.श्री नहकुल सुवेदी ०७८-WO-०६२९	परिधि कुमारीसमेत विरूद्ध उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जसमेत	२०७९।०३।२०	मा.न्या.श्री अनिलकुमार सिन्हा	१२७७
अदालतको फैसला र फैसला कार्यान्वयनबिच सकारात्मक सामञ्जस्यता हुन आवश्यक हुने । अदालतले घर जग्गा नै बन्डा हुने फैसला गरेपछि निर्विवादित रूपमा फैसला कार्यान्वयनको कार्यविधि पूरा गरी पक्षको सहमति भएमा मात्र केही नरमकरम मिलाउन सकिन्छ तर पक्षको अनुपस्थितिमा जबरजस्ती गरिएको बन्डा मुचुल्का विवादित हुन सक्ने सम्बन्धमा अदालत पनि सचेत हुन आवश्यक हुने । रिट निवेदकले बन्डा छुट्याउन निवेदन दिनुभन्दा पहिला प्रत्यर्थीले बन्डा छुट्याउन निवेदन दिएको भन्ने आधारमा फैसलाअनुसारको अंशभाग पाउनबाट वञ्चित गर्न कानूनसङ्गत नहुने । (प्रकरण नं. ५)						
	११३१३ संयुक्त उत्प्रेषण / परमादेश	मा.न्या.श्री प्रकाशमान सिंह राउत मा.न्या.डा.श्री कुमार चुडाल ०७४-WO-०९०४	विजय थापा विरूद्ध लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगरसमेत	२०८०।०३।२२	मा.न्या. डा.श्री कुमार चुडाल	१२८६
एकै निकायमा उही कार्य गर्दा निजले प्राप्त गर्ने अनुभवमा भने फरक निकायबाट हुने नियुक्तिले फरक पर्ने अवस्था नदेखिने । विभिन्न कारणले एक वर्षभन्दा कम सेवा अवधि भएको अवस्थामा पनि पटकपटकको एकै प्रकृतिको सेवालाई गणना गरी एउटै निकायबाट एकमुष्ट सेवा अवधि प्रमाणित गरी ल्याएको अवस्थामा त्यस्तो एकमुष्ट सेवा अवधिलाई मान्यता दिने गरी लोक सेवा आयोगले गरेको निर्णय उचित र न्यायपूर्ण देखिने । (प्रकरण नं.७)						

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td></td><td>११३१४
संयुक्त
जालसाज</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.श्री नहकुल सुवेदी
०७२-CR-०२५५</td><td>पुरूषोत्तम लामिछाने
विरूद्ध
प्रकाशमान शाक्य</td><td>२०७४।०१।२८</td><td>मा.न्या. श्री नहकुल सुवेदी</td><td>१२९६</td></tr>
<tr><td colspan="7">प्रचलित कानूनले वादीलाई दुई वा सोभन्दा बढी उपचारका मार्ग (विकल्प) प्रशस्त गरेको अवस्था छ भने कुन मार्गबाट उपचारको खोजी गर्ने भन्ने वादीको छनोटको विषय हुने । अमुक कानूनी व्यवस्थाबमोजिम नै उपचार खोजी गर्नुपर्छ वा अमुक कानूनी व्यवस्थाबमोजिम दाबी गर्न मिल्दैन भनी प्रतिवादी वा यस अदालतले समेत बाध्य गर्नु उचित नहुने । यस स्थितिमा मुद्दाको तथ्यको रोहबाट प्रतिवादीको कार्य जालसाजपूर्ण देखिएको अवस्थामा वादीले लेनदेन व्यवहारको महलअन्तर्गत लिखत बदरतर्फ दाबी नगरी जालसाजी मुद्दाको फिराद दायर गर्न नसक्ने भन्ने प्रतिउत्तर तथा पुनरावेदन जिकिर कानून र न्यायको रोहमा मिल्दो नदेखिने ।
(प्रकरण नं. ५)</td></tr>
<tr><td></td><td>११३१५
संयुक्त
सिसौ बाली दिलाइपाऊँ</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.श्री विनोद शर्मा
०७३-CI-०८९८</td><td>बद्रीनारायण भगत
विरूद्ध
मीरा देवी भगत</td><td>२०८०।०३।१४</td><td>मा.न्या. श्री सपना प्रधान मल्ल</td><td>१३०३</td></tr>
<tr><td colspan="7">वादीले अंशबापत जग्गा प्राप्त गर्दाको अवस्थामा सो जग्गामा रहेको सम्पत्तिको रूपमा रहेका रूखहरूसमेत यथावत् रहनु पर्नेमा यथावत् नरहेको अवस्थामा आफूले अंश हकबाट पाएको जग्गामा भएका रूखहरू प्राप्त गर्ने हकबाट वञ्चित हुन पुगेको देखिने । जग्गा प्राप्त गर्दाका अवस्थामा सो जग्गामा रहे भएको सम्पूर्ण रूखबिरूवा तथा अन्य चिजवस्तुहरूसमेत पाउनु वादीको अधिकारभित्र नै पर्ने । अंश हकबाट प्राप्त गरेको जग्गामा भएका रूखबिरूवाहरू जग्गावालाकै हुने र निज जग्गाधनीको मन्जुरीबेगर सो जग्गामा जडित रूखहरू कसैले काटी लैजान्छ र सो अवस्थामा जग्गाधनीले बिगो भराइपाउँ भनी नालिस गर्छ भने निजलाई मुद्दा गर्ने हक रहेको छैन भन्न न्यायोचित नहुने ।
(प्रकरण नं.४)</td></tr>
<tr><td></td><td>११३१६
संयुक्त
अंश दर्ता</td><td>मा.न्या.श्री टंकबहादुर मोक्तान
मा.न्या.डा.श्री मनोजकुमार शर्मा
०६९-CI-०८६९</td><td>नेसारूलहक अन्सारीसमेत
विरूद्ध
मैमुलहक अन्सारीसमेत</td><td>२०७४।०१।१९</td><td>मा.न्या. डा.श्री मनोजकुमार शर्मा</td><td>१३१२</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">अंशबन्डा हुनु र मानो छुट्टिई अलग अलग व्यवहार गरी बस्नु फरक विषय हो। मानो छुट्टिई अलग अलग व्यवहार गरी बस्दै आए पनि अंशबन्डा नभएको अवस्थामा त्यस्ता अंशियार सगोलकै मान्नुपर्ने। सगोलमा रहेको भन्नु र एकासगोल भन्नु पनि फरक फरक अवस्था हो। "सगोल" शब्दले अंशियारहरूबिच बन्डा नभएको अवस्थालाई जनाउँछ, जुन अवस्थाले अंशियारहरू चुल्हो मानो छुट्टिई अलग रहेको अवस्थालाई समेत जनाउँछ भने "एकासगोल" भन्ने शब्दले अंशियारहरू चुल्हो मानो नछुट्टिई सँगसाथ रही भात भान्सा एउटै रहेको अवस्थालाई इङ्गित गर्दछ। भिन्न हुनु र अंश लिई भिन्न हुनु फरक अवस्था हो। अंशियारहरू आपसमा भिन्न मात्र हुनुले अंशियारहरूबिच बन्डा नभई सगोलमा रहेको मानिन्छ भने अंश लिई छुट्टिई भिन्न भएको अवस्थाले अंशियारहरूबिच अंशबन्डा भइसकेको अवस्थालाई बुझाउने हुन्छ र त्यस्ता अंशियारहरू सगोलमा रहेको भन्न नमिल्ने। मानो छुट्टिएको कारणले सगोलमा नरहेको भन्न नमिल्ने।
(प्रकरण नं.१०)</td></tr>
<tr><td></td><td>११३१७

संयुक्त

उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री टंकबहादुर मोक्तान
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ

०७२-CI-०७४२</td><td>समिर गौतम
के.सी.
विरूद्ध
काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड ललितपुरसमेत</td><td>२०७९।०२।०९</td><td>मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ</td><td>१३२०</td></tr>
<tr><td colspan="7">एउटा कार्यालयमा कार्यरत रहँदारहँदैको अवस्थामा कुनै पनि कर्मचारीले अर्को कार्यालयमा नियुक्ति लिएको र कार्यरत कार्यालयले अर्को कार्यालयमा हाजिर हुन जानु भनी रमाना पत्र दिई सो रमाना पत्रमार्फत हाजिर भएको अवस्थामा त्यस्तो कर्मचारी नोकरीमा अविच्छिन्न रूपमा सेवारत रहेकै मान्नुपर्ने।
(प्रकरण नं. ६)
अवकाश हुँदाको अवस्थामा संस्थाको सञ्चालक समितिको अध्यक्षले हस्ताक्षर गरिदिएको कदर पत्रमा सेवा अवधिको एउटा मिति कायम गरेकोमा निजलाई अवकाशबापत पाउनुपर्ने सेवा सुविधा प्रदान गर्ने समयमा अर्को मिति कायम गरी विपक्षीहरूले गरेको निर्णयलाई कानूनसम्मत मान्न नसकिने।
(प्रकरण नं. ८)
एकजना कर्मचारीको सेवा अवधि जोडिने तर अर्को कर्मचारीको हकमा सोही प्रकृतिको सेवा अवधि नजोडिने भनी निर्णय गर्नु तर्कसङ्गत र न्यायसङ्गत नहुने।
(प्रकरण नं. ९)</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td></td><td>११३१८

संयुक्त

लेनदेन</td><td>मा.न्या.श्री सुष्मालता माथेमा
मा.न्या.श्री हरिप्रसाद फुयाल

०७५-CI-०५७६</td><td>पचली बहुउद्देश्यीय सहकारी संस्था लि.
विरूद्ध
रविन्द्रमान मल्ल</td><td>२०८०।०३।०४</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल</td><td>१३३२</td></tr>
<tr><td colspan="7">सहकारी संस्थाले सदस्यहरूबिच विश्वास र आवश्यकताका आधारमा प्रदान गरिएको ऋणबाहेक अन्य ठुला प्रकृतिका ऋणहरूमा सामान्यतया धितोले खाम्ने गरी मात्र ऋण प्रवाह गर्नुपर्ने र राखिएको धितोबाट लिलामी गरी सोहीबाट ऋण असुली गर्नुपर्ने । धितोले नखामेमा जुन व्यवसाय गरिएको हो सोहीबाट वा अन्य जायजेथाबाट उक्त ऋण असुली हुन सक्ने भए सोही प्रक्रियामा जानुपर्ने । सहकारीमा जायजेथा राखिएको सम्पत्तिबाट ऋण असुली नभएमा ऋण असुली न्यायाधिकरणको प्रक्रियाबाट वा अन्य त्यस्तै प्रक्रियाबाट असुलउपर गर्ने व्यवस्था नभएकाले अन्य सामान्य कानूनी प्रक्रिया अवलम्बन गर्न सक्ने । यस्तो अवस्थामा लेनदेन व्यवहारअन्तर्गत नियमित अदालत प्रवेश गर्ने कार्य अन्तिम उपाय हुने । यस्तो अन्तिम उपायअन्तर्गत लेनदेनसम्बन्धी कानून र क्षेत्राधिकार प्रयोग गरी अदालत प्रवेश गरेको अवस्थामा निर्णय गर्ने अदालतले सम्बन्धित कानूनले तोकेको प्रतिशतभन्दा बढी ब्याज भराउन नसक्ने । जुन कानून जुन प्रयोजनको निम्ति बनेको हो, त्यस कानूनले सो प्रयोजनभन्दा बढी गरी वादी दाबीबमोजिम निजको सुविधामा निर्णय गर्न नसक्ने ।
(प्रकरण नं.१०)</td></tr>
<tr><td></td><td>११३१९

संयुक्त

परमादेश</td><td>मा.न्या.श्री कुमार रेग्मी
मा.न्या.डा.श्री कुमार चुडाल

०७९-WO-०५०४</td><td>माधव सिंह धामी
विरूद्ध
नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबारसमेत</td><td>२०७९।११।१२</td><td>मा.न्या.श्री कुमार रेग्मी</td><td>१३४९</td></tr>
<tr><td colspan="7">गाउँपालिकाको शिक्षा नियमावलीमा स्पष्ट रूपमा कर्मचारी छनौट गर्दा अपनाउनुपर्ने कार्यविधि र छनौट समितिको व्यवस्था भएकोमा सोही व्यवस्थाअनुरूप कर्मचारी नियुक्ति गरिनुपर्ने अन्यथा त्यस्तो नियुक्तिले वैधता पाउन नसक्ने । कानूनले निर्दिष्ट गरेको व्यवस्थालाई पालना नगरी वा अनदेखा गरी निहित उद्देश्यले आफूले इच्छाएका व्यक्तिहरू मात्र उपस्थित गराई गरेको नियुक्ति कानूनसम्मत भएको भनी मान्न नसकिने ।
(प्रकरण नं. ५)</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३२० संयुक्त कर्तव्य ज्यान	मा.न्या.श्री कुमार रेग्मी मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ ०७६-CR-०४६४	असिम राई विरूद्ध नेपाल सरकार	२०८०।०५।०४	मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ	१३५६

प्रतिवादीले अदालतमा बयान गर्दा कसुरमा इन्कार रहेको र जाहेरवालाले अदालतमा बकपत्र गर्दा प्रतिकूल बकपत्र गरेको भन्ने मात्र आधारमा कुनै प्रतिवादीले कसुरबाट सफाइ पाउँछ भन्न नमिल्ने । कुनै मुद्दामा के के प्रमाण छन् भन्ने हेर्नुपर्दा प्रतिवादीको बयान र जाहेरवालाको बकपत्र पनि प्रमाणको श्रृङ्खलाभित्र पर्ने कुरा हुन सक्ला तर प्रतिवादीको अदालतमा इन्कारी बयान भएको र जाहेरवालाले प्रतिकूल बकपत्र गरेको भन्ने कुरालाई यान्त्रिक रूपमा हेरी यी प्रमाणहरू प्रतिवादीको पक्षमा रहेको भन्ने आधारमा मात्र सफाइ पाउन नसक्ने । कुनै प्रतिवादीलाई लागेको अभियोग माग दाबीबमोजिमको कसुर निजले गरेको देखिन्छ वा देखिँदैन भन्ने सम्बन्धमा विचार गर्नुपर्दा कुनै खास प्रमाण विशेषलाई मात्र आधार मान्ने टुक्रे दृष्टिकोणलाई न्यायको रोहमा स्वीकार्य मान्न नसकिने । मिसिल संलग्न समग्र प्रमाणहरूको मूल्याङ्कनबाट निष्कर्षमा पुग्ने मान्यता नै न्याय सम्पादनको मान्यता हुने ।

सामान्यतयाः कुनै कसुरको अभियोग लागेको व्यक्ति कसुरमा इन्कार रहनुलाई अस्वाभाविक मान्न नसकिने । आफूले कसुर स्वीकार गर्दा बेहोर्नुपर्ने फौजदारी दायित्वबाट उन्मुक्तिका लागि इन्कार रहनु स्वाभाविकै हुने । तर यही स्वाभाविकताका बिचमा पनि कुनै व्यक्ति निजलाई लगाइएको अभियोगमा साबित हुन्छ भने त्यो पक्ष विचारणीय हुन्छ र अन्यथा प्रमाणित नभएसम्म यस्तो साबितीलाई मूल्यवान् प्रमाणको रूपमा लिनुपर्ने । किनभने यहाँनिर साँचो नभई आफैँउपर फौजदारी दायित्व आइपर्ने गरी कोही पनि साबित हुँदैन भन्ने मान्यता राख्ने गरिने । यसैले साबितीलाई प्रमाणमा लिने व्यवस्था गरिनुको पछाडि पनि साबित भयो भन्ने तथ्य महत्त्वपूर्ण नभएर त्यस्तो साबिती साँचो हुन्छ भन्ने तथ्य महत्त्वपूर्ण रहने ।

(प्रकरण नं.४)

	११३२१ संयुक्त उत्प्रेषण	मा.न्या.श्री कुमार रेग्मी मा.न्या.श्री अब्दुल अजीज मुसलमान ०७४-WO-०८९७	परियार सेवा समाज विरूद्ध जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत	२०८०।०४।१७	मा.न्या.श्री कुमार रेग्मी	१३७२

सामाजिक कार्य गर्ने संस्थाको गतिविधि प्रभावकारी तथा पारदर्शी हुनुपर्ने । समाज सेवाका नाउँमा सीमित व्यक्ति र समूहले स्रोतमाथि कब्जा गर्ने र लक्षित समुदाय र संस्थाको उद्देश्यप्रति कुनै जवाफदेही नहुने हो

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">भने संस्थाले जनविश्वास गुमाउँदै जाने । यस्तो प्रवृत्तिलाई रोक्न र कानूनी शासन कायम राख्न नियामक निकाय जिल्ला प्रशासन कार्यालयले निर्देशन दिन सक्ने । यसरी संस्थालाई गतिशील बनाई घोषित उदेश्यअनुरूप कार्य गर्न गराउन नियामक निकायले कानूनबमोजिम दिएको निर्देशनलाई कानूनी अधिकार नै नभएको भनी मान्न नहुने ।
(प्रकरण नं.५)</td></tr>
<tr><td></td><td>११३२२
संयुक्त
उत्प्रेषण</td><td>मा.न्या.श्री कुमार रेग्मी
मा.न्या.श्री सुनिलकुमार पोखरेल
०७२-WO-११२५</td><td>कञ्चनजङ्घा तामाङ ज्वाइन्ट भेन्चर, बसुन्धरा, काठमाडौं
विरूद्ध
पुनरावेदन अदालत पाटन, ललितपुरसमेत</td><td>२०८०।१।१७</td><td>मा.न्या.श्री सुनिलकुमार पोखरेल</td><td>१३८१</td></tr>
<tr><td colspan="7">कानूनमा उल्लिखित अवस्थाका साथै मध्यस्थको निर्णय पक्षपातपूर्ण भएमा, प्रचलित कानून तथा मान्यताविपरीत हुने गरी भएमा, कानूनको प्रत्यक्ष त्रुटि देखिएमा, निर्णय अस्पष्ट तथा अर्थहीन भई त्रुटिपूर्ण भएमा, पक्षहरूबिच भएको सम्झौतामा उल्लिखित कुनै सर्तको विपरीत भएमा तथा निर्णय गलत सिद्धान्त अवलम्बन हुने गरी भएमा त्यस्तो मध्यस्थको निर्णय बदर गर्न सक्ने ।
(प्रकरण नं.४)
मध्यस्थ ट्राइब्युनलको क्षेत्राधिकार क्षेत्रसम्बन्धी प्रश्नमा प्रत्यर्थीले मौकामा प्रतिवाद नगरेको र दाबीकर्ताले पेस गरेको दाबी सम्बन्धमा निर्णय गर्ने क्षेत्राधिकार मध्यस्थ ट्राइब्युनललाई रहेको भनी एक पटक स्वीकार गरिसेकपछि मध्यस्थको निर्णयपश्चात् परिणाम हेरी मध्यस्थको क्षेत्राधिकारमाथि प्रश्न उठाउँदा मध्यस्थता ऐनको दफा ३०(२)(ग) को अवस्था हो भन्ने कुरा वस्तु निष्ठ तवरले देखाउन सक्नुपर्ने । त्यस्तो अवस्थाको अभावमा मध्यस्थलाई सुम्पिएको क्षेत्रबाहिर गई निर्णय गरेको मान्नु कानून र न्यायसम्मत नहुने ।
(प्रकरण नं.५)
मध्यस्थता ऐन, २०५५ को मूलभूत उद्देश्य मध्यस्थताद्वारा विवादको समाधान वैकल्पिक प्रक्रियाबाट गर्ने रहेको देखिने । विवादहरूको वैकल्पिक रूपमा समाधान गर्दा स्वयम् पक्षहरूले मध्यस्थ चयन गर्ने हुँदा मध्यस्थको निर्णयमा गम्भीर कानूनी त्रुटि भएको अवस्थामा बाहेक त्यस्तो निर्णयहरू पक्षहरूका लागि बाध्यकारी हुने । मध्यस्थले गरेको निर्णय चित्त नबुझ्ने पक्षले सोउपर तत्कालीन पुनरावेदन अदालतमा निवेदन दिन सक्ने व्यवस्था मध्यस्थता ऐन, २०५५ को दफा ३० ले गरेकोमा तत्कालीन पुनरावेदन अदालतले मध्यस्थको निर्णय बदर गर्दा वा पुनः निर्णय गर्न आदेश गर्दा मध्यस्थता ऐनको दफा ३०(१) मा उल्लिखित कानूनी व्यवस्थाको प्रस्ट उल्लेखन गर्नुपर्ने ।</td></tr>
</table>

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">मध्यस्थ ट्राइब्युनलले गरेको निर्णयउपर पुनरावेदन अदालतले पुनरावेदन सुनेझैं निर्णय गर्ने नभई प्रथम दृष्टिमा कानूनको गम्भीर त्रुटि भएको अवस्थामा संक्षिप्त क्षेत्राधिकार ग्रहण गरी निर्णय गर्न सक्ने।
तत्कालीन पुनरावेदन अदालतले मध्यस्थता ऐन, २०५५ को दफा ३०(१) बमोजिमको निवेदनउपर निर्णय गर्दा सोमा उल्लिखित आधारहरूमा सीमित हुनुपर्ने। तर ट्राइब्युनलको निर्णय (award) बदर गरी पुनः निर्णय गर्नु भनी पुनरावेदन सुनेसरह मुद्दाको तथ्यभित्र प्रवेश गरी यो वा त्यो दाबी (items) मा दाबी ठहर गरेको मध्यस्थको निर्णयमा प्रश्न उठाई गरेको निर्णयलाई कानूनसम्मत मान्न नमिल्ने।
(प्रकरण नं.९)</td></tr>
<tr><td></td><td>११३२३
संयुक्त
बेनिस्सा जग्गा दर्ता बदर</td><td>मा.न्या.डा.श्री नहकुल सुवेदी
मा.न्या.श्री टेकप्रसाद ढुंगाना
०७२-CI-२०९८</td><td>उषा विष्ट राणा
विरुद्ध
जनकलाल बनमाली</td><td>२०८०।०९।०२</td><td>मा.न्या. डा.श्री नहकुल सुवेदी</td><td>१३९४</td></tr>
<tr><td colspan="7">दुवै पक्षले दाबीको जग्गा आफूले देखाएको स्रोतबाट कायम हुन आउने भनी साबिक स्रोत पोता लगत आदि देखाउन सकेको अवस्थामा मात्र दोहोरो प्रमाणको विद्यमानता भई तेरो मेरोको स्थिति उत्पन्न हुने र हक कायममा सुनाउनुपर्ने स्थिति रहने।
बेनिस्सा दर्ता कारबाहीमा प्रकाशित सूचनामा कुनै विश्वसनीय स्रोत प्रमाण नदेखाई उजुरी गरेकोमा त्यस्तो उजुरीकै आधारमा मालपोत कार्यालयले यान्त्रिकरूपमा हक बेहकमा सुनाउनुपर्ने आवश्यकता नरहने। दुवै पक्षले विधिसम्मत तरिकाले प्रमाण पेस गरेको र त्यस्तो प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने अवस्था भएमा मात्र औचित्यको आधारमा हक बेहकमा सुनाउनुपर्ने। जहाँ प्रमाण मूल्याङ्कनको प्रश्न नै खडा भएको हुँदैन त्यस्तो स्थितिमा हक बेहकमा सुनाउनुपर्ने औचित्यसमेत नहुने।
(प्रकरण नं.८)</td></tr>
</table>

नेपाल कानून पत्रिका २०८१ - मङ्सिर अङ्कमा प्रकाशित नजिरहरू

क्र. स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३२४ पूर्ण मानव बेचबिखन तथा ओसारपसार	मा.न्या.श्री प्रकाशकुमार ढुंगाना मा.न्या.श्री महेश शर्मा पौडेल मा.न्या.श्री सुनिलकुमार पोखरेल ०८०-NF-०००८	सुमन तामाङ विरूद्ध नेपाल सरकार	२०८०।१।२२	मा.न्या.श्री सुनिलकुमार पोखरेल	१४०३

मानव बेचबिखन मुद्दामा कसैलाई मुख्य अभियुक्त वा पूर्ण अपराधको रूपमा कसुरदार कायम गर्न बेचबिखनको उद्देश्यले पीडितलाई नेपालभित्र एक ठाउँबाट अर्को ठाउँमा लैजाने वा सोही उद्देश्यले विदेशमा लाने, किन्ने, बेच्ने वा वेश्यावृत्तिमा लगाउनेसम्मको कार्यमा संलग्न रहेको वा त्यस्तो कार्य गरेको हुनुपर्ने।

(प्रकरण नं.८)

मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ को व्यवस्था भनेको मानव बेचबिखन जस्तो जघन्य कसुरबाट पीडित व्यक्तिको न्याय प्राप्त गर्ने अधिकारको सुनिश्चितताका लागि प्रचलित फौजदारी कानूनको कार्यविधिगत प्रक्रियाभन्दा फरक तथा विशिष्ट रूपमा विधायिकाले उक्त ऐनमा गरेको व्यवस्था हो। मुख्य रूपमा मानव बेचबिखनको मुद्दामा पीडितले मौकामा दिएको जाहेरी बेहोरा पुष्टि गर्न प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम अदालतमा बकपत्र गर्न उपस्थित हुन नसकेको अवस्थामा पनि त्यसरी पीडितले गरेको प्रमाणित बयान अदालतले प्रमाणमा लिन सक्ने। तर सो कानूनी व्यवस्थाको अर्थ कुनै व्यक्तिले आफूउपर मानव बेचबिखनको कसुर गरेको भनी जाहेरी दिई सोहीबमोजिम मौकामा बयान गरी त्यस्तो बयान जिल्ला न्यायाधीशबाट प्रमाणित भएको कुरालाई मात्र प्रमाणको रूपमा ग्रहण गर्ने र मिसिल संलग्न अन्य प्रमाणलाई बेवास्ता वा उपेक्षा गर्ने भन्ने होइन। पीडितको प्रमाणित बयान कसुर प्रमाणित वा खण्डित गर्न महत्त्वपूर्ण भूमिका रहने भए पनि यो मात्र एकल र निरपेक्ष प्रमाण भने होइन। मानव बेचबिखनजस्तो गम्भीर मुद्दामा केवल जाहेरी दरखास्त र मौकाको प्रमाणित बयानको आधारमा मात्र कसैलाई कसुरदार कायम गर्न पर्याप्त नहुने। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ६ मा गरिएको कानूनी व्यवस्थामा विधिकर्ताको त्यस्तो मनसाय सन्निहित रहेको अवस्था पनि होइन। दफा ६ को उल्लिखित कानूनी व्यवस्थाले पीडितलाई प्रमाण ऐन, २०३१ को दफा १८ को प्रतिबन्धात्मक वाक्यांशमा भएको कानूनी व्यवस्था विरूद्ध संरक्षण प्रदान गरेको सम्म हो। अतः दफा ६ मा उल्लेख भएको व्यवस्थाको विधायिकी मनसायलाई निरपेक्ष रूपमा व्याख्या गर्न नमिल्ने।

(प्रकरण नं. ११)

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३२५ **संयुक्त** **जबरजस्ती करणी**	**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की** **मा.न्या.श्री नहकुल सुवेदी** ०७५-CR-१२३५	**रामेश्वर नेपाली** **विरूद्ध** **नेपाल सरकार**	**२०८०।१।७**	**मा.न्या. श्री नहकुल सुवेदी**	**१४१५**

दोहोरो खतराको सिद्धान्त कुनै पक्षलाई एउटै कसुरमा एक पटकभन्दा बढी मुद्दा नचलाइने र सजाय नदिइने प्रतिबद्धता हो। यस सिद्धान्तले कुनै पनि व्यक्तिलाई कुनै खास फौजदारी कसुरमा एकपटक पहिला नै मुद्दा चलाई सफाइ दिइएको वा दोषी ठहराई सजाय दिइएको होस्, पुनः सोही विषयमा अनुसन्धान तहकिकात गरी मुद्दा चलाउनु न्यायको रोहमा उपयुक्त नहुने।

एकपटक फौजदारी कारबाही अन्तिम भएपछि पुनः सोही विषयमा सोही व्यक्तिउपर मुद्दा चलाई सजाय गर्न राज्य विबन्धित हुने। यो व्यवस्था collateral estoppel को सिद्धान्तमा आधारित हुने। एउटै कसुरको अभियोगमा पटकपटक अनुसन्धान तहकिकात गरी मुद्दा चलाउँदै जाने हो भने राज्यको फौजदारी न्याय प्रणाली न्यायअनुकूल नभई अनिश्चयपूर्ण अवस्था उत्पन्न हुन सक्ने हुँदा नागरिकलाई सो अवस्थाबाट जोगाउन, एउटा अपराधमा एक पटकभन्दा बढी कारबाही वा सजायको अवस्था सिर्जना हुन नदिन र फौजदारी मुद्दाको अन्तिमता (finality of the case) लाई स्थिर बनाइराख्नेसमेत फौजदारी न्यायिक कार्यविधिमा दोहोरो खतराको सिद्धान्तलाई कठोरसाथ पालना गर्नुपर्नेमा द्विविधा नरहने।

(प्रकरण नं.१२)

प्रतिवादीको कोठाअगाडि सार्वजनिक स्थानमा पीडितले पिसाब गरेको जरियाबाट सिर्जित पीडितलाई हातपात गरेको सार्वजनिक अपराधको कसुर र पीडितको योनिमा चाबी घुसाई चलाएको जबरजस्ती करणीको कसुरको स्पष्टतः फरक प्रकृति, फरक मिति र फरक वारदातस्थल देखिन आएकोमा पीडित वा जाहेरवालाले मौकामा कागज लेखाउँदा वा बकपत्र गर्दा मिति वा दिन, बार आदिमा हुन गएका स्मृतिजन्य सामान्य मानवीय त्रुटि वा प्राविधिक छिद्रहरूका आधारमा एक अवोध नाबालिगउपर भएको जबरजस्ती करणीको जघन्य कसुरलाई सामान्य प्रकृतिको सार्वजनिक अपराधको कसुरमा नै समावेश भएको भनी अर्थ गर्न नमिल्ने।

फरकफरक प्रकृतिको फरकफरक कसुरमा तत् तत् कानूनबमोजिम अनुसन्धान गरी अभियोजन गर्ने र कसुर ठहर भएमा समेत कानूनबमोजिम सजाय गर्नुपर्ने अवस्थामा दोहोरो खतराको सिद्धान्त आकर्षित नहुने।

(प्रकरण नं.१४)

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३२६ संयुक्त परमादेश	मा.न्या.श्री दीपककुमार कार्की मा.न्या.श्री टंकबहादुर मोक्तान ०७३-WO-१०९० (र.नं.०१-०७३-०८१५०)	कानून तथा नीति नियम मञ्च विरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत	२०८१।०।०२	मा.न्या.श्री दीपककुमार कार्की	१४३०

वैदेशिक रोजगारमा संलग्न रहेका नागरिकहरूले विदेशी भूमिमा समेत न्यायिक प्रक्रियामा निजहरूको कानूनी प्रतिनिधित्वलगायत नि:शुल्क कानूनी सहायता एवम् सजाय भएको खण्डमा समेत उनीहरूको मानव अधिकारलाई राज्यले उचित संरक्षण दिनुपर्ने ।

(प्रकरण नं. ६)

आफ्नो मुलुकमा मृत्युदण्डको सजाय नहुने गरी अन्तर्राष्ट्रिय प्रतिबद्धतासमेत जाहेर गरिसकेको परिप्रेक्ष्यमा नेपालले वैदेशिक रोजगारका लागि विदेशी मुलुकमा गएका आफ्ना नागरिकहरूलाई मृत्युदण्डको सजायबाट जोगाउनसमेत द्विपक्षीय तथा बहुपक्षीय रूपमा प्रयास गर्नुपर्ने । आफ्ना नागरिकको जीवनरक्षाका लागि राज्यले मुलुकभित्र र बाहिर रहेका आफ्ना सम्पूर्ण संयन्त्रहरू तथा स्रोतसाधनको परिचालन गरी आवश्यक पहल र व्यवस्था गर्नुपर्ने ।

(प्रकरण नं. ७)

हालसम्म वैदेशिक रोजगारमा गई सजाय पाएका आफ्ना मुलुकका नागरिकलाई स्वदेशमा नै बसी कैद भुक्तान हुनेलगायतको व्यवस्था गरेको वा सो सम्बन्धमा कुनै मुलुकसँग ठोस पहल गरेको नदेखिँदा राज्यको महत्त्वपूर्ण हिस्साको रूपमा रहेका वैदेशिक रोजगारीमा संलग्न आफ्ना नागरिकको सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकमा समेत आघात परेको देखिने । वैदेशिक रोजगारमा कैद सजाय पाएका आफ्ना मुलुकका नागरिकलाई स्वदेशमै कैद भुक्तानको व्यवस्था गरेमा परिवारका सदस्यहरूसँग भेटघाट गर्न पाउनुका साथै मानसिक तनाव कम भई **rehabilitation, socialization** र **reintegration** समेतमा प्रभावकारी हुने ।

(प्रकरण नं. ९)

वैदेशिक रोजगारमा जाने कामदारहरूको सम्बन्धित देशको फौजदारी कसुर तथा सजायका सम्बन्धमा रोजगारमा जानुपूर्व कामदारलाई गन्तव्य मुलुकको बारेमा गरिने अभिमुखीकरण कार्यक्रममा समेटिनुपर्ने । साथै मृत्युदण्डको सजाय भएको अवस्थामा पनि उक्त सजायबापत पीडित पक्षलाई दिइने क्षतिपूर्ति रकम **(blood money)** तिरेर सजाय कम वा मिन्हा हुनसक्ने व्यवस्था प्रबन्ध गर्न सकिन्छ भन्ने यकिन गर्नुपर्ने । यस्तो व्यवस्था नभएसम्म वैदेशिक रोजगारीमा संलग्न नेपाली कामदारहरूले नै योगदान गरी स्थापना गरिएको वैदेशिक रोजगार कल्याणकारी कोषको उपयोग तथा परिचालन गर्ने गरी सरकारले प्राथमिकताका साथ कार्य गर्नुपर्ने ।

(प्रकरण नं. ११)

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३२७ संयुक्त अपुताली हक कायम	मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा मा.न्या.श्री हरिप्रसाद फुयाल ०७२-CI-१७२५	रमेश शाक्य विरूद्ध सेतकुमारी शाक्यसमेत	२०८०।१।३१	मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा	१४४५

सामान्यतया: अपुताली हक मृतकको पालनपोषण, स्याहार-सुसार, हेरचाह गरेको तथा मृतकसँग नाता सम्बन्धमा निकटता रहेको भन्ने आधारमा कायम हुने वा निर्धारण गरिने विषय हो।

(प्रकरण नं. ४)

बैंकमा खोलिएको खातामा इच्छाइएको, रकम झिकेको जस्ता कुरालाई हेरेर पालनपोषण गरेको भनी निष्कर्ष निकाल्न नसकिने। उमेर, स्वास्थ्य अवस्था, व्यावहारिक अनुकूलता आदि विविध कारणले त्यस प्रकारका बैंकिङ कारोबारका लागि आफ्नो कुनै विश्वास-पात्रबाट सहयोग लिनु स्वाभाविक र नियमित सामाजिक प्रक्रिया हुने। यसैलाई अपुताली हकको आधार बनाउनु मनासिब नहुने। बैंक खाता खोल्दा कसैलाई इच्छाउनुपर्ने प्रक्रिया पूरा गर्न र खाता सञ्चालन कार्यलाई व्यावहारिक रूपमा सहजता प्रदान गर्न कसैलाई इच्छाइएको कुरालाई नै मर्नेको शेषपछि निजको सबै सम्पत्तिमा अपुताली हक कायम हुने आधारको रूपमा ग्रहण गर्नु मनासिब नदेखिने। बैंक खाता खोल्दा इच्छाइएको व्यक्तिको हक सोही इच्छाइएको बैंक खातामा रहेको रकमको कुरामा सम्म सीमित रहने। बैंक खातामा रहेको रकमबाहेकको सम्पत्तिमा बैंक खाता खोल्दा इच्छाइएको कारणबाट नै हक कायम नहुने।

(प्रकरण नं. ५)

मरेपछि दागबत्ती दिएको वा वार्षिक श्राद्ध गरेको जस्ता कार्य धार्मिक, साँस्कृतिक, सामाजिक सन्दर्भका विषयहरू हुने। बाँचुञ्जेल के सेवा, टहल, पालनपोषण, आदि कार्य गरियो भन्ने कुराले अपुताली पाउने कुरासँग सम्बन्ध राख्ने। मरिसकेपछि दागबत्ती कसले दियो, मलामी गयो गएन, श्राद्ध कसले गर्‍यो भन्ने जस्ता कुरालाई हेरेर अपुताली हक स्थापित नहुने। बाबु-आमा मर्दा किरिया नबसेका, श्राद्ध गर्ने नगरेका, दागबत्ती नदिएका मानिसले बाबु-आमाको सम्पत्तिको अपुताली पाउने गरेको कुराको दृष्टान्त समाजमा प्रसस्तै पाउन सकिने। मर्ने (अपुताली परेका) मानिसको नामको जग्गाधनी प्रमाणपत्र कुन व्यक्तिसँग रहेको छ ? औषधी उपचारका बील भरपाई कसले हात पारेको छ ? भन्ने कुरालाई नै अपुताली हक स्थापित गराउने निश्चयात्मक प्रमाण मान्न नसकिने। यस प्रकारका प्रमाण कहिले सांयोगिक रूपमा हात परेका हुन सक्ने भने कहिले सिर्जना गरिएका प्रमाणको रूपमा पनि देखा पर्ने। नजिकको नाता सम्बन्धका व्यक्ति छँदाछँदै र निजले मर्नेको अपुताली नपाउने कानूनबमोजिमको कारण नरहेको स्थितिमा पालनपोषण गरेको भन्ने हैसियतबाट तुलनात्मक रूपमा टाढाका नाताका मानिसले अपुताली हक प्राप्त गर्नका लागि

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
पालनपोषण गरेको कुराको भरपर्दो प्रमाण पेस गर्नु अनिवार्य हुने र अन्य परिस्थितिहरूबाट पनि सो तथ्य समर्थित हुनुपर्ने । (प्रकरण नं. ६)						
	११३२८ संयुक्त उत्प्रेषण	मा.न्या.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री हरिप्रसाद फुयाल ०७८-WO-१६०६	केदारनाथ गौतमसमेत विरूद्ध कर्मचारी सञ्चय कोष, केन्द्रीय कार्यालय, पुल्चोकसमेत	२०८०।०४।३२	मा.न्या. श्री आनन्द मोहन भट्टराई	१४५८
अवकाश कोष हिताधिकारी प्राकृतिक व्यक्ति (प्रस्तुत सन्दर्भमा रोजगारकर्ता वा कर्मचारी) ले अवकाश लिएको अवस्थामा वा सो रकम नपाउँदै निजको मृत्यु भएमा निजको आश्रितलाई दिने भुक्तानीको प्रयोजनको लागि स्थापना भएको कोष रहेछ भनी बुझ्नुपर्ने । उक्त परिभाषाबाट अवकाश भुक्तानीको रकम तलब वा भत्ता जस्तो प्रतिमहिना गरिने भुक्तानी नभई हिताधिकारी प्राकृतिक व्यक्तिले सेवाबाट अवकाश लिने अवस्थामा एक पटक र अन्तिम रूपमा पाउने भुक्तानी भन्ने बुझिने । (प्रकरण नं. ४) आयकर ऐन, २०५८ को दफा ६३ को उपदफा (२) र (३) को व्यवस्थाबाट समेत हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा गरेको योगदान सो व्यक्तिको सो वर्षको करयोग्य आयमा गणना गरिँदैन भन्ने नै अर्थ लाग्ने हुँदा अवकाश कोषबाट प्राप्त हुने लाभलाई रोजगारीको आयमा राखी गणना गर्न नमिल्ने । आयकर ऐन, २०५८ को दफा ८(२), दफा ८(३)(क), दफा ६३(२)(३) र दफा ९२(१) को समन्वयात्मक अर्थ गर्दा आयकरको प्रयोजनको लागि अवकाश कोषको रकममा कर चाहिँ लाग्ने रहेछ तर यो रोजगारीको आयमा भने गणना नहुने हुँदा पारिश्रमिक करको रूपमा हेर्न र सो हिसाबबाट करको रकम निर्धारण गरी कट्टी गर्न मिल्ने रकम होइन रहेछ; अर्थात्, यो अवकाश कोषबाट गरिने भुक्तानी भई हितकारी प्राकृतिक व्यक्तिको रोजगारीको अन्त्यमा एकपटक गरिने भुक्तानी हुँदा सोही रूपमा बुझी करकट्टीको हिसाब गरिनुपर्ने विषय रहेछ भन्ने देखिने । (प्रकरण नं. ६) नेपालको संविधानको धारा ३४(२) ले नै श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुने छ भनी श्रमसम्बन्धी हक प्रत्याभूत गरेको अवस्थामा स्वीकृत अवकाश कोषमा जम्मा भएको योगदानमा आधारित अवकाश कोष साबिकदेखि कट्टा हुँदै आएको रकममा मिति २०७५।३।३२ पछि १५ प्रतिशतले कर कट्टी हुन्छ भन्नु सामाजिक सुरक्षाको हकसमेतको विपरीत हुने देखिने । २०७५ सालमा आएर आर्थिक ऐन, २०७५ मा मात्र "योगदानमा आधारित अवकाश कोष" भन्ने शब्दावली						

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">प्रयोग भएको देखिने । आयकर निर्देशिका, २०६८ ले गरेको व्यवस्थाअनुसार अवकाश कोषबाट गरिने भुक्तानी उपदान, वा सञ्चित बिदाबापतको रकम वा औषधी उपचार खर्च आदिको हकमा नै आकर्षित हुने र आयकर नियमावली, २०५९ को नियम २० ले तोकेको सर्तमा मात्र स्वीकृत अवकाश कोषको स्थापना र सञ्चालन हुन सक्ने हुँदा हाल कायम रहेको ऐनमा "योगदानमा आधारित अवकाश भुक्तानी" भन्ने शब्दावली उल्लेख भएको कारण स्वीकृत अवकाश कोषबाट गरिएको अवकाश भुक्तानीमा सम्बन्धित कर्मचारीको योगदान नरहेको भन्ने जिकिर लिई दफा ८८(१) को मूल व्यवस्थाअनुसार अवकाश कोषको भुक्तानीमा १५ प्रतिशत करकट्टी गरिनुपर्छ भनी अर्थ गर्न नमिल्ने ।
(प्रकरण नं. १२)</td></tr>
<tr><td></td><td>११३२९
संयुक्त
बन्दी प्रत्यक्षीकरण</td><td>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ
०७८-WH-०२२१</td><td>प्रदिपकुमार कार्की
विरूद्ध
उच्च अदालत पाटन, ललितपुरसमेत</td><td>२०७४।०२।१३</td><td>मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ</td><td>१४७३</td></tr>
<tr><td colspan="7">बसाइँसराइको प्रमाणपत्र जारी गर्ने अधिकारप्राप्त अधिकारी / निकायको रूपमा कानूनले स्थानीय पञ्जिकाधिकारी / स्थानीय पञ्जिकाधिकारीको कार्यालयलाई मान्यता दिएको देखिएको र आधिकारिक निकायबाट प्रदान गरेको बसाइँसराइको प्रमाणपत्र केवल वतनको सूचना मात्र नभई व्यक्तिको वतनको सम्बन्धमा आधिकारिक दस्तावेजको रूपमा बुझ्नुपर्ने । यसबाट निवेदकको वतन साबिकमा धनुषा जिल्ला, बटेश्वर गाउँपालिका वडा नं. ४ भएको देखिएको भए पनि निवेदनमा उल्लिखित मुद्दामा निजको नाममा समाह्वान म्याद जारी हुँदाको अवस्थामा निजको स्थायी वतन काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ६, बौद्ध कायम रहेको मान्नुपर्ने ।
(प्रकरण नं. २)</td></tr>
<tr><td></td><td>११३३०
संयुक्त
अपहरण तथा शरीर बन्धक र जबरजस्ती करणी</td><td>मा.न्या.श्री अनिलकुमार सिन्हा
मा.न्या.डा.श्री कुमार चुडाल
०७५-CR-२६३८</td><td>सन्तोषकुमार यादव
विरूद्ध
नेपाल सरकार</td><td>२०७४।०७।२८</td><td>मा.न्या. डा.श्री कुमार चुडाल</td><td>१४७९</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

बालविवाह भनेको उमेर नपुग्दै, वयस्क नहुँदै हुने विवाह भएकोले यस्तो अवस्थामा मानसिक, शारीरिक र भौतिक अवस्थासमेत परिपक्व भइसकेको नहुने । यस्तो विवाहमा दुवै पक्ष वा एक पक्ष मात्रको उमेर साबालक नभएको हुन सक्ने । बालविवाहले गर्दा बालबालिकाको मानसिक विकास, शारीरिक विकास र शिक्षामा समेत असर पुग्न जाने हुनाले हाम्रो कानूनी प्रणालीले समेत यस्तो विवाहलाई निषेध गरेको अवस्था एकातिर देखिन्छ भने अर्कोतर्फ कतिपय अवस्थामा आर्थिक एवं पारिवारिक परिस्थिति, धार्मिक वा अन्धविश्वासयुक्त सामाजिक परम्पराले गर्दासमेत बालविवाह हुनसक्ने पक्षलाई नजरअन्दाज गर्न पनि नसकिने । कतिपय बालविवाह आवेग वा मानसिक अपरिपक्वताको कारणबाट समेत हुन गएको पाइने ।

(प्रकरण नं. ११)

बालविवाहमा पनि उमेर नपुगेको महिला वा पुरूषमा विवाहका उद्देश्य एवं रोहरीतबाट करणी लेनदेन भएको हुन सक्ने । यी दुवै अवस्थामा महिलाको उमेरको सन्दर्भ महत्त्वपूर्ण रूपमा उपस्थित भएको पाइने । धेरैजसो मुलुक र समाजमा महिलाको आभूषण, इज्जत प्रतिष्ठालाई निजको यौन पवित्रता (chastity) एवं निजको यौनिक अधिकारसँग जोडिएको देखिने । यस्तो यौनिक अधिकारको पवित्रताको भङ्गीकरण वा करणी कार्य हुँदा निज महिलाको स्वतन्त्र सहमति (free consent) अनिवार्य तत्त्वको रूपमा अङ्गिकार गरेको पाइने । के कुन अवस्थामा स्वतन्त्र सहमति हो होइन ? भन्ने सवालको महत्त्वपूर्ण निर्धारक तत्त्वमध्ये उमेरलाई पनि मानी आएको पाइन्छ र उमेर नपुगेको व्यक्ति सोच विचार गरी सहमति दिन योग्य नहुने मान्यता भएकोले त्यस्ता उमेर नपुगेका व्यक्तिको सहमतिलाई मान्यता नदिइने ।

(प्रकरण नं. १२)

जबरजस्ती करणी र बालविवाहमा हुनसक्ने करणीका अवस्थामा उमेरको सन्दर्भ महत्त्वपूर्ण पक्ष भए तापनि अपराधका अन्य तत्त्वहरू मनसाय (*mens rea*) र आपराधिक कार्य (*actus reus*) आधारभूत र निर्धारक मानकको (measuring rod) रूपमा रहेका हुने । जसले जबरजस्ती करणी र बालविवाहलाई छुट्याएको हुन्छ । आपराधिक कार्यको रोहबाट प्रस्तुत वारदात हेर्दा प्रतिवादीउपर अपहरण तथा शरीर बन्धक एवं जबरजस्ती करणीको अभियोग भए तापनि माथि प्रकरण प्रकरणमा विवेचना गरिएबमोजिम बालविवाह भई सामाजिक परिवेशमा पति पत्नीको रूपमा परिवार बनाई बसेको तथ्य स्थापित हुन आएको पाइने । साथै आपराधिक दुराशयको (m*ens rea*) सन्दर्भबाट हेर्दा जबरजस्ती करणी क्रियामा अभियुक्तको उद्देश्य करणी गर्नमा सीमित रहन्छ भने बालविवाहका बखत हुन सक्ने करणी आपराधिक मनसाय नभई सामाजिक मान्यता, समाज विकासको आधारभूत पक्ष एवं शारीरिक आवश्यकता भएकोले विवाहित पति पत्नीको भावना साथ शारीरिक सम्पर्क रहेको हुन सक्ने । जबरजस्ती करणी (statutory rape) र बालविवाह (child marriage) मा हुनसक्ने करणीको उद्देश्य, पृष्ठभूमि, तयारी, कार्य र मान्यतामा नै आधारभूत रूपमा फरक रहन जाने हुनाले जबरजस्ती करणीलाई बालविवाहको सन्दर्भमा उमेर मात्रको आधारमा सीमावद्ध गर्न नसकिने । साथै यी दुवै कसुरका सम्बन्धमा रहे भएको आधारभूत फरकपनलाई नछुट्याउने हो भने बालविवाहसम्बन्धी कानूनमा भएको व्यवस्था नै अन्ततोगत्वा निष्क्रिय हुन जाने । साथै प्रस्तुत दुई प्रकारका कसुरको सम्बद्ध तथ्यका आधारमा वर्गीकरण नगरी निरपेक्ष रूपमा व्याख्या

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
गरिएमा रोमन कानूनको ***culpae poena par esto* (the punishment prescribed for a crime should be proportional to the seriousness of the crime.)** भन्ने सर्वस्वीकार्य उक्ति निस्तेज हुने । (प्रकरण नं. १३) मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४२(१) बमोजिम "नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दामा कारबाही हुँदा अनुसूची-१ वा अनुसूची-२ भित्र नपर्ने देखिएको र कानूनबमोजिम अन्य कुनै मुद्दा चल्न सक्ने देखिएमा अदालतले सोहीबमोजिम आदेश गरी सरोकारवाला व्यक्तिलाई सूचना दिनुपर्ने छ" भन्ने व्यवस्थाबमोजिम नेपाल सरकार वादी भई चल्ने फौजदारी मुद्दालाई देवानी मुद्दामा परिणत गर्न सकिने भए तापनि नेपाल सरकार वादी भई अनुसूचीको कुनै प्रकारको मुद्दालाई नेपाल सरकार वादी भई चल्ने अर्को प्रकारको अनुसूचीको फौजदारी मुद्दामा परिवर्तन गर्न सकिन्छ वा सकिँदैन भन्ने सवालको पनि विवेचना गर्नु सान्दर्भिक हुने । तत् सम्बन्धमा हेर्दा, यस्तो प्रकारको मुद्दाको परिवर्तन गर्न नसकिने भनी अदालतको अधिकार सीमा निर्धारण गरिएको वा निर्दिष्ट गरिएको कहीँकतै नपाइने । अदालतको फैसलाको अभीष्ट नै न्यायका मान्य सिद्धान्त अवलम्बन गरी न्याय प्रदान गर्नु हो । न्याय प्रदान गर्ने सन्दर्भमा अदालतले सीमा तोकिएको अवस्थामा बाहेक अन्तरनिहित अधिकार (inherent right) समेत प्राप्त गरिरहेको मानिने । (प्रकरण नं. १४)						
	११३३१ संयुक्त बन्दी प्रत्यक्षीकरण	मा.न्या.श्री अनिलकुमार सिन्हा मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ ०७९-WH-००४६	लाक्पा सोनम शेर्पा विरूद्ध काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौं	२०७९।०७।२०	मा.न्या.श्री अनिलकुमार सिन्हा	१४९९
अदालत आस्थाको धरोहर भएको हुँदा न्यायको लागि त्यहाँ प्रवेश गर्ने प्रत्येक व्यक्तिले तथा निजको प्रतिनिधित्व गर्ने कानून व्यवसायीले समेत लिखित र मौखिक रूपमा अदालतलाई सत्य तथ्य खुलाई न्याय सम्पादनमा सहयोग गर्नु अपेक्षित हुने । अदालतमा पेस गरिने कागजातको प्रारम्भिक परीक्षण कानून व्यवसायीबाट हुन वाञ्छनीय हुने । कुन कागजातको आधिकारिकता छ, कुन शङ्कास्पद छ, के कुरा अदालतले विश्वास गर्दछ, के माथि प्रश्न उठ्न सक्छ भन्ने कुरा इजलासले हेर्नुअघि कानून व्यवसायीले स्वपरीक्षण गरेमा मात्र अदालतले छिटो न्याय दिन सहज हुने । आधिकारिकता प्रमाणित हुन नसक्ने वा अनधिकृत रूपमा हासिल गरिएका प्रतिलिपि कागजातहरूउपर पक्षसँग कानून व्यवसायीले नै प्रश्न गर्नुपर्ने र त्यस्तो कागजात इजलाससमक्ष पेस गर्ने गरी दर्ता हुनुअगावै आधिकारिक वा वैधानिक रूपमा प्राप्त गरेकोबारे सन्तुष्ट हुन कानून व्यवसायीका व्यावसायिक कर्तव्य हुने । अदालत झुक्किने गरी पेस भएका कागजातको आधारमा कुनै फैसला वा आदेश हुन गएमा त्यसले न्यायालयको साख र गरिमा नै स्खलन						

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">गर्दछ, यसो हुन गएमा कानून व्यवसायी र व्यवसायप्रतिको विश्वसनीयता अक्षुण्ण रहन नसक्ने। विद्यालय वा स्थानीय सरकार यस्ता विषयमा जिम्मेवार हुनुपर्ने। कसैको दबाब प्रभाव वा पदीय आचरण विरूद्ध त्यस्ता प्रमाणीकरण गरेको पछि पुष्टि भएमा त्यस्तो जानीजानी, बदनियतपूर्ण वा लापरवाही रूपमा कागज बनाउनेलाई समेत कानूनको दायरामा ल्याउनु सुशासनको उद्देश्यसमेत हुँदा यस्ता प्रवृत्तिलाई विद्यालय एवम् स्थानीय सरकारसमेतले निरूत्साहित गर्नुपर्ने।
(प्रकरण नं. १०)</td></tr>
<tr><td></td><td>११३३२

संयुक्त

उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.श्री हरिप्रसाद फुयाल

०७६-WO-०१९७</td><td>राधिका थपलिया
विरूद्ध
प्रधानमन्त्री, प्रधानमन्त्रीको कार्यालय, सिंहदरबारसमेत</td><td>२०७४।१०।१२</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत</td><td>१५०५</td></tr>
<tr><td colspan="7">एक पटक कुनै तहमा समायोजन भएको कर्मचारीलाई समायोजन संशोधन गरी पुन: अन्य स्थानमा पठाउने कानूनी व्यवस्था कर्मचारी समायोजन ऐन, २०७५ र कर्मचारी समायोजन नियमावली, २०७४ मा रहेको नदेखिने।
(प्रकरण नं. ४)
कर्मचारी समायोजनको कार्य विशुद्ध प्रशासकीय कार्य भई कार्यपालिकाको क्षेत्राधिकारभित्र पर्ने विषय विवाद नभएको। कार्यपालिकीय क्षेत्राधिकारअन्तर्गत पर्ने भई नेपाल सरकारबाट सम्पादित त्यस्ता प्रशासकीय कार्यहरूमा अदालतको हस्तक्षेप उचित नहुने। तर त्यसरी सम्पादित कार्य न्यायिक विवेक वा कानूनको उचित प्रक्रिया पुऱ्याई गरिएको छैन भनी सरकारको कामकारबाहीमा प्रश्न उठाई सरोकारवाला अदालत प्रवेश गरेको अवस्थामा सरकारको कामकारबाही परीक्षण गर्ने कर्तव्य स्वाभाविक रूपले अदालतको हुने। कतै लिपिवद्ध नभए पनि कसैलाई मर्का पर्ने गरी कुनै कामकारबाही वा निर्णय गर्नुअघि सो विषयको सूचना सम्बन्धित व्यक्तिलाई दिने भन्ने प्राकृतिक न्यायको सर्वव्यापी मान्यता हो। प्रशासनिक निर्णय वा कामकारबाहीमा स्वच्छता र निष्पक्षता कायम गर्न त्यस्तो निर्णयबाट प्रभावित हुने पक्षलाई आफ्नो भनाइ राख्ने अवसर प्रदान गर्नुपर्ने मान्यता प्राकृतिक न्यायले आत्मसात् गरेको हुन्छ। प्राकृतिक न्यायको मूल्य मान्यतालाई आत्मसात् नगरी एकाङ्गी तवरले गरेको निर्णय वा कामकारबाही सदा संशयको घेरामा रहने। त्यसैले निर्णय वा कामकारबाहीहरू स्वच्छ र निष्पक्ष छ, छैनन् भनी परीक्षण गर्ने विभिन्न कसीमध्ये प्राकृतिक न्यायको सिद्धान्त अवलम्बन भएको छ छैन भन्ने पनि हुने।
(प्रकरण नं. ५)
कर्मचारीहरूलाई संघमा समायोजन गर्दा कार्यरत पदको ज्येष्ठता, कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता र उमेरको ज्येष्ठता तथा प्रदेश वा स्थानीय तहमा समायोजन गर्दा कार्यरत पदको ज्येष्ठता,</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">कार्यरत पदभन्दा तल्लो श्रेणी वा तहको पदको ज्येष्ठता, कर्मचारी हाल कार्यरत रहेको प्रदेश वा स्थानीय तह, हालको स्थायी बसोबासको ठेगाना, नागरिकताको प्रमाणपत्रमा उल्लिखित ठेगाना र उमेरको ज्येष्ठतालाई आधार बनाउनुपर्ने ।
(प्रकरण नं ६)</td></tr>
<tr><td></td><td>११३३३

संयुक्त

बन्दी प्रत्यक्षीकरण</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.श्री सुष्मालता माथेमा

०७९-WH-००३९</td><td>निशान भन्ने तिर्थनाथ उपाध्याय
विरूद्ध
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत</td><td>२०७९।०५।३०</td><td>मा.न्या.
श्री सपना
प्रधान मल्ल</td><td>१५१८</td></tr>
<tr><td colspan="7">स्वास्थ्यको अधिकार जीवनको अधिकारसँग जोडिएको हुने । आफ्नो स्वतन्त्रता गुमाएर कारागारमा कैदी जीवन बिताइरहेको नाजुक स्वास्थ्य अवस्थाको कारण जीवन तत्कालै गुमाउने जोखिममा रहेको व्यक्तिलाई स्वास्थ्यमा पहुँचको हकको सुनिश्चितता गर्न, स्वास्थ्यको अधिकारको पूर्ण उपभोगमा रहेको अवरोध हटाई व्यक्तिको जीवनको संरक्षण गर्न राज्यले स्वास्थ्यको उपचारको पहुँचको सुनिश्चितता गर्नुपर्ने । नेपालको संविधानको धारा १८ ले अविभेदको हकको सुनिश्चितता गरेको अवस्थामा कैदी बन्दीलाई मात्र स्वास्थ्य उपचारको पहुँचको अधिकारबाट वञ्चित गर्न नमिल्ने । यस्तो उपचारको अधिकारको सुनिश्चितता गर्दा समयमा उपचारको उपलब्धताको सुनिश्चिततासमेत गराई जीवन रक्षा गर्नुपर्ने । यस परिप्रेक्ष्यमा कारागार नियमावलीको नियम ३९(२) को स्वास्थ्य उपचारको व्यवस्थालाई यसै मर्मसँग बुझ्नुपर्ने । विशेषज्ञको जाँचमा उपचार गराउनुको अर्थमा सो सुविधा उपलब्ध भएको स्थानमा लगी उपचार गराउन पाउनुपर्ने । त्यस्तो विशेषज्ञता विदेशमा रहेको भनी मेडिकल बोर्डको नै सिफारिससमेत रहेको अवस्थामा निवेदकको बाँच्न पाउने हकको रक्षार्थ निजलाई विदेशमा उपचार गराउन लैजान दिनुपर्ने ।
(प्रकरण नं.१०)</td></tr>
<tr><td></td><td>११३३४

संयुक्त

उत्प्रेषण</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.डा.श्री मनोजकुमार शर्मा

०७२-WO-११५४</td><td>रामचन्द्र कँडेल
विरूद्ध
लोक सेवा आयोग, केन्द्रीय कार्यालय, अनामनगर, काठमाडौंसमेत</td><td>२०७९।०३।२९</td><td>मा.न्या.
श्री सपना
प्रधान मल्ल</td><td>१५२८</td></tr>
<tr><td colspan="7">निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ को व्यवस्था समयबद्ध पदोन्नति (Time Bound Promotion) को व्यवस्था हो । यो व्यवस्था लामो समयसम्म एउटै पदमा कार्यरत रहिरहँदा कर्मचारीमा नैराश्यताको भावना उत्पन्न हुन नदिनबाट रोक्न यस प्रकारको व्यवस्था गरिएको हुनाले निजामती कर्मचारीले त्यसरी बढुवा हुनुभन्दा अगाडिको पदमा बहाल रहँदा सम्पादन गरेको काम नै सम्पादन</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">गर्नुपर्ने उल्लेख भएको भए तापनि ज्येष्ठताको हकमा अवधिको गणना गर्नुपर्दा बढुवा भएकै पदको गणना गरिने । त्यसरी बढुवा पाएका कर्मचारीहरूको सेवा अवधिलाई ज्येष्ठताको हकमा गणना गरिसकेपछि सोही अवधिमा गरिएको कार्यसम्पादन र भौगोलिक क्षेत्रमा काम गरेबापतको अङ्क गणना हुँदैन भन्न तार्किक र न्यायसङ्गत नहुने । निजामती सेवा ऐन, २०४९ को दफा २४ बमोजिम हुने बढुवा र दफा २४घ१ बमोजिम हुने बढुवाको कार्यविधि फरक देखिए पनि दुवै बढुवा नै हुन् । दफा २४घ१ बमोजिम बढुवा हुन पनि ऐनले तोकेको न्यूनतम शैक्षिक योग्यता र निश्चित सेवा अवधि पूरा गर्नैपर्ने बाध्यात्मक स्थिति रहेको हुँदा त्यसलाई फरक किसिमको बढुवा भनी नामाकरण गर्नसमेत उचित नहुने । निजामती कर्मचारीले कुनै पदमा बढुवा पाइसकेपछि त्यो बढुवा केवल तलब भत्ताको सुविधाको बढोत्तरी हो अन्य सुविधा अर्थात् कार्यसम्पादन मूल्याङ्कन र भौगोलिक क्षेत्रमा काम गरेबापतको अङ्क नपाउने गरी बढुवा भएको हो भनी अर्थ गर्न नमिल्ने । निजामती कर्मचारीले जुन मितिबाट बढुवा पाएको छ त्यही मितिबाट निजले बढुवा पाएको पदको तलब भत्तालगायतका ऐनबमोजिम वृत्ति विकासका लागि पाउने अन्य सुविधाहरू उपभोग गर्न पाउने नै हुँदा त्यस्ता सुविधाबाट वञ्चित हुने गरी आदेश जारी गर्न उपयुक्तसमेत नहुने । निजामती सेवा ऐन, २०४९ को दफा २४घ१ बमोजिम विशेष बढुवा पाएका निजामती कर्मचारीले सोही दफाको उपदफा (८) बमोजिम आफू कार्यरत रहेको भन्दा माथिल्लो श्रेणीको पदको निम्ति हुने सबै प्रकारको बढुवाको निम्ति प्रतिस्पर्धा गर्न पाउने ।
(प्रकरण नं. ५)</td></tr>
<tr><td></td><td>११३३५

संयुक्त

बहुविवाह</td><td>मा.न्या.श्री टंकबहादुर मोक्तान
मा.न्या.श्री हरिप्रसाद फुयाल

०७१-CR-०७६३</td><td>मनौवर हसनसमेत
विरूद्ध
नेपाल सरकार</td><td>२०७९।१२।२६</td><td>मा.न्या.श्री
हरिप्रसाद
फुयाल</td><td>१५४३</td></tr>
<tr><td colspan="7">प्रचलित नेपाल कानूनले कुनै समुदाय वा सम्प्रदायमा प्रचलनमा रहेको सम्बन्ध विच्छेदको व्यवहारलाई मान्यता प्रदान नगरी सबै समुदाय र सम्प्रदायलाई लागु हुने एकीकृत कानून प्रचलनमा रहेको अवस्थामा मुस्लिम समुदायमा हुने एकतर्फीय प्रकृतिको सम्बन्ध विच्छेद जस्तै तीन तलाक (triple talaq) लाई अन्य देशहरूमा कसुरजन्य कार्य बनाइँदै गरेको अवस्थामा छरछिमेक वा समाजमा इस्लाम परम्परा र संस्कृतिअनुसार गरेको तलाक वा सम्बन्ध विच्छेदलाई कानूनले मान्यता नगरेको अवस्थामा दोस्रो विवाह गर्न छुट भएको मान्न नमिल्ने ।
(प्रकरण नं. ७)</td></tr>
</table>

क्र. स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३३६ संयुक्त पूर्वादेश	मा.न्या.श्री प्रकाशकुमार ढुंगाना मा.न्या.श्री हरिप्रसाद फुयाल ०७५-RB-०१०१	स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल लि. विरूद्ध आन्तरिक राजस्व विभाग, लाजिम्पाट	२०७४।०८।०८	मा.न्या.श्री हरिप्रसाद फुयाल	१५५२

TDS भनेको भुक्तानीकै समयमा स्रोतमा नै करकट्टी हुने प्रावधानलाई भुक्तानी (स्रोत) मा करकट्टी (Tax Deduction at Source) भन्ने बुझिने । भुक्तानी गर्दा लाग्ने कर रकम भुक्तानी प्राप्त गर्ने व्यक्ति वा प्रापकबाट आय गर्दाकै समयमा तिरिने करको अवधारणा भएकोले यसलाई Pay as you earn (PAYE) पनि भनिने ।

भुक्तानी कर्ताले भुक्तानीको समयमा सेवा प्रदायक व्यक्ति वा संस्थालाई रकम भुक्तानी गर्दा करदाताबाट भुक्तानीकै समयमा कर असुल गरी बाँकी रकम भुक्तानी गरी यसरी कट्टी गरी उठाएको कर रकम सरकारलाई भुक्तानी कर्ताले बुझाउनुपर्ने दायित्व रहने । यसरी भुक्तानी गर्दाका बखत सेवा प्रदायकबाट कर असुल नगरेमा भुक्तानी कर्ताउपर कारबाही गरी सरकारले जुनसुकै समयमा कर असुल गर्न सक्ने । सेवा प्रदायक अर्थात् आय आर्जन गर्ने संस्था वा व्यक्तिलाई लाग्ने कर भुक्तानी कर्ताले भुक्तानी गर्दाका समयमा नै असुल गरी सरकारलाई बुझाउने हुनाले भुक्तानी कर्ता संकलक मात्र हुने भएकोले यस्तो प्रकारको स्रोतमा करकट्टी गरिने प्रावधानलाई अप्रत्यक्ष कर पनि भनिने । यसबाट भुक्तानी कर्तालाई थप दायित्व पर्ने वा थप व्ययभार पर्ने अवस्था नदेखिने ।

(प्रकरण नं. ५)

विदेशी करदाताबाट स्रोतमै कर कट्टी नगर्ने हो भने राज्यको कर प्रणालीमा गिरावट आई राजस्वमा क्षयीकरण हुने प्रबल सम्भावना देखिने । यस्तो क्षयीकरण हुने जोखिमलाई न्यूनीकरण गरी राजस्व सङ्कलन प्रक्रियालाई सबल पार्न स्थायी संयन्त्रको अवधारणा आएको हो । प्रविधिको विकाससँगै कुनै एक मुलुकमा रहेको व्यक्ति, संस्था वा निकायले अर्को मुलुकमा विद्युतीय माध्यम (कम्प्युटर, फ्याक्स, इमेल, इन्टरनेट, विद्युतीय क्यास मेसिन आदि.....) बाट आफ्नो भौतिक उपस्थितिबिना पनि व्यापार व्यवसाय गर्ने, सेवा गर्ने, व्यावसायिक लाभ उठाउन सक्ने भएकोले पनि लाभ तथा मूल्य सिर्जना भएको स्थानमा नै स्रोतमै कर कट्टी गर्ने प्रणालीको विकास भएको । यस्तै कुराहरूलाई स्पष्ट पार्न तथा कर प्रणालीलाई व्यवस्थित गर्न नेपाल र भारतबिच द्वैध कराधान मुक्ति तथा वित्तीय छल निरोधसम्बन्धी सम्झौता भएको । उक्त सम्झौताबमोजिम नेपालमा कर तिरेपछि उक्त भुक्तानी प्रापकले माथि उल्लिखित अवस्थाबमोजिम आफ्नो देशमा कर तिर्नुपर्ने अवस्था नदेखिने ।

(प्रकरण नं. ६)

नेपाल कानूनबमोजिम स्थापित बैंकले नेपालमा आफ्नो सेवाको व्यवस्थापन एवं स्तरोन्नतिको लागि उल्लिखित सेवा प्रदायक संस्थासँग उक्त बैंकमा जडित संयन्त्र, बैंकमा गरिने क्रियाकलाप र बैंकको व्यवस्थापकीय कार्यको लागि सो सेवाहरू लिएको देखिने । सेवा प्रदायक संस्था जुनसुकै भए पनि यसरी

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
प्रदान गरिएको सेवा भुक्तानीको स्थान जहाँसुकै भए पनि नेपालमा सञ्चालित क्रियाकलाप नेपालकै स्ट्याण्डर्ड चार्टर्ड बैंकको सेवा सुविधा र स्तरवृद्धिको लागि प्रयोग भएको देखिएको र त्यस्तो विदेशी कम्पनीलाई नेपालकै स्ट्याण्डर्ड चार्टर्ड बैंक नेपाल कार्यालयबाट भुक्तानी भई भुक्तानीको स्रोत नेपालमै भएको मान्नुपर्ने। (प्रकरण नं. ७)						
	११३३७ संयुक्त आयकर	मा.न्या.श्री कुमार रेग्मी मा.न्या.श्री हरिप्रसाद फुयाल ०७४-RB-०००३	ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुर विरूद्ध श्री एस.आर.ड्रग ल्याबरेटोरिज प्रा. लि.	२०७४।१०।१३	मा.न्या.श्री कुमार रेग्मी	१५६४
कम्पनीले आफ्नो व्यवसाय प्रवर्द्धनको लागि training, seminar र conference सञ्चालन गर्न कानूनले निषेध गरेको पाइँदैन र व्यावसायिक सशक्तीकरणको लागि व्यवसायको प्रवर्द्धन अपरिहार्य रहेको मान्नुपर्ने। कुनै कानूनले व्यवसाय प्रवर्द्धनसम्बन्धी गतिविधिलाई निषेध नगरेको र आर्थिक ऐनले व्यवसाय प्रवर्द्धनको लागि training, seminar र conference सञ्चालनमा खपत भएका सामग्रीहरू पनि आकस्मिक लाभअन्तर्गत पर्ने भन्ने उल्लेख नगरेको अवस्थामा कर कार्यालयले दाबी लिएको आधारमा मात्र उक्त विषयलाई आकस्मिक लाभको विषय मान्न नमिल्ने। आर्थिक ऐन, २०६५ को दफा १७ ले कुनै चिट्ठा, उपहार, पुरस्कार, जितौरी तथा अन्य कुनै पनि माध्यमबाट कुनै व्यक्तिलाई नियमित तवरले नभई आकस्मिक तवरले लाभ प्राप्त भएको हुनुपर्ने। Training, seminar र conference सञ्चालनमा खपत भएका सामग्री आफैँमा कुनै लाभ हो भन्न मिल्ने पनि देखिँदैन भने उक्त कार्यमा को कुन व्यक्तिले के कुन लाभ प्राप्त गऱ्यो भन्ने पनि खुल्न सकेको नदेखिने। (प्रकरण नं.४)						
	११३३८ संयुक्त करारका सर्त पूरा गर्न ताला खोली बाटो खोली पाऊँ	मा.न्या.श्री कुमार रेग्मी मा.न्या.डा.श्री मनोजकुमार शर्मा ०७३-CI-०२५९	हरिशरणम् स्टोर प्रा.लि. विरूद्ध दिपककुमार सुनुवारसमेत	२०८०।०३।०२	मा.न्या.श्री कुमार रेग्मी	१५७०

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">कुनै सम्झौता वा करार, करारका पक्षहरूबाट भएको थियो वा थिएन भन्ने विषयको समाधान गर्न त्यस सम्झौता वा करारको वैधानिकता परीक्षण गर्नुपर्ने । यस्तोमा पहिलो प्रमाण भनेकै सम्झौता वा करारको सक्कल प्रति हुने । यदि सक्कल प्रति अदालतमा प्रस्तुत गर्दा पनि विवाद समाधान हुन नसके त्यस सम्झौता वा करारमा रहेको पक्षहरूको सहीछाप, ल्याप्चे परीक्षणबाट विवादको समाधान गर्नुपर्ने । त्यस्तै सम्झौता वा करार गर्दा साक्षीहरू राखिएको भए साक्षी झिकाई वास्तविकता बुझ्नुपर्ने वा कुनै सरकारी कार्यालयमा गई पक्षहरूले सम्झौता वा करार प्रमाणित गराएको भए प्रमाणित गराएको कार्यालयबाट अधिकारिकता जाँचबाट मात्र सम्झौता भएको हो वा होइन भन्न सक्ने अवस्था रहने ।
(प्रकरण नं. ५)</td></tr>
<tr><td></td><td>११३३९
संयुक्त
चेक अनादर</td><td>मा.न्या.डा.श्री मनोजकुमार शर्मा
मा.न्या.श्री नहकुल सुवेदी
०७४-CR-१३११</td><td>मदनमणी भण्डारीसमेत विरूद्ध धनलक्ष्मी गुरूङ</td><td>२०७४।०८।१३</td><td>मा.न्या. डा.श्री मनोजकुमार शर्मा</td><td>१५७९</td></tr>
<tr><td colspan="7">बैंकको खाता सञ्चालकलाई खातामा के कति रकम मौज्दात छ, के कति रकमको चेक खिच्दा सोको भुक्तानी हुन सक्दछ भन्नेलगायतका खातासँग सम्बन्धित सम्पूर्ण कुराको विवरण र जानकारी प्राप्त हुने । यसरी सम्पूर्ण विवरणको जानकार व्यक्तिले खातामा रहेको मौज्दातले नखाम्ने अङ्कको चेक काटी दिई सो चेक भुक्तानी हुन नसकेको अवस्थामा त्यसरी जानी-जानी चेक काट्ने व्यक्तिलाई दायित्वबाट छुट प्रदान गर्नु औचित्य र न्यायको दृष्टिले नमिल्ने ।
चेक काट्ने व्यक्ति खातावाला नरही खाता सञ्चालक मात्र रहेको भए तापनि आफूले काटेको चेक भुक्तान हुँदैन भन्ने जानकारी हुँदाहुँदै चेक काटेर अनादर गराउने कार्यलाई समेत विनिमेय अधिकार पत्र ऐन, २०३४ को दफा १०७क. बमोजिमको चेक अनादरको कसुर मान्नुपर्ने ।
(प्रकरण नं. ७)</td></tr>
</table>

नेपाल कानून पत्रिका २०८१ - पुस अङ्कमा प्रकाशित नजिरहरू

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश / मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३४० पूर्ण उत्प्रेषण	मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री सुष्मालता माथेमा ०८०-WF-००१४	पूर्णिमा कलेक्सन इन्टरनेसनल प्रा. लि. विरूद्ध उच्च अदालत पाटनसमेत	२०८०।७।१४	मा.न्या. डा.श्री आनन्द मोहन भट्टराई	१५८७

देवानी विवाद भए पनि बिगो नतिरेको कारण बिगोलाई कैदमा परिणत गरी कैद तोक्नुपर्ने हुँदा यसमा फौजदारी तत्त्व विद्यमान रहने । जुन बखतमा रकम तिर्नेबारे कागज भएको हो सोही समयको कानून आकर्षित हुने । मुलुकी देवानी संहिता, २०७५ भदौ १ गतेबाट मात्र लागु भएको हुँदा बिगो नतिरेमा भोग्नुपर्ने कैदको सजायको हकमा सोही बखतको कानून अर्थात् मुलुकी ऐन लेनदेन व्यवहारको १९ नं.को व्यवस्था नै आकर्षित हुने, मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४४ को व्यवस्था आकर्षित नहुने । अर्थात् बिगो नतिरेमा अधिकतम दुई वर्ष नभई १ वर्ष मात्र कैद हुने ।

कैद गर्दा प्रतिदिन के कति रूपैयाँका दरले बिगो कट्टी हुने हो भन्ने विषयमा केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्न बनेको ऐन, २०७४ को दफा ३९ को उपदफा २(ख१) मा "विचाराधीन वा फैसला भइसकेको मुद्दामा जरिवाना वा बिगोबापत कैद गर्दा वा कैदमा बसेको अवधिलाई जरिवानामा परिणत गर्नुपर्दा मुलुकी देवानी कार्यविधि संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्थाबमोजिम हुने छ" भन्ने उल्लेख भएबाट उक्त व्यवस्थामा "बिगोबापत कैद गर्दा मुलुकी देवानी कार्यविधि संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताको व्यवस्थाबमोजिम हुने छ" भन्ने उल्लेख भएकोबाट उक्त व्यवस्थाले बिगोबापत कैद गर्दा प्रतिदिन के कति रूपैयाँको दरले कैदको हिसाब गरिने हो भन्नेसम्म कुरालाई सङ्केत गर्न खोजेको देखिने ।

वर्तमान मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २४४(२) ले यसरी बिगोलाई कैदमा परिणत गर्दा प्रतिदिनको रू. ४००।- को दरले हिसाब गर्नुपर्ने व्यवस्था गरेकोबाट रकमको हिसाबसम्म साबिक मुलुकी ऐनबमोजिम नभई वर्तमान कानूनबमोजिम हुने । यसरी व्याख्या नगरी बिगोबापत कैद गर्दा दफा २४४ को उपदफा (३) बमोजिम दुई वर्ष कैद गर्न सकिन्छ भन्दा संहिताको व्यवस्थालाई पश्चात्दर्शी असर पुग्ने गरी व्याख्या गरेको हुन गई यस्तो व्याख्या संविधानको धारा २०(४) को मर्मविपरीत समेत हुन जाने ।

(प्रकरण नं.७)

कसुर हुँदाका बखत तिर्नु बुझाउनुपर्ने बिगोका सम्बन्धमा तत्कालीन कानूनबमोजिम कैद हद एक वर्ष मात्र रहेको अवस्था हुँदा सोही व्यवस्थाबमोजिम हुने र प्रतिदिन के कति दरले बिगोबापत रकम कट्टी गरिने हो भन्ने हकमा सम्म नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्न बनेको ऐन, २०७४ को दफा ३९ को उपदफा २(ख१) को व्यवस्था आकर्षित हुने ।

(प्रकरण नं.८)

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td></td><td>११३४१
पूर्ण
निर्णय दर्ता बदर, नामसारी हक कायमसमेत</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.श्री सुष्मालता माथेमा
मा.न्या.श्री कुमार रेग्मी
०७२-DF-०००१</td><td>केशवलाल श्रेष्ठ
विरुद्ध
गंगामान महर्जनसमेत</td><td>२०८०।०८।०५</td><td>मा.न्या.श्री कुमार रेग्मी</td><td>१५९८</td></tr>
<tr><td colspan="7">विवादित जग्गामा पुनरावेदकको निर्विवाद हक स्थापित नभई उक्त जग्गा गुठीको भन्ने प्रमाणित भएको हुँदा आफ्नो जग्गालाई जुनसुकै समयमा पनि आफ्नो नाउँमा दर्ता कायम गर्न पाउने कुरामा विमति हुन नसक्ने। गुठी संस्थानले कित्ताफोड गरी कायम भएको एउटा कित्ता जग्गा आफ्नो नाउँमा कायम गर्ने निर्णय गरेको विषयमा सबुद प्रमाणको मूल्याङ्कनपश्चात् पुनः अर्को कित्ता जग्गासमेत आफ्नै रहेको भनी दर्ता कायम हुने ठहर गरेको निर्णयलाई गुठी संस्थानले कुनै कुरा उल्लेख गरी एकपटक फाइदा लिएकोमा पुनः त्यसको विपरीत उल्लेख गरी दोहोरो फाइदा लिएको भनी अर्थ गर्न नमिल्ने। गुठी संस्थानले विवादित जग्गाको सम्बन्धमा गरेको निर्णयको विषयमा गुठी संस्थानलाई विबन्धनको सिद्धान्त (doctrine of estoppel) आकर्षित नहुने।
(प्रकरण नं.१०)</td></tr>
<tr><td></td><td>११३४२
पूर्ण
उत्प्रेषण</td><td>मा.न्या.श्री सुष्मालता माथेमा
मा.न्या.श्री हरिप्रसाद फुयाल
मा.न्या.डा.श्री मनोजकुमार शर्मा
०८०-WF-०००३</td><td>आदर्श पोलिप्लाष्टिक प्रा. लि.
विरुद्ध
महालेखा परीक्षकको कार्यालय, बबरमहल, काठमाडौंसमेत</td><td>२०८०।०४।१८</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल</td><td>१६१३</td></tr>
<tr><td colspan="7">महालेखा परीक्षकबाट लेखापरीक्षणपश्चात् जारी गरिएका रायसहितको लेखापरीक्षण प्रतिवेदन वा वार्षिक प्रतिवेदन नीतिगत सिफारिस (policy recommendation) वा परामर्श (consultation) को रूपमा हुने नभई आर्थिक कारोबार, अर्थ अनुशासन वा वित्तीय उत्तरदायित्व कायम गर्नका लागि अनिवार्य रूपमा</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">कार्यान्वयन गर्नुपर्ने प्रकृतिको हुने । महालेखा परीक्षक आर्थिक सुशासन, पारदर्शिता तथा उत्तरदायित्व कायम गराउने निकाय भएकाले यसको रायलाई सम्बन्धित कार्यालयको लागि बाध्यात्मक प्रकृतिको रहेको मान्नुपर्ने ।
(प्रकरण नं.१२)
महालेखा परीक्षकको प्रतिवेदन स्वतः कार्यान्वित हुने प्रकृतिको दस्ताबेज नभई सम्बन्धित कार्यालयका लेखा उत्तरदायी अधिकृत, जिम्मेवार व्यक्तिहरूमार्फत मात्र कार्यान्वयन हुने प्रकृतिको देखिएकाले महालेखा परीक्षकले लेखापरीक्षण गरी प्रतिवेदन तयार गर्दाका बखतमा नभई असुलउपर गरिनुपर्ने बेरूजु औंल्याइएपश्चात् कानूनबमोजिम असुलउपर गर्ने जिम्मेवारी भएको कार्यालयबाट असुलउपरको काम कारबाही गर्दाका बखत सो बेरूजुको रकम दाखिला गर्नुपर्ने दायित्व रहेको व्यक्ति, संस्था वा कम्पनीलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम सुनुवाइको मौका दिनुपर्ने ।
(प्रकरण नं.२३)</td></tr>
<tr><td></td><td>११३४३
पूर्ण
निखनाई पाऊँ</td><td>मा.न्या.श्री कुमार रेग्मी
मा.न्या.श्री शारङ्गा सुवेदी
मा.न्या.श्री महेश शर्मा पौडेल
०७५-NF-००२२</td><td>अयोध्या यादव
विरूद्ध
सीताराम चमार</td><td>२०८०।०१।३१</td><td>मा.न्या.श्री कुमार रेग्मी</td><td>१६३८</td></tr>
<tr><td colspan="7">खेतीयोग्य जग्गाको हकमा दुई जग्गा वा कित्ताको साँध जोडिँदैमा एक अर्काको सन्धिसर्पन पर्ने भनी सम्झनु वा अर्थ गर्न नमिल्ने । सन्धिसर्पनको लागि जुन ठाउँ वा जग्गाको उपयोग वा प्रयोगविना त्यससँग जोडिएको अर्को ठाउँ वा जग्गाको उपयोग हुन नसक्ने अवस्था आवश्यक हुने । सन्धिसर्पन पर्नको लागि एउटा जग्गा नभई अर्को जग्गामा आवतजावत निकास बाटो बन्द हुन वा पानी लाग्ने लगाउने खेतीलगायतका अन्य कार्य गर्न नपाउने अवस्था हुनुपर्ने ।
ऐनले साँध जोडिएको जग्गा निखन्न पाउने व्यवस्था गरेको नभई सन्धिसर्पन परेको जग्गा निखन्न पाउने कानूनी व्यवस्था गरेको हुँदा अदालतबाट भएको नक्सा मुचुल्काबाट जग्गाको पूर्व र पश्चिमतर्फबाट उत्तर दक्षिण समानान्तर रूपमा बाटो निकास रहेको देखिएको अवस्थामा साँध जोडिएकोले सन्धिसर्पन परेको भन्न नमिल्ने ।
(प्रकरण नं.७)
जग्गा निखनाई पाउनको लागि दाबी लिने वादीले दाबीको जग्गा सन्धिसर्पन पर्ने स्पष्ट आधार नदेखाई केवल साँध सिमाना मिलेको भन्ने मात्र आधारले निखनी लिन नपाउने । निखनाई पाउने हक तब मात्र सिर्जना हुन्छ जब कुनै व्यक्तिको घर वा जग्गाको कारणबाट साँध जोडिएका व्यक्तिको घर वा जग्गामा कुनै न कुनै प्रकारले निकास अवरूद्ध भएको हुनुपर्ने ।
(प्रकरण नं.८)</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३४४ **पूर्ण** **मूल्य अभिवृद्धि कर**	**मा.न्या.श्री कुमार रेग्मी** **मा.न्या.श्री टेकप्रसाद ढुंगाना** **मा.न्या.श्री बालकृष्ण ढकाल** ०७७-NF-००३५	**भाटभटेनी सुपर मार्केट एन्ड डिपार्टमेन्टल स्टोर प्रा.लि. विरूद्ध महानिर्देशक, आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत**	**२०८०।१०।१६**	**मा.न्या.श्री टेकप्रसाद ढुंगाना**	**१६४८**

कर छली गर्ने मनसायले कर विवरण पेस भएको अवस्थामा हदम्यादको सीमा नतोकिनु विधायिकी मनसाय नै रहेको देखिने । कानूनमा भएको अपवादात्मक व्यवस्था वा विशेष व्यवस्थालाई विधायिकाको अन्तिम आशयको रूपमा लिइने । कुनै कानूनमा एकै दफामा सामान्य र विशेष गरी दुई फरक प्रावधान राखिएको देखिएमा विशेष कानूनी व्यवस्था मान्य (overriding effects) हुन्छ र यसले सामान्य कानूनी प्रावधानलाई निष्क्रिय वा शङ्कुचित गराउँछ भन्ने मान्यता राख्ने । मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २० को उपदफा (४) ले कानूनको सामान्य व्यवस्थाअन्तर्गत कर अधिकृतले निश्चित अवधि चार वर्षभित्र कर निर्धारण गर्नुपर्ने कर्तव्यलाई इङ्गित गरेको देखिने भने उपदफा (४क) को व्यवस्था भनेको हदम्यादको अपवादात्मक विशेषाधिकारयुक्त व्यवस्था हो अर्थात् कर छलीलाई नियन्त्रण गर्ने उद्देश्यले आन्तरिक राजस्व विभागलाई सुम्पिएको विशेष जिम्मेवारीअन्तर्गत जहिलेसुकै पनि कर निर्धारण गर्न मिल्ने ।

(प्रकरण नं.४)

करदाताले पेस गरेको विवरण यो कारणले म्यादभित्र नरहेको, यो यस कारणले अधुरो र त्रुटिपूर्ण रहेको, यो कारणले झुट्ठा रहेको वा करको कम रकम देखाएको वा ठिक नभएको, न्यून बीजकीकरण गरेको, बीजक जारी नगरी बिक्री गरेको, दर्ता नगरी कर उठाएको वा कारोबार गरेको भन्नेलगायतका आधारहरू प्रमाणबाट कर अधिकृतले नै स्थापित गर्नुपर्ने । कर अधिकृतको यो प्रमाणको भारसम्बन्धी दायित्व निरपेक्ष कानूनी दायित्व नभई स्वयंकर निर्धारण प्रणालीअन्तर्गत करदातालाई सुम्पेको कानूनी दायित्वको सापेक्षतामा परिभाषित गर्नुपर्ने दायित्व हो भनी मान्नुपर्ने ।

(प्रकरण नं.८)

तिरेको कर र बिक्रीमा सङ्कलन गरेको कर मिलान गरी फरक हुन आउने कर रकम अप्रत्यक्ष करको रूपमा रहेको मूल्य अभिवृद्धि करको भार वहन अन्ततोगत्वा उपभोक्ताले नै गर्ने । मूल्य अभिवृद्धि कर लाग्ने वस्तु वा सेवाको कारोबार गर्ने दर्तावाल व्यक्तिको अहम् दायित्व खरिद बिक्रीको कारोबार रकम तथा खरिदमा

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
तिरेको कर र बिक्रीमा सङ्कलन गरेको करको मासिक हिसाब राखी स्वयं कर निर्धारण गरी उपभोक्ताले तिरेको कर राज्यकोषमा दाखिला गर्नुपर्ने । व्यापारिक वस्तु वा सामानको खरिद बिक्री गर्ने व्यक्ति आफैँले मूल्य अभिवृद्धि कर तिर्ने नभएर कारोबारको हरेक तहमा भएको बिक्रीको मूल्यअनुसार अभिलेख राखी सङ्कलन भएको कर दाखिल गर्ने सहजकर्ताको भूमिका मात्र निर्वाह गर्ने । दोहोरो करको अवस्था आउन नदिन व्यापारिक वस्तु वा सेवा खरिद गर्ने व्यक्ति फर्म वा कम्पनीले तिरेको कर आफूले त्यस्तो वस्तु वा सेवा बिक्री गर्दा उपभोक्तासँग कर उठाएपछि करकट्टी गर्न पाउने । करदाताले मूल्य अभिवृद्धि करमा दर्ता नभएको फर्म वा व्यक्तिसँग खरिद गरेको बीजक पेस गरी, कारोबारको अद्यावधिक विवरण पेस नगरेका र कर दाखिलासमेत नगरेका फर्म वा कम्पनीसँग सामान खरिद गरेको भनी बीजक पेस गरी तथा आफूसँग कारोबार नै नगरेका फर्म वा कम्पनीसँग लिएको बीजक मात्र पेस गरी करकट्टी लिन्छ र सोको समर्थन खरिद बिक्री खातालगायतको कर तिरेको प्रमाण पेस गरी गराउन सक्दैन भने त्यस्तो अवस्थामा झुट्टा वा नक्कली बीजक बनाई राज्य कोषमा जम्मा हुनुपर्ने कर राजस्व गैरकानूनी रूपमा करकट्टी गरी अनुचित लाभ लिने गम्भीर कसुर गरेको स्वतः स्पष्ट देखिने । (प्रकरण नं.१३)						
	११३४५ पूर्ण उत्प्रेषण	मा.न्या.श्री शारङ्गा सुवेदी मा.न्या.श्री सुनिलकुमार पोखरेल मा.न्या.श्री बालकृष्ण ढकाल ०७६-WF-०००४	विन्देश्वर ठाकुर विरूद्ध पुनरावेदन अदालत जनकपुरसमेत	२०८०।१।८	मा.न्या.श्री शारङ्गा सुवेदी	१६७३
लिलाम सकार गर्ने व्यक्तिले जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५ को उपनियम ७क. बमोजिम रकम दाखिल गरिसकेपछि पनि मुलुकी ऐन दण्ड सजायको ६१ नं. बमोजिमको म्यादभित्र फैसला कार्यान्वयनको सिलसिलामा तहसिलदार कर्मचारीले गरेको काम कारबाहीमा चित्त नबुझ्ने सरोकारवाला व्यक्तिले उजुर गर्न सक्ने स्पष्ट कानूनी व्यवस्था रहेको पाइँदा लिलाम सकार गर्ने पक्षले डाँक कबोल गरेबमोजिमको रकम दाखिल गरेपछि निजको स्वत: हक सिर्जना भइहाल्ने नभई मुलुकी ऐन दण्ड सजायको ६१ नं. को म्यादभित्र कोही कसैको दाबी उजुर नपरे वा त्यसरी परेको उजुरीको कानूनबमोजिम अन्तिम टुङ्गो लागेपछि मात्र लिलाम सकार गरेको सम्पत्तिमा हक प्राप्त गर्ने अवस्था हुने । लेनदेन मुद्दाका प्रतिवादी निवेदकले दण्ड सजायको ६१ नं. को म्यादभित्र वादीले भराइपाउने ठहरेको बिगोसमेत दाखिल गरी डाँक लिलाम बदर गरिपाउन उजुरी निवेदन लिई आएको अवस्थामा उजुरी निवेदन दर्ता गरी बिगो धरौटी राखी उजुरी निवेदन इजलाससमक्ष पेस गर्ने गरेको तहसिलदारको कार्य कानूनविपरीत मान्न नमिल्ने । तहसिलदारले गरेको काम कारबाहीमा चित्त नबुझ्ने पक्षको उजुरी निवेदन ग्रहण गर्न तहसिलदारले इन्कार						

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">गर्न नमिल्ने । आफूले गरेको काम कारबाहीउपरको उजुरी नै तहसिलदारले ग्रहण गर्न मिल्दैन भनेर अर्थ गर्ने हो भने मुलुकी ऐन दण्ड सजायको ६१ नं.को कानूनी व्यवस्था निस्तेज हुने मात्र होइन तहसिलदार कर्मचारीको स्वेच्छाचारिताले समेत प्रश्रय पाउने अवस्था हुन जाने । दण्ड सजायको ६१ नं.को कानूनी व्यवस्थाबमोजिम रिट निवेदकले दाखिल गरेको बिगो धरौटी राखी लिलाम मुचुल्काउपरको उजुरी दर्ता गरेको कार्यलाई विधिसम्मत मान्नुपर्ने ।
(प्रकरण नं.१०)</td></tr>
<tr><td></td><td>११३४६

संयुक्त

अंशबन्डा गरिपाऊँ</td><td>मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ
मा.न्या.श्री नहकुल सुवेदी

०७३-CI-०६८१</td><td>आज्ञा राजभण्डारीसमेत
विरूद्ध
कुमारबहादुर राजभण्डारी</td><td>२०८०।०४।३१</td><td>मा.न्या.
श्री नहकुल सुवेदी</td><td>१६८५</td></tr>
<tr><td colspan="7">कसैले निजी तवरबाट दान बकस पाएको भए त्यस्तो सम्पत्ति अन्य अंशियारलाई बन्डा नलाग्ने तथ्यमा विवाद भएन तर उक्त कानूनमा प्रयुक्त "निजी तवरले दान वा बकस पाएको" भन्ने वाक्यांश हेर्दा त्यस्तो सम्पत्ति बकस पाएको मात्र नभई "निजी तवरले" बकस पाएको हो वा होइन भन्ने हेर्नुपर्ने । सोका लागि दाबीको सम्पत्ति दाबीकर्ताले दातालाई रिझाएबापत कुनै मूल्य नलिई वा उल्लेख्य रूपमा कम मूल्य लिई सही र वास्तविक अर्थमा बकस पाएको तथ्य स्थापित हुनुपर्ने । रकम तिरी खरिद गरिएको जग्गालाई समेत बकसपत्र नामकरण गरी पारित गर्न कानूनले बाधा नगरेको अवस्थामा मुद्दाको तथ्यबाट त्यस्तो कानूनी व्यवस्थाको लाभ लिई रकम तिरी भएको कारोबारलाई समेत रिझबापत भनी कैफियत जनाई बकसपत्र नामकरण गरेको देखिन आएमा त्यसरी प्राप्त गरिएको सम्पत्तिलाई निजी तवरले बकसपत्रबाट प्राप्त सम्पत्ति भनी अन्य अंशियारलाई बन्डा नलाग्ने भन्नु न्यायको रोहमा उचित नहुने ।
(प्रकरण नं.५)</td></tr>
<tr><td></td><td>११३४७

संयुक्त

उत्प्रेषण</td><td>मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई
मा.न्या.श्री बालकृष्ण ढकाल

०७९-WO-०१५२</td><td>धर्मराज न्यौपानेसमेत
विरूद्ध
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत</td><td>२०८०।१२।१४</td><td>मा.न्या.
डा.श्री आनन्द मोहन भट्टराई</td><td>१६९६</td></tr>
<tr><td colspan="7">सशस्त्र द्वन्द्वको कारण विस्थापित हुनेहरूको जीवन, स्वतन्त्रता, समानता र सम्पत्तिको हक, शिक्षा, रोजगारीलगायत धार्मिक, सांस्कृतिक, एवं स्वच्छ वातावरणमा बाँच्न पाउने हक, समावेशिता र</td></tr>
</table>

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">सहभागिताका हकहरूमा समेत जुन किसिमले असर परेको छ ती सबै हकहरू पुन:स्थापित (restore) गर्नु राज्य संयन्त्रको दायित्व हुने।
(प्रकरण नं.५)
नेपालको संविधानको प्रस्तावना, मौलिक हकसम्बन्धी व्यवस्थाहरूले परोक्ष रूपमा र धारा ४२(५) ले प्रत्यक्षरूपमा द्वन्द्वको कारण विस्थापित हरूको हकमा कार्य गर्ने दायित्व राज्यउपर सुम्पेको अवस्थामा राज्यले विस्तृत शान्ति सम्झौताअनुरूप द्वन्द्वबाट विस्थापित भएका परिवार, व्यक्ति तथा नागरिकका हकमा न्याय दिने, राहत दिने तथा स-सम्मान पुनर्स्थापना गर्ने कुरामा प्रतिबद्धता जनाइ सम्झौता गरेपछि उनीहरूप्रति सोअनुरूपको कार्य गर्नुपर्ने।
(प्रकरण नं.९)</td></tr>
<tr><td></td><td>११३४८
संयुक्त
जबरजस्ती करणी</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.श्री कुमार रेग्मी
०७५-CR-१९१५</td><td>टिका भन्ने चेतन लावती
विरूद्ध
नेपाल सरकार</td><td>२०८०।०३।१४</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत</td><td>१७०७</td></tr>
<tr><td colspan="7">बालबालिकालाई अनुचित प्रभावमा पारी गरिने करणीबाहेक समान उमेर समूहका वा केही निश्चित उमेरको अन्तराल मात्र भएका बालबालिकाहरूबिच प्रेम सम्बन्ध तथा यौन चाहनाका कारण आपसमा निकटता रही शारीरिक सम्बन्ध वा करणी लेनदेन हुन सक्ने अवस्थालाई अनदेखा गरी कानूनको व्याख्या यन्त्रवत् रूपमा गरी बालबालिकालाई सजाय निर्धारण गर्ने हो भने त्यस्ता बालबालिकाप्रति गरिने निर्णय विवेकसम्मत र न्यायोचित नहुने।
(प्रकरण नं.४)
वैवाहिक जोडीबिचमा आपसी सहमतिमा हुन सक्ने करणी आपराधिक मनसाय नभई सामाजिक मूल्य मान्यता, समाज विकासको आधारभूत पक्ष एवम् शारीरिक आवश्यकता भएकोले विवाहित पति पत्नीबिचको आपसी सहमति र भावनाका साथ भएको शारीरिक सम्पर्कभन्दा अन्यथा रूपमा हेरी कसुर कायम गर्नु न्यायोचित नहुने। विवाह गरी सँगै बस्ने सहमति गर्नु र विवाह गरी केही समय पीडित र प्रतिवादी सँगैसाथै रहेको अवस्थामा भएको शारीरिक तथा यौन सम्बन्धलाई लिएर जबरजस्ती करणीजस्तो गम्भीर कसुरमा कठोर सजाय गर्नुसमेत विवेकसम्मत नहुने। विधिकर्ताले समेत यस्ता प्रकृतिका कसुरमा अन्य जबरजस्ती करणीको कसुरमा भन्दा कम सजाय हुने व्यवस्था मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३ नं. को देहाय ६ मा गरेको देखिने।
(प्रकरण नं.७)
परम्पराअनुसार विवाह भएको तथ्य स्थापित भई विवाहित जोडी कायम भएकै अवस्थामा जबरजस्ती</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">करणी गरेमा अन्य अवस्थामा भएको जबरजस्ती करणी गर्ने व्यक्तिलाई हुने सजायसरह विवाहितहरूबिच भएको जबरजस्ती करणीलाई पनि सजाय गर्नु न्यायोचित नहुने । विवाहित जोडीहरूबिचमा करणी भएको तर त्यस्तो करणीमा महिलाको असहमति रहेको देखिएको अवस्थामा तत्काल प्रचलित मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं.बमोजिमको कसुर कायम गरी ऐ. महलको ३ नं. को देहाय ६ बमोजिमको सजाय गर्दा नै न्यायोचित हुने ।
(प्रकरण नं.८)</td></tr>
<tr><td></td><td>११३४९
संयुक्त
उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.श्री सुनिलकुमार पोखरेल
०८०-WO-०३८१</td><td>अशोकराज रेग्मी
विरूद्ध
न्याय सेवा आयोग, रामशाहपथ, काठमाडौंसमेत</td><td>२०८०।११।३०</td><td>मा.न्या.श्री सुनिलकुमार पोखरेल</td><td>१७२६</td></tr>
<tr><td colspan="7">माग आकृति फाराम भरी न्याय सेवा आयोगमा लेखी पठाउने सम्बन्धित निकाय र आयोगले आफ्नो जानकारीसम्मको लागि प्रतिशत निर्धारण भएसमेतका कुल पदको अभिलेख राखिने भए तापनि प्रतिशत निर्धारण गर्ने समयमा २१औं देखिको पदहरूलाई पुनः नयाँ चक्रको पहिलोबाट गणना गरी प्रतिशत निर्धारण गर्नुपर्ने । न्याय सेवा नियमावली, २०७४ को अनुसूची-३ तालिकावद्ध सूत्रको विधि पद्धतिलाई छाडी कुल संख्यामा खुला प्रतियोगिताको संख्या पुर्‍याउन १ पद खुलातर्फ कायम गरेको कानूनसम्मत मान्न नमिल्ने ।
(प्रकरण नं.७)</td></tr>
<tr><td></td><td>११३५०
संयुक्त
जबरजस्ती करणी</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.श्री हरिप्रसाद फुयाल
०७६-CR-०९०३</td><td>नेपाल सरकार
विरूद्ध
मोहम्मद अलि मनिहार</td><td>२०८०।०७।१७</td><td>मा.न्या. श्री सपना प्रधान मल्ल</td><td>१७४२</td></tr>
<tr><td colspan="7">कानूनमा अन्य नाताको व्यक्तिका बिचमा करणी गर्नेलाई सजायको व्यवस्थासमेत हाडनाता करणीको महलमा गरेको देखिएको र आफ्नै श्रीमतीले अघिल्लो लोग्नेबाट जन्मिएको छोरीलाई साथमा ल्याई सँगसाथै बसेको र संरक्षकत्वसमेत प्रदान गरेकोमा आफ्नै छोरी नभए तापनि सँगसाथ ल्याएकी आफ्नै श्रीमतीको छोरीलाई करणी गरेको अवस्थामा अन्य नाताका बिचमा करणी गरेको मान्नुपर्ने । यसरी आफ्नै सँगसाथ तथा संरक्षकत्वमा बस्ने आफ्नै श्रीमतीले अघिल्लो लोग्नेतर्फबाट जन्मेका छोरीलाई करणी गर्दा हाडनाता हुँदैन भन्नु कानूनको सही र सान्दर्भिक व्याख्या हुन नसक्ने । सौतेनी आमा छोराबिच करणी भएकोमा</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">कानूनको व्याख्या भएको तर सौतेनी छोरीका हकमा कानून मौन भएकोमा मुलुकी ऐन, हाडनातामा करणी गर्नेको महलको २(४) नं. मा भएको अन्य नाताभित्र सौतेनी बाबु छोरी परेको अर्थमा बुझ्नुपर्ने।
(प्रकरण नं.५)</td></tr>
<tr><td></td><td>११३५१
संयुक्त
लिखित बेइज्जती</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.डा.श्री मनोजकुमार शर्मा
०७८-CR-०७६२</td><td>नारायणप्रसाद पोखरेलसमेत
विरूद्ध
पार्वती आचार्य पुन</td><td>२०८०।०४।१७</td><td>मा.न्या. श्री सपना प्रधान मल्ल</td><td>१७५०</td></tr>
<tr><td colspan="7">सामान्य रूपमा मुद्दामा व्यक्त गरिएका कथन केवल मुद्दाको निरूपण गर्ने प्रयोजनसम्मका लागि हो तर कुनै व्यक्तिको इज्जतमा आँच आउने गरी हुँदै नभएको, प्रसङ्गविहीन, अतिशयोक्तिपूर्ण, कोरा कल्पनामा आधारित निकृष्ट अभिव्यक्ति दिने कार्य सधैँ र सबै अवस्थामा स्वीकार्य हुन सक्दैन र मुद्दाको प्रसङ्गमा समेत सो कुरा अपवाद हुन नसक्ने।
(प्रकरण नं.४)
गाली बेइज्जतीले व्यक्तिको चरित्रमा कति असर र प्रभाव पारेको छ त्यसबाट सिर्जित परिणामले निजलाई समाजमा जीविकोपार्जन गर्न तथा समाजमा निजको प्रतिष्ठामा तथा निजी जीवनमा कति असहज बनाएको भन्ने विषय पनि विचार गर्नुपर्ने। मुद्दाका प्रसङ्गमा भए पनि प्रतिवादीले अरूको इज्जतमा प्रश्न उठाउन नसक्ने। यौन कार्यमा संलग्न महिलालाई पनि सहमतिबिना यौन सम्बन्धमा इन्कार गर्ने अधिकार छ भने जबरजस्ती मुद्दाका प्रतिवादीले एउटी महिला जसको नाबालक छोरी नै जबरजस्ती करणीको कारण मानसिक एवम् शारीरिक रूपमा प्रताडित भइरहेको अवस्थामा उल्टै जाहेरवालाको चरित्रमाथि नै गम्भीर प्रश्न उठ्ने गरी बयान तथा बकपत्र बेहोराबाट यौनधन्दा जस्तो कार्यमा संलग्न रहेको भन्ने कुरा लिखित रूपमा नै प्रस्ट भएबाट प्रतिवादीहरूको त्यस्तो अभिव्यक्तिले फिरादीको मान इज्जत र सामाजिक प्रतिष्ठामा धक्का पुगेको देखिँदा लिखित गाली बेइज्जती ठहर्ने।
(प्रकरण नं.५)</td></tr>
<tr><td></td><td>११३५२
संयुक्त
भ्रष्टाचार</td><td>मा.न्या.श्री कुमार रेग्मी
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ
०७५-CR-००५१</td><td>बाल मुकुन्द श्रेष्ठ
विरूद्ध
नेपाल सरकार</td><td>२०७९।०७।३०</td><td>मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ</td><td>१७५६</td></tr>
<tr><td colspan="7">कुनै प्रमाणको ग्राह्यताका सम्बन्धमा विचार गर्दा तीनवटा कुराहरू सम्बद्धता (relevance), विश्वसनीयता (reliability) र वजन (weight) महत्त्वपूर्ण मानिने। सम्बद्धता मुद्दामा ठहर गर्नुपर्ने कुरालाई प्रमाणित वा</td></tr>
</table>

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">खण्डन गर्न सहायता पुऱ्याउने आधारमा यकिन गरिने हुन्छ भने विश्वसनीयता प्रमाणको स्रोतको आधारमा यकिन गरिने । प्रमाणको वजन प्रमाणको प्रकृतिबाट जस्तो प्रत्यक्ष प्रमाण हो वा परिस्थितिजन्य प्रमाण हो भन्ने आधारमा यकिन गरिने । यस पृष्ठभूमिमा अडियो रेकर्डिङको प्रमाण ग्राह्यताका सम्बन्धमा विचार गर्दा हाम्रो प्रमाण कानूनले यस प्रकारको रेकर्डिङलाई प्रमाणमा लिन नहुने गरी व्यवस्था भएको नपाइने ।
(प्रकरण नं.११)
प्रतिवादी स्वयंले सेवाग्राहीबाट रकम लिएको तथ्यलाई स्वीकार गर्दछ र त्यस्तो रकम निजको आफ्नो ओहोदाको काम कर्तव्य सम्पादन गरेबापत लिएको मान्न नसकिने गरी अन्यथा प्रमाणित भएको अवस्था छैन भने अदालतले योभन्दा अरू सर्वोत्तम प्रमाण खोजेर प्रतिवादीलाई घुस रिसवतको कसुरबाट सफाइ दिनु प्रमाण कानूनको मान्य सिद्धान्तविपरीत हुने ।
(प्रकरण नं.१२)</td></tr>
<tr><td></td><td>११३५३
संयुक्त
जालसाज</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल
मा.न्या.श्री नहकुल सुवेदी
०६६-CR-०८२४</td><td>राम सुन्दर यादव
विरुद्ध
महेन्द्रप्रसाद यादवसमेत</td><td>२०८०।०३।१९</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल</td><td>१७७६</td></tr>
<tr><td colspan="7">नेपालमा अन्य देशजस्तो इच्छापत्र वा वसियतनामा लेख्ने व्यवस्था नभए तापनि मुलुकी देवानी संहिता, २०७४ को दान तथा बकससम्बन्धी व्यवस्थाले केही हदसम्म वसियतात्मक (testamentary) अधिकारलाई मान्यता दिएको निष्कर्ष गर्नु अनुचित नदेखिने । शेषपछि खाने गरी इच्छापत्र वा बकसपत्र गरिदिएको अवस्था नरहेमा कुनै व्यक्तिको मृत्युपछि निजको सम्पत्तिको हक नजिकको हकवालामा कानूनबमोजिमको प्राथमिकताक्रमअनुसार सर्ने गरी मुलुकी देवानी संहिता, २०७४ को दफा २३७ अनुरूप अपुताली खुला भएको सम्पत्ति नै अनिश्चित सम्पत्ति (intestate property) रहेको देखिने ।
(प्रकरण नं.१२)
हिन्दु कानूनी प्रणालीसमेतले अङ्गीकार गरेको हकवाला नभएको मृतकको सम्पत्ति राज्य वा सरकारमा सर्ने अवधारणा (doctrine of escheat) लाई मुलुकी देवानी संहिता, २०७४ को दफा २४८ मा समावेश गरिसकेकोमा मृतकको हकवाला नभएको स्थितिमा निजको सम्पत्तिबाट भए साहुको रकम तिरी बाँकी रहेको जग्गासहितको सम्पत्तिको हक तथा स्वामित्व सम्बन्धित स्थानीय तहमा सर्नेमा विवाद गरिरहनु नपर्ने ।
(प्रकरण नं.१३)
मुलुकी ऐन, अपुतालीको महलको २ नं. को देहाय २ तथा १६ नं.बमोजिम अपुतालीको सम्पत्ति हकवाला नभएमा वा भए पनि निजले अपुताली नलिएमा नेपाल सरकारको नाममा कायम हुने भनी उल्लेख भएकोमा मुलुकी देवानी संहिता, २०७४ को दफा २४८(१) बमोजिम कुनै व्यक्तिको अपुताली खुला भएमा र निजका</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
हकवाला नभएमा वा भए पनि निजले त्यस्तो अपुताली स्वीकार नगरेमा मृतकको सद्‌गत तथा किरिया गर्दा लागेको खर्च कटाई र निजका साहु भए साहुको रकम भुक्तानी गर्दा पनि सम्पत्ति बाँकी रहेकोमा त्यस्तो सम्पत्ति सम्बन्धित स्थानीय तहको हुने । (प्रकरण नं.१६)						

नेपाल कानून पत्रिका २०८१ - माघ अङ्कमा प्रकाशित नजिरहरू

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३५४ बृहत् पूर्ण भ्रष्टाचार	स.प्र.न्या.श्री प्रकाशमान सिंह राउत मा.न्या.श्री विनोद शर्मा मा.न्या.श्री अब्दुल अजीज मुसलमान मा.न्या.श्री सुनिलकुमार पोखरेल मा.न्या.श्री नृपध्वज निरौला ०८१-FN-०४२० (०८०-CR-०११४)	शिवराज उपाध्याय विरूद्ध नेपाल सरकार	२०८१।०४।२३	स.प्र.न्या.श्री प्रकाशमान सिंह राउत	१७९७
कानूनले कुनै कुरामा रोक लगाउँदैन वा निषेध गर्दैन भने अदालतले व्याख्यामार्फत वा विभिन्न अप्रासाङ्गिक कानूनको सहारा लिई त्यस्तो निषेध नगरिएको कुरामा रोक लगाउने, त्यस्तो कानूनी व्यवहारलाई खुम्च्याउने (minimize) वा प्रयोगहीन तुल्याउने कार्य न्यायिक मान्यताअनुकूल नहुने । भ्रष्टाचार मुद्दाका प्रतिवादीले पुनरावेदन गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(२), (४) बमोजिम धरौटी दिन नसकी थुनामा रहेका प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५४ र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३(१) को कानूनी व्यवस्थाका आधारमा दफा १३७(६) को सुविधा नदिने तर सोही मुद्दामा धरौटी दिन सक्ने प्रतिवादीलाई ऐ. संहिताको दफा १३७(२), (४) बमोजिम धरौटी तारिखमा राखी पुनरावेदन गर्ने सुविधा दिँदा समान मुद्दाका प्रतिवादीहरूबिच संविधानप्रतिकुल असमान व्यवहार हुने । (प्रकरण नं.८) धरौट जमानत दिन सक्ने अवस्था नरही कैदमा बसी प्रतिवादीको पुनरावेदन दर्ता भएको र सो मितिले ६ महिनाभित्र मुद्दा फैसला हुन नसकी सो अवधि व्यतीत भएको देखिन आएबाट मुलुकी फौजदारी कार्यविधि						

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
संहिता, २०७४ को दफा १३७ को उपदफा (६) मा प्रयुक्त "उपदफा (२) वा (४) बमोजिमको धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन दिने व्यक्तिको पुनरावेदनउपर त्यस्तो पुनरावेदन दर्ता भएको मितिले छ महिनाभित्र फैसला हुन नसकेमा सम्बन्धित पुनरावेदन सुन्ने अदालतले निजलाई त्यस्तो अवधिपछि कैदबाट छाडी तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने छ" भन्ने कानूनी व्यवस्थाको परिपालना र अनुशरण बाध्यात्मक रहेको देखिने । (प्रकरण नं.९) भ्रष्टाचार मुद्दामा सुरू विशेष अदालतबाट कसुरदार ठहर भई लागेको सजायबापत फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(२) बमोजिम धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन दिएको मितिले छ महिनाभित्र फैसला हुन नसकेका प्रतिवादीका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(६) बमोजिम तारिखमा राख्नुपर्ने र भ्रष्टाचार मुद्दाको गाम्भीर्यसमेतलाई विचार गरी कैदमा रहेका प्रतिवादीलाई कारागारबाट झिकाई तोकिएको तारिखमा उपस्थित हुनुपर्ने, सामान्य अवस्थामा गुज्रेको तारिख थाम्न र सुनुवाइ स्थगन गर्न नपाउने, मुद्दा अन्तिम फैसला नहुँदासम्म अदालतको अनुमतिबेगर विदेश जान नपाउने गरी राहदानी रोक्का हुनेसमेतको कागज गराई कैदबाट छाडी तारिखमा राखी मुद्दाको पुर्पक्ष तथा कारबाही गर्नुपर्ने । (प्रकरण नं.१०)						
	११३५५ पूर्ण जग्गा खिचोला मेटाई दर्ता बदर गरी, दर्ता गरी, हक कायम गरी चलन चलाइपाऊँ	स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा मा.न्या.डा.श्री मनोजकुमार शर्मा ०७९-DF-०००२	टुमनाथ बास्तोला विरूद्ध शालिकराज आचार्यसमेत	२०७९।११।१८	मा.न्या. डा.श्री मनोजकुमार शर्मा	१८०४
कुनै सम्पत्ति व्यक्तिगत कायम हुन सो सम्पत्तिको साबिक स्रोत स्पष्टसँग खुल्नुपर्ने । सो सम्पत्ति क्रेताले कानूनबमोजिम प्राप्त गरेको हुनुपर्ने । प्राप्त गरेको सो सम्पत्तिमा धनीको निरन्तर रूपमा भोग रहेको हुनुपर्ने । तर यदि उक्त सम्पत्तिको स्रोत नै स्पष्ट छैन, सो सम्पत्तिमा धनीको कुनै किसिमको भोग पनि छैन र लामो समयदेखि सो सम्पत्ति सार्वजनिक उपभोगमा कायम रहिरहेको स्थिति छ भने सो सम्पत्ति व्यक्तिगत						

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

सम्पत्ति नभई सार्वजनिक प्रकृतिको सरकारी सम्पत्ति नै भएको मान्नुपर्ने ।
नापीका समयमा पर्ती जनिएकोमा उक्त पर्ती जनिएका उपर कुनै उजुर गरी आफ्नो भन्ने प्रमाण पेस गरी आफ्नो नाउँमा दर्ता कायम गर्न नसकेको विवादित जग्गा लामो अवधिसम्म अटुटरूपमा भोग गर्नेका नाममा दर्ता हुन आएको र उक्त दर्ता कानूनसङ्गत नै देखिने ।

(प्रकरण नं.९)

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३५६ पूर्ण उत्प्रेषण / परमादेश	मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ ०८०-WF-०००१	हिक्मतकुमार कार्की विरूद्ध माननीय पर्शुराम खापुङ्ग, प्रदेश प्रमुख, प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेश विराटनगरसमेत	२०८०।०४।११	मा.न्या. डा.श्री आनन्द मोहन भट्टराई	१८२०

संविधानमा सभामुखले मुख्यमन्त्री नियुक्तिका सन्दर्भमा समर्थन जनाउन हुँदैन भनी किटानी रूपमा उल्लेख गरिएको नभए पनि निजले मत दिन पाउने सीमित अवस्थाका सम्बन्धमा नेपालको संविधानको धारा १८६, धारा १८२ को उपधारा (७) मा रहेको प्रकृतिको अपवाद स्वरूपको प्रावधानले सभामुखलाई त्यस प्रकारको अधिकार वा अनुमति प्रदान गरेको नदेखिने । सभामुखको पदमा बहाल रहेको व्यक्तिले प्रदेश सभा सदस्यको पनि हैसियत रहेको भनी छुट्टै थप वा दोहोरो भूमिकाको दाबी गर्न नमिल्ने । सभामुखले सभामुखको भूमिकामा सीमित रहनुपर्ने ।

(प्रकरण नं.११)

संविधानको धारा १६८ को उपधारा (२), (३) तथा धारा १८८ को उपधारा (२) को बनौटलगायत संवैधानिक अभ्यासको दृष्टिले हेर्दा पनि सरकार गठनका लागि उक्त धारा १६८(२) बमोजिमको विकल्प रहेसम्म सो विकल्प अपनाउनु नै मनासिब हुने । संविधानको धारा १६८ को उपधारा (२) बमोजिमको विकल्प संविधानसम्मत तवरबाट अपनाउँदा सो प्रक्रियाबाट मुख्यमन्त्री नियुक्त हुन नसकेमा वा नियुक्त भए पनि निजले विश्वासको मत प्राप्त गर्न नसकेको अवस्थामा उपधारा (३) बमोजिम प्रदेश सभामा सबैभन्दा बढी सदस्यहरू भएको संसदीय दलको नेतालाई मुख्यमन्त्री नियुक्त गर्नुपर्ने ।
जुन बिन्दुबाट संविधानको प्रयोग र पालनामा त्रुटि भएको हो, सोही अवस्थाबाट संविधानसम्मत तवरले प्रक्रिया अगाडि बढाउनु मनासिब हुने भएकाले विवादित विषयका सन्दर्भमा अहिलेको अवस्थामा संविधानको धारा १६८(२) बमोजिम सरकार गठन गर्नु नै संविधानसम्मत हुने । संविधानको धारा १६८

<table>
<tr><th>क्र. स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">को उपधारा (२) को प्रक्रिया नै त्रुटिपूर्ण देखिएको अवस्था हुँदा प्रस्तुत विवादमा उपधारा (२) बमोजिमको प्रक्रिया सुरू गर्नु संविधानको शब्द, मर्म र भावनाअनुकूल हुने ।
(प्रकरण नं.१३)</td></tr>
<tr><td></td><td>११३५७
पूर्ण
बन्दी प्रत्यक्षीकरण</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत
मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.डा.श्री मनोजकुमार शर्मा
०७९-NF-००२३</td><td>दुर्गाबहादुर भण्डारी
विरूद्ध
उच्च अदालत पाटनसमेत</td><td>२०८०।४।२५</td><td>मा.न्या.श्री प्रकाशमान सिंह राउत</td><td>१८३८</td></tr>
<tr><td colspan="7">कुनै व्यक्तिको हाल बसोबास गर्ने गरेको वतन मिसिल कागजबाट खुल्न आएकोमा सोही वतनमा र त्यस्तो वतन खुल्न नसकेको वा सो वतनमा म्याद जारी हुँदा रीतपूर्वक तामेल हुन नसकेको अवस्थामा स्थायी वतनमा म्याद जारी गर्नु तर्कसङ्गत मान्न सकिने । तर मिसिलबाट हाल बसोबास अर्को वतनमा भएको देखिएको स्थितिमा निजको नाउँको म्याद सो वतनमा जारी नगरी नागरिकताको प्रमाणपत्रमा उल्लिखित स्थायी वतनमा जारी गर्ने कुराले यथार्थमा निजले त्यस्तो समाह्वान म्याद पाएको भनी विश्वस्त हुन नसकिने ।
(प्रकरण नं.५)
म्याद सूचना पाउनुपर्ने व्यक्तिका नाममा जारी भएको म्याद र तामेली त्रुटिरहित भए मात्र सम्बद्ध व्यक्तिले उक्त म्याद पाएको मानिने । त्यसरी त्रुटिरहित तवरले म्याद र सूचना पाएका सम्बद्ध व्यक्तिले कानूनको म्यादभित्र प्रतिवाद नगरेको स्थितिमा मैले म्याद सूचना पाइन भन्ने याचनालाई सुनुवाइ गर्ने निकायले इन्कार गर्ने ।
(प्रकरण नं.७)</td></tr>
<tr><td></td><td>११३५८
पूर्ण
उत्प्रेषण</td><td>मा.न्या.श्री कुमार रेग्मी
मा.न्या.डा.श्री नहकुल सुवेदी
मा.न्या.श्री अब्दुल अजीज मुसलमान
०८०-WF-००५६</td><td>कोशी प्रदेश सरकारका मुख्यमन्त्री केदार कार्की
विरूद्ध
प्रदेश प्रमुखको कार्यालय, कोशी प्रदेशसमेत</td><td>२०८१।३।११</td><td>मा.न्या.श्री कुमार रेग्मी</td><td>१८५०</td></tr>
<tr><td colspan="7">नेपालको संविधानको धारा १६८ अन्तर्गत नियुक्त मुख्यमन्त्रीका सम्बन्धमा बहुमत प्राप्त संसदीय दलको नेताको हकमा बाहेक अन्य अवस्थाबमोजिम नियुक्त सबै मुख्यमन्त्रीको हकमा मुख्यमन्त्री नियुक्त भएको मितिले ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्ने छ भन्ने बाध्यात्मक संवैधानिक व्यवस्था</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

समान रूपमा आकर्षित हुने।

यस्तो मुख्यमन्त्रीको हकमा समेत निजले प्रतिनिधित्व गर्ने दल विभाजित भएको कुनै पनि समयमा सोको ३० दिनभित्र यस्तो मुख्यमन्त्रीले समेत संविधानको धारा १८८ को उपधारा (२) बमोजिम प्रदेश सभामा विश्वासको मत प्रमाणित गर्नुपर्ने बाध्यात्मक व्यवस्था रहेको छ । बहुमत प्राप्त संसदीय दलको नेता मुख्यमन्त्री भएको अवस्था होस् वा अन्य कुनै अवस्थाबाट नियुक्त मुख्यमन्त्रीको हकमा होस् प्रदेश सभाका बहुमत सभासद्को समर्थन सदासर्वदा रहेको अवस्थामा मात्र मुख्यमन्त्री आफ्नो पदमा रहन सक्ने र निजको नेतृत्वमा प्रदेश मन्त्रिमण्डल क्रियाशील हुनसक्ने व्यवस्था नेपालको संविधानले गरेको देखिने।

(प्रकरण नं.३)

मुख्यमन्त्रीलाई आफूले विश्वास गुमाएको महसुस भएमा वा विश्वासको मत प्राप्त गरेको मुख्यमन्त्रीले प्रदेश सभाबाट विश्वास गुमाएको अर्थात् बहुमत गुमाएको अवस्था सिर्जना भएमा संविधानको धारा १८८ को उपधारा (१) वा उपधारा (२) बमोजिम विश्वासको मत लिन सक्ने वा लिनुपर्ने संवैधानिक व्यवस्था रहेको देखिने।

(प्रकरण नं.४)

प्रदेश सरकार गठनको सम्बन्धमा नेपालको संविधानको धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्री सामान्य प्रक्रियाबाट सरकार गठन हुन नसकेको अवस्थामा अपवादात्मक स्थितिमा प्रदेश सभाले बहुमत जुटाउन सक्ने जो कोही प्रदेश सभाको सदस्यको हकमा आकर्षित हुने भएकाले उपधारा (१), (२) वा (३) अन्तर्गत नियुक्त मुख्यमन्त्रीको हकमा आकर्षित हुने संविधानको धारा १८८ को उपधारा (२) को व्यवस्था निजको हकमा आकर्षित हुँदैन भन्नका लागि संविधानमा नै स्पष्ट भाषामा त्यस्तो अपवादात्मक व्यवस्था राखिएको हुनुपर्दछ। संसदीय व्यवस्थामा सरकार सदासर्वदा संसद्को निगरानी र नियन्त्रणमा रहने हुँदा संसद्मा (जनप्रतिनिधिमूलक सभा / प्रतिनिधि सभा) बहुमत कायम नरहेको मुख्यमन्त्री वा सरकारले आफ्नो वैधता वा कार्य सञ्चालन गर्ने समर्थता गुमाउन पुग्ने।

संविधानको धारा १६८ को उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्री र उनको नेतृत्वमा गठित प्रदेश सरकारले समेत उपधारा (१) वा (२) वा (३) बमोजिम नियुक्त मुख्यमन्त्री वा गठित सरकारले सरह सदनमा वार्षित बजेट पेस गरी पास गराउन बहुमत कायम राख्नु पर्दछ। विधेयकहरू, धन्यवादको प्रस्तावलगायत अन्य कतिपय संसदीय काम कारबाहीमा (सरकार विरूद्ध पेस हुने वा सचेत गराउने प्रस्ताव आफ्नो पक्षमा हुने गरी पास गर्न वा असफल गराउन) समेत निरन्तर बहुमत कायम रहनुपर्ने। बहुमत कायम हुन नसकेमा त्यस्तो सरकारले संसद्को सामना गर्न नसकी संसद्को प्रक्रियाबाहिर गई अध्यादेशको सहारामा कानून निर्माण गरी सरकार सञ्चालन गर्ने परिस्थिति सिर्जना हुन गई सार्वभौमसत्ता सम्पन्न नेपाली जनताले आफ्ना जनप्रतिनिधिको बहुमतबाट शासन सञ्चालन गर्ने संविधानको आधारभूत मान्यता विखण्डित हुन जाने।

(प्रकरण नं.६)

क्र.स.	नि.नं./इजलास/विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

प्रदेश सभाको बहुमतको विश्वास गुमाएको वा अल्पमतमा परेको स्पष्ट देखिएको मुख्यमन्त्री प्रदेश सभाले खोजेका बखत जवाफदेही वा उत्तरदायी बन्न नसक्ने र त्यस्तो मुख्यमन्त्रीले प्रदेश सभाको सामना गर्न नचाहने वा सामना गर्दा बहुमतको विश्वास गुमाउने हुँदा यस्तो अवस्थाको निरन्तरतालाई लोकतन्त्रको वा संसदीय शासन प्रणालीको वा नेपालको संविधानले परिकल्पना गरेबमोजिम प्रदेश सरकार गठन भएको मान्न नमिल्ने ।

अल्पमतमा रहेको मुख्यमन्त्रीले अल्पमतमा परेको जानकारी प्राप्त गर्नासाथ सोको ३० दिनभित्र धारा १८८ को उपधारा (२) बमोजिम प्रदेश सभाको बहुमत आफूसँग रहेको प्रमाणित गर्नैपर्ने हुन्छ, अन्यथा सोअगावै पदबाट राजीनामा दिनुपर्ने वा बहुमत प्रमाणित गर्न नसकेमा धारा १८८ को उपधारा (३) बमोजिम पदमुक्त हुने संवैधानिक व्यवस्थालाई स्वाभाविक रूपमा लिनुपर्ने ।

(प्रकरण नं.७)

संविधानको धारा १६८ को उपधारा (५) ले उपधारा (२) बमोजिमको कुनै सदस्यले भन्ने व्यवस्था गरेबाट नै उपधारा (२) मा रहेको दलहरूको मिलीजुली वा संयुक्त सरकारको प्रावधानलाई उपधारा (५) ले आत्मसात् गरेको देखिँदा उपधारा (५) बमोजिम नियुक्त मुख्यमन्त्रीलाई राजनीतिक दलहरूले समर्थन गरेको नभई राजनीतिक दलको घेराबाट माथि उठी राजनीतिक दलसँग आबद्ध प्रदेश सभा सदस्यहरूले व्यक्तिगत रूपमा मात्र समर्थन गरेका हुन् भन्ने तर्कलाई संविधानको भावनाबमोजिमको मान्न नमिल्ने ।

प्रदेश सभा सदस्य प्रदेश सभामा प्रतिनिधित्व गर्ने दलहरूमध्ये कुनै संसदीय दलको नेता मात्र नभएर बहुमत जुटाउन सक्ने कुनै अर्को सदस्य मुख्यमन्त्री हुन सक्ने अवस्थालाई उपधारा (५) ले स्वीकारेको भए पनि त्यस्तो मुख्यमन्त्रीको हैसियत, जिम्मेवारी, दायित्व र प्रदेश सभाप्रति सदासर्वदा उत्तरदायी र जवाफदेही हुनुपर्ने र प्रदेश सभाको विश्वास उसले प्राप्त गरिरहनपर्ने संवैधानिक दायित्वलाई संविधानको कुनै पनि प्रावधानले खुकुलो पारेको नदेखिएको अवस्थामा संविधानको धारा १८८ को उपधारा (२) को प्रावधान धारा १६८ को उपधारा (५) को मुख्यमन्त्रीको हकमा आकर्षित हुँदैन भन्ने रिट निवेदकको जिकिरलाई संविधानसम्मत मान्न नसकिने ।

(प्रकरण नं.१०)

समर्थन फिर्ता लिइसकेको अवस्थामा समर्थन फिर्ता भएको तिस दिनभित्र प्रदेश सरकारको मुख्यमन्त्रीको हकमा धारा १८८ को उपधारा (२) बमोजिम प्रदेश सभाबाट विश्वासको मत लिनुपर्ने र सङ्घीय सरकारको हकमा प्रधानमन्त्रीले धारा १०० को उपधारा (२) बमोजिम प्रतिनिधिसभाबाट तिस दिनभित्र विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्थालाई बाध्यात्मक संवैधानिक दायित्व मान्नुपर्ने ।

(प्रकरण नं.११)

प्रधानमन्त्री वा मुख्यमन्त्रीले प्रतिनिधिसभा वा प्रदेश सभामा बहुमत गुमाएको अवस्थामा समेत अल्पमतको सरकारलाई २ वर्षसम्म शासन सञ्चालन गर्न दिन नमिल्ने भएकाले सरकारले संसद्मा आफ्नो बहुमत सदासर्वदा कायम राख्नै पर्दछ भन्ने संसदीय शासन प्रणालीको आधारभूत सिद्धान्तलाई आत्मसात् गरी

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

धारा १०० को उपधारा (२) र धारा १८८ को उपधारा (२) को प्रावधान संविधानमा राखिएको देखिने।

(प्रकरण नं.१५)

संविधानको मूल मर्म एकल बहुमतको सरकार वा एकपटक विश्वासको मत प्राप्त गरेको सरकारले न्यूनतम २ वर्ष काम गर्न पाउनुपर्दछ भन्नेलाई मान्ने हो भने संविधानको धारा १०० को उपधारा (२) र धारा १८८ को उपधारा (२) निरर्थक भएर जाने। संविधानको कुनै व्यवस्थालाई निरर्थक र प्रयोगहीन हुने गरी संविधानको व्याख्या हुन नसक्ने। विश्वास र अविश्वासको मतका सम्बन्धमा रहेका धारा १०० र धारा १८८ को प्राथमिकीरणको आधारमा यिनीहरूको व्याख्या गर्दै जाँदासमेत सरकार प्रमुखले कुनै पनि समयमा आफ्नो स्वेच्छाले आफ्नो सरकारसँग प्रतिनिधिसभा वा प्रदेश सभाको विश्वास छ भन्ने देखाउनुपर्ने लागेमा विश्वासको प्रस्ताव प्रतिनिधिसभा वा प्रदेश सभामा राख्न सक्ने प्रावधान धारा १०० को उपधारा (१) र धारा १८८ को उपधारा (१) मा रहेको छ भने सोही धाराहरूको उपधारा (२) मा बाध्यात्मक संवैधानिक प्रावधान राखिएको छ। योबमोजिम सरकार प्रमुखको दल विभाजित भएमा वा सरकारमा सहभागी दल वा सदस्यले समर्थन फिर्ता लिएमा यस्तो घटना घटेको दिनबाट ३० दिनभित्र सरकार प्रमुखले प्रतिनिधिसभा वा प्रदेश सभामा विश्वासको मतको प्रस्ताव राखी प्रतिनिधिसभा वा प्रदेश सभाको सम्पूर्ण सदस्य संख्याको बहुमतले यस्तो प्रस्ताव पारित भएमा सरकार प्रमुख र निजको नेतृत्वको सरकारले निरन्तरता पाउँछ, अन्यथा सरकार प्रमुख पदमुक्त हुने।

संविधानको धारा १६८ को उपधारा ५ बमोजिम नियुक्त मुख्यमन्त्रीले सोही धाराको उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गरिसकेपछि कुनै दल आबद्ध रही वा नरही वा दलको निर्णयबमोजिम वा स्वतन्त्र रूपमा मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएका कारण मुख्यमन्त्री अल्पमतमा परेको वा बहुमत प्रदेश सभा सदस्यको समर्थन नरहेको अवस्था सिर्जना भएमा त्यस्तो मुख्यमन्त्रीले धारा १८८ को उपधारा (२) आफ्नो हकमा आकर्षित हुँदैन धारा १८८ को उपधारा (४) बमोजिम अविश्वासको प्रस्तावबाट मात्र आफू पदमुक्त हुने हो भनी गरिएको तर्कलाई संविधानको कुनै पनि प्रावधानले समर्थन गरेको नपाइने।

(प्रकरण नं.१८)

प्रदेश सभाले आफ्नो कार्य सञ्चालन गर्नेलगायतका काम कारबाही गर्न आफ्नो लागि आफैँ नियमावली बनाउनुपर्ने, यो नियमावली कुनै ऐनले दिएको अख्तियारीबमोजिम नबनी देशको मूल कानून संविधानले दिएको अख्तियारीबमोजिम प्रदेश सभाले निर्माण गर्ने भएकाले प्रदेश सभा सञ्चालनका लागि यसको हैसियत ऐनसरह मान्नुपर्ने देखिन्छ। तसर्थ, यो नियमावली संविधानसँग बाझिएको भन्ने प्रश्न उठी खारेज नभएसम्म संवैधानिक अख्तियारीबमोजिम बनेको नियमावलीमा रहेको प्रावधानबमोजिम भएका काम कारबाहीलाई संविधानसम्मत मान्नुपर्ने। यो नियमावलीको नियम ७० मा संकल्प प्रस्तुत गर्न सकिने भन्ने शीर्षकअन्तर्गत सोही नियमको उपनियम (१) "यो नियमावलीको अधीनमा रही सार्वजनिक महत्त्वको देहायको कुनै विषयमा संकल्प पेस गर्न सकिने छ" भनी सोको खण्ड (ग) मा "कुनै सन्देश वा निर्देशन दिन" प्रदेश सभामा संकल्प प्रस्ताव पेस हुन सक्ने व्यवस्था रहेको देखिने।

(प्रकरण नं.२१)

क्र. स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

संविधानले तोकेको सर्त पूरा गरी प्रदेश सभाका १ चौथाइ वा १ चौथाइभन्दा बढी सदस्यहरूबाट अधिवेशन वा बैठकको आह्वान गर्न प्रदेश प्रमुखसँग माग गरिएबमोजिम कोशी प्रदेश सभाको बैठक बसी संविधानले दिएको अख्तियारीबमोजिम प्रदेश सभाले आफूले आफ्ना लागि बनाएको नियमावलीबमोजिम संकल्प प्रस्ताव पेस भएको देखिँदा संकल्प प्रस्ताव पेस भएको हदसम्मको कार्यलाई संविधानविपरीतको मान्न नमिल्ने ।

(प्रकरण नं.२२)

संविधानको धारा १६८ को उपधारा (५) बमोजिमको मुख्यमन्त्रीले प्रदेश सभामा बहुमत कायम राखी दुई वर्ष कार्य सम्पादन गरिसकेपछि मुख्यमन्त्रीसँग बहुमत प्रदेश सभाको समर्थन प्राप्त भइरहेको अवस्थामा मुख्यमन्त्रीलाई पदमुक्त गराउनुपरेमा निश्चय पनि धारा १८८ को उपधारा (४) को प्रावधानबमोजिम अविश्वासको प्रस्तावबाट मात्र पदमुक्त गर्न सकिनेमा मुख्यमन्त्रीलाई बहुमत प्रदेश सभा सदस्यले दिएको समर्थन फिर्ता भएको अवस्थामा धारा १८८ को उपधारा (२) आकर्षित हुने र सोहीबमोजिमको काम कारबाही गर्न प्रदेश सभाले मुख्यमन्त्रीलाई निर्देश गरेको प्रदेश सभाका बहुमत सदस्यहरूको संकल्पलाई संविधानविपरीतको मान्न नमिल्ने ।

(प्रकरण नं.२६)

संविधानको धारा १८८ को उपधारा (२) बमोजिम ३० दिनभित्र विश्वासको प्रस्ताव राखी विश्वासको मत लिनुपर्ने बाध्यात्मक अवस्था सिर्जना भएको परिस्थितिमा सोबमोजिम विश्वास प्रस्ताव नराखेको कारण धारा १८८ को उपधारा (३) बमोजिम पदमुक्त भएको स्थितिलाई धारा १६९ को उपधारा (१) को खण्ड (ख) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेको अवस्था मान्नुपर्ने देखियो । धारा १८८ को उपधारा (२) बमोजिम विश्वासको प्रस्ताव पेस गरी विश्वासको प्रस्ताव पारित भएपछि मात्र मुख्यमन्त्रीमा निरन्तरता रहन सक्नेमा विश्वासको प्रस्ताव नै पेस नभई ३० दिनको समय सीमा समाप्त भई धारा १८८ को उपधारा (३) बमोजिम मुख्यमन्त्री पदमुक्त भइसकेको कारण धारा १६९ को उपधारा (१) को खण्ड (ख) बमोजिम मुख्यमन्त्रीको पद रिक्त भएको देखिने ।

(प्रकरण नं.२९)

प्रदेश सभामा भएको निर्णय र प्रदेश सभाका बहुमत प्रदेश सभा सदस्यहरूले मुख्यमन्त्रीलाई दिएको समर्थन फिर्ता लिएपछि निवेदक मुख्यमन्त्रीले प्रदेश सभाबाट विश्वासको मत प्राप्त नगरेको भन्ने प्रदेश सभाबाट जानकारी भएपछि मुख्यमन्त्री नियुक्त गर्न प्रदेश प्रमुखको संवैधानिक दायित्व पूरा गर्नका लागि भएको देखिने । प्रदेश प्रमुखले आफूलाई स्वविवेकले मुख्यमन्त्री परिवर्तन गर्ने इच्छा जागृत भएको आधारमा वा मुख्यमन्त्रीलाई विश्वासको मत प्राप्त गर्ने पर्याप्त समय उपलब्ध नगराई हतारमा हठात्मा निर्णय गरेको भन्नेसमेत नदेखिने ।

प्रदेश सभामा बहुमत प्रदेश सभा सदस्यहरूले समर्थन नरहेको औपचारिक जानकारी प्राप्त भइसकेपछि संविधानले स्वीकार नगरेको अल्पमतको सरकारलाई तिस दिनभन्दा बढी निरन्तरता दिन नमिल्ने संविधानले तोकेको समय सीमाको उल्लङ्घन हुन नदिने र बहुमत प्रदेश सभा सदस्यहरूको समर्थनमा

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
वैकल्पिक सरकारको स्थापना हुन सक्ने सम्भावनाको खोजी गर्नुपर्ने दायित्व संविधानबमोजिम प्रदेश प्रमुखको नै रहेको अवस्थामा सोलाई सहजीकरण गर्न प्रदेश प्रमुखबाट कोशी प्रदेश सभाका निर्णयहरूमा आधारित भएर गरिएको मिति २०८१।०१।२६ को निर्णयलाई संविधान वा संसदीय शासन प्रणालीको मूल्य मान्यताविपरीतको मान्न नमिल्ने। (प्रकरण नं.३६) सरकार विरूद्ध संकल्प प्रस्ताव पास हुँदैमा मुख्यमन्त्रीले राजीनामा गर्नुपर्दछ भन्ने संसदीय शासन प्रणालीको स्थापित मान्यता नरहे पनि संकल्प प्रस्तावले दिएको संविधानसम्मत निर्देशनको पालन नगरी मिति २०८०।१२।२६ मा बहुमत प्रदेश सभा सदस्यहरूले दिएको समर्थन फिर्ता लिइसकेपछि संविधानको धारा १८८ को उपधारा (२) बमोजिम ३० दिनभित्र विश्वासको मत लिनु भन्ने प्रदेश सभाले दिएको निर्देशनको पालन नगरेको अवस्थालाई संवैधानिक मर्यादाको उल्लङ्घनकै रूपमा लिनुपर्ने। (प्रकरण नं.३७)						
	११३५९ संयुक्त प्रतिलिपि अधिकार उल्लङ्घन	मा.न्या.श्री सपना प्रधान मल्ल मा.न्या.श्री हरिप्रसाद फुयाल ०७२-CR-१७६३	गोपाल कृष्ण भट्टराईसमेत विरूद्ध नेपाल सरकार	२०८०।०२।२८	मा.न्या. श्री सपना प्रधान मल्ल	११९७
रचयिताको रचना रचयिताको प्रतिबिम्ब हुने। राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनले नै रचयिताको आर्थिक र नैतिक अधिकारको ग्यारेन्टी गरेको देखिने। रचयिताको आर्थिक अधिकार कायम नरहनु र नैतिक अधिकार कायम रहनु दुई फरक विषय हुने। आर्थिक अधिकार हस्तान्तरण भए तापनि रचयिताको कामको जन्मदाता (paternity / maternity) को हैसियतले निजको नैतिक अधिकार निजमा नै रहिरहने। प्रतिलिपि अधिकारमा नैतिक अधिकार प्राप्त व्यक्तिको हैसियतले निजको व्यक्तित्व र मर्यादाको अधिकारसमेत रहने। यस अधिकारभित्र रचयिताको उत्पादन / सिर्जनाको अनैतिक प्रयोग वा दुरूपयोगबाट संरक्षणको अधिकारसमेत पर्ने। नैतिक अधिकार स्वाभाविक रूपमा नैतिक प्रकृतिको हुने। जब कुनै नैतिक गल्ती हुन्छ, त्यसको उपचार दण्डात्मक उपायहरूमा नभई नैतिक सुधार (moral reform) र पुनर्स्थापना (restoration) मा हुने। (प्रकरण नं.११)						

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td></td><td>११३६०

संयुक्त

कर्तव्य ज्यान</td><td>मा.न्या.श्री सपना प्रधान मल्ल
मा.न्या.डा.श्री नहकुल सुवेदी

०७७-CR-०३२९</td><td>नेपाल सरकार
विरूद्ध
कमलदेव
दाससमेत</td><td>२०८०।०४।१२</td><td>मा.न्या.
डा.श्री
नहकुल
सुवेदी</td><td>१९३४</td></tr>
<tr><td colspan="7">अभियोगपत्रमा दाबी लिएभन्दा फरक कसुर ठहर गर्दा वा फरक दफाबमोजिम सजाय गर्दा अदालत आफैँले वादीको स्थान लिन पुग्ने भएकाले त्यसतर्फ अदालत सजग रहनु उचित मानिने। तथापि अभियोग दाबीबमोजिमको कसुरमा प्रमाणको परीक्षण हुँदै जाँदा सो कसुर स्थापित नभई सोही प्रमाणबाट अन्य कुनै दोस्रो कसुर स्थापित भएको देखिएमा केवल अभियोगपत्रमा सो कसुरको दाबी नलिएकै आधारमा प्रमाणबाट पुष्टि भएको तथ्यलाई नजर अन्दाज गर्नु न्यायको रोहमा उचित मान्न नसकिने।
प्रतिवादीले प्रचलित कानूनले निषेध गरेको अन्य कसुर गरेको पुष्टि हुन्छ भने अभियोग दाबीको कसुर पुष्टि नभएका आधारमा प्रमाणले पुष्टि भएका कसुरसमेत ठहर गर्न इन्कारी गर्नु वा माग दाबीभन्दा भिन्न दफाबाट सजाय गर्न इन्कार गर्नु अन्ततः न्यायको इन्कारी गर्नुसरह हुने।
अभियोगदाबीभन्दा ठुलो वा गम्भीर कसुर ठहर गर्नु वा अर्को कानूनी व्यवस्था वा अर्को दफाबमोजिम सजाय गर्दा अभियोगपत्रमा दाबी लिएभन्दा बढी सजाय गर्नु भने फौजदारी न्यायको मान्यताअनुकूल मान्न नसकिने।
एउटा दफाबमोजिमको अभियोगदाबी भएकोमा अर्को दफाबमोजिमको कसुर ठहर गर्न वा अभियोग दाबी बराबर वा सोभन्दा कम सजाय गर्न प्रचलित कानून तथा फौजदारी न्यायको मूल्य मान्यताका आधारमा समेत बाधा नदेखिने।
(प्रकरण नं.९)</td></tr>
<tr><td></td><td>११३६१

संयुक्त

उत्प्रेषण /
परमादेश</td><td>मा.न्या.श्री कुमार रेग्मी
मा.न्या.श्री सुनिलकुमार पोखरेल

०८०-WO-११७५</td><td>सुरेन्द्र राज पाण्डे
विरूद्ध
माननीय प्रदेश प्रमुख, डिल्लीराज भट्ट, प्रदेश प्रमुखको कार्यालय पोखरा, गण्डकी प्रदेशसमेत</td><td>२०८१।०२।१४</td><td>मा.न्या.श्री
कुमार रेग्मी</td><td>१९६१</td></tr>
<tr><td colspan="7">नेपालको संविधानको धारा १६८ को उपधारा (२) वा उपधारा (३) वा उपधारा (५) बमोजिम गठन भएको मन्त्रिपरिषद् वा त्यस्तो मन्त्रिपरिषद्को नेतृत्व गर्ने मुख्यमन्त्रीले धारा १८८ को उपधारा (३) बमोजिम विश्वासको मत लिनुपर्ने बाध्यात्मक व्यवस्था संविधानमा उल्लेख भएको छैन भन्ने अर्थ लगाउने</td></tr>
</table>

<table>
<tr><th>क्र.
स.</th><th>नि.नं./
इजलास/
विवरण</th><th>माननीय न्यायाधीश

मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला
मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">हो भने प्रदेश सभामा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतको समर्थन नभएर धारा १८५ बमोजिमको गणपूरक संख्या पुगी सञ्चालन भएको प्रदेश सभामा धारा १८६ बमोजिम उपस्थित सदस्य संख्याको बहुमत प्राप्त व्यक्ति मुख्यमन्त्री भई उसको नेतृत्वको मन्त्रिपरिषद्ले शासन सञ्चालन गर्ने अवस्थाको सिर्जना हुन जाने र त्यस्तो अवस्था संसदीय शासन प्रणालीको आधारभूत सिद्धान्त र नेपालको सविधानको धारा १६९ (१)(ख) र धारा १८८ मा भएको व्यवस्थाअनुकूलसमेत मान्न नसकिने।
(प्रकरण नं.५)
बहुमत संसद् सदस्यहरूले समर्थन नगरेको अल्पमतको सरकार स्वीकार्य नहुने संसदीय शासन प्रणालीको आधारभूत मान्यतासँग धारा १८८(३) को विश्वासको मतको प्रस्तावमा मतदानको व्यवस्था प्रत्यक्ष जोडिएको प्रदेश सभामा हुने सबै प्रस्तावमा धारा १८६ बमोजिम मतदान हुने भएमा बहुमत नरहेको सरकारले निरन्तरता पाउन सक्ने अवस्थालाई संविधान निर्माताहरूले पूर्वानुमान गरी व्यवस्थापिकाबाट गठन हुने कार्यपालिकाको नेतृत्व गर्ने व्यक्तिसँग प्रदेश सभामा कम्तीमा बहुमत अर्थात् प्रदेश सभाको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको ५० प्रतिशतभन्दा बढीको समर्थन रहनैपर्ने धारा १८८ को उपधारा (३) को मतदानको व्यवस्था नै धारा १६८ को उपधारा (२) बमोजिम नियुक्त मुख्यमन्त्रीका लागिसमेत बाध्यात्मक व्यवस्था हो भन्ने अर्थ नै संविधानसम्मत र स्वाभाविक हुने।
(प्रकरण नं.६)</td></tr>
<tr><td></td><td>११३६२
संयुक्त
उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल
मा.न्या.श्री सुनिलकुमार पोखरेल
०७३-CI-०७२८</td><td>वीरप्रसाद श्रेष्ठ
विरूद्ध
राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयसमेत</td><td>२०८१।०४।२४</td><td>मा.न्या.श्री हरिप्रसाद फुयाल</td><td>१९७८</td></tr>
<tr><td colspan="7">आर्थिक क्षेत्रको अनुशासन कायम गर्न, सम्बन्धित ठेकेदार, व्यापारी, उद्यमी वा कारोबारलाई अनुशासित बनाउन र अनियमितता र कानून उल्लङ्घनमा संलग्न कम्पनी र व्यक्तिहरूले पुनः त्यस्तो कार्य गर्न नपाउन् भनी कालोसूचीमा राख्ने व्यवस्थाको मूल मर्मलाई असर नपर्ने गरी अदालतले कसैलाई कालोसूचीमा राख्दा उचित प्रक्रिया पूरा गरेको छ छैन, सुनुवाइको मौका दिएको छ छैन, कालोसूचीमा राख्नुपर्ने कम्पनी वा कम्पनीभित्रका व्यक्तिहरूको उचित रूपमा छनोट गरिएको छ छैन, कालोसूचीमा राखेपछि पनि आन्तरिक रूपमै कालोसूचीमा राखिएका व्यक्ति वा कम्पनीको फुकुवाको प्रक्रिया र त्यसको अभ्यास भएको छ छैन भन्ने हेर्नुपर्ने।
(प्रकरण नं.१०)
कम्पनीको नाममा लिएको ऋण चुक्ता नगरेबापत कम्पनीका निष्क्रिय रहेको सञ्चालक समितिका सदस्यलाई कालोसूचीमा राख्नु न्यायोचित नदेखिने। कम्पनीप्रतिको दायित्व कम्पनीका सञ्चालक</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

समितिका सदस्यको सक्रियता र संलग्नतामा निर्भर हुनु उचित देखिने । एक सदस्यले आफ्नो संलग्नता समाप्त गर्नका लागि सबै आवश्यक औपचारिक प्रक्रियाहरू पूरा गरिसकेको अवस्थामा कम्पनीको वित्तीय दायित्वमा त्यस्ता व्यक्तिलाई संलग्न गराउनु न्यायोचित नदेखिने ।

(प्रकरण नं.१२)

कम्पनीका सञ्चालक समितिका सदस्यलाई कालोसूचीमा राख्दा या त सक्रिय सदस्यहरूको पहिचान गरिनुपर्ने वा प्रत्येक सञ्चालक समितिका सदस्यलाई सुनुवाइको मौका र प्रमाण पेस गर्ने अवसर दिइनुपर्ने । यसमा सक्रियताको पहिचान वा सुनुवाइको मौकाबाट यकिन भएको व्यक्तिलाई पहिचान गरेर मात्र कालोसूचीमा राखिनु मनासिब देखिने । पहिचानको सिद्धान्त (doctrine of identification); अनुसार कम्पनीले कुनै आपराधिक वा नियामक दायित्व (criminal or regulatory liability) वहन गर्नुपरेमा कम्पनीका "निर्देशनको मनसाय र इच्छा" (directing mind and will) अर्थात् कम्पनीको कार्यकारी भूमिकामा रही कम्पनीबारे महत्त्वपूर्ण निर्णय गर्ने वा त्यस्ता कार्यमा प्रत्यक्ष रूपमा संलग्न भएका व्यक्तिको पहिचान गरी सो व्यक्तिलाई कसुरजन्य कार्य वा नियामक दायित्व वहन गराउनु उपयुक्त देखिने । कथमकदाचित कुनै कालोसूचीमा नराख्नुपर्ने व्यक्ति राखिएको भएमा निजको उजुरी र सुनुवाइको प्रक्रिया निर्धारित भएको हुनुपर्ने र यथेष्ट तथा भरपर्दो प्रमाणहरूको विद्यामानता भएमा त्यस्ता व्यक्तिहरूलाई कालोसूचीबाट हटाउने आन्तरिक प्रक्रिया रहनु उपयुक्त देखिने ।

(प्रकरण नं.१४)

कालोसूचीमा राख्ने निर्णयले सम्बन्धित व्यक्ति, कम्पनीका सञ्चालक समितिका सदस्यहरूका सम्बन्धमा ठुला परिणामहरू निम्त्याउने हुँदा कसैलाई उचित कानूनी प्रक्रिया, उपयुक्त आधार र कारणबेगर कालोसूचीमा राखिएमा सो व्यक्तिको 'नागरिक मृत्यु' (civil death) को रूपमा बुझिने हुँदा यस्ता कार्यमा सम्बन्धित कालोसूचीमा सिफारिस गर्ने र राख्ने निकायले गम्भीरता अपनाउनुपर्ने ।

(प्रकरण नं.१६)

कसलाई कालोसूचीमा राख्ने भन्ने कुराको पहिचान गर्ने र कालोसूचीलाई लामो समयसम्म राख्नेभन्दा पनि यो एक जीवित र नियमित प्रक्रिया भएको हुँदा उजुरी र सुनुवाइको माध्यमबाट कालोसूचीबाट हट्ने हटाउने प्रक्रियालाई खुल्ला राखिएको हुनुपर्ने । कालोसूची देशको अर्थतन्त्रलाई जोगाउन, सार्वजनिक रकमको दुरूपयोग हुन नदिन र खराब चरित्र भएका व्यक्ति वा कम्पनीलाई त्यस्ता कार्यमा सामेल हुनबाट रोक्न प्रयोग गरिने । यस्ता कार्यबाट कुनै व्यक्ति वा कम्पनीको पेसा, व्यवसाय गर्ने अधिकार र नागरिक जीवनमा असरपर्ने हुँदा यस्तो अधिकारको प्रयोग गर्दा अधिक संवेदनशीलता अपनाउनुपर्ने । अदालतहरूले समेत यस्ता विषयहरूमा प्रवेश गर्दा सम्बन्धित पक्षहरूको सुनुवाइ गर्नुपर्ने, कालोसूचीमा राख्नुपर्ने कारणको विचार गर्नुपर्ने, कानूनी प्रक्रिया र सुनुवाइको मौका प्रदान गरिए नगरिएको र कालोसूचीमा राख्नुपर्ने व्यक्ति, कम्पनी वा सञ्चालक हो वा होइन भन्ने कुरा यकिन गरी त्यस्तो व्यक्ति वा कम्पनीलाई हटाउने उद्देश्यलाई मात्र नहेरी उक्त कालोसूचीको उद्देश्यसमेतलाई मध्यनजर गर्नुपर्ने ।

(प्रकरण नं.१७)

नेपाल कानून पत्रिका २०८१ - फागुन अङ्कमा प्रकाशित नजिरहरू

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३६३ बृहत् पूर्ण बन्दी प्रत्यक्षीकरण	मा.न्या.श्री सपना प्रधान मल्ल मा.न्या.श्री प्रकाशकुमार ढुंगाना मा.न्या.श्री हरिप्रसाद फुयाल मा.न्या.डा.श्री मनोजकुमार शर्मा मा.न्या.श्री विनोद शर्मा ०७९-WF-०००७	पासाङ तामाङ उर्फ सन्दीप पाठक भन्ने मिलन लामा विरूद्ध उच्च अदालत पाटनसमेत	२०८०।०७।२३	मा.न्या. श्री सपना प्रधान मल्ल	२००५

फौजदारी कसुरमा कसुरदारलाई सजाय कार्यान्वयन गर्दा कसुर गर्दाको समयमा प्रचलित कानूनभन्दा सजाय कार्यान्वयनको समयमा घटी सजाय हुने गरी कानूनी व्यवस्था भएको अवस्थामा घटी सजाय नै कार्यान्वयन गर्नुपर्ने ।

(प्रकरण नं.१२)

प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (२) र साबिक मुलुकी ऐन, दण्ड सजायको ४१ नं. को उक्त प्रतिबन्धात्मक वाक्यांशको कानूनी व्यवस्थाअनुसार कसुर गर्दाको समय र अवस्थाबमोजिम तोकिएका खासखास अवस्थाहरूमा मात्र एकपछि अर्को (consecutively) कैद भुक्तान गर्नुपर्ने भन्ने देखिने ।

(प्रकरण नं.४९)

कैद खापी सजाय गर्ने विषयलाई गम्भीरतापूर्वक लिनुपर्ने र स्पष्ट तोकिएको अवस्थामा बाहेक कैद खाप्न नहुने कुरालाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को समग्र कानूनी व्यवस्थामा आत्मसात् गरिएको पाइने । फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३६ को उपदफा (१) मा कसुर कायम भई कैद सजाय भोगिरहेकाको हकमा दफा ३६ (२) को केही विशेष अवस्थामा बाहेक अर्को कसुर कायम भई सोबापत सजाय गर्दा साथ साथै / एकैपटक (concurrently) भुक्तान हुने भन्ने र कुनै कसुरमा कैदको सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान नहुँदै अर्को सजाय भएमा एकपछि अर्को सजाय हुने व्यवस्था रहेबाट ऐ. ऐनको दफा ३६ को उपदफा (२) लाई पहिलो कसुरमा सजाय भोग्नुअघि अर्को कसुरबापत सजाय भएको अवस्था भनी बुझ्नुपर्ने । अन्यथा विधायिकाले ऐ.ऐनको दफा ३६(१) र (२) को व्यवस्था नै गर्ने थिएन । तसर्थ ऐ. ऐनको दफा ३६ को समग्रतालाई विचार नगरी केवल सो दफा ३६ को उपदफा (२) लाई मात्र टिपेर अलग राखी त्यसैको मात्र अर्थ लगाउँदा दफा ३६ को समग्र कानूनी व्यवस्था तथा सजायको उद्देश्यको अन्तरनिहित उद्देश्य पराजित हुने ।

(प्रकरण नं.६३)

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३६४ पूर्ण बकसपत्र लिखत बदर गरी अंश नामसारी	मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा मा.न्या.श्री नहकुल सुवेदी ०७८-NF-००१७	पवनकुमार मल्ल विरूद्ध निर्मला श्रेष्ठ	२०७४।१०।१४	मा.न्या. श्री नहकुल सुवेदी	२०५२

२०४६ सालको बन्डापत्रबाट प्राप्त सम्पत्ति शेषपछिको बकसपत्र तथा दाखेल खारेजलगायतका प्रक्रियाबाट आफ्नो नाउँमा ल्याई उपभोग गर्ने तर बन्डापत्रलाई स्वीकार नगर्ने भन्न नमिल्ने। बन्डापत्रको परिणामलाई स्वीकार गरेपछि बन्डापत्रको बेहोरालाई पनि स्वीकार गरेको मान्नुपर्ने।

(प्रकरण नं.५)

अंश मुद्दामा मूलतः सबै अंशियारहरूले बन्डापत्रमा सगोलको पैतृक सम्पत्ति नरमगरम मिलाई समानुपातिक रूपमा पाए नपाएको तर्फ न्यायोचित दृष्टिकोणले हेर्नुपर्ने। वादीले पाएको सम्पत्ति र अन्य अंशियारहरूले पाएको सम्पत्तिको प्रकृति र परिणामसमेत सालाखाला नरमगरम मिलेको देखिएको स्थितिमा बन्डापत्रमा उल्लेख गरिएको बेहोरा नै खम्बिर हुने।

(प्रकरण नं.६)

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
	११३६५ पूर्ण बन्दी प्रत्यक्षीकरण	मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई मा.न्या.श्री हरिप्रसाद फुयाल मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ ०८०-WF-००२७	अङ्कुस भगत भन्ने अङ्गकुस भगत विरूद्ध जिल्ला सरकारी वकिल कार्यालय, मोरङ, विराटनगरसमेत	२०८०।०८।२१	मा.न्या. डा.श्री आनन्द मोहन भट्टराई	२०६३

दोहोरो खतराको सिद्धान्तसम्बन्धी व्यवस्था स्पष्ट नै देखिने तर यसमा केही प्रश्नहरू नउठ्ने होइनन्। मुद्दाको विषयवस्तु मूल रूपमा एउटै छ, तर नामकरण भने अर्कै गरिएको छ भने के गर्ने, मुद्दाको विषयवस्तु फरक छ तर नामकरण भने एउटै गरिएको छ; मुद्दा त चलाइयो तर विवादको स्वच्छ सुनुवाइ गरी न्याय निरूपण गर्न नभई अभियुक्तलाई भविष्यमा देशभित्र वा बाहिर चल्न सक्ने वास्तविक मुद्दाहरूबाट ढाक्ने वा छोप्ने (**shielding the offeder**) को लागि चलाइएको रहेछ; कसुर गम्भीर छ तर पहिला सामान्य कसुर मानी मुद्दा चलाइयो, स्वतन्त्र र निष्पक्ष अदालतबाट मुद्दा चलाइएको पनि रहेनछ भने के गर्ने भन्ने

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">आदि प्रश्नहरू पनि उठ्ने । युरोपेली मानव अधिकार महासन्धिअन्तर्गतको प्रोटोकलमा नयाँ तथ्य फेला परेमा वा पहिले गरिएको कारबाहीमा सारभूत रूपमा त्रुटि भई मुद्दाको परिणाममा नै असर पर्ने स्थितिमा पुनः मुद्दा चलाउन रोक लगाइएको छैन । त्यसैगरी अन्तर्राष्ट्रिय फौजदारी अदालतको स्थापना गर्ने रोम सन्धिको धारा २० ले दोहोरो खतराको सिद्धान्त (Ne bis in idem) बारे व्यवस्था गर्दै यदि अदालतको क्षेत्राधिकारबाट ढाक्ने वा छोप्ने उद्देश्यले पहिले मुद्दा चलाइएको वा पहिले कानूनको उचित प्रक्रियाअन्तर्गत स्वतन्त्र र निष्पक्ष रूपमा मुद्दा नचलाइएको अवस्था रहेछ भने पछि मुद्दा चलाउन बाधा नपर्ने ।
(प्रकरण नं.२)
वारदातको श्रृङ्खला एउटै भए पनि त्यस्तो श्रृङ्खलाअन्तर्गत भएका कार्यहरू फरकफरक फौजदारी कानून सम्बन्धित विषय बन्न सक्ने । यस्तो अवस्थामा कुनै एक प्रकारको अभियोगमा मुद्दा चलाएको छ भन्ने आधारमा अर्को कसुरमा मुद्दा चलाउन बाधा नपर्ने । त्यसो गर्न दोहोरो खतराको सिद्धान्तले नरोक्ने । तर यस्तो लगातार कसुर भइरहेको अवस्थामा अलगअलग कानूनअन्तर्गत एउटै निकायमा मुद्दा चलाउने वा अलगअलग निकायमा मुद्दा चलाउने भन्ने विषयमा भने सम्बन्धित कानूनी व्यवस्थाको रोहमा हेरिनुपर्ने ।
(प्रकरण नं.३)</td></tr>
<tr><td></td><td>११३६६
पूर्ण
उत्प्रेषण</td><td>मा.न्या.डा.श्री कुमार चुडाल
मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ
मा.न्या.श्री सुनिलकुमार पोखरेल
०७८-NF-०००९</td><td>राष्ट्रिय बिमा संस्थान, रामशाहपथ, काठमाडौंसमेत
विरुद्ध
शान्ता पोखरेल भट्टराईसमेत</td><td>२०८१।०४।१७</td><td>मा.न्या.श्री सुनिलकुमार पोखरेल</td><td>२०७६</td></tr>
<tr><td colspan="7">कुनै पनि कानून अवैध घोषित नभएसम्म वैध हुने । सो कानूनबमोजिम भए गरेका निर्णय एवं काम कारबाहीहरू पनि संवैधानिक एवं कानूनी प्रश्न उठी बदर नहुँदासम्म स्वतः वैध मानिने । प्रश्न उठी बदर गर्नुपरेमा पनि जुन विषयमा प्रश्न उठी बदर गर्नुपरेको हो सो हदसम्म मात्र बदर गर्नु मनासिब हुने । नियुक्ति पाई परीक्षणकालसमेत समाप्त भई संस्थानमा कार्यरत अन्य कर्मचारीहरूको हकमा कुनै विवाद नै नभएको अवस्थामा संस्थानबाट भए गरेका सम्पूर्ण निर्णय एवं काम कारबाहीहरू बदर गर्नु न्यायसङ्गत नहुने । तत्काल प्रचलित कानूनसम्मत निर्णय एवं काम कारबाहीलाई मान्यता प्रदान गर्नु न्यायोचित हुने ।
(प्रकरण नं.१७)
राष्ट्रिय बिमा संस्थानद्वारा तत्काल प्रचलित कानूनबमोजिम विज्ञापन भई उक्त विज्ञापनबमोजिम लोक सेवा आयोगबाट सञ्चालित खुला प्रतिस्पर्धात्मक परीक्षा उत्तीर्ण गरी नियुक्ति पाई संस्थानमा सेवारत कर्मचारीहरूले परीक्षणकालसमेत पूरा गरिसकेको अवस्थामा निजहरूको नियुक्तिलगायतका सम्पूर्ण काम कारबाहीसमेत बदर गर्नु अन्यायपूर्ण हुन जाने ।
(प्रकरण नं.१९)</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ
तत्काल कायम रहेको कानून वैध छ भन्ने अपेक्षाको आधारमा सम्पन्न भइसकेको प्रक्रियालाई पछि उक्त कानूनलाई बदर गर्दा सोले दिनसक्ने पश्चात्दर्शी असरको सम्बन्धमा विचारै नगरी संस्थानबाट भइसकेका सम्पूर्ण निर्णय एवं काम कारबाहीहरूसमेत बदर गर्ने गरी भएको संयुक्त इजलासको आदेश न्यायिक सिद्धान्तसमेतको प्रतिकूल रहेको देखिने। (प्रकरण नं.२१)						
	११३६७ संयुक्त कर्तव्य ज्यान र अपहरण तथा शरीर बन्धक	मा.न्या.श्री प्रकाशमान सिंह राउत मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ ०७४-CR-००८६	सन्तोषकुमार पण्डितसमेत विरूद्ध नेपाल सरकार	२०७४।१।१५	मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ	२०९०
कसुरको अवस्थालाई जरियाको सिद्धान्त **(Doctrine of Causation)** को सन्दर्भमा हेर्दा प्रतिवादीहरूले अपहरण गरी लगेको कार्यकै परिणामस्वरूप मृतकको मृत्यु हुन पुगेको अवस्था भए जरियाको सिद्धान्त **(Doctrine of causation)** आकर्षित हुनेतर्फ विचार गर्न सकिने। किनभने **Doctrine of Causation** को सिद्धान्त **“a man can only be held liable for the consequences of his actions”** भन्ने मान्यतामा आधारित हुन्छ। जरियाको सिद्धान्त **(Doctrine of Causation)** स्थापित हुन मुख्य गरी **Factual Causation** र **Legal Causation** बिचको सम्बन्ध स्थापित हुनुपर्ने। अभियुक्तले गरेको कसुरजन्य कार्यको **chain of causation** भङ्ग भएको देखिन्छ भने पछिल्लो कसुरबापतको दायित्व अभियुक्तले बेहोर्नु नपर्ने। (प्रकरण नं.१६)						
	११३६८ संयुक्त जबरजस्ती करणी र मानव बेचबिखन	मा.न्या.श्री सपना प्रधान मल्ल मा.न्या.श्री तिलप्रसाद श्रेष्ठ ०७६-CR-०७७९	नेपाल सरकार विरूद्ध सुसिसकुमार थारूसमेत	२०८१।०१।२४	मा.न्या. श्री सपना प्रधान मल्ल	२१३४
मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ९ ले प्रमाणको भार प्रतिवादीमा सारेको भए पनि वादी पक्षले अभियुक्तले गरेको कसुरको गहन अनुसन्धान गर्ने, कुन कानूनको उल्लङ्घन						

<table>
<tr><th>क्र.स.</th><th>नि.नं./ इजलास/ विवरण</th><th>माननीय न्यायाधीश
मुद्दा नम्बर</th><th>पक्ष / विपक्ष</th><th>फैसला मिति</th><th>राय</th><th>पृष्ठ</th></tr>
<tr><td colspan="7">के कसरी भयो, कानूनविपरीत कार्य गरेको के कुन प्रमाणद्वारा पुष्टि गर्न सकिन्छ भनी अनुसन्धान र प्रमाण सङ्कलन गर्नेतर्फ अभियोजन पक्ष आफ्नो दायित्वबाट पन्छिन नमिल्ने ।
ओसारपसार कुन उदेश्यले गरिएको छ सो पनि हेर्नुपर्ने । कसुरमा बेचबिखनको वा शोषणको वा वेश्यावृत्तिको उद्देश्य भएमा मात्र मानव बेचबिखन तथा ओसारपसारमा कारबाही हुने । तर विवाहको निमित्त गरिएको ओसारपसारलाई मानव बेचबिखनको निमित्त गरिएको ओसारपसारअन्तर्गतको कसुर मान्न नसकिने ।
(प्रकरण नं.५)</td></tr>
<tr><td></td><td>११३६९
संयुक्त
मानव बेचबिखन तथा ओसारपसार</td><td>मा.न्या.श्री कुमार रेग्मी
मा.न्या.श्री टेकप्रसाद ढुंगाना
०७५-CR-२१४७</td><td>अर्जुनप्रसाद शर्मा
विरूद्ध
नेपाल सरकार</td><td>२०८०।१२।१४</td><td>मा.न्या.श्री कुमार रेग्मी</td><td>२१५१</td></tr>
<tr><td colspan="7">अदालतको न्यायिक अभ्यासको रोहमा हेर्दा मानव बेचबिखनको कसुर ठहर हुन मानिसलाई बिक्री गर्ने उद्देश्य हुनुपर्ने, स्वदेशको एक स्थानबाट अर्को स्थान होस् वा विदेश नै लगेको किन नहोस् तर बिक्री गर्ने उद्देश्यले नै लगेको प्रमाणित हुनुपर्ने ।
वेश्यालयमा लगी बिक्री गर्ने वा वेश्यागमन गरेको अर्थात् आर्थिक फाइदा लिनेसमेत उद्देश्यले वेश्यालयमा पुऱ्याएको अवस्थाका साथै मानव अङ्ग जस्तै किड्नी आदि बेच्ने कार्यलाई समेत मानव बेचबिखनको कसुर मान्नुपर्ने ।
मानव बेचबिखन र ओसारपसार दुई फरक कसुर भएको र कतिपय अवस्थामा यी दुवै कसुर सँगसँगै आउने भए पनि एकको अनुपस्थितिमा पनि अर्को कसुर हुन सक्ने ।
(प्रकरण नं.९)</td></tr>
<tr><td></td><td>११३७०
संयुक्त
उत्प्रेषण / परमादेश</td><td>मा.न्या.श्री हरिप्रसाद फयाल
मा.न्या.श्री शारङ्गा सुवेदी
०८०-WO-०५४८</td><td>TATA Projects
विरूद्ध
मिलेनियम च्यालेन्ज अकाउन्ट नेपाल (Millennium Challenge Account Nepal) समेत</td><td>२०८०।१०।१४</td><td>मा.न्या.श्री हरिप्रसाद फयाल</td><td>२१७०</td></tr>
</table>

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

द्विपक्षीय सन्धि सम्झौताको मस्यौदा र कार्यान्वयन गरी दुई चरणमा पारस्परिकताको सुनिश्चितता गरिनुपर्ने । अन्यथा, असमान सन्धि सम्बद्ध दायित्व र एकपक्षीय कार्यान्वयनको अवस्था सिर्जना हुन गएमा सन्धि सम्झौताको वैधतामा नै प्रश्न उठ्ने । सन्धि सम्बद्ध दायित्वहरू अर्को पक्ष राष्ट्रमा समान रूपमा कार्यान्वयन हुन्छन् या हुँदैनन् भन्ने विषयमा ध्यान दिनुपर्ने । सामान्यतया सन्धि सम्झौताका प्रावधानको औचित्यका सम्बन्धमा यस अदालतमा सवाल उठाउन नसकिने भए तापनि द्विपक्षीय तथा त्रिपक्षीय सन्धि सम्झौता, सन्धि सम्झौताको कार्यान्वयन र अर्को पक्ष राष्ट्रले उक्त सन्धि सम्झौतालाई प्रदान गरेको कानूनी दर्जामा पारस्परिकता (reciprocity) रहेनछ भने अदालतले त्यस्तो सन्धि सम्झौतालाई नेपाल सन्धि ऐन, २०४७ बमोजिमको उपल्लो दर्जाको हैसियत (status of supra-legality) प्रदान नगर्न पनि सकिने ।

(प्रकरण नं.७)

नेपाल पक्ष राष्ट्र भई कुनै अर्को राष्ट्र वा त्यसका निकाय वा अन्तरसरकारी सङ्गठनसँग गरेका द्विपक्षीय सन्धिहरू सामान्यतया नेपाल कानूनसरह मात्र लागु हुने । करारीय प्रकृतिका सम्झौतासँग सम्बद्ध हक वा दायित्वको प्रचलनमा कुनै प्रश्न उठेमा अदालतले सो प्रश्न निरूपणको विषयमा समान हैसियत भएको वा नभएको सम्बन्धी सार्वभौमिक समानता र पारस्परिकताको सिद्धान्तको कसीमा राखेर विचार गर्नुपर्ने ।

(प्रकरण नं.१०)

द्विपक्षीय तथा त्रिपक्षीय सन्धिका हकमा भने संविधानका विभिन्न प्रावधानहरूमा सार्वभौमिक समानता, पारस्परिकता, भौगोलिक अखण्डता, राष्ट्रिय हित र मुलुकलाई पर्ने असरलगायतका सर्तहरूको अवलम्बन गर्नुपर्ने । तुलनात्मक क्षेत्राधिकारमा समेत मानव अधिकार सन्धि र द्विपक्षीय तथा त्रिपक्षीय सन्धिहरूको पृथक् हैसियत (bifurcation) कायम गरी संवैधानिक विधिशास्त्र निर्माण गरिएको देखिने । नेपालको संविधान, नेपाल सन्धि ऐन, २०४७, यस अदालतबाट समयसमयमा प्रतिपादन भएका नजिर तथा तुलनात्मक क्षेत्राधिकारमा भएको विधिशास्त्रीय विकासलाई मध्यनजर गर्दा बहुपक्षीय मानवअधिकार सन्धिले अधिकानूनको हैसियत (status of supra-legality) प्राप्त गर्ने भए तापनि द्विपक्षीय सन्धि सम्झौतामा यदि समानता र पारस्परिकताको अभाव भएमा त्यस्ता सन्धि सम्झौताहरूले प्रचलित कानूनको तुलनामा माथिल्लो हैसियत प्राप्त गर्न नसक्ने ।

(प्रकरण नं.१४)

द्विपक्षीय वा त्रिपक्षीय आर्थिक, व्यापारिक वा करारीय प्रकृतिका सन्धि सम्झौताअन्तर्गत कसैको हक वा दायित्वको प्रचलनको सम्बन्धमा न्याय निरूपण गर्दा न्यायिक निकायले जुन सन्धि वा सम्झौतासँग सम्बन्धित प्रश्न रहेको हो सो सन्धि वा सम्झौताले नेपालबाहेकका अन्य पक्षहरूको के कस्तो प्रकारको दायित्व निर्धारण गरेको छ भन्ने तथ्यको समेत विश्लेषण गर्नुपर्ने । नेपालसँग सन्धि वा सम्झौता गर्ने राष्ट्रमा उक्त सन्धि वा सम्झौताबमोजिमको हक वा दायित्वको न्यायिक प्रचलन हुने समानान्तर अवस्था विद्यमान भएमा मात्र सन्धि वा सम्झौताबमोजिमको हक वा दायित्वको प्रचलनको प्रश्न न्यायिक निरूपणयोग्य प्रश्नको

क्र.स.	नि.नं./ इजलास/ विवरण	माननीय न्यायाधीश मुद्दा नम्बर	पक्ष / विपक्ष	फैसला मिति	राय	पृष्ठ

रूपमा स्थापित हुने । त्यस्ता सन्धि सम्झौताबाट सिर्जित हक वा दायित्वको कार्यान्वयनको क्रममा कुनै प्रश्न सम्बद्ध विवाद यस अदालतमा प्रवेश गरेमा उक्त सन्धि सम्झौताका अन्य पक्षराष्ट्रमा सम्बन्धित सन्धि सम्झौताले समान किसिमको हैसियत (reciprocal status) राख्छ कि राख्दैन भनेरसमेत हेर्नुपर्ने ।

दुई वा दुईभन्दा बढी सार्वभौम राष्ट्रले आफ्नो सार्वभौमिकताको प्रयोग गरेर हस्ताक्षर गरिने यस्ता सन्धि सम्झौता सम्बद्ध सबै राष्ट्रमा उस्तै रूपमा कार्यान्वयनयोग्य छन् छैनन् भनेर हेर्नु आवश्यक देखिने । नेपाल पक्ष भएको सन्धि सम्झौताबाट सिर्जित हक वा दायित्व अर्को पक्षको अदालतबाट समान रूपले प्रचलन गराउने अवस्था छ वा छैन भनेरसमेत हेर्नुपर्ने । यदि त्यस्तो अवस्था नरहेको देखिएमा नेपालको अदालतले मात्र एकपक्षीय रूपमा नेपाल कानूनभन्दा माथिल्लो दर्जामा राखेर न्यायिक निरूपणयोग्य मान्ने र अर्को पक्षको अदालतले सोही हैसियत नदिने अवस्था सिर्जना भई समान सार्वभौमिकताको सिद्धान्तमा आधारित नभएर गरिने यस्ता सन्धि सम्झौताको वैधतामाथि नै प्रश्न उठ्ने ।

(प्रकरण नं.१६)

नेपाल पक्ष राष्ट्र भएको द्विपक्षीय वा त्रिपक्षीय सन्धिको सम्बन्धमा अर्को देशको कानून वा अभ्यासमा नेपाल सन्धि ऐनको दफा ९(१) सरहको प्रावधान नभएमा वा सन्धिका प्रावधानलाई राष्ट्रिय कानूनसरह मान्यता नदिएको अवस्थामा अदालतले त्यस्तो द्विपक्षीय वा त्रिपक्षीय सन्धि सम्झौताका आधारमा एकपक्षीय रूपमा नेपालको राष्ट्रिय कानूनभन्दा सन्धि सम्झौताको प्रावधानलाई माथिल्लो हैसियत नदिन पनि सक्ने । नेपालले कुनै अर्को देश वा उक्त देशको कानूनद्वारा स्थापित संस्थासँग ऋण वा अनुदानमा आयोजना सम्पन्न गर्न सम्झौता गरेको अवस्था भएमा उक्त आयोजना सम्पन्न गर्ने सम्झौतासँग सम्बन्धित मुख्य दस्ताबेजसम्म नेपाल सन्धि ऐन, २०४७ को दफा २ र दफा ९(१) बमोजिमको हैसियत सीमित हुने भएको हुँदा, Millenium Challenge Corporation (MCC) अन्तर्गत भएको सम्झौता र दस्ताबेजहरूलाई सो हदसम्म मात्र बुझ्नुपर्ने ।

(प्रकरण नं.१९)

MCC सम्झौताअन्तर्गतको MCA-Nepal मा नेपालको पनि लगानी रहेको, MCC स्वयम्मा एक राज्य जस्तै प्रकृतिको निकाय रहेको र यसले गर्ने निर्णयहरूमा स्वेच्छाचारिता (arbitrariness) नहुने भन्ने नभएको हुँदा प्रभावकारी उपचार (effective remedy) को प्रयोजनको लागि निवेदक अदालतमा प्रवेश गर्न पाउने ।

(प्रकरण नं.२१)

सर्वोच्च अदालत

निर्णय नं. ११३७१

सर्वोच्च अदालत, बृहत् पूर्ण इजलास
माननीय न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना
माननीय न्यायाधीश श्री सुनिलकुमार पोखरेल
फैसला मिति : २०८१।१।६
०७६-CF-०००९

मुद्दा : बहुविवाह

पुनरावेदक / वादी : चन्दा रोकाको जाहेरीले नेपाल सरकार

विरूद्ध

प्रत्यर्थी / प्रतिवादी : रूपेन्देही जिल्ला सिद्धार्थनगर नगरपालिका वडा नं.३ खजहना बस्ने सञ्जीव रोका

- **बहुविवाहसम्बन्धी कसुर सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची-१ अन्तर्गतको कसुर भएको हुँदा जोसुकैले जहिलेसुकै पनि बल्ल थाहा पाएँ भनी जाहेरी दिन पाउने र अपराध अनुसन्धान तहकिकात गर्ने निकायले जाहेरी परेपछि मात्र अपराध भए घटेको थाहा पाएको भनी मान्ने हो भने हदम्याद असीमित हुन पुग्ने। मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. द्वारा निर्दिष्ट गरिएको हदम्यादसम्बन्धी प्रावधान निस्तेज भई जोसुकैले जहिलेसुकै नालिस गर्न सक्ने अवस्था सिर्जना हुने हुँदा हदम्यादसम्बन्धी विधायिकी मनसायको प्रतिकूल हुने।**

(प्रकरण नं.१०)

- **न्याय प्रणाली तथा सामाजिक प्रचलनसमेतलाई विचार गर्दा वैवाहिक सम्बन्ध प्रकाशमा आएको अवस्थामा थाहा पाएको भनी मान्नुपर्ने । थाहा पाउने व्यक्ति सर्वप्रथमत: नजिकको नाता सम्बन्धभित्रका पारिवारिक व्यक्ति नै हुने हुँदा पतिले दोस्रो विवाह गरेको तथ्य निकटतम पारिवारिक सम्बन्धमा रहने पहिलो पत्नी, छोराछोरीहरूलगायतको परिवारलाई थाहा हुने, त्यसपछि समाज अनि राज्यलाई थाहा जानकारी हुने।**
- **हालसम्म थाहा हुन नसक्ने न्यायोचित आधार वा कारण के थियो, सो स्पष्ट हुनुपर्ने र त्यस्तो अवस्था प्रमाणहरूबाट पुष्टि हुनुपर्ने।**

(प्रकरण नं.१५)

- **साबिकको मुलुकी ऐनबमोजिम बहुविवाह कसुर कायम भए पनि दोस्रो विवाह यथावत् कायम रही रहने तर हाल प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ ले दोस्रो विवाह स्वतः बदर हुने व्यवस्था गरेको सन्दर्भमा मुलुकी अपराध संहिताअन्तर्गत बहुविवाहसम्बन्धी कानूनको उद्देश्य कसुरदारलाई सजायसम्म गर्नेमा मात्र सीमित भएको हुँदा हदम्यादसम्बन्धी कानूनको व्याख्यामा फरक नपर्ने। मुलुकी अपराध संहिताको व्यवस्थाबमोजिम पनि बहुविवाह मुद्दामा हदम्यादको गणना गर्दा विवाह प्रकाशमा आई जाहेरवालाले थाहा पाएको मितिबाट नै गणना गर्नुपर्ने।**

(प्रकरण नं.२३)

पुनरावेदक / वादीका तर्फबाट : विद्वान् नायब महान्यायाधिवक्ताद्वय श्री गोपालप्रसाद रिजाल र श्री सञ्जीवराज रेग्मी, विद्वान् सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल तथा विद्वान् उपन्यायाधिवक्ता श्री शान्ति न्यौपाने

प्रत्यर्थी / प्रतिवादीका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री प्रकाशबहादुर के.सी. तथा श्री सानुराज पोखरेल र विद्वान् अधिवक्ताहरू श्री केदार कोइराला, श्री भोजराज आचार्य, श्री रविन्द्र ढुङ्गाना, श्री कोपिला बस्नेत, श्री जयलाल भण्डारी, श्री अञ्जन धिताल र डा.श्री कुन्साङ लामा

अवलम्बित नजिर :

- ने.का.प.२०६३, अङ्क ५, नि.नं.७६९४
- ने.का.प.२०६८, अङ्क ११, नि.नं.८७१६
- ने.का.प.२०७६, नि.नं.१०१७८

सम्बद्ध कानून :

- मुलुकी फौजदारी संहिता, २०७४
- मुलुकी देवानी संहिता, २०७४
- मुलुकी अपराध संहिता, २०७४
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९
- अपराध पीडित संरक्षण ऐन, २०७५

फैसला

न्या.डा.मनोजकुमार शर्मा : न्याय प्रशासन ऐन, २०७३ को दफा १२ बमोजिम मुद्दा दोहोऱ्याई हेर्ने अनुमति प्रदान भई पुनरावेदनको रोहमा पेस हुन आएको प्रस्तुत मुद्दामा मिति २०७६।११।२० मा यस अदालतका माननीय न्यायाधीशहरूबिच मतैक्य हुन नसकी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम पूर्ण इजलाससमक्ष पेस हुँदा पूर्ण इजलासबाट मिति २०७९।११।४ मा हदम्यादका सम्बन्धमा बृहत् पूर्ण इजलासबाट व्याख्या भई एकरूपता कायम गर्न वाञ्छनीय देखिएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२(२)(क) बमोजिम बृहत् पूर्ण इजलासमा पेस गर्नु भनी भएको आदेशानुसार यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवम् ठहर यस प्रकार रहेको छ :-

<u>मुद्दाको संक्षिप्त तथ्य</u>

मिति २०६४।१०।२६ गते जिल्ला रूपन्देही बुटवल नगरपालिका वडा नं. ५ मा मेरो श्रीमान् सञ्जीव रोकाले १ छोरा र १ छोरी हुँदाहुँदै उषा रिजाली मगरलाई कान्छी श्रीमतीको रूपमा विवाह गरेको र उषा रिजाली मगरले सञ्जीव रोकाको जेठी श्रीमती चन्दा रोका र निजको छोरा छोरीसमेत छन् भन्ने थाहा हुँदाहुँदै सञ्जीव रोकासँग विवाह गरी निजहरूले बहुविवाहको वारदात घटाएको हुँदा निजहरूलाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको चन्दा रोकाले मिति २०६५।०२।२८ मा जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा दिएको **जाहेरी दरखास्त।**

प्रतिवादी सञ्जीव रोका र निजकी कान्छी श्रीमती उषा रिजाली मगरलाई खोज तलास गर्दा फेला नपरेको भन्ने बेहोराको प्रहरी हवल्दार रामवृक्ष यादवले दिएको मिति २०६५।५।१३ को **प्रतिवेदन।**

सञ्जीव रोकाले आफ्नी जेठी श्रीमती चन्दा रोकाबाट एक छोरा र एक छोरी हुँदाहुँदै उषा रिजाली मगरलाई विवाह गरेको र उषा रिजाली मगरले पनि सञ्जीव रोकासँग विवाह गरेकी हुन् भन्नेसमेत बेहोराको **वस्तुस्थिति मुचुल्का।**

प्रतिवादी सञ्जीव रोका र उषा रिजाली मगरले परस्पर दोस्रो विवाह गरी मुलुकी ऐन, बिहाबरीको महलको ९ नं.बमोजिम कसुर अपराध गरेको पुष्टि भएकोले निजहरूलाई सोही महलको १० नं.बमोजिम सजाय होस् भन्नेसमेत बेहोराको मिति २०६५।०५।१६ मा रूपन्देही जिल्ला अदालतमा

दायर भएको **अभियोगपत्र ।**

२०६२ साल माघमा सञ्जीव र मेरो विवाह भएको हो । विवाह भएपछि घरमा गएपछि मात्र सञ्जीवको जेठी श्रीमती चन्दा रोकातर्फ १ छोरा र १ छोरी रहेछन् भन्ने कुरा थाहा पाएकी हुँ । विवाह भएपछि मलाई किन झुक्याई विवाह गर्नुभयो ? भन्दा जाहेरवालीले समेत मिली सँगै बसौं भनेकीले सँगै बसेका थियौं । मैले जानी-जानी विवाह गरेको होइन । हाम्रो विवाह दर्ता २०६४।१०।२७ गते द.नं. ४४६ बाट भएको छ । मैले जेठी श्रीमतीतर्फ छोरा छोरी छन् भन्ने जानीजानी विवाह गरेको होइन । अभियोग दाबीबमोजिम मलाई सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको **प्रतिवादी उषा रोका (रिजाली मगर) ले सुरू अदालतमा मिति २०६५।९।१७ मा गरेको बयान ।**

जाहेरवाली चन्दा रोकाको सल्लाहअनुसार उषा रिजालीसँग मिति २०६२।१०।१७ मा विवाह गरी मिति २०६४।१०।२७ द.नं. ४४६ मा विवाह दर्ता भएको छ । म विदेश जापान जानुपूर्व एकआपसमा मिली बसेका थिए । म जापान गएपछि जाहेरी दिएकी रहिछन् । जाहेरी झुट्ठा हो । उषालाई घरमा श्रीमती छोरा छोरी छन् भन्ने कुरा थाहा थिएन र मैले पनि भनेको थिइनँ । घरमा आएपछि थाहा भएको हो । जाहेरवालीको सरसल्लाहअनुसार नै उषा रिजालीलाई विवाह गरेकोले अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने होइन भन्नेसमेत बेहोराको **प्रतिवादी सञ्जीव रोकाले सुरू अदालतमा मिति २०६६।१।२९ मा गरेको बयान ।**

पतिसँग राम्रैसँग परिवारमा बसेका थियौं, पतिले किन दोस्रो विवाह गरे थाहा भएन, जाहेरीमा उल्लेख गरेकै मितिमा प्रतिवादीहरूले विवाह गरेका हुन्, आमा समूह र प्रमुख जिल्ला अधिकारीको रोहबरमा भएको सम्झौता पत्रमा व्यवस्थित घर बनाइदिने र महिनाको रू.१५,०००।– दिने र सासूको घरमा कान्छी श्रीमतीलाई भित्र्याउन नदिने गरी भएको सहमतिअनुसार नै कार्य गराउनको लागि निवेदन दिएको हो भन्ने बेहोराको **जाहेरवाली चन्दा रोकाको सुरू अदालतमा गरेको बकपत्र ।**

सञ्जीव रोकाको जेठी श्रीमती छन् भन्ने कुरा उषालाई थाहा थिएन, प्रतिवादीहरूले विवाह गरी घरमा ल्याई सँगै बसेका हुन् भन्ने बेहोराको वस्तुस्थिति मुचुल्काका **दिपक गुरूङले सुरू अदालतमा गरेको बकपत्र ।**

प्रतिवादीहरूको विवाह मिति २०६२।१०।१७ मा भएको हो, प्रतिवादी उषालाई सञ्जीव रोकाको जेठी श्रीमती भएको कुरा थाहा थिएन । जाहेरी बेहोरा झुट्ठा हो । अभियोग दाबीअनुसार उषालाई सजाय हुनुपर्ने होइन भन्ने बेहोराको प्रतिवादी उषा रिजालीका **साक्षी कमलप्रसाद भुसालले सुरू अदालतमा गरेको बकपत्र ।**

प्रतिवादीहरूको विवाह मिति २०६२।१०।१७ मा भएको हो । सो सम्बन्धमा जाहेरवालालाई समेत जानकारी रहेको र सो कुरामा जाहेरवालाको पनि सहमति भएको हो भन्ने बेहोराको **प्रतिवादी सञ्जीव रोकाका साक्षी भोजराज क्षेत्री पाण्डेले सुरू अदालतमा गरेको बकपत्र ।**

प्रतिवादी स्वयंले नै दोस्रो विवाह गरेको स्वीकार गरेको, सहमतिसम्बन्धी लिखित प्रमाण पेस हुन नसकेको र हदम्यादको आधारमा प्रस्तुत अभियोगपत्र खारेज गर्न नमिल्ने देखिएबाट प्रतिवादी सञ्जीव रोकाले अभियोग मागदाबीबमोजिमको कसुर अपराध गरेको ठहर्छ र निजलाई मुलुकी ऐन, बिहाबरीको ९ नं. को कसुर अपराधमा ऐ. १० नं.बमोजिम १ वर्ष कैद र रू.५,०००।– जरिवाना गर्न न्यायोचित देखियो । अर्का प्रतिवादी उषा रोका (रिजाली मगर) को हकमा प्रतिवादी सञ्जीव रोकाको घरमा श्रीमती छोरा छोरी छन् भन्ने उषालाई थाहा नभएको भन्ने सञ्जीव रोकाले बयान, वस्तुस्थिति मुचुल्का, उषाका साक्षीको बकपत्रबाट समर्थन पुष्टि भएकोले निजले अभियोग दाबीबाट सफाइ पाउने ठहर्छ भन्नेसमेतको **रूपन्देही**

जिल्ला अदालतबाट मिति २०६६।९।२७ मा भएको फैसला।

सञ्जीव रोका र उषा रोकाको मिति २०६२।१०।१७ गते विवाह भएको भन्ने सिद्धार्थनगर नगरपालिका कार्यालयको विवाह दर्ता प्रमाणपत्रले स्वयं जाहेरवालीको मिति २०६५।८।५ को निवेदनबाट पुष्टि भइरहेकोले बिहाबरीको ११ नं. मा व्यवस्थित हदम्याद व्यतीत भइसकेपछि मिति २०६४।१०।२६ लाई बनावटी वारदात मिति कायम गरेको तर्फ न्यायकर्ताले विवेचना नै नगरी भएको फैसला न्यायोचित छैन। म र कान्छी श्रीमती उषाबाट मिति २०६७।३।२८ मा छोरा सिद्धार्थ रोकाको जन्म भएको जन्मदर्ताको प्रमाण मिसिलमा मौजुद छ। त्यसतर्फ पनि ध्यानै दिइएन। नेपाल सरकारले सम्बन्धित निकायबाट प्रमाणपत्र दिइसकेपछि नेपाल सरकारले मिति २०६२।१०।१७ गते नै थाहा पाइसकेको अवस्थामा सो हदम्यादसमेतलाई विचारै नगरी भएको फैसलाले म अन्यायमा पर्न गएकोले सुरू फैसला बदर गरी अभियोग खारेज गरिपाउँ भन्नेसमेत बेहोराको **प्रतिवादी सञ्जीव रोकाको पुनरावेदन अदालत बुटवलमा दायर भएको पुनरावेदनपत्र।**

यसमा विवाह दर्ता गर्ने निकाय नेपाल सरकार जनसंख्या तथा पञ्जीकरण व्यवस्थापन शाखामा पुनरावेदक प्रतिवादी सञ्जीव रोका र उषा रिजाली मगरले **२०६४।१२।२७** मा विवाह दर्ता गराएको देखिएको। मुलुकी ऐन बिहाबरीको ११ नं. को कानूनी व्यवस्था एवं उक्त विवाह दर्ता सम्बन्धमा विवेचना नै नगरी बिहाबरीको १० नं.बमोजिम कैद र जरिवाना हुने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०६६।९।२७ को फैसला प्रमाण मूल्याङ्कनका आधारमा फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन अ.व. २०२ नं. तथा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम छलफलको लागि पुनरावेदन सरकारी वकिल कार्यालय, बुटवललाई पेसीको जानकारी दिई नियमानुसार गरी पेस गर्नु भन्ने बेहोराको **पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।६।०८ मा भएको आदेश।**

हदम्याद नाघी दायर भएको प्रस्तुत अभियोग दाबी खारेज गर्नुपर्नेमा तथ्यमा प्रवेश गरी प्रतिवादी सञ्जीव रोकालाई कसुरदार ठहऱ्याई एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना गरेको रूपन्देही जिल्ला अदालतको मिति २०६६।९।२७ मा गरेको फैसला नमिलेकोले उल्टी भई प्रस्तुत मुद्दाको अभियोग दाबी खारेज हुने ठहर्छ भन्नेसमेत बेहोराको **पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।९।१९ मा भएको फैसला।**

जाहेरवाला चन्दा रोकाले मेरो श्रीमान् सञ्जीव रोकाले उषा रिजाली मगरलाई कान्छी श्रीमतीको रूपमा विवाह गरी बहुविवाह गरेको जाहेरी मिति २०६५।२।२६ मा दिई मिति २०६५।५।१६ मा रूपन्देही जिल्ला अदालतमा दायर भएको मुद्दामा जाहेरवाला चन्दा रोका मुद्दाको पक्ष नभएर सूचक मात्र रहेकी र निजले थाहा पाएको समयलाई वादी नेपाल सरकारले थाहा पाएको जस्तो अर्थ गरी भएको फैसला कानूनसङ्गत नदेखिएको, बिहाबरी महलको ११ नं. मा थाहा पाएको मिति भन्नाले मुद्दा दायर गर्ने निकायले थाहा पाएको मितिलाई इङ्गित गरेको, दिपक पाण्डे विरूद्ध नेपाल सरकार मुद्दामा प्रतिपादित सिद्धान्तअनुसार जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने, सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३ को उपदफा १ को व्यवस्था बाध्यात्मक नभएको, मिति २०६४।१०।२७ मा रूपन्देही नगरपालिका कार्यालयमा विवाह दर्ता भएको र २०६५।५।१६ मा अभियोगपत्र दर्ता भएकोमा नगरपालिका स्वतन्त्र तथा स्वायत्त निकाय भएको र विवाह दर्ता गर्दा बहुविवाहको विषय नउठ्ने तथा पञ्जीकरणसम्म गरेको देखिँदा नगरपालिकामा विवाह दर्ता भएको भनी दाबी खारेज

भएको कानूनसङ्गत नदेखिएकोले पुनरावेदन अदालत बुटवलको फैसला बदर गरी सुरू अभियोगबमोजिम सजाय गर्ने प्रयोजनका लागि मुद्दा दोहोर्‍याई हेरिपाउँ भन्ने **वादी नेपाल सरकारको यस अदालतमा परेको निवेदनपत्र ।**

यसमा आफ्नो पति सञ्जीव रोकाले उषा रिजाली मगरलाई कान्छी श्रीमतीको रूपमा विवाह गरेको हुँदा बहुविवाहमा कारबाही गरिपाउँ भन्ने बेहोराको जाहेरवाली चन्दा रोकाले मिति २०६५।२।२६ मा दिएको जाहेरी दरखास्तको आधारमा अनुसन्धान तथा तहकिकात भई प्रस्तुत मुद्दा मिति २०६५।५।१६ मा दायर भएको देखिन्छ । जाहेरवाली चन्दा रोका प्रस्तुत मुद्दाको सूचकसम्म भएको अवस्था छ । नगरपालिका कार्यालयमा मिति २०६४।१०।२७ मा विवाह दर्ता हुनुलाई नै जाहेरवाली चन्दा रोका तथा वादी नेपाल सरकारले थाहा पाएको भन्न नमिल्ने हुँदा हदम्याद नाघी दायर भएको भन्ने आधारमा अभियोग दाबी खारेज गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।९।१९ को फैसला तथा दिपक पाण्डेसमेत विरूद्ध नेपाल सरकार भएको मुद्दा (ने.का.प. २०६३, पृष्ठ ५५४, नि.नं. ७६९४) मा प्रतिपादित सिद्धान्तविपरीत हुनुको साथै प्रमाण ऐन, २०३१ को दफा ३ र ५४ तथा बिहाबरीको ९ र १० नं. समेतको त्रुटि देखिँदा न्याय प्रशासन ऐन, २०४८ को दफा १२(१) (क) र (ख) बमोजिम प्रस्तुत मुद्दा दोहोर्‍याई हेर्न निस्सा प्रदान गरिदिएको छ । विपक्षी झिकाई नियमानुसार गर्नु भन्ने बेहोराको **यस अदालतबाट मिति २०७०।४।१८ गते भएको आदेश ।**

यस अदालतबाट प्रतिपादित सिद्धान्त र कानूनी व्यवस्थासमेतका आधारबाट सुरू रूपन्देही जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग दाबी खारेज हुने ठहर गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।९।१९ मा भएको फैसला मिलकै देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन । प्रस्तुत मुद्दाको रोहमा मेरो प्रस्तुत रायसँग माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ सहमत नभई पुनरावेदन अदालत बुटवलको फैसला उल्टी गरी रूपन्देही जिल्ला अदालतको फैसला सदर गर्ने गरी व्यक्त भएको रायसँग असहमत भएकोले प्रस्तुत मुद्दा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम मुद्दा सुनुवाइको लागि पूर्ण इजलाससमक्ष पेस गर्नु भन्ने बेहोराको मिति २०७६।११।२० मा **यस अदालतका माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीबाट भएको राय ।**

प्रतिवादी सञ्जीव रोकालाई अभियोग मागदाबीबमोजिमको आरोपित कसुरमा हदम्यादको कारण देखाई सफाइ दिने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।९।१९ मा भएको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । हदम्याद नाघी दायर भएको मुद्दाको अभियोग दाबी खारेज गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको फैसलालाई सदर गर्ने गरी माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीले व्यक्त गर्नुभएको रायसँग सहमत हुन नसकेकोले प्रस्तुत छुट्टै राय व्यक्त गरेको छु। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३(२)(क) बमोजिम प्रस्तुत मुद्दा सुनुवाइको लागि पूर्ण इजलाससमक्ष पेस गर्नु भन्ने मिति २०७६।११।२० मा **यस अदालतका माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठबाट भएको फरक राय ।**

कानूनले निर्धारण गरेको ***"थाहा पाएको मिति"*** भन्ने हदम्यादका सम्बन्धमा के कस्तो अवस्थामा थाहा पाएको मानिने भनी दिपक पाण्डेको मुद्दामा यस अदालतको पूर्ण इजलासबाट व्याख्या भई सिद्धान्त कायम भएपश्चात् कतिपय (महेश महर) को मुद्दामा सोको अनुशरण गरी र कतिपय (कमलमोहन चापागाई) लगायतका मुद्दामा संयुक्त इजलासबाट उक्त पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तको अनुशरण नगरी फरक किसिमले व्याख्या भई फैसला भएको

देखिन्छ । यसबाट बहुविवाह मुद्दामा कानूनले निर्धारण गरेको हदम्यादलाई कसरी अनुशरण गर्ने भन्ने सम्बन्धमा हालसम्म अन्योलपूर्ण स्थिति कायम रहेको देखियो । तत्काल प्रचलित मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. र हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १७६ ले समेत **"थाहा पाएको मितिले तीन महिनाभित्र नालेस दिनुपर्ने"** गरी निर्धारण गरेको हदम्यादका सम्बन्धमा एकरूपता कायम हुनु आवश्यक देखिन्छ । प्रस्तुत मुद्दामा हदम्यादको सन्दर्भमा जाहेरवाला वा आधिकारिक निकाय कसले थाहा पाएको मितिलाई थाहा पाएको मिति मान्ने भन्ने सम्बन्धमा संयुक्त इजलासमा मतैक्य हुन नसकी पूर्ण इजलासमा पेस हुन आएको देखियो । बहुविवाह मुद्दामा कायम गर्नुपर्ने हदम्याद (थाहा पाएको मिति) सम्बन्धमा पूर्ण इजलासबाट भएको व्याख्या र सोपश्चात् संयुक्त इजलासबाट फरक-फरक व्याख्या भएको देखिँदा उपर्युक्त कानूनी प्रश्न तथा यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तका सम्बन्धमा बृहत् पूर्ण इजलासबाट व्याख्या भई एकरूपता कायम हुनु वाञ्छनीय देखिएकोले प्रस्तुत मुद्दा सुनुवाइका लागि सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२(२)(क) बमोजिम बृहत् पूर्ण इजलासमा पेस गर्नु भन्ने **यस अदालतबाट मिति २०७९।११।४ मा भएको आदेश ।**

यस अदालतको ठहर

नियमबमोजिम पेसी सूचीमा चढी इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा **पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट** उपस्थित विद्वान् नायब महान्यायाधिवक्ताद्वय श्री गोपालप्रसाद रिजाल र श्री सञ्जीवराज रेग्मी, विद्वान् सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल तथा विद्वान् उपन्यायाधिवक्ता श्री शान्ति न्यौपानेले सरकारवादी मुद्दामा जाहेरवाला सरोकार राख्ने व्यक्ति भए पनि निजको हैसियत सरकारी गवाहको रूपमा मात्र रहने र मुद्दाको पक्ष नभएको हुँदा अनुसन्धान गर्ने निकाय वा अनुसन्धान गर्ने अधिकारीले आधिकारिक रूपमा थाहा पाएको मितिले हदम्याद सुरू हुन्छ । प्रस्तुत मुद्दामा जाहेरवालीले जाहेरी दिएको मिति २०६५।२।२६ पछि मात्र अनुसन्धान अधिकारीले थाहा पाएको हुँदा सोही मितिलाई हदम्याद सुरू भएको मान्नुपर्ने भन्ने मनसाय मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. मा उल्लेख भएको र यसै सम्बन्धमा दिपक पाण्डे विरूद्ध नेपाल सरकार भएको बहुविवाह मुद्दा (ने.का.प.२०६३, अङ्क ५, नि.नं. ७६९४) मा सर्वोच्च अदालतको पूर्ण इजलासबाट अनुसन्धान तहकिकात गर्ने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र हदम्याद सुरू भई कसुरको अनुसन्धान कारबाही गरी मुद्दा चलाउन सक्ने गरी सिद्धान्त प्रतिपादित भइसकेको छ । पूर्ण इजलासबाट प्रतिपादन भएको सिद्धान्त वा कानूनको व्याख्यालाई सोही प्रकृतिको विवादमा सबैले पालना गर्नुपर्दछ । स्थानीय निकाय सिद्धार्थनगर नगरपालिकामा प्रतिवादीहरूले मिति २०६४।१।२७ विवाह दर्ता गराएको कार्यलाई मुद्दाको अनुसन्धान गर्ने निकायले स्वत: थाहा पाएको मान्न मिल्दैन । अत: पुनरावेदन अदालत बुटवलबाट भएको फैसला त्रुटिपूर्ण हुँदा सो फैसला बदर गरी यस अदालतका माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठको राय मिलेको देखिँदा सदर गरी अभियोग दाबीबमोजिम प्रतिवादीलाई सजाय गरिपाउँ भनी बहस गर्नुभयो ।

प्रत्यर्थी प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताद्वय श्री प्रकाशबहादुर के.सी. तथा श्री सानुराज पोखरेल र विद्वान् अधिवक्ताहरू श्री केदार कोइराला, श्री भोजराज आचार्य, श्री रविन्द्र ढुङ्गाना, श्री कोपिला बस्नेत, श्री जयलाल भण्डारी, श्री अञ्जन धिताल र डा.श्री कुन्साङ लामाले जाहेरवाला चन्दा रोकालाई हामीहरूका पक्ष सञ्जीव रोकाले उषा रिजाली मगरसँग मिति **२०६२।१०।१७** मा विवाह गरी मिति **२०६४।१०।२७ मा विवाह** दर्ता गरेको

बारेमा पहिले नै जानकारीमा रहेको थियो । सञ्जीव रोका विदेश जानुपूर्व जेठी श्रीमतीसँग एक आपसमा मिली बसेकोमा पति सञ्जीव रोकासमेतले वास्ता नगरेकोले कुनै उपाय नदेखिँदा घर व्यवहार सुधार प्रयोजनका लागि प्रहरीमा उजुर गरेकी हुँ भनी उल्लेख गरेको देखिन्छ । मुलुकी ऐन बिहाबरीको ११नं. मा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन भन्ने व्यवस्था रहेकोमा नेपाल सरकारले पनि हदम्याद व्यतीत गरी मिति २०६५।०५।१६ मा मात्र प्रस्तुत मुद्दाको अभियोगपत्र सुरू रूपन्देही जिल्ला अदालतमा दर्ता गरेकोले हदम्याद नघाई दर्ता भएको अभियोगपत्र खारेज गरेको पुनरावेदन अदालत बुटवलको फैसलालाई सदर गरेको माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीको राय मिलेको देखिँदा उक्त रायलाई सदर गरिपाउँ भनी बहस गर्नुभयो ।

उपर्युक्तानुसारको तथ्य र बहस जिकिर सुनी वादी प्रतिवादी दुवै पक्षको तर्फबाट पेस हुन आएको बहस नोट अध्ययन गरी निर्णयतर्फ विचार गर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूको निरूपण गर्नुपर्ने देखिन आयो ।

(क) प्रस्तुत मुद्दा बृहत् पूर्ण इजलासबाट हेरिनुपर्ने हो वा होइन ?

(ख) साबिक मुलुकी ऐन, बिहाबरीको ११ नं. ले बहुविवाह मुद्दामा थाहा पाएको मितिले ३(तीन) महिना हदम्याद कायम गरेकोमा जाहेरवालाले थाहा पाएको मितिबाट सो हदम्याद कायम हुने हो वा अनुसन्धान अधिकारीले थाहा पाएको मितिबाट कायम हुनुपर्ने हो ?

(ग) साबिक मुलुकी ऐनबमोजिम बहुविवाह कसुर कायम भए पनि दोस्रो विवाह यथावत् कायम रही रहने र हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ ले दोस्रो विवाह स्वतः बदर हुने व्यवस्था गरेको सन्दर्भमा हदम्यादसम्बन्धी कानूनको व्याख्यामा फरक पर्दछ कि पर्दैन ?

(घ) पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।०९।१९ मा भएको फैसला मिलेको छ वा छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ?

२. सर्वप्रथम **प्रस्तुत मुद्दा बृहत् पूर्ण इजलासबाट हेरिनुपर्ने हो वा होइन भन्ने** पहिलो प्रश्नका सन्दर्भमा विचार गर्दा, यस अदालतको तीन न्यायाधीशको पूर्ण इजलासले मिति २०७९।११।४ मा प्रस्तुत मुद्दालाई बृहत् पूर्ण इजलासमा पठाउने भनी आदेश गरेकोमा सोही आदेशबमोजिम प्रस्तुत मुद्दा आज यस इजलासमा पेस भई सुनुवाइ हुन आएको देखियो । यस अदालतको पूर्ण इजलासको मिति २०७९।११।४ को आदेश हेर्दा बहुविवाह मुद्दामा हदम्यादको गणना कहिलेबाट हुने भन्ने प्रश्नमा यस अदालतका फैसलाहरूमा एकरूपता भएको नदेखिँदा सो प्रश्नका सम्बन्धमा एकरूपता कायम गर्ने उद्देश्यले बृहत् पूर्ण इजलासमा पेस गर्ने भनी आदेश भएको देखिन्छ ।

३. बहुविवाह मुद्दामा कानूनले हदम्याद तोकेकोमा सो हदम्यादको गणना कहिलेबाट हुने हो भन्ने सम्बन्धमा यस अदालतबाट विभिन्न मुद्दाहरूमा निम्नबमोजिम व्याख्या भएको पाइन्छ ।

(क) दिपक पाण्डेसमेत वि. श्री ५ को सरकार[1] भएको बहुविवाह मुद्दामा यस अदालतको पूर्ण इजलासबाट *"..अनुसन्धान तहकिकात गर्ने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारबाही अगाडि बढ्न सक्ने भएकोले जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने.."* भनी व्याख्या भएको

1 ने.का.प.२०६३, अङ्क ५, नि.नं.७६९४

छ।

(ख) **कमलमोहन चापागाई वि. नेपाल सरकार**[2] भएको बहुविवाह मुद्दामा यस अदालतको संयुक्त इजलासले *"..वैवाहिक सम्बन्धलाई समाजले मान्यता प्रदान गरिसकेको, छोराछोरी जन्मिसकेको, तिनीहरूको जन्मदर्ता पनि गरिसकेको अवस्थामा पनि पहिलो पत्नी वा अनुसन्धान र मुद्दा गर्ने सरकारी निकायले थाहा नपाउनु भनेको सीमित हदम्यादसम्बन्धी कानूनी व्यवस्थाको बेवास्ता वा उपेक्षा हुन जान्छ.."* भनी व्याख्या भएको छ।

(ग) **नेपाल सरकार वि. महेश महरसमेत**[3] भएको बहुविवाह मुद्दामा यस अदालतको संयुक्त इजलासबाट *"मुद्दा चलाउने हकदैया रहेको निकाय वा व्यक्तिलाई हदम्याद लाग्ने हो। कानूनमा "थाहा पाएको मितिबाट" हदम्याद कायम हुने गरी व्यवस्था भएको कुराको अर्थ अरू जोसुकैले थाहा पाएर हदम्याद सुरु हुँदैन, मुद्दा चलाउने अधिकार पाएको वा हकदैया रहेको व्यक्ति वा निकायले थाहा पाएको मितिबाट हदम्यादको गणना गर्नुपर्ने भन्ने नै हो। बहुविवाह मुद्दामा जेठी पत्नीले थाहा पाएको मितिबाट हदम्याद कायम हुन्छ भन्नु मनासिब देखिँदैन"* भनी व्याख्या भएको छ।

(घ) **नेपाल सरकार वि. भोजबहादुर अधिकारीसमेत**[4] भएको बहुविवाह मुद्दामा यस अदालतको संयुक्त इजलासबाट *"..बहुविवाह मुद्दा दायर गर्ने खुल्ला वा असीमित हदम्याद वा जहिले पनि दायर गर्न सकिने भन्ने ऐनले व्यवस्था नगरेकोले सीमित म्यादभित्रै बहुविवाहको मुद्दा दायर गर्नुपर्ने.."* भनी व्याख्या भएको देखिन्छ।

(ङ) **नेपाल सरकार वि. मित्रबहादुर कुँवरसमेत**[5] भएको बहुविवाह मुद्दामा पनि यस अदालतको संयुक्त इजलासबाट *"..एकसाथ समय बिताई बालबच्चासमेत जन्मिई व्यवहार मिलाई स्वीकार गरी बसी आएको अवस्थामा पछि उब्जेको सोचका कारण कानूनको दुरूपयोग गर्ने प्रवृत्तिलाई अदालतले समर्थन गर्नु न्यायोचित हुँदैन.."* भनी व्याख्या भएको पाइन्छ।

४. यसरी माथि उल्लिखित बहुविवाहसम्बन्धी विभिन्न मुद्दाहरूमा हदम्यादको गणना कहिलेबाट हुने भन्ने सम्बन्धमा यस अदालतबाट भएका फैसलाहरूमा फरक-फरक किसिमले व्याख्या भई सोमा एकरूपता रहेको देखिएन। अदालतबाट हुने व्याख्या र कानूनको प्रयोगमा एकरूपता हुनुपर्छ। एकरूपताले मात्र न्यायलाई विश्वसनीय र अनुमानयोग्य (Predictable) बनाउँछ। हाम्रो कानून प्रणालीमा माथिल्लो अदालत र इजलासले गरेको व्याख्यालाई मातहत अदालत र इजलासले अनुशरण गर्ने कार्य न्यायिक अनुशासनको विषयसमेत हो। एउटै तथ्य भएको मुद्दाहरूमा पनि उही कानूनको अलग-अलग बुझाइ र प्रयोगले न्याय निरूपणमा अराजकता र अन्योलता सिर्जना हुने मात्र होइन यसले अदालतप्रतिको जनआस्थामा समेत प्रतिकूल प्रभाव पर्न जान्छ। कुनै एक इजलासले हेरेको विषयलाई त्योभन्दा ठूलो इजलासमा पेस गरी स्पष्ट हुने कार्य मुलुकले अवलम्बन गरेको न्यायिक पद्धतिमा निर्भर गर्दछ। यस सम्बन्धमा विभिन्न देशहरूमा अलग-अलग न्यायिक अभ्यासहरू रहने गरेको पाइन्छ। संयुक्त राज्य अमेरिकाको सर्वोच्च

2 ने.का.प.२०६८, अङ्क ११, नि.नं.८७१६

3 ने.का.प.२०७६, नि.नं.१०१७८

4 मुद्दा नं. ०७१-CR-०७८५, फैसला मितिः २०७३।०७।०१

5 मुद्दा नं. ०७३-CR-००८०, फैसला मितिः २०७४।११।१३

अदालतमा सबै जना न्यायाधीशहरू बसेर मुद्दाको सुनुवाइ गर्ने गरिन्छ। हाम्रो सन्दर्भमा कोभिड १९ को समयमा गुज्रेको हदम्याद, म्याद र तारिखका सम्बन्धमा सर्वोच्च अदालतका सबै न्यायाधीशहरू एकैसाथ बसी निर्णय दिएको अभ्यास छ[6]। यस अदालतमा रहने विभिन्न प्रकारका इजलासहरूको गठन र ती इजलासका क्षेत्राधिकारका सम्बन्धमा सर्वोच्च अदालत नियमावलीले पनि स्पष्ट व्यवस्था गरेको छ[7]। विधिशास्त्रीय विकासको दृष्टिकोणबाट हेर्दासमेत एउटा इजलासले हेरेको मुद्दामा निहित विषयलाई थप स्पष्ट पारी बृहत् व्याख्या गर्न वा कायम रहेको अन्योलता हटाई व्याख्यामा एकरूपता (Consistency) कायम गर्नको लागि त्योभन्दा ठुलो संख्या रहेको इजलासमा पठाउने कार्यलाई स्वाभाविक रूपमा लिनुपर्छ। सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२(२)(क) मा "**कानूनको व्याख्या वा कानूनी सिद्धान्तको सम्बन्धमा बृहत् पूर्ण इजलासबाट निरूपण हुन आवश्यक छ भनी पूर्ण इजलासले आदेश दिएको मुद्दा वा प्रतिवेदन**" बृहत् पूर्ण इजलासबाट हेर्न सकिने भन्ने व्यवस्था रहेको सन्दर्भमा पनि बहुविवाह मुद्दामा हदम्यादको गणनाका सम्बन्धमा रहेको फरक-फरक व्याख्याको अन्योलतालाई हटाई एकरूपता कायम गर्ने उद्देश्यका साथ बृहत् पूर्ण इजलासमा पठाउने गरी पूर्ण इजलासबाट मिति २०७९।११।४ मा भएको आदेशलाई अन्यथा भन्न मिलेन।

५. अब, साबिक मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. ले बहुविवाह मुद्दामा थाहा पाएको मितिले ३(तीन) महिनाभित्रको हदम्याद कायम गरेकोमा सो **हदम्यादको गणना जाहेरवालाले थाहा पाएको मितिबाट गणना हुने हो वा अनुसन्धान गर्ने निकायले थाहा पाएको मितिबाट गणना हुने हो ? भन्ने दोस्रो प्रश्नका सम्बन्धमा हेर्दा,** साबिक मुलुकी ऐन, बिहाबरीको महलको १० नं.मा **"कसैले यो महलको ९ र ९.क. नम्बरमा लेखिएको कुराको विपरीत अर्को विवाह गरेमा वा स्वास्नी राखेमा निजलाई एक वर्षदेखि तीन वर्षसम्म कैद र पाँच हजार रूपैयाँदेखि पच्चिस हजार रूपैयाँसम्म जरिवानासमेत हुने छ। स्वास्नी मानिसले जानी जानी त्यस्तो विवाह गरेमा वा स्वास्नी भई बसेमा निजलाई पनि सोहीबमोजिम सजाय हुने छ"** भन्ने व्यवस्था रहेको देखिन्छ। त्यसैगरी सोही महलको ११ नं. मा **"यस महलको ७ नम्बरका कुरामा सो भए गरेको मितिले र अरूमा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन"** भन्ने व्यवस्था रहेको देखिन्छ। यसरी बिहाबरीको महलको ११ नं. मा उल्लिखित **"थाहा पाएको मितिले तीन महिनाभित्र"** भन्ने व्यवस्था गरेकोमा जाहेरवाला वा अनुसन्धान तहकिकात गर्ने निकाय कसले थाहा पाएको मितिलाई **"थाहा पाएको मिति"** गणना गर्ने हो भन्ने सम्बन्धमा अन्योल रहेको र यस अदालतबाट पनि विभिन्न मुद्दामा फरक-फरक व्याख्या भएको सन्दर्भमा बहुविवाह मुद्दामा हदम्यादको गणनाको विषयलाई नै विस्तृत विवेचना गर्नुपर्ने देखियो। यसका लागि हदम्यादको अवधारणा, कानूनमा हदम्यादको व्यवस्था गर्नुको औचित्यतासमेतलाई पनि सङ्क्षेपमा चर्चा गर्नु वाञ्छनीय हुने देखिन्छ।

६. कुनै कार्य कारण परेकोमा सरोकारवाला व्यक्तिले उजुरी सुन्ने निकायमा उजुरी गर्ने अन्तिम

---

6 नेपालको सन्दर्भमा हेर्दा बन्दाबन्दी (Lock down) को अवधिमा मुद्दाको हदम्याद, म्याद, तारिखलगायतका विषयमा कार्यान्वयनमा आइपरेका अडबडको निकासा हुन सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२ बमोजिम प्रतिवेदन संयुक्त इजलाससमक्ष पेस भएकोमा कानूनी प्रश्नको जटिलता र महत्त्व विचार गरी यस अदालतको संयुक्त इजलासको आदेशबमोजिम बृहत् पूर्ण इजलासमा पेस हुँदा यस अदालतका तत्काल कायम रहेका सबै १९ जना न्यायाधीशहरुबाट मुद्दाको सुनुवाइ भई मिति २०७७।२।१५ मा फैसला भएको देखिन्छ। सोबाहेक सबैजना न्यायाधीश बसेर मुद्दाको सुनुवाइ भएको उदाहरण भेटिँदैन।

7 सर्वोच्च अदालत नियमावली, २०७४ को दफा २१ ले सर्वोच्च अदालतमा संवैधानिक, बृहत् पूर्ण इजलास, पूर्ण इजलास, संयुक्त इजलास र एक न्यायाधीशको इजलास हुने व्यवस्था गरेको छ।

समयावधि नै हदम्याद हो । हदम्याद कानूनी प्रश्न हो र यसको सम्बन्धमा कानूनले नै स्पष्ट व्यवस्था गरेको हुन्छ । मुद्दा मामिलाका सम्बन्धमा हदम्यादको प्रश्न प्रारम्भिक रूपमा नै निरूपण गरिन्छ र हदम्यादसम्बन्धी प्रश्नको निरूपण भएपश्चात् मात्र मुद्दाको विषयवस्तु (Merit) मा प्रवेश गरिन्छ । यसरी कुनै विषयमा अदालतमा नालिस गर्न चाहने पक्षले कानूनले तोकेको समयावधि अर्थात् हदम्यादभित्रै नालिस वा फिराद गर्नुपर्छ । हदम्यादको अभावमा कुनै पनि उजुरी स्वीकारयोग्य हुँदैन । हदम्यादसम्बन्धी कानूनको उद्देश्य भनेको ढिलो दाबीलाई समाप्त गर्नु पनि हो । हदम्यादसम्बन्धी कानूनलाई विश्रान्ती, शान्ति र न्याय (Repose, peace and Justice) को कानून पनि भनिन्छ । कसैले कुनै कार्य गर्छ र त्यो कार्य विवादित बन्न पुग्छ भने निश्चित समयभित्र नै त्यसको निप्टारा हुनुपर्छ । अनन्तकालसम्म विवादित विषयलाई राख्न मिल्दैन । समाजमा अनिश्चितताको अवस्था आउन नदिनको लागि नै कानूनमा हदम्यादसम्बन्धी व्यवस्था गरिएको हुन्छ । हदम्यादले विवादका पक्षहरूलाई आफ्नो हक अधिकारप्रति सचेत गराउँछ साथै विवादलाई निश्चित समयभित्र नै अन्त्य गर्नसमेत सहयोग गर्छ । धेरै समय गुज्रँदा मुद्दासँग सम्बन्धित सबुत प्रमाणहरू लोप हुन सक्ने तथा पीडितले वास्तविक न्याय नपाउने सम्भावनासमेत रहन्छ । कानूनमा हदम्यादको गणना गर्ने सम्बन्धमा फरक-फरक व्यवस्था रहेको हुन्छ । धेरैजसो मुद्दामा हदम्यादसम्बन्धी स्पष्ट समयावधि किटान गरिएको हुन्छ भने कतिपय मुद्दामा हदम्यादको विषयलाई खुल्ला राखिएको हुन्छ[8] । विशेष गरी गम्भीर र जघन्य प्रकृतिका अपराध तथा सार्वजनिक सम्पत्तिको नोक्सान समावेश भएका मुद्दाहरूमा अपराधीको पहिचान तथा प्रमाण सङ्कलन गर्न समय लाग्ने, जहिलेसुकै मुद्दा लाग्ने व्यवस्थाले अपराधी अपराध गर्नबाट निरूत्साहित हुनेलगायतका कारणहरूले गर्दा पनि हदम्यादको व्यवस्थालाई खुल्ला राखिने गरिन्छ ।

७. हदम्यादको कानूनले कुनै पक्षलाई कठिनाई वा असुविधा हुने भए तापनि अदालतसँग सो कानूनलाई पूर्ण रूपमा लागु गर्नुको विकल्प हुँदैन । कुनै पक्षलाई असुविधा पुग्छ वा पुग्दैन भन्ने सवालले कानूनको व्याख्यालाई प्रभावित पार्न सक्दैन । हदम्यादसम्बन्धी कानूनको उचित विवेचना भनेको तोकिएको हदम्याद अवधिको कठोर व्याख्या गरिनु हो । अझ यदि हदम्यादको व्याख्या कसैलाई सजाय दिने कुरासँग सम्बन्धित छ भने त त्यसको कठोर व्याख्या (Strict interpretation) गरिनुपर्छ[9] । कुनै व्यक्तिलाई फौजदारी अभियोगमा मुद्दा लगाउनेजस्तो गम्भीर विषयमा हदम्यादको उचित मूल्याङ्कन नगरी कुनै तर्कको आधारमा हदम्याद बढाउने हो भने त्यसले फौजदारी न्याय प्रशासनको आधारभूत मूल्य मान्यता (Basic Norms) र उद्देश्य नै परास्त हुन पुग्छ भन्ने तथ्यलाई पनि गम्भीरताको साथ लिनुपर्छ ।

८. साबिक मुलुकी ऐन, बिहाबरीको महलको ९ नं.मा उल्लिखित विभिन्न अवस्थाहरू परेमा बाहेक कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्की स्वास्नी राख्न हुँदैन भन्ने व्यवस्था रहेको र सोही महलको १० नं. ले ९ नं. विपरीतको कार्य गरेमा फौजदारी कसुर गरेको मानी सजाय हुनेसमेतको व्यवस्था गरेको देखिन्छ । त्यसैगरी सोही महलको ११ नं. मा बहुविवाह भएको थाहा पाएको मितिले तीन महिनाभित्र उजुर गर्नुपर्ने भनी हदम्यादको विषयलाई सीमित गरेको तर

8 मुलुकी अपराध संहिता, २०७४ को दफा ४९, ५०, ५१, ५२, ५३ र ५७ अन्तर्गतका कसुरमा जहिलेसुकै पनि उजुर लाग्न सक्ने व्यवस्था रहेको छ ।

9 यसै सन्दर्भमा Maxwell on the Interpretation of Statutes (12th ed.) को पृष्ठ २४५ मा अधिकार क्षेत्र र कार्यविधिसँग सम्बन्धित कानूनहरू सजायसँग सम्बन्धित छन् भने कठोर व्याख्या गरिनुपर्दछ भनी उल्लेख गरेको पाइन्छ ।

कसले थाहा पाएको हो भन्ने सम्बन्धमा केही नबोलेको अवस्थामा हदम्यादसम्बन्धी समन्यायिक व्याख्या गरिनुपर्ने देखियो ।

९. बहुविवाह victim based crime हो । यसबाट पीडित हुने पक्ष भनेको सामान्यतयाः पहिलो श्रीमती नै हुने गर्दछ । विवाह आफैँमा व्यक्तिको व्यक्तिगत स्वतन्त्रताको विषय भए तापनि एकैसमयमा एकभन्दा बढी व्यक्तिसँग वैवाहिक सम्बन्ध कायम गर्दा अर्को व्यक्तिको हक अधिकारमा आघात पर्ने भएकोले बहुविवाहलाई कानूनले कसुरको रूपमा परिभाषित गरेको हो । बहुविवाहलाई कानूनमा सरकारवादी भई चल्ने फौजदारी कसुरको रूपमा परिभाषित गरिएको भए तापनि यो कसुरको प्रकृति पारिवारिक सम्बन्धसँग केन्द्रित हुने हुँदा बहुविवाह व्यक्ति विरूद्धको अपराध (Crime against Individual) पनि हो । कुनै पुरूषले पत्नी हुँदाहुँदै अर्को विवाह गर्छ भने उसले पहिलो पत्नीको विरूद्धमा कसुर गरेको मानिने कानूनी अभ्यास हो । पुरूषले अर्को महिलासँग वैवाहिक सम्बन्ध स्थापित गर्दा पहिलो पत्नीको व्यक्तिगत जीवनमा प्रतिकूल प्रभाव पर्नुका साथै उसको सम्पत्तिलगायतका अन्य कानूनी अधिकारहरूमा पनि प्रतिकूल असर पुग्न जान्छ । बहुविवाहसम्बन्धी कसुरको प्रत्यक्ष सम्बन्ध र सरोकार सो कसुरबाट पीडित हुने व्यक्ति कसुरकर्ता पुरूषको प्रथम पत्नी हुने कुरामा दुई मत हुन सक्दैन । आफ्नो पतिले अर्को महिलासँग दोस्रो विवाह गरेको कुराको जानकारी पनि स्वाभाविक रूपमा पहिलो पत्नीलाई हुन्छ भनी अनुमान गर्नुपर्ने हुन्छ । बहुविवाहको कसुर फौजदारी कसुर भए तापनि पारिवारिक विषयसँग सम्बन्धित भएकोले पीडित वा सो कसुरबाट प्रत्यक्ष प्रभाव पर्ने सरोकारवाला व्यक्तिको तर्फबाट जाहेरी दरखास्त परेपछि मात्र अनुसन्धान तहकिकात हुने प्रचलन हुँदा अनुसन्धान गर्ने निकायले बहुविवाह भएको भन्ने विषय आफैँ जानकारीमा लिई अपराध अनुसन्धान तहकिकात गर्ने अभ्यास गरिएको पाइँदैन । आफ्नो अधिकारप्रति सम्बन्धित पक्ष नै सचेत रही न्यायिक उपचार खोज्नुपर्ने अवस्था हुन्छ । न्यायको अपेक्षा राख्ने व्यक्ति स्वयंले कानूनद्वारा निर्दिष्ट गरिएको समयसीमाभित्र नै कानूनी उपचारमा जानुपर्छ भन्ने हदम्यादसम्बन्धी कानूनको आधारभूत मान्यता पनि हो । हदम्यादभित्र नालिस उजुरी नपरेको अवस्थामा कारबाही र सजाय गर्न मिल्ने हुँदैन । तसर्थ जहिलेसुकै कारबाही र सजाय हुन सक्ने कसुरको हकमा ऐनमा नै जहिलेसुकै नालिस उजुर गर्न सकिने हदम्याद नलाग्ने प्रावधान गरिएको पाइन्छ । बहुविवाहको कसुरमा नालिस गर्ने हदम्याद स्पष्ट गरिएको पाइँदा जहिलेसुकै नालिस उजुर गर्न मिल्ने प्रकृतिको कसुरको रूपमा परिभाषित गर्न मिल्दैन ।

१०. बहुविवाहसम्बन्धी कसुरको जानकार व्यक्ति पीडित पक्ष हुने भई निजको जाहेरी परेपछि अपराध अनुसन्धान तहकिकात गर्ने निकायले जानकारीमा लिई कसुरबारे अनुसन्धान तहकिकात गरी अभियोजन हुने देखिन्छ । तत्काल प्रचलित सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को अनुसूची १ अन्तर्गतका मुद्दामा सोही ऐनको दफा ३(१) बमोजिम कसुर भएको वा हुन लागेको वा भइरहेको थाहा पाउने जोसुकै व्यक्तिले जाहेरी दिन सक्ने कानूनी प्रावधान रहेको पाइन्छ । **बहुविवाहसम्बन्धी कसुर सोही अनुसूचीअन्तर्गतको कसुर भएको हुँदा जोसुकैले जहिलेसुकै पनि बल्ल थाहा पाएँ भनी जाहेरी दिन पाउने र अपराध अनुसन्धान तहकिकात गर्ने निकायले जाहेरी परेपछि मात्र अपराध भए घटेको थाहा पाएको भनी मान्ने हो भने हदम्याद असीमित हुन पुग्दछ । अझ भनौँ मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. द्वारा निर्दिष्ट गरिएको हदम्यादसम्बन्धी प्रावधान निस्तेज भई जोसुकैले जहिलेसुकै नालिस गर्न सक्ने अवस्था सिर्जना हुन जान्छ । त्यसो हुँदा हदम्यादसम्बन्धी विधायिकी मनसायको प्रतिकूल हुन जान्छ ।**

११. बहुविवाहको कसुरका विषयमा

सामान्यतया जाहेरवाला तथा पहिलो श्रीमती नै पहिलो जानकार व्यक्ति हुने र तत्पश्चात् मात्र अनुसन्धान गर्ने निकायले जानकारी लिने भएको सन्दर्भमा पहिलो जानकार व्यक्तिले कसुर भएको विषयमा समयमै सम्बन्धित निकायमा जानकारी नगराउने तथा लामो समयपछि मात्र अनुसन्धान गर्ने निकायलाई जानकारी गराएपश्चात् मात्र उक्त कसुरको हदम्याद कायम गर्दै जाने हो भने अपराधबारे जानकारी प्राप्त गरेपछि सूचना दिनुपर्ने जाहेरवालाको कर्तव्य तथा हदम्यादको औचित्यसमेत समाप्त हुने अवस्था हुन जान्छ।

१२. नेपालको संविधानको धारा १६ बमोजिम प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक जीवन बाँच्न पाउने हक रहेको पाइन्छ । त्यसैगरी धारा २८ ले कुनै पनि व्यक्तिलाई व्यक्तिको जिउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार र चरित्रसम्बन्धी विषयको गोपनीयता कानूनबमोजिमबाहेक अनतिक्रमणीय हुने हक रहेको पाइन्छ । महिला र पुरूषले विवाह गरेको हो भनी सामाजिक सांस्कृतिक रूपले प्रकाशित नगरेको अवस्थामा परोक्ष रूपमा त्यो व्यक्ति विशेषको घरभित्रको व्यक्तिगत सम्बन्ध र चरित्रसँग सम्बन्धित रहन्छ। त्यस्तो विषयमा अन्य व्यक्तिले चासो र सरोकार राख्ने कुरा सभ्य समाजमा उचित मानिँदैन । बहुविवाह सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २३ बमोजिम सरकार वादी भई चल्ने अनुसूची १ अन्तर्गतको मुद्दा हुँदा जोसुकैले जाहेरी दिन सक्ने अवस्था रहन्छ । अब जाहेरी परेपछि अनुसन्धान गर्ने राज्यको निकायले थाहा पाउने भएकोले सोही मितिबाट हदम्याद लाग्ने भनी मान्ने हो भने एउटा घर परिवारमा पारिवारिक, सामाजिक, सांस्कृतिक सम्बन्ध स्थापित भई सुव्यवस्थित भइसकेको अवस्थामा जोसुकैले, जहिलेसुकै वैवाहिक सम्बन्धमा प्रश्न उठाई बहुविवाहको कसुरमा कारबाही र सजाय गराउन सक्ने अवस्था रहन जान्छ । न्याय प्रणालीको मूलभूत उद्देश्य समाजमा शान्ति र सुव्यवस्था कायम गर्नु हो। तसर्थ सोविपरीत हुने गरी कानूनको अभ्यास गर्नु उपयुक्त हुँदैन । एउटा व्यक्तिको परिवारमा निर्विवाद रूपमा कायम रहेको सम्बन्ध पारिवारिक शान्ति व्यवस्था समाजमा निहित स्वार्थ राख्ने अन्य कुनै व्यक्तिको सन्तुष्टि वा असन्तुष्टिले सजिलै खल्बल्याउन सक्ने गरी बहुविवाहको कसुरमा उजुर गर्ने हदम्यादलाई खुकुलो रूपमा व्याख्या गर्नु व्यावहारिक हुँदैन। तसर्थ अनुसूची १ भित्रका अन्य सरकार वादी फौजदारी मुद्दासरह बहुविवाह मुद्दामा पनि अनुसन्धान गर्ने निकायले थाहा पाएको मितिबाट हदम्यादको गणना गर्नुपर्छ भन्नु न्यायोचित हुने देखिँदैन।

१३. तत्काल प्रचलित सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा ३(१) मा अनुसूची १ मा लेखिएको कुनै अपराध थाहा पाउने व्यक्तिले सबुद प्रमाण खुलाई यथाशीघ्र सो कुराको लिखित दरखास्त वा मौखिक सूचना नजिकको प्रहरी कार्यालयमा दिनुपर्ने छ भन्ने व्यवस्था रहेको छ । अझै बहुविवाहजस्तो victim based crime को जानकारी तत्काल गराउनुपर्ने देखिन्छ। यस व्यवस्थाले समेत कुनै अपराध घटेको अवस्थामा सो सम्बन्धमा यथाशीघ्र अनुसन्धान गर्ने निकाय प्रहरीमा जानकारी वा सूचना दिने जिम्मेवारी जाहेरवालामा नै रहेको देखिन्छ। कानूनले निषेध गरेको कुनै कार्य गरेमा तोकिएको निकायले सो सम्बन्धमा अनुसन्धान र अभियोजन गरी दोषीलाई दण्डित गर्ने र पीडितलाई न्याय दिलाउनुपर्ने कुरामा कुनै विवाद हुन सक्दैन तर जसको हक अधिकारको उल्लङ्घन भएको छ वा जो पीडित भएको छ सो व्यक्ति नै आफू विरूद्धको अपराधको बारेमा थाहा जानकारी हुँदाहुँदै पनि केही नगरी बसेमा वा न्याय प्राप्तिका लागि कानूनको हदम्यादभित्र सक्रियता नदेखाएमा त्यस्तो व्यक्तिलाई अदालतले समेत सहयोग गर्न सक्दैन भन्ने

विधिशास्त्रीय मान्यता रही आएको छ।

१४. न्याय निरपेक्ष नभई सापेक्षतामा खोजिने विषय हो। विवाहको सवाल कानूनसँग मात्र सम्बन्धित नभई पारिवारिक, सामाजिक, सांस्कृतिक, धार्मिक सम्बन्ध सन्निहित विषय पनि हो। त्यसैले बहुविवाहसँग सम्बन्धित विवादको निरूपण गर्दा सामाजिक संरचना तथा सामाजिक संस्कारको सापेक्षतामा विश्लेषण गर्नुपर्ने हुन्छ। मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. मा उल्लिखित **"थाहा पाएको मितिबाट"** भन्ने शब्दावलीको उद्देश्य बहुविवाह गर्नेवित्तिकै हदम्याद सुरू हुन्छ भन्ने पनि होइन। यसका लागि कुनै तवरबाट जाहेरवालाले बहुविवाह भएको थाहा पाएपछि मात्र हदम्यादको सुरूवात हुने हो। कसैले लुकीछिपी बहुविवाह गर्छ र त्यस्तो विवाह प्रकाशमा आएको छैन भने घर, परिवार, समाज, राज्य, पीडित, कोही कसैलाई थाहा जानकारी हुँदैन। त्यस्तो अवस्थामा बहुविवाहको कसुरका सम्बन्धमा उजुर नालिस गर्ने हदम्याद सुरूवात हुने कुरा हुँदैन तर आफ्नो पतिले बहुविवाह गरेको प्रकाशमा आएपछि पहिलो श्रीमती वा पीडित जाहेरवालाले कुनै माध्यमबाट थाहा जानकारी पाइसकेपश्चात् घर परिवार समाजमा त्यस्तो वैवाहिक सम्बन्ध स्थापित भई घर, व्यवहार, सामाजिक, सांस्कृतिक सम्बन्धसमेत प्रचलन भइसकेको अवस्थामा लामो समयसम्म सो कुराका बारेमा प्रचलित कानूनबमोजिम अपराध अनुसन्धान तहकिकात गर्ने दायित्व रहेको सम्बन्धित निकायमा जानकारी नदिइएकोसम्म कारणले सम्बन्धित निकायको जानकारीमा आएपछि मात्र हदम्याद सुरू हुन्छ भन्नु न्यायोचित हुँदैन। बहुविवाह गरी पारिवारिक सम्बन्ध स्थापित भएको लामो समयको अन्तरालपछि वा पारिवारिक बेमेल भएपश्चात् मात्र आफ्नो लोग्नेले बहुविवाह गरेको भरखर थाहा हुन आयो भन्दै बहुविवाहको कसुरमा सजाय गरिपाउँ भनी सम्बन्धित निकायमा अनन्तकालसम्म उजुरी गर्ने छुट हुन्छ भनी विधि निर्माताले परिकल्पना गरेको कदापि होइन। यदि अनन्तकालसम्म उजुरी गर्ने छुट हुने विधायिकी मनसाय हुँदो हो त कानूनमा हदम्यादसम्बन्धी प्रावधान नै गरिएको हुने थिएन। हदम्यादसम्बन्धी प्रावधान हुनु भनेको निश्चित समयभित्र नालिस उजुर नगरेमा कसुरै भए पनि नालिस उजुर नलाग्ने र सम्बन्धितलाई सजाय नहुने भन्ने नै हो। त्यसैगरी बहुविवाहको कसुर भएको थाहा पाएको लामो समयपश्चात् मात्र जाहेरवालाले अनुसन्धान गर्ने निकायमा जाहेरी दियो भन्दैमा अनुसन्धान गर्ने निकायले पनि वास्तविक अवस्थाको विश्लेषण नै नगरी जाहेरी दरखास्तलाई मात्र आधार मानी जाहेरी दरखास्त परेपछि मात्र बहुविवाहको कसुरका सम्बन्धमा अनुसन्धान गर्न स्थापित निकायलाई थाहा हुने भएकाले सोही आधारमा हदम्यादको गणना गर्नुपर्छ भनी अर्थ गर्नु न्यायोचित हुँदैन।

१५. तत्काल प्रचलित मुलुकी ऐनमा विवाहको परिभाषा नगरिएको भए तापनि सबै जातजाति र धर्मावलम्बीहरूले विवाहलाई सामाजिक संस्कारको रूपमा अवलम्बन गरी आएको पाइन्छ। विवाह भएका दम्पतीले सामाजिक व्यवहार चाडपर्व, जन्म, मृत्यु आदि सामाजिक संस्कारमा वैवाहिक सम्बन्ध प्रकाशित गरेका हुन्छन्। यी संस्कारहरूमा पारिवारिक नाता सम्बन्धसमेत प्रकाशित गरिने हुँदा परिवार समाजसमेतले त्यस्तो सम्बन्धको बारेमा थाहा जानकारी पाउने अवस्था हुन्छ। विवाह दर्ता, सन्तानको जन्म दर्तासमेत गर्नुपर्ने अवस्था हुने हुँदा वैवाहिक सम्बन्धलाई सो दर्ताको कार्यबाट कानूनी रूपमा पनि प्रकाशित गरिन्छ। मुलुकी देवानी संहिताको दफा ६७ मा विवाहको परिभाषासमेत गरिएको पाइन्छ। सो दफाको आधारमा हेर्दा कुनै पुरूष र महिलाले कुनै उत्सव, समारोह, औपचारिक वा अन्य कुनै कार्यबाट एक अर्कालाई पति पत्नीको रूपमा स्वीकार गरेको भएमा विवाह भएको मान्नुपर्ने हुन्छ। **न्याय प्रणाली तथा सामाजिक प्रचलनसमेतलाई विचार गर्दा**

वैवाहिक सम्बन्ध प्रकाशित भएको अवस्थामा थाहा पाएको भनी मान्नुपर्ने हुन्छ । त्यस्तो थाहा पाउने व्यक्ति सर्वप्रथमत: नजिकको नाता सम्बन्धभित्रका पारिवारिक व्यक्ति नै हुने हुँदा पतिले दोस्रो विवाह गरेको तथ्य निकटतम पारिवारिक सम्बन्धमा रहने पहिलो पत्नी, छोराछोरीहरूलगायतको परिवारलाई थाहा हुने त्यसपछि समाज अनि राज्यलाई थाहा जानकारी हुने अवस्था हुन्छ । यसरी प्रकाशित भई कायम हुने वैवाहिक सम्बन्धको बारेमा अघि थाहा भएन, हाल मात्र थाहा हुन आयो भनेर कसैले नालिस उजुरी जाहेरी दिन्छ भने हालसम्म थाहा हुन नसक्ने न्यायोचित आधार वा कारण के थियो ? सो स्पष्ट हुनुपर्छ र त्यस्तो अवस्था प्रमाणहरूबाट पुष्टि हुनुपर्छ तसर्थ अन्य फौजदारी कसुर र बहुविवाह जस्तो पारिवारिक सामाजिक सम्बन्ध र संस्कारजन्य कसुरलाई न्यायको रोहमा विचार गर्दा एउटै डालोमा राखी परिभाषित गरी न्याय सम्पादन गर्नु उचित हुँदैन । न्याय सापेक्षित हुने भएकाले कसुरको प्रकृति, त्यसले पार्ने प्रभावसमेतको सन्दर्भमा अन्य फौजदारी कसुर र बहुविवाहको कसुरलाई फरक संवेदनशीलता अपनाई विचार गर्नुपर्ने हुन्छ । यी समस्त सन्दर्भहरूलाई विश्लेषण गर्दा पनि मुलुकी ऐन, बिहाबरीको महलको ११ नं मा उल्लिखित **"थाहा पाएको तीन महिनाभित्र"** को हदम्यादको गणना गर्दा अनुसन्धान तहकिकात गर्ने अधिकारप्राप्त निकायले जानकारी पाएको मितिबाट गणना गर्नुपर्छ भन्नु न्यायोचित हुँदैन । वैवाहिक सम्बन्ध प्रकाशमा आई मर्का पर्ने पक्षले थाहा पाएको मितिबाट नै हदम्यादको गणना गर्नु मनासिब देखिन आयो ।

१६. अब, **साबिकको मुलुकी ऐनबमोजिम बहुविवाहको कसुर स्थापित भए पनि दोस्रो विवाह यथावत् कायम रहिरहने र हाल प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ ले दोस्रो विवाह स्वतः बदर हुने व्यवस्था गरेको सन्दर्भमा हदम्यादसम्बन्धी कानूनको व्याख्यामा फरक पर्दछ कि पर्दैन ? भन्ने तेस्रो प्रश्नको सम्बन्धमा हेर्दा,** मुलुकी अपराध संहिता, २०७४ जारी भएसँगै विवाहसम्बन्धी कतिपय कानूनी प्रावधानहरूमा पनि केही परिवर्तन भएका छन् । प्रस्तुत मुद्दाको हकमा साबिकको मुलुकी ऐन आकर्षित हुने भए तापनि बहुविवाहमा हदम्यादको प्रश्न सदैव रहिरहने भएकोले हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को सन्दर्भमा हदम्यादलाई कसरी लिनुपर्ने हो भन्ने सम्बन्धमा व्याख्या हुनुपर्ने आवश्यकता यो इजलासले महसुस गरेको छ ।

१७. विवाह परापूर्वकालदेखि चल्दै आएको संस्कार भए तापनि यससम्बन्धी बुझाइ र कानूनी व्यवस्थाहरू गतिशील रहँदै आएका छन् । हाम्रो सन्दर्भमा हेर्दा पहिलो लिखित कानूनी दस्तावेजको रूपमा रहेको मुलुकी ऐन, १९१० ले बहुविवाहलाई कानूनी दायरामा ल्याएको थिएन । वि.सं.२०२० सालमा आएको मुलुकी ऐनले पहिलो पटक बहुविवाहलाई कानूनी दायरामा ल्याई दण्डनीय अपराधको रूपमा परिभाषित गरी केही निश्चित अवस्थाहरूमा मात्र बहुविवाह गर्न छुट दिएको थियो । मुलुकी ऐन, २०२० मा भएको परम्परागत व्यवस्थामा वि.सं. २०३३ र २०४३ सालको संशोधनले केही परिवर्तन भए तापनि वि.सं. २०५८ सालमा भएको मुलुकी ऐनको एघारौँ संशोधनले मात्र बहुविवाह गरेमा हुने सजायमा वृद्धि गरी दोस्रो विवाह गर्ने आधारलाई स्पष्ट र व्यावहारिक बनायो । यसैगरी लैङ्गिक समानता कायम गर्ने केही नेपाल संशोधन ऐन, २०६३ र मुलुकी ऐनको बाह्रौं संशोधनले बहुविवाहको आधार र सजायमा केही महत्त्वपूर्ण परिवर्तन ल्याएकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ ले बहुविवाहलाई गैरकानूनी मात्र घोषणा नगरी त्यस्तो विवाह स्वतः बदर हुनेसमेत व्यवस्था गरेको छ ।[10]

10 मुलुकी अपराध संहिता, २०७४ को दफा १७५ का विभिन्न उपदफाहरूमा बहुविवाहलाई कसुर मानी यसको उपदफा (५) मा बहुविवाह स्वतः बदर हुने व्यवस्था गरेको छ ।

सोही दफाको उपदफा (६) मा "..**यो ऐन लागु हुनुअघि तत्काल प्रचलित कानूनबमोजिम भएको विवाहको हकमा यस दफामा लेखिएको कुनै कुराले असर पारेको मानिने छैन...**" भन्ने व्यवस्था रहेको र दफा १७६ मा बहुविवाहको हदम्याद **थाहा पाएको मितिले तीन महिना** नै कायम गरी बहुविवाहको कसुर भए गरेको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुरी लाग्ने छैन भन्ने व्यवस्था रहेको छ।

१८. विवाहकै सम्बन्धमा **मुलुकी देवानी संहिता, २०७४** ले पनि प्रत्येक व्यक्तिलाई कानूनको अधीनमा रही विवाह गर्ने तथा पारिवारिक जीवनयापन गर्ने स्वतन्त्रता प्रदान गरेको छ । ऐ. संहिताको **दफा ७२(१)** मा विभिन्न अवस्थामा हुने विवाह बदर हुने भन्दै सोको खण्ड (घ) मा **"कानूनबमोजिम अंशबन्डा गरी भिन्न भएको अवस्थामा बाहेक विवाहित पुरुष वा महिलाले वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा गरेको अर्को विवाह"** समेत प्रारम्भदेखि नै अमान्य तथा बदर हुने भन्ने व्यवस्था रहेको छ । ऐ. संहिताको **दफा ७५** मा **"यसरी विवाह बदर भए पनि त्यस्तो विवाहबाट जन्मिसकेको शिशुको कानूनबमोजिमको हकमा भने असर नपर्ने"** भन्ने व्यवस्था रहेको छ । ऐ. संहिताको दफा **८४ मा** उक्त परिच्छेदबमोजिम भए गरेका काम कारबाहीबाट मर्का पर्ने व्यक्तिले त्यस्तो **काम कारबाही भए गरेका मितिले तीन महिनाभित्र** नालिस गर्न सक्ने व्यवस्था गरेको छ।

१९. यसरी बहुविवाहका सम्बन्धमा साबिकको मुलुकी ऐन र हालको मुलुकी अपराध संहिता तथा मुलुकी देवानी संहितासमेतमा रहेका व्यवस्थाको अध्ययन गरी हेर्दा, मुलुकी अपराध संहिताले पनि साबिकको मुलुकी ऐनले जस्तै पुरूषले वैवाहिक सम्बन्ध कायम रहेकै अवस्थामा अर्को विवाह गर्ने कार्यलाई निषेध गरी सजायको व्यवस्थासमेत गरेको छ तर अपराध संहिताले बहुविवाह गरेको प्रमाणित भएको अवस्थामा उक्त विवाह स्वतः बदर हुने भन्ने व्यवस्थासमेत थप गरी साबिकको मुलुकी ऐनको व्यवस्थाभन्दा पृथक् व्यवस्था गरेको पाइन्छ । पछिल्लो विवाह स्वत: बदर हुने भई विवाह नै कायम नरहने भएपछि सो कार्यबाट अन्य कोही कसैको कानूनबमोजिमको सम्पत्तिको हक अधिकारसमेतमा प्रतिकूल असर पर्न जाने अवस्थासमेत नहुने हुँदा बहुविवाहको कसुर कायम गरी सजाय गर्नुको औचित्यमाथि नै प्रश्न उठ्न सक्छ । साबिक मुलुकी ऐन, २०२० ले गरेको बिहाबरीको व्यवस्था सोसँग अन्तर्सम्बन्धित अंशसम्बन्धी व्यवस्थाको समकक्षतामा मुलुकी देवानी संहिता, २०७४ ले गरेको व्यवस्था मुलुकी अपराध संहिता, २०७४ ले गरेको विवाहसम्बन्धी कसुरको परिभाषा र सोबाट सिर्जित परिणामलाई विचार गर्दा न्यायिक औचित्यताको दृष्टिले समेत विचार गर्नुपर्ने हुन्छ तथापि प्रचलित कानूनले बहुविवाहलाई कसुरको रूपमा परिभाषित गरेको हुँदा अन्यथा भन्न मिलेन। बहुविवाहसम्बन्धी कसुर विवाह गर्ने व्यक्तिमा मात्र सीमित नभई निजहरूबाट जन्मने सन्तानको हक अधिकार पहिचानसँग पनि सम्बन्धित हुने भएकाले यस्तो विषयमा कानूनको व्याख्या र प्रयोग गर्दा स्वस्थ समाजको परिकल्पनाले सार्थकता पाउने मूल्य र मान्यतामा आधारित रहेर गर्नुपर्ने हुन्छ। समाजमा स्थायित्व प्राप्त गरी व्यवस्थित भइसकेको घर परिवारको सम्बन्धमा खलल पर्ने वैमनश्यता बढाउने किसिमले हदम्यादको व्याख्या गर्नु न्यायोचित हुँदैन । तसर्थ हदम्यादसम्बन्धी व्यवस्थाको व्याख्या र प्रयोग गर्दा कुनै पक्षलाई जुन दिन चित्त बुझ्दैन त्यही दिन उजुर गर्न पाउने गरी उदार व्याख्या नगरी बहुविवाहको कसुरजन्य कार्य भए गरेको प्रकाशमा आई थाहा पाएको मितिले यथाशीघ्र कारबाही र सजाय भई विवाद निरूपण भई घर परिवार र समाजमा शान्ति र स्थायित्व कायम हुने गरी गर्नुपर्ने हुन्छ । बहुविवाहको हदम्याद सम्बन्धमा अति उदार वा अति शाब्दिक व्याख्या गर्नु उपयुक्त हुँदैन । विवाह प्रकाशित भई सम्बन्ध स्थापित

भएको तथ्यको सापेक्षतामा हदम्यादको विश्लेषण गर्नुपर्छ। जाहेरवालाले आफ्नोअनुकूल प्रतिशोध साँध्ने अस्त्रको रूपमा प्रयोग गर्न मिल्ने गरी हदम्यादसम्बन्धी व्यवस्थालाई परिभाषित गर्न हुँदैन।

२०. त्यसैगरी मुलुकी देवानी संहिताले पनि विवाहका सन्दर्भमा विभिन्न सर्त तथा व्यवस्थाहरूको उल्लेखन गर्दै बदर हुने र बदर गराउन सक्ने विवाहका विषयमा समेत थप व्यवस्था गरेको छ। स्वतः बदर हुने विवाह भनेको त्यस्तो विवाह हो जसमा विवाहको नाम दिइएको भए तापनि प्रारम्भदेखि नै यसको असर शून्य हुन्छ। यस अवस्थामा गरिने विवाह स्वतः बदर हुने हुँदा विवाह बदरका लागि कुनै कानूनी प्रक्रिया पूरा गरिरहनु पर्दैन । त्यसको हैसियत शून्य भए पनि हदम्यादको गणना कसरी गर्ने भन्ने प्रश्न पनि स्वाभाविक रूपमा उठ्न सक्छ। यद्यपि यहाँ प्रस्ट हुनुपर्ने कुरा के छ भने कानूनले बहुविवाहलाई फौजदारी कसुरको रूपमा परिभाषित गरेको र सोको कानूनी मान्यता शून्य हुने भए तापनि बहुविवाह गर्ने प्रतिवादीलाई मुद्दा चलाउने र सजाय गराउने सम्बन्धमा उजुरी वा नालेस गर्नको लागि कुनै पनि प्रकारको विलम्ब गर्न भने मिल्दैन। कुनै पुरूषले बहुविवाह गरेमा उक्त विवाह स्वतः बदर हुने हालको व्यवस्थाले गर्दा बहुविवाहसम्बन्धी विवादको निप्टारा यथाशक्य छिटो हुनुपर्ने अवस्थाको सिर्जना भएको देखिन्छ । यसमा ढिलाई हुँदा दोस्रो पत्नीबाट जन्मेको बच्चाको कानूनी हैसियत, सम्पत्तिमा उसको कानूनी हकलगायतका विषयसमेत जोडिएर आउने हुनाले त्यसको यथाशक्य छिटो निरूपण गर्नुपर्ने विधायिकी मनसाय (Legislative Will) रहेको देखिन्छ।

२१. मुलुकी अपराध संहिताको दफा १७५ को कसुरमा दफा १७६ बमोजिमको हदम्यादको गणना कहिलेबाट गर्ने भन्ने सम्बन्धमा चर्चा गर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४(१) को व्यवस्था विचारणीय हुन आउँछ । उक्त दफामा अनुसूची १ मा उल्लिखित कुनै कसुर भएको, भइरहेको वा हुन लागेको छ भन्ने कुरा थाहा पाउने व्यक्तिले त्यस्तो कसुरको सम्बन्धमा आफूसँग भएको वा आफूले देखे जानेसम्मको सबुद प्रमाण खुलाई त्यस्तो कुराको लिखित जाहेरी दरखास्त वा मौखिक सूचना वा विद्युतीय माध्यमको सूचना अनुसूची ५ बमोजिमको ढाँचामा नजिकको प्रहरी कार्यालयमा **यथाशीघ्र** दिनुपर्ने छ भन्ने व्यवस्था गरेको छ । फौजदारी कार्यविधि संहिताको यो व्यवस्थाबाट समेत कसुरको बारेमा थाहा जानकारी पाउने व्यक्तिले आफूसँग भएका प्रमाण खुलाई नजिकको प्रहरी कार्यालयमा यथाशीघ्र जानकारी दिनुपर्ने दायित्व जाहेरवालामा रहेको देखिन्छ।

२२. फौजदारी न्याय प्रणालीको अभीष्ट नै दोषीलाई दण्डित गरी पीडितलाई न्याय दिनु हो । समग्र फौजदारी न्याय प्रक्रियामा पीडितलाई केन्द्रमा राखिएको हुन्छ तर यसो भन्दैमा पीडित केवल मुकदर्शकको रूपमा रहने भन्ने होइन । आधुनिक फौजदारी प्रणालीमा पीडितको सक्रिय र रचनात्मक भूमिकाको अपेक्षा गरिएको हुन्छ जसलाई पीडितको दायित्वको रूपमा लिन सकिन्छ। अझै बहुविवाहजस्तो मुद्दामा अपवादात्मक अवस्थामा बाहेक पीडितको यस्तो दायित्व थप अपेक्षित हुन्छ। यसैकारण पीडितको अधिकारसम्बन्धी कानूनहरूमा पीडितको अधिकारको साथै दायित्वको पनि व्यवस्था गरिएको हुन्छ । पीडितको न्यायसम्बन्धी अधिकार सुनिश्चित गर्न जारी भएको अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २१ ले पीडितको कर्तव्यहरूको सम्बन्धमा व्यवस्था गरेकोमा प्रचलित कानूनबमोजिम समयमै अधिकारप्राप्त निकाय वा अधिकारीसमक्ष कसुरका सम्बन्धमा जाहेरी वा सूचना दिनु पनि एक कर्तव्य रहेको छ । यसरी अपराध पीडित संरक्षण ऐनको उपर्युक्त व्यवस्थाबाट पनि कुनै कसुर हुन्छ भने कसुरबाट पीडित व्यक्तिले सो सम्बन्धमा अधिकारप्राप्त निकायमा समयमै जाहेरी

दिनुपर्ने देखिन्छ।

२३. अतः साबिकको मुलुकी ऐनबमोजिम बहुविवाह कसुर कायम भए पनि दोस्रो विवाह यथावत् कायम रही रहने तर हाल प्रचलित मुलुकी फौजदारी संहिता, २०७४ ले दोस्रो विवाह स्वतः बदर हुने व्यवस्था गरेको सन्दर्भमा मुलुकी अपराध संहिताअन्तर्गत बहुविवाहसम्बन्धी कानूनको उद्देश्य कसुरदारलाई सजायसम्म गर्नेमा मात्र सीमित भएको हुँदा हदम्यादसम्बन्धी कानूनको व्याख्यामा फरक पर्ने देखिएन। मुलुकी अपराध संहिताको व्यवस्थाबमोजिम पनि बहुविवाह मुद्दामा हदम्यादको गणना गर्दा विवाह प्रकाशमा आई जाहेरवालाले थाहा पाएको मितिबाट नै गणना गर्नुपर्ने देखियो।

२४. अब, पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।०९।१९ मा भएको फैसला मिलेको छ वा छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्छ वा सक्दैन ? भन्ने चौथो प्रश्नतर्फ विचार गर्दा, प्रस्तुत मुद्दामा सञ्जीव रोकाको पहिलो पत्नीका रूपमा आफू चन्दा रोका हुँदाहुँदै सञ्जीव रोकाले प्रतिवादी उषा रिजाली मगरसँग दोस्रो विवाह गरी स्थानीय पञ्जिकाधिकारीसमक्ष विवाह दर्तासमेत गरेको कुरा जानकारीमा आएकोले प्रतिवादीहरूउपर कानूनबमोजिम कारबाही गरिपाउँ भन्नेसमेत बेहोराको चन्दा रोकाले मिति २०६५।०२।२८ मा जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा दिएको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ। सुरू रूपन्देही जिल्ला अदालतबाट प्रतिवादीहरूमध्ये सञ्जीव रोकालाई अभियोग दाबीबमोजिम मुलुकी ऐन बिहाबरीको ९ नं. को कसुर अपराधमा ऐ. १० नं.बमोजिम १ वर्ष कैद र रू. ५,०००।- जरिवाना हुने र अर्का प्रतिवादी उषा रोका (रिजाली मगर) ले अभियोग दाबीबाट सफाइ पाउने ठहरी फैसला भएको रहेछ। सो फैसलामा प्रतिवादी सञ्जीव रोकाले तत्कालीन पुनरावेदन अदालत बुटवलमा पुनरावेदन गरेकोमा सो अदालतले हदम्याद नघाई अभियोग पत्र दायर भएको भन्ने आधारमा अभियोगपत्र खारेज हुने गरी फैसला भएको रहेछ। पुनरावेदन अदालत बुटवलको फैसलामा पनि चित्त नबुझाई नेपाल सरकारको तर्फबाट यस अदालतमा मुद्दा दोहोऱ्याई हेरिपाउँको निवेदन परेकोमा सो निवेदनमा मुद्दा दोहोऱ्याउने निस्सा प्रदान भई फैसला हुँदा दुई न्यायाधीशबिच रायबाझी भई पूर्ण इजलासमा पेस भएकोमा पूर्ण इजलासले पनि हदम्यादको विषयमा बृहत् पूर्ण इजलासबाट व्याख्या हुन मनासिब देखी यस इजलासमा पठाई निर्णयार्थ पेस भएको देखियो।

२५. नेपाल सरकारले यस अदालतमा दायर गरेको निवेदनमा जाहेरवाला चन्दा रोकाले निजको श्रीमान् सञ्जीव रोकाले उषा रिजाली मगरलाई विवाह गरेको कुरा मिति २०६५।२।२४ मा मात्र थाहा पाई मिति २०६५।२।२६ मा जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा जाहेरी दिएको हुँदा जाहेरवालाको जाहेरी दरखास्त मुलुकी ऐन बिहाबरीको ११ नं. को हदम्यादभित्रै रहेको भनी जिकिर लिएको देखिन्छ। सुरू मिसिल संलग्न जाहेरवाला चन्दा रोकाले सुरू अदालतमा मिति २०६५।१०।०५ मा दिएको निवेदनमा **"विपक्षीहरूबिच मिति २०६२।१०।१७ मा प्रेम विवाह गरी दोस्रो पत्नीको रूपमा घरमा ल्याउनुभएकोले केही असहज स्थिति महसुस भए पनि सबै मिलेर बस्नुपर्छ भन्ने ठानी राम्रै सम्बन्ध कायम राखी बसी आएकी थिएँ। यस्तै अवस्थामा पति रोजगारीको लागि विदेशतर्फ लाग्नुभएपछि घरको जिम्मेवारी खर्च व्यवस्थासमेतका कुरामा विपक्षी उषा एवम् सासूसमेतसँग मनमुटाव हुन गएकोले...अन्य उपाय नदेखी प्रहरीमा उजुरी गरेकोमा प्रहरीले मुद्दा नै चलाई अभियोगपत्रसमेत दायर भइसकेको भन्ने जानकारी भएको र सो अवस्थाले अवस्था झनै असहज हुने भएकोले इन्साफका लागि निवेदन दिएकी छु"** भनी लेखाएको देखिन्छ। त्यसैगरी निज जाहेरवाला

चन्दा रोकाले सुरू अदालतमा गरेको बकपत्रको स.ज. १० मा **"पतिसँग राम्रैसँग परिवारमा बसेका थियौँ, आमा समूह र प्रमुख जिल्ला अधिकारीको रोहबरमा भएको सम्झौता पत्रमा व्यवस्थित घर बनाइदिने र महिनाको रू.१५,०००।– दिने र सासूको घरमा कान्छी श्रीमतीलाई भित्र्याउन नदिने गरी भएको सहमतिअनुसार नै कार्य गराउनको लागि निवेदन दिएको हो"** भनी उल्लेख गरेको देखिन्छ। साथै प्रतिवादी सञ्जीव रोकाले सुरू अदालतमा गरेको बयानको स.ज. ३ मा **"जाहेरवाला चन्दा रोकाको सल्लाहले नै मैले उषा रोकासँग मिति २०६२।१०।१७ मा भएको हो। म नेपालमा हुँदासम्म श्रीमती छोराछोरी मिलीजुली बसी आएका थियौँ। म विदेशमा रोजगारीको लागि गएको अवस्थामा के कुन कारणले जाहेरवालाले यो जाहेरी दिएकी रहिछन्"** भनी उल्लेख गरेको देखिन्छ।

२६. यसरी जाहेरवालाको अदालतसमक्षको निवेदन बेहोरा, निजको अदालतसमक्षको बकपत्र तथा प्रतिवादी सञ्जीव रोकाको बयान बेहोरासमेतका मिसिल संलग्न कागजातलाई दृष्टिगत गर्दा जाहेरवाला र प्रतिवादीहरू लामो समयसम्म सँगै रहे बसेको भन्ने देखिन्छ। यसैबिचमा प्रतिवादी रोजगारीका लागि विदेश गएपश्चात् घर परिवारमा असहज वातावरण सिर्जना भएकै कारण जाहेरवालाले आफ्नो पतिका विरूद्धमा जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा बहुविवाहको विषय पारी जाहेरी दिएको देखिँदा उक्त जाहेरी दरखास्त जाहेरवालाले सोच विचार गरिदिएको (After Thought) भन्ने देखियो। यसरी यी जाहेरवाला लामो समयसम्म एउटै परिवारमा लोग्ने र दोस्रो श्रीमतीलाई स्वीकार गरी बसेको र जाहेरवालाउपर परिवारका सदस्यले अनुकूल हुने गरी व्यवहार नदेखाएकै आधारमा बहुविवाह जस्तो कसुरमा जाहेरी दिएको कुरा निजकै निवेदन बेहोराबाटै पुष्टि भइरहेको देखिँदा जाहेरवालाले मुलुकी ऐन बिहाबरीको ११ नं. को समयावधि **"थाहा पाएको मितिले तीन महिनाभित्र"** उपचारको खोजी गरेको भन्न मिल्ने देखिएन । सो आधारमा पनि जाहेरवाला चन्दा रोकाको जाहेरी दरखास्त मुलुकी ऐन बिहाबरीको ११नं. को समयावधिभित्र दायर भएको हो भन्ने वादी नेपाल सरकारको निवेदन जिकिर मनासिब देखिन आएन।

२७. त्यसै गरी नेपाल सरकारले जाहेरवाला चन्दा रोका प्रस्तुत मुद्दाको पक्ष नभएर सूचक मात्र रहेकी र निजले थाहा पाएको समयलाई वादी नेपाल सरकारले थाहा पाएको जस्तो अर्थ गरी भएको पुनरावेदन अदालतको फैसला कानूनसङ्गत नदेखिएको भन्ने दोस्रो जिकिरका सम्बन्धमा हेर्दा जाहेरवाला चन्दा रोका प्रतिवादी सञ्जीव रोकाको जेठी श्रीमती भएको र बहुविवाह सरकारवादी भई चल्ने मुद्दा भई सरोकारवालाले प्रहरीसमक्ष दिएको जाहेरी दरखास्तकै आधारमा मुद्दा चली अदालतसमक्ष पेस हुने भएकोले बहुविवाहको कसुरबाट प्रत्यक्ष रूपमा असर पर्ने पक्ष जेठी श्रीमतीले थाहा पाएको मितिलाई अनदेखा गरी लामो समयपश्चात् जाहेरी परेको भन्दैमा सोही मितिबाट हदम्यादको गणना गर्ने हो भने फौजदारी न्यायको मर्म पूरा नहुने भनी माथिका प्रकरणहरूमा व्याख्या भइसकेको सन्दर्भमा पनि नेपाल सरकारको सो जिकिरसमेत मनासिब देखिन आएन।

२८. मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. ले बहुविवाह मुद्दामा थाहा पाएको मितिले ३(तीन) महिनाको हदम्याद कायम गरेकोमा जाहेरवालाले थाहा पाएको मितिदेखि नै हदम्यादको गणना हुनुपर्छ भन्ने सम्बन्धमा माथिल्ला प्रकरणहरूमा विस्तृत व्याख्या विवेचना भइसकेको छ । प्रस्तुत मुद्दामा जाहेरवाला चन्दा रोकाले आफ्नो पति प्रतिवादी सञ्जीव रोका र उषा रिजाली मगरबिच दोस्रो विवाह भएको कुरा जानकारीमा आएपछि पनि केही समय सँगै बसी पछि प्रतिवादीहरूसँग मनमुटाव भएको कारण लामो समयपश्चात् मात्र जाहेरी दर्ता गराएको भन्ने तथ्य मिसिल संलग्न कागजातहरूबाट देखिँदा यी जाहेरवाला चन्दा

रोकाको जाहेरी हदम्यादभित्र परेको देखिएन। हदम्याद नघाई परेको जाहेरी दरखास्तको आधारमा अभियोग दर्ता भएको देखिँदा अभियोग दाबी खारेज गर्नुपर्नेमा तथ्यमा प्रवेश गरी प्रतिवादी सञ्जीव रोकालाई एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना गरेको रूपन्देही जिल्ला अदालतको मिति २०६६।९।२७ को फैसला उल्टी गरी अभियोग दाबी खारेज हुने ठहरी पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।०९।१९ मा भएको फैसला मिलेकै देखिन आयो।

२९. तसर्थ, माथि उल्लिखित आधार र कारणसमेतबाट जाहेरवालाले हदम्याद नघाई जाहेरी दर्ता गरेको र सोही जाहेरीका आधारमा वादी नेपाल सरकारले पेस गरेको अभियोगपत्रमा प्रवेश गरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६६।०९।२७ मा प्रतिवादी सञ्जीव रोकालाई एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना गरेको सुरू फैसला उल्टी गरी अभियोगदाबी खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।०९।१९ को फैसला सदर हुने भनी यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीको मिति २०७६।११।२० को राय सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन।

उक्त रायमा हामी सहमत छौँ।
न्या.शारङ्गा सुवेदी
न्या.सुनिलकुमार पोखरेल

<u>माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गानाको राय</u>

प्रस्तुत मुद्दामा समावेश भएका निर्णय दिनुपर्ने प्रश्नको निर्धारण र तत् सम्बन्धमा बहुमत माननीय न्यायाधीशहरूको उपर्युक्तअनुसारको रायसँग सहमत हुन नसकेकोले देहायबमोजिम आफ्नो राय छुट्टै व्यक्त गरेको छु।

प्रस्तुत मुद्दामा बृहत् पूर्ण इजलासबाट मूलतः देहायका प्रश्नहरूको निरूपण हुनुपर्ने देखिन आउँछः

(क) बहुविवाह मुद्दामा नालिस दिने हदम्यादको सम्बन्धमा यस अदालतबाट फरक-फरक व्याख्या भई अन्योलको अवस्था उत्पन्न भएको देखिन्छ वा देखिँदैन ? यदि यो कानूनी प्रश्नमा फरक-फरक व्याख्या भई अन्योलता रहेको देखिएमा कुन व्याख्यालाई अनुशरण गर्नुपर्ने हो ?

(ख) बहुविवाह मुद्दामा नालिस दिने हदम्याद अभियुक्तको जेठी श्रीमतीले थाहा पाएको मितिदेखि प्रारम्भ हुने हो वा मुद्दाको अनुसन्धान अभियोजन गर्ने नेपाल सरकारका अधिकारीले थाहा पाएको मितिदेखि प्रारम्भ हुने के हो ?

(ग) प्रस्तुत मुद्दामा तत्कालीन पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेको छ वा छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ?

सर्वप्रथम पहिलो प्रश्नतर्फ विचार गर्दा यस अदालतको संयुक्त इजलासका माननीय न्यायाधीशहरूबिच मतैक्य हुन नसकी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ (२) (क) बमोजिम पूर्ण इजलासमा पेस भएकोमा यस अदालतको पूर्ण इजलासको मिति २०७९।११।४ को आदेशमा बहुविवाह मुद्दामा कायम गर्नुपर्ने हदम्याद थाहा पाएको मिति सम्बन्धमा पूर्ण इजलासबाट भएको व्याख्या र सोपश्चात् संयुक्त इजलासबाट फरक-फरक व्याख्या भएको देखिँदा उपर्युक्त कानूनी प्रश्न तथा यस अदालतबाट प्रतिपादित नजिर सिद्धान्तका सम्बन्धमा बृहत् पूर्ण इजलासबाट व्याख्या भई एक रूपता कायम हुन वाञ्छनीय देखिएको भन्ने उल्लेख भएको सन्दर्भमा यसै विषयमा विवेचना हुनुपर्ने देखियो।

दिपक पाण्डे विरूद्ध श्री ५ को सरकार

रहेको बहुविवाह मुद्दामा यस **अदालतको** पूर्ण इजलासबाट *अनुसन्धान तहकिकात गर्ने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारबाही अगाडि बढ्न सक्ने भएकोले जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने। कानूनले फौजदारी मुद्दाको रूपमा लिएको बहुविवाहसम्बन्धी कसुरको अनुसन्धान कारबाही गरी मुद्दा चलाउन सक्ने गरी कानूनबमोजिम अधिकारप्राप्त अधिकारीले वारदातको बारेमा जानकारी पाएपछि कानूनबमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा चलाउन नसक्ने भन्न नमिल्ने*[11] भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । उक्त सिद्धान्त प्रतिपादन गर्दा पूर्ण इजलासले बहुविवाह मुद्दा सरकारवादी फौजदारी मुद्दा रहेको, यस्तो मुद्दा मिलापत्र हुन पनि नसक्ने, कसुरदारले बहुविवाहको कसुरबापत पहिलो फौजदारी दायित्व वारदातबाट पीडित व्यक्तिप्रति बेहोर्नुपर्ने र दोस्रो र महत्त्वपूर्ण दायित्व समाज वा राज्यप्रति बेहोर्नुपर्ने हुनाले वारदातको विषयमा पक्षहरूले सम्बन्धित निकायलाई जानकारी नगराएकै कारणबाट मात्र त्यस्ता मुद्दाहरूमा कानूनबमोजिम अनुसन्धान तहकिकात गरी मुद्दा चल्न नसक्ने अवस्था कानूनले परिकल्पना नगरेको भन्नेसमेतका कानूनी एवं विधिशास्त्रीय आधार लिएको देखिन आउँछ।

कमलमोहन चापागाईसमेत विरूद्ध श्री ५ को सरकार भएको बहुविवाह मुद्दामा कुनै पति–पत्नीमाथि आजीवन बहुविवाहको अभियोग दायर हुन सक्ने भन्ने ऐनले व्यवस्था गरेको छैन । त्यसकारण बहुविवाहमा जहिले पनि नालिस लाग्छ भनी सोच्नु वा अर्थ गर्नु भनेको बिहाबरी ऐनको हदम्यादसम्बन्धी कानूनी व्यवस्था र यसको उद्देश्यलाई र विधायिकाको मनसायलाई पनि पराजित गर्नु हो । जहिलेसुकै पनि अभियोग दाबी गर्न सकिने भए बिहाबरीको ११ नं. मा तीन महिने हदम्यादको सीमा नै उल्लेख गर्नुपर्ने थिएन । यसर्थ यस अदालतबाट निर्णय नं. ७६९४ मा पूर्ण इजलासबाट हदम्याद सम्बन्धमा प्रतिपादित कानूनी सिद्धान्तलाई बिहाबरीको ११ नं. लाई निष्क्रिय वा निष्प्रयोजन गर्ने गरी अर्थ, व्याख्या वा प्रयोग गर्न मिल्ने देखिँदैन । उक्त नजिरसँग सम्बन्धित मुद्दामा यस अदालतले त्यस्तो हुने गरी फैसला गरेको पनि छैन । त्यसलाई आफूखुसी ऐनको उद्देश्यविपरीत हुने गरी व्याख्या गर्न मिल्दैन। प्रस्तुत मुद्दाको परिस्थिति र तथ्यहरू उक्त नजिरको मुद्दासँग बिलकुल फरक रहेको देखिँदा हदम्याद सम्बन्धमा प्रतिपादित उपर्युक्त नजिर प्रस्तुत मुद्दामा आकर्षित हुने वा प्रयोग हुने अवस्था देखिन आएन[12] भनी जाहेरवालीले बहुविवाहको वारदात थाहा पाएको मितिले ३ महिनाभित्र जाहेरी नदिई धेरै वर्षपछि मात्र जाहेरी दिई अभियोगपत्र दायर हुन आएकोले हदम्यादविहीन अभियोग पत्र खारेज हुने व्याख्या भएको देखिन आउँछ।

अर्को नेपाल सरकार विरूद्ध महेश महर (महरा) समेत भएको बहुविवाह मुद्दामा समेत हदम्यादको प्रश्न उठेकोमा यस अदालतको संयुक्त इजलासबाट बहुविवाहको कसुर भएको जाहेरवालीले थाहा पाएको मितिबाट हदम्याद गणना हुने हो वा मुद्दा चलाउने अधिकार पाएको वादी नेपाल सरकारको सम्बद्ध निकायले थाहा पाएको मितिबाट हदम्यादको गणना गर्नुपर्ने हो भन्ने प्रश्नको निरूपण यस अदालतबाट पहिले नै भइसकेको देखिन्छ । पुनरावेदक प्रतिवादी दिपक पाण्डेसमेत र प्रत्यर्थी वादी नेपाल सरकार भएको २०६२ सालको फौ.पु.इ.नं.१५ को बहुविवाह मुद्दामा यस अदालतको पूर्ण इजलासबाट मिति २०६३।०२।०४ (ने.का.प. २०६२, नि.नं. ७६९४) मा समेत सिद्धान्त प्रतिपादन भएको देखिन्छ । सरकारवादी भई चल्ने मुद्दामा अनुसन्धान गरी मुद्दा चलाउने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएको मितिले हदम्याद सिर्जना हुने कुरा प्रस्ट नै

11 ने.का.प.२०६३, महिना भाद्र, निर्णय नं.७६९४

12 ने.का.प.२०६८, महिना फागुन, निर्णय नं.८७१६

छ। त्यसैले हदम्यादको आधारमा मुद्दा खारेज गर्ने गरी कैलाली जिल्ला अदालतबाट मिति २०७१।०४।२१ मा भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।०२।२७ मा भएको फैसला त्रुटिपूर्ण भएकोले सो फैसला उल्टी हुन्छ। अब प्रस्तुत मुद्दाको तथ्यमा प्रवेश गरी जो जो प्रमाण बुझ्नुपर्छ बुझी प्रमाणको न्यायोचित मूल्याङ्कन गरी कानूनबमोजिम पुन: इन्साफ गर्नु भनी मिसिलसहित तारेखमा रहेका प्रतिवादीहरूलाई तारेख तोकी उच्च अदालत दिपायलमा लेखी पठाइदिने ठहर्छ[13] भनी फैसला भएको देखिन आयो।

यसरी बहुविवाहको कसुरमा जाहेरवालाले थाहा पाएको मितिबाट हदम्याद सुरू हुने वा अनुसन्धान गरी मुद्दा चलाउने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र हदम्याद सुरू हुने के हो भन्ने साबिक मुलुकी ऐन बिहाबरीको ११ नम्बरमा रहेको हदम्यादसम्बन्धी कानूनी व्यवस्थाको व्याख्याको प्रश्न उठेको **दिपक पाण्डे विरूद्ध श्री ५ को सरकार रहेको बहुविवाह मुद्दामा यस अदालतको पूर्ण इजलासबाट विस्तृत व्याख्या भई** *अनुसन्धान तहकिकात गर्ने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारबाही अगाडि बढ्न सक्ने भएकोले जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने भनी* उक्त कानूनी प्रश्नको निरूपण भएको देखिन आउँछ। त्यसपछि २०६८ सालमा संयुक्त इजलासबाट फैसला भएको **कमलमोहन चापागाईसमेत विरूद्ध श्री ५ को सरकार भएको बहुविवाह मुद्दामा** पूर्ण इजलासको व्याख्याभन्दा नितान्त फरक जाहेरवालीले बहुविवाहको वारदात थाहा पाएको मितिले ३ महिनाभित्र जाहेरी नदिई धेरै वर्षपछि मात्र जाहेरी दिई अभियोगपत्र दायर हुन आएकोले हदम्यादविहीन अभियोग पत्र खारेज हुने व्याख्या भएको देखिन आयो। २०७६ सालमा संयुक्त इजलासबाट फैसला भएको **नेपाल सरकार विरूद्ध महेश महर (महरा) समेत भएको बहुविवाह मुद्दामा** भने पूर्ण इजलासबाट प्रतिपादन भएको सिद्धान्तको अक्षरशः परिपालना गर्दै सरकारवादी भई चल्ने मुद्दामा अनुसन्धान गरी मुद्दा चलाउने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएको मितिले हदम्याद सिर्जना हुने कुरा प्रस्ट नै छ भनी व्याख्या भएको स्थिति देखियो। यसबाट केही मुद्दाहरूमा पूर्ण इजलासबाट प्रतिपादन भएको कानूनी सिद्धान्तसमेत संयुक्त इजलासबाट परिपालना नभएको अवस्था स्पष्ट हुन आयो।

कमलमोहन चापागाईसमेत विरूद्ध श्री ५ को सरकार भएको बहुविवाह मुद्दामा संयुक्त इजलासले व्याख्या गर्दा प्रस्तुत मुद्दाको परिस्थिति र तथ्यहरू उक्त नजिरको मुद्दासँग बिलकुल फरक रहेको देखिँदा हदम्याद सम्बन्धमा प्रतिपादित उपर्युक्त नजिर प्रस्तुत मुद्दामा आकर्षित हुने वा प्रयोग हुने अवस्था देखिन आएन भनी उल्लेख गरेको पृष्ठभूमिमा नजिर के हो ? नजिरको प्रयोग र परिपालनामा ध्यान दिनुपर्ने कुराहरू के के रहेछन् ? नजिरको परिपालना नगर्दा त्यसको परिणाम के हुन्छ ? भन्ने सम्बन्धमा समेत संक्षिप्त विवेचना गर्न सान्दर्भिक हुने देखियो। यी प्रश्नहरू हाम्रो न्याय प्रणालीमा कुनै नवीन प्रश्न नभई यस अदालतको बृहत् पूर्ण इजलासबाट निरूपण भई स्पष्ट दिशानिर्देश भइसकेको विषय हुँदा केही नजिरहरू अवलोकन गरी उद्धृतसम्म गर्नु पर्याप्त हुने देखिन्छ। नजिर के हो भन्ने सम्बन्धमा यस अदालतको बृहत् पूर्ण इजलासले कुनै कानूनको व्याख्या गरेर वा कुनै कानूनी सिद्धान्तको प्रतिपादन गरेर त्यो व्याख्या वा सिद्धान्तको आधारमा मुद्दाको निर्णय गरिएको छ भने मात्र त्यो व्याख्या वा सिद्धान्त त्यस्तै प्रकृतिका अन्य मुद्दाहरूको लागि नजिर हुन्छ। नजिरको प्रयोजनको लागि कानून र कानूनी सिद्धान्तको विवेचनालाई नै अदालतले हेर्नुपर्ने हुन्छ[14] भनेको पाइन्छ।

13 ने.का.प.२०७६, महिना बैशाख, निर्णय नं.१०१७८

14 प्रदिपकुमार अग्रवाल विरूद्ध कर कार्यालय मोरङ, विराटनगर

त्यसैगरी अर्को मुद्दामा यस अदालतको नौ **सदस्यीय** बृहत् पूर्ण इजलासबाट अदालतले गरेका पूर्व-निर्णयहरूबाट निश्चितरूपमा स्थापित भइसकेको कानूनी सिद्धान्त आफैँ पनि कानूनसरह हुन्छ । एकै किसिमको कानूनी प्रश्न समावेश भएको अलग-अलग मुद्दाहरूमा कानूनको अलग-अलग व्याख्या भएर वा अलग-अलग सिद्धान्तहरू प्रतिपादन भएर न्यायिक अराजकताको स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले एकरूपता कायम गर्न नजिरको सिद्धान्तको पालना भएमा कानून र कानूनी सिद्धान्त निश्चित हुन्छ । त्यसको बेवास्ता भएमा कानूनको व्याख्यामा अन्योलको स्थिति उत्पन्न हुने सम्भावना रहन्छ । यस्तो न्यायिक अन्योलता हटाउनु यस अदालतको कर्तव्य र अन्तरनिहित अधिकार भएको हुँदा आफ्ना पूर्व-मान्य कानूनी सिद्धान्त वा व्याख्यालाई अनुशरण गर्नु न्यायिक अनुशासनमा रहनु हो । यस अदालतको पूर्व फैसलामा एक पटक प्रश्न उठी आसीन इजलासको माननीय न्यायाधीशहरूभन्दा बढी न्यायाधीशहरूको इजलासले गरेको निर्णय वा कानूनी व्याख्या वा कानूनी सिद्धान्त पछिल्लो निर्णय गर्ने कम संख्या भएको इजलासले प्रश्न उठाउन मनासिब हुँदैन । सो गरेमा न्यायिक अवधारणा र हाम्रो संवैधानिक व्यवस्थाको मर्मको समेत प्रतिकूल हुन जान्छ । यसर्थ कुनै पनि विवादको निरूपण गर्दा वा विवादमा उठेको प्रश्नको निरूपण गर्दा पूर्व-निर्णयहरूलाई बढी होसियारीसाथ गम्भीर भई न्यायिक विचारधाराबाट उत्प्रेरित भई न्यायिक दृष्टिकोणबाट विश्लेषण र विवेचना हुनुपर्दछ । किनकि त्यस्ता पूर्व नजिरहरू बाध्यात्मक प्रकृतिका हुन्छन् । यदि समानस्तरको इजलासबाट निर्णय भएको रहेछ भने मात्र कारणसहित असहमत हुन सकिने र त्यस्तो अवस्थामा बृहत् इजलासमा मुद्दा पठाउन सकिने हुन्छ । तर बृहत् इजलासबाट भएका निर्णय वा भएको कानूनी व्याख्या वा प्रतिपादित सिद्धान्तहरूलाई अन्यथा भनी सोभन्दा कम संख्याको इजलासले भन्न मिल्ने हुँदैन । तीन सदस्यीय पूर्ण इजलासले सोभन्दा बृहत् इजलासको नजिरलाई मान्यता दिई निर्णय गर्नुपर्ने न्यायिक मान्यता (Judicial Norms) हो । स्थापित मान्यता (Norms) लाई नमान्ने हो भने न्यायिक अराजकता सिर्जना हुन्छ । साथै मुद्दाको निराकरण वा समाप्ति (Finality) कहिल्यै नहुने अनिश्चितताको कानूनी अवस्था उत्पन्न भई मुद्दाका पक्षहरू तथा न्यायकर्मीहरूलाई कठिनाई पैदा हुन्छ[15] भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ ।

प्रस्तुत मुद्दाको सन्दर्भमा माथि **विवेचना** गरिएका सबै बहुविवाह मुद्दामा उठान भएको समान एवं एक मात्र कानूनी प्रश्न भनेको साबिक मुलुकी ऐन बिहाबरीको ११ नम्बरमा रहेको हदम्यादसम्बन्धी कानूनी व्यवस्थाबमोजिम हदम्याद सुरू हुन जाहेरवालाले थाहा पाउनु पर्याप्त हो वा अनुसन्धान गरी मुद्दा चलाउने अधिकारप्राप्त निकायले थाहा पाउनुपर्ने आवश्यक के हो ? भन्ने नै देखिन्छ । यो प्रश्नलाई पूर्ण इजलासले **दिपक पाण्डेको मुद्दामा** *अनुसन्धान तहकिकात गर्ने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारबाही अगाडि बढ्न सक्ने भएकोले जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने भनी प्रस्ट रूपमा व्याख्या गरिसकेपछि* कानून र कानूनी प्रश्नमा प्रतिपादित उक्त सिद्धान्तलाई अनुसन्धान गरी मुद्दा चलाउने निकायले नै पहिले थाहा पाई हदम्याद नाघेको भन्ने तथ्य र परिस्थितिबाट प्रमाणित भएको अवस्थामा बाहेक अन्य कुनै तथ्य र परिस्थितिले अन्यथा गर्न सक्ने देखिँदैन । पूर्ण इजलासबाट प्रतिपादित उक्त सिद्धान्तलाई तथ्य र परिस्थिति फरक रहेको भन्ने आधारमा संयुक्त इजलासले प्रयोग र पालना गर्न नपर्ने भनी साबिक मुलुकी ऐन

ने.का.प.२०५२, अङ्क ७, नि.नं.६०३२

15 मानबहादुर सुनार विरूद्ध कर कार्यालय महेन्द्रनगर कञ्चनपुरसमेत ने.का.प.२०५८, अङ्क ३/४, नि.नं.६९८४

बिहाबरीको ११ नम्बरमा रहेको हदम्यादसम्बन्धी कानूनी व्यवस्थाको अर्थ र अभिप्राय नै अर्कै निस्कने गरी जाहेरवालाले थाहा पाएको मितिबाट हदम्याद गणना हुने भनी गरिएको व्याख्या नजिरको मान्यता, न्यायिक अनुशासन र न्यायिक अराजकतातर्फको अग्रसरताको द्योतकको रूपमा देखिन आयो । उक्त व्याख्या यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित कानूनी सिद्धान्तको प्रत्यक्ष प्रतिकूल देखिँदा अमान्य र निष्क्रिय घोषणा गर्नुपर्ने देखियो । **दिपक पाण्डे विरूद्ध श्री ५ को सरकार रहेको बहुविवाह मुद्दामा** यस अदालतको पूर्ण इजलासबाट बहुविवाह मुद्दाको हदम्याद सम्बन्धमा भएको व्याख्या विधिशास्त्रीय मान्यता अनुकूल, विधायिका निर्मित कानूनको मर्मअनुरूपको तर्कपूर्ण र सुसङ्गतसमेत देखिँदा सोही सिद्धान्तको प्रयोग र पालनाबाट विद्यमान अन्योल समाप्त भई एकरूपता कायम हुनसमेत सक्ने देखिएकोले उक्त सिद्धान्तलाई अन्यथा गर्नुपर्ने देखिएन । यस अदालतको पूर्ण इजलासको व्याख्याले बहुविवाह मुद्दाको हदम्यादसम्बन्धी कानूनी प्रश्नलाई स्पष्ट पारेको स्थितिमा पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तको परिपालना नगरी कुनै संयुक्त इजलासले अन्यथा फैसला गरेको भन्दैमा यसलाई कानूनको व्याख्यामा अन्योलता नरहेको वा एकरूपता नरहेको भनी बिनाआधार बृहत् इजलासमा पेस गर्न आदेश दिने र त्यसैलाई आधारमा मानी पूर्ण इजलासको व्याख्यालाई खण्डन नै नगरी अन्यथा व्याख्या गरेको बहुमत माननीय न्यायाधीशहरूको रायसँग सहमत हुन सकिएन ।

अब, बहुविवाह मुद्दामा नालिस दिने **हदम्याद** अभियुक्तको जेठी श्रीमतीले थाहा पाएको मितिदेखि प्रारम्भ हुने हो वा मुद्दाको अनुसन्धान अभियोजन गर्ने नेपाल सरकारका अधिकारीले थाहा पाएको मितिदेखि प्रारम्भ हुने के हो ? भन्ने दोस्रो प्रश्नतर्फ विचार गरौं । प्रस्तुत बहुविवाह मुद्दाको वारदात मिति २०६९।११।२७ को रहेको देखिँदा सर्वप्रथम तत्काल कायम रहेको साबिक मुलुकी ऐनको बिहाबरीको महलमा रहेको कानूनी व्यवस्थाको आधारमा नै विवेचना गर्न आवश्यक देखिन्छ । साबिक मुलुकी ऐन बिहाबरीको महलको ११ नम्बरमा ***यस महलको ६ र ७ नम्बरका कुरामा भए गरेको मितिले र अरूमा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन*** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । उक्त महलको ६ नम्बरले पैसा लिनुदिनु गरी विवाह गराउने कार्य र ७ नम्बरमा लोग्ने मानिस र स्वास्नी मानिसबिचको मन्जुरीबिना जबरजस्ती विवाह गराउने कार्यलाई अपराधीकरण गरी सजायको व्यवस्था गरेको देखिन्छ भने सोही महलको ९ र १० नम्बरमा बहुविवाहलाई फौजदारी कसुर कायम गरी सजायको व्यवस्थासमेत गरेको देखिन्छ । पैसा लिनु दिनु गरेर विवाह गराएको वा जबरजस्ती विवाह गराएको कसुरमा भए गरेको मितिले तीन महिनाभित्र नालिस दिनुपर्दछ भने बहुविवाहको कसुरमा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस दिनुपर्ने कानूनी व्यवस्था रहेको कुरामा कुनै द्विविधा देखिन आउँदैन । विधायिकाले निर्माण गरेको ऐनमा प्रयुक्त शब्दहरूले स्पष्ट अर्थ दिइरहेको अवस्था छ भने अदालतले शाब्दिक व्याख्यालाई नै प्राथमिकता दिनुपर्ने कानून व्याख्याको आधारभूत नियम रहेको छ । साबिक मुलुकी ऐन बिहाबरीको महलको ११ नम्बरमा प्रयुक्त शब्दहरूमध्ये *थाहा पाएको* भन्नाले कसले थाहा पाएको हो र नालिस भन्नाले के बुझिन्छ ? यसले जाहेरी दरखास्तलाई पनि जनाउने हो वा होइन ? भन्ने मात्र व्याख्याको गुञ्जायस देखिन्छ । अरू शब्दहरू सामान्य, सरल र बोधगम्य नै रहेको देखिँदा थप व्याख्या गरिरहनुपर्ने अवस्थाको देखिँदैन । हदम्यादसम्बन्धी कानूनी व्यवस्था वस्तुत मुद्दा दायर गर्न हकदैया रहेको पक्षप्रति नै लक्षित हुने हो । मुद्दा गर्न हकदैया प्राप्त पक्षबाहेक अन्य व्यक्तिका हकमा हदम्यादको प्रश्नको सान्दर्भिकता रहने देखिँदैन । साबिक मुलुकी

ऐन प्रारम्भिक कथनको ३ नम्बरको देहाय खण्ड (ङ) मा ***"नालिस" भन्नाले उजुरसमेत सम्झनुपर्छ र सो शब्दले फौजदारी मुद्दामा प्रहरी प्रतिवेदनलाई समेत जनाउँछ*** भनी परिभाषित गरिएको छ। यसले मुद्दा हेर्ने अधिकारक्षेत्रयुक्त अदालतमा दायर हुने उजुर र प्रहरी प्रतिवेदन दुवैलाई समेटेको देखिन्छ। कतिपय देवानी मुद्दा र व्यक्तिवादी हुने फौजदारी मुद्दामा समेत उजुरको नामबाट पनि नालिस दर्ता हुन सक्ने भए पनि नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा प्रहरी प्रतिवेदनको रूपमा मात्र नालिस दर्ता हुने हाम्रो विगतको न्यायिक अभ्यास हो। बहुविवाह साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २३ बमोजिम सरकारवादी भई चल्ने अनुसूची १ अन्तर्गतको मुद्दा हुँदा प्रहरी प्रतिवेदनबाट मात्र अदालतमा दायर हुने कुरा स्वतः स्पष्ट छ। साबिक मुलुकी ऐन बिहाबरीको महलको ११ नम्बरमा प्रयुक्त *थाहा पाएको* भन्ने शब्दले जसले अदालतमा बहुविवाहको मुद्दाको प्रहरी प्रतिवेदन दायर गर्दछ उसैले थाहा पाएको मितिले तीन महिनाभित्र नालिस दिनुपर्ने व्यवस्था गरेको स्पष्ट हुन्छ। उक्त कानूनी व्यवस्थाले गरेको हदम्यादसम्बन्धी व्यवस्था बहुविवाह कसुरको प्रहरीमा जाहेरी दिने प्रयोजनको लागि जाहेरवालालाई गरिएको रहेछ भनी व्याख्या गर्न मिल्ने कुनै कानूनी आधार देखिँदैन। यो कानूनी प्रश्न प्रस्तुत मुद्दामा पहिलो पटक उठेको नभई यस अदालतमा धेरै पहिलेदेखि उठी व्याख्या भइसकेको अवस्थासमेत देखिन आउँछ। यस अदालतमा परेको संवत् २०५२ सालको फौ.पु.नं. १२६३ पुनरावेदक श्री ५ को सरकार प्रत्यर्थी दुर्गाबहादुर रानाभाटसमेत भएको बहुविवाह मुद्दामा यस अदालत संयुक्त इजलासबाट मिति २०५६।८।१७ मा बहुविवाह मुद्दामा मुद्दा चलाउने सम्बन्धित निकायले थाहा पाएको मितिबाट नै हदम्याद कायम गरिनुपर्ने भनी मुलुकी ऐन, बिहाबरीको ११ नं. को व्याख्या भएको देखिन्छ। त्यसैगरी दिपक पाण्डे विरूद्ध श्री ५ को सरकार रहेको बहुविवाह मुद्दामा यस अदालतको पूर्ण इजलासबाट विस्तृत व्याख्या भई *अनुसन्धान तहकिकात गर्ने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारबाही अगाडि बढ्न सक्ने भएकोले जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने भनी* उक्त कानूनी प्रश्नको निरूपण भएको देखिन आउँछ। पूर्ण इजलासबाट भएको उक्त व्याख्यालाई अहिलेसम्म पनि सोभन्दा बढी संख्या रहेको बृहत् पूर्ण इजलासबाट अन्यथा गरिएको दृष्टान्त पाउन सकिँदैन। साथै हदम्यादको प्रश्न समावेश रहेको अर्को मुद्दामा यस अदालतको पूर्ण इजलासबाट *कानूनमा हदम्यादको विषय जे जुन रूपमा र जसरी प्रयुक्त भएको छ, अदालतले पनि सोसम्बन्धी कानूनी प्रावधानको व्याख्या कानूनी शब्दको अर्थ र उद्देश्यअनुरूप मात्रै गर्नुपर्ने*[16] **भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ।** कानून व्याख्यासम्बन्धी उक्त प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दामा समेत सान्दर्भिक भई आकर्षित हुने देखिन आयो।

यो कानूनी प्रश्न प्रस्तुत मुद्दामा पहिलो **पटक** उठेको नभई यस अदालतमा धेरै पहिलेदेखि उठी व्याख्या भइसकेको अवस्थासमेत देखिन आउँछ। यस अदालतमा परेको संवत् २०५२ सालको फौ.पु. नं. १२६३ पुनरावेदक श्री ५ को सरकार प्रत्यर्थी दुर्गाबहादुर रानाभाटसमेत भएको बहुविवाह मुद्दामा यस अदालतको संयुक्त इजलासबाट मिति २०५६।८।१७ मा बहुविवाह मुद्दामा मुद्दा चलाउने सम्बन्धित निकायले थाहा पाएको मितिबाट नै हदम्याद कायम गरिनुपर्ने भनी मुलुकी ऐन, बिहाबरीको ११ नं. को व्याख्या भएको देखिन्छ। त्यसैगरी दिपक पाण्डे विरूद्ध श्री ५ को सरकार रहेको बहुविवाह मुद्दामा यस अदालतको पूर्ण इजलासबाट विस्तृत व्याख्या भई *अनुसन्धान तहकिकात गर्ने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारबाही अगाडि बढ्न*

16 ने.का.प.२०६९, अङ्क १, निर्णय नं. ८७४४

सक्ने भएकोले जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने भनी उक्त कानूनी प्रश्नको निरूपण भएको देखिन आउँछ । पूर्ण इजलासबाट भएको उक्त व्याख्यालाई अहिलेसम्म पनि सोभन्दा बढी संख्या रहेको बृहत् पूर्ण इजलासबाट अन्यथा गरिएको दृष्टान्त पाउन सकिँदैन । साथै हदम्यादको प्रश्न समावेश रहेको अर्को मुद्दामा यस अदालतको पूर्ण इजलासबाट *कानूनमा हदम्यादको विषय जे जुन रूपमा र जसरी प्रयुक्त भएको छ, अदालतले पनि सोसम्बन्धी कानूनी प्रावधानको व्याख्या कानूनी शब्दको अर्थ र उद्देश्यअनुरूप मात्रै गर्नुपर्ने*[17] भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । कानून व्याख्यासम्बन्धी उक्त प्रतिपादित सिद्धान्त प्रस्तुत मुद्दामा समेत सान्दर्भिक भई आकर्षित हुने देखिन आयो ।

जहाँसम्म प्रचलित मुलुकी अपराध संहिता, २०७४ को व्यवस्थाबमोजिम पनि बहुविवाह मुद्दामा हदम्यादको गणना गर्दा विवाह प्रकाशमा आई जाहेरवालाले थाहा पाएको मितिबाट नै गणना गर्नुपर्ने देखियो भनी बहुमत माननीय न्यायाधीशहरूको रायमा निकालेको निष्कर्ष छ, उक्त निष्कर्ष विधायिकाको मनसाय तथा प्रचलित कानूनको मर्म र भावनाबमोजिम नरहेको सम्बन्धमा देहायका बुँदाहरूमा स्पष्ट पारिएको छः

पहिलो, प्रचलित मुलुकी अपराध संहिता, २०७४ को भाग २ परिच्छेद ११ मा रहेको विवाहसम्बन्धी कसुरबारेमा गरिएको समग्र कानूनी व्यवस्थालाई हेर्दा साबिक मुलुकी ऐनले भन्दा पनि प्रचलित अपराध संहितामार्फत विधायिकाले दफा १७५ मा बहुविवाहको कसुरमा १ वर्षदेखि पाँच वर्षसम्म कैद र १० हजार रूपैयाँदेखि ५० हजार रूपैयाँसम्म जरिवाना हुने थप गम्भीर कसुरको रूपमा अपराधीकरण गरेको छ भने बहुविवाह भएको अवस्थामा त्यस्तो विवाह स्वतः बदर हुने व्यवस्था पनि गरेको छ । यो कसुरको सम्बन्धमा विधायिकी कठोरता बढेर गएको छ । एउटै समयमा एकभन्दा बढी श्रीमती राख्नु मानव सभ्यताको विरूद्ध हुन्छ भन्ने उद्देश्यले नै बहुविवाहलाई निरन्तर रूपमा कसुर कायम गरिएको हो । बहुविवाहको सरोकार जेठी पत्नीसँग मात्र हुने भए विधायिकाले बहुविवाहको परिभाषा गर्दा नै जेठी पत्नीको मन्जुरीले बाहेक अर्को पत्नी राख्ने वा विवाह गर्ने कार्य गर्न हुँदैन भनी गर्न सक्दथ्यो । त्यसो नगरी विधायिकाले त यो कुप्रथालाई समूल नष्ट वा उन्मूलन गर्ने उद्धेश्य राखेको स्पष्ट देखिन्छ । बहुविवाह गरे पनि जेठी पत्नीले सहेर बसेमा कसुर हुँदैन सजाय भोग्न पर्दैन भन्ने विधायिकाको मनसाय कदापि हुन सक्दैन । अदालतले विधायकको स्थान ग्रहण गर्नु हुँदैन । कानून स्पष्ट छ भने त्यसैलाई अर्थ दिनु अदालतको कर्तव्य हुन्छ । स्पष्ट कानूनलाई न्यायको नाममा व्याख्या गरेर अन्यथा अर्थ गर्दा कानूनको Predictability र Understandability गुम्न जान्छ जसलाई विधिको शासनको दृष्टिले उपयुक्त मान्न सकिँदैन ।

दोस्रो, विवाहसम्बन्धी कसुरमा हदम्यादको सम्बन्धमा प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा १७६ मा यस परिच्छेदअन्तर्गतको कसुरमा कसुर भए गरेको कुरा थाहा पाएको मितिले तीन महिना नाघेपछि उजुर लाग्ने छैन भन्ने व्यवस्था गरिएको देखिन्छ । यो कानूनी व्यवस्था र साबिक मुलुकी ऐन, बिहाबरीको महलको ११ नं. मा रहेको हदम्यादसम्बन्धी

17 ने.का.प.२०६९, अङ्क १, निर्णय नं.८७४४

कानूनी व्यवस्थाबिच सारतः कुनै अन्तर देखिँदैन । हदम्यादको विषय जहिले पनि मुद्दा दायर गर्न पाउने हकदैयावालालाई लाग्ने विषय हो। थाहा पाएको ३ महिनाभित्र उजुर नगरे नलाग्ने भन्ने विषयलाई मुद्दा दायर गर्न हकदैयावालाले थाहा पाएको मितिबाट गणना नभई जेठी श्रीमतीले थाहा पाएको मितिले ३ महिना भनी अर्थ गर्दा यो मुद्दालाई सरकारवादी बनाउनुको उद्देश्य समाप्त भएर जान्छ।

तेस्रो, बहुविवाह व्यक्ति विरूद्धको अपराध (Crime Against Individual) र खास गरी पुरूषले गर्ने बहुविवाह पहिलो पत्नी विरूद्धको कसुर हो भनी बहुमतको रायमा गरिएको तर्क अपराधशास्त्रीय मान्यताप्रतिकूल छ । कुनै अपराधबाट प्रत्यक्ष रूपमा पीडित हुने पक्ष व्यक्ति नै हुन्छ। यो सत्य हो। जस्तो कर्तव्य ज्यानको कसुरमा नै पनि जसको ज्यान जान्छ उही व्यक्ति पीडित हुने हो तर त्यो कसुरको प्रभाव र असर मृतकका परिवारका अतिरिक्त समाजका सदस्यहरूसम्म पर्छ। यस्तै असर र प्रभावहरूको संवेदनशीलतालाई आधार बनाएर कतिपय कसुरहरू सरकारवादी र अन्य कतिपय कसुरहरू व्यक्तिवादी भई चल्ने मुद्दाको रूपमा विधायिकाले कानूनमा निर्धारण गर्ने हुन्छ। के कर्तव्य ज्यान मुद्दामा पनि मर्ने मरिहाल्यो भनेर मृतकका परिवारका सदस्यले जाहेरी गरेन भने मुद्दा नचल्ने अवस्थाको परिकल्पना गर्न सकिन्छ ? कुनै कसुरलाई सरकारवादी भनेर विधायिकाले तोक्नुको मतलब नै त्यो कसुरको प्रत्यक्ष पीडित व्यक्ति हुने भए पनि त्यसबाट सम्पूर्ण समाज प्रभावित हुने र राज्यकै मूल्य मान्यताको विपरीत रहेको भनी मान्यता दिइएको अर्थमा बुझ्नुपर्ने हुन्छ । राज्यले यही मान्यतामा आधारित रहेर सरकारवादी हुने भनी कानूनमा तोकिसकेपछि विधायिकी विवेकभित्र प्रवेश गरेर बहुविवाहको कसुर त व्यक्ति विरूद्धको अपराध हो भनेर अदालतले भनी दिँदा विधायिकाले सरकारवादी भनेर अनुसूचीमा तोकेकाहरूमध्ये कुन व्यक्ति विरूद्धको हो र कुन राज्य विरूद्धको हो भनी पुन: अदालतको विवेकाधीन विषय बन्न आउने देखिन्छ जुन कुरा विधिशास्त्रीय मान्यताको विपरीत हुने मात्र नभएर यो प्रवृत्तिले थप अन्योलता र अनिश्चिततासमेत सिर्जना गर्ने हुन्छ । अदालतको काम व्याख्याको माध्यमबाट थप अन्योलता र अनिश्चितता सिर्जना गर्नु हुन सक्दैन। त्यसैले यो कसुर मूलतः परिवार, समाज र राष्ट्र विरूद्धमा गरिने अपराध हो । एकै समयमा एउटै पुरूषले एकभन्दा बढी पत्नी राख्ने पाशविक र घृणित संस्कारलाई पूर्ण रूपमा निवारण गरी मानवीय मूल्य र मान्यतामा आधारित सुसंस्कृत समाजको निर्माण गर्ने उद्देश्यले राज्यका तर्फबाट अवलम्बन गरिएको यो कानूनी व्यवस्था हो। कसुरदार पुरूषको पहिलो पत्नी मात्र कसुरबाट पीडित हो भनी यो गम्भीर कसुरको प्रभावलाई सीमित बनाउन सकिँदैन । कसुरदारले बहुविवाहको कसुर गरेबापत पहिलो फौजदारी दायित्व वारदातबाट पीडित व्यक्तिप्रति बेहोर्नुपर्ने र दोस्रो र महत्त्वपूर्ण दायित्व समाज वा राज्यप्रति बेहोर्नुपर्ने यथार्थतालाई नजरअन्दाज गर्न सकिँदैन।

चौथो, बुहविवाहको अवस्थामा पछिल्लो विवाह स्वतः बदर भई विवाह नै कायम नरहने भएपछि सो कार्यबाट अन्य कोही

कसैको कानूनबमोजिमको सम्पत्तिको हक अधिकारसमेतमा प्रतिकूल असर पर्न जाने अवस्थासमेत नहुने हुँदा बहुविवाहको कसुर कायम गरी सजाय गर्ने कानूनी व्यवस्थाको औचित्यमाथि नै बहुमतको रायले प्रश्न उठाएको देखिँदा उक्त राय शक्ति पृथकीकरणको सिद्धान्तअनुकूल पनि देखिँदैन । कसुरको परिभाषा र सजायको व्यवस्था विधायिकाको एकलौटी अधिकार क्षेत्रभित्रको विषय हो । यसरी प्रश्न गर्दै जाने हो भने आत्महत्यालाई सजाय किन गर्नु परेको ? प्रेम सम्बन्धमा रहेका २० वर्षमुनिका नाबालिगहरूबिच विवाह गर्न किन रोकेको ? सहमतिले करणी गरेको विषयलाई १८ वर्षमुनिको हो भन्दैमा जबरजस्ती करणीको परिभाषाभित्र किन राखेको ? १८ वर्षसम्मकालाई नाबालक भनी किन परिभाषित गरेको ? भन्ने जस्ता थुप्रै प्रश्नहरू पनि उठ्ने देखिन्छ । यस स्थितिमा कानून भनेको ऐनका किताबमा लेखिएको विषय होइन अदालतको फैसलामा लेखिएको कुरा हो भन्ने मान्यता स्थापित हुन पुग्छ । व्याख्या गर्ने अधिकार छ भन्दैमा स्पष्ट कानूनलाई अन्यथा अर्थ दिने काम अदालतले गर्नु हुँदैन । संविधानसँग बाझिएको भनी प्रश्न उठाइएको अवस्थामा संवैधानिक व्यवस्थालाई आधार बनाएर त्यस्तो कानूनको परीक्षण हुनु एउटा कुरा हो तर कुनै कानून विशेषमा गरिएको व्यवस्थालाई लिएर यस्तो कानून बनाएको भए हुन्थ्यो वा यस्तो कानून बनाएको राम्रो भएन भनेर Legislative wisdom भित्र प्रवेश गर्ने अधिकार अदालतसँग हुँदैन । यसमा अदालतले कहिल्यै पनि प्रश्न उठाउँदैन । साथै प्रचलित मुलुकी देवानी संहिताले बहुविवाह कायम हुने अवस्थामा कुनै पुरूष र महिलाको शारीरिक सम्पर्कमा शिशुको जन्म भए पनि स्वतः विवाह भएको नमानिने[18] र जन्मिसकेको शिशुको कानूनबमोजिमको हकमा कुनै असर नपर्ने[19] गरी मुलुकी अपराध संहिताको दफा १७५ मा गरिएको बहुविवाह स्वतः बदर भएपछि उत्पन्न हुन सक्ने देवानी एवम् साम्पत्तिक अधिकारको प्रभावलाई समेत सम्बोधन गरिसकेको देखिन आउँछ । यसबाट समेत बहुविवाहलाई कसुर कायम गरेको कानूनी व्यवस्थाको औचित्यमाथि प्रश्न उठाउन सकिने कुनै आधार रहेको देखिएन ।

पाँचौं, बुहविवाह सरकारवादी मुद्दा भएकोले यस्तो मुद्दामा जाहेरी दिने अधिकार वा कर्तव्य वा भनौं एकाधिकार जेठी पत्नीलाई मात्र हुन्छ भन्नु कानूनसम्मत हुँदैन । यस्तो कसुरको सूचना थाहा पाउने जो कोहीले पनि दिन सक्दछ । कसैले जाहेरी नदिएको अवस्थामा प्रहरीको प्रतिवेदनबाट पनि कसुर अनुसन्धान प्रारम्भ हुन सक्दछ । प्रचलित फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४ ले कसुर भएको थाहा पाउने जोसुकैले पनि मौखिक वा लिखित सूचना कुनै पनि माध्यमबाट नजिकको प्रहरी कार्यालयमा दिनुपर्ने व्यवस्था गरेको छ भने दफा ४३ को खण्ड (क) ले अनुसूची १ र २ अन्तर्गतका कसुरसम्बन्धी मुद्दा अभियोग पत्रको रूपमा सम्बन्धित सरकारी वकिललाई मात्र दायर गर्ने अधिकार हुने व्यवस्था गरेको छ । विधायिकाले सरकारवादी मुद्दामा जाहेरी दिने हदम्यादको व्यवस्था गर्न नसक्ने होइन । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को

18 मुलुकी देवानी संहिता, २०७४ को दफा ७४
19 ऐजन दफा ७५

दफा १७ मा कसुर भएको थाहा पाएको मितिले एक वर्षभित्र जाहेरी दिन सकिने र जाहेरी परेको छ महिनाभित्र मुद्दा दायर गरिसक्नुपर्ने गरी जाहेरी दिने र मुद्दा दायर गर्ने हदम्यादको अलग-अलग व्यवस्था गरेको देखिन्छ । यदि बहुविवाहको मुद्दामा पनि जाहेरी दिन अनावश्यक विलम्ब नहोस् भनी हदम्यादको व्यवस्था गर्न विधायिकाले चाहेको भए सोअनुरूपको व्यवस्था गर्ने थियो। बहुविवाह मुद्दामा त्यस्तो व्यवस्था गरिएको देखिँदैन तर मुद्दा दायर गर्ने अधिकारीको लागि व्यवस्था गरिएको हदम्याद नै जाहेरवालाको लागि जाहेरी दिने हदम्याद हो भनी व्याख्या गरिँदा कानूनको गलत व्याख्या हुन जान्छ । उक्त व्याख्याले त्यसो भए बहुविवाहमा मुद्दा दायर गर्ने हदम्याद कति हो त भन्ने प्रति प्रश्न उठ्ने र त्यसको उत्तर अदालतको रायमा नभेटिने अवस्थाको सिर्जना भएको छ। यदि जाहेरवालाले वारदात थाहा पाएको मितिले तीन महिना पुग्ने अन्तिम दिन मात्र जाहेरी दियो भने कसुरको अनुसन्धान र अभियोजन कसरी हुन्छ ? वा त्यस्तो अवस्थामा पनि मुद्दा दायर गर्नै नपर्ने गरी कानूनको अर्थ गरिएको हो भन्ने प्रश्न उठ्ने र सोको जवाफ पनि बहुमतको रायले दिन सकेको अवस्था देखिँदैन। यसरी बहुविवाहको कसुरको जाहेरी कसुरदारको जेठी पत्नीले मात्र दिन सक्ने वा निजलाई मुद्दा दायर गर्ने हकदैया हुने कानूनी व्यवस्था कहीँकतै नरहेको स्थितिमा कसुर अनुसन्धान गर्ने र अभियोजन गर्ने निकाय असहाय हुने र उनीहरूको कानूनी अधिकारलाई नै निस्तेज पार्ने गरी जेठी पत्नीले थाहा पाएको मितिले बहुविवाह मुद्दाको नालिस दिने हदम्याद गणना हुने भनी गरिएको व्याख्या प्रचलित कानूनको प्रत्यक्ष प्रतिकूल देखिन आउँछ । यस प्रकारको व्याख्याले कानूनी प्रश्नको निरूपण हुनुको बदला कल्पना नै गर्न नसकिने धेरै कानूनी जटिलताहरू थपिने र अझ गहिरो अन्योलताको सिर्जना हुने देखिन्छ।

छैठौं, कसुर भएको जानकारी कसैलाई पहिले नै थियो भन्ने कुरा अदालतले अनुमान गर्ने विषय होइन। यो त कानूनी प्रश्न हो। वस्तुगत तथ्य र ठोस प्रमाणबाट प्रमाणित हुनुपर्ने विषय हो । बहुविवाहको कसुर पारिवारिक विषय पनि भएकोले परिवारको कुनै न कुनै सदस्यले मौकामा नै थाहा पाएको हुन्छ भनी अनुमान गरी अनुसन्धान गर्ने निकायले लामो समय अनुसन्धान गरेन। त्यसैले अब यो हदम्याद गयो भनी सहज रूपमा भनी दिएर बहुविवाहको कसुरप्रति अदालतले अनावश्यक उदार दृष्टिकोण अपनाउन न्यायोचित हुँदैन । व्याख्या वस्तुनिष्ठताको सिद्धान्तमा (Theory of objectivity) आधारित हुनुपर्छ। न्यायाधीशले रहस्यमयी पात्रको भूमिका निर्वाह गर्नु हुँदैन। न्यायकर्ताको व्याख्याको आधार भनेकै विधायिकी निर्मित कानूनमा प्रयुक्त शब्दावलीहरू नै हुन् । मनासिब माफिकता (Reasonability) को पहिलो मापदण्ड विधायिकी कानून नै हो । मूलतः कानून समाजको मान्यताअनुरूप नै बन्ने गर्दछन् तर कतिपय विषयमा सुधारका निम्ति कानूनले नेतृत्व लिनुपर्ने हुन्छ र समाजमा चली आएको कुसंस्कारयुक्त प्रथा र परम्पराहरूलाई परिवर्तन गरी सुसंस्कृत र सभ्य मानवीय समाजको निर्माणको लागि कानूनले नै नेतृत्व लिनुपर्ने हुन्छ र कठोर व्यवस्था गर्नुपर्ने हुन्छ । प्रचलित कानूनको उद्देश्य बहुविवाहको संस्कारलाई नियन्त्रण

गर्ने मात्र होइन, समाप्त नै पार्ने रहेको देखिन्छ। जेठी र कान्छी मिलेर बसेका छन् भने अरूलाई के मतलब भन्ने कानूनको उद्देश्य रहेको देखिँदैन। यस्तो भएको भए यस्तो कसुरलाई विधायिकाले सरकारवादी बनाउने पनि थिएन। जेठी पत्नीले मन नपराउँदाका बखत मात्र उजुर लाग्ने गरी व्यक्तिवादी भई चल्ने फौजदारी मुद्दाको वर्गीकरणभित्र समावेश गर्न कुनै बाधा थिएन। जब विधायिकाले ती सबै विकल्प छाडेर बहुविवाहलाई गम्भीर सरकारवादी फौजदारी कसुरको रूपमा परिभाषित गर्दछ भने अदालतले यसलाई यो Victim Based crime हो, कसुरदारको जेठी पत्नी नै यसको एक मात्र पीडित भएकोले उसले मौकामा जाहेरी नदिएमा पछि अरूको वा निजको जाहेरीबाट पनि मुद्दा चल्न सक्दैन भनी निष्कर्ष निकाल्नु न्यायोचित एवं समाजको आवश्यकता र अपेक्षाअनुकूल हुन सक्दैन।

सातौं, कसुर भएको थाहा पाएको मितिले हदम्याद गणना हुने कानूनी व्यवस्था विधायिकाले बहुविवाहको कसुरको हकमा मात्र गरेको पनि देखिँदैन। मुलुकी अपराध संहितामा गर्भ संरक्षण विरूद्धको कसुर, चोरी डाँकासम्बन्धी कसुर, ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सनसम्बन्धी) कसुर, मुद्रासम्बन्धी कसुर, टिकटसम्बन्धी कसुर, नापतौलसम्बन्धी कसुर र लिखतसम्बन्धी कसुरलगायतका सयौँ कसुरमा थाहा पाएको मितिबाट नालिस गर्ने हदम्याद गणना हुने कानूनी व्यवस्था गरिएको देखिन्छ। थाहा पाएको मितिबाट हदम्याद गणना हुने बहुविवाहको कसुरमा जाहेरवालाले थाहा पाएको मितिबाट गणना हुने भनी व्याख्या गर्ने र यही वाक्यांश परेका अन्य दफाहरूको व्याख्या अर्को किसिमबाट गर्ने छुट अदालतलाई पनि हुन सक्दैन। अदालतको व्याख्या सुसङ्गत र सङ्गतिपूर्ण (Harmonious) हुनुपर्छ। विधायिकी मूल्य र मान्यतालाई अदालतले प्रतिस्थापन गर्न थालेमा अदालती व्याख्याको स्वीकार्यतामा ह्रास आउने अवस्था सिर्जना हुन्छ। यो स्थिति विधिको शासनमा आधारित सभ्य समाजको लागि रूचिको विषय बन्न पनि सक्दैन।

आठौं, बहुविवाह स्वत: बदर हुने व्यवस्था मुलुकी अपराध संहिताको नवीन व्यवस्था हो। जेठी पत्नीले थाहा पाएको ३ महिनाभित्र जाहेरी नगरे त्यस्तो विवाह कसरी बदर हुन्छ। जेठी कान्छी मिलेर बसेका छन्, छोरा छोरी जन्मेका छन्, किन स्वत: बदर गराउने भनी कानूनी व्यवस्थाप्रतिकूल तर्कहरू उठ्न सक्छ। बहुमत माननीय न्यायाधीशहरूको व्याख्याले सारत: जेठी श्रीमतीको चित्त बुझेको छ भने बहुविवाह गर्न छेकबार छैन भन्ने निष्कर्ष निस्कन जान्छ जुन कानूनको मकसद र उद्देश्य दुवै हुन सक्दैन। त्यसैले विधायिकाले कानूनमार्फत राखेको उद्देश्य पूरा हुने गरी (Purposive Interpretation of Law) अदालतले व्याख्या गर्ने कि न्यायाधीशको विवेकमा औचित्यपूर्ण लागेअनुसारको कुनै पनि व्याख्यामा जान सक्ने भन्ने गम्भीर प्रश्न उत्पन्न हुने देखियो। न्यायाधीशले विधायकको स्थान ग्रहण गर्न हुँदैन। बहुविवाहको मुद्दामा कतिपय अवस्थामा दशौं वर्षपछि थाहा पाएको भनी जाहेरी पर्ने गरेको तथ्य एकातिर छ तर

जेठी पत्नीको विवाह दर्ता नगरी दिने अनि कान्छीको जेठीसँग भन्दा पहिले विवाह गरेको देखाएर विवाह दर्ता गर्ने गरेको विकृत अभ्यास पनि देखिन्छ। अपवादको विषयलाई आधार बनाएर व्याख्या गर्दा समाजमा जे जस्तो पनि अवस्था पर्न सक्छ। कानूनको उल्लङ्घन गर्नेहरू जहिले पनि सामान्य नागरिकको तुलनामा एक पाइला अगाडि हुन्छन्। विवाह गरेको दशौं वर्षपछि जाहेरी दिएकै अवस्थामा पनि बहुविवाह गरेर कानूनको उल्लङ्घन गरेको कसुर त लोप हुन सक्दैन नि। दश वर्षसम्म जेठी पत्नी मिलेर बसेको भन्ने आधारमा त्यो सम्बन्ध खल्बलिएला भन्ने चिन्ता गर्ने हो वा समाजमा लुकी चोरी भएका आपराधिक कार्यहरू पनि कानूनको दायरामा आए भनी सन्तोष गर्नुपर्ने हो भन्ने विषय विचारणीय छ। विचार गर्नुपर्ने अर्को विषय के छ भने यो सरकारवादी हुने फौजदारी कसुर हो। यसो भन्नुको मतलब जेठीले वा सम्बन्धित सरोकारवालाले चित्त बुझाए पनि आपराधिक कार्य त्यसै लोप भएर दण्डहीनताको स्थितिमा रहनु हुँदैन भन्ने नै हो। त्यसैले अर्काले थाहा नपाउने गरी वा जेठीलाई मनाएर बहुविवाहको अपराध गर्न सक्छौ भने गर यो विषयलाई राज्यले सरोकार राख्दैन भन्ने निष्कर्ष निस्कने स्थिति अदालतको व्याख्याबाट सिर्जना गर्न हुँदैन।

नवौँ, बहुविवाहसम्बन्धी कसुर फगत देशको फौजदारी कानूनप्रतिकूलको एउटा कार्य मात्र नभई समाज सुधारको दिशामा विधायिकाले लिएको एउटा गहकिलो पहलकदमी पनि हो। यो कार्यलाई कसुर कायम गरिरहँदा सामाजिक भेदभावको अन्त्य गर्ने, महिलाको मानवीय मर्यादालाई संरक्षण गरी समाजका कुरीतिहरूबाट जनतालाई उन्मुक्ति दिलाउने समाजशास्त्रीय विधिशास्त्रको मर्मले दिशानिर्देश गरिरहेको देखिन्छ। कानूनले गरेको व्यवस्थाभन्दा माथि बसेर सामाजिक मूल्य र मान्यताको परीक्षण गर्ने अदालत Super Auditor of Social Values हुन सक्दैन। जनताका प्रतिनिधिहरूले नबुझेको समाज न्यायाधीशले मात्र बुझेको छ भनी दाबी गर्न पनि मिल्दैन। हो, कानूनको निर्माण गर्दा त्यसको वाक्य संरचना वा शब्द संयोजन द्विविधापूर्ण छ र त्यसको व्याख्या बहुअर्थी रूपमा गर्न सकिने ठाउँ छ भने न्यायोचित परिणाम निस्कने गरी व्याख्या गर्ने वा भेदभावपूर्ण परिणाम आउने भए त्यसलाई न्यायोचित परिणाम आउने गरी निश्चित अर्थ दिने कर्तव्य न्यायकर्तामा रहन्छ तर न्यायकर्ताले गरेको कानूनको व्याख्याकै कारण थप द्विविधा सिर्जना गर्ने, सामाजिक कुरीति र कुप्रथाको नै पक्षपोषण हुने, कानूनले स्पष्ट कसुर कायम गरेको कार्यको परिणाम नै निरपराध (Decriminalize) घोषणा गरेसरह हुने वा अदालतले विधायिकाको मूल्याङ्कनकर्ताको स्थान ग्रहण गरेर Super Auditor of Social Values बनेको अभिप्राय र परिणाम निस्कने अवस्था आउन दिनु वाञ्छनीय हुँदैन।

अब, प्रस्तुत मुद्दामा तत्कालीन पुनरावेदन अदालत बुटवलबाट भएको फैसला मिलेको छ वा छैन ? वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने निरूपण गर्नुपर्ने अन्तिम प्रश्नको सम्बन्धमा विचार गर्दा प्रतिवादी सञ्जिव रोक्का र उषा रिजाली मगरले मुलुकी ऐन बिहाबरीको महलको

९ नम्बर विपरीतको कसुर गरेकोले निजहरूलाई सोही महलको १० नम्बरबमोजिम सजाय गरिपाउँ भन्ने अभियोग पत्र दाबी रहेकोमा सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६६।०९।२७ मा फैसला हुँदा प्रतिवादी उषा रिजाली मगरले आरोपित कसुरबाट सफाइ पाउने र प्रतिवादी सञ्जिव रोक्काको हकमा अभियोग दाबीबमोजिम बहुविवाहको कसुर ठहर भई निजलाई एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना निर्धारण भएको देखिन्छ। उक्त फैसलाउपर प्रतिवादी सञ्जिव रोक्काको पुनरावेदन परेकोमा सुरू फैसला उल्टी गरी हदम्यादको अभावमा अभियोगपत्र खारेज हुने ठहऱ्याई तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।०९।१९ मा फैसला भएको देखियो । पुनरावेदन अदालत बुटवलको फैसला उल्टी गरी प्रतिवादीलाई सजाय गर्ने प्रयोजनको लागि मुद्दा दोहोऱ्याई हेरिपाउँ भनी वादी नेपाल सरकारको तर्फबाट निवेदन परेकोमा यस अदालतबाट अभियोग खारेज गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको फैसला दिपक पाण्डेसमेत विरूद्ध नेपाल सरकार भएको मुद्दा (ने.का.प. २०६३, पृष्ठ ५५४ नि.नं. ७६९४) मा प्रतिपादित सिद्धान्त विपरीत हुनाको साथै बिहाबरीको ९ र १० नम्बरको समेत त्रुटि देखिएको भन्ने आधारमा मुद्दा दोहोऱ्याई हेर्ने अनुमति भएको देखिन आयो । प्रस्तुत मुद्दा फैसला हुँदा संयुक्त इजलासका माननीय न्यायाधीशहरूको बिच रायबाझी भई पूर्ण इजलासमा पेस भएकोमा पूर्ण इजलासले पनि बहुविवाहको हदम्यादको विषयमा बृहत् पूर्ण इजलासबाट व्याख्या हुन मनासिब देखी यस इजलासमा पेस हुन आएको देखियो।

प्रस्तुत मुद्दामा जाहेरवाली चन्दा रोका सूचकसम्म भएको अवस्था छ । नगरपालिका कार्यालयमा मिति २०६४।१०।२७ मा विवाह दर्ता हुनुलाई नै जाहेरवाली चन्दा रोका तथा वादी नेपाल सरकारले थाहा पाएको भन्न नमिल्ने हुँदा हदम्याद नाघी दायर भएको भन्ने आधारमा अभियोग दाबी खारेज गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको मिति २०६८।९।१९ को फैसला सर्वोच्च अदालतको पूर्ण इजलासबाट दिपक पाण्डे विरूद्ध नेपाल सरकार भएको बुहविवाह मुद्दामा प्रतिपादित सिद्धान्तविपरीत हुनुको साथै मुलुकी ऐन बिहाबरीको ९ र १० नम्बरको कानूनी व्यवस्थाको समेत त्रुटि भएकोले उल्टी गरी प्रतिवादी सञ्जिव रोकालाई सुरू अभियोग दाबीबमोजिम नै सजाय हुनुपर्दछ भनी वादी नेपाल सरकारले जिकिर लिएको देखिन्छ।

प्रस्तुत मुद्दामा जाहेरवाला चन्दा रोकाले मेरो श्रीमान् सञ्जीव रोकाले घरमा म जेठी श्रीमती र १ छोरा तथा १ छोरी हुँदाहुँदै मिति २०६४।१०।२६ मा उषा रिजाली मगरलाई कान्छी श्रीमतीको रूपमा विवाह गरेकोले निजहरूलाई कानूनबमोजिम कारबाही गरिपाउँ भनी मिति २०६५।२।२८ मा जिल्ला प्रहरी कार्यालय रूपन्देहीमा दिएको जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको अनुसन्धान प्रारम्भ भएको देखिन्छ । प्रतिवादी सञ्जिव रोक्का र उषा रिजाली मगरले मुलुकी ऐन बिहाबरीको महलको ९ नम्बर विपरीतको कसुर गरेकोले निजहरूलाई सोही महलको १० नम्बरबमोजिम सजाय गरिपाउँ भन्ने मागदाबीसहित मिति २०६५।५।१६ मा रूपन्देही जिल्ला अदालतमा अभियोग पत्र दायर भएको देखिन्छ। प्रतिवादी सञ्जिव रोकाले सुरू अदालतमा बयान गर्दा जाहेरवाली चन्दा रोकाको सल्लाहमा नै उषा रिजाली मगरसँग मिति २०६२।१०।१७ मा विवाह गरेको तथ्यलाई स्वीकार गरेको देखिन्छ। प्रतिवादी सञ्जिव रोकासँग २०६२ साल माघमा विवाह गरेको कुरालाई उषा रिजाली मगरले समेत अदालतमा स्वीकार गरेको देखिन आउँछ। यसबाट प्रतिवादीहरूले बहुविवाहको कसुर गरेको तथ्य मिसिल संलग्न प्रमाणहरूबाट नै पुष्टि भएको देखिन्छ। रूपन्देही जिल्ला अदालतबाट प्रतिवादी सञ्जिव रोकाले मुलुकी ऐन बिहाबरीको

महलको ९ नम्बर विपरीतको कसुर गरेको ठहर गरी निजलाई सोही महलको १० नम्बरबमोजिम एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना सजाय हुने फैसला भएको देखिन्छ। उक्त फैसलामा चित्त नबुझाई प्रतिवादीको तर्फबाट पुनरावेदन परेकोमा हदम्यादभित्र अभियोग पत्र दायर नभएको भनी अभियोग खारेज गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिमको कसुरबाट सफाइ हुने निष्कर्षमा पुनरावेदन अदालत बुटवल पुगेको देखियो । मुलुकी ऐन बिहाबरीको महलको ११ नम्बरमा ***यस महलको ६ र ७ नम्बरका कुरामा भए गरेको मितिले र अरूमा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन*** भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । सरकारवादी फौजदारी मुद्दाको रूपमा रहेको बहुविवाहको कसुरमा मुद्दा अनुसन्धान र अभियोजन गर्ने अधिकारप्राप्त निकायले थाहा नपाएसम्म उक्त हदम्याद प्रारम्भ हुन सक्दैन । जाहेरवालालई मुद्दा दर्ता गर्ने हकदैया नभएकोले निजले थाहा पाउँदैमा हदम्याद नाघेको अर्थ गर्न नमिल्ने सम्बन्धमा माथिका प्रकरणहरूमा विस्तृत विवेचना भइसकेको छ। दिपक पाण्डे विरूद्ध श्री ५ को सरकार रहेको बहुविवाह मुद्दामा यस अदालतको पूर्ण इजलासबाट बिहाबरीको महलको ११ नम्बरको कानूनी व्यवस्थाको व्याख्या भई *अनुसन्धान तहकिकात गर्ने अधिकारप्राप्त निकायले थाहा जानकारी पाएपछि मात्र मुद्दाको कारबाही अगाडि बढ्न सक्ने भएकोले जाहेरवालाले थाहा पाएको मितिलाई नै वादीले स्वतः थाहा पाएको भनी अनुमान गर्न नमिल्ने* (ने.का.प. २०६३, पृष्ठ ५५४ नि.नं. ७६९४) *भनी* सिद्धान्त प्रतिपादन भइसकेको परिवेशमा उक्त सिद्धान्तप्रतिकूल हुने गरी अभियोग खारेज गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको फैसला प्रथमदृष्टिमा नै त्रुटिपूर्ण देखिन आउँछ।

प्रतिवादी सञ्जिव रोका र उषा रिजाली मगरबिच भएको विवाह मिति २०६४।१०।२७ मा द नं ४४६ मा दर्ता भएको भनिए पनि सो कुरा मुद्दा दायर गर्ने अधिकारीलाई पहिले नै थाहा जानकारी भएको थियो भनी प्रमाणित गर्ने भन्ने कुनै पनि ठोस प्रमाण मिसिल संलग्न रहेको देखिँदैन । जाहेरवालीले सुरू अदालतमा बकपत्र गर्दा पतिसँग परिवारमा बसेको भनी बेहोरा उल्लेख गरेको भए पनि पतिले दोस्रो विवाह गरी सौता ल्याएको पारिवारिक परिस्थितिमा त्यसबाट उत्पन्न पीडाबाट आफूलाई सम्हाल्ने, परिवारका अन्य सदस्यहरू तथा आफन्तहरूसँग सल्लाह गर्ने, विवाह नै गरे नगरेको यकिन गर्ने र जाहेरीको लागि आवश्यक सबुद प्रमाण जुटाउनेसमेतको कार्य गर्दा कानूनबमोजिम जाहेरी दिन केही समय ढिलाई हुनुलाई अन्यथा भन्न मिल्ने देखिँदैन। यो कुरा आमा समूह र प्रमुख जिल्ला अधिकारीको रोहबरमा भएको सम्झौता पत्रमा व्यवस्थित घर बनाइदिने र महिनाको पन्ध्र हजार दिने र सासूको घरमा कान्छी श्रीमतीलाई भित्र्याउन नदिने गरी सहमति भएको भनी निजले सुरू अदालतमा बकपत्र गर्दा उल्लेख गरेको तथ्यले पुष्टि भइरहेको अवस्था छ । प्रस्तुत मुद्दामा पतिले मिति २०६४।१०।२६ गते उषा रिजाली मगरलाई बहुविवाह गरेकोले कारबाही गरिपाउँ भनी मिति २०६५।२।२८ मा जाहेरी दिएको र अनुसन्धान सम्पन्न भई जाहेरी परेको तीन महिनाभित्रै अर्थात् मिति २०६५।५।१६ मा सुरू अदालतमा अभियोगपत्र दायर भएको अवस्था मिसिलबाट देखिएको छ। हदम्यादको प्रश्न अदालतले अनुमान गर्ने विषय नभई ठोस प्रमाणबाट पुष्टि हुनुपर्ने कानूनी प्रश्न हो । यसरी हेर्दा प्रस्तुत मुद्दामा मुलुकी ऐन बिहाबरीको ११ नम्बरबमोजिमको मुद्दा दायर गर्ने हदम्याद नाघेको मान्न मिल्ने कुनै पनि अवस्था विद्यमान देखिन आउँदैन।

जहाँसम्म जाहेरवाली चन्दा रोकाको मन्जुरीमा नै उषा रिजाली मगरसँग आफूले विवाह गरेको भनी प्रतिवादीले सुरू अदालतमा बयान गर्दा लिएको जिकिर छ । सो सम्बन्धमा हेर्दा, साबिक

मुलुकी ऐन बिहाबरीको ९ नम्बरमा कुनै लोग्ने मानिसले आफ्नी स्वास्नी जीवित छँदै वा कानूनबमोजिम लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद नहुँदै अर्की स्वास्नी मानिससँग विवाह गर्न वा अर्को स्वास्नी राख्न हुँदैन भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । जेठी श्रीमतीसँग सहमति गरेर वा मन्जुरीले अर्को विवाह गर्न कानूनले छुट नदिएको अवस्थामा प्रतिवादीले लिएको उक्त जिकिर कानूनसम्मत देखिएन । यसरी प्रतिवादी सञ्जिव रोकाले मुलुकी ऐन बिहाबरीको महलको ९ नम्बरविपरीत बहुविवाहको कसुर गरेको कुरा मिसिल संलग्न प्रतिवादीको बयान, जाहेरवालाको बकपत्र तथा साक्षीको बकपत्रसमेतका प्रमाणबाट पुष्टि भइरहेको अवस्थामा निजलाई बहुविवाहको कसुरमा एक वर्ष कैद र पाँच हजार रूपैयाँ जरिवाना हुने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको फैसला सदर गर्नुपर्नेमा जाहेरवालालाई पहिले नै विवाह गरेको जानकारी भएको र नगरपालिका कार्यालयमा विवाह दर्ता भएको भन्नेसमेतका गैरकानूनी एवं असान्दर्भिक आधार, प्रमाण ग्रहण गरी हदम्याद नाघी अभियोग पत्र दर्ता भएको भनी अभियोग पत्र खारेज गरेको तत्कालीन पुनरावेदन अदालत बुटवलको फैसला कानूनी त्रुटिपूर्ण हुँदा उल्टी हुने देखियो ।

तसर्थ माथिका प्रकरणहरूमा गरिएको विवेचनाको आधारमा प्रतिवादी सञ्जिव रोकालाई साबिक मुलुकी ऐन बिहाबरीको महलको ९ नं. विपरीतको कसुरमा सोही महलको १० नं.बमोजिम एक वर्ष कैद र रू.५,०००।– जरिवाना हुने ठहऱ्याएको सुरू रूपन्देही जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग पत्र खारेज गर्ने गरी तत्कालीन पुनरावेदन अदालत बुटवलबाट मिति २०६८।०९।१९ मा भएको फैसला यस अदालतको पूर्ण इजलासबाट प्रतिपादित सिद्धान्तको प्रतिकूल हुनाको साथै साबिक मुलुकी ऐन बिहाबरीको महलको ११ नम्बरको कानूनी व्यवस्थाविपरीत देखिँदा उल्टी हुने भनी यस अदालतका संयुक्त इजलासका माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठले व्यक्त गर्नुभएको मिति २०७६।११।२० को राय सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिरअनुसार पुनरावेदन अदालत बुटवलको फैसला उल्टी भई प्रतिवादी सन्जिव रोकालाई अभियोग मागदाबीबमोजिमको बहुविवाहको कसुरमा साबिक मुलुकी ऐन बिहाबरीको महलको १० नं. बमोजिम एक वर्ष कैद र रू.पाँच हजार रूपैयाँ जरिवाना हुने ठहरेकोले लगत अद्यावधिक गरी असुल गर्नु भनी सुरू रूपन्देही जिल्ला अदालतलाई लेखी पठाइदिनू । यो फैसलाको प्रतिलिपिसहित मुद्दा फैसला भएको जानकारी महान्यायाधिवक्ताको कार्यालयलाई दिनू । यो फैसलाको विद्युतीय प्रति सफ्टवेयरमा अपलोड गरी फैसलाको पिठमा जनाउनू । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

उक्त रायमा मेरो सहमति छ ।
न्या.तिलप्रसाद श्रेष्ठ

इजलास अधिकृत: लालसिंह थापा र विष्णुप्रसाद पौडेल
इति संवत् २०८१ साल वैशाख ६ गते रोज ५ शुभम् ।

निर्णय नं. ११३७२

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश डा. श्री आनन्दमोहन भट्टराई
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ
आदेश मिति : २०८०।८।२१
०७६-NF-००२०

विषय : परमादेश

पुनरावेदक / विपक्षी : रानी जमरा कुलरिया सिचाइँ आयोजना, टिकापुरका तर्फबाट अख्तियारप्राप्त काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वडा नं. ११ स्थित कार्यालय रहेको मणिलेक ल च्याम्बरका अधिवक्ता तेज रावल

विरूद्ध

प्रत्यर्थी / निवेदक : कैलाली जिल्ला, धनगढी नगरपालिका, वडा नं. २ स्थित मल्ल निर्माण सेवा

- **असाधारण क्षेत्राधिकारलाई अदालतको एक प्रकारको विशेषाधिकार (prerogative) को रूपमा समेत लिइने । त्यसैकारण यो अधिकारको प्रयोगमा संविधानले नै सीमा लगाएका खास केही विषय र अदालतले स्वयं अवलम्बन गरेका आत्मसंयमका नियमहरूबाहेक राज्यका हरेक निकाय वा अधिकारीले गरेका निर्णयको न्यायिक पुनरावलोकन गर्ने अधिकार अन्तरनिहित रहेकै हुने । सामान्यतः कुनै व्यक्तिहरूका बिचमा होस् वा व्यक्ति र राज्य वा राज्यका निकायसँग होस् करार भएपछि निज पक्षहरूको लागि सोही करारीय सर्त नै कानूनसरह लागु हुने तथा करारीय विवादमा प्रत्यक्ष रूपमै अदालतबाट उपचार खोजिनुपर्ने अवस्था आइपरेमा पनि अदालतको साधारण उपचारको मार्ग नै अवलम्बन गर्नुपर्ने ।**
- **करारीय विषयवस्तु सन्निहित भएको अवस्थामा कुनै प्रशासकीय वा न्यायिक प्रकृतिको निर्णय गरेमा वा गर्ने कार्य अघि बढाएमा त्यस्तो करारीय विषयवस्तुका सम्बन्धमा भन्दा पनि राज्यको निकायले गर्न लागेको वा गरेको निर्णयका सम्बन्धमा अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी उपचार प्रदान गर्न सक्ने ।**
- **विषयगत रूपमा आउने यस्ता करारीय विषयसँग सम्बन्धित विवादलाई अदालतले असाधारण क्षेत्राधिकार (रिट क्षेत्राधिकार) ग्रहण गर्न मिल्ने वा नमिल्ने भनी पहिल्यै समूहीकृत (categorized) गर्नु कानूनी र व्यावहारिक दृष्टिकोणबाट पनि उचित नहुने । खासगरी, राज्यका निकाय वा अधिकारीले अधिकारक्षेत्रात्मक त्रुटि गरी गरेको निर्णय, प्राकृतिक न्यायको सिद्धान्तको पालना, न्यायिक मनको प्रयोग नगरी गरेको निर्णय, सान्दर्भिक नै नरहेको कुरालाई आधारमा लिई गरेको निर्णय, अर्काको निर्देशनमा मात्र आधारित भई गरेको निर्णय, पश्चात्दर्शी असर पर्ने गरी गरेको निर्णय, कानूनविपरीत हुने गरी अधिकारको प्रयोग गरेकोमा, प्रवृत्त भावना राखी बदनियतका साथ अधिकारको प्रयोग, स्वेच्छाचारी ढङ्गबाट अधिकारको प्रयोग गरेका जस्ता विषयमा प्रचलित कानूनमा**

अर्को उपचारको व्यवस्था छैन वा भए पनि त्यस्तो उपचार "पर्याप्त" वा "प्रभावकारी" छैन भने विवादको अन्तरवस्तु (fact and circumstances of the case, the nature of action, the nature of injuries, infringement of right, issues involved, relief sought) समेतलाई विश्लेषण र विवेचना गरी अदालतले "न्यायको सुनिश्चितताको लागि" आफूमा अन्तरनिहित असाधारण क्षेत्राधिकारको प्रयोग गर्न सक्ने नै हुन्छ, तथापि राज्यका कार्य वा अकार्य संलग्न नभएको करारीय प्रकृतिको मुद्दाको तथ्यमा प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने विषयमा भने असाधारण क्षेत्राधिकारको प्रयोग हुन नसक्ने।

(प्रकरण नं.१५)

- **सार्वजनिक निकायलाई विपक्षी बनाइएको भए तापनि विवादित विषयमा त्यस्तो निकायको सार्वजनिक कर्तव्य नै छैन वा त्यसको प्रत्यक्ष संलग्नता छैन वा भए पनि वैकल्पिक उपचार जस्तैः करारबमोजिम गराइपाउँ वा हर्जना भराइपाउँ वा हिसाब गरिपाउँ भन्ने जस्ता देवानी प्रकृतिको मुद्दा वा मध्यस्थता जस्ता उपचारको मार्ग प्रशस्त छ भने सोही मार्गबाट उपचारको खोजी गर्नुपर्ने।**
- **स्वभावैले पनि करारीय प्रकृतिको लिखतबाट सार्वजनिक कर्तव्य (public duty) सिर्जना नहुने हुँदा व्यक्ति-व्यक्ति बिचमा भएको त्यस्तो लिखतबाट सिर्जित व्यक्तिगत कर्तव्य (private duty) को पालना गर्न गराउन भनी परमादेशको आदेश जारी गर्न नमिल्ने । सामान्य अवस्थामा करारको यथावत् परिपालना गर्ने गराउने प्रयोजनका खातिर अदालतले रिट क्षेत्राधिकार ग्रहण गरी उपचार प्रदान गर्दा रिटको आधारभूत सिद्धान्तकै प्रतिकूल हुन जाने।**

(प्रकरण नं.१९)

पुनरावेदकका तर्फबाट : विद्वान् अधिवक्ता श्री तेज रावल

प्रत्यर्थीका तर्फबाट : विद्वान् अधिवक्ता श्री नगेन्द्रबहादुर कार्की

अवलम्बित नजिर :

- ने.का.प.२०२०, अङ्क १, नि.नं.२२०
- ने.का.प.२०४८, अङ्क १२, नि.नं.४४४४
- ने.का.प.२०४९(क), अङ्क १, नि.नं.४४४७
- ने.का.प.२०५२, अङ्क ७, नि.नं.६०३२
- ने.का.प.२०६३, अङ्क ६, नि.नं.७७२४
- ने.का.प.२०६६, अङ्क ४, नि.नं.८१२२
- ने.का.प.२०७०, अङ्क १, नि.नं.८९४२
- ने.का.प.२०७०, अङ्क ३, नि.नं.८९८२
- ने.का.प.२०७०, अङ्क ७, नि.नं.९०३०
- ने.का.प.२०७२, अङ्क २, नि.नं.९३५०
- ने.का.प.२०७५, अङ्क १०, नि.नं.१०१०९
- ने.का.प.२०७५, अङ्क १२, नि.नं.१०१५४
- ने.का.प.२०७५, अङ्क १२, नि.नं.१०१६२
- ने.का.प.२०७६, अङ्क ६, नि.नं.१०२९४
- ने.का.प.२०७७, अङ्क ८, नि.नं.१०५४८

सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी देवानी संहिता, २०७४
- करार ऐन, २०५६
- भू तथा जलाधार संरक्षण ऐन, २०३९
- खानी तथा खनिज पदार्थ ऐन, २०४२,

- जलस्रोत ऐन, २०४९
- वातावरण संरक्षण ऐन, २०७६
- वन ऐन, २०७६

यस अदालतको संयुक्त इजलासमा

सम्माननीय प्रधान न्या.श्री गोपाल पराजुली

माननीय न्यायाधीश श्री बमकुमार श्रेष्ठ

आदेश

न्या.हरिप्रसाद फुयाल : यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।०६।२९ मा भएको आदेशउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) बमोजिम पुनरावलोकनको अनुमति प्राप्त भई यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य र आदेश यसप्रकार रहेको छः-

तथ्य खण्ड

रिट निवेदनको बेहोराः म निवेदक कानूनी अख्तियारीप्राप्त जिल्ला विकास समिति, कैलालीको ठेकेदार भएकोमा मैले कबुल गरेअनुसार कान्द्रा, काँडा, रोरा, कर्णाली नदी तथा खोलामा नदीजन्य पदार्थको बिक्री कर उठाउने ठेक्का लिएकोमा उक्त स्थानहरूबाट प्रत्यर्थीमध्येका रमन के.एस. जेभी, विराज एन्ड ब्रदर्श, आषिश डि.एस. अमर कन्स्ट्रक्सनले रानी जमरा कुलरिया सिँचाइ आयोजना र जल उत्पन्न प्रकोप कर्णाली नदी नियन्त्रण आयोजना साइड, दौलतपुरको काममा प्रयोग गर्न यी ठेकेदार कम्पनीहरूले ८६,२४,१६०।- रूपैयाँ बिक्री कर नतिरी रहेकोमा सो बिक्री कर म ठेकेदारलाई भुक्तानी माग गर्दा आलटाल गरी उक्त परियोजनाले समेत कानूनी रूपमा तिर्न बुझाउन ल्याउनुपर्नेमा उल्टै मेरो नोक्सान हुने काम गरेको र अन्य प्रत्यर्थीहरूसमेतलाई लिखित, मौखिक रूपमा उक्त रूपैयाँ उठाइदिनु या मेरो मिनाहा हुनुपर्‍यो भनी भन्दासमेत कानूनले निर्धारण गरेको र स्थानीय स्वायत्त शासन ऐनले तोकेको दायित्व तथा कर्तव्य पूरा नगरेको हुँदा यी प्रत्यर्थीहरूका नाउँमा उक्त नदीजन्य पदार्थको बिक्री कर तिर्न बुझाउन परमादेशलगायत जो चाहिने आदेश जारी गरिपाऊँ । साथै, उक्त रूपैयाँ मैले भुक्तानी नपाउन्जेलसम्म मैले जिल्ला विकास समिति, कैलालीलाई दिएको बैंक ग्यारेन्टी नखिच्नु भनी अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको मल्ल निर्माण सेवाको तर्फबाट तत्कालीन पुनरावेदन अदालत दिपायलमा परेको रिट निवेदन ।

तत्कालीन पुनरावेदन अदालत दिपायलको प्रारम्भिक आदेशः यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको रिट जारी हुन किन नपर्ने हो ? रिट जारी हुन नपर्ने कुनै कारण भए सोको आधार, कारण खुलाई बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्नु भनी यो आदेश र निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरूको नाउँमा म्याद जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नू । निवेदकले अन्तरिम आदेशसमेत माग गरेको सन्दर्भमा जिल्ला विकास समिति कैलाली तथा निवेदक मल्ल निर्माण सेवाबिच भएको सम्झौता तथा सुविधा र सन्तुलनसमेतको आधारमा रिट निवेदनको टुङ्गो नलागेसम्म निवेदकले असुलउपर गरी लिन पाउने रकम असुल नहुँदासम्म बैंक ग्यारेन्टी जफत नगर्नु नगराउनु भनी जिल्ला विकास समिति कैलालीको नाउँमा पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ३३क बमोजिम अन्तरिम आदेश जारी गरिदिएको छ । अन्तरिम आदेशको जानकारीसमेत विपक्षी जिल्ला विकास समिति कैलालीलाई दिनु भन्नेसमेत तत्कालीन पुनरावेदन अदालत दिपायलको मिति २०७२।०१।२९ को आदेश ।

जिल्ला प्रशासन कार्यालय, कैलालीको लिखित जवाफः स्थानीय स्वायत्त शासन ऐनअनुसार जिल्ला स्थित नदी, खोलाहरूबाट ढुङ्गा, गिट्टी, बालुवाको प्रचलित कानूनको परिधिमा रही ठेक्का पट्टा गर्ने गराउने कार्य स्थानीय निकायको क्षेत्राधिकारभित्र

रहेको र स्थानीय निकायले ठेक्का उठाउन गरेको सम्झौता र दिएको आदेशअनुसार ठेक्का रकम उठाउन पाउने सम्बन्धित ठेकेदार व्यक्तिको भएको र सोहीबमोजिम कार्य हुँदै आइरहेको र ठेक्का पट्टामा कुनै व्यक्ति वा समूहले रकम असुल गर्न अवरोध पुऱ्याएमा ठेक्का लगाउने स्थानीय निकायबाट यस कार्यालयमा पत्राचार गरी अनुरोध गर्नुपर्नेमा सो नभएको र रिट निवेदनमा रकम असुल गरिदिन यस कार्यालयबाट आलटाल गऱ्यो भनी उल्लिखित बेहोरामा जिल्लामा कुन व्यक्तिले कुन निकायबाट ठेक्का लिई, ठेक्का लिएको रकम असुल गर्न नदिएको हो, सम्बन्धित निकायबाट अनुरोध भई आउनुपर्नेमा सोसमेत अनुरोध भई नआएको र विपक्षीले रकम असुल गर्न सहयोग गरेन भनी रिट निवेदनमा उल्लेख गरेको बेहोरा कपोलकल्पित झुट्टा बेहोरा भएकोले उक्त रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, कैलालीको लिखित जवाफ।

जिल्ला प्रहरी कार्यालय कैलालीको लिखित जवाफः निवेदकलाई कानूनबमोजिम आवश्यकपर्ने सहयोग दिन यस कार्यालयको तर्फबाट कुनै कसर बाँकी नराखिने र कानूनबमोजिम जिम्मेवारी पूरा हुने नै छ, निवेदकले समयमा नै खेल्नुपर्ने भूमिका नखेलेको, स्थानीय निकायलाई बुझाउनुपर्ने कर नबुझाएको, असुल नभएको कर असुलउपर गराउन आवश्यकताअनुसार सहयोग लिनुपर्ने निकायसँग सहयोग पनि नलिएको र रचनात्मक सहयोग माग गर्ने कार्य नगरेको, उल्टै आफैँले एक्साभेटर टिपरको चाबी थुत्ने, शान्ति सुरक्षामा असर पार्ने, विवाद उत्पन्न गर्ने कार्य गरी आफूले सहयोग नगरेको भनी यस कार्यालयसमेतलाई विपक्षी बनाई रिट निवेदन पेस गरेको देखिँदा निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला प्रहरी कार्यालय कैलालीको लिखित जवाफ।

रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको आयोजना प्रमुखको लिखित जवाफः नदी नियन्त्रणका लागि प्रयोग भएको नदीजन्य पदार्थ झिकी कृषि क्षेत्र र गाउँ क्षेत्र बचाउन सोही नदीकै Material प्रयोग भएको छ। अर्थात् स्थानीय सामग्री स्थानीय स्थानमै प्रयोग भएको छ। हाम्रो कुन काम कारबाहीबाट विपक्षीको नागरिक अधिकार हनन भयो भन्ने सम्बन्धमा रिट निवेदन मौन छ। निवेदकको विषयका सम्बन्धमा प्रत्यक्ष रूपमा यस आयोजनाको काम कर्तव्यभित्र पर्दैन। रानी जमरा कुलरिया सिँचाइ आयोजना, नेपाल सरकार सिँचाइ मन्त्रालय सिँचाइ विभागको नीति निर्देशनमा सञ्चालित आयोजना भएकोले सिँचाइ मन्त्रालयलाई विपक्षी नबनाई दायर गरेको रिट खारेजभागी छ। नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(ण) मा मुलुकमा विद्यमान जलस्रोतलगायत प्राकृतिक स्रोत साधन राष्ट्र हितमा प्रयोग गर्ने भन्ने व्यवस्था भएको छ भने धारा ३५(४) मा राष्ट्र हितअनुकूल उपयोगी एवं लाभदायक रूपमा देशको प्राकृतिक स्रोत परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिने नीति राज्यले अवलम्बन गरेको छ। सोहीअनुरूप नेपाल सरकार र विश्व बैंकसँगको साझेदारीमा काम थालिएको हो। विश्व बैंकसमक्ष नेपालले सम्झौता गर्दा आफ्ना प्रतिबद्धता जाहेर गरेको छ। सोही प्रतिबद्धताबमोजिम कार्य सम्पादन गर्नुपर्ने बाध्यता छ। समयभित्र कार्य सम्पन्न नगर्ने हो भने विकास कार्यमा अवरोध भई आम जनतामा करको व्ययभार बढ्न जाने निश्चित छ। कर्णाली नदीको छेउछाउभन्दा नदी नियन्त्रणका लागि प्रयोग भएको सोही ठाउँको अर्थात् स्थानीय सामग्री स्थानीय ठाउँमा मात्र प्रयोग भएको माटो बालुवाको कर बुझाउने दायित्व यस आयोजनाको नभएकोले बिना आधार र कारण यस आयोजनालाई समेत विपक्षी बनाई दर्ता गरेको रिट खारेज गरी न्याय पाउँ भन्नेसमेत बेहोराको रानी जमरा

कुलरिया सिँचाइ आयोजना, टिकापुरको आयोजना प्रमुखको लिखित जवाफ ।

<u>**रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको लिखित जवाफः**</u> हाम्रो कुन काम कारबाहीबाट विपक्षीको नागरिक अधिकार हनन भयो भन्ने रिट निवेदन मौन छ । निवेदकको विषयका सम्बन्धमा प्रत्यक्ष रूपमा यस आयोजनाको काम कर्तव्यभित्र पर्दैन । रानी जमरा कुलरिया सिँचाइ आयोजना नेपाल सरकार सिँचाइ मन्त्रालय सिँचाइ विभागको नीति निर्देशनमा सञ्चालित आयोजना भएकोले सिँचाइ मन्त्रालयलाई विपक्षी नबनाई दायर गरेको रिट खारेजभागी छ । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(ण) मा मुलुकमा विद्यमान जलस्रोतलगायत प्राकृतिक स्रोत साधन राष्ट्र हितमा प्रयोग गर्ने भन्ने व्यवस्था भएको छ भने धारा ३५(४) मा राष्ट्र हितअनुकूल उपयोगी एवं लाभदायक रूपमा देशको प्राकृतिक स्रोत परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिने नीति राज्यले अवलम्बन गरेको छ । सोहीअनुरूप नेपाल सरकार र विश्व बैंकसँगको साझेदारीमा काम थालिएको हो । समयभित्र कार्य सम्पन्न नगर्ने हो भने विकास कार्यमा अवरोध भई आम जनतामा करको व्ययभार बढ्न जाने निश्चित छ । कर्णाली नदीको छेउछाउभन्दा नदी नियन्त्रणका लागि प्रयोग भएको सोही ठाउँको अर्थात् स्थानीय सामग्री स्थानीय ठाउँमा मात्र प्रयोग भएको माटो बालुवाको कर बुझाउने दायित्व यस आयोजनाको नभएकोले रिट खारेज गरिपाउँ भन्नेसमेत बेहोराको रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको लिखित जवाफ ।

<u>**विराज एन्ड ब्रदर्श, दौलतपुरको लिखित जवाफः**</u> मेरो के कस्तो किसिमले भएको कार्यबाट विपक्षीको अधिकारमा के कस्तो असर पर्‍यो, विपक्षीले सोबारे आफ्नो निवेदन पत्रमा कहीँकतै उल्लेख गर्न नसकेको हुँदा विपक्षीको रिट निवेदन खारेजभागी छ । विपक्षीको जिकिरअनुरूप नदीजन्य पदार्थ उत्खनन गरी रानी जमरा कुलरिया सिँचाइ आयोजनाको काममा मेरो फर्म तथा मेरो संलग्नता छ भन्ने विपक्षीले कहीँकतै उल्लेख गर्न सक्नुभएको छैन । केवल गोश्वारा आधारमा मसमेतले आयोजनाको काम गरेको भनी काल्पनिक आधारमा नदीजन्य पदार्थको रकम माग गर्ने गरेको निवेदन पत्र खारेजभागी छ । मैले रानी जमरा कुलरिया सिँचाइ आयोजनाअन्तर्गत हालसम्म कुनै पनि निर्माण कार्य गरेको छैन । जुन कुराको पुष्टि रानी जमरा कुलरिया सिँचाइ आयोजनाको पत्रबाट स्पष्ट छ । यसरी आधिकारिक रूपबाट म विराज एन्ड ब्रदर्श, दौलतपुरको नवराज घरेलको संलग्नता नभएको अवस्थामा मउपर रिट निवेदनको मागबमोजिमको कुनै दायित्व नहुँदा रिट निवेदन पत्र खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विराज एन्ड ब्रदर्श, दौलतपुरको लिखित जवाफ ।

<u>**जिल्ला विकास समितिको कार्यालय, कैलालीको लिखित जवाफः**</u> यस कार्यालयसँग भएको मिति २०७१।७।३० को सम्झौता तथा पट्टा फारामबमोजिम निज ठेकेदारलाई कुनै असहयोग नगरेको र उल्टै विपक्षी रिट निवेदकले जिल्ला विकास समितिलाई तिर्न बुझाउनुपर्ने बाँकी किस्तासमेत नतिरेको अवस्था छ । विपक्षी निवेदकको दाबी लिएबमोजिम यस जिल्ला विकास समितिको कार्यालयबाट कर नउठाउने भनी कोही कसैलाई कुनै किसिमको पत्राचार र मौखिक आदेश नभएको नगरेको, विपक्षी निवेदकले यस जिल्ला विकास समिति कार्यालयसमेत उपर दायर गरिआएको परमादेश तथा निषेधाज्ञालगायत जो चाहिने आज्ञा आदेश जारी गरिपाउँ भनी दायर गरेको र विपक्षीले पुर्जीबमोजिमको दरको बिक्री कर लिने भएकोले सोहीबमोजिम बिक्री कर लिने तथा विपक्षीसँग भएको पट्टा फाराम करारनामाबमोजिम तोकिएको स्थानबाट सूचीमा तोकिएको दरमा कर सेवा शुल्क वा आय सङ्कलन गरी बुझाउने भन्ने भएकोबाहेक अन्य कुनै कसैलाई पत्राचार नगरेको अवस्था छ । यसरी जिल्ला

विकास समिति र विपक्षी निवेदकबिच पट्टा फाराम भई कबुलियत फारामबमोजिम यस जिल्ला विकास समिति कैलालीबाट मिति २०७१।१२।१३ च.नं. २७८७ को पत्रमा आवश्यक सहयोग गरिदिने सम्बन्धमा विभिन्न निकाय सम्बन्धित मन्त्रालयहरू, विभागहरू, जिल्ला प्रशासन कार्यालय, जि.प्र.का., इलाका प्रहरी कार्यालय टीकापुर, रमन के.एस.जे.भी. धनगढी २ समेतलाई "जिल्लाभित्र सङ्कलन हुने राजस्वबाट पनि विकास निर्माण कार्य गर्दछ जिल्ला विकास समितिले आफ्नो कर हुलाकी सडकलाई जसरी छुट दिने भनी नेपाल सरकारबाट निर्णय भई आएको छ, सो अवस्थाबाहेक सबैसँग लिनुपर्ने प्रावधान रहेको छ । के कसरी कस्तो अवस्थाको सामग्री उत्खननमा लिने भनी जिल्ला विकास समितिको ठेकेदार श्री मल्ल निर्माण सेवा धनगढीलाई दिइएको पट्टा पुर्जीमा स्पष्ट लेखिएको हुँदा तहाँ रानी जमरा कुलरिया सिँचाइ आयोजनाको कार्यालयले आफ्नो ठेकेदारलाई उक्साएर जिल्ला विकास समिति पठाउँदा निजले गाली गलौज र हातपातसमेत गर्ने कार्य गरेको हुँदा सो कार्य नगराई स्वायत्त शासन ऐन, २०५५ को दफा २४५ बमोजिम सहयोग गरिदिनुहुन र स्वायत्त शासन ऐन तथा नियमावली मध्यनजर गरी जिल्ला विकास समितिको रोयल्टीको व्यवस्था गर्नुहुन भनी लेखिएको पत्र, मिति २०७१।१२।१८ को च.नं.२८३९ मिति २०७१।०८।०३ च.नं.१२३० आवश्यक सहयोगार्थ स्थानीय तथा अन्य निकायहरूसँग पत्राचारसमेत गरी दिइरहेको अवस्था जगजाहेरै छ । साथै, विपक्षीका नाउँमा पटकपटक ठेक्काको रकम बुझाउनु होला भनी मिति २०७१।१२।०९ च.नं.२७४१, मिति २०७१।१०।११ च.नं.१९२९ द्वारा पत्राचारसमेत गरी आएको अवस्थामा विपक्षीले ठेक्कापट्टाबमोजिमको बुझाउनुपर्ने किस्ता रकम नबुझाई बसी आएको अवस्था, विपक्षीले ठेक्काबमोजिमको तोकिएका कर्णालीलगायतका ठे.नं. १ ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल बिक्री करको दोस्रो तथा तेस्रो किस्तासमेत नतिरे नबुझाएको दूषित मनसाय, बदनियत लिई जिल्ला विकास समितिको कार्यालय, कैलालीको पट्टा फाराम कबुलियतनामाबमोजिमको बिक्री कर बुझाउनु नपरोस् भनी हाल आएर जिल्ला विकास समितिको कार्यालयले नभएको नगरेको आरोप लगाई सो झुट्टा रिट निवेदन दिएका हुन् । विपक्षीको झुट्टा परमादेश निषेधाज्ञालगायतको रिट निवेदन खारेज गरी विपक्षी र जिल्ला विकास समितिबिच भएको मिति २०७१ साल कार्तिक ३० गते भएको पट्टा फाराम र कबुलियतनामाबमोजिमको बिक्री कर निज विपक्षी रिट निवेदकबाट असुलउपर गराई त्यस किस्ताबापतको बुझाउनुपर्ने हालसम्म किस्ता समयभित्र नआएकोले उक्त रिट निवेदन खारेज गरी निजले राखेको बैंक ग्यारेन्टीबाट असुलउपर गराइपाऊँ । यसैले निवेदकको रिट निवेदन जारी हुनुपर्ने अवस्था रहेको छैन । विपक्षीले यस कार्यालयबाट कानूनबमोजिम प्राप्त गर्नुपर्ने सहयोग सम्पूर्ण पाइसकेको र आफ्नै अकर्मण्यतालाई ढाकछोप गर्न जिल्ला विकास समिति कैलालीसमेत विपक्षी बनाई जिल्ला विकास समितिलाई तिर्नु बुझाउनुपर्ने रकम हडप गर्न पाइन्छ कि भन्ने बदनियत राखी सम्मानित अदालत आएको कुरा प्रस्ट छ भन्नेसमेत बेहोराको जिल्ला विकास समितिको कार्यालय, कैलालीको लिखित जवाफ ।

<u>**इलाका प्रहरी कार्यालय, टीकापुर, कैलालीको लिखित जवाफः**</u> सर्तबमोजिम स्थानीय विकासमा प्रयोग हुने करबापतको रकम बुझाउन नसक्नुमा यस कार्यालयसमेतले सहयोग नगरेको भन्ने सम्बन्धमा स्थानीय निकायले ठेकेको वा लगाएको कर कोही कसैले नबुझाएमा जिल्ला प्रशासन कार्यालय, कैलालीले असुलउपर गरिदिनुपर्ने स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २६० मा उल्लेख भई आएको अवस्थामा जिल्ला प्रशासन कार्यालय कैलालीबाट कुनै आदेश निर्देशन भई करबापतको

रकम असुलउपर गराउन सहयोग गरिदिन भनी लेखी आएको अवस्थामा सोको कार्यान्वयन हुने नै थियो र निवेदकले प्रहरी प्रशासनसमेतसँग पत्राचार गरेको भनी निवेदनमा उल्लेख गरेको देखिँदा यस कार्यालयसँग के कुन सहयोग माग गरेको प्रस्ट उल्लेख छैन, यस कार्यालयसँग सहयोग मागी सहयोग नगरेको अवस्था पनि होइन । कर्णाली नदीमा भइरहेको नदी तटबन्धको कार्य गरी रहेको के.एस.जे.भी. धनगढीले आफ्नो कार्यमा प्रयोग गरी रहेको नदीजन्य पदार्थमा जिल्ला विकास समिति कैलालीलाई तिर्नुपर्ने बिक्री कर जिल्ला विकास समिति कैलालीका ठेकेदार मल्ल निर्माण सेवालाई नतिरेको हुँदा कर तिर्ने वातावरण मिलाइदिन भनी जिल्ला विकास समिति कैलालीको च.नं.२८३९ मिति २०७१।१२।१८ को बोधार्थ पत्र प्राप्त हुँदा सम्बन्धित पक्षसँग समन्वय राखी कर तिर्ने वातावरण तथा आवश्यक शान्ति सुरक्षा मिलाउन भनी यस कार्यालय मातहत प्रहरी चौकी सत्ती, शुक्लीपुरलाई निर्देशन गरिएको हो। विपक्षी निवेदकलाई कानूनबमोजिम आवश्यक पर्ने सहयोग दिन यस कार्यालयको तर्फबाट कुनै कसर बाँकी नराखिने र कानूनबमोजिमको जिम्मेवारी पूरा हुने नै छ। निवेदकले समयमा नै खेल्नुपर्ने भूमिका नखेलेको, स्थानीय निकायलाई बुझाउनुपर्ने कर नबुझाएको, असुल नभएको कर असुलउपर गराउन आवश्यकताअनुसार सहयोग लिनुपर्ने निकायसँग सहयोग पनि नलिएको र रचनात्मक सहयोगका लागि माग गर्ने कार्य नगरेको, उल्टै आफैँले एक्साभेटर टिपरको चाबी थुत्ने, शान्ति सुरक्षामा असर पार्ने, विवाद उत्पन्न गर्ने कार्य गरी आफूले गरेको सर्त सम्झौताविपरीत भएको हालको अवस्थामा बैंक ग्यारेन्टी जफत हुने अवस्था आएपछि प्रहरीले सहयोग नगरेको भनी यस इलाका प्रहरी कार्यालय टीकापुर कैलालीसमेतलाई विपक्षी बनाई रिट निवेदन पेस गरेको देखिँदा निवेदकको रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको इलाका प्रहरी कार्यालय, टीकापुर, कैलालीको लिखित जवाफ।

<u>**रमन, के.एस. जे.भी. को लिखित जवाफः**</u> विपक्षीले जिल्ला विकास समिति कैलालीसँग गरिएको सम्झौता कर्णाली नदीअन्तर्गत चुरे संरक्षित क्षेत्रबाहेक (दौलतपुर, जगतपुर, सत्ती, बटनपुर) क्षेत्रका निम्ति हो, बन्जरियाका निम्ति होइन, जबकि म लिखित जवाफ प्रस्तुतकर्ताको कार्य क्षेत्र बन्जरिया हो, त्यसमा पनि नेपाल सरकारको नदीजन्य पदार्थ उठाउन निषेध गरेको क्षेत्र अर्थात् पुलदेखि ५०० मि. तल र माथिको एरिया हो, जहाँ विपक्षीलाई बिक्री कर उठाउन पाउने अधिकार होइन छैन । विपक्षीले भनेबमोजिम मैले नदीजन्य तोकिएको घाट गद्दीबाट अन्यत्र लगेको अवस्था कदापि होइन। तटबन्ध एरियामा रहेको माटो, ग्राबेललाई सोही ठाउँमा तटबन्ध गर्न लागेको अवस्था हो, निर्यात वा अन्यत्र लगेको अवस्था होइन। अन्यत्रबाट उठाई ल्याएको ढुङ्गामा रोयल्टी (बिक्री कर) तिरेकै अवस्था हो। तटबन्ध गरेको र माटो सारेको अधिकांश जमिन जिल्ला विकास समितिको नभई स्थानीय जनताको नाममा दर्ता कायम रहेको जमिन हो, जसको रोयल्टी उठाउने अधिकार न विपक्षीलाई छ, न जिल्ला विकास समितिलाई। तसर्थ सर्वसाधारणको जमिनको माटो तानी सोही ठाउँमा तटबन्ध बनाउँदा विपक्षीलाई बिक्री कर बुझाउनुपर्दछ भन्ने आधार सरासर गलत हो । हामीसँग सम्झौता गर्दा रानी जमराअन्तर्गतको ठेक्काको इस्टिमेटमा समेत रोयल्टीको समावेश गरिएको छैन। तसर्थ, सम्झौतामा उल्लेख नभएको कर हामीले तिर्नु बुझाउनुपर्ने होइन। यदि हामी विपक्षीलाई रोयल्टी रकम तिर्नु बुझाउनुपर्ने भए विपक्षीले मिति २०७१।७।३० गते जिल्ला विकास समिति कैलालीसँग गरेको सम्झौताको कबुलियतनामाको बुँदा नं. ७ बमोजिम नदीजन्य पदार्थको बिक्री परिणामको जानकारी लिखित रूपमा १५ र १५ दिनमा जिल्ला विकास समितिमा बुझाउने सर्त छ, यदि नदीजन्य पदार्थ हामीले निर्यात गरेको भए सोको जानकारी

विपक्षीले जिल्ला विकास समितिलाई दिनुपर्ने सो केही देखिँदैन भने अर्कोतर्फ यसअघिका ठेकेदारबाट पनि सो सम्बन्धमा कुनै दाबी गरेको देखिँदैन । विश्व बैंकसमक्ष नेपालले सम्झौता गर्दा आफ्ना प्रतिबद्धता जाहेर गरेको छ, सोही प्रतिबद्धताबमोजिम काम गर्नुपर्ने बाध्यता छ । समयमा काम नगर्ने हो भने विकास कार्यमा अवरोध भई आम जनतामा ऋण बढ्न जाने निश्चिततालाई मध्यनजर राखी आयोजनाको ठेक्का समयमै समाप्त गर्नुपर्ने हाम्रो दायित्व हो । अतः नदी नियन्त्रणको लागि प्रयोग भएको सोही ठाउँको सामग्री (अन्य स्थानमा निर्यात नगरिएको) सोही ठाउँमा प्रयोग गर्दा प्रयोग भएको माटो ग्राभेलको कर तथा इस्टिमेटमा नै नभएको बिक्री कर हामीले विपक्षीलाई बुझाउनुपर्ने होइन भन्नेसमेत बेहोराको रमन, के.एस. जे.भी. को लिखित जवाफ ।

<u>रानी जमरा कुलरिया उपभोक्ता मूल समिति, टीकापुर लिखित जवाफः</u> नदी नियन्त्रणका लागि प्रयोग भएको नदीजन्य पदार्थ झिकी कृषि क्षेत्र र गाउँ क्षेत्र बचाउन सोही नदीकै नदीजन्य पदार्थ प्रयोग भएको छ । स्थानीय नदीजन्य सामग्री स्थानीय स्थानमै प्रयोग भएको छ । तटबन्धका लागि लागत अनुमान तयार गर्दा रोयल्टी समावेश गरिएको र कुन कुन ठाउँमा नदीजन्य पदार्थबापत निकासी कर लाग्ने हो, सोको जानकारी नभएको कारण लागत अनुमान तयार गर्दा रोयल्टी समावेश नभएकोले सोको दायित्व हामीले बेहोर्नुपर्ने होइन । हाम्रो कुन काम कारबाहीबाट विपक्षीको नागरिक अधिकार हनन भयो, रिट निवेदन मौन छ । निवेदकको विषयको सम्बन्धमा प्रत्यक्ष रूपमा यस मूल समितिको काम कर्तव्यभित्र पर्दैन । नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३३(ण) मा मुलुकमा विद्यमान जलस्रोतलगायत प्राकृतिक स्रोत साधन राष्ट्रहितमा प्रयोग गर्ने भन्ने व्यवस्था भएको छ भने धारा ३५(४) मा राष्ट्रहितअनुकूल उपयोगी एवम् लाभदायक रूपमा देशको प्राकृतिक स्रोत परिचालन गर्दा स्थानीय समुदायलाई प्राथमिकता दिने नीति राज्यले अवलम्बन गरेको छ । सोहीअनुरूप नेपाल सरकार र विश्व बैंकसँगको साझेदारीमा काम थालिएको हो । विश्व बैंकसमक्ष नेपालले सम्झौता गर्दा आफ्नो प्रतिबद्धता जाहेर गरेको छ । सोही प्रतिबद्धताबमोजिम कार्य सम्पादन गर्नुपर्ने बाध्यता छ । समयभित्र कार्य सम्पन्न नगर्ने हो भने विकास कार्यमा अवरोध भई उपभोक्तामा करको व्ययभार बढ्न जाने निश्चित छ । रानी जमरा कुलरिया सिँचाइ आयोजनासँग सम्झौता गर्दा रमन के.एस. जोइन्ट भेन्चरका ठेकेदारसँग स्थानीय ढुङ्गा बालुवा कर तिर्नुपर्ने दायित्व सम्झौता पत्रमा उल्लेख नभएकोले रोयल्टीसम्बन्धी दायित्व रानी जमरा कुलरिया उपभोक्ता मूल समितिले बेहोर्नुपर्ने होइन । कर्णाली नदीको छेउछाउभन्दा नदी नियन्त्रणका लागि प्रयोग भएको सोही ठाउँको नदीजन्य सामग्री स्थानीय ठाउँमा प्रयोग भएको माटो बालुवाको कर बुझाउने दायित्व यस रानी जमरा कुलरिया उपभोक्ता मूल समितिको नभएकोले बिनाआधार र कारण यस समितिलाई समेत विपक्षी बनाई दर्ता गरेको रिट खारेज गरी न्याय निरूपण गरिपाउँ भन्नेसमेत बेहोराको रानी जमरा कुलरिया उपभोक्ता मूल समिति, टीकापुर लिखित जवाफ ।

<u>जल उत्पन्न प्रकोप कर्णाली नदी नियन्त्रण आयोजना, राजापुरको आयोजना प्रमुखको लिखित जवाफः</u> यो आयोजना नेपाल सरकारको सिँचाइ मन्त्रालय जल उत्पन्न प्रकोप नियन्त्रण विभागअन्तर्गत रहेर कार्य गरिरहेको छ । आयोजना सञ्चालन गर्न नेपाल सरकारको आयोजना प्रमुखसमेतका अन्य कर्मचारीहरू कार्यरत रहेका छन् । यस आयोजनाको मुख्य कार्यालय राजापुर बर्दियामा स्थापना भएको हुँदा रिट निवेदकले हामीलाई विपक्षी कायम गरी दायर गरेको रिट निवेदक प्रारम्भिक रूपमै क्षेत्राधिकारको अभावमा खारेजभागी छ । कर्णाली नदीको पानीको प्रवाहको उच्च जोखिमबाट बचाउने उद्देश्यले नदी किनारामा

तटबन्ध निर्माण गर्नको लागि नेपाल सरकारको ११ अर्ब ४३ करोड लगानी गरी ५ वर्षभित्र नदी किनारमा ४३ कि.मि. तटबन्ध बनाउने आयोजनाको लक्ष्य रहेको छ। कर्णाली नदी किनाराको बाँध निर्माण कार्यले ठुलो मात्रामा धन जन एवं खेतीयोग्य जमिनको संरक्षण भएको अनुभूति आम नागरिकले गरि रहेको अवस्था छ। आयोजनाको कार्य बिनाआधार र कारणबाट अवरोध सिर्जना गर्दै जाने हो भने समयमा आयोजना सम्पन्न नहुने आम चिन्ता र पीडाको विषय बन्ने निश्चित छ। विपक्षीको रिट दाबीबमोजिम कर्णाली नदीको दौलतपुर घाटमा कुनै पनि तटबन्ध निर्माण गर्ने कार्य गरेको छैन। जुन ठाउँमा तटबन्ध निर्माण गर्ने कार्य भइरहेको छ सोही ठाउँको नदीजन्य पदार्थ तलबाट माथि उठाई निर्माण गरेको अवस्था हो। नदीजन्य पदार्थ एक ठाउँबाट अर्को ठाउँमा नलगेको विपक्षीलाई कर बुझाउनुपर्ने हाम्रो दायित्व होइन, ठेकेदारसँगको हाम्रो आयोजनाको सम्झौता पत्रमा ढुङ्गाको मात्र कर तिर्ने गरी सम्झौता भए पनि ढुङ्गाको कर बुझाउने दायित्व यस आयोजनाको होइन भन्ने प्रस्ट छ। साथै सिँचाइ मन्त्रालयलाई विपक्षी बनाएको छैन भने ठेकेदार सँगको सम्झौताको कुन दफाले कर तिर्नुपर्ने दायित्व हाम्रो हो भन्ने बेहोरा रिट निवेदनमा उल्लेख छैन। अतः उपर्युक्त आधार प्रमाणबाट रिट निवेदकको अनाहकमा हामीलाई दुःख हैरानी दिने नियतले क्षेत्राधिकारविहीन दायर गरेको रिट खारेज गरी न्याय पाउँ भन्नेसमेत बेहोराको जल उत्पन्न प्रकोप कर्णाली नदी नियन्त्रण आयोजना, राजापुरको आयोजना प्रमुखको लिखित जवाफ।

<u>जल उत्पन्न प्रकोप कर्णाली नदी नियन्त्रण आयोजना, राजापुरको लिखित जवाफः</u> यो आयोजना नेपाल सरकारको सिँचाइ मन्त्रालय जल उत्पन्न प्रकोप नियन्त्रण विभागअन्तर्गत रहेर कार्य गरिरहेको छ। आयोजना सञ्चालन गर्न नेपाल सरकारको आयोजना प्रमुखसमेतका अन्य कर्मचारीहरू कार्यरत रहेका छन्। यस आयोजनाको मुख्य कार्यालय राजापुर बर्दियामा स्थापना भएको हुँदा रिट निवेदकले हामीलाई विपक्षी कायम गरी दायर गरेको रिट निवेदक प्रारम्भिक रूपमै क्षेत्राधिकारको अभावमा खारेजभागी छ। कर्णाली नदीको पानीको प्रवाहको उच्च जोखिमबाट बचाउने उद्देश्यले नदी किनारामा तटबन्ध निर्माण गर्नको लागि नेपाल सरकारको ११ अर्ब ४३ करोड लगानी गरी ५ वर्षभित्र नदी किनारामा ४३ कि.मि. तटबन्ध बनाउने आयोजनाको लक्ष्य रहेको छ। कर्णाली नदी किनाराको बाँध निर्माण कार्यले ठुलो मात्रामा धनजन एवं खेतीयोग्य जमिनको संरक्षण भएको अनुभूति आम नागरिकले गरिरहेको अवस्था छ। आयोजनाको कार्य बिनाआधार र कारणबाट अवरोध सिर्जना गर्दै जाने हो भने समयमा आयोजना सम्पन्न नहुने आम चिन्ता र पीडाको विषय बन्ने निश्चित छ। विपक्षीको रिट दाबीबमोजिम कर्णाली नदीको दौलतपुर घाटमा कुनै पनि तटबन्ध निर्माण गर्ने कार्य गरेको छैन। जुन ठाउँमा तटबन्ध निर्माण गर्ने कार्य भइरहेको छ सोही ठाउँको नदीजन्य पदार्थ तलबाट माथि उठाई निर्माण गरेको अवस्था हो। नदीजन्य पदार्थ एक ठाउँबाट अर्को ठाउँमा नलगेको विपक्षीलाई कर बुझाउनुपर्ने हाम्रो दायित्व होइन, ठेकेदारसँगको हाम्रो आयोजनाको सम्झौता पत्रमा ढुङ्गाको मात्र कर तिर्ने गरी सम्झौता भए पनि ढुङ्गाको कर बुझाउने दायित्व यस आयोजनाको होइन भन्ने प्रस्ट छ। साथै सिँचाइ मन्त्रालयलाई विपक्षी बनाएको छैन भने ठेकेदारसँगको सम्झौताको कुन दफाले कर तिर्नुपर्ने दायित्व हाम्रो हो भन्ने बेहोरामा रिट निवेदनमा उल्लेख छैन। अतः उपर्युक्त आधार प्रमाणबाट रिट निवेदनको अनाहकमा हामीलाई दुःख हैरानी दिने नियतले क्षेत्राधिकारविहीन दायर गरेको रिट खारेज गरी न्याय पाउँ भन्नेसमेत बेहोराको जल उत्पन्न प्रकोप कर्णाली नदी नियन्त्रण आयोजना, राजापुरको लिखित जवाफ।

<u>तत्कालीन पुनरावेदन अदालत दिपायलको आदेशः</u> रिट निवेदक र विपक्षी जिल्ला

विकास समितिबिच भएको कबुलियतनामाबमोजिम रिट निवेदक मल्ल निर्माण सेवाले बिक्री कर उठाउन पाउने भन्ने देखिँदा जिल्ला विकास समिति र रिट निवेदकबिच भएको कबुलियतनामाअनुसार निवेदकले उठाउन पाउने बिक्री कर रकम उठाउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी विपक्षी जिल्ला विकास समिति र रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरका नाउँमा न्याय प्रशासन ऐन, २०४८ को दफा ८(२) बमोजिम परमादेशको आदेश जारी हुने ठहर्छ। रिट निवेदकले असुलउपर गरी लिन पाउने रकम असुल नहुँदासम्म जिल्ला विकास समिति कैलालीका नाउँमा बैंक ग्यारेन्टी जफत गर्ने, गराउने कार्य नगर्नु नगराउनु भनी विपक्षी जिल्ला विकास समितिका नाउँमा निषेधाज्ञाको आदेशसमेत जारी हुने ठहर्छ । अन्य विपक्षीहरूका हकमा निजहरूको कार्य प्रकृति तथा दायित्वसमेतका आधारमा रिट निवेदन मागबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन। निज अन्य विपक्षीहरूका हकमा रिट निवेदन खारेज हुने ठहर्छ भन्नेसमेत तत्कालीन पुनरावेदन अदालत दिपायलबाट मिति २०७२।०५।२९ मा भएको आदेश।

<u>यस अदालतमा परेको रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको पुनरावेदनः</u> नदी नियन्त्रणका लागि प्रयोग भएका नदीजन्य पदार्थ झिकी कृषि क्षेत्र र गाउँ क्षेत्र बचाउन सोही नदीकै चिज वस्तुहरू प्रयोग भएको छ । अर्थात् स्थानीय सामग्री झिकी स्थानमै प्रयोग भएको छ। निवेदकको विषयका सम्बन्धमा प्रत्यक्ष रूपमा यस आयोजनाको काम कर्तव्यभित्र पर्दैन। विपक्षीले सिँचाइ आयोजना, नदीको बहाव र प्राकृतिक स्रोत साधनको समेत एकलौटी र अनधिकृत दोहन गर्न पाउने होइन। त्यसैगरी विपक्षीले जिल्ला विकास समिति कैलालीबाट ठेक्का प्राप्त गरी ठेकेदार भएको भन्ने कुरा रिट निवेदनमा नै उल्लेख गर्नुभएको छ। ठेक्का पट्टाबाट प्राप्त हक कानूनी नभई करारीय हक हो। यस्तो करारीय हकको प्रचलन रिट क्षेत्रबाट नहुने आम प्रचलन छ । निवेदकले ठेक्का पट्टाबमोजिम नभए वा ठेक्का पट्टाको सर्त पालना गराउन करार ऐन, २०५६ बमोजिम जिल्ला अदालतमा मुद्दा दिन पाउनेमा रिट क्षेत्रमा प्रवेश गरेको त्रुटिपूर्ण छ। त्यसैगरी विपक्षी मल्ल निर्माण सेवाले जिल्ला विकास समिति कैलालीसँग सम्पन्न गरेको भनिएको ठेक्का सम्झौता सार्वजनिक खरिदअन्तर्गतको भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८ समेतको कानूनी व्यवस्थाले यस्ता सम्झौताहरूमा विवाद आएमा आपसी सहमतिबाट र सो हुन नसकेमा मध्यस्थबाट विवाद समाधान हुने वैकल्पिक मार्ग अवलम्बन गरेकोमा सोविपरीत ऐनले प्रदान गरेको वैकल्पिक मार्ग नसमाती करारीय हकको विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गरेको त्रुटिपूर्ण छ भन्नेसमेत बेहोराको यस अदालतमा परेको रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको पुनरावेदन।

<u>यस अदालतमा परेको जिल्ला विकास समिति कैलालीको पुनरावेदनः</u> जिल्ला विकास समिति, कैलाली र रिट निवेदकहरू मल्ल निर्माण सेवाबिचको सम्झौताबमोजिम निर्देशित हुने हो । निवेदकले ठेक्का सम्झौता गरी जिल्ला विकास समितिबाट कर उठाउने अख्तियारी प्राप्त गरिसकेपछि सोबमोजिम कर उठाउने दायित्व र जिम्मेवारी निजकै हुने र कर उठाउन सकेको खण्डमा मात्रै जिल्ला विकास समितिलाई बुझाउनुपर्ने रकम बुझाउने अन्यथा बुझाउनु नपर्ने भन्ने सर्त ठेक्का सम्झौतामा रहे भएको पाइँदैन। निवेदकले ठेक्का सम्झौताबमोजिम निर्धारित ठाउँमा गिट्टी, बालुवाको कर नै नउठाएको भन्ने होइन । जहाँसम्म रानी जमरा सिँचाइ आयोजनासँग कर उठाउने सम्बन्धमा यस कार्यालयले विभिन्न मितिमा उक्त आयोजनालगायत सम्बन्धित मन्त्रालय, विभाग र जिल्ला स्थित विभिन्न निकायहरूलाई कर उठाउन सहयोग गरिदिनु भनी पत्राचार गरी निजलाई यस कार्यालयबाट पूर्ण सहयोग गरिएको हो । यस

कार्यालयको पूर्ण सहयोग हुँदाहुँदै पनि निजले कर उठाउन नसकेको हो भने सोको दायित्व निजले नै लिनुपर्ने हुन्छ। निजले ठेक्का सम्झौताबमोजिम जिल्ला विकास समितिलाई बुझाउनुपर्ने किस्ता नबुझाएको हुँदा ठेक्का सम्झौताबमोजिम निजको बैंक ग्यारेन्टी जफत गर्ने यस कार्यालयको निर्णयमा कुनै पनि कानूनी त्रुटि नभए नगरेको अवस्थामा बैंक ग्यारेन्टी जफत नगर्नु भनी भएको परमादेशको आदेशमा प्रत्यक्षतः कानूनी त्रुटि हुँदा उक्त आदेश बदरभागी छ। जिल्ला विकास समितिको कार्यालय कैलालीले मल्ल निर्माण सेवाबाहेक अन्य कसैलाई कर्णाली क्षेत्रमा ढुङ्गा, गिट्टी, बालुवा उठाउन तथा बिक्री गर्न अनुमति दिएको छैन। जिल्ला विकास समिति र मल्ल निर्माण सेवाबिच मिति २०७१।७।३१ गतेको पट्टा तथा कबुलियतनामाको कागज भएपश्चात् मल्ल निर्माण सेवालाई उक्त क्षेत्रमा नदीजन्य पदार्थको कर उठाउनबाट रोक लगाउने यस जिल्ला विकास समिति कैलालीबाट कुनै कारबाही भए गरेको अवस्था छैन। रिट निवेदक मल्ल निर्माण सेवाले जिल्ला विकास समितिको के कस्तो काम कारबाहीबाट आफूलाई मर्का परेको हो भन्ने सम्बन्धमा उल्लेखसमेत गर्न नसकेको अवस्थामा केबल जिल्ला विकास समितिलाई बुझाउनुपर्ने ठेक्काबमोजिमको कर नतिर्ने नियतले यस कार्यालयलाई विपक्षी बनाई दायर गरिएको रिट निवेदन बदरभागी छ भन्नेसमेत बेहोराको यस अदालतमा परेको जिल्ला विकास समिति, कैलालीको पुनरावेदन।

<u>यस अदालतको संयुक्त इजलासबाट भएको आदेश:</u> रिट निवेदकले रोयल्टी उठाउन पाउने अधिकार भएकोमा विवाद नदेखिएको, सो अधिकारको अतिक्रमण भएको भनी रिट निवेदक अदालत प्रवेश गरेकोमा निवेदकले उठाउन पाउने रोयल्टी उठाउने सम्बन्धमा सहजता, सहयोग र अन्य सरकारी निकायको सहयोग समन्वय गरी कर रोयल्टी उठाउने वातावरण मिलाई दिनुपर्नेमा विपक्षी जिल्ला विकास समिति कैलालीले त्यस्तो कुनै सहयोग गरी सम्झौताको अर्को पक्षलाई सहयोग गरेको पाइएन। रानी जमरा कुलरिया सिँचाइ आयोजनाले लाग्ने कर शुल्क रोयल्टी जस्ता सङ्कलन आय तिर्नु बुझाउनुपर्ने देखिएकोमा रानी जमरा कुलरिया सिँचाइ आयोजनाले लाग्ने रोयल्टी जिल्ला विकास समितिको करारबमोजिमको आधिकारिक ठेकेदारलाई तिरे बुझाएको भन्ने नदेखिएकोले विपक्षी जिल्ला विकास समिति कैलाली र विपक्षी रानी जमरा कुलेरिया सिँचाइ आयोजनाले आफ्नो दायित्व पूरा गरेको भन्ने नदेखिएकोले निज विपक्षीहरूका नाउँमा निवेदन जिकिरबमोजिम आदेश जारी हुने अवस्था नै देखियो। तसर्थ, जिल्ला विकास समिति र रिट निवेदकबिच भएको कबुलियतनामाअनुसार निवेदकले उठाउन पाउने बिक्री कर रकम उठाउने सम्बन्धमा आवश्यक व्यवस्था मिलाउनु भनी विपक्षी जिल्ला विकास समिति र रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको नाउँमा परमादेशको आदेश जारी हुने र निवेदकले असुलउपर गरी लिन पाउने रकम असुल नहुँदासम्म जिल्ला विकास समिति, कैलालीको नाउँमा बैंक ग्यारेन्टी जफत गर्ने, गराउने कार्य नगर्नु नगराउनु भनी विपक्षी जिल्ला विकास समितिका नाउँमा निषेधाज्ञाको आदेशसमेत जारी हुने ठहराएको पुनरावेदन अदालत दिपायलको मिति २०७२।०५।२९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। विपक्षीहरूको पुनरावेदन जिकिर पुग्न सक्तैन भन्नेसमेत यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।०६।२९ मा भएको आदेश।

<u>यस अदालतमा परेको रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको तर्फबाट अख्तियारप्राप्त अधिवक्ता तेज रावलको पुनरावलकोनको निवेदन:</u> नेपालको संविधानबमोजिम विपक्षीले सिँचाइ आयोजना, नदीको बहाव र प्राकृतिक स्रोत साधनको समेत एकलौटी र अनधिकृत दोहन गर्न पाउने होइन। विपक्षीले जिल्ला विकास समिति,

कैलालीबाट ठेक्का प्राप्त गरी ठेकेदार भएको भन्ने कुरा रिट निवेदनमा नै उल्लेख गर्नुभएको छ । ठेक्का पट्टाबाट प्राप्त हक कानूनी नभई करारीय हक हो । यस्तो करारीय हकको प्रचलन रिट क्षेत्रबाट नहुने आम प्रचलन छ । निवदकले ठेक्का पट्टाबमोजिम भए नभएको वा ठेक्का पट्टाको सर्त पालना गराउन करार ऐन, २०५६ बमोजिम जिल्ला अदालतमा मुद्दा दिन पाउने नै हुँदा रिट क्षेत्रमा प्रवेश गरेको त्रुटिपूर्ण रहेको छ । विपक्षी मल्ल निर्माण सेवाले जिल्ला विकास समिति, कैलालीसँग सम्पन्न गरेको भनिएको ठेक्का सम्झौता सार्वजनिक खरिदअन्तर्गतको भई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५८ समेतको कानूनी व्यवस्थाले यस्ता सम्झौताहरूमा विवाद आएमा आपसी सहमतिबाट र सो हुन नसकेमा मध्यस्थबाट विवाद समाधान हुने वैकल्पिक मार्ग ADR अवलम्बन गरेकोमा सो विपरीत ऐनले प्रदान गरेको वैकल्पिक मार्ग नसमाती करारीय हकको विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गरेको पुनरावेदन अदालत दिपायलको आदेश सर्वोच्च अदालतबाट प्रतिपादित ने.का.प. २०२०, नि.नं. २२० मा प्रतिपादित नजिर सिद्धान्तविपरीत छ । तसर्थ, पुनरावेदन अदालत दिपायलको मिति २०७२।०५।२९ को आदेश सदर ठहराएको सर्वोच्च अदालतको संयुक्त इजलासको मिति २०७४।०६।२९ को आदेशमा गम्भीर त्रुटि भएकोले न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा (२) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरी रिट निवेदन खारेज हुने ठहर गरिपाउँ भन्नेसमेत बेहोराको यस अदालतमा परेको रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको तर्फबाट अख्तियारप्राप्त अधिवक्ता तेज रावलको पुनरावलोकनको निवेदन ।

<u>**यस अदालतको पुनरावलोकनको अनुमति प्रदान गर्ने आदेश:**</u> यसमा तत्कालीन जिल्ला विकास समितिको कार्यालय, कैलालीबाट चन्द्रशेखर मल्ल (मल्ल निर्माण सेवा) लाई प्रदान गरेको पट्टा तथा चन्द्रशेखर मल्लको नामको कबुलियत फारामका आधारमा विवादको सिर्जना भएको देखियो । करारका पक्षहरूले आफ्नो आवश्यकताअनुकूल कानूनद्वारा निषेध नगरिएको सर्त बन्देजहरू राखी पारस्परिक हक दायित्वको सिर्जना गर्ने भएकोले करारद्वारा सिर्जित हक दायित्वलाई संवैधानिक एवं कानूनी हक दायित्वको स्तरमा राख्न नमिल्ने, संवैधानिक एवं कानूनी हक अधिकारको प्रचलनको लागि अदालतको असाधारण क्षेत्राधिकारको प्रयोग करारका पक्षद्वारा सिर्जित हक अधिकारको प्रचलनको लागि हुन नसक्ने भन्ने प्रकृतिको ने.का.प. २०४८, अङ्क १२, निर्णय नं. ४४४४ एवं ने.का.प. २०७५, भाग ६०, अङ्क १२, निर्णय नं. १०१६२ मा प्रतिपादित सिद्धान्तसमेतको आधारबाट करार प्रकृतिको उपर्युक्त विवादको विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गर्नु उचित नहुने देखिएको स्थितिमा यस अदालतको संयुक्त इजलासको मिति २०७४।०६।२९ को फैसला उल्लिखित प्रतिपादित सिद्धान्तको रोहमा विचारणीय भई न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) को खण्ड (ख) अवस्था विद्यमान रहेको देखिँदा प्रस्तुत मुद्दा पुनरावलोकन गर्न अनुमति प्रदान गरिएको छ । नियमानुसार पेस गर्नु भन्नेसमेत यस अदालतबाट मिति २०७६।०७।२१ मा भएको आदेश ।

<u>**मल्ल निर्माण सेवाको लिखित प्रतिवाद:**</u> हामी रिट निवेदक र विपक्षी रानी जमरा कुलरिया सिँचाइ आयोजना तथा जिल्ला विकास समितिबिच मिति २०७१।०७।३० मा कबुलियतनामा भएको छ । सो करार कबुलियतनामाबमोजिम विपक्षीहरूले रिट निवेदक मल्ल निर्माण सेवालाई बिक्री कर उठाउन नपाउने भन्ने कुनै अधिकार नभएको कारण विपक्षीका विरूद्धमा परमादेशसमेत जारी भएको सुरू पुनरावेदन अदालत दिपायलको मिति २०७२।०५।२९ को आदेश र त्यसलाई सदर गर्ने गरी सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०७४।०६।२९ मा भएको आदेश

मिलेकै हुँदा त्यसलाई कायम गरियोस्। पुनरावलोकनको अनुमति प्रदान गर्ने गरी यस अदालतबाट मिति २०७६।०७।२१ मा भएको आदेशबमोजिम कुनै आदेश गर्नु नपर्ने हुँदा सर्वोच्च अदालतको संयुक्त इजलासबाट मिति २०७४।०६।२९ मा भएको आदेश नै सदर कायम गरिपाउँ भन्नेसमेत बेहोराको मल्ल निर्माण सेवाको लिखित प्रतिवाद।

आदेश खण्ड

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गरी हेरियो।

पुनरावेदकको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री तेज रावलले प्रस्तुत विवाद भनेको मेरो पक्ष र प्रत्यर्थीका बिचमा भएको करारसम्बन्धी विवाद हो । करारद्वारा सिर्जित हक तथा दायित्व भनेको सम्बन्धित पक्षहरूका बिचको निजी मामिला हो। यसलाई संवैधानिक एवं कानूनी हक दायित्वको स्तरमा राख्न मिल्ने हुँदैन। करारीय प्रकृतिको विषयमा साधारण क्षेत्राधिकार आकर्षित हुने हुन्छ । यस्तो विषयमा रिटको क्षेत्राधिकारबाट उपचार प्रदान गर्न मिल्दैन। तथापि, करारीय प्रकृतिको प्रस्तुत विवादको विषयमा रिटको क्षेत्राधिकार ग्रहण गरी परमादेशको आदेशसमेत जारी गर्ने गरी तत्कालीन पुनरावेदन अदालत दिपायलबाट रिटको आदेश जारी भएको छ। उक्त आदेशलाई यस अदालतको संयुक्त इजलासबाट पनि सदर भएको अवस्था छ। तसर्थ यस अदालतको संयुक्त इजलासबाट भएको आदेश त्रुटिपूर्ण रहेको हुँदा बदर गरी प्रस्तुत रिट निवेदन नै खारेज गरिनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थीको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ता श्री नगेन्द्रबहादुर कार्कीले मेरो पक्ष र रानी जमरा कुलरिया सिँचाइ आयोजना तथा जिल्ला विकास समितिबिच मिति २०७१।०७।३० मा कबुलियतनामा भएको छ। सो कबुलियतनामालाई सामान्य रूपमा व्यक्ति-व्यक्तिका बिचमा हुने करार जस्तो गरी हेर्न मिल्दैन । उक्त कबुलियतनामामा नेपाल सरकारअन्तर्गतको निकायसमेत पक्ष रहेको हुँदा यसलाई सोहीबमोजिम विशेष करारको रूपमा लिनुपर्ने हुँदा प्रस्तुत विवादमा रिट क्षेत्राधिकारबाट उपचार प्रदान गर्न मिल्ने नै हुन्छ। करारीय विषयमा रिटको क्षेत्राधिकारबाट हेर्नै नमिल्ने भनी कुनै पनि कानूनले रोकेको छैन । यसकै आधारमा तत्कालीन पुनरावेदन अदालत दिपायलबाट मेरो पक्षको हकमा परमादेशको आदेश जारी भएको हो । सो आदेशलाई यसै अदालतको संयुक्त इजलासबाट परीक्षण हुँदा कानूनबमोजिम पाइएकोले सदर आदेश भएको हुँदा त्यसलाई सदर कायम गरिनुपर्दछ भनी बहस प्रस्तुत गर्नुभयो।

यसमा, म ठेकेदारले नदीजन्य पदार्थको बिक्री कर उठाउने ठेक्का लिएकोमा विपक्षीहरूले बिक्री कर नतिरी निजहरूको दायित्व तथा कर्तव्य पूरा नगरेको हुँदा विपक्षीहरूका नाउँमा परमादेशलगायतको आदेश जारी गरिपाउँ भनी यी प्रत्यर्थी मल्ल निर्माण सेवाको तर्फबाट तत्कालीन पुनरावेदन अदालत दिपायलसमक्ष रिट निवेदन पेस भएकोमा विपक्षी जिल्ला विकास समिति र रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरका नाउँमा परमादेशको आदेश जारी हुने तथा विपक्षी जिल्ला विकास समितिका नाउँमा निषेधाज्ञाको आदेश जारी भएउपर यस अदालतसमक्ष पुनरावेदनहरू परेकोमा तत्कालीन पुनरावेदन अदालत दिपायलको आदेश सदर हुने ठहर गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।०६।२९ मा आदेश भएको पाइन्छ। उक्त आदेशउपर यी निवेदक रानी जमरा कुलरिया सिँचाइ आयोजनाको तर्फबाट पुनरावलोकनको निवेदन परेकोमा करारीय प्रकृतिको विवादको विषयमा रिट क्षेत्रबाट हस्तक्षेप गर्नु उचित नहुने भन्नेसमेत आधारमा यस अदालतको पूर्ण इजलासबाट पुनरावलोकनको अनुमति प्राप्त भई

प्रस्तुत मुद्दा आज निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको देखिन्छ।

उपस्थित विद्वान् कानून व्यवसायीहरूले गर्नुभएको उपर्युक्तानुसारको तर्कपूर्ण बहस जिकिर सुनी मिसिल संलग्न रिट निवेदन तथा लिखित जवाफ एवं यस अदालतको संयुक्त इजलासबाट भएको आदेश, पुनरावलोकनको निवेदन, अनुमति आदेश र सम्बद्ध संवैधानिक एवं कानूनी व्यवस्थालगायतका यस अदालतका भएका पूर्व निर्णयहरूसमेतको अध्ययन गरी हेर्दा प्रस्तुत मुद्दामा देहायका प्रश्नहरूको सम्बन्धमा न्याय निरूपण गर्नुपर्ने देखिन आयोः-

(क) प्रस्तुत विवादमा करारीय प्रकृतिको विषय समावेश रहेको छ वा छैन ?

(ख) प्रस्तुत विवादमा करारीय प्रकृतिको विषय समावेश रहेको भए वैकल्पिक उपचार (alternative remedy) को मार्ग विद्यमान छ वा छैन ?

(ग) करारीय प्रकृतिको विषयमा साधारण र असाधारण क्षेत्राधिकारको प्रयोगको सम्बन्धमा के-कस्तो प्रचलन र अभ्यास रहेको पाइन्छ ?

(घ) प्रस्तुत रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।०६।२९ मा भएको आदेश मिलेको छ वा छैन ? तथा यी विपक्षी रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको पुनरावलोकनको निवेदन जिकिर पुग्न सक्ने हो वा होइन ?

२. सर्वप्रथम, **प्रस्तुत विवादमा करारीय प्रकृतिको विषय समावेश रहेको छ वा छैन ?** भन्ने प्रश्नका सम्बन्धमा हेर्दा, कुनै काम कुरा गर्न वा नगर्नको लागि पक्षहरू सहमत भई आपसमा सम्झौता गर्दछन् भने त्यस्तो सम्झौतालाई करार (contract) भन्ने गरिन्छ। करार पक्षहरूको स्वतन्त्र सहमतिमा आधारित एक प्रकारको कानूनी सम्झौता हो जुन प्रचलित कानूनबाट समर्थित र कार्यान्वयनयोग्य हुन्छ भन्ने विधिशास्त्रीय मान्यता रहेको पाइन्छ। करारले यसका पक्षहरूउपर अधिकार र दायित्व सिर्जना गराउँछ । Contract को शाब्दिक अर्थ हेर्दा पनि यसले पक्षबाट निर्मित दायित्वलाई नै जनाउने गर्दछ। Black's Law Dictionary मा, ***"An agreement between two or more parties creating obligations that is enforceable or otherwise recognizable at law."*** *भनी उल्लेख भएको देखिन्छ ।* साथै कुनै पक्षले यस्तो मान्यताको प्रतिकूल हुने कार्य गरी करारीय दायित्व पूरा नगरेमा वा दायित्व पूरा गर्न इन्कार गरेमा मर्का पर्ने पक्षले साधिकार निकायमा उजुरी गरी उपचार माग्न सक्ने कानूनी प्रबन्ध गरिएको हुन्छ । अर्थात् करार प्रकृतिले नै व्यक्तिगत कानून (private law) भए तापनि यसको सिर्जना र त्यसको कार्यान्वयन राज्य निर्मित कानूनको अधीनमा हुने आधारभूत मान्यता हो । यसै मान्यताको आधारमा ***"सबै करार सम्झौता हुन तर सबै सम्झौता करार होइनन्"*** भन्ने सर्वस्वीकार्य अवधारणाको विकास भएको पाइन्छ । यस अवधारणाको आधारमा पनि कानूनले तोकेको सर्त तथा प्रक्रिया पूरा नभएको एवं पूरा गर्नुपर्ने रीतपूर्वकको कानूनी प्रक्रिया पूरा गरी नसकेको सम्झौतालाई करार भनी मान्न मिल्ने हुँदैन । परिणामतः करार गर्न योग्य व्यक्तिहरू वा पक्षहरूले कानूनबमोजिम कार्यान्वयन गर्न सकिने, मिल्ने कुनै पनि क्षेत्र वा विषयमा आपसी सहमतिको आधारमा करार गर्न सक्ने मानिन्छ। तथापि, करारले वैधता प्राप्त गर्न त्यस्तो करारको उल्लङ्घनको स्थितिमा सो करार कानूनबमोजिम कार्यान्वयन गर्न गराउन सकिने विषयवस्तुमा आधारित भएको हुनु चाहीँ अपरिहार्य हुन आउँछ। करारका विषयवस्तुहरू सदैव निरपेक्ष रूपमा परिभाषित हुने नभई प्रचलित कानून र परिस्थितिको सापेक्षतामा परिभाषित हुने विधिशास्त्रीय मान्यता रहेको हुँदा वस्तुतः दुई वा

दुईभन्दा बढी पक्षहरूबिच कुनै काम गर्न वा नगर्नको लागि भएको कानूनबमोजिम कार्यान्वयन गर्न सकिने कुनै पनि सम्झौता करार मानिने देखिन्छ ।

३. प्रचलित कानूनी व्यवस्था (मुलुकी देवानी संहिता, २०७४)[20] मा करार तथा अन्य दायित्व सम्बन्धमा सामान्य व्यवस्था, करार सम्पन्न गर्ने व्यवस्था, करारको वैधता, करारको परिपालनासम्बन्धी व्यवस्था, करारको उल्लङ्घन र उपचारसम्बन्धी व्यवस्था, वस्तु बिक्री करारसम्बन्धी व्यवस्था, जमानत करारसम्बन्धी व्यवस्था, नासो करारसम्बन्धी व्यवस्था, धितो वा धरौट करारसम्बन्धी व्यवस्था, एजेन्सी करारसम्बन्धी व्यवस्थालगायत करारसम्बन्धी विस्तृत कानूनी व्यवस्था रहेको पाइन्छ । संहिता लागु हुनुपूर्व अर्थात् मिति २०७५।०५।०१ भन्दा अगाडि साबिक करार ऐन, २०५६ प्रचलनमा रहेको थियो । उक्त ऐनमा, करारका पक्ष तथा प्रस्ताव र स्वीकृति; बदर हुने करार र बदर गराउन सकिने करार; जमानत, हर्जाना तथा प्रत्यशनसम्बन्धी करार; नासोसम्बन्धी करार; धितो तथा धरौटसम्बन्धी करार; वस्तु बिक्रीसम्बन्धी करार; एजेन्सीसम्बन्धी करार; मालसामान ढुवानीसम्बन्धी करार; करार पूरा गर्ने समय, तरिका र स्थान; करारको परिपालना तथा करारबाट उत्पन्न दायित्व; करारको उल्लङ्घन र उपचार जस्ता कानूनी व्यवस्था रहे भएको पाइन्छ । करार गर्न प्रचलित कानूनले कुनै खास कार्यविधि तोकेकोमा सो पूरा गर्नुपर्ने भनी ऐ. ऐन[21] ले कानूनी सर्तसमेत राखेको पाइन्छ । उक्त ऐनको दफा २(क) ले करारलाई यसरी परिभाषित गरेको थियोः- ***"करार भन्नाले २ (दुई) वा २ (दुई) भन्दा बढी पक्षहरूबिच कुनै काम गर्न वा नगर्नको लागि भएको कानूनबमोजिम कार्यान्वयन गर्न सकिने सम्झौता सम्झनुपर्छ ।"*** ऐ. ऐनको दफा ४ ले करार गर्ने पक्षहरू स्वतन्त्र हुने कानूनी व्यवस्था गरेको थियो । ऐ. ऐनको दफा ५ ले एक व्यक्तिले अर्को व्यक्तिसमक्ष राखेको प्रस्तावमा त्यस्तो प्रस्तावित व्यक्तिले स्वीकृति जनाएपछि करार भएको मानिने छ भनी उल्लेख गरेको पाइन्छ, तथापि उल्लिखित दफा २(क) को परिभाषाले जुनसुकै बेहोराले पनि करार गर्न मिल्ने गरी निरपेक्ष रूपमा करारलाई खुल्ला राखेको पाइँदैन । मुलुकी देवानी संहिता, २०७४ ले समेत करारको उल्लिखित परिभाषालाई निरन्तरता प्रदान गरेको देखिन्छ । उक्त संहिताको दफा ५०४ ले दुई वा दुईभन्दा बढी व्यक्तिहरूबिच कुनै काम गर्न वा नगर्नका लागि कानूनबमोजिम कार्यान्वयन गर्न सकिने कुनै सम्झौता भएमा करार भएको मानिने भनी उल्लेख भएको पाइन्छ ।

४. कानूनी सर्तहरू पूरा गरी करार भएपछि करारका पक्षहरूबिच बाध्यात्मक कानूनी सम्बन्ध कायम हुने र त्यस्तो करार कानूनबमोजिम कार्यान्वयन हुन सक्ने कानूनी प्रावधान हाम्रो मुलुकमा पनि रहे भएकै पाइन्छ । यस आलोकमा हेर्दा, विशेष गरी दुई वा सोभन्दा बढी पक्षहरूका बिचमा भएको, एउटाको प्रस्ताव अर्कोले स्वीकार गरेको, सहमति स्वेच्छामा भएको, कुनै काम गर्ने वा नगर्ने सर्त रहेको, हित र दायित्वको उल्लेख भएको, प्रचलित कानूनी व्यवस्थाको प्रतिकूल नरहेको र प्रचलित कानूनी प्रक्रिया पूरा गरेको अवस्थामा त्यस्तो विषयलाई करारीय प्रकृतिको विषयवस्तु हो भनी मान्नुपर्ने देखिन आउँछ । प्रस्तुत विवादमा, रिट निवेदकले कान्द्रा, काँडा, रोरा, कर्णाली नदी तथा खोलाको नदीजन्य पदार्थको बिक्री कर उठाउने ठेक्का लिएको विपक्षीहरूले बिक्री कर नतिरी, तिर्न सहयोगसमेत नगरी निज विपक्षीहरूले आफ्नो दायित्व तथा कर्तव्य पूरा नगरेकोले विपक्षीहरूका नाउँमा उक्त नदीजन्य

20 मुलुकी देवानी संहिता, २०७४, भाग ५, परिच्छेद १-१८

21 साबिक करार ऐन, २०५६, दफा ८८:-
"प्रचलित कानूनले कुनै खास प्रकारको करार गर्न कुनै खास कार्यविधि पूरा गर्नुपर्ने व्यवस्था गरेको वा कुनै सरकारी कार्यालयमा रजिस्ट्रेसन गर्नुपर्ने व्यवस्था गरेको रहेछ भने त्यस्तो रीत पूरा नगरी भएको करार मान्य हुने छैन ।"

पदार्थको बिक्री कर तिर्न बुझाउन परमादेशलगायतका आदेश जारी गरिपाउँ भन्ने मुख्य माग दाबी लिई प्रस्तुत रिट निवेदन परेको देखिन्छ । मिति २०७१।०७।३० मा दानबहादुर शाही (मल्ल निर्माण सेवाको अख्तियारप्राप्त) र स्थानीय विकास अधिकारी (जिल्ला विकास समिति, कैलाली) का बिचमा बिक्री कर उठाउने कबुलियतनामा भएको भन्ने आधारमा निवेदकले रिट निवेदन पेस गरेको देखिन्छ । उक्त कबुलियतनामा हेर्दा, बिक्री करलगायतका आय सङ्कलन गर्ने सम्बन्धमा सर्तसहितको करारीय प्रकृतिको कबुलियतनामा भएको देखिन्छ । सम्झौता वा कबुलियतनामा वा अन्य जेसुकै नाम दिए पनि, व्यक्ति-व्यक्तिको बिचमा वा व्यक्ति र सरकारी पक्ष वा कुनै सङ्गठित संस्था वा संस्था-संस्था नै पक्ष रहेको भए पनि करारीय प्रकृतिको लिखतले करारको मान्यता पाउने हुँदा प्रस्तुत कबुलियतनामामा सरकारी पक्षसमेत संलग्न भएको देखिए तापनि यो एक प्रकारको करारीय विषय नै रहेको देखिन्छ । तसर्थ, प्रस्तुत रिट निवेदनको प्रारूप तथा विवादको प्रकृति र विवादित विषयको अन्तरवस्तुबाट नै प्रस्तुत रिट निवेदनको विषय करारीय प्रकृतिको देखिन आयो ।

५. अब, **प्रस्तुत विवादमा करारीय प्रकृतिको विषय समावेश रहेको भए वैकल्पिक उपचार (alternative remedy) को मार्ग विद्यमान छ वा छैन ?** भन्ने दोस्रो प्रश्नतर्फ विचार गर्दा, मुलुकी देवानी संहिता, २०७४ ले पनि सबै करार कार्यान्वयनयोग्य नहुने कुरा उल्लेख गरेकै पाइन्छ । कानूनबमोजिम कार्यान्वयन हुनका लागि करार गर्दा केही सर्तहरू पूरा गरेको हुनुपर्ने उल्लेख गर्दै संहिताको दफा ५०५ ले करार लिखित वा मौखिक रूपमा वा करार गर्ने व्यक्तिहरूको आचरणबाट पनि हुन सक्ने तर त्यसमा पक्षको सहमति, सक्षमता तथा योग्यता, निश्चित विषय, कानूनसम्मत दायित्व जस्ता सर्तहरूसहित कानूनी औपचारिकता पूरा गरेको भएमा मात्र करार कानूनबमोजिम कार्यान्वयन हुन सक्ने कानूनी प्रावधान राखेको पाइन्छ । उल्लिखित कानूनी व्यवस्थाले एउटा वैध करारको लागि आवश्यक तत्त्व वा आधारभूत सर्त निर्धारण गर्दै करारको क्षेत्र (scope) लाई समेत मार्गदर्शन गरेको देखिन्छ । पक्षहरूका बिचमा भएको सम्झौता कानूनबमोजिम कार्यान्वयन हुन नसक्ने अवस्थाको भएमा त्यसलाई वैध करार मान्न मिल्ने हुँदैन । सामान्यतः कानूनको प्रतिकूल नभएसम्म करारका पक्षहरूले निर्धारण गरेका सर्तहरू उनीहरूका लागि मान्य र स्वीकार्य विषय बन्दछन् । करारीय लिखतलाई कानूनले तोकेबमोजिमका प्रक्रिया पूरा गरी वैधानिक बनाउनुपर्ने दायित्व पनि करारका सम्बन्धित पक्षहरूमा नै रहने हुँदा करारीय लिखत कानूनबमोजिम कार्यान्वयन हुन सक्ने, नसक्ने भन्ने कुरा प्रत्यक्ष रूपमै पक्षहरूको काम कारबाहीमा नै भर पर्ने देखिन्छ । वस्तुतः कानूनबमोजिमको प्रक्रिया र सर्तहरूले पूर्णता प्राप्त गरेको अवस्था देखिएमा मात्र त्यस्तो करार कार्यान्वयनयोग्य हुन सक्ने देखिन्छ । अर्थात् वैध करारको सन्दर्भमा मात्र कुनै पक्षबाट उक्त सर्तहरू उल्लङ्घन भई कार्यान्वयन हुन नसकेमा करारको अर्को पक्षले अदालतमा उजुरी गर्न सक्ने र अदालतले सोसम्बन्धी प्रश्नको निरूपण गर्न सक्ने हुन्छ ।

६. करारको यथावत् परिपालनाको सम्बन्धमा प्रचलित संहिता तथा साबिक ऐनमा समेत कानूनी व्यवस्था रहे भएको पाइन्छ । सो सम्बन्धमा साबिक करार ऐन, २०५६ को दफा ८६ ले करार उल्लङ्घन भएको कारणबाट मर्का पर्ने पक्षलाई पुग्न गएको वास्तविक हानि नोक्सानीबापत नगद क्षतिपूर्ति मनासिब र पर्याप्त नहुने भएमा त्यसरी मर्का पर्न गएको पक्षले क्षतिपूर्तिको दाबी गर्नुको सट्टा करारको यथावत् परिपालनाको दाबी गर्न सक्ने तर करार उल्लङ्घनबापतको क्षतिपूर्ति नगद नै पर्याप्त हुने भएमा, करारबमोजिमको काम भए नभएको कुरा अदालतले सुपरिवेक्षण गर्न नसक्ने भएमा, व्यक्तिगत दक्षता, सिप वा ज्ञानको सेवा उपलब्ध गराउने गरी

करार गरिएको भएमा, यथावत् रूपमा करार पूरा गर्न सक्ने अवस्था नभएमा, करार उल्लङ्घन गर्ने पक्षले नै यथावत् परिपालना गराई पाउने दाबी लिएकोमा अवस्थामा यथावत् परिपालनाको दाबी नलाग्ने कानूनी व्यवस्था गरेको थियो । हाल प्रचलित संहिताको दफा ५४० मा पनि करिब-करिब साबिकमा रहे भएको जस्तै उल्लिखित व्यवस्था राखिएको देखिन्छ । त्यसैगरी, ऐ. ऐनको दफा ८७ मा करारको कुनै पक्षको कारणबाट करारको परिपालना सम्भव नहुने भएमा मर्का पर्ने पक्षले अदालतमा उजुरी दिन सक्ने कानूनी प्रबन्ध गरेको थियो । हाल प्रचलित संहिताको दफा ५४१ ले पनि करिब-करिब ऐ. ऐनको दफा ८७ कै जस्तो व्यवस्था अवलम्बन गरेको देखिन्छ । प्रस्तुत विवादमा रिट निवेदक जिल्ला विकास समिति, कैलालीका बिचमा कबुलियतनामा भएको र सोअनुसारको कार्य नभएको भनी निवेदक रिटको क्षेत्राधिकारमा प्रवेश गरेको देखिन्छ । जिल्ला विकास समिति, कैलालीबाट ठेक्का प्राप्त गरी रिट निवेदक ठेकेदार भएको भन्ने कुरा रिट निवेदनमा नै उल्लेख भएको देखिन्छ । करार कानून विशुद्ध रूपमा दुई पक्षबिच लागु हुने कानून हो । दुई पक्षबिचको स्वतन्त्र सहमतिमा भएको वैध करारले सम्बन्धित पक्षको हकमा कानूनसरह मान्यता पाउँछ । यसो भन्दैमा करार कानूनले अन्य सार्वजनिक कानूनको हैसियत ग्रहण गरेको मानिँदैन । रिट क्षेत्राधिकारबाट अदालत प्रवेश गर्नका लागि साधारण क्षेत्राधिकारको मार्ग समाप्त भएको हुनुपर्दछ । करारीय प्रकृतिको उक्त कबुलियतनामामा उल्लिखित सर्तको पालन नभएमा तत्काल प्रचलित करार ऐन, २०५६ बमोजिम सम्बन्धित जिल्ला अदालतमा मुद्दा दिन सक्ने बाटो रिट निवेदकलाई रहे भएकै पाइन्छ । प्रस्तुत विवादको विषय पनि करारको दायरा (ambit) भित्र पर्ने देखिएको हुँदा यस विषयमा समेत उल्लिखित कानूनी व्यवस्थाबमोजिम वैकल्पिक उपचार (alternative remedy) को मार्ग विद्यमान रहे भएकै देखिन आयो ।

७. करारीय प्रकृतिको विषयमा साधारण र असाधारण क्षेत्राधिकारको प्रयोगको सम्बन्धमा के-कस्तो प्रचलन र अभ्यास रहेको पाइन्छ ? भन्ने तेस्रो प्रश्नतर्फ दृष्टिगत गर्दा, करारीय लिखतलाई साबिकदेखि नै ऐनले ढाँचागत रूपमा उदार र खुल्ला छोडेको अवस्था देखिएको छ । वस्तुतः कुनै लिखत करार हो वा होइन भनी निष्कर्षमा पुग्न उक्त लिखतले कानूनबमोजिमको प्रक्रिया र सर्तहरूको अधीनमा रही पक्षहरूको बिचमा कुनै काम गर्न वा नगर्नका लागि स्वेच्छिक सहमति भएको छ वा छैन भन्ने कुराले नै निर्णायक रूप लिने हुन्छ । हाम्रो न्यायिक अभ्यासले पनि करारको कुनै निश्चित ढाँचा नभएको कुरालाई स्वीकार गरेकै अवस्था देखिन्छ । करारको लिखतमा नै करारनामा भन्ने स्पष्ट रूपमा खुलाइएको हुनुपर्ने वा यो यस्तो ढाँचामा करार हुनुपर्ने भनी करार ऐनले किटानी व्यवस्था गरेको नहुँदा करार यस्तै ढाँचामा हुनुपर्ने भनी भन्न मिल्दैन भनी तीर्थ राजकुमारी राणा *वि.* रामशंकर श्रेष्ठको मु.स. गर्ने विनोदशंकर श्रेष्ठ[22] को मुद्दामा यस अदालतबाट व्याख्या भएको पाइन्छ । विशेषगरी कुनै रेष्टुरेण्टमा खाना खानु, बिल तिर्नु; कुनै सार्वजनिक सवारी साधनमा यात्राका लागि टिकट लिनु जस्ता समान्य रूपका मानवीय व्यवहारसमेत कतिपय अवस्थामा करारीय दायराभित्र पर्ने देखिन्छ ।

८. करारीय हक अधिकारको प्रचलनका सम्बन्धमा हेर्दा, करार वैध छ भने त्यसको कानूनबमोजिम यथावत् रूपमै परिपालना गरिनुपर्ने हुन्छ । तर सबै सन्दर्भमा जुनसुकै अवस्थामा पनि सधैँ करारको यथावत् परिपालना हुन सक्दैन । करार उल्लङ्घन भएको कारणबाट मर्कापर्ने पक्षलाई पुग्न गएको वास्तविक हानि नोक्सानीबापत नगद क्षतिपूर्ति नै मनासिब र पर्याप्त हुने अवस्थामा करारको यथावत्

22 तीर्थ राजकुमारी राणा वि. रामशंकर श्रेष्ठको मु.स. गर्ने विनोदशंकर श्रेष्ठ, मुद्दाः करारबमोजिम लिखत पास गरिपाऊँ (ने.का.प. २०४९(क), अङ्क १, नि.नं. ४४४७, ७ सदस्यीय पूर्ण इजलास)

परिपालनाको दाबी गर्न मिल्ने हुँदैन । यस्तो नगद क्षतिपूर्ति मनासिब र पर्याप्त नहुने कुराको उचित कारण र वस्तुगत आधार भएमा मात्र करारको यथावत् परिपालना गर्नुपर्ने अवस्था उत्पन्न हुने हुन्छ । यसका अतिरिक्त करारबमोजिमको काम भए नभएको कुरा अदालतले सुपरिवेक्षण गर्न नसक्ने भएमा वा व्यक्तिगत क्षमता, सिप वा ज्ञानको सेवा उपलब्ध गराउने गरी करार गरिएको भएमा वा यथावत् रूपमा करार पूरा गर्न सक्ने अवस्था नै नभएमा करारको यथावत् परिपालना गर्नुपर्ने गरी अदालतले निर्णय वा आदेश दिन मिल्दैन । त्यसैगरी, परिपालनाको माग गर्ने पक्षबाट नै करारीय सर्तको उल्लङ्घन भएको अवस्थामा करारको यथावत् परिपालना हुन सक्दैन । यसै सम्बन्धमा यस अदालतबाट समिट होटल प्रा.लि. *वि.* शारदा प्रसाईसमेत[23] भएको मुद्दा तथा लाखबहादुर मावो *वि.* चन्द्रबहादुर मावो[24] भएको मुद्दामा व्याख्यासमेत भएको पाइन्छ ।

९. साधारणतः करारको पालन गर्ने, संशोधन गर्नेलगायतका यावत् कामकारबाहीमा पक्षहरूको स्वायत्तता हुने हुँदा करारीय विवादको उपचार पनि करारकै तजबिजीमा भर पर्ने हुन्छ । अर्थात् करारीय विवादको उपचार सोही करारमा उल्लिखित सर्त (मार्ग) कै अनुशरण गर्नुपर्ने हुन्छ, जुन सर्त प्रचलित कानूनबमोजिम वैधसमेत हुनुपर्दछ । साथै, करारीय विवादमा न्यायिक निकायबाट उपचार प्राप्त गर्दा पनि सामान्यतः साधारण क्षेत्राधिकारकै मार्ग अवलम्बन गर्नुपर्ने हुन्छ । करारीय हक स्वभावैले व्यक्तिगत प्रकृतिको हक अधिकार भएकोले यस्तो हक अधिकारको प्रचलनका लागि मौलिक हक वा अन्य कानूनी हक अधिकारको प्रचलनका लागि जस्तो गरी अदालतको असाधारण क्षेत्राधिकार आकर्षित हुन नसक्ने कुरा करारको सामान्य सिद्धान्त नै हो । यस सिद्धान्त (general doctrine) लाई विद्वान् VG Ramachandran ले ***"The remedy available to an aggrieved party under Article 32 or Article 226 of the Constitution is an extraordinary remedy and it is not intended to be used for the purpose of declaring the private rights of the parties. In case of enforcement of contractual rights and liabilities, the normal remedy of filing a civil suit is available to the aggrieved party and, therefore, the Supreme Court or a High Court will not exercise its prerogative writ jurisdiction to enforce such contractual obligations."*** भनी उल्लेख गरेको देखिन्छ[25] । त्यस्तै, Radhakrishna Agarwal & Ors *v.* State of Bihar & Ors[26] भएको मुद्दामा भारतको विहार राज्यले lease contract को अन्त्य गरेको सम्बन्धमा परेको रिट निवेदनमा, **विशुद्ध करारीय विवादहरूमा असाधारण क्षेत्राधिकार आकर्षित हुन नसक्ने, यदी करारीय विषय संलग्न भएको विवादमा राज्यका कार्यहरूले सार्वजनिक कानूनका सिद्धान्त वा कानूनी प्रावधानहरू उल्लङ्घन भएको अवस्था देखिएमा मात्र असाधारण क्षेत्राधिकार आकर्षित हुने** भनी भारतीय सर्वोच्च अदालतबाट भएको व्याख्या यहाँ मननयोग्य देखिन्छ ।

१०. अब, असाधारण क्षेत्राधिकारसम्बन्धी हाम्रो संवैधानिक व्यवस्था हेर्दा, यस अदालतको

23 समिट होटल प्रा.लि. वि. शारदा प्रसाईसमेत (मुद्दा नं.०६८-CI-०३४४, संयुक्त इजलास, फैसला मितिः २०६९।०५।२५)

24 लाखबहादुर मावो वि. चन्द्रबहादुर मावो (मुद्दा नं. ०६७-NF-००१०, ३ सदस्यीय पूर्ण इजलास, फैसला मितिः २०७२।०३।०३)

25 VG Ramachandran's Law of Writs (Sixth Edition, 2006 Reprinted, 2019 with Suplement, 2017, Volume I, Revised by Justice CK Thakker and Mrs MC Thakker, Published by Eastern Book Company, EBC Publishing (P) Ltd., pp. 846-876

26 Radhakrishna Agarwal & Ors v. State of Bihar & Ors, 1977 AIR 1496, 1977 SCR (3) 249.

असाधारण क्षेत्राधिकारको सम्बन्धमा नेपालको संविधानको धारा १३३ को उपधारा (२) मा रिट क्षेत्राधिकारको व्यवस्था गर्दै,

"यस संविधानद्वारा प्रदत्त मौलिक हकको प्रचलनको लागि वा अर्को उपचारको व्यवस्था नभएको वा अर्को उपचारको व्यवस्था भए पनि त्यस्तो उपचार अपर्याप्त वा प्रभावहीन देखिएको अन्य कुनै कानूनी हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरूपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गर्ने, उचित उपचार प्रदान गर्ने, त्यस्तो हकको प्रचलन गराउने वा विवाद टुंगो लगाउने असाधारण अधिकार सर्वोच्च अदालतलाई हुने छ।"

भन्ने व्यवस्था रहेको पाइन्छ। ऐ. धारा १३३ को उपधारा (३) मा,

"उपधारा (२) बमोजिमको असाधारण अधिकार क्षेत्रअन्तर्गत सर्वोच्च अदालतले बन्दीप्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकारपृच्छालगायत अन्य उपयुक्त आदेश जारी गर्न सक्ने छ।"

भन्ने व्यवस्था गरिएको छ। त्यसैगरी, यस्तै व्यवस्था उच्च अदालतको रिट क्षेत्राधिकारको हकमा पनि ऐ. संविधानको धारा १४४ को उपधारा (१) र (२) मा गरिएको पाइन्छ।

११. उल्लिखित संवैधानिक व्यवस्था हेर्दा, सर्वोच्च तथा उच्च अदालतले समेत मूलतः मौलिक हकको प्रचलनको प्रश्न छ भने सो सम्बन्धमा पर्याप्त र प्रभावकारी उपचारको व्यवस्था रहेसम्म असाधारण क्षेत्राधिकार प्रयोग गर्न नमिल्ने गरी त्यस्तो कानूनी हकको प्रचलनका लागि कानूनमा उपचारको मार्ग नै नभएको वा भए तापनि त्यस्तो उपचार पर्याप्त र प्रभावकारी नभएको अर्थात् वैकल्पिक उपचार (alternative remedy) को मार्ग नभएको अवस्थामा मात्र असाधारण क्षेत्राधिकारअन्तर्गत प्रवेश गर्न पाइने अवस्था देखिन्छ। यदि उपलब्ध कानूनी उपचार पर्याप्त र प्रभावकारी छ भने असाधारण क्षेत्राधिकारअन्तर्गत रिट दायर गर्न मिल्ने अवस्था रहँदैन। यसलाई रिट विधिशास्त्रमा exhausting of alternative remedy भन्ने गरिन्छ। यो विशेष प्रकृतिको उपचार भएकै कारण यसका लागि साधारण क्षेत्राधिकारबाट प्राप्त हुने उपचारको समाप्ति आवश्यक ठानिएको हो। अन्यथा साधारण क्षेत्राधिकारबाट उपचारको प्रबन्ध गर्नुको कुनै औचित्य र प्रयोजन नै नरहने हुन्छ। रिट क्षेत्राधिकारको प्रयोग मौलिक हकको तत्काल प्रचलनको लागि र कानूनी अधिकार भए उपचारविहीनताको अवस्थाको निराकरण गर्नेतर्फ नै केन्द्रित रहेको पाइन्छ।

१२. असाधारण क्षेत्राधिकारको प्रयोगको सम्बन्धमा के-कस्तो अदालती अभ्यास रहेछ त भनी हेर्दा, यस अदालतबाट प्रतिपादित निम्नबमोजिमका कानूनी सिद्धान्तलाई यहाँ उल्लेखन गर्नु आवश्यक देखिन आउँछः-

(क) अनङ्गमान शेरचन *वि.* आर.टि.ओ. का चिफ इन्जिनियर[27] को रिट निवेदनमा यसप्रकारको कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छः-

"कानूनमा अन्य कुनै उपाय भएमा रिट जारी हुन नसक्ने। आर्बिट्रेसन गराई माग्ने निवेदकको कानूनी अधिकारमा कुनै आघात पारेको छैन भन्ने बी.बी. कार्कीको प्रतिवाद भएको र माथि उल्लेख गरिएअनुसार मध्यस्थद्वारा निर्णय भई नसकेको। मध्यस्थको निर्णय हुन बाँकी नै देखिन आएकोले

27 अनङ्गमान शेरचान वि. आर.टि.ओ. का चिफ इन्जिनियर, विषयः- उत्प्रेषणसमेत (ने.का.प. २०२०, अङ्क १, नि.नं.२२०, ३ सदस्यीय फुल बेञ्च)

मध्यस्थद्वारा आफ्नो झगडा निप्टारा गराउन पाउने कानूनी उपाय रहे भएकै देखिन ठहर्न आएकोले यस्तो अवस्थामा निवेदकको हक अधिकार प्रचलनको लागि अन्य कानूनी उपाय नभएको भन्न मिल्ने देखिएन । मध्यस्थको निर्णय भइसकेको ०१९।११।९ को निवेदकलाई दिएको सूचनामा उल्लेख भएको निर्णयलाई प्रशासकीय हैसियतले गरेको ठहराई रिट लाग्न नसक्ने गरी ७ दिनभित्र चिफ इन्जिनियरहरूले नियुक्त गरेको मध्यस्थसमक्ष आफ्नो केस पेस गर्नु भनी निवेदकलाई सूचना दिने ठहराएको मा.न्या.श्री ईश्वरीराज मिश्रको राय मनासिब छ ।"

(ख) वसन्त शर्मा *वि.* नेसनल ट्रेडिङ लिमिटेडसमेत[28] को रिट निवेदनमा contractual obligation र liabilities को प्रचलनको लागि अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग हुन नसक्ने भन्दै यस प्रकारको व्याख्या भएको पाइन्छः-

"करारका पक्षहरूले आफ्नो आवश्यकताअनुकूल कानूनद्वारा निषेध नगरिएको सर्त बन्देजहरू राखी पारस्परिक हक दायित्वको सिर्जना गर्ने भएकोले करारद्वारा सिर्जित हक दायित्वलाई संवैधानिक एवं कानूनी हक दायित्वको स्तरमा राख्न मिल्दैन, संवैधानिक एवं कानूनी हक अधिकारको प्रचलनको लागि रहेको यस अदालतको असाधारण अधिकार क्षेत्रको प्रयोग करारका पक्षद्वारा सिर्जित हक अधिकारको प्रचलनको लागि हुन नसक्ने ।";

"प्रस्तुत कारारको सम्बन्धमा कुनै विवाद उठेमा सोको निर्णय मध्यस्थताबाट हुने भन्ने सम्झौतामा उल्लेख गरेकोबाट यस्तो विषयमा करार ऐनको अधिकार क्षेत्रभित्र पर्ने contractual obligation र liabilities को कुरा हो । त्यसलाई कानूनी वा संवैधानिक हकाधिकार भन्न नमिल्ने ।"

(ग) प्रदीपकुमार अग्रवाल *वि.* कर कार्यालय मोरङ, विराटनगरसमेत[29] को मुद्दामा सोझै रिट क्षेत्राधिकारबाट उपचार खोज्न नमिल्ने भन्दै यस प्रकारको कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छः-

"...सोझै रिट क्षेत्रबाट उपचार खोज्न पाउने हो भने संविधान वा कानूनले विवादको निरूपण गर्न न्यायिक वा अर्धन्यायिक अधिकार प्रदान गर्नु र त्यस्तो निर्णयउपर निवेदन वा पुनरावेदन लाग्ने व्यवस्था गर्नुको कुनै अर्थ वा प्रयोजन नै नहुने ।"

(घ) रामबहादुर भण्डारी *वि.* नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत[30] को रिट निवेदनमा यसप्रकारको कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छः-

"निवेदक र जिल्ला शिक्षा कार्यालयबिच

---

28 वसन्त शर्मा वि. नेशनल ट्रेडिङ लिमिटेडसमेत, विषयः- उत्प्रेषणसमेत (ने.का.प. २०४८, अङ्क १२, नि.नं.४४४४, संयुक्त इजलास)

29 प्रदीपकुमार अग्रवाल वि. कर कार्यालय मोरङ, विराटनगरसमेत, विषयः उत्प्रेषणसमेत (ने.का.प. २०५२, अङ्क ७, नि.नं.६०३२, ७ सदस्यीय पूर्ण इजलास)

30 रामबहादुर भण्डारी वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, विषयः उत्प्रेषणसमेत (ने.का.प. २०६३, अङ्क ६, नि.नं.७७२४, एक न्यायाधीशको इजलास)

भएको करारको उल्लङ्घन (breach) भएमा नेपाल कानूनले प्रभावकारी उपचारको व्यवस्था गरेकोले करारको उल्लङ्घन (contract breach) भई करारीय हक हनन भएमा private law अन्तर्गत remedy खोज्नुपर्नेमा public law अन्तर्गत यस अदालतको extra ordinary jurisdiction अन्तर्गत remedy खोज्न नहुने।"

(ङ) त्यसैगरी, सिद्धेश्वरकुमार सिंहसमेत *वि.* नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत[31] को रिट निवेदनमा यसप्रकारको व्याख्या भएको पाइन्छः-

"सम्झौता वा करारबाट सिर्जित निवेदकको हकलाई कानूनी वा संवैधानिक मान्ने हो भन्ने करार ऐनले सिर्जना गर्ने करारीय हक एवं दायित्वहरूको स्थिति नै शून्यमा परिणत हुने।";

"पक्षहरूका बिचमा प्रचलित कानूनविपरीत नहुने गरी भएका सम्झौता एवं करारबाट सिर्जना हुने त्यस्ता हकको उल्लङ्घन भएको अवस्थामा त्यस्तो सम्झौता उपचारविहीन नरही सम्झौताले नै निर्दिष्ट गरेको कानूनी बाटो अवलम्बन गरिनुपर्ने।";

"Contractual obligation and liabilities लाई कानूनी वा संवैधानिक हक अधिकार भन्न नमिल्ने।"

(च) गोरखबहादुर वि.सी. समेत *वि.* प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत[32] को रिट निवेदनमा करारको पक्ष चाहे नेपाल सरकार होस् वा नेपाल सरकारअन्तर्गतको निकाय होस् करारीय विषयवस्तुमा अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी हस्तक्षेप गर्नु उपयुक्त नहुने भनी यसप्रकारको कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छः-

"नेपाल सरकारलाई कुनै पक्षसँग जलविद्युत् आयोजनाको सञ्चालन सम्बन्धमा प्रचलित विद्युत्सम्बन्धी ऐन, नियम र नीतिअन्तर्गत निर्णय गरी कुनै आयोजना सञ्चालन गर्न सम्झौता गर्ने अधिकार भएकै देखिएको र त्यस्तो विषयमा सामान्य कानून एवं करारको समेत विषय देखिन आएकोले यस्तो प्रचलित कानून तथा कानूनबमोजिम कायम रहेको करारको विषयवस्तुमा यस अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी हस्तक्षेप गर्नु उपयुक्त नहुने।"

(छ) त्यस्तै, कोमल कार्की *वि.* नेपाल सरकार, ऊर्जा मन्त्रालयसमेत[33] को रिट निवेदनमा यसप्रकारको कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छः-

"कोही कसैलाई कानूनको विपरीत आफूले गरिरहेको काम कार्यबाहीलाई असर पार्ने गरी आर्थिक दायित्व थुपारेका र त्यसबाट निवेदकलाई क्षति पुग्न गएमा सरकार र आफ्नाबिचको कारोबारबाट करारीय दायित्वको अवस्था सिर्जना भएको खण्डमा त्यस्को उचित उपचार माग्ने छुट्टै व्यवस्था हुन सक्छ तर रिट

31 सिद्धेश्वरकुमार सिंहसमेत वि. नेपाल सरकार, मन्त्रिपरिषद् सचिवालयसमेत, विषयः उत्प्रेषणसमेत (ने.का.प. २०६६, अङ्क ४, नि.नं.८१२२, संयुक्त इजलास)

32 गोरखबहादुर वि.सी. समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, विषयः उत्प्रेषणसमेत (ने.का.प. २०७०, अङ्क ३, नि.नं.८९८२, संयुक्त इजलास)

33 कोमल कार्की वि. नेपाल सरकार, ऊर्जा मन्त्रालयसमेत, विषयः उत्प्रेषणसमेत (ने.का.प. २०७२, अङ्क २, नि.नं.९३५०, संयुक्त इजलास)

क्षेत्रबाट आर्थिक दायित्वको विषयमा विवेचना गरी सुविधा दिने वा नदिने गरी आदेश गर्न मिल्ने नहुने ।"

(ज) रामस्वरूप यादव *वि.* नेपाल सरकार, शिक्षा मन्त्रालयसमेत[34] को रिट निवेदनमा यसमा यसप्रकारको व्याख्या भएको पाइन्छः-

"करार कानून विशुद्ध रूपमा दुई पक्षबिच लागु हुने कानून हो । दुई पक्षबिचको स्वतन्त्र सहमतिमा भएको वैध करारले सम्बन्धित पक्षको हकमा कानूनसरह मान्यता पाउँछ । यसो भन्दैमा करार कानूनले अन्य सार्वजनिक कानूनको हैसियत ग्रहण गरेको मानिँदैन । जुन कानूनले उपचारीय विधि तोकेको छ त्यहीअनुसार नै मर्का पर्ने पक्षले उपचारको खोजी गर्नुपर्ने ।"

(झ) रमेशराज अर्याल *वि.* उच्च अदालत पाटनसमेत[35] को मुद्दामा यसप्रकारको व्याख्या भएको पाइन्छः-

"रिटको क्षेत्राधिकार तथ्यको निरूपण गरिने सामान्य क्षेत्राधिकार होइन । संविधान प्रदत्त हकमा आक्रमण भएको, उपचारविहीनताको अवस्था बनेको वा सार्वजनिक हक वा सरोकारको विषयमा न्याय मरेको वा न्यायमा विचलन भएको अवस्थामा आकर्षित हुने ।"

(ञ) तुलारत्न बज्राचार्य *वि.* चेत सुन्दरको मु.स. गर्ने तारा श्रेष्ठ पात्रवंश[36] को मुद्दामा यसप्रकारको कानूनी सिद्धान्त प्रतिपादन भएको पाइन्छः-

"कानूनले तोकेको रीत नपुगेको वा कानूनबमोजिम सरकारी कार्यालयमा हुनुपर्ने रजिस्ट्रेसन नभएको अपरिपक्व (premature) लिखतको आधारमा मात्र अचल सम्पत्तिमा एउटाको हक समाप्ति र अर्काको हक प्राप्ति हुन सक्ने कानूनी व्यवस्थाको अभावमा भएको करारीय लिखतको आधारमा अचल सम्पत्तिको हक हस्तान्तरण हुने गरी लिखत पारित गर्न गराउन अदालतले आदेश दिनु मनासिब र न्यायोचितसमेत नदेखिने ।"

१३. साथै, करारको विषयमा अन्य देशको कानूनी प्रचलन[37] हेर्दा पनि हाम्रो कानूनी प्रचलनभन्दा फरक रूपमा खासै तात्त्विक अन्तर-भिन्नता रहेको देखिँदैन । विदेशी मुलुकका न्यायिक अभ्यासले पनि करारीय हक अधिकारको प्रचलनका सन्दर्भमा अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गतको प्रवेशलाई निरूत्साहित नै गरेको देखिन्छ । करारीय हक अधिकारको प्रचलनका लागि उच्च वा सर्वोच्च अदालतको रिटको क्षेत्राधिकारअन्तर्गत उपचार माग गर्नु संवैधानिक रूपमै उपयुक्त नहुने भनी Kisan Sahkari Chini Mills Ltd. *v.* Vardan Linkers[38] को मुद्दामा भारतीय सर्वोच्च अदालतले गरेको व्याख्यालाई यहाँ मनन गर्नु सान्दर्भिक देखिन्छः-

"Ordinarily, the remedy available

34 रामस्वरूप यादव वि. नेपाल सरकार, शिक्षा मन्त्रालयसमेत, विषयः- उत्प्रेषणसमेत (ने.का.प. २०७५, अङ्क १२, नि.नं.१०१६२, संयुक्त इजलास)

35 रमेशराज अर्याल वि. उच्च अदालत पाटनसमेत, मुद्दाः उत्प्रेषणसमेत, (ने.का.प. २०७६, अङ्क ६, नि.नं.१०२९४, संयुक्त इजलास)

36 तुलारत्न बज्राचार्य वि. चेत सुन्दरको मु.स. गर्ने तारा श्रेष्ठ पात्रवंश, मुद्दाः- करारबमोजिम दायित्व पूरा गराई पाऊँ (ने.का.प. २०७७, अङ्क ८, नि.नं.१०५४८, ७ सदस्यीय बृहत् पूर्ण इजलास)

37 भारतीय कानूनमा करारलाई "An agreement enforceable by law" भनी उल्लेख गरिएको पाइन्छ । बेलायती कानूनमा करारलाई "A contract is a legally binding promise (written or oral) by one party to fulfil an obligation to another party in return for consideration" भनी परिभाषित गरिएको पाइन्छ ।

38 Kisan Sahkari Chini Mills Ltd. v. Vardan Linkers, (2008) 12 SCC 500

for a party complaining of breach of contract lies for seeking damages. He would be entitled to the relief of specific performance, if the contract was capable of being specifically enforced in law. The remedies for a breach of contract being purely in the realm of contract are dealt with by civil courts. The public law remedy, by way of a writ petition under Article 226 of the Constitution, is not available to seek damages for breach of contract or specific performance of contract. However, where the contractual dispute has a public law element, the power of judicial review under Article 226 may be invoked.";

"In a civil suit, the emphasis is on the contractual right. In a writ petition, the focus shifts to the exercise of power by the authority, that is, whether the order of cancellation passed by the Secretary (Sugar), was arbitrary or unreasonable. The issue whether there was a concluded contract and breach thereof becomes secondary. In exercising writ jurisdiction, if the High Court found that the exercise of power in passing an order of cancellation was not arbitrary and unreasonable, it should normally desist from giving any finding on disputed or complicated questions of fact as to whether there was a contract, and relegate the petitioner to the remedy of a civil suit. Even in cases where the High Court finds that there is a valid contract, if the impugned administrative action by which the contract is cancelled, is not unreasonable or arbitrary, it should still refuse to interfere with the same, leaving the aggrieved party to work out his remedies in a civil court. In other words, when there is a contractual dispute with a public law element, and a party chooses the public law remedy by way of a writ petition instead of a private law remedy of a suit, he would not get a full-fledged adjudication of his contractual rights, but only a judicial review of the administrative action. The question whether there was a contract and whether there was a breach may, however, be examined incidentally while considering the reasonableness of the administrative action. But where the question whether

there was a contract, is seriously disputed, the High Court cannot assume that there was a valid contract and on that basis, examine the validity of the administrative action."

त्यसैगरी, District Forest Officer, South Kheri *v.* Ram Sanehi Singh[39] को मुद्दामा भारतीय सर्वोच्च अदालतले करारीय हकको प्रचलनका लागि अदालतको रिटको क्षेत्राधिकारबाट नभई साधारण क्षेत्राधिकारबाटै उपचार खोज्नुपर्ने भनी गरेको व्याख्यासमेत यहाँ उल्लेखनीय देखिन्छः-

"We are unable to hold that merely because the source of the right which the respondent claims was initially in contract, for obtaining relief against any arbitrary and unlawful action on the part of a public authority he must resort ot a suit and not to a petition by way of a writ…"

१४. करारीय प्रकृतिको विषयमा साधारण र असाधारण क्षेत्राधिकारको प्रयोगको सम्बन्धमा उल्लिखित प्रचलन र अभ्याससमेतको आलोकमा विश्लेषण गर्दा, अदालतको क्षेत्राधिकारको सिर्जना वा त्यसको समाप्ति कानूनद्वारा मात्र हुने र यसको प्रयोग पनि प्रचलित नियम तथा स्थापित मूल्य र मान्यताअनुरूप नै हुनुपर्ने देखिन्छ। कुनै पनि काम कारबाही गर्न अधिकारै नभएको निकाय सो काम कारबाही गर्न सक्षम हुँदैन भन्ने विधिशास्त्रीय मान्यता रहिआएको पाइन्छ। सामान्यतः साधारण क्षेत्राधिकार अर्थात् वैकल्पिक उपचारको मार्ग विद्यमान छँदाछँदै असाधारण क्षेत्राधिकारअन्तर्गत मुद्दाको कारबाही गरिँदा पनि अधिकारक्षेत्रात्मक त्रुटि हुन जाने अवस्था आउँछ । यस्तो अवस्था आउनु स्वच्छ सुनुवाइसम्बन्धी मान्यताको प्रतिकूलसमेत हुन जान्छ । वस्तुतः वैकल्पिक उपचारको मार्ग विद्यमान छँदाछँदै असाधारण क्षेत्राधिकारबाट मुद्दाको कारबाही गर्न अदालत सक्षम नरहने विधिशास्त्रीय मान्यता नै हो। मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ६ ले यस मान्यतालाई देवानी कार्यविधि कानूनको आधारभूत सिद्धान्तका रूपमा स्वीकारसमेत गरेकै छ। यसलाई नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको स्वच्छ सुनुवाइका लागि सक्षम अदालतबाट सुनुवाइ हुनुपर्ने भन्ने प्रावधानसँग समेत जोडेर हेरिनुपर्ने देखिन्छ।[40]

१५. असाधारण क्षेत्राधिकारलाई अदालतको एक प्रकारको विशेषाधिकार (prerogative) रूपमा समेत लिने गरिन्छ । त्यसैकारण यो अधिकारको प्रयोगमा संविधानले नै सीमा लगाएका खास केही विषय र अदालतले स्वयं अवलम्बन गरेका आत्मसंयमका नियमहरूबाहेक राज्यका हरेक निकाय वा अधिकारीले गरेका निर्णयको न्यायिक पुनरावलोकन गर्ने अधिकार अन्तरनिहित रहेकै हुन्छ। सामान्यतः कुनै व्यक्तिहरूका बिचमा होस् वा व्यक्ति र राज्य वा राज्यका निकायसँग होस् करार भएपछि निज पक्षहरूको लागि सोही करारीय सर्त नै कानूनसरह लागु हुने तथा करारीय विवादमा प्रत्यक्ष रूपमै अदालतबाट उपचार खोजिनुपर्ने अवस्था <u>आइपरेमा पनि अ</u>दालतको असाधारण उपचारको

39 District Forest Officer, South Kheri v. Ram Sanehi Singh, (1971) 3 SCC 864: AIR 1973 SC 205: (1970) 1 SCR 194

40 International Covenant on Civil and Political Rights, 1966, art. 14.1:-
"…In the determination of any criminal charge against him, or of his rights and obligations in a suit at law, everyone shall be entitled to a fair and public hearing by a competent, independent and impartial tribunal established by law…"

मार्ग होइन साधारण उपचारको मार्ग नै अवलम्बन गर्नुपर्ने हुन्छ। **करारीय विषयवस्तु सन्निहित भएको अवस्थामा कुनै प्रशासकीय वा न्यायिक प्रकृतिको निर्णय गरेमा वा गर्ने कार्य अघि बढाएमा त्यस्तो करारीय विषयवस्तुका सम्बन्धमा भन्दा पनि राज्यको निकायले गर्न लागेको वा गरेको निर्णयका सम्बन्धमा अदालतले असाधारण क्षेत्राधिकार ग्रहण गरी उपचार प्रदान गर्न सक्ने नै देखिन्छ। विषयगत रूपमा आउने यस्ता करारीय विषयसँग सम्बन्धित विवादलाई अदालतले असाधारण क्षेत्राधिकार (रिट क्षेत्राधिकार) ग्रहण गर्न मिल्ने वा नमिल्ने भनी पहिल्यै समूहीकृत (categorized) गर्नु कानूनी र व्यावहारिक दृष्टिकोणबाट पनि उचित हुँदैन।** खासगरी, राज्यका निकाय वा अधिकारीले अधिकार क्षेत्रात्मक त्रुटि गरी निर्णय गरेकोमा, प्राकृतिक न्यायको सिद्धान्तको पालना नगरेमा, न्यायिक मनको प्रयोग नगरी निर्णय गरेकोमा, सान्दर्भिक नै नरहेको कुरालाई आधारमा लिई निर्णय गरेकोमा, अर्काको निर्देशनमा मात्र आधारित भई निर्णय गरेकोमा, पश्चात्‌दर्शी असर पर्ने गरी निर्णय गरेकोमा, कानूनविपरीत हुने गरी अधिकारको प्रयोग गरेकोमा, प्रवृत्त भावना राखी बदनियतका साथ अधिकारको प्रयोग गरेकोमा, स्वेच्छाचारी ढङ्गबाट अधिकारको प्रयोग गरेका जस्ता विषयमा प्रचलित कानूनमा अर्को उपचारको व्यवस्था छैन वा भए पनि त्यस्तो उपचार **"पर्याप्त"** वा **"प्रभावकारी"** छैन भने **विवादको अन्तरवस्तु (fact and circumstances of the case, the nature of action, the nature of injuries, infringement of right, issues involved, relief sought) समेतलाई विश्लेषण र विवेचना गरी अदालतले "न्यायको सुनिश्चितताको लागि" आफूमा अन्तरनिहित असाधारण क्षेत्राधिकारको प्रयोग गर्न सक्ने नै हुन्छ, तथापि राज्यका कार्य वा अकार्य संलग्न नभएको करारीय प्रकृतिको मुद्दाको तथ्यमा प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी निर्णय गर्नुपर्ने विषयमा भने असाधारण क्षेत्राधिकारको प्रयोग हुन सक्दैन।** तसर्थ, विषयवस्तुको प्रकृतिबाटै प्रस्तुत करारीय विवादको निरूपण तथ्यमा प्रवेश गरी प्रमाणको मूल्याङ्कन गरी गर्नुपर्ने देखिँदा यस विवादमा अदालतले असाधारण क्षेत्राधिकारको प्रयोग गर्नु उचित हुने देखिन आएन।

१६. प्रस्तुत रिट निवेदनमा यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।०६।२९ मा भएको आदेश मिलेको छ वा छैन ? तथा यी विपक्षी रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको पुनरावलोकनको निवेदन जिकिर पुग्न सक्ने हो वा होइन ? भन्ने अन्तिम प्रश्नतर्फ विचार गर्दा, विपक्षीहरूले कबुलियतनामाअनुसार बिक्री कर भुक्तानी नगरेकोले भुक्तानी गर्न परमादेशलगायतका आदेश जारी गरिपाउँ भनी रिट निवेदन पेस भएको देखिन्छ। तत्कालीन पुनरावेदन अदालत दिपायलको आदेशानुसार परेको रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुरको लिखित जवाफको बेहोरा हेर्दा, संविधानले जलस्रोतलगायत प्राकृतिक स्रोत साधन राष्ट्रहितमा प्रयोग गर्ने भन्ने व्यवस्था गरेको; निवेदकको विषय प्रत्यक्ष रूपमा उक्त आयोजनाको काम कर्तव्यभित्र नपर्ने; नदी नियन्त्रणका लागि सोही नदीकै नदीजन्य पदार्थ प्रयोग भएको; कर्णाली नदीको छेउछाउभन्दा नदी नियन्त्रणका लागि प्रयोग भएको सोही ठाउँको अर्थात् स्थानीय सामग्री स्थानीय ठाउँमा मात्र प्रयोग भएको माटो बालुवाको कर बुझाउने दायित्व यस आयोजनाको नभएको भनी उल्लेख भएको देखिन्छ। जल उत्पन्न प्रकोप कर्णाली नदी नियन्त्रण आयोजना, राजापुरले नदीजन्य पदार्थ एक ठाउँबाट अर्को ठाउँमा नलगेको भनी लिखित जवाफ पेस गरेको देखिन्छ।

१७. मूलतः मिति २०७१।०७।३० मा दानबहादुर शाही (मल्ल निर्माण सेवाको अख्तियारप्राप्त) र स्थानीय विकास अधिकारी (जिल्ला विकास समिति, कैलाली) का बिचमा बिक्री कर उठाउने कबुलियतनामा भएको भन्ने आधारमा निवेदकले रिट निवेदन पेस गरेको देखिन्छ। उक्त कबुलियतनामा हेर्दा, बिक्री करलगायतका आय सङ्कलन गर्ने सम्बन्धमा सर्तसहितको करारीय प्रकृतिको कबुलियतनामा भएको देखिन्छ। यस्तो करारीय प्रकृतिको विवादमा निवेदक अदालतको रिटको क्षेत्राधिकारबाट उपचार माग गरेको अवस्थामा रिटको क्षेत्राधिकारबाट करारीय प्रकृतिको विवादको निरूपण हुने हो, होइन तत्कालीन पुनरावेदन अदालत दिपायलबाट विश्लेषण हुन सकेको देखिँदैन। सो अदालतबाट निवेदक परमादेशसमेतको रिट लिएर आउनुभन्दा अगाडि सम्बन्धित निकायमा उपचारको माग (demand) गर्न गए, नगएको र त्यस्तो मागको अस्वीकार (refusal) भए, नभएको वा सम्बन्धित निकायले उक्त करारीय विषयमा कुनै निर्णय गरी त्यस्तो निर्णयलाई न्यायिक पुनरावलोकन (judicial review) गर्नुपर्ने अवस्था भए, नभएको सम्बन्धमा विश्लेषण गर्न सकेको देखिँदैन। साथै, रानी जमरा कुलरिया सिँचाइ आयोजना, टिकापुर नेपालको राष्ट्रियस्तरको गौरवको आयोजना रहेको भन्ने देखिन्छ। सो आयोजना उक्त कबुलियतनामाको पक्ष रहेको देखिँदैन, उक्त आयोजना कबुलियतनामाका पक्षहरूभन्दा फरक रूपमा छुट्टै रहेको देखिन्छ। राज्यबाट सञ्चालित कुनै विकास निर्माणसम्बन्धी आयोजनाले सार्वजनिक कानूनको स्पष्ट आधार बिना कुनै निजी व्यक्ति, संस्थालाई कर बुझाउनुपर्ने भन्न तर्कसङ्गत हुँदैन। उक्त आयोजनाले रिट निवेदकले दाबी लिएको बिक्री कर उठाउने वस्तु अन्यत्रबाट ल्याएको नभई त्यही योजनाकै रहेको भन्ने जिकिरसमेत लिएको देखिन्छ।

१८. करारीय हकको प्रचलन रिट क्षेत्राधिकारबाट नहुने माथिका प्रकरणहरूमा विवेचना गरिएकै छ। रिट क्षेत्राधिकारअन्तर्गत जारी हुने परमादेशको आदेश खास गरी स्पष्ट रूपमा संविधान वा अन्य कानूनले कुनै सार्वजनिक निकाय वा अधिकारीलाई तोकिदिएको कर्तव्य पालना नभएमा त्यस्तो कर्तव्य पालना गर्न गराउन अदालतबाट जारी गरिने आदेश हो। परमादेशको रिटको माग गरी अदालतमा आउने व्यक्ति त्यस्तो सार्वजनिक कानूनी कर्तव्य भएको र उक्त निकायसमक्ष उपचार माग्न (demand) गएको र सम्बन्धित निकाय वा व्यक्तिले उपचार दिन अस्वीकार (refusal) गरेको अवस्था देखाएर मात्र अदालत प्रवेश गरेको हुनुपर्दछ। सारतः रिटको आदेश भनेको कुनै विशेष अवस्था परेमा मात्र अदालतबाट जारी गरिने आदेश भन्ने नै देखिन्छ। प्रस्तुत विवादमा रिट निवेदक करारको यथावत् परिपालना वा क्षतिपूर्ति वा अन्य करारीय हक अधिकारको लागि अर्थात् विपक्षीबाट करारीय दायित्व परिपालना गर्न गराउन सार्थक प्रयासै नगरी साधारण अदालती क्षेत्राधिकारबाट कानूनी उपचार नखोजी सामान्य करारीय विषयलाई विशेष र गम्भीर अवस्था परेको जस्तो अतिरञ्जित गरी सिधै अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गत पर्ने रिटको क्षेत्राधिकारमा प्रवेश गरेको अवस्था देखिँदा यसप्रकारको कानूनी उपचारको मार्ग अवलम्बन गर्नु अदालतको विशेषाधिकारको अवधारणाकै प्रतिकूलसमेत देखिन आउँछ।

१९. विशेषतः सार्वजनिक दायित्व भएको राज्य वा राज्यको कुनै निकायसँग भएको करारमा सार्वजनिक प्रकृतिको कुनै कानूनी कर्तव्य पूरा नगरेको र सोउपर अन्य उपचार नभएमा वा भए पनि प्रभावकारी उपचार नभएको अवस्थामा रिटको क्षेत्राधिकार आकर्षित हुने हो। तर जहाँ सार्वजनिक निकायलाई विपक्षी बनाइएको भए तापनि विवादित विषयमा त्यस्तो निकायको सार्वजनिक कर्तव्य नै छैन वा त्यसको

प्रत्यक्ष संलग्नता छैन वा भए पनि वैकल्पिक उपचार जस्तैः करारबमोजिम गराइपाउँ वा हर्जना भराइपाउँ वा हिसाब गरिपाउँ भन्ने जस्ता देवानी प्रकृतिको मुद्दा वा मध्यस्थता जस्ता उपचारको मार्ग प्रशस्त छ भने सोही मार्गबाट उपचारको खोजी गर्नुपर्दछ । प्रस्तुत विवादमा रिट निवेदक र जिल्ला विकास समितिबिच करारीय कबुलियत भएको भन्ने देखिँदा प्रस्तुत विवाद मूलतः रिट निवेदक र जिल्ला विकास समितिबिचमा रहेको करारीय प्रकृतिको विवाद रहेको पुष्टि हुन आएको अवस्था छ । प्रस्तुत करारीय प्रकृतिको विवादमा वैकल्पिक उपचारको अवस्था रहेको देखिएकै छ । निवेदकको कुनै मौलिक वा अन्य कानूनी हकको उल्लङ्घन भएको अवस्था पनि देखिएको छैन । प्रस्तुत रिट निवेदनको मूल विषय नै करार (कबुलियत) को यथावत् परिपालनासम्बन्धी विवाद रहेको भन्ने कुरा माथिका प्रकरणहरूबाट देखिएकै अवस्था छ । यस्तो अवस्थामा स्वभावैले पनि करारीय प्रकृतिको लिखतबाट सार्वजनिक कर्तव्य (public duty) सिर्जना नहुने हुँदा व्यक्ति-व्यक्तिबिचमा भएको त्यस्तो लिखतबाट सिर्जित व्यक्तिगत कर्तव्य (private duty) को पालना गर्न गराउन भनी परमादेशको आदेश जारी गर्न मिल्ने हुँदैन । सामान्य अवस्थामा करारको यथावत् परिपालना गर्ने गराउने प्रयोजनका खातिर अदालतले रिट क्षेत्राधिकार ग्रहण गरी उपचार प्रदान गर्दा रिटको आधारभूत सिद्धान्तकै प्रतिकूल हुन जाने देखिन्छ ।

२०. साथै, प्रस्तुत विवादको विषय नदीजन्य पदार्थको बिक्री करसँग सम्बन्धित रहेको देखिन्छ, जुन वातावरणसँग प्रत्यक्ष सम्बन्धित रहेको हुँदा यसलाई वातावरण संरक्षणको आलोकमा हेर्दा, सामूहिक र बृहत्तर हितको तुलनामा व्यक्तिगत प्रकृतिको हित हावी हुन नहुने विधिशास्त्रीय अवधारणा रहको छ । समग्र वातावरणीय हकमा नै प्रतिकूल असर पुग्ने गरी करारीय हक जस्ता सीमित प्रकृतिको हकले महत्त्व पाउन सक्ने पनि हुँदैन । वातावरण संरक्षणको विषय कुनै व्यक्तिगत सम्बन्धको विषय नभई नागरिकका कर्तव्य, राज्यको दायित्व तथा वैश्विक महत्त्वसमेतको विषय भएकोले यसलाई हाम्रो संवैधानिक एवं अन्य कानूनी प्रावधान तथा अदालती अभ्यासबाट समेत विशेष महत्त्वका साथ हेरेको पाइन्छ ।[41] यस दृष्टिबाट हेर्दा, राष्ट्रिय स्तरको आयोजनाबाट नदीजन्य पदार्थको बिक्री कर उठाउन पाउनुपर्ने भनी करारीय दायित्वको विषयमा सोझै रिट क्षेत्राधिकारबाट उपचार माग गरेको निवेदकको रिट दाबी वातावरणीय न्यायको रोहबाट समेत न्यायोचित देखिँदैन । तसर्थ, करारीय प्रकृतिको प्रस्तुत विवादको विषयमा रिट क्षेत्राधिकारबाट हस्तक्षेप गर्नु मनासिब र न्यायोचित नहुने देखिँदा, रिट आदेश जारी गरेको तत्कालीन पुनरावेदन अदालत दिपायलको आदेश सदर हुने ठहर गरेको यस अदालतको संयुक्त इजलासको आदेशसँग सहमत हुन सकिएन ।

२१. अतः उल्लिखित आधार, कारणबाट प्रस्तुत रिट निवेदनको विषयवस्तु सामान्य करारीय प्रकृतिको देखिँदा सामान्यतः करारीय विवादको विषयमा अदालतले रिटको क्षेत्राधिकारबाट हस्तक्षेप गर्नु न्यायोचित नहुने हुँदा, रिट निवेदन खारेज गर्नुपर्नेमा त्यसो नगरी रिट निवेदकको माग दाबीबमोजिम विपक्षी जिल्ला विकास समिति र रानी जमरा कुलरिया सिँचाइ

41 हेर्नुहोस्:
- नेपालको संविधान धारा ३०, धारा ५१(छ), अनुसूची ९ आदि ।
- भू तथा जलाधार संरक्षण ऐन, २०३९; खानी तथा खनिज पदार्थ ऐन, २०४२, जलस्रोत ऐन, २०४९; वातावरण संरक्षण ऐन, २०७६; वन ऐन, २०७६ आदि ।
- रामकुमार आचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, विषयः उत्प्रेषणसमेत, (ने.का.प. २०७०, अङ्क १, नि.नं.८९४२, संयुक्त इजलास); शिवप्रसाद पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, विषयः उत्प्रेषणसमेत, (ने.का.प. २०७०, अङ्क ७, नि.नं.९०३०, संयुक्त इजलास); तुलसी सिंखडा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, विषयः उत्प्रेषणसमेत, (ने.का.प. २०७५, अङ्क १०, नि.नं.१०१०९, संयुक्त इजलास); ताराबहादुर बुढाथोकी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत, विषयः उत्प्रेषणसमेत, (ने.का.प. २०७५, अङ्क १२, नि.नं.१०१५४, संयुक्त इजलास) आदि ।

आयोजना, टिकापुरका नाउँमा परमादेशको आदेश जारी हुने तथा जिल्ला विकास समिति कैलालीका नाउँमा निषेधाज्ञाको आदेशसमेत जारी हुने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत दिपायलको मिति २०७२।०५।२९ को आदेश सदर हुने ठहर गरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७४।०६।२९ को भएको आदेश मिलेको नदेखिँदा उल्टी भई रिट निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत आदेशको प्रतिलिपिसमेत साथै राखी यो आदेशको जानकारी विपक्षीलाई दिनू। प्रस्तुत आदेशको प्रति यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी दायरीको लगत कट्टा गर्नू र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा हामी सहमत छौँ।
न्या.डा.आनन्दमोहन भट्टराई
न्या.तिलप्रसाद श्रेष्ठ

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली
इति संवत् २०८० साल मार्ग २१ गते रोज ५ शुभम्।

§§ 📖 §§

निर्णय नं. ११३७३

सर्वोच्च अदालत, पूर्ण इजलास
माननीय न्यायाधीश श्री कुमार रेग्मी
माननीय न्यायाधीश श्री शारङ्गा सुवेदी
माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल
आदेश मिति : २०८०।९।२६
०७७-NF-०००३

मुद्दाः उत्प्रेषणयुक्त परमादेशसमेत

पुनरावलोकनकर्ता / विपक्षी : नेपाल राज्यका महान्यायाधिवक्ताको कार्यालय

विरूद्ध

प्रत्यर्थी / रिट निवेदक : काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं.२ बस्ने पुकारनरसिंह राणासमेत

- **व्यक्तिमाथि फौजदारी अभियोगमा अभियोजन गर्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार कानूनले तोकेबमोजिमको संवैधानिक वा कानूनी निकायलाई मात्र हुने। संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो अधिकार महान्यायाधिवक्ताको कार्यालय र सोअन्तर्गतका सरकारी वकिल कार्यालयलाई मात्र हुने । मुद्दाको कुनै विवादमा दुवै पक्षको भनाइ सुनी प्रमाणको मूल्याङ्कन गरी निर्णय सुनाउने निकायले अभियोजन गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्ने वा निर्णायक आदेश जारी गर्न नमिल्ने।**
- **तर कुनै विवादको सम्बन्धमा अभियोजनको अन्तिम निर्णयमा बाध्यात्मक आदेश नगरी दिइएका सुझाव वा धारणालाई**

अन्यथा अर्थ गरी कानूनबमोजिम भएको अभियोजनलाई कानूनविपरीत भन्न नमिल्ने ।

(प्रकरण नं.५)

रिट निवेदकका तर्फबाट : विद्वान् सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी
विपक्षीका तर्फबाट :
पूरक अभियोगका जाहेरवालाका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ता श्री विनोद कार्की
अवलम्बित नजिर :
सम्बद्ध कानून :

- नेपालको संविधान
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४
- नेपालको अन्तरिम संविधान, २०६३
- कम्पनी ऐन, २०६३
- वैदेशिक रोजगार ऐन, २०६४
- सरकारी मुद्दासम्बन्धी ऐन, २०४९

यस अदालतको संयुक्त इजलासमा फैसला गर्ने:
माननीय न्यायाधीश श्री दामोदरप्रसाद शर्मा
माननीय न्यायाधीश श्री जगदीश शर्मा पौडेल

आदेश

मुद्दाको संक्षिप्त तथ्य

न्या.कुमार रेग्मी : तत्कालीन नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७ को उपधारा २ बमोजिम यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।०५।२४ मा भएको फैसलाउपर न्याय प्रशासन ऐन, २०७३ को दफा ११ उपदफा २ को खण्ड (ख) बमोजिम पुनरावलोकन हुने अनुमति प्रदान भई यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं आदेश यस प्रकार रहेको छः-

रिट निवेदन

दक्षिण कोरियामा प्रशिक्षार्थी कामदार पठाउन मुनड्रप्स ओभरसिज सर्भिसेज प्रा.लि. छनौट भएकाले कामदार पठाउने सम्बन्धमा दक्षिण कोरिया स्थित साना तथा मझौला संघ (KFSB) र मुनड्रप्स ओभरसिज सर्भिसेज प्रा.लि.बिच मिति २०५९।१२।२६ तदनुरूप अप्रिल ९, २००३ मा सम्झौता भएको थियो । सम्झौतामा उक्त प्रा.लि.ले नेपालमा तालिम, हवाई शुल्क, कोरियामा हुने तालिम, काममा सहभागी हुनुअघि लाग्ने खर्च, बिमा खर्च, सेवा शुल्कबापत १२९२।- डलर बराबरको रकम लिन पाउने उल्लेख थियो । कामदारबाट लिन पाउने रकम उक्त प्रा.लि.को लेखा शाखामा बुझाई रसिद लिनुपर्ने भनी मुनड्रप्स ओभरसिज प्रा.लि.को सूचना पार्टीमा र सार्वजनिक सञ्चार माध्यममा सूचना प्रकाशन गरेको थियो । एजेन्ट तथा व्यक्तिलाई रकम लिन पाउने र बुझाउने व्यवस्था थिएन । दक्षिण कोरियाबाट प्रशिक्षार्थी कामदार माग भई आएपछि सार्वजनिक सूचना प्रकाशन गरी प्रतिस्पर्धा गराई सम्झौतामा उल्लिखित सर्तहरू पूरा गरी २१५५ जना कामदार पठाइएको थियो । हाल दक्षिण कोरियामा प्राइभेट कम्पनीले कामदार पठाउन पाउने व्यवस्था बन्द भइसकेको छ । Man power कम्पनीले कामदार पठाउन पाउने व्यवस्था बन्द भइसकेपछि मिति २०६४।०६।०५ मा दक्षिण कोरियामा रोजगारीको लागि पठाइदिन रकम लिई नपठाएको भनी केही अपरिचित व्यक्तिहरूले मुनड्रप्स ओभरसिजमा आई अवाञ्छित क्रियाकलाप गरी ओभरसिजमा भौतिक क्षति पुऱ्याई हामी सञ्चालकहरूलाई शारीरिक क्षतिको समेत धम्की दिएकाले मिति २०६४।०६।०६ मा महानगरीय प्रहरी वृत्त महाराजगन्जमा शान्ति सुरक्षा गरिपाउन निवेदन गरेका थियौं ।

उक्त प्रहरी वृत्तले मिति २०६४।०६।०८ मा केही कुरा बुझ्न बोलाएकोमा सो प्रा.लि.का पूर्व कर्मचारी प्रकाश सेवा र असिम विक्रम शाहलाई पक्राउ गरिएको

थियो । सोनाली मेनपावरका श्यामप्रसाद उप्रेती र टाईटानिक टुर्स एन्ड ट्राभल्स एजेन्सीका सञ्चालक उत्सव श्रेष्ठलाई दक्षिण कोरियामा कामदार पठाउन रकम उठाएको र प्रकाश सेवा तथा असिम विक्रम शाहले लिएको रकम सम्बन्धमा हामीसँग सोधपुछ गर्दा सञ्चालकको कुनै संलग्नता नरहेको भनी प्रस्ट पारेका थियौं । पछि श्रम तथा रोजगार प्रवर्धन विभागमा पनि संस्थागत र व्यक्तिगत रूपमा संलग्नता नरहेको बताएका थियौं । अनुसन्धानको क्रममा वैदेशिक रोजगार विभागबाट मिति २०६४।०७।२९ मा "अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक" र मिति २०६४।०८।०१ मा "नयाँ पत्रिका" मा हामी निवेदकसमेतलाई कसैले वैदेशिक रोजगार प्रयोजनको लागि रकम बुझाएको भए सप्रमाण विभागमा दाबी गर्न आउनु भनी सूचना प्रकाशन हुँदा कसैले पनि हामी निवेदकलाई रकम बुझाएको भनी दाबी नगरेको कारण हामी निवेदकको हकमा मुद्दा चल्न नसक्ने भन्ने बेहोराले विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले मिति २०६४।०८।२५ मा निर्णय गरेको थियो । फूर्पा लामासमेत ९७ जनाको जाहेरीले वादी नेपाल सरकार विरूद्ध असिम बिक्रम शाहसमेत चार जनाको हकमा काठमाडौं जिल्ला अदालतमा मुद्दा दर्ता भई वैदेशिक रोजगार न्यायाधिकरणको गठन भएपछि उक्त मुद्दा सो न्यायाधिकरणमा सरी हाल विचाराधीन अवस्थामा छ । ९७ जनाको जाहेरी दरखास्तमा हामीलाई रकम बुझाएको भन्ने बेहोरा उल्लेख छैन । सो मुद्दामा हामीलाई वैदेशिक रोजगार न्यायाधिकरणले अ.बं.१३९ नं.बमोजिम झिकाई बयान गराउँदा हामीले भएको यथार्थ कुरा खुलाई बयान गरेका छौं । विपक्षी वैदेशिक रोजगार विभागले हामी निवेदकलाई बयान गराई तारिखमा राखेकोमा तारिख टुटाइयो । तारिख टुटेपछि के भइरहेको थियो भन्ने थाहा थिएन । पछि काम विशेषले वैदेशिक रोजगार विभागमा जाँदा हामीउपर पूरक अभियोगपत्र दायर भएको बुझिन आएकाले विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणमा गई बुझ्दा सो न्यायाधिकरणबाट मिति २०६८।०३।१२ मा हामीउपर मुद्दा चलाउन आदेश गरेको रहेछ ।

वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।०३।१२ मा श्यामप्रसाद उप्रेतीउपर चलेको मुद्दामा प्रतिकूल असर पार्ने गरी अधिकारक्षेत्र नाघी मुलुकी ऐन अ.बं.८८ नं.बमोजिम पूरक अभियोगपत्र पेस गर्ने आदेश भई तदनुरूप जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं र वैदेशिक रोजगार विभागमा लेखी पठाई मिति २०६९।०६।१५ मा विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले हामीउपर पनि सोही कसुरमा मुद्दा चलाउने भनी निर्णय गरी पहिले दायर भएको मुद्दाका प्रतिवादी श्यामप्रसाद उप्रेतीले दाबी गरेको बिगोमा मिति २०६९।१०।०७ मा पूरक अभियोगपत्र दायर भएको रहेछ । फुर्पा लामासमेतको जाहेरीले अनुसन्धान भई अनुसन्धान अधिकृतले विपक्षी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा पेस गरेको अनुसन्धान प्रतिवेदन तथा सङ्कलित प्रमाणको आधारमा हामीउपर मुद्दा नचल्ने भनी निर्णय भइसकेको छ । एक पटक साधिकार निकाय जिल्ला सरकारी वकिल कार्यालयले मुद्दा नचलाउने भनी निर्णय गरिसकेपछि पुनः मुद्दा चलाउने गरी निर्णय गर्नु कानूनविपरीत हुन्छ ।

न्यायाधिकरणलगायतका अदालत न्यायिक तटस्थतामा रहनुपर्दछ भन्ने स्वतन्त्र न्यायपालिकाको विशेषता र चरित्र हो । न्यायाधिकरण आफैँले आदेश गरेर कोही कसै विरूद्ध अभियोगपत्र पेस गर भनेर आदेश गर्नु संविधानको भावना र मर्मविपरीत कार्य हो । वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६४ बमोजिम वैदेशिक रोजगार विभागबाट सजाय हुनेबाहेक ऐनमा उल्लिखित अन्य मुद्दामा सुरू कारबाही र किनारा गर्ने क्षेत्राधिकार उक्त न्यायाधिकरणलाई प्राप्त छ । त्योबाहेक अन्य निकायलाई कुनै निर्देशन वा आदेश दिने अधिकार छैन । अधिकारक्षेत्र नाघी आदेश गरेमा त्यो स्वतन्त्र न्यायपालिकाको विरूद्ध कार्य हुन्छ । ऐनको

दफा ६५ अनुसार वैदेशिक रोजगार न्यायाधिकरणमा दायर भएका मुद्दामा संक्षिप्त कार्यविधि ऐन, २०२८ लागु हुन्छ। अनुसन्धान र अभियोगको हकमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ लागु हुन्छ। तथापि सरकार वादी हुने मुद्दामा तथा कानूनले नै अदालतले कारबाही चलाउनुपर्ने भनिएको अवस्थामा बाहेक उक्त संक्षिप्त कार्यविधि ऐनको दफा ५(४) कुनै हालतमा आकर्षित हुँदैन। मिति २०६८।०३।०१ मा हाजिर भई बयान गर्दा कुनै कारबाही नगरिएकोमा न्यायाधिकरण स्वयंले पूरक अभियोगपत्र दायर गर्न विपक्षी जिल्ला सरकारी वकिल कार्यालयसमेतलाई आदेश गरिएबाट पनि सो दफा आकर्षित नहुने प्रस्ट छ।

प्रतिद्वन्द्वात्मक कानून प्रणालीमा वैदेशिक रोजगार न्यायाधिकरणसमेतको काम न्याय निरूपण गर्नु मात्र हो। अनुसन्धान तथा अभियोजन गर्नु होइन। वैदेशिक रोजगार विभाग र जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंलाई मुद्दा चलाउन निर्देशन दिएको विपक्षी न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेश न्यायको मान्य सिद्धान्तविपरीत छ। त्यसैगरी एक पटक मुद्दा नचलाउने गरी गरेको निर्णयउपर पुनः आफैँले प्रश्न उब्जाई जिल्ला सरकारी वकिल कार्यालयलाई मुद्दा चलाउने निर्णय गर्न सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ ले अधिकार दिएको छैन। त्यसैले उक्त आदेश एवं निर्णय क्षेत्राधिकारविहीन भई असंवैधानिक छ। त्यसमा पनि पहिलो विचाराधीन मुद्दाको अनुसन्धान अधिकृत र अभियोजनकर्ताउपर कारबाही गर्न लेखी पठाउने गरी भएको आदेशले हाल पेस भएको मुद्दाको अनुसन्धानकर्ता एवं अभियोजनकर्तालाई पनि पूर्ण रूपमा नियन्त्रणमा राख्न सक्ने अवस्था भएकाले अनुसन्धानकर्ता र अभियोजनकर्ताले पूरक अभियोगपत्र पेस गरेको भन्ने प्रस्ट हुन आएको छ। सार्वजनिक पदाधिकारीले राज्यको काम कानूनबमोजिम गर्नु पर्दछ। कानूनको शासनको सिद्धान्तअनुसार अन्य निकायको अधिकारमा पनि अतिक्रमण गर्न हुँदैन। मुद्दा हेर्ने पदाधिकारी एवं निकायले नै हामीहरूलाई सफाइ दिने आधार खण्डित भएको भन्दै मिति २०६८।०३।१२ मा उक्त आदेश भएकोले हामीले विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणबाट न्याय पाउने अवस्था समाप्त भइसकेको छ। आदेशबाटै अप्रत्यक्ष फैसला गरिएको छ।

फौजदारी कसुरमा अभियोग अर्कोमा सर्न सक्दैन। कम्पनी ऐन, २०६३ को दफा १०३ र १०४ का व्यवस्था देवानी दायित्वमा लागु हुने व्यवस्था हो। फौजदारी कसुरमा लागु हुँदैन। मुद्दामा साक्षीको बकपत्र अभियोगपत्रको थप सबुद प्रमाण हुन सक्दैन। प्रकाश सेवाले जाहेरवालाको रकम लिएको कुरा इन्कार गरे भन्दैमा त्यो हामी निवेदक विरूद्धको प्रमाण हुन सक्दैन। निवेदकहरूले एजेन्टको कार्य गरेको भन्ने तथ्य वैदेशिक रोजगार ऐन, २०४२ को विपरीत छ। किनभने सो ऐनले एजेन्ट राख्न पाउने कार्यलाई पूर्ण रूपमा वर्जित गरेको छ। असिमविक्रम शाह र प्रकाश सेवाले हामी सञ्चालक निवेदकहरूको आदेशमा रकम बुझेको भन्न सकेको अवस्था छैन। वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेशको आधारमा हामीउपर पूरक अभियोगपत्र दायर गर्ने भनी भएको जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको निर्णय मुलुकी ऐन, अ.बं.२९, ३५, ८८ नं., संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ५(४), सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७(२), वैदेशिक रोजगार न्यायाधिकरण ऐन, २०६४ को दफा ६४(१) र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२)(६) समेतको विपरीत भई हाम्रो मौलिक हक प्रचलनमा आघात पुगेकोले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी आवश्यक आदेश जारी गरिपाऊँ। साथै वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेशबमोजिम दायर भएको

पूरक अभियोगपत्रबमोजिमको कुनै कार्य नगर्नु नगराउनु भनी विपक्षीहरूको नाममा अन्तरिम आदेशसमेत जारी गरिपाउँ भन्नेसमेत बेहोराको निवेदकहरू पुकार नरसिंह राणा, प्रभाकर नरसिंह राणा, प्रसिद्ध नरसिंह राणा र ताराप्रसाद भट्टराईले यस अदालतमा पेस गरेको मिति २०७०।०२।२० को रिट निवेदन।

यस अदालतको संयुक्त इजलासको आदेश

यसमा १५ दिनभित्र लिखित जवाफ पठाउनु भनी विपक्षीहरूलाई सूचना दिनू। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५(२) मा कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने छ भन्ने संवैधानिक व्यवस्था रहेको देखिन्छ। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१ ले मुद्दा दायर गर्ने अधिकारी र दफा ६४ ले मुद्दाको निर्णय गर्ने अधिकारीको व्यवस्था गरेको पाइन्छ । नेपाल सरकार वादी हुने फौजदारी मुद्दामा कुनै व्यक्ति विशेषलाई प्रतिवादी कायम गर्न लगाई मुद्दा दायर गर्न लगाउन सक्ने गरी मुद्दा निर्णय गर्ने अधिकारीलाई प्रचलित कुनै कानूनले अधिकार प्रदान गरेको देखिन नआएकाले विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।०३।१२ मा अ.बं.८८ नं.बमोजिम निवेदकहरूउपर अभियोगपत्र पेस गर्नु भनी गरेको आदेश नेपालको अन्तरिम संविधान, २०६३, प्रचलित कानून, स्वच्छ सुनुवाइको सिद्धान्त (Principal of Fair Trial) तथा न्यायिक परम्परा र मूल्य मान्यताअनुकूल नदेखिएको हुँदा विचाराधीन मुद्दाको कारबाही किनारा गर्ने कुरामा कुनै असर नपर्ने गरी यो रिट निवेदनको अन्तिम किनारा नभएसम्म विपक्षी वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को निवेदकहरूको हकमा पूरक अभियोग पेस गर्नु भन्ने आदेश र सो आदेशको आधारमा मिति २०६९।०६।१५ मा पेस भएको पूरक अभियोगपत्रबमोजिम कुनै काम कारबाही नगर्नु नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१(१) बमोजिम विपक्षीहरूका नाममा अन्तरिम आदेश जारी गरिदिएको छ भन्नेसमेत बेहोराको यस अदालतको मिति २०७०।०२।२२ को आदेश।

जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको लिखित जवाफ

रिट निवेदकहरूका विरूद्ध वैदेशिक रोजगार ठगी गरेको भनी श्यामप्रसाद उप्रेतीसमेतको उजुरी परी अनुसन्धान हुँदा वैदेशिक रोजगार न्यायाधिकरणमा साक्षी परीक्षणका क्रममा निजहरूको संलग्नता देखिने आधार बकपत्रसमेतबाट खुलेको भन्ने आधारमा वैदेशिक रोजगार विभागबाट अनुसन्धान भई रायसहितको निर्णयका लागि यस कार्यालयमा प्राप्त हुन आएकोमा यस कार्यालयबाट मिति २०६९।०६।१५ मा यी निवेदकहरूका विरूद्ध पूरक अभियोगपत्र दायर गर्न निर्णय भएको हो । रिट निवेदकहरूका विरूद्ध मुद्दा चल्नुपर्ने निर्णय गर्नुको आधार वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेश मात्र होइन । निजहरूका विरूद्ध पछि पर्न आएका उजुरीमा निजहरूको कसुरमा संलग्नता खुलेको प्राप्त प्रमाणहरूको आधारमा निर्णय भएको हो भन्ने देखिँदा देखिँदै सो कुरालाई बेवास्ता गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको आदेशको आधारमा निर्णय भई मुद्दा दायर भएको भने शंका र अनुमानको आधारमा प्रस्तुत रिट दायर हुन आएकोले खारेज गरिपाउँ भन्नेसमेत बेहोराको जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको तर्फबाट यस अदालतसमक्ष पेस भएको मिति २०७०।०३।१० को लिखित जवाफ।

वैदेशिक रोजगार न्यायाधिकरणको लिखित जवाफ

जाहेरवालाहरूले वैदेशिक रोजगारको लागि दक्षिण कोरिया जान मुनड्रप्स ओभरसिज सर्भिसेजमा

रकम बुझाएको भनी जाहेरीमा उल्लिखित बेहोरालाई समर्थन गरी बकपत्र गरेको देखिन आएको छ । उक्त प्रा.लि.को लेटरप्याडमा कार्यकारी निर्देशक पुकार नरसिंह राणाको निर्देशनमा मार्केटिङ अफिसर असिम विक्रम शाहको मौखिक भनाइमा ज्ञानेन्द्र कार्कीमार्फत ३७ जना व्यक्तिहरूको राहदानी र रू.३७,००,०००।- प्रकाश सेवाले लिएको भन्ने कुरा मिति २०६३।०३।१७ को भरपाईबाट देखिन्छ । कम्पनी ऐन, २०६३ को दफा १०३ र १०४ मा कर्मचारी वा एजेन्टले गरेको काम कारबाहीमा कम्पनीको दायित्व रहने व्यवस्था छ । सो प्रा.लि.का कर्मचारीहरू असिम विक्रम शाह र प्रकाश सेवाले श्यामप्रसाद उप्रेतीसमेतबाट रू.२,२८,१९,०००।- ठगी गरेकोले हर्जानासमेत रू.३,४४,२८,५००।- भराई पाउन अभियोग लगाई मुनड्रप्सका सञ्चालकहरू पुकार नरसिंह राणा, प्रसिद्ध नरसिंह राणा, प्रभाकर नरसिंह राणा र ताराप्रसाद भट्टराईको हकमा प्रमाण अभाव भएको भनी अनुसन्धान अधिकृत र जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंका जिल्ला न्यायाधिवक्ताले करोडौंको बिगो र हर्जानासमेत कामदारबाट भरिपाउन मागदाबी लिई प्रमाणको मूल्याङ्कन नगरी सञ्चालकहरूलाई उन्मुक्ति दिई मिति २०६४।०८।२५ मा निर्णय गरी यी निवेदकहरूउपर मुद्दा नचलेको कार्य त्रुटिपूर्ण हुँदा अ.बं.८८ नं.बमोजिम पूरक अभियोग पेस गर्ने नगर्ने सम्बन्धमा यो आदेशसमेतका आवश्यक कागजातको प्रतिलिपि राखी जिल्ला सरकारी वकिल कार्यालय र वैदेशिक रोजगार विभागलाई लेखी पठाई सोको बोधार्थ तथा कार्यार्थ महान्यायाधिवक्ताज्यूलाई दिने भनी आदेश भएको हो ।

जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट यी प्रतिवादीहरूउपर पछि प्रमाणसहित उजुरी परेमा कानूनबमोजिम हुने भनी मिति २०६४।०८।२५ मा निर्णय भएकोले यी प्रतिवादीउपर श्यामप्रसाद उप्रेतीको किटानी जाहेरी परेको र प्रकाश सेवामार्फत कम्पनीको लेटरप्याडमा निवेदकहरूले रकम बुझी लिएको कागज मिसिल सामेल रहेकोले यी निवेदकहरूलाई प्रतिवादी कायम गरी मुद्दा दायर गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट मिति २०६९।०६।१५ मा निर्णय भई मिति २०६९।१०।०७ मा निवेदकहरूलाई प्रतिवादी कायम गरी दायर भएको अभियोगपत्र कारबाहीयुक्त अवस्थामा रहेको छ । यस न्यायाधिकरणको आदेशले निवेदकहरूलाई असर हुने भए कानूनबमोजिम तत्काल समयभित्र आदेश बदर गराउनुपर्नेमा आदेश बदर पनि नगराएको र पूरक अभियोग पेस भई मुद्दा विचाराधीन रहेको हुँदा मुद्दाको अन्तिम सुनुवाइ हुँदाको बखत तथ्य, प्रमाण र कानूनको विवेचना गरी निर्णय हुने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको वैदेशिक रोजगार न्यायाधिकरणको तर्फबाट यस अदालतसमक्ष पेस भएको मिति २०७०।०३।१० को लिखित जवाफ ।

<u>वैदेशिक रोजगार विभागको लिखित जवाफ</u>

निवेदकहरूले आफूहरू सञ्चालक रहेको मुनड्रप्स ओभरसिज प्रा.लि.मार्फत वैदेशिक रोजगारमा कामदारलाई दक्षिण कोरिया पठाउने भनी रकम उठाई विदेश पनि नपठाएको र रकम पनि फिर्ता नगरेको सम्बन्धमा आवश्यक अनुसन्धान गरी दायर भएको मिति २०६४।०८।२६ को मुद्दा विचाराधीन रहेको अवस्थामा पूरक अभियोग पेस गर्ने सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंसंग राय माग गरेको थियो । जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको मिति २०६९।०६।१५ को निर्णयबमोजिम पूरक अभियोग पेस गरेको कानूनसम्मत कार्यले निवेदकहरूको हक अधिकार हनन भएको भन्न मिल्दैन । अनुसन्धान अधिकृतले सरकारी वकिलको राय लिई पूरक अभियोग दर्ता गर्न पाउने नै हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको

विपक्षी वैदेशिक रोजगार विभागको तर्फबाट यस अदालतसमक्ष पेस भएको मिति २०७०।०३।११ को लिखित जवाफ।

महान्यायाधिवक्ताको कार्यालयको लिखित जवाफ

रिट निवेदकले यस कार्यालयको के कुन काम कारबाही वा निर्णयले निजहरूको मौलिक हक हनन् भएको हो भन्ने कानूनी आधार देखाउन नसकेको हुँदा प्रस्तुत रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षी महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट यस अदालतसमक्ष पेस भएको मिति २०७०।०३।१६ को लिखित जवाफ।

यस अदालतको संयुक्त इजलासको आदेश

यसमा यी निवेदकउपर मुद्दा चलाउने गरी भएको निर्णयसहितको फाइल जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट झिकाई फूर्पा लामाको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी असिम बिक्रम शाहसमेत भएको वैदेशिक रोजगार मुद्दाको मिसिल र यी निवेदकहरूको हकमा जिल्ला सरकारी वकिल कार्यालयबाट पेस भएको पूरक अभियोग पत्रसहितको मिसिल पेसीको दिन इजलाससमक्ष देखाई फिर्ता लाने गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट झिकाई नियमानुसार पेस गर्नु भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासबाट भएको मिति २०७१।०३।०९ को आदेश।

यस अदालत संयुक्त इजलासको आदेश

प्रस्तुत रिट निवेदनमा सरिक गराइपाउँ भन्नेसमेत बेहोराले श्यामप्रसाद उप्रेतीको तर्फबाट पेस भएको निवेदनमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४२(२) बमोजिम निवेदकलाई प्रस्तुत रिट निवेदनको कारबाहीमा संलग्न हुन अनुमति दिइएको छ भन्ने बेहोराको यस अदालत संयुक्त इजलासबाट भएको मिति २०७१।०४।१९ को आदेश।

प्रस्तुत रिट निवेदनका पक्ष विपक्षबाट पेस हुन आएको बहसनोट मिसिल सामेल रहेको छ।

यस अदालत संयुक्त इजलासको फैसला

कानूनबमोजिम अख्तियारप्राप्त अधिकारीबाट भएको अनुसन्धान तहकिकातबाट सङ्कलित सबुद प्रमाणबाट यी रिट निवेदकहरू कसुरदार नदेखिएको भन्ने आधारमा मुद्दा नचल्ने गरी सरकारी वकिल कार्यालयबाट निर्णय भई सोही निर्णयको आधारमा निजहरूको हकमा अभियोगपत्र पेस नभएपछि निजहरूलाई सोही कसुरमा पुनः अनुसन्धान तहकिकात गरी पूरक अभियोजन गर्ने गरेको विपक्षी निकायहरूको कार्यलाई प्रचलित संविधान एवं कानून र न्यायिक मूल्य मान्यताअनुरूपको मान्न मिल्ने देखिन आएन । अतः वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।०३।१२ मा भएको आदेशको आधारमा यी निवेदकहरूउपर अभियोगपत्र पेस गर्ने भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले गरेको मिति २०६९।०६।१५ को निर्णय र वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेश न्यायको मान्य सिद्धान्तविपरीत भएको हुँदा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेश, जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको मिति २०६९।०६।१५ को निर्णय र पेस भएको पूरक अभियोग पत्र नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । अब मिति २०६४।०८।२६ मा दायर भएको पहिलो अभियोगपत्रबाट जो जे बुझ्नुपर्छ बुझी कानूनबमोजिम निर्णय गर्नु भनी वैदेशिक रोजगार न्यायाधिकरणको नाममा परमादेशको आदेश जारी हुने ठहर्छ भन्नेसमेत बेहोराको यस अदालतको संयुक्त इजलासबाट भएको मिति २०७१।०५।२४ को फैसला।

महान्यायाधिवक्ताको कार्यालयले यस अदालतसमक्ष पेस गरेको पुनरावलोकनको निवेदन

यसमा रिट निवेदकहरूउपर वैदेशिक रोजगार ठगी गरेको भनी श्यामप्रसाद उप्रेतीसमेतको उजुरी परी अनुसन्धान हुँदा वैदेशिक रोजगार न्यायाधिकरणमा साक्षी परीक्षणका क्रममा निजहरूको संलग्नता देखिई सोही आधारमा वैदेशिक रोजगार विभागबाट अनुसन्धान भई रायसहितको निर्णयका लागि जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा पेस भएको हो । उक्त सरकारी वकिल कार्यालयबाट मिति २०६९।०६।१५ मा यी निवेदकहरूका विरूद्ध पूरक अभियोगपत्र दायर गर्ने निर्णय भएको थियो। निजहरूका विरूद्ध पछि पर्न आएका उजुरीमा निजहरूको कसुरमा संलग्नता खुलेको प्राप्त प्रमाणहरूको आधारमा मुद्दा चल्ने निर्णय भएको अवस्था छ । जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट यी प्रतिवादीहरूउपर पछि प्रमाणसहित उजुरी परेमा कानूनबमोजिम हुने भनी मिति २०६४।०८।२५ मा नै निर्णय भएको थियो । यी निवेदक विपक्षीहरूउपर जाहेरवाला श्यामप्रसाद उप्रेतीको किटानी जाहेरी परेको र प्रकाश सेवामार्फत कम्पनीको लेटरप्याडमा निवेदकहरूले रकम बुझिलिएको कागज मिसिल संलग्न रहेकोले यी निवेदकहरूलाई प्रतिवादी कायम गरी मुद्दा दायर गर्नु भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट मिति २०६९।०६।१५ मा निर्णय भई मिति २०६९।१०।०७ मा यी निवेदकहरूलाई प्रतिवादी कायम गरी दर्ता गरेको अभियोगपत्र कारबाहीयुक्त अवस्थामा रहेको थियो । प्रतिवादीहरूउपर पूरक अभियोगपत्र दायर गर्ने अधिकार मुलुकी ऐन अ.बं. ८८ नं.बमोजिम रहे भएकै देखिन्छ भने अर्कोतर्फ जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट यी प्रतिवादीहरूउपर पछि प्रमाणसहित उजुरी परेमा कानूनबमोजिम हुने भनी मिति २०६४।०८।२५ मा निर्णय भएकोले यी विपक्षीहरूउपर पछि सबुद, प्रमाणले खामेको अवस्थामा पूरक अभियोग पेस गर्ने मार्ग अवरूद्ध भइसकेको बुझिँदैन।

प्रस्तुत मुद्दाको सन्दर्भमा वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।०३।१२ मा अभियोगपत्र पेस गर्ने वा नगर्ने सम्बन्धमा वैदेशिक रोजगार विभाग र जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंमा आवश्यक कागजात साथै राखी लेखी पठाउनु भनी आदेश गरेको भए तापनि सो आदेशको एकल आधारमा मात्र निवेदकहरूउपर पूरक अभियोगपत्र दायर भएको स्थिति होइन । वैदेशिक रोजगार न्यायाधिकरणको उक्त मितिको आदेशलाई सिधै मुद्दा चलाउन दिएको जस्तो आदेशको रूपमा अर्थ गर्नसमेत मिल्ने होइन । वस्तुतः निजहरूउपर पूरक अभियोगपत्र दर्ता गर्ने कार्य पछिल्लोपटक श्यामप्रसाद उप्रेतीको जाहेरी र स्वतन्त्र रूपमा सङ्कलित सबुद, प्रमाणको वस्तुनिष्ठ मूल्याङ्कनका आधारमा भएको हो । साधिकार न्यायिक निकायमा दायर भएको मुद्दामा ठहरेबमोजिम निर्णय हुनुपर्ने र उक्त निर्णयउपर साधारण अधिकारक्षेत्रमा प्रवेश गर्न पाइनेमा मुद्दा कारबाहीयुक्त रहेकै स्थितिमा रिट क्षेत्राधिकारबाट पूरक अभियोगपत्रको औचित्यउपर विवेचना गर्न मिल्ने होइन। जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट भएको मिति २०६९।०६।१५ को निर्णयमा कुनै कानूनी त्रुटि छैन । श्यामप्रसाद उप्रेतीसमेतको उजुरीको आधारमा कसुरको तहकिकात भएपछि सङ्कलित सूचना र सबुदका आधारमा रीतपूर्वक यी निवेदकहरूउपर पूरक अभियोग दर्ता गरिएको स्थितिमा सो कुरालाई न्यायिक जानकारीमा नलिई वैदेशिक रोजगार न्यायाधिकरणकै आदेशका कारण मात्र यी निवेदकहरूउपर मुद्दाको सिर्जना भएको आधार लिई मिति २०७१।०५।२४ मा भएको सम्मानित अदालतको आदेश सम्मानित यस अदालतबाट स.अ.बु. २०५७, असोज १-१५, पृष्ठ २२ मा

चक्रप्रसाद बास्तोला विरूद्ध युक्तप्रसाद भेटवालसमेत, मुद्दाः उत्प्रेषण, प्रतिषेधसमेतमा प्रतिपादित नजिर सिद्धान्त तथा असाधारण अधिकारक्षेत्रवाट सक्षम अधिकारीसमक्ष विचाराधीन विषयको प्रक्रियागत कुरामा अ.बं. १७ नं. ले correctional jurisdiction जस्तो गरी प्रक्रियागत कामकारबाही, आदेश ठिक बेठिक जाँच्न नमिल्ने" भनी. ने.का.प. २०६५, अङ्क ७, पृष्ठ ८७१, मिनबहादुर रानाभाट विरूद्ध गंगाप्रसाद अर्यालसमेत, मुद्दाः उत्प्रेषणयुक्त परमादेशसमेतको विपरीत भई त्रुटिपूर्ण रहेको छ । तसर्थ उक्त मिति २०७१।०५।२४ को सम्मानित सर्वोच्च अदालतको संयुक्त इजलासबाट भएको आदेश तहाँ अदालतबाटै प्रतिपादित पूर्व नजिर सिद्धान्तसँग बाझिएको हुँदा सोउपर पुनरावलोकनको अनुमति प्रदान गरी उक्त आदेश बदर गरी रिट निवेदन खारेज गरिपाउँ भन्नेसमेत बेहोराको महान्यायाधिवक्ताको कार्यालयले यस अदालतसमक्ष पेस गरेको मिति २०७२।०६।२२ को पुनरावलोकनको निवेदन ।

<u>यस अदालतको पूर्ण इजलासको पुनरावलोकनको अनुमति प्रदान गरिएको आदेश</u>

यसमा फुर्पा लामासमेतका ९७ जनाले यी निवेदकसमेत उपर दिएको जाहेरी दरखास्तबाट मुद्दाको अनुसन्धान तहकिकात प्रारम्भ भएकोमा यी निवेदकसमेत ४ जना उपर मुद्दा नचलाउने भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट निर्णय भई अन्य प्रतिवादीहरूको हकमा अभियोगपत्र दायर भएर मुद्दाको कारबाही अगाडि बढेको देखिन्छ । सो मुद्दाको कारबाहीको सिलसिलामा पूरक अभियोग पेस गर्ने वा नगर्ने सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं र वैदेशिक रोजगार विभागलाई लेखी पठाई सोको बोधार्थ तथा कार्यार्थ महान्यायाधिवक्तालाई दिनुसमेत भनी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।०३।१२ मा आदेश भएको रहेछ । उक्त आदेशको कार्यान्वयनको सन्दर्भमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट मिति २०६९।०६।१५ मा यी निवेदकसहित जना ४ लाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) र वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिमको सजायसमेतको मागदाबी लिई पूरक अभियोग पेस गर्नेसमेत निर्णय भई सोहीबमोजिम पूरक अभियोगपत्र पेस भएको रहेछ । तत्पश्चात् वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।०३।१२ मा भएको आदेश, जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट मिति २०६९।०६।१५ मा भएको निर्णय र सोबमोजिम दायर भएको पूरक अभियोगपत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्नेसमेतको मागदाबी लिई निवेदकहरूले यस अदालतमा रिट निवेदन दायर गरेकोमा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेश, जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंको मिति २०६९।०६।१५ को निर्णय तथा सोबमोजिम पेस भएको पूरक अभियोगपत्रसमेत बदर हुने ठहऱ्याई यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।०५।२४ मा आदेश भएको देखियो । सो आदेश न्याय प्रशासन ऐन, २०४८ को दफा ११(२)(ख) बमोजिम पुनरावलोकन गरिपाउँ भनी महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट दायर भएको प्रस्तुत निवेदन इजलाससमक्ष पेस हुन आएको देखियो । वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।०३।१२ मा भएको आदेश हेर्दा उक्त आदेशमा यी निवेदकहरूसमेत उपर मुद्दा चलाउनु भनी निर्देशन गरेको नदेखिई साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८८ नं.बमोजिम पूरक अभियोग पेस गर्ने वा नगर्ने सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौं र वैदेशिक रोजगार विभागलाई लेखी पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिनु भन्नेसम्म उल्लेख भएको देखिँदा सोही आदेशको आधारमा

मात्र निवेदकहरूउपर पूरक अभियोगपत्र दायर भएको मान्न मिलेन । मिति २०६४।०८।२६ मा दायर भएको पहिलो अभियोगपत्रमा "पछि प्रमाणसहित कुनै जाहेरवालाले उजुरी गरेमा सोही बखत कानूनबमोजिम अनुसन्धान भई कानूनबमोजिम हुने नै हुँदा प्रमाणको अभावमा हाललाई मुनड्रप्स ओभरसिज प्रा.लि. का सञ्चालक पुकार नरसिंह राणा, प्रसिद्ध नरसिंह राणा, प्रभाकर नरसिंह राणा र ताराप्रसाद भट्टराईउपर प्रमाणको अभावमा मुद्दा नचलाउने राय मनासिब देखी निजहरूउपर मुद्दा नचलाउने निर्णय गरिन्छ भन्ने जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंको निर्णयअनुसार सोही बेहोरा सादर अनुरोध गरिन्छ" भन्ने उल्लेख भएको देखिन्छ । त्यसैगरी जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट मिति २०६९।०६।१५ मा भएको निर्णयमा "प्रतिवादीहरूउपर श्यामप्रसाद उप्रेतीको वैदेशिक रोजगार ठगी सम्बन्धमा किटानी जाहेरी परेको, प्रकाश सेवामार्फत कम्पनीको लेटरप्याडमा यी प्रतिवादीहरूले रकम बुझिलिएको कागज मिसिल सामेल रहेको देखिएको, प्रतिवादीमध्येको प्रसिद्ध नरसिंह राणाले जाहेरवाला श्यामप्रसाद उप्रेतीलाई रू. ७० लाख फिर्ता गर्ने छु भनी कागजसमेत गरेको देखिएकोलगायतका आधारहरूबाट जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा दक्षिण कोरिया पठाइदिन्छु भनी यी प्रतिवादीहरूसमेतले रकम लिई वैदेशिक रोजगारमा नपठाई रकमसमेत फिर्ता नगरी ठगी गरेको पुष्टि भएकोले यी प्रतिवादीहरूलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) तथा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिमको सजाय हुनसमेतको मागदाबी लिई वैदेशिक रोजगार न्यायाधिकरणमा पूरक अभियोग पेस गर्नेसमेत निर्णय गरिएको छ" भन्ने उल्लेख भई सोही निर्णयको आधारमा उल्लिखित तथ्यहरूको विस्तृत रूपमा विवेचना गरी निवेदकहरूउपर वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) तथा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिमको सजायको मागदाबी लिई पूरक अभियोगपत्र दायर भएको देखिन्छ । यसप्रकार, पहिलो अभियोगपत्रसँग सम्बद्ध कसुरसँगै सिलसिला जोडिएका अर्का जाहेरवालाको किटानी जाहेरी परी अन्य सम्बद्ध प्रमाणहरूसमेत उजागर भएको एवं सो प्रमाणहरूले खामेको अवस्थामा पेस भएको पूरक अभियोगपत्र साबिक मुलुकी ऐन, अ.बं. ८८ नं. को परिधिभित्र नपर्ने भन्न मिलेन । पूरक अभियोगपत्र दायर भएपश्चात् सुरू मुद्दा हेर्ने निकाय वैदेशिक रोजगार न्यायाधिकरणबाट हुने फैसलामा चित्त नबुझे कानूनबमोजिम पुनरावेदन गर्न पाउने वैकल्पिक उपचारको मार्ग छँदाछँदै मुद्दाको कारबाहीमा सामेल नभई निवेदकहरू असाधारण अधिकारक्षेत्रमार्फत यस अदालतमा प्रवेश गरेको देखियो । निवेदकहरू सञ्चालक रहेको मुनड्रप्स ओभरसिज सर्भिसेज प्रा.लि.का कर्मचारीहरू असिम विक्रम शाह र प्रकाश सेवाले बुझिलिएको रकम बुझाउन नसके म आफैँ भुक्तानी गर्ने छु भनी गराएको कागज बदर गरिपाउँ भनी रिट निवेदकमध्येकै प्रसिद्ध नरसिंह राणाले यस अदालतमा दायर गरेको ०६४-WO-०३४१ को रिट निवेदन विवादित लिखतसँग सम्बन्धित विचाराधीन मुद्दामा असर पर्ने गरी आदेश जारी हुन नसक्ने भन्नेसमेतका आधारमा मिति २०६८।०५।०५ मा खारेज भएपश्चात् सोही विषयलाई लिएर निवेदकहरू पुनः यस अदालतमा प्रवेश गरेको देखिन आयो। साथै कुनै पनि मुद्दाको पूरक अभियोगपत्र सम्बन्धित न्यायिक निकायमा विचाराधीन रहेको अवस्थामा पूरक अभियोगपत्र लाग्ने वा नलाग्ने भन्ने विषय सोही निकायले हेर्ने हो । क्षेत्राधिकारविहीनता वा घोर अन्यायको अवस्थामा बाहेक रिट क्षेत्रबाट हस्तक्षेप गर्दा सो निकायको स्वायत्ततामा प्रतिकूल असर पर्ने हुन्छ । यस अवस्थामा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेश, जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंको मिति २०६९।०६।१५ निर्णय र सो निर्णयबमोजिम पेस भएको

पूरक अभियोग पत्रसमेत बदर गर्नेगरी यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।०५।२४ मा भएको आदेशमा साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८८ नं. को व्याख्यात्मक त्रुटि भई एवं यस अदालतबाट ने.का.प., २०६५, अङ्क १२, नि.नं. ८०४८, पृष्ठ १४४५, ने.का.प., २०६५, अङ्क ७, ८७१ मा प्रतिपादित सिद्धान्तसमेत प्रतिकूल देखिई न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा २ को खण्ड (ख) को अवस्था विद्यमान देखिँदा प्रस्तुत आदेशमा पुनरावलोकनको अनुमति प्रदान गरिदिएको छ । नियमानुसार पेस गर्नु भन्ने यस अदालतबाट भएको मिति २०७७।०४।२२ को आदेश।

यस अदालतको आदेश

नियमबमोजिम दैनिक पेसी सूचीमा चढी निर्णयार्थ यस इजलाससमक्ष पेस हुन आएको रिट निवेदनको मूल विषय हेर्दा फुर्पा लामासमेतले प्रत्यर्थी रिट निवेदकहरूसमेत उपर दिएको जाहेरी दरखास्तबाट मुद्दाको अनुसन्धान तहकिकात प्रारम्भ भएकोमा प्रत्यर्थी रिट निवेदकहरूउपर मुद्दा नचलाउने भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट निर्णय भई अन्य प्रतिवादीहरूको हकमा अभियोगपत्र दायर भएर मुद्दाको कारबाही अगाडि बढेको देखिन्छ। सो मुद्दाको कारबाहीको सिलसिलामा वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।०३।१२ को आदेशानुसार पूरक अभियोग पेस गर्ने वा नगर्ने सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौं र वैदेशिक रोजगार विभागलाई लेखी पठाई सोको बोधार्थ तथा कार्यार्थ महान्यायाधिवक्तालाई दिनु भन्ने आदेश भएको रहेछ। साथै मूल अभियोगपत्रका प्रतिवादी श्यामप्रसाद उप्रेतीले प्रत्यर्थी रिट निवेदकहरूउपर वैदेशिक रोजगार ठगी मुद्दामा वैदेशिक रोजगारमा पठाउने भनी प्रत्यर्थी रिट निवेदकहरू सञ्चालक रहेको कम्पनीको तर्फबाट भएका कागज प्रमाण पेस गरी यिनीहरूउपर किटानी जाहेरी दिएको र सोही जाहेरीसमेतका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट मिति २०६९।०६।१५ मा प्रत्यर्थी रिट निवेदकहरूउपर वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) र वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिमको सजायसमेतको मागदाबी लिई पूरक अभियोग पेस गर्ने निर्णय भई सोहीबमोजिम पूरक अभियोगपत्र पेस भएको रहेछ । तत्पश्चात् वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।०३।१२ मा भएको आदेश, जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट मिति २०६९।०६।१५ मा भएको निर्णय र सोबमोजिम दायर भएको पूरक अभियोगपत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्नेसमेतको जिकिर लिई प्रत्यर्थी रिट निवेदकहरूले यस अदालतमा रिट निवेदन दायर गरेकोमा वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेश, जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंको मिति २०६९।०६।१५ को निर्णय तथा सोबमोजिम पेस भएको पूरक अभियोग पत्रसमेत बदर गरी रिट जारी हुने ठहर्‍याई यस अदालतको संयुक्त इजलासबाट मिति २०७१।०५।२४ मा आदेश भएको देखियो । उक्त आदेशउपर चित्त नबुझाई विपक्षी महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट न्याय प्रशासन ऐन, २०४८ को दफा ११को उपदफा (२) को खण्ड (ख) बमोजिम पुनरावलोकन गरिपाउँ भनी यस अदालतमा पुनरावलोकनको निवेदन दायर भएकोमा उक्त आदेश साबिक मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको ८८ नं. को व्याख्यात्मक त्रुटि एवं यस अदालतबाट प्रतिपादित सिद्धान्तहरूसमेत प्रतिकूल देखिएको भनी न्याय प्रशासन ऐन, २०७३ को दफा ११ को उपदफा २ को खण्ड (ख) बमोजिम पुनरावलोकनको अनुमति प्रदान भई पेस हुन आएको देखिन्छ।

प्रस्तुत पुनरावेदनमा सुनुवाइको क्रममा पुनरावलोकनकर्ताको तर्फबाट उपस्थित हुनुभएका महान्यायाधिवक्ताको कार्यालयका विद्वान्

सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारीले वैदेशिक रोजगार न्यायाधिकरणले अभियोगपत्र पेस गर्ने वा नगर्ने सम्बन्धमा आवश्यक कागजात वैदेशिक रोजगार विभाग र जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौँमा पठाउनु भनेर मिति २०६८।०३।१२ मा आदेश गरेको भए तापनि सो आदेशको आधारमा निवेदकहरूउपर पूरक अभियोगपत्र पेस भएको होइन। पूरक अभियोगपत्र श्यामप्रसाद उप्रेतीको थप जाहेरी र स्वतन्त्र रूपमा सङ्कलित सबुद प्रमाणको विश्लेषणको आधारमा पेस भएको हो। मुद्दा पेस भई विचाराधीन रहेको अवस्थामा रिट क्षेत्रबाट पूरक अभियोगपत्रको औचित्यमा प्रवेश गर्न मिल्दैन। मुद्दामा ठहरेबमोजिम निर्णय हुनुपर्दछ। सरकारी वकिल कार्यालयबाट भएको निर्णयमा कुनै कानूनी त्रुटि देखाउन सकेको छैन। मातहत अदालतको न्यायिक कारबाहीलाई प्रभावित पार्ने गरी माथिल्लो अदालतले निर्णय गर्न नमिल्ने भनी यस अदालतबाट प्रतिपादित सिद्धान्तको विपरीत हुने गरी भएको यस अदालतको संयुक्त इजलासको आदेश उल्टी गरी उक्त रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

साथै रिट निवेदकको तर्फबाट वारेस नियुक्त गरी तारेखमा रहेको भए तापनि पटकपटक पुकारा गर्दासमेत बहसमा कोही पनि उपस्थित नभएको अवस्था रहेको छ।

बहसकै क्रममा सरिक गराइएका पूरक अभियोगका जाहेरवाला श्यामप्रसाद उप्रेतीको तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री विनोद कार्कीले मेरो पक्षको तर्फबाट रकम उठाएर प्रत्यर्थी निवेदकहरू सञ्चालक रहेको कम्पनीलाई बुझाएको भन्ने कुरा रसिदबाट प्रस्ट छ। निवेदकहरूले वैदेशिक रोजगार न्यायाधिकरणको आदेशले पूरक अभियोगपत्र पेस भएको भनी जिकिर लिएको भए तापनि वैदेशिक रोजगार न्यायाधिकरणको आदेशका आधारमा पूरक अभियोगपत्र पेस भएको होइन। मेरो पक्ष श्यामप्रसाद उप्रेतीको उजुरीको आधारमा कसुरमा तहकिकात भई पूरक अभियोगपत्र दायर भएकाले सो कार्यबाट निवेदकहरूको मौलिक हकमा कुनै आघात पुगेको छैन। तसर्थ यस अदालतको संयुक्त इजलासको फैसला उल्टी गरी उक्त रिट निवेदन खारेज गरिपाउँ भनी बहस प्रस्तुत गर्नुभयो।

प्रत्यर्थी निवेदकहरूको रिट निवेदनको दाबी, पुनरावलोकनकर्ता महान्यायाधिवक्ताको कार्यालयबाट पेस भएको पुनरावलोकन गर्दा लिइएका जिकिरहरू, तथा विद्वान् सहन्यायाधिवक्ता र विद्वान् वरिष्ठ अधिवक्ताबाट प्रस्तुत हुन आएका बहस बुँदाहरू तथा मिसिल संलग्न कागजातहरू अध्ययन गरी इन्साफतर्फ विचार गर्दा प्रस्तुत पुनरावलोकनको निवेदनमा मूलतः देहायका प्रश्नहरू निरूपण गर्नुपर्ने देखिन आयो:-

(क) वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेशका आधारमा मात्र रिट निवेदकहरूउपर जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट पूरक अभियोग दायर गर्ने निर्णय भई पूरक अभियोग दायर भएको हो वा होइन ?

(ख) पुनरावलोकनकर्ता महान्यायाधिवक्ता कार्यालयको पुनरावलोकनको निवेदनबमोजिम रिट खारेज हुनुपर्ने भन्ने जिकिर पुग्छ वा पुग्दैन ? तथा यस अदालतको संयुक्त इजलासबाट भएको मिति २०७१।०५।२४ को फैसला मिलेको छ वा छैन ?

२. निरूपण गर्नुपर्ने प्रथम प्रश्नतर्फ विचार गरी हेर्दा, प्रत्यर्थी रिट निवेदकहरूसमेत उपर ९७ जना जाहेरवालाहरूले वैदेशिक रोजगार ठगी मुद्दामा जाहेरी दिएको रहेछ। तत्समयमा प्रमाणको अभावमा प्रत्यर्थी रिट निवेदक प्रतिवादीहरू पुकार नरसिंह राणा, प्रभाकर नरसिंह राणा, प्रसिद्ध नरसिंह राणा

र ताराप्रसाद भट्टराईलाई **"पछि प्रमाणसहित कुनै जाहेरवालाले उजुरी गरेमा सोही कानूनबमोजिम अनुसन्धान भई कानूनबमोजिम हुने नै हुँदा हाललाई प्रमाणको अभावमा अनुसन्धान अधिकारीबाट प्राप्त राय मनासिब देखी मुनड्रप्स ओभरसिज प्रा. लि.का सञ्चालकउपर मुद्दा नचलाउने"** भनी जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँबाट मुद्दा नचलाउने गरी मिति २०६४।०८।२५ मा निर्णय भएको रहेछ । तत्पश्चात् मिति २०६९।०६।१५ मा पूरक अभियोगपत्र दायर गर्ने निर्णय भएको रहेछ । सो पूरक अभियोग दायर गर्ने निर्णय, वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६८।०३।१२ मा भएको आदेशले भई अभियोजनको निष्पक्षतामाथि प्रश्न खडा भएको भन्ने आधारमा न्यायाधिकरणको उक्त आदेशसहित पूरक अभियोग दर्ता गर्ने निर्णयसमेत यस अदालतको संयुक्त इजलासबाट बदर भएको देखिन्छ। प्रस्तुत मुद्दामा विवादको विषय रहेको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।०३।१२ को उक्त आदेशमा **"साधसोधका लागि पेस हुन आएको प्रस्तुत मुद्दामा ९७ जना जाहेरवालामध्ये अधिकांश जाहेरवालाले मुनड्रप्स ओभरसिज सर्भिसमा वैदेशिक रोजगारको लागि दक्षिण कोरिया जान रकम बुझाएको भनी जाहेरी दरखास्त दिनुका साथै अदालतमा आई बकपत्र गर्दासमेत उक्त जाहेरी बेहोरालाई समर्थन गर्दै बकपत्र गरेको देखिन आउँछ । Moondrops Overseas Service को लेटर प्याडमा कम्पनीका कार्यकारी निर्देशक पुकार नरसिंह राणाको निर्देशनमा Marketing Officer असिम विक्रम शाहको मौखिक अख्तियारीमा ज्ञानेन्द कार्कीमार्फत ३७ जना व्यक्तिहरूको आवेदन र राहदानीसहित रू. ३७ लाख दक्षिण कोरिया वैदेशिक रोजगारमा पठाइदिन भनी प्रकाश सेवाले रकम लिएको मिति २०६३।०३।१७ को भरपाईसमेत रहेको पाइन्छ । कम्पनी ऐन, २०६३ को दफा १०३ र १०४ ले कर्मचारी वा एजेन्टले गरेको काम कारबाहीमा कम्पनीको दायित्व रहने व्यवस्था छ । उपर्युक्त स्थिति देखिँदा देखिँदै मिसिल संलग्न प्रमाणको विवेचना नगरी प्रमाणको बेवास्ता गर्दै सो कम्पनीका कर्मचारीहरू असिम बिक्रम शाह, प्रकाश सेवा र एजेन्टको रूपमा काम गर्ने श्यामप्रसाद उप्रेतीसमेतबाट रू.२,२८,१९,०००/- ठगी गरेकोले हर्जानासमेत रू.३,४४,२८,५००/- भराइपाउन अभियोग लगाई मुनड्रप्सका सञ्चालकहरू पुकार नरसिंह राणा, प्रसिद्ध नरसिंह राणा, प्रभाकर नरसिंह राणा र ताराप्रसाद भट्टराईका हकमा निजहरूले रकम लिएको बुझेको प्रमाणको अभाव रहेको हवाला दिई सरकारी वकिल कार्यालयबाट मिति २०६४।०८।२५ मा निर्णय गरी सफाइ दिएको स्थिति छ । उपर्युक्त उल्लिखित जाहेरी दरखास्त समर्थन गरी भएको बकपत्र र मुनड्रप्सको लेटर प्याडको भरपाईद्वारा सरकारी वकिल कार्यालयको उक्त सफाइ दिने निर्णय खण्डित भएको देखिँदा मुलुकी ऐन, २०२० को अ.बं. ८८ नं.बमोजिम पूरक अभियोग पेस गर्ने नगर्ने सम्बन्धमा यो आदेशसमेतका आवश्यक कागजातको प्रतिलिपि राखी जिल्ला सरकारी वकिल कार्यालय र वैदेशिक रोजगार विभागलाई लेखी पठाई सोको बोधार्थ तथा कार्यार्थ नेपालका माननीय महान्यायाधिवक्ताज्यूलाई दिने..."** भन्ने आदेश बेहोरा उल्लेख भएको देखिन्छ। न्यायाधिकरणको उल्लिखित आदेशले न्याय निरूपण गर्नुपर्ने न्यायाधिकरणले आफ्नो क्षेत्राधिकार उल्लङ्घन गरी अनुसन्धान र अभियोजन गर्ने निकायबाट हुने निर्णयमा हस्तक्षेप गर्न खोजेको अवस्था देखाएको भन्ने प्रश्न खडा हुन पुगेको छ । पछि प्रमाणसहित कुनै जाहेरवालाले उजुरी गरेमा कानूनबमोजिम अनुसन्धान भई पुनः अभियोजन हुनसक्ने अवस्थालाई जीवितै राखी मिति २०६४।०८।२५ मा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौँले रिट निवेदकहरू

माथि तत्कालमा मुद्दा नचलाउने निर्णय गरेको भए पनि प्रमाणसहित जाहेरी परेपछि अनुसन्धान गरी रिट निवेदकहरूमाथि पूरक अभियोग हुने अवस्था रहँदारहँदैको अवस्थामा चालु अनुसन्धान र अभियोजनमा हस्तक्षेप हुने गरी न्यायाधिकरणले उक्त आदेशमार्फत व्यक्त गरेको धारणाले न्यायाधिकरण संवैधानिक र कानूनी हैसियतभन्दा बाहिर जान खोजेको भन्ने पनि प्रश्न उठेको देखिन्छ।

३. वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको उक्त आदेशले सिर्जना गरेको अन्योलताको सन्दर्भमा उक्त न्यायाधिकरणको क्षेत्राधिकारमा पनि स्पष्ट हुनु आवश्यक देखियो । यसरी हेर्दा तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०१ (२) र हाल प्रचलित नेपालको संविधानको धारा १५२ बमोजिम खाश किसिम र प्रकृतिका मुद्दाको कारबाही र किनारा गर्ने उद्देश्यले वैदेशिक रोजगार न्यायाधिकरण गठन भएको देखिन्छ । **हाम्रो मुलुकले अवलम्बन गरेको फौजदारी न्याय प्रणाली Common Legal System बाट प्रभावित र निर्देशित रहेको परिप्रेक्ष्यमा मुद्दाको अभियोजन गर्ने जिम्मेवारी महान्यायाधिवक्ताको कार्यालय र सो मातहतका सरकारी वकिलको कार्यालयलाई तथा मुद्दाको कारबाही र किनारा गर्ने जिम्मेवारी न्यायिक निकायलाई रहेको अवस्था छ । खास गरेर शक्तिपृथकीकरणको सिद्धान्त अवलम्बन गरी राज्यका विभिन्न कार्यहरू न्यायपालिका, कार्यपालिका र विधायिकामा विभाजन गरिएकोमा कुनै एक अङ्गले अर्को अङ्गको कार्य क्षेत्रमा पर्ने विषयमा हस्तक्षेप गर्नु हुँदैन । आफ्नो अधिकारक्षेत्रभन्दा बाहिर गई हस्तक्षेपकारी आदेश गर्ने न्यायिक निकायको प्रवृत्तिलाई कानूनसम्मत मान्न मिल्ने देखिँदैन।**

४. वैदेशिक रोजगार न्यायाधिकरणले मिति २०६८।०३।१२ को आदेशमार्फत हस्तक्षेपकारी धारणा व्यक्त गरे तापनि उल्लिखित आदेशको निचोड खण्डमा **"मुलुकी ऐन, २०२० को अ.बं.८८ नं.बमोजिम पूरक अभियोग पेस गर्ने नगर्ने सम्बन्धमा जिल्ला सरकारी वकिल कार्यालय र वैदेशिक रोजगार विभागलाई लेखी पठाउने"** भन्ने उल्लेख भएको देखिन्छ । न्यायाधिकरणको सो बेहोराबाट पूरक अभियोग पेस गर्ने वा नगर्ने सम्बन्धमा संविधान र कानूनले क्षेत्राधिकार तोकेको निकायबाट नै हुने वा हुनुपर्ने भन्ने व्यवस्थालाई न्यायाधिकरणको मिति २०६८।०३।१२ को आदेशले आत्मसात् गरेको देखियो । यसरी जिल्ला सरकारी वकिल कार्यालय र वैदेशिक रोजगार विभाग स्वयंले निर्णय गर्न लेखी पठाउन भनिएबाट वैदेशिक रोजगार न्यायाधिकरणको दबाब र आदेशका आधारमा मात्र रिट निवेदकहरूमाथि अभियोजन भएको भन्ने संयुक्त इजलासको निष्कर्ष यथार्थपरक र न्यायोचित देखिँदैन। पूरक अभियोग पेस गर्ने नगर्ने सम्बन्धमा साधिकार निकायबाट हुने निर्णय स्वीकार्य हुने बेहोरा न्यायाधिकरणको आदेशको उक्त बेहोराबाट प्रस्ट रूपमा देखिन्छ । यसैले श्यामप्रसाद उप्रेतीको किटानी जाहेरी र जाहेरीसाथ पेस भएका प्रमाणहरूको अभावमा न्यायाधिकरणले लेखी पठाएको आधारमा मात्र जिल्ला सरकारी वकिलबाट पूरक अभियोग दर्ता गर्ने निर्णय हुने थियो भन्ने विश्वास गर्न मिल्ने आधार देखिएन। जिल्ला सरकारी वकिल कार्यालयबाट पछि प्रमाणसहित जाहेरी परेमा अभियोग दर्ता हुने बेहोरा उल्लेख भई रिट निवेदकहरूमाथि तत्कालमा अभियोजन नभएको र प्रमाणसहित जाहेरी परेपछि अनुसन्धान र अभियोजन भएको देखिँदा मिति २०६८।०३।१२ को न्यायाधिकरणको आदेशको आधारमा मात्र पूरक अभियोग दर्ता भएको भन्ने अर्थ गर्न मिल्ने देखिएन।

५. कुनै व्यक्तिमाथि फौजदारी अभियोगमा अभियोजन गर्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार कानूनले तोकेबमोजिमको संवैधानिक

वा कानूनी निकायलाई मात्र हुन्छ । संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक यो अधिकार महान्यायाधिवक्ताको कार्यालय र सोअन्तर्गतका सरकारी वकिल कार्यालयलाई मात्र रहेको छ । मुद्दाको कुनै विवादमा दुवै पक्षको भनाइ सुनी प्रमाणको मूल्याङ्कन गरी निर्णय सुनाउने निकायले अभियोजन गर्ने वा नगर्ने सम्बन्धमा निर्णय गर्ने वा निर्णायक आदेश जारी गर्न मिल्दैन । तर कुनै विवादको सम्बन्धमा अभियोजनको अन्तिम निर्णयमा बाध्यात्मक आदेश नगरी दिइएका सुझाव वा धारणालाई अन्यथा अर्थ गरी कानूनबमोजिम भएको अभियोजनलाई कानूनविपरीत भन्न मिल्ने देखिएन ।

६. यसरी श्यामप्रसाद उप्रेतीको प्रत्यर्थी रिट निवेदकहरूउपर सोही विषयमा पुनः जाहेरी परी वैदेशिक रोजगार विभागबाट अनुसन्धान कार्य सम्पन्न भई निजहरूउपर मुद्दा चलाउने भनी जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंबाट मिति २०६९।०६।१५ मा निर्णय भएको देखिन्छ । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट उक्त निर्णय गर्दा **"प्रतिवादीहरूउपर श्यामप्रसाद उप्रेतीको वैदेशिक रोजगार ठगी सम्बन्धमा किटानी जाहेरी परेको, प्रकाश सेवामार्फत कम्पनीको लेटरप्याडमा यी प्रतिवादीहरूले रकम बुझिलिएको कागज मिसिल सामेल रहेको देखिएको, प्रतिवादीमध्येका प्रसिद्ध नरसिंह राणाले जाहेरवाला श्यामप्रसाद उप्रेतीलाई रू. ७० लाख फिर्ता गर्ने छु भनी कागजसमेत गरेको देखिएको लगायतका आधारहरूबाट जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा दक्षिण कोरिया पठाइदिन्छु भनी यी प्रतिवादीहरूसमेतले रकम लिई वैदेशिक रोजगारमा नपठाई रकमसमेत फिर्ता नगरी ठगी गरेको पुष्टि भएकोले यी प्रतिवादीहरूलाई वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) तथा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिमको सजाय हुनसमेतको मागदाबी लिई वैदेशिक रोजगार न्यायाधिकरणमा पूरक अभियोग पेस गर्नेसमेत निर्णय गरिएको छ"** भनी आधार र कारण खोली उक्त निर्णय गरेको भन्ने सो निर्णयको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । यसबाट सरकारी वकिल कार्यालयले निर्देशित रूपमा अभियोजन गरेको नदेखिई उपलब्ध प्रमाणको मूल्याङ्कन गरी प्रचलित कानूनबमोजिम पूरक अभियोगपत्र पेस गरेको देखिन आयो ।

७. अब, यस सम्बन्धमा निष्कर्ष निकाल्न सरकारवादी हुने मुद्दा चलाउने नचलाउने निर्णयको अख्तियारीका सम्बन्धमा भएको कानूनी व्यवस्थालाई हेर्नुपर्ने हुन्छ । तत्काल प्रचलित नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) मा ***"नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका अधिकृतहरूबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने छ । यस संविधानमा अन्यथा लेखिएदेखिबाहेक कुनै अदालत वा न्यायिक अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने छ"*** भन्ने व्यवस्थाबाट नेपाल राज्यका महान्यायाधिवक्तालाई नेपाल सरकार वादी भएका विषयमा मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने अधिकार दिएको देखिन्छ । उक्त अधिकारलाई वर्तमान नेपालको संविधानको धारा १५८ को उपधारा (२) ले ***"नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दामा महान्यायाधिवक्ता वा निजको मातहतका सरकारी वकिलबाट नेपाल सरकारको प्रतिनिधित्व गरिने छ । यस संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारीसमक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय***

गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने छ " भनी निरन्तरता दिएको देखियो। सरकार वादी हुने फौजदारी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा साबिक सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा १७ को उपदफा २ मा ***"उपदफा १ बमोजिमको प्रहरीको रायसहितको मिसिल प्राप्त भएपछि सरकारी वकिलले मिसिल अध्ययन गरी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा अन्तिम निर्णयको लागि महान्यायाधिवक्तासमक्ष मिसिल पठाउनुपर्ने छ"*** भन्ने र सोही ऐनको दफा ३१को उपदफा २ मा ***"उपदफा १ बमोजिम प्राप्त मिसिलमा मुद्दा चलाउने वा नचलाउने निर्णय गर्ने सम्बन्धमा यस ऐनको दफा १७ को उपदफा २ को व्यवस्था लागु हुने छ"*** भन्ने व्यवस्था रहेको देखिन्छ । यसरी उल्लिखित संवैधानिक र कानूनी व्यवस्थाले सरकारवादी हुने फौजदारी मुद्दा चलाउने र नचलाउने अन्तिम अख्तियारी महान्यायाधिवक्तालाई सुम्पेको देखियो । मुद्दा चलाउने र नचलाउने निर्णय गर्ने सक्षम अधिकारीले प्रचलित कानूनबमोजिम पूरक अभियोग दायर गर्न सक्ने कुरामा विवाद हुन सक्दैन।

८. महान्यायाधिवक्ताको आफ्नो अधिकारलाई साबिकको नेपालको अन्तरिम संविधान, २०६३ धारा १३५(६) मा ***"महान्यायाधिवक्ताले यो धाराबमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको सर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी मातहतका अधिकृतलाई सुम्पन सक्ने छ"*** भन्ने तथा हालको नेपालको संविधानको धारा १५८ (७) मा ***"महान्यायाधिवक्ताले यो धाराबमोजिम आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको सर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी मातहतका सरकारी वकिललाई प्रत्यायोजन गर्न सक्ने छ"*** भन्ने व्यवस्था रहेको र सोहीबमोजिम मातहतको सरकारी वकिललाई प्रत्यायोजन गरी सरकारी वकिललाई सरकार वादी हुने फौजदारी मुद्दा चलाउने वा नचलाउने सम्बन्धमा संवैधानिक र कानूनी अधिकार प्रदान गरेको देखियो। यस अवस्थामा प्रचलित कानूनबमोजिम पूरक अभियोगपत्र दायर गर्ने निर्णय गर्ने जिल्ला सरकारी वकिल कार्यालय सक्षम रहेको देखिन्छ।

९. प्रस्तुत विवादमा प्रत्यर्थी रिट निवेदकहरूउपर दायर भएको पूरक अभियोगको वैधानिकताका सन्दर्भमा साबिक मुलुकी ऐन, अ.बं. ८८ नं. को व्यवस्थालाई पनि हेर्नुपर्ने देखिन्छ। उक्त ऐनको सोही महलको ८८ नं.लाई हेर्दा ***"वादी नेपाल सरकार हुने फौजदारी मुद्दामा फिरादपत्र, प्रतिउत्तरपत्र वा बयान सो मुद्दा हेर्ने अड्डामा एक पटक दिइसकेपछि अरू पनि अभियुक्त हुन् वा छन् भनी उसै मानिसले पछि थपी लेखिदिएको सदर हुँदैन । प्रहरी प्रतिवेदनको हकमा भने यो बन्देज रहने छैन"*** भन्ने व्यवस्था रहेको देखिन्छ । यसै व्यवस्थालाई हाल प्रचलित मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३५ ले ***"कुनै मुद्दा अदालतमा दायर भइसकेपछि त्यस्तो मुद्दामा अन्य सम्बद्ध थप प्रमाणहरूबाट मुद्दा दायर भइसकेका अभियुक्तबाहेक अन्य अभियुक्तहरूउपर समेत दाबी लिनुपर्ने भएमा वा मुद्दा दायर भई अभियुक्त कायम भइसकेका व्यक्तिउपर थप अभियोग लगाउनुपर्ने देखिएमा त्यसको कारण खुलाई थप अनुसन्धान गर्न लगाई अन्य थप अभियुक्तको हकमा समेत थप दाबी लिई सरकारी वकिलले मुद्दा दायर गर्न सक्ने छ"*** भनी निरन्तरता दिएको देखियो । एक पटक अभियोगपत्र दायर भएपछि कतिपय अवस्थामा पूरक अभियोगपत्र दायर गर्नुपर्ने परिस्थिति वा अवस्था सिर्जित हुन सक्छ भन्ने परिकल्पना गरेर नै विधायिकाले मुलुकी ऐन, अ.बं.८८ नं. को व्यवस्था गरेको अवस्थामा सो ऐनबमोजिम पूरक अभियोजन दायर गरेको निर्णय कानूनप्रतिकूल मान्न मिलेन।

१०. यसरी प्रस्तुत विवादमा अनुसन्धान गर्ने

निकाय (वैदेशिक रोजगार विभाग) बाट मुद्दा चलाउने वा नचलाउने भनी निर्णयार्थ प्रमाण कागजातसहित मिसिल सरकारी वकिल कार्यालय काठमाडौंसमक्ष पेस भएको देखिन्छ । उल्लिखित मिसिल संलग्न प्रमाण कागजका आधारमा सरकारी वकिल कार्यालय, काठमाडौंले यी प्रत्यर्थी निवेदकहरूउपर पूरक अभियोजन गर्ने निर्णय गरी सोही निर्णयका आधारमा वैदेशिक रोजगार विभागबाट वैदेशिक रोजगार ठगी मुद्दामा यी प्रत्यर्थी रिट निवेदक प्रतिवादीहरूउपर अभियोजन गरेको देखिन्छ । महान्यायाधिवक्ताको प्रत्यायोजित अधिकार मातहत सरकारी वकिलले प्रयोग गर्न पाउने गरी संविधान र कानूनले नै अधिकार प्रदान गरेको अवस्था छ । यस्तो स्थितिमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले कानूनले प्रदान गरेको अधिकारको प्रयोग गरी प्रमाणको मूल्याङ्कन गरी प्रत्यर्थी रिट निवेदकहरूउपर मुद्दा चलाउने निर्णय गरी आफ्नो कानूनी दायित्व पूरा गरेको देखिन्छ । जिल्ला सरकारी वकिल कार्यालयबाट मुद्दा चलाउने निर्णय गर्दा वैदेशिक रोजगार न्यायाधिकरणले गरेको आदेशका आधारमा वा निर्देशित रूपमा गरेको नभई श्यामप्रसाद उप्रेतीको जाहेरी, जाहेरीसाथ पेस गरेको वैदेशिक रोजगारमा पठाउने आश्वासनसहितका कागज र वैदेशिक रोजगारमा पठाएबापतको रकम तिरेको भरपाईसहितका प्रमाणका आधारमा गरेको निर्णय साधिकार र सक्षम निकायबाट प्रचलित कानूनबमोजिम भएगरेको देखियो। यसर्थ, निज प्रत्यर्थी निवेदकहरूउपर जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट मिति २०६९।०६।१५ को पूरक अभियोजन सम्बन्धमा गरेको निर्णयलाई अन्यथा भन्न सकिएन । संयुक्त इजलासबाट पूरक अभियोगसमेतका कामकारबाही बदर गर्दा लिइएका आधारसँग सहमत हुन सकिएन।

११. माथिल्ला प्रकरणहरूमा विश्लेषण गरिएअनुसार साधिकार निकायका रूपमा संवैधानिक र कानूनी अधिकारको प्रयोग गरी जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट निज प्रत्यर्थी रिट निवेदकहरूउपर वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) तथा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४४ बमोजिमको सजायको मागदाबी लिई पूरक अभियोगपत्र दायर गर्ने गरी भएको निर्णय अन्यथा देखिन आएन । जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट यी प्रत्यर्थी रिट निवेदकहरूसमेत उपर ९७ जनाको जाहेरी परी यी प्रत्यर्थी रिट निवेदकहरूका हकमा मिति २०६४।०८।२५ मा मुद्दा दायर नगर्ने निर्णय गर्दासमेत यी प्रत्यर्थी रिट निवेदकहरूउपर पछि प्रमाणसहित उजुरी परेमा कानूनबमोजिम हुने भनी निर्णय भएको अवस्थाको विद्यमानता रहेको देखिन्छ। साथै मिति २०६४।०८।२६ मा अन्य प्रतिवादीहरूउपर सोही कसुरमा मूल अभियोग दायर भई उक्त अभियोगकै पूरक अभियोगका रूपमा यी निवेदकहरूउपर मिति २०६९।०६।१५ मा मुद्दा चलाउने निर्णय भई सोही आधारमा मिति २०६९।१०।०७ मा पेस भएको पूरक अभियोगपत्र कानूनसम्मत देखियो।

१२. अब, निरूपण गर्ने अर्को प्रश्न अर्थात् **प्रस्तुत रिट निवेदन खारेज हुनुपर्ने हो वा होइन ?** भन्ने प्रश्नतर्फ विचार गरी हेर्दा प्रत्यर्थी निवेदकहरूउपर फुर्वा शेर्पासमेतका ९७ जना जाहेरवालाहरूले यी प्रत्यर्थी निवेदकहरूउपर वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको भनी वैदेशिक रोजगार विभागमा जाहेरी दिएको देखिन्छ । वैदेशिक रोजगार विभागबाट तत्सम्बन्धमा अनुसन्धान कार्य भई तत्समयमा प्रमाणको अभावमा यी प्रत्यर्थी निवेदक प्रतिवादीहरूलाई मुद्दा नचलाउने भनी जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंबाट मिति २०६४।०८।२५ मा निर्णय भएको देखियो। यसै क्रममा उक्त मुद्दाका प्रतिवादी श्यामकुमार उप्रेतीको बयानबाट उक्त वैदेशिक रोजगारसम्बन्धी कसुरमा यी निवेदकहरूको संलग्नता रहेकोबारे खुलासा गरेको

तथ्य वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष पूरक अभियोगका जाहेरवाला श्यामकुमार उप्रेतीले गरेको बयान बेहोराबाट देखिन्छ। यी प्रत्यर्थी निवेदकहरूउपर वैदेशिक रोजगार विभागबाट अनुसन्धान कार्य सम्पन्न गरी मुद्दा चलाउने वा नचलाउने निर्णयार्थ जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंसमक्ष मिसिल पेस भएको अवस्था रहेछ । प्रत्यर्थी रिट निवेदकहरूबाहेक अन्य प्रतिवादीहरूका हकमा मिति २०६४।०८।२६ मा मूल अभियोग पेस भएको र सोको पूरकका रूपमा तत्काल प्रचलित मुलुकी ऐन, अ.बं. ८८ नं.बमोजिम प्रत्यर्थी रिट निवेदकहरूउपर पूरक अभियोग पेस गर्ने गरी भएको मिति २०६९।०६।१५ को निर्णय कानूनसम्मत रही सो निर्णयका आधारमा यी प्रत्यर्थी रिट निवेदकहरूउपर वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष पेस भएको मिति २०६९।१०।०७ को पूरक अभियोगपत्र कानून र न्यायको रोहमा उचित र मनासिब देखिएकोले पुनरावलोकनकर्ता महान्यायाधिवक्ताको कार्यालयको पुनरावलोकनको जिकिरलाई अन्यथा भन्न सकिने अवस्था देखिएन।

१३. प्रस्तुत विवादको विषय रहेको मुलुकी ऐन, अ.बं.८८ नं.बमोजिम पेस भएको अभियोगपत्र क्षेत्राधिकारविहीन निकायबाट अभियोजन भएमा वा निर्णय गर्ने अधिकार नभएको कुनै अधिकारविहीन निकायबाट निर्णय भएमा असाधारण क्षेत्राधिकारको प्रयोग गरी अभियोगपत्रको वैधानिकता जाँच गर्ने विषय यस अदालतको क्षेत्राधिकारको विषय हुन आउँछ । साथै मूल अभियोगपत्रमा समावेश भएको विवादको निरूपणका लागि यी प्रत्यर्थी रिट निवेदकहरूउपर प्रचलित कानूनबमोजिम पूरक अभियोग पेस भएको अवस्थामा उक्त विवाद साधारण क्षेत्राधिकारको प्रयोगबाट नै निरूपण हुने अवस्थाको पर्याप्तता रहेको देखिन्छ। यसरी साधारण क्षेत्राधिकारअन्तर्गत दायर भएको विवादको विषय प्रभावित हुने गरी प्रत्यर्थी रिट निवेदकहरूबाट पूरक अभियोगपत्रसमेत बदरको माग लिई रिट क्षेत्राधिकारको मार्ग अवलम्बन गरेको अवस्थालाई स्वच्छ मन र सफा हात लिई असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको भनी मान्न मिल्नेसमेत देखिएन।

१४. तसर्थ, उल्लिखित तथ्यगत अवस्था र कानूनी व्यवस्थासमेतका आधार, कारणबाट यी प्रत्यर्थी रिट निवेदकहरूउपर मुद्दा दायर गर्ने गरी भएको निर्णय र सो निर्णयका आधारमा पेस भएको पूरक अभियोगपत्र कानूनसम्मत तथा अख्तियारप्राप्त अधिकारी र निकायबाट भएको देखिँदा यी प्रत्यर्थी रिट निवेदकहरूउपर दायर भएको फौजदारी मुद्दाको पूरक अभियोगपत्र पेस गर्ने गरी भएको निर्णय र सो निर्णयका आधारमा पेस भएको पूरक अभियोगपत्र तथा सोसँग सम्बन्धित भए गरेका काम कारबाही बदर गरी रिट निवेदन जारी हुने ठहरी यस अदालतको संयुक्त इजलासबाट भएको मिति २०७१।०५।२४ को आदेश कानूनसम्मत नदेखिँदा सो आदेश पुनरावलोकनको रोहमा कायम हुने देखिएन । रिट निवेदकहरू पुकार नरसिंह राणा, प्रभाकर नरसिंह राणा, प्रसिद्ध नरसिंह राणा तथा ताराप्रसाद भट्टराईसमेतले दायर गरेको प्रस्तुत रिट निवेदन जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा उक्त रिट निवेदन खारेज हुने ठहर्छ। अरू तपसिलबमोजिम गर्नू।

तपसिल

१. प्रस्तुत आदेशको जानकारी महान्यायाधिवक्ताको कार्यालय र निवेदकहरूलाई दिनू।
२. सरोकारवालाले आदेशको नक्कल माग गरेमा नियमानुसारको दस्तुर लिई नक्कलको प्रमाणित प्रति दिनू।
३. प्रमाण मिसिल आवश्यक कारबाहीका लागि सम्बन्धित न्यायाधिकरणमा पठाइदिनू।
४. प्रस्तुत आदेशको विद्युतीय प्रति सफ्टवेयरमा

अपलोड गरी निवेदनको दायरी लगत कट्टा गरी मिसिल नियमानुसार गरी अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा हामी सहमत छौं।
न्या.शारङ्गा सुवेदी
न्या.महेश शर्मा पौडेल

इजलास अधिकृत (उपसचिव) : जयन्ती अवस्थी भट्ट
इति संवत् २०८० साल पुस २६ गते रोज ५ शुभम्।

निर्णय नं. ११३७४

सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा
माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल
फैसला मिति : २०७९।११।२३
०७१-CI-०५००

मुद्दाः शेषपछिको बकसपत्र लिखत बदर हक कायम

पुनरावेदक / प्रतिवादी : केशवप्रसाद शर्माकी पत्नी काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराही बस्ने सकुन्तला जोशी शर्मा

विरूद्ध

प्रत्यर्थी / वादी : नवलपरासी जिल्ला, अमरौट गा.वि.स. वडा नं. २ ऐचावल गाउँ बस्ने सुदर्शनदेव जोशी

- **वृद्ध अवस्थाका पिताले आफ्नो पालनपोषण, हेरचाह गर्ने छोरीलाई आफ्नो शेषपछि खाने गरी आफ्नो हक पुग्ने केही सम्पत्ति बकसपत्र गरिदिएको कुरालाई अनुचित र कानूनप्रतिकूल कार्य भनी मान्न नमिल्ने । आफ्नो अंश हक पुग्न सक्नेमध्येको सम्पत्तिबाट छोरीलाई शेषपछिको बकसपत्र लिखत गरिदिँदा छोराको मन्जुरी लिनुपर्ने कानूनी अनिवार्यता रहेको समेत नदेखिने । बकसपत्र गर्ने निज बाबुको इच्छा वा स्वविवेकको पनि अर्थ र महत्त्व रहने । छोरा भएकै नाताले बाबुको सम्पत्तिमा यान्त्रिक तवरबाट स्वत: हक स्थापित नहुने । सम्पत्ति प्राप्तिको हकसँग सामाजिक / सांस्कृतिक / धार्मिक आदि कर्तव्य पनि जोडिएको हुने । जीवित छउन्जेल वास्ता नगर्ने छोराले बाबु मरेपछि केवल काजक्रिया गरेको कारण देखाई निजको सबै सम्पत्तिमा स्वत: हक पुग्ने दाबी गर्नु पनि मनासिब नदेखिने । बाबुको मृत्यु भएपछि काजकिरिया गर्नु पुत्र-धर्म वा सन्तानको कर्तव्यको विषय हो । धार्मिक वा संस्कारजन्य यस प्रकारको कर्तव्य निर्वाह गरेको कारणबाट मात्र मृतकको सम्पत्तिउपर हक स्थापित भएको मान्न नमिल्ने ।**

(प्रकरण नं.३)

पुनरावेदक / प्रतिवादीका तर्फबाट : विद्वान् अधिवक्ताद्वय श्री तिलप्रसाद गौतम र श्री जगदिशचन्द्र पाण्डे

प्रत्यर्थी / वादीका तर्फबाट : विद्वान् अधिवक्ताद्वय श्री पुरूषोत्तमराज खकुरेल र श्री नवराज तिमिल्सिना

अवलम्बित नजिर :

- ने.का.प.२०६६, अङ्क ३, नि.नं.८११०
- ने.का.प.२०६८, अङ्क ५, नि.नं.८६२२

सम्बद्ध कानून :

सुरू तहमा फैसला गर्ने:-

माननीय न्यायाधीश श्री राजेन्द्र खरेल
नवलपरासी जिल्ला अदालत

पुनरावेदन तहमा फैसला गर्ने:-

माननीय न्यायाधीश श्री किशोर सिलवाल
माननीय न्यायाधीश श्री वीरबहादुर डाँगी
पुनरावेदन अदालत बुटवल

फैसला

न्या.ईश्वरप्रसाद खतिवडा : न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम पुनरावेदनको रोहमा यस अदालतमा दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यसप्रकार छः

तथ्यगत बेहोरा

स्व. पिता डोलदेव जोशीको एक मात्र श्रीमती आमा जमुना कुमारीको गर्भबाट २ छोरा र ५ छोरीहरूको जन्म भएकोमा छोराहरूमा जेठा शंकरदेव जोशी र कान्छो म फिरादी हुँ । छोरीहरू सबैजनाको विवाह भइसकेको छ । दाजु शंकरदेव मिति २०२१/१०/९ मा अंश लिई अलग बसेपछि मिति ०६५/२/११ मा मृत्यु भएको तथा आमा जमुना कुमारीको पनि मिति २०५१/५/१७ मा मृत्यु भएपछि स्व. पिता र म फिरादी मात्र एकासगोलमा रही बसी स्व. पिताको रेखदेख सेवा टहल गरी आएको र पिताको मिति २०६५/१/१३ मा मृत्यु भएपछि मैले नै पिताको काजकिरिया गरेको थिएँ । स्व. पिताको नाउँमा दर्ताको सम्पूर्ण सम्पत्तिको एक मात्र हकदार फिरादी रहेको र पिताको मृत्युपछि मालपोत कार्यालय अमरौट गा.वि.स.अन्तर्गतको सम्पत्ति मेरो नाउँमा नामसारी गरिपाउँ भनी मालपोत कार्यलय नवलपरासीमा निवेदन गरेकोमा मेरो छुट्टी भिन्न भइसकेकी भाउजू विनु जोशीले दाबी गरेपछि विवाद भई मालपोत कार्यालयमा नामसारी मुद्दा विचाराधीन छ । स्व. पिता र म फिरादीका बिच अंशबन्डा नभई एकासगोलमै रहेबसेको अवस्था जान्दाजान्दै विपक्षी बहिनी सकुन्तला र दिदी सुष्मा कार्कीले पिताको जीवनकालमा गुपचुपमा शेषपछिको बकसपत्रको कागज गराइराखेका रहेछन् । विपक्षीले हामीले बकसपत्र गरी लिएको जग्गा तैँले भोगचलन गर्न पाउँदैनस् भनेपछि मिति २०६७/१/६ का दिन मालपोत कार्यालय नवलपरासीमा बुझ्दा विपक्षीले मिति ०६३/१०/१६ मा स्व. पिताका नाउँ दर्ताको नवलपरासी जिल्ला अमरौट गा.वि.स.वडा नं. ३क कि.नं. ३९२ ज.वि. ५-१-७ मध्ये पश्चिमतर्फबाट ज. वि. १-११-७ ऐ. कि.नं. ११५ ज.वि. ०-२-५ मध्ये ०-१-२$^{१}/_{२}$ ऐ. कि.नं. ६२ को ज.वि. २-५-१ मध्ये दक्षिणतर्फबाट ज. वि. १-१०-१८ समेत जम्मा ज.वि. ३-३-७$^{१}/_{२}$ जग्गा शेषपछिको बकसपत्रको लिखत गरी मेरो अंश हक लाग्ने जग्गा मलाई थाहा जानकारी नै नदिई मेरो मन्जुरीबेगर जालसाजीपूर्ण तरिकाले मिति २०६३/१०/२६ मा शेषपछिको बकसपत्र पारित गराएका हुँदा अन्यायमा परी प्रस्तुत फिराद गर्न आएको छु । विपक्षीलाई झिकाई मिति ०६३/१०/२६ मा र.नं. ३७५५ बाट पारित गराई लिएको जालसाजीपूर्ण शेषपछिको बकसपत्र बदर गरी मेरो नाउँमा नामसारी गरिपाउँ भन्ने बेहोराको फिरादपत्र ।

पिता डोलदेव जोशी तथा माता जमुनाकुमारीबाट २ छोराहरू शंकरदेव र विपक्षी सुदर्शनदेव जोशी तथा म सकुन्तलासमेतका ५ छोरीहरूको जन्म भएको हो । शंकरदेव जोशी मिति ०२१ सालमा अलग भई बस्नुभएको, आमा जमुनाको ०५१ सालमा मृत्यु भएको, विपक्षीले बाबु डोलदेवको हेरविचार नगरेकाले एक्लो भई ०५८ सालदेखि मैले बाबु डोलदेवलाई राखी निजको स्याहार सम्भार,

औषधी उपचार, पालनपोषण, रेखदेख, सेवा टहल गरी आएको, बाबुले मैले गरेको सेवा टहलबाट खुसी भई रिझाएबापत नवलपरासी जिल्ला अमरौट गा.वि.स. वडा नं. ३ कि.नं. ३९२ को जग्गामध्ये १-११-७, कि.नं.११५ को जग्गामध्ये ०-१-२१/२ कि.नं. ६२ को जग्गामध्ये १-१०-१८ जग्गा शेषपछि खान पाउने गरी मिति ०६३/१०/२६ मा शेषपछिको बकसपत्र गरिदिनुभएको हो । बाबुले आफ्नो हकको जति अंशबन्डाको १९(४) नं.बमोजिम आफूखुस गर्न पाउने जग्गा मलाई बकसपत्र गरिदिएबाट विपक्षीको अंश हकमा कुनै आघात पर्ने अवस्था छैन भने विपक्षीसँग बाबु मानो छुट्टिएर बस्नुभएको भन्ने कुरा विपक्षीले बाबुउपर गरेको ०५८ सालको अंश मुद्दाबाट देखिएकोले विपक्षीको दाबी झुट्टा हो भन्ने कुरा पुष्टि हुन्छ । बाबुले मलाई गरिदिएको उक्त बकसपत्र सदर कायम राखी झुट्टा दाबीबाट फुर्सद पाउँ भन्ने बेहोराको शकुन्तला जोशीको प्रतिउत्तरपत्र ।

वादीका पिता डोलदेवले वादीसमेत बिचमा अंशबन्डा नहुँदै निजको समेत अंश हक लाग्ने जग्गा वादीलाई थाहा जानकारी नदिई निजको मन्जुरीबेगर बकसपत्र गरिदिएको उक्त जग्गाको लिखत वादी दाबीबमोजिम बदर हुनुपर्छ भन्नेसमेत बेहोराको वादीको साक्षी नन्दलाल यादवको बकपत्र ।

डोलदेव जोशीको अन्तिम अवस्थामा शकुन्तला र विनु जोशी दुवै मिली पालनपोषण गरेका थिए । ०५८ सालमा सुदर्शनदेव र डोलदेवबिच अंश मुद्दा परी डोलदेवले उक्त मुद्दाको प्रतिउत्तरमा नै मेरो पालनपोषण वादी सुदर्शनले गरेका छैनन् भन्ने कुरा उल्लेख गर्नुभएको छ । उक्त बकसपत्र बदर हुनुपर्ने होइन । डोलदेवको अंशभागमा ७ बिगाहा भएकोमा सोमध्ये जम्मा ३ बिगाहा मात्र बकसपत्र गरिदिएका हुन् । आधाभन्दा बढी निजकै नाउँमा रहेको छ भन्ने बेहोराको प्रतिवादीको साक्षी शिवकुमार केवटको बकपत्र ।

दान बकसको १ नं. मा आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरिदिनु हुन्छ भन्ने व्यवस्था रहेको छ । वादी र प्रतिवादीका स्व. पिताबिच अंशबन्डा नभई सगोलमा रहँदाकै अवस्थामा पिताको मृत्यु भएको देखिन्छ । वादी प्रतिवादीका पिता डोलदेव सगोलमा रहेकोले सगोलको सम्पत्तिमा वादी र निजका पिता डोलदेवको आधाआधा हक रहने कुरामा विवाद देखिँदैन । वादीका पिताको नाममा करिब १२ बिगाहा जग्गा रहेको र निजको नाममा रहेको सम्पूर्ण सम्पत्तिमध्ये आधाभन्दा कम आफ्नो हकको सम्पत्ति मात्र प्रतिवादी छोरीलाई शेषपछिको बकसपत्र गरिदिएको हुँदा र निजको जीवनकालमा सो शेषपछिको लिखत बदर गरेको नहुँदा डोलदेव जोशीले प्रतिवादीलाई गरिदिएको र.नं. ३७५५ मिति २०६३/१०/२६ को शेषपछिको बकसपत्र लिखत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्दैन भन्ने सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६९/३/१० को फैसला ।

मुलुकी ऐन, दान बकसको १ नं. मा आफ्नो हक पुग्ने सम्पत्ति मात्र दानबकस दिन मिल्ने व्यवस्था छ । स्व. पिता म पुनरावेदकसँग एकासगोलमा रहेको अवस्थामा मृत्यु भएको छ । यस्तो अवस्थामा जुनसुकै सम्पत्ति हक हस्तान्तरण गर्न मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं.बमोजिम घर व्यवहार चलाउनबाहेक अन्य अवस्थामा पैतृक सम्पत्ति र सोबाट बढे बढाएको सम्पत्ति हक हस्तान्तरण गर्न नमिल्ने प्रस्ट छ । दानबकसको महलको १ नं. अन्य अंशियारा नभएको व्यक्तिको हकमा मात्र आकर्षित हुनेमा उक्त कानूनको गलत व्याख्या गरी भएको सुरूको फैसला त्रुटिपूर्ण छ । एकासगोलमा रहेको अवस्थामा मलाई थाहा जानकारी नै नदिई मेरो मन्जुरीबिना मेरोसमेत अंश हक लाग्ने सम्पत्ति पिता डोलदेव जोशीले शेषपछिको बकसपत्र गरिदिनुभएको हुँदा उक्त बकसपत्र बदरभागी छ । जीवनभर नै मैले स्व. पिताको पालनपोषण, स्याहारसुसार र मृत्युपर्यन्तको काजक्रियासमेत मैले नै

गरेको हुँदा पिताको र मेरो बिचमा अंशबन्डा नभएको अवस्थामा पिताको मृत्युपछि स्वतः मेरो हक कायम हुने सम्पत्ति मेरो मन्जुरीबेगर बकसपत्र गर्न पाउने अधिकार पितालाई कानूनले नदिएको हुँदा दानबकसको १ नं. को गलत व्याख्या गरी भएको सुरू फैसला उल्टी गरी मिति २०६३/१०/२६ र.नं. ३७५५ को शेषपछिको बकसपत्रको लिखत बदर गरिपाउँ भन्ने वादी सुदर्शनदेव जोशीको पुनरावेदन अदालतमा परेको पुनरावेदनपत्र।

०६९-DP-५२४ र ०६९-DP -५२५ को मुद्दामा मिति २०७०/५/९ मा दुवै पक्षको पुनरावेदन एक-आपसमा सुनाउने आदेश भएको र प्रस्तुत मुद्दासमेत सो मुद्दाको अन्तरप्रभावी देखिँदा प्रत्यर्थीलाई अ.बं. २०२ नं. एवम् पुनरावेदन अदालत नियमावली, २०४८ को नियम ४७ बमोजिम झिकाई उपस्थित भए वा म्याद नाघेपछि पेस गर्नु भन्ने पुनरावेदन अदालत बुटवलको मिति २०७०/५/३० को आदेश।

नवलपरासी जिल्ला अदालतको मिति २०६९/३/१० को फैसला उल्टी भई डोलदेव जोशीले प्रतिवादी शकुन्तला जोशी शर्मालाई कि.नं. ३९२ को ज.वि. ५-१-७ मध्ये दक्षिण पश्चिमतर्फबाट ज.वि. १-११-७, कि.नं. ११५ को ज.वि. ०-२-५ मध्ये पश्चिमतर्फबाट ०-१-२$^{१}/_{२}$ र कि.नं ६२ को ज.वि. २-५-१ मध्ये दक्षिणतर्फबाट १-१०-१८ समेत जम्मा ज.वि. ३-३-७$^{१}/_{२}$ जग्गा र.नं. ३७५५ मिति ०६३/१०/२६ को शेषपछिको बकसपत्रको लिखतमध्ये वादीको हकजति अर्थात् २ भागको १ भाग बदर भई सोमा वादीको हक कायम गरी निजका नाममा नामसारीसमेत गरिदिने ठहर्छ भन्ने पुनरावेदन अदालत बुटवलको मिति २०७०/१०/२६ को फैसला।

स्व. पिताजीको नाउँमा नै करिब १२-१३ बिगाहा जमिन रहेको हुनाले पिताले मलाई शेषपछिको बकसपत्र गरिदिएको सम्पत्ति अंशबन्डाको १९(४) नं.अन्तर्गत आफूखुस गर्न पाउनेभित्र परेकोमा विवाद छैन। पिता डोलदेव जोशीको वृद्ध अवस्थामा विपक्षीले सेवा, सुसार, औषधोपचार तथा दान पुण्य गर्नमा बेवास्ता गरेको कुरा प्रमाण स्वरूप पेस भएका मिसिल संलग्न कागज प्रमाणले पुष्टि गरेको छ। वृद्ध पिताको स्याहारसुसार, पालनपोषण जस्तो सामाजिक दायित्व र कर्तव्य विपक्षीले पूरा नगरेकै कारण विवाहित छोरी म पुनरावेदिकाले गर्नुपरेको तथ्य प्रस्ट छ। पिताजीको प्रशस्त अचल सम्पत्ति हुँदाहुँदै पिताजीको इच्छाबमोजिम दान पुण्य गर्न नदिने तथा पालनपोषण औषधोपचार नगरी वृद्ध पितालाई बेवास्ता गरेको कारण पिताजी मेरो संरक्षणमा बस्नुपरेको थियो। सोही कारण पिताजीले धार्मिक आस्था र जीवनको उत्तरार्द्धमा विवाहित छोरीले पालनपोषण गर्नुपरेको मानसिक पीडाबोधले आफ्नो अंश हकमा पर्ने सम्पत्तिबाट मलाई शेषपछिको बकसपत्र गरिदिनुभएको हो। सर्वोच्च अदालतबाट ने.का.प. २०६६ अङ्क ३ नि.नं. ८११० पृ. ५१७ मा स्थापित सिद्धान्तको समेत प्रतिकूल हुने गरी पुनरावेदन अदालत बुटवलबाट भएको मिति २०७०/१०/२६ को फैसला त्रुटिपूर्ण छ। दान बकसको १ नं. मा आफ्नो हक हुने जति सम्पत्ति आफूखुसी गर्न पाउने व्यवस्था छ। पुनरावेदन अदालत बुटवलबाट मिति २०६३/१०/२६ को लिखत आधा बदर हुने ठहर गरेको मिति २०७०/१०/२६ को फैसलामा दानबकसको १ नं. को व्याख्यात्मक त्रुटि हुनुको साथै ने.का.प. २०५६ अङ्क ६ नि.नं. ६७२९ बाट स्थापित सिद्धान्तप्रतिकूल छ। पिता स्व. डोलदेव जोशीको नाउँमा जिल्ला नवलपरासी अमरौट गा.वि.स. अन्तर्गत करिब १४-०-० बिगाहा, त्रिवेणी गा.वि.स.को बजारमा ०-५-०, रूपन्देही सिद्धार्थनगर न.पा. वडा नं. ५ मा घडेरी जग्गा लगत नं. ११८६ मा दर्ता रहेको वि. ०-१-८ जग्गा र सोमा बनेको घर एवम् जिल्ला पाल्पा चिदीपानी गा.वि.स. वडा नं. ६ समेतमा करिब ३४-०-० रोपनी जग्गा रहेको छ। पिताजीले पालनपोषण गरी रिझाएबापत जम्मा जग्गा बिगाहा २-३-७$^{१}/_{२}$ मात्रै मलाई शेषपछि खान पाउने गरी बकसपत्र गरिदिनुभएको

हो। अर्को अंशियारको हक सुरक्षित रहेको अवस्थामा आफ्नो हक आफूखुस गर्न पाउने र आफ्नो हकसम्म लिखत गरिदिँदा अर्को अंशियारको मन्जुरी लिनु नपर्ने भनी सर्वोच्च अदालतबाट ने.का.प. २०६८ अङ्क ५ नि.नं. ८६२२ पृष्ठ ८६१ मा सिद्धान्त स्थापित छ । विपक्षी सुदर्शनदेव जोशी र स्व.पिता डोलदेव जोशी एकासगोलमा रहेको अवस्थामा मलाई मिति २०६३/१०/२६ मा शेषपछिको बकसपत्र लिखत गरिदिनुभएको होइन। विपक्षीले नै मिति २०५८/५/१५ मा पिता डोलदेव जोशीउपर अंश मुद्दा दायर गर्नुभएको थियो। विपक्षीले उक्त मितिमा अंश मुद्दा दायर गर्दा नै मिति २०५८/४/१० लाई मानो छुट्टिएको मिति कायम गरी २ भागको १ भाग अंश दिलाइपाउँ भनी उल्लेख गर्नुभएको छ। विपक्षी र पिता डोलदेव जोशीबिच अंश मुद्दा परी विपक्षीले नै स्वीकार गरेको मितिमा मानो छुट्टिएको मितिपछि पिताजीको मृत्युपर्यन्त छुट्टाछुट्टै अलग बस्दै आउनुभएको प्रस्ट छ। यसरी एक अर्कोबिच मानो छुट्टिई अलग रहेको अवस्थामा पिताले मलाई आफ्नो अंश हकमध्येको सम्पत्तिबाट शेषपछिको बकसपत्र लिखत गरिदिँदा विपक्षीको मन्जुरी लिनुपर्ने अवस्था रहँदैन । मुलुकी ऐन, अंशबन्डाको १९(१) नं. ले एकासगोलमा रहेको अंशियारको सम्म मन्जुरी लिनुपर्ने व्यवस्था छ । अतः वादी दाबीको मिति २०६३/१०/२६ को र.नं. ३७५५ को लिखत आधा बदर गर्ने गरी भएको मिति २०७०/१०/२६ को फैसला बदर गरी वादी दाबी नपुग्ने ठहर गरेको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६९/३/१० को फैसला यथावत् कायम गरिपाउँ भन्ने बेहोराको प्रतिवादी शकुन्तला जोशीको यस अदालतमा परेको पुनरावेदनपत्र।

वादी प्रतिवादीका पिताले आफू जीवित छँदै आफ्नो नाउँको आफ्नो हकको आधासम्मको आफूखुस गर्न पाउने सम्पत्ति र.नं. ३७५५ को शेषपछिको बकसपत्र लिखतबाट आफ्ना छोरीलाई मिति २०६३/१०/२६ मा पारित गरिदिएको देखिएकोमा पुनरावेदन अदालत बुटवलबाट मिति २०७०/१०/२६ मा भएको फैसलामा अंशबन्डाको १९(४), १९(१) तथा लेनदेनको १० नं. र दानबकसको ५ नं.समेतको व्याख्यात्मक त्रुटि देखिई फरक पर्न सक्ने देखिँदा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ विपक्षी झिकाई आएपछि पेस गर्नु भन्ने यस अदालतको मिति २०७४/१२/२ को आदेश।

<u>यस अदालतको ठहर</u>

नियमबमोजिम पेसी सूचीमा चढी यस इजलाससमक्ष पेस हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री तिलप्रसाद गौतम र श्री जगदिशचन्द्र पाण्डेले वादी सुदर्शनदेव जोशीले बाबु स्व. डोलराज जोशीको स्याहारसुसार, पालनपोषण नगरेका कारण छोरीहरूले सेवा टहल गरेका हुन्; पालनपोषण गरेबापत स्व. डोलदेव जोशीले आफ्नो हकको अंशबन्डाको १९(४) नं.बमोजिम आफूखुस गर्न पाउने सम्पत्ति शेषपछिको बकसपत्र गरिदिनुभएको हो; बकसपत्रको लिखतबाट वादीको हक मेटिने कुनै कार्य नभएको हुँदा आधा लिखत बदर हुने गरी भएको पुनरावेदन अदालतको फैसला बदर हुनुपर्दछ; वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू अदालतको फैसला कानूनसम्मत हुँदा जिल्ला अदालतको फैसला सदर हुनुपर्दछ भन्ने बहस जिकिर गर्नुभयो । प्रत्यर्थी वादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताद्वय श्री पुरूषोत्तमराज खकुरेल र श्री नवराज तिमिल्सिनाले सुदर्शनदेव जोशी र निजका पिता स्व. डोलदेव जोशी एकासगोलका अंशियार भएका र पिता डोलदेव जोशीको सेवा टहल काजक्रियासमेत वादी सुदर्शनदेव जोशीले नै गरेको अवस्था हुँदा पिताको मृत्युपछि सम्पूर्ण सम्पत्तिमा सुदर्शनदेव जोशीको हक हुने, निजहरू छुट्टीभिन्न नभएको अवस्थामा वादी सुदर्शनदेव जोशीको अंश हक मेटाउने उद्देश्यले निजको मन्जुरीबेगर वादी दाबीका जग्गाहरू मिति २०६३/१०/२६ र.नं. ३७५५

बाट प्रतिवादी शकुन्तला जोशी शर्माले पिता डोलदेव जोशीबाट शेषपछिको बकसपत्र पारित गरी लिएको हुँदा बकसपत्र बदर हने गरी भएको पुनरावेदन अदालतको फैसला सदर कायम हुनुपर्दछ भनी गर्नुभएको बहस जिकिरसमेत सुनियो।

अब, यसमा शेषपछिको बकसपत्र लिखत बदर हुने ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको छ वा छैन ? प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्तछ वा सक्तैन ? भन्ने प्रश्नमा निर्णय दिनुपर्ने देखिन आयो।

निर्णयतर्फ विचार गर्दा, मेरोसमेत अंश हक लाग्ने एकासगोलको जग्गा बाबुले छोरीलाई शेषपछिको बकसपत्र गरिदिएकोले लिखत बदर गरिपाउँ भन्ने वादी दाबी रहेको देखियो । वादी दाबी नपुग्ने गरी भएको सुरू फैसला उल्टी गरी विवादित शेषपछिको बकसपत्र लिखतको दुई भागको एक भाग बदर हुने भनी पुनरावेदन अदालतबाट भएको फैसलाउपर लिखत बदर हुनुपर्ने होइन भनी प्रतिवादी शकुन्तला जोशीको यस अदालतमा पुनरावेदन परेको सन्दर्भमा निर्णय दिनुपरेको छ।

२. वादी प्रतिवादीबिच नाता सम्बन्धको कुरामा विवाद रहेको देखिँदैन। वादी सुदर्शनदेव जोशी र प्रतिवादी शकुन्तला जोशी स्व. डोलदेव जोशीका क्रमश: छोरा र छोरी हुन् भन्ने देखिएको छ। डोलदेव जोशीले छोरी शकुन्तला जोशीलाई नवलपरासी जिल्ला अमरौट गा.वि.स.वडा नं. ३क कि.नं. ३९२ ज.वि. ५-१-७ मध्ये पश्चिमतर्फबाट ज.वि. १-११-७ ऐ. कि.नं. ११५ ज.वि. ०-२-५ मध्ये ०-१-२$^{१}/_{२}$ ऐ. कि.नं. ६२ को ज.वि. २-५-१ मध्ये दक्षिणतर्फबाट ज.वि. १-१०-१८ समेत जम्मा ज.वि. ३-३-७$^{१}/_{२}$ जग्गा शेषपछिको बकसपत्र गरिदिएको देखिन्छ । बकसपत्र गरिदिँदाको अवस्थामा डोलदेव र सुदर्शनदेवबिच विधिवत् अंशबन्डा भइसकेको भन्ने देखिँदैन । तथापि, यिनै वादी सुदर्शनदेव जोशीले निजका पिता डोलदेव जोशीउपर मिति २०५८/५/१५ मा अंश मुद्दा दायर गरी मिति २०५८/४/१० लाई मानो छुट्टिएको मिति कायम गरी २ भागको १ भाग अंश दिलाइपाउँ भनी उल्लेख गरेको देखिएको छ । यसबाट डोलदेव र निजका छोरा सुदर्शनदेवबिच एकाघर सगोलको हैसियत अलग गरी छुट्टिई भिन्न हुने अभिप्राय रहेको प्रस्ट हुन्छ । अर्को शब्दमा भन्नुपर्दा डोलदेवलाई वादी सुदर्शनदेवले पालनपोषण, हेरचाह आदि गरेको भन्ने कुरा खण्डित भएको देखिन्छ । यसपछि मात्र डोलदेवले प्रतिवादी शकुन्तला जोशीलाई मिति २०६३/१०/२६ मा शेषपछिको बकसपत्र लिखत गरिदिएको पाइयो । उल्लिखित तथ्यहरूबाट डोलदेवको पालनपोषण, हेरचाह निजको मृत्युपूर्व छोरी शकुन्तलाले नै गरेको थियो भन्ने तथ्य समर्थित हुन्छ। वस्तुत: छोरी शकुन्तलाले नै निजका पिता डोलदेवको पालनपोषण हेरचाह गरेको कुरा विवादित शेषपछिको बकसपत्र लिखतको बेहोराबाट पनि समर्थित भएको देखिन्छ।

३. बकसपत्र गरिदिएको सम्पत्तिको दृष्टिले हेर्दा पनि स्व. डोलदेवले जम्मा ज.वि. ३-३-७$^{१}/_{२}$ जग्गा मात्र शेषपछिको बकसपत्र गरी छोरीलाई दिएको देखिन्छ । स्व. डोलदेवको नाममा मूल्यवान् घडेरी जग्गासहित करिब १२/१४ बिगाहा जग्गा रहेको तथ्य पनि मिसिल प्रमाणबाट खुल्न आएको छ । बाबु-छोराबिच विधिवत् अंशबन्डा गर्दा पनि डोलदेवको भागमा ज.वि. ३-३-७$^{१}/_{२}$ जग्गाभन्दा बढी नै सम्पत्ति अंश भागमा पर्ने स्थिति रहेको देखिन्छ। यस अवस्थामा वृद्ध अवस्थाका पिताले आफ्नो पालनपोषण, हेरचाह गर्ने छोरीलाई आफ्नो शेषपछि खाने गरी आफ्नो हक पुग्ने केही सम्पत्ति बकसपत्र गरिदिएको कुरालाई अनुचित र कानूनप्रतिकूल कार्य भनी मान्न मिल्ने देखिँदैन। डोलदेवले आफ्नो अंश हक पुग्न सक्नेमध्येको सम्पत्तिबाट छोरीलाई शेषपछिको बकसपत्र लिखत गरी दिँदा छोरा (वादी) को मन्जुरी लिनुपर्ने कानूनी

अनिवार्यता रहेकोसमेत देखिँदैन । छोरा (वादी) को अंश हकमा असर पर्ने गरी शेषपछिको लिखत गरेको अवस्था देखिँदैन । बकसपत्र गर्ने निज बाबुको इच्छा वा स्वविवेकको पनि अर्थ र महत्त्व रहन्छ । छोरा भएकै नाताले बाबुको सम्पत्तिमा यान्त्रिक तवरबाट स्वत: हक स्थापित हुने पनि होइन । सम्पत्ति प्राप्तिको हकसँग सामाजिक / सांस्कृतिक / धार्मिक आदि कर्तव्य पनि जोडिएको हुन्छ । जीवित छउन्जेल वास्ता नगर्ने छोराले बाबु मरेपछि केवल काजक्रिया गरेको कारण देखाई निजको सबै सम्पत्तिमा स्वत: हक पुग्ने दाबी गर्नु पनि मनासिब देखिँदैन । बाबुको मृत्यु भएपछि काज-क्रिया गर्नु पुत्र-धर्म वा सन्तानको कर्तव्यको विषय हो । धार्मिक वा संस्कारजन्य यस प्रकारको कर्तव्य निर्वाह गरेको कारणबाट मात्र मृतकको सम्पत्तिउपर हक स्थापित भएको दाबी गर्न मिल्दैन ।

४. मुलुकी ऐन, दानबकसको महलको १ नं. मा "आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरिदिन हुन्छ" भनी उल्लेख भएको छ । मुलुकी ऐन, अंशबन्डाको महलको १९(१) नं.बमोजिम पिता पुर्खाको पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउनलाई स्वास्नी छोरा अविवाहिता छोरी वा विधवा बुहारीको मन्जुरी नलिए पनि आफूखुस गर्न पाउने हुन्छ । अंशबन्डाको महलको १९(४) नं.बमोजिम आफ्नो हकको अंशजति आफूखुसी गर्न पाउने देखिन्छ । ने.का.प. २०६६, अङ्क ३, नि.नं. ८११० मा प्रकाशित पुनरावेदक वादी अशोककुमार साह र प्रत्यर्थी प्रतिवादी लालबाबुप्रसाद साह तेलीसमेत भएको शेषपछिको बकसपत्र बदर मुद्दामा "अंश मुद्दा दायर गरिसकेपछि फैसला नहुँदै आफ्नो अंश भागमा पर्न आउने सम्पत्ति शेषपछिको बकसपत्र गरिदिन नपाउने गरी दाता कृतरामलाई कानूनले रोक नलगाएको अवस्थामा दानबकसको १ नं. तथा अंशबन्डाको १९(४) नं.अनुसार आफ्नो अंश भागमा पर्ने सम्पत्ति निजले नातिहरूलाई शेषपछिको लिखत गरिदिन पाउने" भनी यस अदालतबाट नजिर सिद्धान्त कायम भएको देखिन्छ । ने.का.प. २०६८ अङ्क ५ नि.नं. ८६२२ मा प्रकाशित पुनरावेदक प्रतिवादी शिवकुमार नेपाली र प्रत्यर्थी वादी पम्फा सार्की भएको शेषपछिको बकसपत्र लिखत बदर मुद्दामा समेत "आफ्नो हक पुग्ने सम्पत्ति आफूखुस गर्न पाउने हुँदा आफ्नो सम्पत्तिमात्र बकसपत्र गरी अर्को अंशियारको हकको सम्पत्ति सुरक्षित नै रहेको अवस्थामा बकसपत्रको लिखतमा अर्को अंशियारको मन्जुरी हुनु नपर्ने" भनी सिद्धान्त कायम भएको देखिन्छ । उल्लिखित कानून र प्रतिपादित सिद्धान्तको आलोकमा हेर्दा स्व. डोलदेवले निजकी छोरी प्रतिवादी शकुन्तला जोशीलाई गरिदिएको शेषपछिको बकसपत्रमा कुनै कानूनी त्रुटि विद्यमान रहेको देखिएन । उल्लिखित कुराहरूको प्रतिकूल हुने गरी भएको पुनरावेदन अदालत बुटवलको फैसलालाई मनासिब मान्न मिलेन ।

५. अत: विधिवत् रूपमा भएको शेषपछिको बकसपत्र लिखत बदर हुने ठहर गरेको पुनरावेदन अदालत बुटवलको मिति २०७०/१०/२६ को फैसला त्रुटिपूर्ण देखिएकाले सो फैसला उल्टी भई विवादित र.नं. ३७५५ मिति २०६३/१०/२६ को डोलदेव जोशीले निजकी छोरी (प्रतिवादी) शकुन्तला जोशीलाई गरिदिएको शेषपछिको बकसपत्र लिखत सदर कायम रहने र वादी सुदर्शनदेव जोशीको फिराद दाबी पुग्न नसक्ने ठहर्छ । अरू तपसिलबमोजिम गर्नू:

<u>तपसिल</u>

१. माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन जिकिरबमोजिम शेषपछिको बकसपत्र लिखत बदर नहुने ठहरी फैसला भएकोले पुनरावेदन अदालत बुटवलको फैसलाबमोजिम वादीलाई प्रतिवादीबाट भराउने ठहरेको कोर्ट फी अब वादीलाई भराउन नपर्ने हुँदा प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा र.नं. २२५४ मिति २०७१/७/२१ बाट राखेको कोर्ट फी धरौट रू.७,६३४/५०

प्रतिवादीले फिर्ता माग्न आए नियमानुसार फिर्ता दिनु भनी यस अदालतको लेखा शाखामा लेखी पठाउनू।

२. माथि ठहर खण्डमा लेखिएबमोजिम पुनरावेदन जिकिरबमोजिम लिखत बदर नहुने ठहरी फैसला भएकोले प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा र.नं. ८८७३ मिति २०७१/७/२१ बाट राखेको कोर्ट फी रू.९९६/- प्रतिवादीले भराई माग्न आए नियमानुसार वादीबाट प्रतिवादीलाई भराइदिने गरी लगत राख्नु भनी सुरू जिल्ला अदालतमा लेखी पठाउनू।

३. प्रस्तुत फैसला यस अदालतको विद्युतीय प्रणालीमा प्रविष्ट गरी, मुद्दा दायरीको लगत कट्टा गरी, सुरू तथा प्रमाण मिसिल नवलपरासी जिल्ला अदालतमा, रेकर्ड मिसिल उच्च अदालत तुल्सीपुर, बुटवल इजलासमा र यस अदालतको रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू।

उक्त रायमा सहमत छु।
न्या.हरिप्रसाद फुयाल

इजलास अधिकृत:- रूद्रप्रसाद अर्याल
इति संवत् २०७९ साल फागुन २३ गते रोज ३ शुभम्।

निर्णय नं. ११३७५

सर्वोच्च अदालत,संयुक्त इजलास
माननीय न्यायाधीश श्री अनिलकुमार सिन्हा
माननीय न्यायाधीश डा. श्री कुमार चुडाल
आदेश मिति : २०७९।१२।२२
०७९-WO-०९२७

मुद्दाः उत्प्रेषण

निवेदक : नाडेप लघुवित्त वित्तीय संस्था लि. सतुंगल काठमाडौंमा कार्यरत ऐजन सङ्गठनको उपाध्यक्ष सुभाषचन्द्र न्यौपानेसमेत

विरूद्ध

विपक्षी : नाडेप लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय गजुरी, धादिङसमेत

- **सरूवाको सामान्य सिद्धान्त नै कर्मचारीहरूलाई तोकिएको काम, कर्तव्य र कार्य उचित ढङ्गबाट सम्पन्न गर्ने आवश्यकताका आधारमा गर्नुपर्ने, सरूवा नियमित प्रक्रियाका रूपमा रहने र अन्य सबै कर्मचारीलाई समान अवसर वा अनुभवको निमित्त सख्त जरूरी हुने स्वाभाविक र नियमित प्रशासनिक प्रक्रिया हो । सङ्गठनको उद्देश्यमा योगदान पुन्याउने कर्मचारीलाई सबै कार्यमा निपुर्ण तुल्याउन, कर्मचारीबाट उच्चतम सेवा प्रवाह गर्न, कर्मचारीको मानवीय कठिनाई सम्बोधन गर्न, कर्मचारीले प्रवाह गर्ने सेवालाई चुस्त दुरूस्त राख्न, दण्ड एवम् पुरस्कारको (stick and carrot) अनुमति दिलाउन, कर्मचारीको तुलनात्मक**

मूल्याङ्कन गर्न, कर्मचारीको सिप शक्तिको उच्चतम उपयोग गर्न, भौगोलिक स्थानको अनुभव दिलाउनलगायतका अवस्थाहरूमा सरूवा आवश्यक पर्ने र सरूवा हुन सक्ने कर्मचारी सेवाको विधिशास्त्र (service jurisprudence) को सामान्य सिद्धान्त रही आएको पाइने।

(प्रकरण नं.२)

- **सङ्गठनहरूले आफ्ना सुरक्षाको फेहरिस्त union security clause राख्ने मात्र नभई व्यवस्थापन पक्षको अधिकारका फेहरिस्त management rights clause को पनि ख्याल गरी व्यवहारमा दुवै पक्षको हितलाई ध्यानमा राखी सम्झौतामा पुग्नुपर्ने । सामूहिक सौदाबाजीअन्तर्गत व्यवस्थापन र कर्मचारी सङ्गठन दुवैले आफ्नो उत्तरदायित्व बोध गर्नुपर्ने। सम्झौता हुन नसकेमा त्यसको विकल्प के छ, त्यसले कस्तो परिणाम सिर्जना गर्दछ, त्यसले कुन पक्षलाई कसरी प्रभावित गर्दछ भन्ने जस्ता सबै पक्षलाई ध्यान दिई दुवै पक्षले आफ्नो सीमाभित्र रही नियम कानूनको उचित परिपालना गर्नुपर्ने। सामूहिक सौदाबाजीको अधिकारको प्रयोगबाट सम्पूर्ण कर्मचारीको हितको रक्षा गर्न सक्नुपर्ने । केवल युनियनका पदाधिकारीको हितको रक्षा गर्नु र सरूवा तथा बढुवामा निजहरूको अनियन्त्रित अधिकार स्थापित गर्नु सामूहिक सौदाबाजीको सिद्धान्तको मर्म नहुने।**

(प्रकरण नं.३)

- **एउटा ट्रेड युनियनको पदाधिकारी हुँदैमा सरूवा र बढुवा जस्तो सामान्य प्रशासनिक कामकारबाहीमा उसको इच्छाअनुसार मात्र हुनुपर्ने भनी मौलिक हकको व्याख्या गर्नु सार्वजनिक प्रशासनको उद्देश्य तथा कानून र न्यायको मान्य सिद्धान्तअनुरूप हुन नसक्ने।**

(प्रकरण नं.४)

निवेदकका तर्फबाट : विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शतिषकृष्ण खरेल र श्री शंकर सुवेदी तथा विद्वान् अधिवक्ता श्री राधेश्याम घिमिरे

विपक्षीका तर्फबाट : विद्वान् अधिवक्ताहरू श्री ईश्वरीप्रसाद भट्टराई, श्री बल्लभ बस्नेत र श्री उज्वल घिमिरे

अवलम्बित नजिर :

सम्बद्ध कानून :

आदेश

न्या.डा.कुमार चुडाल : नेपालको संविधानको धारा ४६, १३३(२) बमोजिम यसै अदालतको क्षेत्राधिकारभित्रको भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः

<u>तथ्य खण्ड</u>

हामी निवेदक विपक्षी नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडमा कार्यरत स्थायी कर्मचारी हौं । ट्रेड युनियन ऐन, २०४९ को दफा ३ अन्तर्गत दर्ता भएको नाडेप कर्मचारी सङ्गठन प्रतिष्ठानस्तरको ट्रेड युनियन हो । यो सङ्गठन श्रम कार्यालयमा दर्ता रहेको छ । यस सङ्गठनमा हामी निवेदकमध्ये सुभाषचन्द्र न्यौपाने उपाध्यक्ष पुरूषोत्तम आचार्य महासचिव भई श्रमिक कर्मचारीको हक हितको लागि क्रियाशील छौं । हामीहरूको पदाधिकार अवधि मिति २०८०।८।१९ सम्म रहेको छ । संस्थामा कर्मचारीको सामूहिक हकहितको लागि सङ्गठनले सामूहिक सौदाबाजीअन्तर्गत माग राखी मिति २०७६।५।२२ मिति २०७६।८।१२ मा सम्झौताहरू

भए पनि कार्यान्वयन नभएकोले दबाब दिँदा हामी निवेदकहरूलाई नै सरूवा गरियो । सो सरूवाउपर हामीहरूले सम्मानित उच्च अदालत पाटनमा रिट निवेदन दायर गरेकोमा सोमा अन्तरिम आदेश जारी भएको थियो। तर अदालतबाट मिति २०७९।१०।११ मा अन्तिम फैसला हुँदा हाम्रो रिट निवेदन खारेज भयो।

हाम्रो रिट निवेदनउपर सम्मानित उच्च अदालत पाटनले मिति २०७९।१०।११ मा फैसला भएपछि तुरून्तै मिति २०७९।१०।१७ गते च.नं. १०२६।०७९।०८० र १०२८।०७९।०८० को सरूवा पत्रमा अदालतको फैसलालाई नै आधार बनाई विपक्षीहरूले हामीलाई ७ दिनभित्र सरूवा भएको कार्यालयमा हाजिर हुन जानु भनी हाम्रा नाउँमा सरूवा पत्र दिइयो। सोपश्चात् पुनः मिति २०७९।११।२ गते च.नं. १२०६।२०७९।०८० र १२०७।०७९।०८० मार्फत हामीलाई तीन दिनभित्र हाजिर हुन जानु भनी अर्को सरूवा पत्र दिइयो।

नेपालको संविधान, २०७२ ले श्रमको हकलाई मौलिक हकको रूपमा राखेको छ। संविधानको धारा ३४ को उपधारा (१) ले श्रमिकको परिभाषा गरेको छ भने उपधारा (२) मा प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हकको ग्यारेन्टी गरेको छ । सो श्रमको हकको प्रभावकारी उपभोगको लागि उपधारा (३) ले प्रत्येक श्रमिकलाई कानूनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्ने हकको सुनिश्चितता गरेको छ। त्यसै गरी संविधानले सुनिश्चित गरेको ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्ने अधिकारलाई व्यवस्थित गर्न ट्रेड युनियन ऐन, २०४९ को दफा ३, ४ र ५ ले ट्रेड युनियन दर्ताको व्यवस्था गरेको छ। यसरी दर्ता हुने ट्रेड युनियन सञ्चालन गर्न मनोनयन हुने पदाधिकारीहरूको ट्रेड युनियनसम्बन्धी गतिविधिलाई सीमित गर्ने उद्देश्यले प्रतिष्ठान व्यवस्थापनले विगतमा अनुचित श्रम अभ्यास गरी श्रम आन्दोलनमार्फत हुने सामूहिक सौदाबाजीलाई निस्तेज पार्ने, श्रमको गर्ने गतिविधि हुँदै आएको कुरालाई हृदयंगम गरी ट्रेड युनियन ऐनमा २०७२ मा संशोधन गरी दफा २३क थप भएको हो।

यसरी कानूनद्वारा संरक्षित हामी श्रमिकहरूको हक हितविपरीत भएको हाम्रो सरूवा श्रम ऐन, २०७४ को दफा ९२(२) को खण्ड (ख), (घ), (ङ) बमोजिमको अनुचित श्रम अभ्यास हो । यस किसिमको अनुचित श्रम अभ्यासको रूपमा आएको सरूवा कार्यान्वयन हुन सक्तैन। त्यस्तै ट्रेड युनियन ऐन, २०४९ को दफा २३क ले यस्तो अनुचित श्रम अभ्यास र सामूहिक सौदाबाजीको विरूद्ध हुने कदमलाई निस्तेज गर्न सङ्गठनका पदाधिकारीलाई विशेष परिस्थितिमा बाहेक निजहरूको सहमतिविना सरूवा तथा बढुवा नगरिने व्यवस्था गरेको हो । सङ्गठनको महत्त्वपूर्ण जिम्मेवारीमा रहेका मुख्य पदाधिकारीलाई ट्रेड युनियन ऐन, २०४९ को दफा २३क विपरीत हामीलाई सरूवा गरिएको हो।

उल्लिखित मिति २०७९।१०।१७ गते च.नं. १०२६।०७९।०८० र १०२८।०७९।०८० को ७ दिने साथै मिति २०७९।११।२ गते च.नं. १२०६।२०७९।०८० र १२०७।०७९।०८० को ३ दिने सरूवा पत्र उत्प्रेषणको आदेशले बदर गरी निवेदकहरूलाई तत्काल सरूवा नगर्नु यथास्थानमा कामकाज गर्न दिनु भनी परमादेश जारी गरिपाऊँ। साथै, विपक्षी प्रतिष्ठानको पत्रबमोजिम सरूवा भई नगएमा हामीमाथि विभागीय कारबाही भई जाने सम्भावना रहेको र ट्रेड युनियन ऐन, २०४९ को दफा २३क ले प्रदान गरेको हकको उपयोग गर्नबाट वञ्चित हुनुपर्ने अवस्था उत्पन्न भई अपुरणीय क्षति पुग्न जाने भएकोले सुविधा सन्तुलनको दृष्टिले निवेदकहरूलाई तत्काल सरूवा नगर्नु यथास्थानमा कामकाज गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ अन्तर्गत

विपक्षीहरूका नाउँमा अन्तरिम आदेश गरिपाउँ भन्ने बेहोराको मिति २०७९।११।१६ को निवेदक नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड, सतुंगल काठमाडौंमा कार्यरत सुभाषचन्द्र न्यौपानेसमेतको निवेदन।

यसमा के कसो भएको हो ? निवेदकको मागबमोजिमको आदेश किन जारी हुनु हो ? मागबमोजिमको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण भए सबुद प्रमाणसहित म्याद सूचना पाएका मितिले बाटाका म्यादबाहेक १५ (पन्ध्र) दिनभित्र विपक्षीहरूलाई आफैँ वा आफ्नो कानूनबमोजिमको प्रतिनिधिमार्फत लिखित जवाफ पेस गर्नु भनी आदेश र निवेदनको प्रतिलिपिसमेत साथै राखी विपक्षीहरूका नाममा म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार गरी पेस गर्नू। साथै निवेदकले अन्तरिम आदेशसमेत माग गरेको सन्दर्भमा विचार गर्दा, निवेदनमा उल्लेख गरिएको विषयमा निवेदक र विपक्षीहरूबिच उपस्थित भई छलफल गरी निर्णय गर्न उपयुक्त देखिएकोले सो प्रयोजनको लागि मिति २०७९।११।२९ को पेसीको मिति तोकी दुवै पक्षलाई सूचना दिनू।

उक्त विषयमा अन्तरिम आदेश छलफलबाट अन्तिम निर्णय नहुन्जेलसम्म प्रत्यर्थीबाट निवेदकहरूलाई मिति २०७९।११।०२ मा जारी गरिएको हाजिर हुने सम्बन्धमा भन्ने सरूवाको पत्र र त्यससँग सम्बन्धित कार्य कार्यान्वयन नगर्नु नगराउनु र निवेदकलाई यथास्थितिमा काम गर्न दिनु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(२)(ख) बमोजिम अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ । आदेशको जानकारी विपक्षीहरूलाई दिई नियमानुसार पेस गर्नु भन्ने बेहोराको मिति २०७९।११।१७ को यस अदालतको आदेश।

यसमा प्रस्तुत रिट निवेदनमा यस अदालतको एक न्यायाधीशको इजलासबाट अन्तरिम आदेशसहितको कारण देखाउ आदेश जारी भइसकेको अवस्थामा विपक्षीहरूको लिखित जवाफ परे वा अवधि व्यतीत भएपछि संयुक्त इजलाससमक्ष पेस गर्नुपर्नेमा पुनः एक न्यायाधीशको इजलासमा पेस हुन आएको देखिँदा प्रस्तुत रिट निवेदन आजको पेसीबाट हटाइदिएको छ । अर्को पेसी तोकी संयुक्त इजलासमा नियमानुसार पेस गर्नु भन्ने बेहोराको मिति २०७९।१२।१२ को यस अदालतको आदेश।

यसमा यसै अदालतमा यिनै निवेदकसमेतले दायर गरेको यसै विषयको मुद्दा दोहोर्‍याई हेरिपाउँ भन्ने ०७९-RI-१४९० नं.को निवेदन अवलोकनार्थ साथै राखी पेस गर्नुहोला भन्ने बेहोराको मिति २०७९।१२।१५ को यस अदालतको आदेश।

विपक्षी प्रत्यर्थीहरूलाई यस लिखित जवाफकर्ता संस्थाले संस्थाको उद्देश्य, आवश्यकता तथा प्रचलित कानूनको अधीनमा रही सरूवा गरेकोमा विपक्षी प्रत्यर्थीहरू उक्त सरूवा भएको स्थानमा नगई उक्त सरूवाको विरूद्धमा श्री उच्च अदालत पाटनमा ०७७-WO-०२६२ को रिट निवेदन दर्ता गरेकोमा श्री उच्च अदालत पाटनले मिति २०७९।१०।११ मा उक्त रिट खारेज हुने गरी फैसला गरेको अवस्थामा छ । यसरी लिखित जवाफकर्ता संस्थाले श्री उच्च अदालतको विपक्षीहरूको रिट निवेदन खारेज भएपछि विपक्षी प्रत्यर्थीहरूलाई सरूवा भएको कार्यालयमा हाजिर हुन जानु भनी पत्रसम्म मात्र लेखेको र नयाँ सरूवा नभई पुरानै सरूवाको कार्यान्वयनसम्मको लागि पत्र दिएको अवस्थामा विपक्षीहरूले सोही उच्च अदालतमा दायर गरेको रिट निवेदनको विषयलाई नै लिई यस श्री सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गर्नु लिखित जवाफकर्तालाई दुःख हैरानी दिनको लागि मात्र मुद्दाको अन्तिमताको सिद्धान्तविपरीत विपक्षीको रिट निवेदन दर्ता गरेकोले विपक्षीहरूको रिट निवेदनले कानूनी अराजकता र यस लिखित जवाफकर्ता संस्थालाई दुःख हैरानी मात्र दिने भएकोले प्रथमदृष्टिमा नै खारेजभागी छ।

ट्रेड युनियन ऐन, २०४९ को दफा २३क मा "प्रतिष्ठान स्तरका ट्रेड युनियका कार्य समितिका पदाधिकारीहरूलाई विशेष परिस्थितिमा बाहेक उनीहरूको सहमतिबिना सरूवा वा बढुवा गरिने छैन" भन्ने व्यवस्था छ । विपक्षीले यस लिखित जवाफकर्ता संस्थाले विपक्षीलाई गरेको सरूवा विरूद्ध कानूनी उपचारको निमित्त श्री उच्च अदालतमा रिट निवेदन दर्ता गरेकोमा उक्त श्री उच्च अदालतको रिट निवेदनमा समेत ट्रेड युनियन ऐन, २०४९ को दफा २३क विपरीत सरूवा गरेको भन्ने जिकिर लिएकोमा उक्त जिकिरलाई श्री उच्च अदालत पाटनले कानूनी प्रश्न तथा तथ्यगत प्रश्नसमेत विवेचना गरी विपक्षीको रिट निवेदन खारेज गरेको छ । विपक्षीहरूले श्रम ऐन, २०७४ को दफा ९२(२) को खण्ड (ख), (घ) र (ङ) को विपरीतको कार्य गरी अनुचित श्रम अभ्यास गरेको भनी जिकिर लिएका छन् । विपक्षी प्रत्यर्थीहरूले लिखित जवाफकर्ता संस्थाले के-कसरी श्रम ऐन, २०७४ को दफा ९२(२) को खण्ड (ख), (घ) र (ङ) विपरीतको कार्य गरी कुन कानून उल्लङ्घन र विपक्षीहरूलाई के कस्तो दुःख वा हैरानी भयो भनी खुलाउनसमेत सकेको अवस्था छैन । नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७१ को परिच्छेद ५ वृत्ति विकाससम्बन्धी व्यवस्थाको ४२ मा सरूवाको परिभाषा गर्दै "कर्मचारीहरूको पेसागत क्षमताको विकास गरी निजहरूलाई लघु वित्तीय संस्थाका हरेक कारोबारहरू दक्षताका साथ सम्पन्न गर्न सक्ने बनाउन एक कार्यात्मक पदबाट अर्को कार्यात्मक पदमा क्रमैसँग कार्य गराउने लघु वित्तीय संस्थाको नीति रहने छ" भन्ने व्यवस्था छ भने उक्त विनियमावलीको विनियम ४२(२) मा "लघु वित्तीय संस्थाले आवश्यकताअनुसार कर्मचारीको सरूवा गर्न सक्ने छ । यसरी सरूवा गर्दा सामान्यतया लघु वित्तीय संस्थाको कार्यक्षेत्रलाई सुगम क्षेत्र, मध्यम क्षेत्र र दुर्गम क्षेत्रमा वर्गीकरण गरी एक क्षेत्रमा दुई वर्ष कार्य गरिसकेपछि, अर्को क्षेत्रमा सरूवा गर्ने नीति रहने छ" भन्ने व्यवस्था छ । यसरी माथि उद्धृत भएका कानूनले लिखित जवाफकर्ता संस्थालाई कानूनको अख्तियारीभित्र सरूवा गर्ने अधिकार दिएको र विपक्षीहरूले सरूवा भएको स्थानमा जानु विपक्षीहरूको कर्तव्य हुनेमा विपक्षीहरूले यस लिखित जवाफकर्ता संस्थाले गरेको सरूवालाई श्री उच्च अदालत पाटनमा चुनौती दिई रिट खारेज भएकोमा सोही पुरानो सरूवाको विषयलाई लिएर यस सम्मानित अदालतमा रिट दर्ता गर्नु सर्वथा कानूनविपरीतको कार्य भएकोले विपक्षीको रिट खारेज हुनुपर्ने निर्विवाद छ । ट्रेड युनियनको पदाधिकारी हुँदैमा सरूवा वा बढुवा जस्तो सामान्य प्रशासनिक कामकारबाहीमा ट्रेड युनियनको पदाधिकारीको इच्छाअनुसार मात्र हुनुपर्ने भनी मौलिक हकको व्याख्या गर्नु सार्वजनिक प्रशासनको उद्देश्य तथा कानून र न्यायको मान्य सिद्धान्तअनुरूप हुनै सक्दैन । आफ्नो सरूवा वा काज कुनै खास कार्यालय वा निकायमा नै हुनुपर्दछ वा आफू कार्यरत रहेको कुनै खास कार्यालय वा निकायमा नै कामकाज गरिरहने अवसर पाउनुपर्दछ भन्ने अधिकार कुनै पनि कर्मचारीलाई रहेको हुँदैन तसर्थ विपक्षीको कानून विपरीतको अधिकारको माग गरी रिट निवेदन दायर गर्ने कार्य ने.का.प. २०६९, अङ्क १, पृ. ३४, नि.नं. ८७५० मा प्रतिपादित सिद्धान्तसमेतको आधारमा विपक्षीको रिट निवेदन पूर्णतः कानूनविपरीत भई रिट निवेदन खारेजभागी छ ।

लिखित जवाफवाला वित्तीय संस्था नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त संस्था रहेको र नेपाल राष्ट्र बैंक ऐन, २०५८ को कानूनी व्यवस्थाबमोजिम नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले दिएका निर्देशनलाई अनिवार्य रूपले पालना गर्नुपर्ने हुन्छ । नेपाल राष्ट्र बैंकबाट यस संस्थालाई मिति २०७६।७।१५ मा लिखित निर्देशन दिई एकै स्थानमा कार्यरत कर्मचारीलाई सरूवा गर्ने भन्ने निर्देशन प्राप्त भएको समेत कारणबाट प्रत्यर्थीहरूलाई सरूवा गरिएको

हो । सबै कर्मचारीले संस्थाको कार्यक्षेत्रअन्तर्गतका सुगम, दुर्गम, निकट, विकट क्षेत्रमा काम गर्ने अवसर तथा मौका पाउनुपर्ने भएकोले समेत प्रत्यर्थीहरूले दायर गरेको रिट निवेदन स्वतः नै खारेजभागी छ । विपक्षी निवेदकहरू लामो समयदेखि एवं वर्षौंदेखि काठमाडौं उपत्यकामा रही कार्यरत रहेकोमा एकै क्षेत्रमा लामो समयसम्म कार्य गर्ने कर्मचारीलाई सरूवा गर्ने नीतिबमोजिम सरूवा गरिएको हुँदासमेत विपक्षीहरूको निवेदन खारेज गरिपाउँ भन्ने बेहोराको धादिङ जिल्ला गजुरी गा.पा. वडा नं. १ स्थित नाडेप लघुवित्त वित्तीय संस्था लि.को केन्द्रीय कार्यालयका तर्फबाट अख्तियार प्राप्त भई आफ्नो हकमा समेत ऐ.का प्रमुख कार्यकारी अधिकृत उपेन्द्रबहादुर कार्कीको लिखित जवाफ ।

आदेश खण्ड

यसमा प्रस्तुत निवेदन अन्तरिम आदेश छलफलमा पेस भएको भए तापनि निर्णय गर्न अङ्ग पुगी निर्णय हुन उपयुक्त देखिएको र निवेदकका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरू श्री शतिषकृष्ण खरेल र श्री शंकर सुवेदी तथा विद्वान् अधिवक्ता श्री राधेश्याम घिमिरेले निवेदकहरू कानूनबमोजिम स्थापित ट्रेड युनियनको पदाधिकार व्यक्तिहरू रहेको अवस्थामा निवेदकहरूलाई ऐनविपरीत हुने गरी सरूवा गरियो । सरूवा सम्बन्धमा श्रम विभागले ट्रेड युनियन ऐन, २०४९ को दफा २३क को अवलम्बन गर्नु भनी विपक्षीलाई निर्देशन दिँदासमेत अटेर गर्दै आएको छ । सरूवा भएको ठाउँमा गएमा सङ्गठनको गतिविधि ठप्प हुने भएकोले ट्रेड युनियनको महत्त्वपूर्ण पदाधिकारीको सहमति मन्जुरीबिना भएको सरूवा ट्रेड युनियन विरोधी कार्य भएको हुँदा उत्प्रेषणको आदेशले बदर गरी साबिक स्थानमा हाजिर गराई काममा लगाउनु भनी परमादेश जारी गरिपाउँ भन्नेसमेत बेहोराको बहस प्रस्तुत गर्नुभयो ।

त्यस्तै विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताहरू श्री ईश्वरीप्रसाद भट्टराई, श्री बल्लभ बस्नेत र श्री उज्वल घिमिरेले नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशनलाई पालना गर्ने क्रममा लामो समयदेखि काठमाडौं उपत्यकामा रही यस संस्थामा कार्यरत विपक्षी कर्मचारीहरूलाई सरूवा गरिएको हो । कानूनबमोजिम निवेदकहरूलाई सरूवा गर्न सक्ने अधिकार यस कार्यालयमा रहेको र सोहीबमोजिम सरूवा गरिएको हुँदा त्यसबाट निवेदकको कुनै कानूनी तथा संवैधानिक हक हनन नभएकोले कानूनबमोजिम भएको कार्यलाई अन्यथा भन्नुपर्ने होइन तसर्थ निवेदन खारेज हुनुपर्दछ भनी गर्नुभएको बहससमेत सुनियो ।

उपर्युक्त तथ्य अवस्था भएको प्रस्तुत मुद्दामा विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसमेत सुनी निर्णयतर्फ विचार गर्दा प्रस्तुत निवेदनमा निवेदकको निवेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने हो, होइन ? भन्ने सम्बन्धमा निर्णय दिनुपर्ने देखियो ।

अब, यसमा निर्णयतर्फ विचार गर्दा, नाडेप कर्मचारी सङ्गठन नामक सङ्गठन श्रम कार्यालयमा कानूनबमोजिम ट्रेड युनियन ऐन, २०४९ को दफा ३ अन्तर्गत दर्ता भएको देखिन्छ । उक्त सङ्गठनमा यी निवेदकहरू सुभाषचन्द्र न्यौपाने उपाध्यक्ष र पुरुषोत्तम आचार्य महासचिवको पद ग्रहण गरी आएकोमा यी निवेदकलाई सरूवा गर्ने गरी पत्राचार भएको देखिन्छ । यसरी यी निवेदकहरू ट्रेड युनियनको महत्त्वपूर्ण पदाधिकारी रहेको र निजहरूको सहमति मन्जुरीबिना भएको सरूवा ट्रेड युनियन विरोधी कार्य भएको हुँदा संविधानको धारा ४६ तथा १४४(२)(३) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी साबिक स्थानमा हाजिर गराई काममा लगाउनु भनी परमादेश जारी गरिपाउँ भन्ने मुख्य निवेदन मागदाबी रहेको देखिन्छ । निवेदकहरू लामो समयदेखि सरूवा नभई पायक पर्ने ठाउँमा रहेको, उच्च अदालत पाटनमा निजहरूले दिएको रिट निवेदन खारेज भएको, संस्थामा रहेका कर्मचारी सरूवा सम्बन्धमा नेपाल राष्ट्र बैंकबाट प्राप्त निर्देशनलाई पालना गर्ने क्रममा लामो समयदेखि

काठमाडौं उपत्यकामा रही यस संस्थामा कार्यरत विपक्षी कर्मचारीहरूलाई सरूवा गरिएको हुँदा रिट निवेदन खारेज हुनुपर्ने हो भनी विपक्षीहरूले लिखित जवाफमा लेखाएको देखिन्छ।

मिसिल संलग्न कागजात हेर्दा, नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडले सङ्गठनमा पदाधिकार ग्रहण गरेका कर्मचारीहरूको सरूवा गरेको कार्यलाई बदर गरिपाउँ भनी यी निवेदकहरू तथा उक्त संस्थामा कार्यरत अन्य कर्मचारीहरूसमेत भई उच्च अदालत पाटनमा रिट निवेदन दायर गरेकोमा निवेदकहरूको निवेदन जिकिर पुग्न सक्दैन, रिट खारेज हुने ठहरी मिति २०७९।१०।११ मा फैसला भएको देखिन्छ । सोही नाडेप लघुवित्त वित्तीय संस्थामा कार्यरत कर्मचारीहरूले पुरानो सरूवाको विषयलाई नै लिएर यस अदालतमा प्रस्तुत निवेदन दायर गरेको देखिन्छ । उच्च अदालत पाटनबाट मिति २०७९।१०।११ मा रिट खारेजी फैसला भएपश्चात् सोही फैसलाको रोहबाट यी निवेदकहरूलाई २०७९।१०।१७ गते च.नं. १०२६।०७९।०८० र १०२८।०७९।०८० को पत्रानुसार ७ दिनभित्र सरूवा भएको कार्यालयमा हाजिर हुन जानु भनी सरूवा पत्र दिएको देखिन्छ भने सोपश्चात् पुनः मिति २०७९।११।२ गते च.नं. १२०६।२०७९।०८० र १२०७।०७९।०८० मार्फत यी निवेदकहरूलाई तीन दिनभित्र हाजिर हुन जानु भनी पत्राचार गरेको देखिन्छ।

प्रस्तुत निवेदनमा निवेदकहरूले आफूहरू ट्रेड युनियनको पदाधिकारी भएकोमा निजहरूलाई सरूवा गरेको कार्य ट्रेड युनियन ऐन, २०४९ को दफा २३क विपरीतको कार्य भएको छ भनी कानूनी आधारको जिकिरको पाइन्छ । नेपालको संविधान, २०७२ को धारा ३४(३) मा कानूनमा व्यवस्था भएबमोजिम प्रत्येक श्रमिकलाई कानूनबमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजीको हकलाई सुनिश्चित गरिएको देखिन्छ । ट्रेड युनियन ऐन, २०४९ प्रतिष्ठान र प्रतिष्ठान बाहिर विभिन्न उद्योग, व्यापार, व्यवसाय, वा सेवामा काम गर्ने कामदार तथा स्वरोजगार गर्ने व्यक्तिहरूको व्यावसायिक तथा पेसागत हकहितलाई संरक्षण र संवर्धन गर्नको लागि ट्रेड युनियनको दर्ता सञ्चालन र तत्सम्बन्धी अन्य आवश्यक व्यवस्था गर्ने उद्देश्यसाथ ऐनको निर्माण भएको देखिन्छ । सोही ऐनको दफा २३क **मा "प्रतिष्ठान स्तरका ट्रेड युनियनका कार्य समितिका पदाधिकारीहरूलाई विशेष परिस्थितिमा बाहेक उनीहरूको सहमतिविना सरूवा वा बढुवा गरिने छैन"** भन्ने व्यवस्था रहेको पाइन्छ।

निवेदकहरू सुभाषचन्द्र न्यौपानेलाई मिति २०७७।४।२० को निर्णयअनुसार नाडेप लघुवित्त संस्थाको शाखा कार्यालय लक्ष्मीपुर दाङमा र पुरूषोत्तम आचार्यलाई मिति २०७६।८।१५ को निर्णयअनुसार नाडेप लघुवित्त संस्थाको शाखा कार्यालय गल्कोट बाग्लुङमा भएको देखिन्छ । तर यी निवेदकहरू उच्च अदालत पाटनबाट मिति २०७७।८।१८ मा भएको अन्तरिम आदेशबाट सरूवा भएको स्थानमा नगई सुभाषचन्द्र न्यौपाने काठमाडौं जिल्लामा र पुरूषोत्तम आचार्य भक्तपुर जिल्लामा कार्यरत रहेको देखिन्छ। निजहरूले उच्च अदालत पाटनमा हालेको निवेदन खारेज भएपश्चात् सरूवा गर्दा पनि सोही कार्यालयमा निरन्तर कार्यरत रहने गरी मागदाबी गरेको देखिन्छ।

२. अब उपर्युक्त ऐनको व्यवस्थाबमोजिम ट्रेड युनियनमा कार्यरत कर्मचारीलाई निजको सहमतिविना सरूवा गर्न मिल्ने हो वा होइन ? भन्नेतर्फ विचार गर्दा, उक्त ऐनको दफा २३क को व्याख्या विशेष परिस्थितिका अवस्थामा क्रियाशील नहुने अवस्था देखिन आउँछ । उक्त व्यवस्थाको उद्देश्य आफू सम्बद्ध प्रतिष्ठानमा कार्यरत तमाम कर्मचारीको हक हितका निमित्त सामूहिक उद्देश्य पूर्ति कार्यका लागि भएको पाइन्छ । सो व्यवस्था ट्रेड युनियनमा रहेको

पदाधिकारीका नाताले निजी उद्देश्य वा कार्यका लागि आकर्षित हुन सक्ने अवस्था देखिँदैन । सरूवाको सामान्य सिद्धान्त नै कर्मचारीहरूलाई तोकिएको काम, कर्तव्य र कार्य उचित ढङ्गबाट सम्पन्न गर्न आवश्यकताका आधारमा गर्नुपर्ने स्थिति रहने, सरूवा नियमित प्रक्रियाका रूपमा रहने र अन्य सबै कर्मचारीलाई समान अवसर वा अनुभवको निमित्त सख्त जरूरी हुने स्वाभाविक र नियमित प्रशासनिक प्रक्रिया हो । अतएवः सङ्गठनको उद्देश्यमा योगदान पुऱ्याउने कर्मचारीलाई सबै कार्यमा निपुर्ण तुल्याउन, कर्मचारीबाट उच्चतम सेवा प्रवाह गर्न, कर्मचारीको मानवीय कठिनाई सम्बोधन गर्न, कर्मचारीले प्रवाह गर्ने सेवालाई चुस्त दुरूस्त राख्न, दण्ड एवम् पुरस्कारको (Stick and Carrot) अनुमति दिलाउन, कर्मचारीको तुलनात्मक मूल्याङ्कन गर्न, कर्मचारीको सिप शक्तिको उच्चतम उपयोग गर्न, भौगोलिक स्थानको अनुभव दिलाउनलगायतका अवस्थाहरूमा सरूवा आवश्यक पर्ने र सरूवा हुन सक्ने कर्मचारी सेवाको विधिशास्त्र (Service Jurisprudence) को सामान्य सिद्धान्त रही आएको पाइन्छ ।

३. प्रस्तुत निवेदनको सन्दर्भमा हेर्दा, निवेदकहरूलाई नेपाल राष्ट्र बैंकको मिति २०७६।७।१५ गते **"संस्थाको कतिपय शाखामा रहेका कर्मचारीहरू विगत लामो समयदेखि एकै केन्द्रमा रहने वा एउटै शाखामा रहने तथा सो शाखा वा केन्द्रबाट अन्य शाखा वा केन्द्रमा सरूवा हुँदा विभिन्न बहानामा काम नगर्ने प्रवृत्ति कर्मचारीमा रहेको पाइएको र सोही प्रकृतिका शाखा तथा केन्द्रमा यस प्रकारका घटना भएबाट संस्थाले एक निश्चित अवधि पूरा गरेपश्चात् कर्मचारीहरूलाई कार्यरत शाखा तथा केन्द्रबाट अन्यत्र सरूवा गर्ने व्यवस्था मिलाउनु हुन"** भनी प्रत्यर्थी संस्थालाई निर्देशनसमेत भएको र सो निर्देशन प्रचलित कानूनबमोजिम पालना गर्ने प्रत्यर्थी संस्थाको दायित्वसमेत रहको देखिन्छ । निवेदकहरू युनियनका पदाधिकारी भए तापनि निजहरूले आफ्नो निजात्मक हित नभई सम्पूर्ण कर्मचारीहरूको प्रतिनिधित्व गर्नुपर्दछ । यो अधिकारको प्रयोग गर्दा सङ्गठनहरूले आफ्ना सुरक्षाको फेहरिस्त Union Security Clause राख्ने मात्र नभई व्यवस्थापन पक्षको अधिकारका फेहरिस्त Management Rights Clause को पनि ख्याल गरी व्यवहारमा दुवै पक्षको हितलाई ध्यानमा राखी सम्झौतामा पुग्नुपर्ने हुन्छ। सामूहिक सौदाबाजीअन्तर्गत व्यवस्थापन र कर्मचारी सङ्गठन दुवैले आफ्नो उत्तरदायित्व बोध गर्नुपर्दछ। सम्झौता हुन नसकेमा त्यसको विकल्प के छ, त्यसले कस्तो परिणाम सिर्जना गर्दछ। त्यसले कुन पक्षलाई कसरी प्रभावित गर्दछ भन्ने जस्ता सबै पक्षलाई ध्यान दिई दुवै पक्षले आफ्नो सीमाभित्र रही नियम कानूनको उचित परिपालना गर्नुपर्दछ। सामूहिक सौदाबाजीको अधिकारको प्रयोगवाट सम्पूर्ण कर्मचारीको हितको रक्षा गर्न सक्नुपर्दछ। केवल युनियनका पदाधिकारीको हितको रक्षा गर्नु र सरूवा तथा बढुवामा निजहरूको अनियन्त्रित अधिकार स्थापित गर्नु सामूहिक सौदाबाजीको सिद्धान्तको मर्म हुन सक्दैन ।

४. नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड, कर्मचारी सेवा विनियमावली, २०७१ को विनियम ४३ मा **"लघु वित्तीय संस्थाको कार्यकारिणी र व्यवस्थापकीय तहका कर्मचारीको हकमा कार्यकारी प्रमुख र अन्य तहका कर्मचारीको हकमा कार्यकारी प्रमुख वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सरूवाको आदेश दिने अधिकार हुने छ"** भन्ने व्यवस्था छ भने विनियम ४४ मा **"सरूवा भएको कार्यालयबाट बाटोको म्यादबाहेक ७ दिनभित्रमा सरूवा भएको स्थानमा हाजिर हुन जानु सम्बन्धित कर्मचारीको कर्तव्य हुने छ"** भन्ने व्यवस्था छ। यसरी माथि उद्धृत भएका कानूनले सो संस्थालाई कानूनको अख्तियारीभित्र सरूवा गर्ने अधिकार दिएको नै देखिन्छ।

एउटा ट्रेड युनियनको पदाधिकारी हुँदैमा सरूवा र बढुवा जस्तो सामान्य प्रशासनिक कामकारबाहीमा उसको इच्छाअनुसार मात्र हुनुपर्ने भनी मौलिक हकको व्याख्या गर्नु सार्वजनिक प्रशासनको उद्देश्य तथा कानून र न्यायको मान्य सिद्धान्तअनुरूप हुन सक्दैन । तसर्थ ट्रेड युनियनमा कार्यरत कर्मचारीको सरूवा निजको सहमतिविना हुनै नसक्ने भन्न मिल्ने अवस्था देखिएन भनी उच्च अदालत पाटनबाट मिति २०७९।१०।११ मा फैसलासमेत भएको देखिन्छ । यसरी विपक्षी नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेडले आवश्यकता, औचित्य तथा कर्मचारीमा भएको अन्तर्निहित क्षमता, अनुभव र विज्ञताबमोजिम निवेदकहरूलाई मिति २०७६।८।१५ को बैठकको निर्णयबाट सरूवा गरिएको भन्ने देखिएकोले निवेदकहरूलाई काज सरूवा गर्ने गरी भएको उक्त निर्णय तथा कामकारबाहीबाट संविधान प्रदत्त निवेदकको पेसा व्यवसायको हक तथा रोजगारीको हक हनन भएको नदेखिएकोले निवेदकहरूको निवेदन जिकिर पुग्न सक्दैन भनी उच्च अदालत पाटनबाट मिति २०७९।१०।११ मा फैसला भएबाट प्रस्तुत निवेदनको हकमा निवेदकहरूलाई आघात परेको भन्ने अवस्था देखिँदैन ।

५. अत: माथि विवेचित आधार, कारणबाट निवेदकहरूलाई २०७९।१०।१७ गते च.नं. १०२६।०७९।०८० र १०२८।०७९।०८० को पत्रानुसार ७ दिनभित्र सरूवा भएको कार्यालयमा हाजिर हुन जानु भनी तथा सोपश्चात् पुनः मिति २०७९।११।२ गते च.नं. १२०६।२०७९।०८० र १२०७।०७९।०८० को पत्रानुसार तीन दिनभित्र हाजिर हुन जानु भनी पत्राचार गरेको कार्य कानूनसम्मत नै भएको देखिँदा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । प्रस्तुत मुद्दाको फैसला विद्युतीय प्रणालीमा अपलोड गरी दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइदिनू ।

उक्त रायमा सहमत छु ।
न्या.अनिलकुमार सिन्हा

इजलास अधिकृत : सोनी श्रेष्ठ
इति संवत् २०७९ साल चैत्र २२ गते रोज ४ शुभम् ।